**(रिडिङ पेपर)**

**प्रदेश नं. ७ प्रदेश सभा**

**२०७४/१०/२१**

**(पहिलो बैठक)**

**बैठक सञ्चालन अवधि दिनको १.३० बजे**

माननीय सदस्यहरु, प्रदेश नं. ७ को प्रदेश सभाको पहिलो अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय प्रदेश प्रमुखबाट प्रदेश सभाको अधिवेशन आव्हान सम्बन्धी पत्र प्राप्त हुन आएको छ, सो पत्रको व्यहोरा म पढेर सुनाउँछु ।

नेपालको संविधानको धारा १८३ (१) बमोजिम प्रदेश नं. ७ को प्रदेश प्रमुख माननीय मोहनराज मल्लज्यूबाट प्रदेशसभाको प्रथम अधिवेशन मिति २०७४ माघ २१ गते आईतबारका दिन देहायको स्थान र समयमा आव्हान गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

स्थानः- प्रदेशसभा हल

समयः- दिनको १:०० बजे

युवराज सुवेदी

सचिव

(पत्र पढेर सुनाईसकेपछि)

सर्वप्रथम लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गरौं ।

(मौन धारण गरिसकेपछि)

नेपाल संघीय व्यवस्थामा प्रवेशगरेपछि कायम भएको यस प्रदेश नं. ७ को प्रदेश सभाको यो पहिलो अधिवेशनको प्रथम बैठकमा पाल्नुभएका सबै दलका माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु ।

(स्वागत गरिसकेपछि)

अव यस सभाको पहिलो अधिवेशनको अवसरमा प्रदेश सभाले प्रदेशको समग्र हित के कसरी हुन्छ र प्रदेश सभा संचालन के कसरी गर्दा प्रभावकारी हुन्छ जस्ता विषयहरुमा आफ्ना भनाई राख्न समय दिन्छु । अव म माननीय श्री प्रकाश बहादुर शाहलाई बोल्न समय दिन्छु ।

**प्रकाश बहादुर शाहः-** धन्यवाद, माननीय सभामुख महोदय, र यो ऐतिहासिक प्रदेश सभाको प्रथम बैठकमा उपस्थित माननीय सदस्यज्यूहरु र माननीय सभामुख मार्फत यस गरिमामय ऐतिहासिक बैठकमा उपस्थित नेकपा एमालेका श्रद्धय उपाध्यक्ष यो प्रदेशका आदरणीय नेता माननीय प्रतिनिधि सभा का सदस्य भिम रावलज्यू नेकपा माओवादी केन्द्रका सचिवालय सदस्य प्रतिनिधि सभाका माननीय सदस्य लेखराज भट्टज्यू लगायत अतिथि दिर्घामा उपस्थित हुनुभएका आदरणीय अतिथिज्यूहरु पत्रकार साथिहरु सुरक्षाकर्मी मित्रहरु यहाँहरु सबैलाई म नेकपा एमाले पार्टीको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्न चाँहान्छु । माननीय सभामुख महोदय यो ऐतिहासिक दिन प्राप्त गर्नका निम्ति नेपालको लोकतान्त्रीक आन्दोलमा, नेपालको प्रजातान्त्रीक आन्दोलनमा, नेपालको यो देशभक्तिपूर्ण आन्दोलमा, र गर्णतान्त्रीक संघिय गणतान्त्रीक आन्दोलनमा आफ्नो जीवनको उर्त्सग गर्नु हुने महान

सहिदहरु प्रति म यस्वेला हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र यो महान अभियानमा साथ दिने देशका सार्वभौमसत्ताका मालिक आदर्णिय नेपाल दाजुभाई दिदीबहिनीहरु प्रति यस क्षेणमा म सम्मान प्रकट गर्न चाहाँन्छु । यो अवसरमा जनताको भारी बहुमतबाट यहाँ उपस्थित भइरहनु भएका माननीय सदस्यज्यूहरु सबैलाई जनताको त्यो परिवर्तनको महान आकांक्षा र लक्ष्यलाई पुरा गर्ने त्यो महान यात्रामा हामी सबै सफल हौं यो कार्यकाल यहाँहरु सबैको सफल होस भने र म हार्दिक शुभकामना व्यक्त गर्न चाहाँन्छु । नेपाली जनताको महान लडाइले नेपालमा संघिय लोकतान्त्रीक गणतन्त्रको स्थापना भएको छ । जनताका निर्वाचित प्रतिनिधिहरुले जनप्रतिनिधिहरुले संविधान सभा मार्फत नेपाल राष्टरको संविधान लेखेर हामीले प्राप्त गरिसकेका छौं । संविधानले संवैधानिक र कानूनी सर्वोच्चतालाई आत्मसात गरेको छ । आधारभूत मानवअधिकारको संरक्षणको ग्यारेन्टी गरेको छ । सभामुख महोदय, त्यसै गरी शक्ति पृथकिकरण र सन्तुलनको सिद्धान्तलाई आत्मसात गरेको छ । स्वतन्त्र र सक्षम न्यायपालिकालाई अगाडि बढाएको छ । आवधिक निर्वाचनलाई र समावेशी र सहभागिता मुलक लोकतन्त्रलाई शासन प्रणालीलाई यसल आत्मसात गरेको छ । अगाडि बढाएको छ । आवधिक निर्वाचनलाई र समावेशी सहभागीता मूलक लोकतान्त्रीक शासन प्रणालीलाई आत्मसाथ गरेको छ । संवैधानीक निकायको ग्यारेन्टी गरेको छ । हाम्रो संविधानले यसरी नेपाली जनतालाई साचो अर्थमा नेपाली राष्टका मालिक सार्वभौसत्ताका मालिक बनाएको छ र हामी खुसी छौ कि आज तेही संविधानको कार्यान्वयनका मार्फत स्थानीय तहको निर्वाचन सम्पन्न गरेर जनताका जनप्रतिनिधिहरु विभिन्न गाउँमा गाउँपालिकामा नगरपालिकामा आज कार्यरत हुनु हुन्छ । प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गरेर साथसाथै अब राष्टिय सभाको निर्वाचन सम्पन्न गर्ने त्यो महान अभियानमा हाम्रो राष्ट्र अगाडी बढेको र यो देशमा पहिलो पटक नितान्त नयाँ परिवेशमा छौ संघीयताको नितान्त नौलो अभ्यासमा छौ । सभामुख महोदय हामीसँग अनुभवको कमि छ । हामी त्यो राजनीतिक माहोलको कमी छ । हामी नितान्त नौलो अभ्यासबाट नयाँ प्रायोगबाट हामी अगाडी बढ्दै छौ । यस्तो बेला सबैको चासो र जिज्ञासा छ कि सभामुख महोदाय यो व्यवस्थाले यो व्यवस्थाले संघले लोकतान्त्रीक व्यवस्थाले नेपालमा स्थिरता र शान्ति दिगोशान्ति र समृद्धिको बाटो अगाडि बढाउन सक्छ कि सक्दैन जसरी नेपाल संक्रमण कालबाट गुज्रियो लामो समय सम्म २००७ साल देखि अहिले सम्म आजका मिति सम्म संक्रमणबाट गुज्रीयो । यो लामो संक्रमणले नेपालको अर्थतन्त्रलाई तबाही गऱ्यो हाम्रो सामाजिक एकता र सदभावलाई यसले खलबल्यायो र नेपाली जनताका सपना र आशाहरुलाई नेपाल राष्ट्रले सम्बोधन गर्न सकेन हामी संक्रमणकालबाट लामो समय सम्म गुज्रीयौ अब हामी यसलाई सदा सदाका लागि अन्त्य गर्न सक्छौ कि सक्दैनौ । सहिदहरुले लडेर ल्याएको यो संघीय गणतन्त्रको व्यवस्था र हाम्रा जन प्रतिनिधिले बनाएको नेपालको संविधान अब दृढतापूर्वक कार्यान्वियन भएर अगाडी बढ्छ की बढ्दैन । अब नेपालमा स्थिरताको युग दिगो शान्तिको युग र समृद्धिको युग साचो अर्थमा नेपाली जनातालाई नेपाल राष्ट्रको मौलिक बनाउने युगको प्रारम्भ हुन्छ कि हुदैन भनेर आज हाम्रा देशका आदणीय जनता र जनसमुदायले एउटा अपेक्षाको नजरले हेरिरहेको अवस्था छ । सभामुख महोदय नितान्त नौलो अभ्यासमा छौ र आज हामीलाई एकदमै उत्साह छ । जिज्ञासा छ । एक खालको उमंग छ र एउटा अठोट पनि छ र कि जनताका महान आकाक्षा र सहिदका सपनाहरु हामी पुरा गर्न सक्छौ र हामी अगाडी बढेर पुरा गर्न सक्छौ भन्ने त्यो विन्दुमा हामी छौ । माननीय सभामुख महोदय त्यसैले म भन्न चाहान्छु कि आज अव स्थायित्व र समृद्धिको युग प्रारम्भ भएको छ । हाम्रा बीचका चुनौतीहरु दलीय सहमती कायम गर्न नसक्ने चुनौती छ । परिस्थिति नितान्त नौलो छ । माननीय सभामुख महोदय, तर हाम्रो मनस्थीती विल्कुल पुरानै छ । पुरानो मनस्थीतिबाट र नयाँ परिस्थीती बीच तालमेल कसरी गर्ने भन्ने अर्को चुनौती छ । विकासको मामलामा दलहरु अगाडी कसरी बढ्ने भन्ने पनि हाम्रो बिचमा नयाँ चुनौती छ । हामी स्थिरताको बाटोमा जाऊ अब समृद्धिको बाोमा जाऊ अगाडि भनेर घोषणा गर्दै छौं । त्यसैले अब हामीले हाम्रा समृद्धिका आधारहरु के हुन ? यो प्रदेशलाई समृद्ध पार्ने आधारहरु के हुन? कस्तो राजनीतिक संस्कारको बिकास गरेर अगाडि बढ्दा हामी यो प्रदेशका जनताको जीवनमा खुसीयाली ल्याउन सक्छौ । भन्ने विषयमा गम्भीर भएर बहुत परीपक्व तरिकाले देश र जनता प्रति इमान्दार भएर हामीले लाग्नु पर्ने छ । माननीय सभामुख महोदय, म निवेदन गर्न चाहाँन्छु । हामी समृद्धि चाहाँन्छौ । अब, नेपाल समृद्धिको युगमा अगाडि बढ्यो । तर हामीले पूराना संस्कारहरुलाई छोड्नु पर्ने छ । यहाँ समृद्धिका ढोका खेल्नका निम्ति हामीसँग तमाम स्रोत छन् । मानवीय शक्ति छ । प्राकृतिक स्रोतहरु छन् । यो प्रदेशमा मात्र भन्ने हो भने । १० हजार मेगावाट भन्दा बढी क्षमता राख्ने हामीसँग कर्णाली छ । ८ हजार ७ सय ५० मेगावाट निर्माण गर्न सक्ने पञ्चेश्वर छ । ७ सय ५० किलोवाटको पश्चिम सेती छ । साना र मझौला तमाम हामीसँग परियोजना छन् । हामीसँग यार्चागुम्बा छ । केशर छ । अत्ता जडि छ पाँच औले छ । सतुवा छ । माननीय सभामुख महोदय

हामीसँग के छैन ? हामीसँग घना बन जंगल छ । राष्ट्रिय रुपको आकडालाई हेर्ने हो भने पनि यो प्रदेशमा ९ प्रतिशत जंगल बढी छ । अन्य प्रदेशको तुलनामा हामीसँग गणालीमा, सेती नदीमा महाकाली नदीमा बुढिगंगा नदीमा, चमेलिया नदिमा ५० औं हेक्टरका फाटहरु छन् । सिचाईको माध्यमबाट आधुनिक विऊ र प्रविधिको माध्यमबाट हामीले खेती गर्ने हो भने वनमा आधारारित उद्योगधन्दालाई अगाडि बढाउने हो भने अपार जलस्रोतलाई अगाडि बढाउने हो भने हामी समृद्धिको ढोकालाई खोल्न सक्छौ । समृद्धिको महान अभियानलाई हामी पुरा गर्न सक्छौ । माननीय सभामुख महोदय, त्यसका निम्ति हामीले गर्नु के छ ? हामीले एउटा अठोट गर्नु पर्ने छ । भावना भन्दा माथी उठेर विकासका मामलामा हामीले अगाडी बढ्नु पर्ने छ । हामी नयाँ युगको प्रारम्भ गर्दै छौ । पुरानो मनस्थीतिले अब नयाँ युगलाई सम्बोधन गर्न सक्दैन । अब बन्द हड्तालको स्थितिलाई हामीले अन्त गर्नु पर्ने छ । बिकासका लागि एक हुनु पर्ने छ । हामीले आजै अठोट गर्नु पर्ने छ । संकल्प गर्नुपर्ने छ । कि हाम्रो प्रदेशलाई यहाँको गरिबीको रेखामुनी लगभग ४५ प्रतिशत गरिबीको रेखामुनी रहेका जनताको जीवनमा हामी देख्दै छौ सभामुख महोदय, गौरी फन्टा बाट बनबासाबाट दिनहु दश बाह्र वर्षका वच्चाहरु स्कुले ड्रेसमा स्कुले पोसाकमा आज दिनहु कुल्ली र एउटा निम्न स्तरको श्रमका निम्त्ति हाम्रो छिमेकी देश मित्र देश भारततिर गईरहेको हाम्रा नाङ्गा आँखाले देखिरहेका छौं । यो बाजाका पालाको संस्कार हट्न सकेको छैन । परिस्थिति हट्न सकेको छैन् । हाम्रो बीचमा एउटा बलियो चुनौती छदै छ । त्यसलाई चिर्नु छ । समृद्धिको ढोका खोल्नु छ । साझा धारणा बनाउनु छ । बिकासका लागि एक हुनु छ । बन्द हड्तालको संस्कृतिको अन्त्य गर्नु छ । प्रदेश भित्र रहेका हामी माननीय सदस्यहरु र हाम्रो प्रदेशबाट नृतृत्व गर्ने हाम्रा आदर्णीय नेताहरु सबैको सहकार्यबाट हामीले हाम्रो प्रदेशलाई समृद्धिको दिशा तिर बढाउन सक्छौ भन्ने हाम्रो दृढता छ । माननीय सदस्य माननीय सभामुख मार्फत म आज यो ऐतिहासिक घडीमा हुनत यो प्रदेश हामी सबैलाई थाहै छ । कृषान आन्दोलनका महान नेता भिम दत्त पन्तको प्रदेश हो । मानवअधिकारका निम्त्ति र मानवअधिकारबादका निम्त्ति आफूलाई उत्सर्ग गर्ने जयपृथ्वी बहादुर सिंहको पनि यो प्रदेश हो । यो प्रजातान्त्रीक आन्दोलनका महान योद्धा एन्डी प्रकास चटौतको प्रदेश पनि हो । यो महान साहित्यकार पहलमानसिंह स्वाँरको पनि प्रदेश हो । हामी गर्व गर्छौ यो इतिहास प्रति हाम्रा महान अग्रज प्रति र अहिले वर्तमानमा रहेका महान नेता प्रति गर्व गर्छौ सभामुख महोदय । माननीय सभामुख महोदय मार्फत म खुसी व्यक्त गर्न चाहाँन्छु । यो ऐतिहासिक क्षणमा आम्रो पार्टिका श्रद्धय उपाध्यक्ष राष्ट्रिय राजनीतिका एक प्रमुख व्यक्तित्व माननीय भिम बहादुर रावलको उपस्थिति त्यसैगरी लेखराज भट्ट पूर्व मन्त्री हुनु हुन्छ । माओवादी केन्द्रका सचिवालयका नेता हुनु हुन्छ । उहाँको उपस्थिति त्यसै गरी नेकपा एमालेका सहसंयोजक पूर्व मन्त्री माननीय कर्ण बहादुर थापाज्यूको उपस्थिती र उहाँको उपस्थितिले हामीलाई उत्साहीत गरेको छ । हामी यो यात्रामा यो गन्तव्यमा पुग्न सक्छौ भन्ने कुराको विश्वास दिलाएको छ । माननीय सभामुख महोदय, त म यही भन्न चाहाँन्छु । अब, हामी साँचो अर्थमा यो प्रदेशका अथाहाँ स्रोत र साधनहरुलाई परिचालन गरेर लगानी मैत्री वातावरणको सृजना गरेर अनी जनताले साचो अर्थमा शान्ति सुव्यवस्था प्रत्याभूत भएको देख्न चाहान्छन् । कानून र व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरेर मात्र हामी लगानी मैत्री वातावरण निर्माण गर्न सक्छौ । लगानी मैत्री वातावरण निर्माण गरेर मात्र हामीसँग भएका अथाहा स्रोत सधानहरुको हामी सदुपयोग गर्न सक्छौ । माननीय सभामुख महोदय यो दिशामा नितान्त नौलो परिवेशमा हामी छौ । हाम्रो उत्साहालाई हाम्रो जागरलाई र हाम्रा आदर्णिय जनसमुदायहरुले दिएको जनादेशलाई शिरमा राखेर हामीले अगाडि बढ्नु छ । परिवर्तन सम्भव छ । त्यो हाम्रै पालामा सम्भव छ भन्नेकुरा राख्न चाहाँन्छु सभामुख महोदय । एउटा सानै दृष्टान्त पनि हामी लिन सक्छौ सिंगापुरलाई मान्छे नै शक्ति हो अर्थात समृद्धिको शक्ति नै मान्छे हो । भन्ने एउटा सिद्धान्तलाई अगाडि सारेर कानून र व्यवस्थालाई प्रभावकारीरुपले अगाडि बढाएर लिक्वान यू भन्नेले अहीलेको सिंगापूर बिकासको चरम चूलीमा पुऱ्याएका घटना हामीलाई थाहै छ । मान्छेसँग इच्छा शक्ति हुने हो र राष्ट्र र जनताप्रति उत्तरदायी हुने बन्ने हो भने देश बदलिन्छ भन्ने कुरा यही नजिकैको छिमेकी देश मेलेशियाको डक्टर महोमद माहाथिरले एउटा इतिहासको दृष्टिान्त पेस गरिसकेको छ । हामीसँग स्रोतको अभाव छैन् । हामीसँग मानव शक्तिको अभाव छैन् । हामीसँग राष्ट्र र जनता प्रति इमानदारी भएर देशलाई शिरमा राखेर आफ्नो हृदयलाई सोधेर आफूप्रति इमान्दार भएर हामी अगाडि बढ्यौ भने यो प्रदेशले मुहार फेर्ने छ । प्रदेशका जनताहरुले चाहेको सपना, आकांक्षा पुरा हुने छ । देश समृद्धिको बाटोबाट अगाडि बढ्ने छ । यो प्रदेश सबैभन्दा समृद्ध प्रदेश हुने छ । माननीय सभामुख महोदय, भन्ने कुरा राख्न चाहाँन्छु । त यो ऐतिहासिक घडीमा महान सहिदहरु जसले जीवनको उत्सर्ग गरेर हामीलाई यो सुवर्ण अवसर प्रदान गर्नु भयो महान जनताहरु जसले परिवर्तनको यो महान लडाइमा साथ दिएर देशलाई यो विन्दुमा पुऱ्याउनु भयो । दलका महान नेताहरु जसले यो बाटा डोऱ्याउनु भयो देखाउनु भयो म यो

क्षणमा यस अवस्थामा म स्मरण गर्न चाहाँन्छु । र सम्मान पनि व्यक्त गर्न चाहाँन्छु । अब एकताको युग सुरु भयो । अब शब्द होइन कामको युग सुरु भयो । अब कर्मको युग सुर भयो । अब कुराको युग होइन अब हामी पार्टी भन्दा माथि उठेर हाम्रो गरिवीलाई देखेर हाम्रा सम्भावनाहरुलाई नाङ्गा आखाँले देखेर हामी अगाडि बढ्यौ भने । निश्चित रुपमा यो प्रदेशले कायापलट गर्ने छ । यहाँका जनताको जीवनमा खुसीयाली आउने छ  भन्ने कुरा म राख्न चाहाँन्छु । माननीय सभामुख महायेदय र आज यो ऐतिहासिक क्षणमा मेरो दल मैले प्रतिनिधित्व गरेको दल नेकपा एमालेको तर्फबाट केही कुरा राख्ने अवसर हामीलाई प्राप्त भयो म त्यसको निम्ति पनि आभार व्यक्त गर्न चाहाँन्छु । माननीय सभामुख महोदय अब हाम्रो यात्रा अगाडि बढ्यो बढ्यो अब कुनै शक्तिले पनि यो समृद्धिको यात्रालाई नेपाली जनतालाई नेपाल राष्ट्रको मालिक बनाएको घटनालाई अब दुनियाको कुनै पनि शक्तिले कुनै पनि तागतले अब रोक्न सक्तैन साचो अर्थमा जनता सार्वभौमसत्ताका मालिक भएका छन् । अब समृद्धिको यात्रा अगाडि बढ्को छ । यो हाम्रै समयमा हाम्रै पालामा हामी यसलाई समभव बनाई तुल्याउने छौ भन्ने कुरा राख्न चाहाँन्छौ । धन्यवाद ।

**माननीय श्री भरत बाहादुर खड्काज्यू:-** सभामुख महोदय, सम्पूर्ण माननीयज्यूहरु आज हामी अत्यन्त ऐतिहासिक घडीमा छौ सुदूरपश्चिम बासीको निमित्त यो एउटा ऐतिहासीक दिनको रुपमा लिएका छौ नेपाल धेरै वर्ष सम्म एउटा अन्तरिम कालमा रहयो । नेपाली जनताको संघर्ष बलीदानले आज यो परिवर्तन आएको छ । म ति ज्ञात अज्ञात सहिद प्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । नेपालका जनप्रतिनिधि जनप्रतिनिधमूलक संस्थाले एउटा प्राजातान्त्रीक प्रक्रियाबाट नेपालको संविधान पूर्व प्रधानमन्त्री आदणीय नेता अहिले दिवंगत हुनुहुन्छ । शुसिल कोइरालाको नेतृत्वको सरकारले र संविधान सभाले १८ महिनामा संविधान जारी गरेको छ । त्यो नेपालको यो युगको लागि ठूलो उपलब्धी हो ऐतिहासीक उपलब्धी हो अब नेपालसंग जनप्रनिधि मूलक सस्थाले प्रजातन्त्रीक प्रकृयाको माध्यमबाट बनाएको बैधानिक संविधान हामीसंग छ । र आज त्यो संविधानले हरेक नेपाली नागरीकलाई यो मूलकको मालिक बनाएको छ । र आज लोकतन्त्र छ । गणतन्त्र छ, समावेशी छ, समानुपातीक छ, अहिले जनताको राज्यमा पहुच पुग्न सकेन भनेर हामी संघीय सरकारको संरचना हामीले संविधानमा व्यवस्था गरेका छौ । आज तीन तहका सरकारहरुको व्यवस्था संविधानमा छ । जुन सरकारहरु सहअस्तित्वको आधारमा स्थापित छन् । सेवा र सुविधा विकास र समृद्धिको लागि ति हरेक तहका सरकारहरु आवश्यकता अनुसार नियम कानून विनियम वनाउन सक्छन र जनतालाई विकास सेवा र सुविधामा सहजता दिलाउन सक्छन् । त्यो अधिकार आज हामीले पाएको छौ । आज स्थानीय तह होइन सरकार हो प्रान्त पनि सरकार हो । संघिय सरकार हो । संविधानले सवको अधिकारलाई प्रष्ट पारेका छन् । कतिपय कुराहरु हामी त्यसलाई मिलाउदै जानु पर्ने छन् अवस्ता छन् । त्यसैले आज यो देशको मालिक जनता भइसकेपछि  हामी कति जिम्मेवार हुनु पर्दछ । जनतावाट निर्वाचित भई सकेपछि कति जिम्मेवारी कति बढेको छ अव यो कुरालाई आत्मसाथ गर्नु जरुरी छ अब हौसिने वेला होइन मात्तिने वेला होइन अब हामीले शाझा संकलप गरेर यो देशको विकास र सर्मद्धी र राष्ट्रको अखण्डता राष्ट्रिय स्वाधिनता लोकतन्त्रलाई कसरी बलियो बनाउने यसतर्फ सबैले जानुको विकल्प छैन । अब झिना मसिना कुराहरु सँग झगडा गरेर जातियता क्षेत्रियता यि संकिरण कुराहरुसँग नलागेर अब हामी सम्ग्रतामा एकतामा सद्भाव कायम राखेर यो मुलुकलाई बिकासका हिसावले समृद्धिका हिसाबले कसरी अगाडी बढाउन सकिन्छ त्यो हृदय देखिनै कमिटमेन्ट गर्नु पर्दछ । भाषणमा होइन ठूलठूला कुरा गरेर हुन सक्दैन अन्तर आत्मा बाट हामीले कमिटमेन्ट गर्नु पर्छ । यो प्रदेश अहिले सम्म धेरै पछाडी परेको प्रदेश हो सुदूरपश्चिम, राज्यको पहुच नपुगेको प्रदेश हो । त्यसैले हामीलाई पीडा छ यो भित्र सम्भावनाहरु छन यो प्रदेशमा प्रसस्त सम्भावना छन् हामीसँग तराई मधेष पनि छ जो कृषी क्षेत्रको लागि उर्वर छ । कृषी आधारित उद्योगधन्दा कलकारखाना खोल्न प्रसस्त सम्भावनाहरु छन् । भने सात वटा पहाडी जिल्ला छन् । जहाँ प्रसस्त सम्भावना छ । खनीज पदार्थ छन जडिबुटी छन् ।  हाम्रा हिमाल अपी सैपाल सम्भावना धेरै छ । यि दार्चुला बझाङ्गमा यार्चागुम्बालाई सहि ढंगले व्यवस्थापन गऱ्यो भने त्यो पनि आए स्रोत बन्न सक्छ त्यस्तै जलस्रोतको कुरा गर्नेहोभने प्रसस्त जलस्रोतको धनि हो यो सुदूरपश्चिम तर, विडम्बना हामीले यसलाई व्यवस्थापन गर्न सकेका छैनौ त्यो कुरालाई पनि स्मरण गरौ किन हुन सकेन कानेर हामी चुकौ जस्का कारणले हामी पछाडी परेका छौ आज यत्रो वर्ष सम्म पाँचसय छ सय मात्र मेगावाट राष्ट्रसँग विजुली छ । आज महंगो विजुली किनेर बाल्नु पर्ने अवस्था छ त्यो पनि जनताले पाउन सकेको छैन । हाम्रो प्रशस्त पानी बगेको छ । पैसा बगेको छ । यि सम्भावना हुदाँ हुदै हामी कहाँ चुक्यौ यो कुरा गम्भीरताका साथ सोच्नु पर्छ कि पर्दैन सेति परियोजना पञ्चेश्वर कर्णाली जस्ता हजारौ हजार मेगावाट उत्पादन गर्ने क्षमताका हामीसँग अन्य पनि

प्रसस्त छन् । तीसौ वर्ष देखि सेती परियोजना को बारेमा हामीले धेरै कोसिस गऱ्यौ किनै हुन सकेन हामी हाफैलाई प्रस्ट गरौ कहानिर चुक्यौ किन हुन सकेन त्यसैले गर्दा म हाग्रह गर्न चाहाँन्छु । सेती परियोजनालाई हामी यो सदनबाट सभ्कासंकल्पको प्रस्ताव पास गरौ र यसलाई पास गरौ यसलाई अडाडि बढाउँ भनेर पनि म आग्रह गर्न चाहाँन्छु । राष्ट्रको गौरवको कुरा हो । त्यस्तै अब चमेलियामा केही दिन पछि उद्घाटनको रुपमा पुगेको छ । त्यले पनि केही राहात देला पञ्चेश्वर कणाली जस्ता परियोजनाहरुलाई पनि हामी अगाडि भढाऊ । स-साना परियोजनाहरुलाई पनि अगाडि बढाऊ मलाई लाग्छ कृषि योग्य जमिन पनि यहाँ छ । एउटा खनिज पदार्थ देखि जडिबुटि देखि लिएर धेरै सम्भावनाका क्षेत्र जस्तो खप्तड पृयटकीय क्षेत्र छ । रामारोसन अछामको, धार्मिक रुपमा बाजुराको बडी मालिका शैलेश्वरी, शुकलाफाटा घोडाघोडी यस्ता प्रसस्त हामीहरुसँग छन् । जस्तो महेन्द्रनगरलाई हामी एउटा कृषि क्षेत्रको विस्तार विकास उद्योगको रुपमा कैलाली पनि लिन सक्छौ भने ड्राइपोर्टको रुपमा पनि कञ्चनपुरलाई लिन सक्छौ । त्यसको विस्तार विकास पनि गर्न सक्छौ । र अर्को कुरा के हो भन्दा यो सुकुम्बासी समस्या हाम्रोलागि एउटा समस्याको रुपमा रहेको छ । अब यसलाई कुनै पनि स्वार्थको लागि होइन यसलाई भजाइ खानको लागि होइन ७ नम्बर प्रदेशमा जमिन विहिन कोही नहोस् । त्यो किसिमले हामीले व्यवस्थापन गरौ र सुकुम्बासी नै छैन भनेर हामीले त्यो किसमको कार्यक्रम ल्याउनै पर्छ । त्यो आट गर्नै पर्छ । त्यो हल्का ढङ्गबाट समाधान हुनेवाला छैन । त्यसमा हामीले एउटा परिपक्व ढङ्गले वास्तविक सुकुम्बासीले जग्गा पाओस घरवास पाओस् । त्यो किसमको हामीले योजना ल्याउनै पर्छ र अर्को कुरा हाम्रो कनेक्टीभिटीका कुराहरु छन चाहे सडकका कुरा हुन । चाहे हवाइका कुराहरु हुन । हामी धनगढी एयरपोर्टलाई हामी वोइङ्ग बस्ने बनाउन सक्छौ । एयरपोर्टको पनि हामी विस्तार गरौ अहिले १८ सयम मिटर छ । नेपालको मौजुदा एयरपोर्ट मध्य अहिले सम्मकोमा त्रिभुवन एयरपोर्ट भन्दा सेकेन्ड यो छ । करिव करिव २८ सयम ३ हजार मिटरको लम्बाइ काठमाण्डौको एयरपोर्ट १८ सय मिटर छ । सात आठ सय मिटर एक्सपाण्ड गर्दाखेरी यहाँ बोइङ्ग वस्न सक्छ । हामी सिधै इन्डियासँग दिल्लीसँग, लख्नौसँग हाम्रो हावाइ मार्ग पनि जोडीन्छ जसले पृयटकहरु प्रसस्तरुपमा यहा भएर मानसरोवर सम्म पुग्न सक्छन् । त्यसका लागि धनगढीको खुटिया  बाट दिपायल र डोटी हुदै बभ्काङ्ग हुदै ताक्लाकोट जोड्ने सडकलाई पनि हामी तिब्रता दिऊ । यि कुराहरुलाई हामीले अगाडि बढाउन सक्यौ भने हाम्रो यो प्रदेशका जनताको आर्थिक अवस्था कति माथि उठ्ला । त्यती मात्र होइन सेती लोकमार्गको कुरा छ । अब यसलाई पचासौ वर्ष सम्म खन्ने होइन निश्चित अवधी त्यो खालको बजेट राष्ट्रिय प्राथमिकता भित्र राख्न सक्नु पर्छ । सत्री वर्ष सम्म एउटै सडक खन्ने कस्ले उपभोग गर्ने कसरी विकास हुने यिनीहरुलाई राष्ट्रले प्रायोरिटी भित्र राख्नु पर्दछ । यस्ता कुरामा हामी एक मतले अगाडी बढ्यौ भने मलाई लाग्दैन हामी धेरै चाडै अगाडी पनि पुग्न सक्दछौ । जहाँ सम्म हामीले गौरव गर्नु पर्ने कुराहरु छन् । अघि पनि कुरा उठायौ यो क्षेत्रमा पनि ति प्रतिभाहरुले जन्म लिएका छन् । भिमदत्त पन्त एउटा मानवअधिकारवादी जयपृथ्वी बहादुर सिंह, प्रजातन्त्रवादी यन्डी प्रकाश चटौत, पहिला साहित्यकार यो सुदूरपश्चिमबा जन्मेर पहिलो साहित्यकार अटलबहादुर मलाई लाग्छ पुस्तक लेखेर आफूलाई पहिचान गर्ने पहलमान सिंह स्वाँर र त्यती मात्र होइन २०१६ सालमा मन्त्री हुन सफल हुनु भएका द्वारिका देवी ठकुराइनी पनि यसै प्रदेशमा जन्मनु भएको छ । त्यसैले हामीसँग पनि इतिहास छ । हाम्रा पूर्वजहरुको हामी इतिहासका पनि धनी छौं । संस्कृतिका पनि धनी छौं । सम्भावनाका पनि धनी छौ । अब हामी हाम्रो मानसपटलबाट यि संकुचित बीचारधाराहरुलाई फालौ खुला हृदयकासाथ यो क्षेत्रलाई हामी कसरी यो क्षेत्रका आदरणीय दाजुभाई तथा दिदि बहिनीहरुलाई कसरी खुरी पार्न सक्छौं । त्यसतर्फ हाम्रा कार्ययोजना अगाडी बढ्नु पर्छ । आज डेमोक्रेसी भनेको अराजकतन्त्र होइन । जिम्मेवार तहमा बसेका व्यक्तिहरुले उसको आचरणले यो डेमोक्रेट मान्छे हो कि होइन यस्ले विधिलाई फलोअप गर्न सक्छ कि सक्दैन । सिस्टमको आधारमा त्यो जान सक्छ कि सक्दैन यि कुरालाई निर्धारण गर्छ । तर हामीले धेरै अभ्यास गर्नै पर्छ । प्रक्रियागतरुपमा हामी प्रजातान्त्रीक तरिकाले आए पनि तर हामी डेमोक्रेट बन्न सकेको अवस्था मैले पाएको छैन । हामी जो ठूलो तहमा बसेका छौ । विधि सबै भन्दा ठूलो कुरा हो । व्यक्ति प्रधान हुन सक्दैन । कुनै व्यक्तिले भिज्नरीसाथ आउन सक्छ । त्यसले केही कुरालाई मार्ग निर्देशन गर्न सक्छ । तर विधि र पद्धतिले त्यस्लाई अगाडि बढाउनु पर्छ । विधि पद्धतिलाई बाईपास गरेर प्रजातन्त्र र लोकतन्त्र अगाडि बढ्न सक्दैन संविधानवाद बलियो हुन सक्दैन । आज यूरोप स्टेन्डर्ड देशहरु प्रसस्त हामी गएका छौ । अनुभव गरेका छौ । धेरै एक्सपोज गरेका छौ । विधि र पद्धतिले बनाएको ठाउँ हो । त्योलाई किन अनुसरण नगर्ने । त्यसैले म भन्न चाहान्छु । हामी विधि र पद्धति विनाको डेमोक्रेसी बाच्न सक्दैनौ । किन भने विधि पद्धतिले सबैलाई न्याय गर्छ । समानता, स्वाभिमानपूर्वक अगाडि बढ्छ । त्यसैले डेमोक्रेसीका मूल्य र मान्यताहरुलाई आत्मसाथ माथै होइन व्यवहारमा हामी लागु गरौ । यो हामी हरेक तहमा छौ । ठूलो तहका

मान्छे पालना गरौ अरुत सिक्छन् । ठूलोले के गऱ्यो त्यो प्रभाव त पर्छ नि त्यसैले गर्दा खेरी नेपालको ठूलो समस्या भनेको विधिको शासनको पनि गुड गभरनेन्स हामीले ल्याउन सकेनौ व्यक्तिको आफ्नो शासन डेमोक्रेसीको नाममा हुन सक्दैन । आज गुडगभरनेन्स् दिन सकौ । जुन दिन जनतालाई सुखी बनाउन सक्यौ, हरेकलाई सम्मान गर्न सक्यौ भने त्यहाँ गुड गभरनेन्सको झझल्को देख्न सकिन्छ । सुखी जनता त्यसबेला मात्र हुनसक्छन् । त्यसैले आज चुनौती पनि छ अवसर पनि छ म दुईटै कुलाई म र मेरो पार्टी नेपाली कांग्रेसले स्वीकार गरेको छ । म सुदूरपश्चिमका सम्पूर्ण आदरणीय दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहाँन्छु । जसले नेपाली कांग्रेसलाई मतदान गर्नु भयो । सबैलाई दिन चाहाँन्छु । किन भन्दा आज हामीलाई जनादेश दिएको छ । म यो शुभकामना वक्तव्यबाट भन्न चाहाँन्छु । कि हामीलाई जिम्मेवार प्रतिपक्षको भुमिका निर्वाह गर्ने जो दिएको छ । हामी इमान्दारी पूर्वक निर्वाह गर्छौ । म भन्न चाहाँन्छु सत्तापक्ष र प्रतिपक्ष भनेको विगतको जस्तो होइन त्यो प्रकृतिबाट माथि उठ्न सक्दैनौ यो चार पाँच वर्ष भाषणमा मात्र जान्छ । हामीले धेरै देखेका छौ धेरै घटना भोगेका छौ । हृदयदेखि हाम्रो यहाँको समस्या के हो गरिबी हो, व्यरोजगारी हो र यहाँको सम्भावनाको पहिचान गर्न सकेनौ त्यो सम्भावनाका जगमा बसेर प्लानिङ्ग गर्न सकेनौ ति समस्या हुन केमा प्लानिङ्ग  गर्ने ट्रायल बेसिलमा मूलक चल्दैन हाम्रो यहाँको सम्भावना के हो । यार्चागुम्बा त दार्चुलामा पाइन्छ । त्योलाई कसरी व्यवस्थापन गर्ने । बझाङ्मा पाइन्छ त्योलाई कसरी व्यवस्थापन गर्ने कतिपय पर्यटकिय क्षेत्रहरु हामीसँग प्रसस्त छ । धार्मिक क्षेत्रहरु पनि छन् । कृषि योग्य भूमिहरु छन् । उद्योगधन्दा कस्ताखालका, पहाडबाट कृषि क्षेत्रको उत्पादन कसरी हुनसक्छ । तराईमै हो । त्यसैले गर्दा खेरी कुन ठाउँमा कुन खालको क्लाइमेट छ । कुन सम्भावना छ । कुन स्रोत छ । त्यसको वास्तविका पहिचा गरौं र त्यो जगमा वसेर प्लानिङ्ग गरौं प्रायोरिटी दिऊ । बजेको व्यवस्था गरौं कलाई प्रायोरिटी दिने अनि बजेटको व्यवस्था गरौं त्योलाई कुन समयमा कुन प्रकृतिको योजना हो सम्पन्न गर्ने अठोट लिऊ त्यो हुन सक्दैन ? ७० वर्ष सम्म पाचँसय मेगावाट मात्रै विद्युत त्यसैले गर्दा हामी आफ्नै पैसाले बनाउन सक्छौ । अवस्था पऱ्यो भने आट गरौन ? सेती परियोजना पनि हामी आफ्नै स्रोत र सधानले बनाउन सक्छौं । त्यो विल पाउर त चाहीयो नि, इमान्दारिता त चाहीएला नि त्यसैले मेरो आग्रह छ । अब, हामीले झगडा गऱ्यौं धेरै संघर्ष गऱ्यौ, धेरै सयम खेर फाल्यौ अब खेर फाल्ने समय होइन । अब हामीलाई अधिकार सम्पन्न संविधान आइसकेको छ । जनता मालिक बनिसकेका छन् । जनताले धेरै ठूलो आसा गरेका छन् । परिवर्तन दुइ चार जना नेता पात्र बदल्नको लागि होइन गरिब जनता झोपडीमा बस्ने जनता, खुट्टामा चप्पल समेत नलगाउने जनता, केराका पात फाँटेको जस्तो लुगा लगाएर बसेका दूरदराजका जनतालाई हामीले शिक्षा, स्वास्थ्य, क्वालिटीको खानेपानी आर्थिक समृद्धि तिर हामीले लगाउन सक्यौ, तिनीहरुको मुहारमा खुसी पार्न सक्यौ भने मात्र हामी अगाडी बढ्न सक्छौ । ठूलो अभिलासा लिएका छन् । एक दुई हामी कसैलाई मुख्यमन्त्री कसैलाई प्रधानमन्त्री बनाउने परिवर्तन खोजेका छैनन् । त्यो गरिबीबाट मुक्त हुन खोजेका छन् । त्यो अशिक्षाबाट मुक्त हुन खोजेका छन् । आर्थिक समृद्धि तिर दुई छाक टन्न् खानपाउन बालबच्चालाई राम्रो शिक्षादिक्षा र स्वास्थ्य उपचार दिन पाउन । अहिले हामीले ठूला-ठूला कुरा गरेका छौं तर, गाउँघरमा सिटामोल छैन् । त्यस्तो स्वास्थ्य खोजेका छैनौ । विषयगत शिक्षक छैन् । त्यस्तो शिक्षा खोजेका छैनौ । त्यो शिक्षा काम लाग्छ अब ? पाचँ जना शिक्षक छन चारजना विद्यार्थी चल्छ त्यसरी ? धेरै कुरा हामीले सोच्नु जरुरी छ । विगतको पनि हामीलाई तितो अनुभव छ । त्यसबाट पनि हामीले लेशन लिनु पर्ने हुन्छ । त्यसैले गर्दा हामीले सबैले अब दलगत स्वार्थ, व्यक्तिगत स्वार्थ भन्दा माथि उठ्नै पर्छ । किन भने कुनै पनि व्यक्तिले उसको पूँजी भनेको उसको क्रियाकलाप, उसको व्यवहार हो, उसको संस्कार हो । के छोडेर गयो त संस्थाकालागि । आज किन हामीले यतिका मान्छेका नाम लियौ लिक्वानको किन नाम पारेनौ बनायो देश ति पनि पात्र हुन नि । हो त्यसैले लिक्वान बन्न सकौ हामी । त्यसैले गर्दा आज हाम्रो ऐतिहासिक दिन हो । यो ठूलो दिन हो । सुदूरपश्चिम वासीले धेरै ठूलो अपेक्षा प्रदेश सभासँग गरेको छ । प्रदेश सरकार बन्दै छ । त्यसैले गर्दा खेरी कम्सेकम यो धेरै भू-भाग पनि छैन् । टोटल नेपालको भू-भागको १० प्रतिशत मात्र ओगटेको छ । जनसंख्याका हिसावले पनि धेरै भार छैन । टोटल जनसंख्याको दशै प्रतिशत मात्र यसले ओगटेको छ । मलाई लाग्छ । बिहारमा उत्तर प्रदेशमा सोह्रौ अठारौं करोडका जनसंख्या छ । त्यहाँ व्यवस्थापन गरेका छन् । यहाँ त बाईस चौबीस लाख मात्र छ नौं वटै जिल्लामा अलि सबै भन्दा बढी छ हाम्रो कैलालीमा हो । त्यसपछि महेन्द्रनगरमा हो । त्यसैले गर्दा खेरी हामीसँग त चौबीसलाख तेइसलाख मात्र छ हामीसँग प्रसस्त सम्भावना छन् । यो तेइस चौबीस लाख जनसंख्या भनेको ठूलो होइन । यदि हामी कसीयर लाग्यौ भने सुदूरपश्चिमलाई सुन्दर-सुदूरपश्चिम, समृद्ध-सुदूरपश्चिम बनाउन सकिन्छ । त्यसैले हामी लागौ समय खेर नफालौ अर्को कुरा हामीले सन्तुलन विकासको सवालमा धेरै कुरा स्वच्नु पर्ने छ । आज पहाड रित्तिराखेको छ । पहाडका जमिनहरु बाझाँ हुदैछन् । तराईमा

ओइरी राखेको छ । भोली हाम्रो कृषि क्षेत्रको लागि ज्यादै उत्पादित ठाउँ कैलाली र कञ्चनपुर सबै खेतहरु घरै घरेडीमा गयो भने यसको के हालत होला यो लाई कसरी बचाउने यि दुईटचा जिल्लालाई कृषि क्षेत्रको बिकास, विस्तार, आधुनिकरण र व्यवसायीककरण गरेर कृषिमा आधारित उद्योग धन्दाहरुलाई कसरी स्थापना गर्ने र यसको महत्वलाई कसरी बचाउने पहाडहरुलाई रित्तिनबाट कसरी बचाउने पहाडको जमिनलाई कसरी क्रियाशील बनाउने यि खालका योजनाहरु चाहीन्छन् । त्यसरी सन्तुलित विकास विकासको अवधारणालाई पनि हामी अगाडी सारौं यि सबै कुरा सुझबुझ, दिर्घकालिन प्लानिङ, अल्पकालिन प्लानिङ्का आधारमा मात्र हामी अगाडी बढ्न सक्छौ । म बचन दिन चाहान्छु । मेरो पार्टीको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट कि यो ठाउको समृद्धिको लागि हामी सत्ता पक्ष र प्रतिपक्ष हुने छैनौ । सहकार्य गरेर अगाडि बढौं । यो त सबै परिस्थिति अनुसार कोही सत्ता पक्ष कोही प्रतिपक्षमा जालान त्यो चलिरहे विषय हो तर विगतका जस्तका जस्तो अमुख पार्टीले राम्रो काम गरे पछि विरोधै गर्नु पर्छ अपोजिसनको अमुख पार्टीले राम्रो कुराल्यापछि मान्नु नै हुन्न खालको परिवृतिबाट हामीले माथि उठ्नै पर्छ । त्यसैले गर्दा खेरी सबै भन्दा ठूलो कुरा यही हो । व्यक्ति परिवर्तन खोजेका छैनन् वास्तविक जनताले परिवर्तन खोजेका छन् । हामी सबै लागौं यो हाम्रो जवाफदेहिता पनि हो । यसैमा राष्ट्रको भविष्य छ । अब पनि कुनै हाम्रो गैर जिम्मेवारी कामले कुनै दुर्घटना भयो भने हामी नेपाली हुन्छौ कि हुदैनौ त्यो पनि सोचौ अब हल्का ढङ्गले चल्नेवाला छैन् । अब यो संविधान कार्यान्वयनको अवस्थामा छ ति सबै चरणका निर्वाचन भई सके, अव राष्ट्रिय सभाको मात्र छ र कठीन परिस्थीतिमा निर्वाचन भएको छ । यो धेरै ठूलो उपलब्धी भएको छ । आज धेरै वर्ष सम्म रित्तिएको जनप्रतिनिधको ग्यापलाई भरेको छ । त्यसैले गर्दा यो धेरै ठूलो उपलब्धी भएको छ । यो भोलिको इतिहासले पनि बताउला त्यसैले गर्दा खेरी अब हामीले संविधानको कार्यान्वयनको अगाडि पुगेका छौ । संविधान, कुरान, पुरान कुनै महाभारत होइन डेमोक्रेटिक संविधान विकसित हुन्छ, परिवर्तन सील हुन्छ हाम्रो आवश्यकता अनुसार यसलाई संशोधन गर्न सक्छौ । राष्ट्र र जनताको आवश्यकताको आधार हो । जनताको भलाई र राष्ट्रको लागि त्यसैले गर्दा खेरी अब हामी यसै संविधानको मूल मर्म र भावनाका आधारमा हामी अगाडि बढौ हाम्रो भविष्य यो राष्ट्रको भविष्य यस भित्र छ । भन्ने हामीलाई लागेको छ । त्यसैले गर्दा खेरी म पुनः सबैलाई सभामुख महोदय समय दिनु भयो । म हार्दिक धन्यवाद दिदै पुनः सबैलाई हार्दिक धन्यवाद दिन चाहाँन्छु र हाम्रो यो कार्यकाल सफल रहोस एउटा युनिक तरिकाले किन भने हामी सुरुवात गर्दै छौं । हाम्रो प्रान्तको व्यवस्थापन चुनौती पनि छ । अवसर पनि छ । य पहिलो चरणका सभासदहरुले पहिला सरकारले धेरै मेहनत गरेको रहेछ दुरगामी दृष्टिकोण राखेर व्यवस्थापन गरेको रहेछ भनेर अर्को पुस्तालाई यसले सहजिकरण गर्न सकोस् । सबैलाई सफलता मिल्न सकोस् र हामी यो राष्ट्रका साझा मुद्दा विशेष गरेर सुदूरपश्चिमका साझा मुद्दामा हामी एक मत भएर पक्ष र प्रतिपक्ष भएर सरकार र गैरसरकार भनेर होइन एक मत भएर लागौ यही सुवेक्षा व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद जय नेपाल ।

**माननीय श्री त्रिलोचन भट्टज्यू :-** प्राकृतिक स्रोतहरु चाँहे त्यो धार्मिक पर्यटकीय क्षेत्र हुन, चाँहे प्राकृतिक पर्यटकीय क्षेत्र हुन त्यसको व्यवस्थापन अपी, सैपाल, खप्तड, बडिमालिका, घोडाघोडी लगायतका ठाउँहरु जो छन् त्यो मान्त्रै हामीले आन्तरिक पर्यटनलाई त्यहाँ पुऱ्याउने कुरा र बाहिरी पर्यटकलाई त्यहाँ ल्याउने कुरालाई व्यवस्थापन गर्न सक्यो भने यो प्रदेश धेरै माथि उठ्न सक्छ । तर यसको लागि मलाई लाग्छ हामीले साझा मुद्दाकोरुपबाट, साझा एजेण्डाको रुपबाट सबै पार्टीको साझा यो विकास हो भने अगाडि बढ्नु पर्ने हुन्छ । कृषि प्रदान राष्ट्र भनेर हामीले अहिले सम्म हामीले हाम्रो राष्ट्रलाई भनिराखेका छौ । तर त्यो हामीले कागजमा मात्र सिमित गरेका छौ । तर कृषिलाई आधुनिकरण गर्ने कुरा एउटा किसानले पनि कमसे कम म कृषि पेशा गछु भनेर गर्व गर्ने लाएकको हामीले नीति ल्याउन सकेका छैनौ । आज हामीले देखेका छौ हामी गाउँमा देख्छौ एस.एल.सी. पास गरीसकेको युवा कहिले पनि माटोमा जान तयार छैन् । त्यसको एउटैमात्र कारण के हो भने कृषि पेशालाई हामीले आधुनिकरणमा लैजान सकेनौ वैज्ञानिक कृषि प्रणालीलाई अगाडि बढाउन सकेनौ र कृषि पेशा भनेको हेलाको पेशा भयो । तर मलाई लाग्छ ७ नम्बर प्रदेशले कृषि पेशालाई आधुनिकरण गरेर किसानहरुलाई कमसे कम एउटा गर्व गर्ने लायकको नीति हामीले तयार गर्नु पर्छ आज हामी देख्छौ शिक्षाका मावलामा हामीले देख्यौ यो सुदूरपश्चिम शिक्षामा सबैभन्दा पछाडि पनि छ । हामीले गाउँघरमा विद्यालय त खोलेको छ । विद्यालय खोल्न पाउने अधिकार छ । तर त्यसको व्यवस्थापन गर्नु पर्ने कसैको जिम्मेवारी छैन् । राष्ट्रको जिम्मेवारी छैन त्यो प्रकारको नीति बन्न सकेको छैन । त्यसकारणले आज गाउँघरका युवा युवतीहरु पढ्न नपाएर विदेश जान बाध्ये भएका छन् । आफूले आफ्नो अधिकारलाई प्रयोग गर्न नपाएर विदेश जान बाध्य भएका छन् । हामी अरुको ठाउँमा गएर रोजगारी र

अपहेलित जीवन विताउनु पर्ने भएको छ । मलाई लाग्छ शिक्षाको व्यवस्थापन गर्ने कुरा नै राष्ट्रलाई उच्च उठाउने कुरा हुन्छ । त्यसकारणले शिक्षाको व्यवस्थापन यो प्रदेशले वैज्ञानिकरुपबाट र एउटा शाझा एजेण्डाको रुपमा बनाउनु पर्छ र यो सँगसँगै हामीले देख्यौ हाम्रा गाउँघरमा आज सडकको माग भएको छ । विद्युतको माग भएको छ । कृषिलाई आधुनिकरणको माग भएको छ । विभिन्न अपेक्षाहरु छन जनताका तर त्योलाई पुरा गर्नको लागि हामीले सही नीति सही योजना र साझा एजेण्डाको रुपबाट अगाडि बढ्नु पर्छ र त्यो गर्नको लागि हाम्रो प्रदेशले ऐतिहासिक भूमिका निर्वाह गर्न पर्छ र तव मात्रै संघियताको मूल मर्म जनताको मन मष्तिस्कमा जान्छ र संघीयतालाई लागू गर्ने कुरा मुख्य कुरा रहन्छ । आज हामीले देखेका छौ । हाम्रा दुई वटा जिल्लामा थारुहरु उपेक्षित र उत्पीडनमा छन् । आज हामीले पाएका छौ दलितहरु अहिले पनि हाम्रो देशमा जणतन्त्र आइसक्यो, हाम्रो देशमा नयाँ संविधान बनिसक्यो मलाई लाग्छ विश्वको सबैभन्दा उत्कृष्टि संविधानको रुपबाट हामीले व्याख्या गरेका छौ । तर लागू गर्ने क्रममा आज पनि दलितहरु अपहेलितमा छन् । आज पनि महिलाहरु एउटा लैङ्गिकरुपबाट शोषणमा छन् । समावेशीको नीति आइसक्दा पनि हामीले कागजमा कागजमा संविधानमा त्यो कुरा लेख्यौ तर कार्यान्वयन पक्षमा हामी जान सकेनौ मलाई लाग्छ ७ नम्बर प्रदेशलाई सुशासनको रुपबाट बैज्ञानिक रुपबाट र राम्रो तरिकाले चलाउनु पर्छ र त्यो वातावरण हामीले तयार पार्नु पर्छ । जनतालाई नयाँ संविधान जसरी आज ७० वर्ष देखिको जनताको आफ्नो प्रतिनिधिबाट लेखिएको संविधानको जो माग थियो । त्यो माग पुरा भएको छ । र आज हामी अब, एउटा मात्रै चुनाव राष्ट्रिय सभाको चुनाव गरि सकेपछि हामी त्यो कार्यान्वयनको पक्षमा र त्यसलाई जनताको बीचमा बास्तवमा हामीले हाम्रा प्रतिनिधिले वनाएको संविधान हो भनेर अपनत्व लिने कुरा र त्यो संविधानमा गर्व गर्ने कुरा हामीले त्यो प्रकारको सुशासन दियौ भने मात्रै त्यो संविभान जनताले गर्व गर्न सक्छन् । आदणीय सभामुख महोदय, यदि हामी त्यो कुरा गर्न सकेनौ भने फेरी मान्छेमा एक प्रकारको निराशा फेरी जनतामा एक प्रकारको उत्तै फेरी पहिलेको जस्तो समाज हो भनेर व्याख्या गर्ने कुरा यो सोच्ने कुरा हुनसक्छ त्यो खतरा पनि हुन सक्छ । त्यस कारणले पनि म हादरणीय सभामुख महोदय, मार्फत के भन्न चाहाँन्छु भने हामी आज जनताबाट मनुमोदित भएर आएका छौ । हामी प्रति धेरै जनताको आसा विश्वास र भरोसा पनि छ । तर हामी त्यसमा खरो उत्रिनको लागि हामीले दलगत स्वार्थ भन्दा माथि उठ्नु पर्छ र हाम्रा व्यक्तिगत स्वार्थ भन्दा हामी माथि उठ्न सक्नु पर्छ । र हाम्रो जीवनलाई र हाम्रो कार्यकाललाई यो ७ नम्बर प्रदेशलाई एउटा नमुना प्रदेश बनाउन लाग्नु पर्छ । तब मात्रै हामी सफलत हुन्छौ र हिजो देखि पिछडिएको सुदूरपश्चिमलाई सबैभन्दा अगाडि ल्याउन सक्छौ र त्यो हामीसँग प्राकृतिक स्रोतहरु प्राकृतिक साधनहरु हामीसँग छन् । र हाम्रो राष्ट्रमा हामी देख्न सक्छौ आज भ्रष्टाचार सबैभन्दा अगाडि देखिएको छ । प्रत्येक ठाउँमा भ्रष्टाचारका कुरा उठेका छन् । एउटा ठाउँमा काम गर्न जादाखेरी पैसाको चलखेल नगरिकन काम गर्न सकिन्न भन्ने कुरा हामी समाजमा पाउछौं । तर भ्रष्टाचार रहित समाज बनाउन सक्छौ कि सक्दैनौ यदि हाम्रो देशमा भ्रष्टाचारलाई मात्र रोक्न सक्यो भने र सुशासन र एउटा सही कानुन र नीति बनाएर अगाडि बढ्ने हो भने धेरै विकास हामी गर्न सक्छौ । हामीले अरुको मुख ताक्नु पर्ने आवश्यकता पर्दैन जस्तो लाग्छ । त्यस कारणले भ्रष्टाचार सहित समाज बनाउनु जरुरी छ । आज हामीसँग मलाई लाग्छ हाम्रो प्रदेश दुबै देशका सीमानासँग जोडिएको छ । हामीले त्यसलाई सहिरुपबाट परिचालन गर्न सक्यौ भने पञ्चशिलको आधारमा हाम्रो प्रदेशको हाम्रो राष्ट्रको सार्थलाई प्रयोग गर्न सक्यौ भने धेरै विकास हामी गर्न सक्छौ । राष्ट्रिय स्वाधिनताको लागि राष्ट्रिय स्वाधिनता माथि उठाउनको लागि पनि हामीले हम्रो ठाउँको विकास विकास गर्नु पर्ने आर्थिक उन्नती गर्नु पर्ने अनिवार्य हुन्छ । त्यसकारणले त्यो कुरालाई हामी सबैले ध्यानदिएर साझा एजेण्डाको रुपबाट जानु जरुरी छ । आदणीय सभामुख महोदय, जडिबुटीको कुराहरु छन् । हामीलाई थाहाँ छ । कुनै ठाउँबाट गएको जडिबुटीलाई दवाईको रुपबाट हामी अरुबाट किन्नु पर्ने परिस्थीति छ । यदि त्यो कुरालाई हामीले यही बनाउन सक्यौ भने आज त्यो कुरालाई हामीले हाम्रै ठाउँमा प्रयोग गर्न सक्यौ भने र त्यो प्रकारको व्यवस्था गर्न सक्यौ भने हामी आज गाउँघरमा दूरदराजमा एउटा सिटामोल पनि नपाएर जनसमुदायहरु दुखित छन् । पीडित छन् र अकालै ज्यान गुमाउनु पर्ने परिस्थीति छ । तर त्योलाई पनि अन्त गर्न सक्छौ । त्यसकाणले पनि हामीले मुख्यतः हामीसँग भएको स्रोत साधनलाई मात्रै सहितरिकाको परिचालन गर्ने कुरा इमान्दारी पूर्ण तरिकाले परिचालन गर्ने कुरा र हाम्रो प्रदेशले बनाउनु पर्ने कानून विधि प्रक्रिया जनतासँग जनतालाई मध्यनजर गरेर दूरदराजमा दार्चुलामा बस्ने जनतालाई मध्यनजर गरेर एउटा दलितलाई मध्यनजर गरेर, एउटा थारुलाई मध्यनजर गरेर र महिलालाई मध्यनजर गरेर र दूरदराजमा बसेका जनसमुदायहरु जो कुनै पनि सरकारको अनुभूती गर्न पाएको छैनन् र त्योलाई मध्यनजर गरेर हामीले कानून निर्माण गर्ने कुरा हामीले विकासका योजना बनाउने कुरा हामीले आफ्ना क्रियाकलाप अगाडि बढाउने कुरा यो नै सही हुन जान्छ । चुनौती

छन् हामीसँग हामी पहिलो पल्ट संघीयतालाई कार्यान्वयनमा लैजादै छौ । हामी पहिलो प्रयोग गर्दै छौ । हामीले धेरै चिजहरु सिक्नु पर्ने छ । धेरै चिजहरु बुझ्नु पर्ने छ । संघीयता वास्तवमा यदि सहितरिकाले संघीयतालाई परिचालन गर्न सक्यौ भने मलाई लाग्छ संघीयता सबैभन्दा राम्रो कुरा हो र जनताले सबैभन्दा बढी सेवा पाउने गर्दछन् । यदि हामीले यसलाइ सही तरिकाले प्रयोग गर्न जानेनौ, सही तरिकाले प्रयोग गर्न सकेनौ र सही तरिकाको एउटा कानून र मूल नीति बनाउन सकेनौ भने संघीयता नै भोली अर्को तरिकाले बुझ्न सक्छन जनसमुदायले त्यस कारणले पनि म के भन्न चाहाँन्छु भने यो कुरालाई अगाडि बढाउनको लागि चुनौती छन् हामीसँग आर्थिक व्यवस्थापनका कुराहरु छन् । हामीले नयाँ जग बसाल्नु पर्ने छ । यो ऐतिहासिक जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो ऐतिहासिक जिम्मेवारीलाई हामीले राम्रो जग बसाल्यौ भने भोलि आउने सन्ततिहरुले पनि हामीलाई धन्यवाद दिने छन् । यदि हामीलीले सही जग बसाल्न सकेनौ नियम कानून, पद्धती पक्रियाहरु अगाडि बढाउन सकेनौ भने सायद हामी हिजो जसरी पिडित भयौ, हिजो जसरी हामी अहिले सम्म पिडित भएका छौ । त्यो प्रकारले पनि जान सक्ने हुन्छ । त्यो कुरालाई पनि हामी सबैलाई महसुस भएको छ । अर्को कुरा हाम्रो देशमा हामी सबैलाई थाहाँ छ । अहिलेसम्म हाम्रो देशमा एउटा स्थायी सरकार चल्न नसक्नु पाँच वर्ष सम्म कम्सेकम एक चोटी जनताबाट अनुमोदित भएको सरकार पाँच वर्ष सम्म चल्न नसक्नु पनि एउटा समस्याको विषय हो । त्यस कारणले पनि अहिले आम जनसमुदायले चाहेको भनेको नै के हो भने नयाँ विधान छ नयाँ कानून छ । हामी संघीयतामा गएका छौ । सात वटा प्रदेश छ । सिंहदरवारको अधिकार आज जनताको घर दैदोमा पुगेको छ तर त्यही प्रकारले एउटा स्थायी सरकार पनि हुनु पर्छ भन्ने कुरा आम जनताको माग हो । जब सम्म हामी स्थायी सरकार बनाउन सक्दैनौ एउटा नीति लागू गर्न सक्दैनौ र स्थायी सरकारले सही तरीकाको कामगर्ने वातावरण बनाउन सक्दैनौ तब सम्म हाम्रो राष्ट्र यो संक्रमण कालमै गुज्रीराखेको कुरा हामी सबैलाई थहाँ छ । त्यसकाणले स्थायी सरकारको लागि पनि अहिले जसरी आम जनसमुदायहरुले बाम गठबधनलाई मत दिएर यहाँ पुऱ्याएको छ । यो बाम गठबन्धनले स्थायी सरकार दिने कुरा र भोली गएर एउटा राम्रो व्यवस्था र संघीयता वास्तवम जनताको लागि थियो र दूरदराजका समूदायको लागि थियो सबै जाति, क्षेत्र, लिङ्गको लागि थियो । अहिले सम्म विकास नपुगेको ठाउँको लागि थियो र जनताले त्यो महशुस गर्नेवाला छन् । त्यसकारणले हामी त्यसमा सबै लाग्नु पर्छ । मैले भने हाम्रो प्रदेशमा जल छ, जडिबुटी छ, पर्यटकीय क्षेत्रहरु छन् । हामीसँग कृषिको लागि भूमि छ । हामीसँग धेरै प्राकृतिक स्रोतहरु छन् । यसको सही व्यवस्थापन गर्ने कुरा नै हाम्रो प्रदेशको मुख्य कुरा हो । त्यसलाई पूरा गर्नका लागि र त्यो लाई काम कार्बाहीमा अगाडि बढाउनको लागि सुशासनको कुरा छ । भ्रष्टाचार सहित समाजको कुरा छ । हामी गणतन्त्रका सेवक हौं । वास्तवमा गणतन्त्र भनेको नै यो राष्ट्रलाई र राष्ट्रका जनताको लागि हो भन्ने कुरा देखाउनको लागि र जनतालाई त्यो महशुस गर्नको लागि हामी अग्रभागमा उभिनु पर्छ र हामीले त्यो कर्तव्य भावलाई पालना गर्नु पर्छ भन्ने कुरालाई नै मुख्य कुरा हो । यदि यो कुराहरुलाई अगाडि बढाउन सक्यौ भने हाम्रो राष्ट्रिय स्वाधिनता मजबुद हुने छ । हाम्रा जनसमुदायहरुले अहीले सम्म गरेको विभिन्न समयमा गरेका आन्दोलनहरु र विभिन्न समयमा गरेका क्रान्तीहरुको मूल्याङ्कन सही मूल्याङ्कन हुने छ । जनताले त्यो महशुस गर्ने छन् । हामी पनि वास्तवमा एउटा स्वाधिन राष्ट्रका र एउटा विकास भएको राष्ट्रका ठाडो टाउको गरेर बाच्न सक्ने एउटा राष्ट्रका नागरिक हौं भनेर सबै समुदायले बुझिदिने छन् । त्यो जिम्मेवारी पुरा गर्नको लागि यति सबैकामहरु पूरा गर्नका लागि मलाई लाग्छ हाम्रो काँधमा जनताले जिम्मेवारी दिएका छन् । विभिन्न प्रकारका कुसंस्कारहरु छन् । अहीले पनि हामी सुदूरपश्चिममा हामी देख्छौ । अहिले पनि सुदूरपश्चिमको कुना काप्चामा त्यो प्रकारको समस्याहरु देख्छौ । पत्रपत्रिकामा हामी पढ्न पाउछौ । समाज धेरै अगाडी पुगिसक्यो । तर हामीले त्यो अनुसारको व्यवस्था कानून संविधानलाई पालना गर्ने कुरा र संविधानलाई संविधान अनुसार अगाडी बढ्ने कुरा नै मुख्य कुरा हुन्छ र ७ नम्बर प्रदेशमा हामी सबै मिलेर सबै पार्टीहरु पार्टीको मुख्य उद्देश्य भन्दा माथी उठेर एउटा सभा एजेण्डामा विकासको एजेण्डामा र ७ नम्बरका जनसमुदायको भावना अनुसारको काम गर्नको लागि हामी सबै मिलेर जानु जरुरी छ । हाम्रो राष्ट्रमा पछिल्लो चरण हामीले देख्यौ सहमती सहकार्य र सबै मिलेर जाने जो एउटा प्रथा एउटा विधि वनेको छ । त्यही अनुसार हामीले ७ नम्बर प्रदेशलाई अगाडि बढाउनु पर्छ र यसमा हामी सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नु पर्ने नै हाम्रो मुख्य जिम्मेवारी हुने छ । भन्ने कुरा राख्दै र यो ऐतिहासिक सभा जो हाम्रो जीवनको लागि र हाम्रो राष्ट्रको लागि र हामी सबैको लागि यो संघीयताको पहिलो खुड्किला हामीले सुरुवात गरेका छौ । यो खुड्किला साच्चै नै ७ नम्बर प्रदेशको लागि मात्र नभएर यो नेपाल राष्ट्रको लागि नै ऐतिहासिक हुने छ । भोलि कुनै पनि नेपालीले पीडा भएको महसुस गर्ने छैनन् । भोलि कसैले विदेशका एउटा रोजगारीको लागि जानु पर्ने अपहेलित हुन पर्ने छैन् । हाम्रा सीमानाहरु मिचिने छैनन् र हामी

एउटा अपहेलित राष्ट्रको नागरिक हुने छैनौ र हामी वास्तवमा आज महिला दलित, जनजाती पिछडिएको क्षेत्र, भूगोल र एउटा सम्मानित र गर्व गर्ने लायक एउटा राष्ट्र बनाउन हामी सफल हुने छौं यो कुरा राख्दै विदाहुन्छु । धन्यवाद । लालसलाम ।

**माननीय श्री मालामती देवी राना थारुः-** माननीय सभामुख महोदय, माननीयज्यूहरु आजको दिन मैले पहिलो ऐतिहासिक दिनको रुपमा लिएको छु । संविधान कार्यान्वयन प्रदेशको अभ्यासमा प्रवेश गरेका छौ । ठूलो जिम्मेवारी हाम्रो काँधमा आएको छ । माननीय सभामुख महोदय, राज्य र जनतालाई तीनै तहको निर्वाचन सम्पन्न गरेकोमा धन्यवाद दिन चाहान्छु । र उपस्थित प्रदेश सांसद माननीयज्यूहरुलाई पनि म बधाई दिन चाहाँन्छु । माननीय सभामुख महोदय, २०६९, २०७१ र २०७२ सालमा थारु, राना थारु र कठरिया थारुहरु आफ्ना हक अधिकारकालागि जोडदार आन्दोलन गरेका थिए । विभिन्न चरणमा राज्यसँग वार्ता पनि गरेका थिए । राना थारु थारुहरुको माग मुद्दा अगाडि राजधानी हुनु पर्छ भन्ने माग थिएन । थारुहरुको धनगढी राजधानी हुनु पर्छ भन्ने माग थिएन । जनताको माग विपरित धनगढीलाई अगाडि सारिएको छ । थारुहरुले आफ्नो अधिकार र पहिचान मागि रहेका थिए । उनिहरु आफ्ना अधिकार र पहिचान चाहाँन्छन् । माननीय सभामुख महोदय, ७ नम्बर प्रदेशको राजधानी नौ जिल्लाकै पायक पर्ने ठाउँमा हुनु पर्छ । नौं जिल्लाको सबैलाई पायक पर्ने ठाउँमा राजधानी घोषणा हुनु पर्छ । माननीय सभामुख महोदय, प्रदेश सभा संरचना हुदाँका वखत सु.प. अखण्ड आन्दोलन रानाथारु कठरिया थारु थरुहट थरुवान आन्दोलन हक अधिकार स्थापित माग मुद्दाका क्रममा २०७२ साल भाद्र ७ गते टिकापुर दुःखद खघटना घट्न गयो ।  घट्नाको भोली पल्ट ८ गते कर्फ्यू र सुरक्षा कर्मीको उपस्थितिमा कर्फ्यूको घेरा भित्र बाहिरको मान्छे जान पाउदैनन् । यो हामी सबैलाई अवगत भएकै कुरा हो । गोलि मार्ने आदेश सम्म हुन्छ । तर कर्फ्यू र सुरक्षा कर्मीको उपस्थिति हुदाँ हुँदै पनि अपराधीहरु थारुहरको घरमा लुटपाट गर्नुका साथै पचासी घर जलाइए राज्यको आडमा ती अपराधीहरुलाई सरकारले कठघरामा उभ्याउन सकेको छैन् । मेरो जोडदार माग छ । अपराधीहरुलाई छिटो भन्दा छिटो कानूनको कठघरामा ल्याई जेल हाल्नु पर्छ । माननीय सभामुख महोदय टिकापुर घटना मधेस घटना निष्पक्ष छानविनका लागि राज्यबाट छानविन आयोगका अध्यक्ष गृसचन्दलाल कर्णको संयोजकत्वमा छानविन गरी आयोगले मन्त्रिपरिषदमा प्रतिवेदन बुझाइसकेको अवस्था छ । तर मन्त्रिपरिषदले प्रतिवेदन अविलम्ब जनतासम्म सार्वजनिक गर्नु पर्छ मेरो जोडदार माग छ । माननीय सभामुख महोदय पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जि को कार्यकालमा मन्त्रिपरिषदले टिकापुर घटना राजनीतिक घटना हो । भनी निर्णय गरेकोमा ठरुहट राजबन्दीहरुलाई अहिले सम्म पनि छोडेको छैन् । थरुहट राजबन्दीहरु अविलम्ब छुट्नु पर्छ । अनि मात्र जातिय सद्भाव न्यायीक संविधान मानिने छ । सभामुख महोदय २०७४/८/२१ गते प्रतिनिधि सभामा राष्ट्रिय जनता पार्टी कैलाली क्षेत्र नं. १ बाट रेसम चौधरी अत्याधिक बहुमतले विजयी भएकोमा टिकापुर घटनाका आडमा निर्वाचन आयोग केन्द्रीय कार्यालयले वारिसनामा मार्फत प्रमाणपत्र हस्तान्तरण गर्नबाट रोकेको छ । सभामुख महोदय जनताले विजय गराएको माननीय रेसम चौधरीलाई प्रमाण पत्र हस्तान्तरणका लागि व्यवस्था मिलाइयोस् । माननीय सभामुख महोदय यो संविधानमा धेरै त्रुटिहरु छन् आदिवासी जनजाती थारु, मधेसी, मुस्लीम, दलित महिला पछाडि परेका वर्ग उत्कृष्ठ संविधान हो भनेर स्वीकार्ने अवस्था छैन् । महिले हाम्रा पूर्व माननीयज्यूहरुले भनेर जानु भएको छ । पूर्ववक्ता माननीयज्यूहरुले भनेर जानु भएको छ यो संविधान उत्कृष्ठ संविधान हो । जो आफूलाई हामी सम्माननीय हौं । हामी प्रधानमन्त्री हौं तर उहाँहरुले पनि आज यो संविधानलाई चाही संशोधन हुनु पर्छ भनी आवाज उठाइराख्नु भएको छ । उत्कृष्टि संविधान हो भनि स्वीकार्नु पर्ने अवस्था छैन् । राष्ट्रिय जनता पार्टि नेपालले नेपालको संविधान संशोधन हुनु पर्छ हाम्रो माग छ । माननीय सभामुख महोदय राष्ट्रिय सभा निर्वाचन जनसंख्याको अनुपातमा सिट निर्धारण हुनु पर्छ । जो अहिले जुन राष्ट्रिय सभाको चुनाव माघ २४ गते हुन गईरहेको छ । अहिलेको व्यवस्था अनुसार प्रत्येक प्रदेशबाट ८ सिट निर्धारण गरेको छ । जनसंख्या अनुपातमा जादाँ कुनै पनि प्रदेशको प्रतिनिधित्व गर्न न्यायीक हुन्छ । उदाहरण भन्न चाहाँन्छु । कुनै प्रदेशमा १० लाख छ । कुनै प्रदेशमा २० लाख छ र २५ लाख छ । यो विभेद हो । हामी चाहाँन्छौ २५ लाख छ भने २५ लाख जस्तै प्रतिनिधित्व होस् र कम जनसंख्या हो भने कम सिट संख्या निर्धारीत होस यसमा हामी संशोधन चाहान्छौ । सम्माननीय सभामुख महोदय, प्रदेश सीमाङ्कनको सन्दर्भमा अहिलेको प्रदेश संरचना वैज्ञानिक आधारमा सीमाङ्कन नगरी राजनीतिक उद्देश्य अनुरुप संरचना रहेकोमा हामी चाहान्छौ ऐतिहासीक भौगोलिक, सांस्कृतिक र भाषा नागरिकता राष्ट्रिय सभा निर्वाचन र सामथ्यका आधारमा तराईमा दूइ या दुई भन्दा तीन प्रदेश हामी चाहान्छौ । कञ्चनपुर देखि नवलपरासी किन यो हाम्रो थारु भू-भाग हो । हाम्रो थारु भू-भाग नछुटोस

हाम्रो माग छ । यो चाही हाउसले संविधान संशोधनका लागि केन्द्रीय सरकारसँग जोडदार माग गरोस् । अन्त्यमा आजको ऐतिहासिक अधिवेशनको म उत्तरोत्रर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु र हाम्रो राष्ट्रिय जनता पार्टिको तर्फबाट धन्यवाद ।

(प्रतिनिधित्व गर्ने सवै दलका प्रतिनिधिलाई बोल्न दिइसकेपछि)

माननीय सदस्यहरु, प्रदेश सभाका बैठक संचालन गर्न, बैठकमा सुव्यवस्था कायम गर्न, आवश्यक समितिहरु गठन गर्न र अन्य काम कारवाहीहरु नियमित एवं प्रभावकारी वनाउन प्रदेश सभा नियमावली बनाउनु आवश्यक हुन्छ । तर सभाले प्रदेश सभा नियमावली नवनाएसम्मको लागि प्रदेश सभा सञ्चालन गर्न प्रदेश नं. ७ प्रदेश सभा सञ्चालन अन्तरिम कार्यविधि, २०७४ प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको परामर्शमा तयार गरिएको यो कार्यविधि निर्णयार्थ प्रस्तुत गर्दछु ।
अव प्रदेश सभा कार्यसञ्चालन अन्तरिम कार्यविधि २०७४ लाई पारित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस ।

(हुन्छ भनीसकेपछि)

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस ।

(हुन्न भनीसकेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश नं. ७ प्रदेश सभा सञ्चालन अन्तरिम कार्यविधि,२०७४ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरु अव म प्रदेश सभा कार्य संचालन अन्तरिम कार्यविधि, २०७४ को दफा ५ को उपदफा ३ बमोजिम सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठक संचालन गर्न निम्नलिखित ५ जना माननीय सदस्यहरु मनोनयन गरेको छु । उक्त मनोनयनलाई सहमति जनाइदिनु हुन अनुरोध गर्दछु ।

१) माननीय श्री माया भट्ट

२) माननीय श्री देवराज पाठक

३) माननीय श्री वीरमान चौधरी

४) माननीय श्री पूर्णा जोशी

५) माननीय श्री कृष्णबहादुर चौधरी

(सभाले अनुमोदन गरिसकेपछि)

माननीय सदस्यहरु, उक्त मनोनयनलाई सभाले सहमति जनाएको घोषणा गर्दछु ।
माननीय सदस्यहरु, नेपालको संबिधानको धारा १८२ को उपधारा (१) तथा प्रदेश सभा सञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा (६) को उपदफा (१) बमोजिम प्रदेशसभाको सभामुखको निर्वाचनको लागि यही २०७४ माघ २९ गते  सोमवार दिनको १:०० बजेको समय तोकेको छु । साथै उक्त कार्यविधि बमोजिम प्रदेश सभाका सचिव श्री मुरारी महतलाई प्रदेश सभाको सभामुखको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गर्न निर्देशन दिन्छु ।

(जानकारी गराईसकेपछि)

अब यो बैठक २०७४ साल माघ २९ गते सोमबार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

**प्रदेश नं. ७ प्रदेश सभा**

**२०७४/१०/२९**

**(दोस्रो बैठक)**

**बैठक सुरु अपरान्ह १.३५ बजे**

माननीय सदस्यहरु, प्रदेश नं. ७ को प्रदेश सभाको पहिलो अधिवेशनको दोस्रो दिनको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, यस प्रदेश सभाको सभामुखको निर्वाचनको लागि सचिवालयले प्रकाशित गरेको निर्वाचन कार्यक्रमको निर्धारित समयभित्र "यस सभाका माननीय सदस्य श्री अर्जुन बहादुर थापालाई प्रदेश नम्वर ७ को प्रदेश सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भनि एउटा मात्र प्रस्ताव पेश हुन आएको व्यहोरा जानकारी गराउँदछु ।

अव म माननीय श्री दीर्घ बहादुर सोडारीलाई "यस सभाका माननीय सदस्य श्री अर्जुन बहादुर थापालाई प्रदेश नम्वर ७ को प्रदेश सभाको सभामुख पदमा निर्वाचित गरियोस्" भनी दर्ता गराउनु भएको प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय दीर्घ बहादुर सोडारीः-** माननीय सभामुख महोदय, हामी ऐतिहासिक संविधानसभा बाट बनेको संविधानको कार्यान्वयनको तहमा छौ प्रदेशको कार्यान्वयनको पहिलो दिनको मिटिङ्ग अस्ति सम्म सम्पन्न गरी सकेका छौ आज खास गरी नेपालको इतिहास र संसारभरीका इतिहासलाई अगाढी बढाएर हेर्ने हो भने खास गरी हामीले अगालीरहेको संघात्मक शासन प्रणालीको पहिलो खुड्किलैमा हामी अगाडी बढीरहेका छौं । आदरणिय सभामुख मोहदय, माननीय सभामुखज्यू, हामी यहाँ पुग्नका निम्ति खास गरी नेपाली समाजमा खासगरी एकात्मक शासन प्रणालीबाट अगाडी बढ्दै गई रहेका थियौ । एकिकृत शासन व्यवस्थामा अगाडि बढ्दै थियौ । यो अवस्थामा आइपुग्नका निम्ती हामीले धेरै आन्दोलनहरु अभियानहरु संघर्षहरु धेरै बलिदानका बावजुत नेपाली जनताले यो धनगढी नै किननहोस् भिमदत्त नगरपालिका किन नहोस दिपायल किन नहोस् अब धेरै कुरा उठिसकेका पनि छन् । धेरै मान्छेहरुले रगत बगाएर बलिदान दिएर संघर्ष दिएर हामी यो अवस्थामा प्रदेशको सभा र यसको सभाको नेतृत्व र अब, सञ्चालनका निम्ति अगाडी बढिरहेका छौं । यो हामी नयाँ अभ्यासमा छौ । खास गरी यो सत्ता पक्ष प्रतिपक्ष र जुन तरिकाले हामी औपचारिकता दिन गइरहेका छौ । खास गरी यो बेलायती मोडेलको संसदिय शासन प्रणालीलाई अपनाउदै केन्द्रमा पनि प्रदेशमा पनि खास गरी हाम्रो आखाँबाटै हामीले नया ढंगले स्थानीय तहमा पनि निर्वाचन गरी सकेका छौं । त्यसैकारणले यो इतिहासका लागि धेरै परिवर्तन गर्नकालागि जस-जसले योगदान गर्नु भयो । जति सहिद हुनभयो, जति बलिदान हुनु भयो ज-जसले आन्दोलनको अगुवाइ गर्नु भयो आन्दोलनमा व्यपत्ता हुन भयो । धेरै महानुभावहरुको योगदान छ । उहाहरु प्रति म स्मरण गर्न चाँहान्छु । हादरणीय सभामुख महोदय म यो बेला सबै वीर वीरङ्गनाहरु सम्भदै र यो संघात्मक शासन प्रणालीको सुरुवातमा सुरुवातको चरणमा खासगरी हामी सात नं. प्रदेशमा धनगढीबाट हिजोको सुदूरपश्चिम आजको हाम्रो ७ नंम्बर प्रदेश हामीले ७ नम्बर प्रदेश होइन हाम्रो सम्बद्धता छ हाम्रो प्रतिवद्धता छ । हामीले यस लाई यसलाई १ नम्बर प्रदेशमा रुपान्तरण गर्नु पर्दछ । विकास र समृद्धिका बाटोबाट हामी त्रिपन्न जना यो प्रदेशका आदणिय मतदाता आदरणिय जनसमुदायहरुले हामीलाई यहाँको खासगरी प्रदेशको नीति र नेतृत्व निर्माणका लागि हामीलाई जिम्मेवारी दिएर पठाएका छन् । र हामी भन्दा बाहेक धेरै जनताहर खास गरी २५ लाख भन्दा धेरै जनताले हामीलाई हाम्रो प्रदेशका प्रत्येक्ष सहयोग गरेका छन् । नेपालका भण्डै ३ करोड जनता यसै गरी संसारका मानिसहरुले हामीलाई हेरिरहेका छन् । हामीले यो सबैलाई सफलता पूर्वक सम्पन्न गर्नका निम्ति र सभामुख जस्तो एउटा गरिमामय पद जसको छुट्टै गरिमा छ । खास गरी कार्यकारी अधिकार मन्त्रिपरिषद, मुख्यमन्त्री, केन्द्रमा प्रधानमन्त्रीले हामीले जुन ढङ्गले संविधानमा व्यवस्था गरेका छौं । खास गरी संसदीय सिस्टममा सभामुख सबैभन्दा गरिमामय पद हो । हामी सबैको अभिभावक हो । हामी सबैले त्यस्तो सभामुख र त्यस्तो नेतृत्व बनाउनु पर्ने छ । जसको कारणले संसार भरिका यो मोडेल यो सिस्टमलाई सबै भन्दा अगाडि बढाउने । त्यो पद त्यो महत्वपूर्ण पद मानिन्छ जस्को तर्फबाट हामीले नेकपा (एमाले) को लामो समय राजनीति गरिरहनु भएका २०१२ साल १२ महिना २५ गते जन्मनु भएका माननीय अर्जुन बहादुर थापा बभाङ्गमा जन्मनु भयो र विद्यार्थी राजनीति गर्दै शिक्षक पेशा गर्दै

शिक्षक संगठनको आन्दोलनको नेतृत्व गर्दै जिल्लाको नेतृत्व गर्दै, केन्द्रको नेतृत्व गर्दै बुद्धिजिवीको नेतृत्व गर्दै नेकपा (एमाले) को पार्टी सदस्य, जिल्लाको सदस्य, सचिव र पार्टीको अध्यक्ष निर्वाह गरेर खास गरी हामी युवा पुस्ता पनि छौं खास गरी युवा पुस्ता भनेको ४० वर्ष मुनिको मानिन्छ । ६० वर्ष भन्दा माथिका लागि खास गरी परिपक्व नेतृत्व मानिन्छ । त्यो पनि पार गरिसक्नु भएका माननीय अर्जुन बहादुर थापा आदरणीय सभामुख महोदय हामीले नेकपा (एमाले) का हामी प्रदेशका सदस्यहरु मात्र होइन समन्वय नेकपा माओवादी केन्द्र तथा हाम्रो गठवन्धनको साझा पार्टी छदै छ । र सबै भन्दा अघि माननीय सभामुख महोदयको मुखारविन्दुबाट गईसकेको छ । एक मात्र प्रस्ताव पेस हुने भएको कारणले नेपाली कांग्रेस जो आफ्नै इतिहास रहेको पार्टी राष्ट्रिय जनता पार्टीको पनि यो सदनमा उपस्थिति हुनु हुन्छ । उहाँहरुको तर्फबाट पनि कुनै पनि उम्मेदवारी परेन त्यसो भएको कारणले यो पदको गरिमाको महत्व र खास गरी हाम्रो संसदीय सिस्टममा एक आपसमा परामर्श, सहकार्यका माध्यमबाट अगाडि बढ्नु पर्ने हामो अहिलेको दायीत्व खास गरी हामीलाई हाम्रा जनताहरुले ७ नम्बर प्रदेशलाई समृद्ध ७ नम्बर प्रदेश बनाउने पर्यटन, कृषि सबै क्षेत्रबाट समृद्ध बनाउने सपनाका साथ खास गरी नेपाली कांग्रेस राष्ट्रिय जनता पार्टीहरुको तर्फबाट पनि कुनै उम्मेदवारी नपरेको कारणले सुन्नमा आएको त्यसो भएका कारणले एक मात्रै नामको तर्पबाट मैले हाम्रो संविधानमा व्यवस्था गरे अनुसार हाम्रो प्रदेश नं. ७ जो सुन्दुर र समृद्ध प्रदेश र तेस्रो पनि सभाको नेतृत्व सभामुख जस्तो गरिमामय पद जो चाँही तटस्थ, परिपक्व र सबैलाई मिलाउन सक्ने व्यक्तित्वका हिसावले पनि छानेर यो सभाका माननीय सदस्य श्री अर्जुन बहादुर थापालाई नेपालको संविधान धारा १८२ एवम् प्रदेश सभा ७ को प्रदेश सभा कार्य सञ्चालन आन्तरिक कार्यविधी, २०७४ को दफला ६ बमोजिम प्रदेश सभा ७ को प्रदेश सभाको सभामुख पदमा निर्वाचित गरियोस भनी सर्वसम्मत्तीबाट निर्वाचित गरियोस भनी यो प्रस्ताव यो प्रदेश सभाको हलमा प्रस्ताव पेस गर्द छु । धन्यवाद

(प्रस्ताव प्रस्तुत गरिसकेपछि)

अव म माननीय श्री त्रिलोचन भट्टलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय त्रिलोचन भट्टः-** माननीय सभामुख महोदय, हाम्रो राष्ट्रमा हामी पहिलो चोटी संघीय व्यवस्थामा गइरहेको छौं र संघीय व्यवस्थाको सुरुवाती चरणमा हामी छौं र हाम्रो लागि यो नौलो अभ्यास नौंलो परिवेश जस्तो अभ्यास हामी गर्न गइराखेका छौं र त्यही अन्तर्गत हाम्रो देशमा विभिन्न समयमा विभिन्न प्रकृयागतरुपबाट भएका संघर्ष, क्रान्ती, आन्दोलनबाट प्राप्त जनसंविधान जो जनताले चुनेका प्रतिनिधिबाट बनेको संविधान र त्यो संविधानमा जताका अधिकारहरु सिंहदरवारको अधिकारहरु गाउँमा पऱ्याउने कुरा जनताको घरदैलोमा पुऱ्याउने कुरा र संघीय व्यवस्थालाई लागु गर्ने कुरा र अहीले हाम्रो राष्ट्रमा नेपालमा ७ वटा प्रदेशको रुपबाट संघिय प्रदेशहरु निर्माण भएका छन् र त्यसको प्रक्रियामा हामी अगाडि बढेका छौं र यो हाम्रो लागि एउटा ऐतिहासिक घडी हो । ऐतिहासिक क्षेण हो । र भोलि आउने भविष्यको लागि हामीले कस्तो जग बसाल्छौ कस्तो प्रकृया अपनाउछौ र कुन प्रकारको विधी कस्तो सिस्टम बनाएर आगाडि बढ्छौ भन्ने कुरा हाम्रो काधमा आएकोले आज हामी त्यो प्रक्रियामाको पहिलो खुट्किलोमा हामी अगाडी बढिरहेका छौं । र त्यस कारणले यो व्यवस्थामा एउटा नयाँ तरिकाले अगाडि बढाउने कुरा सहमती सहकार्यबाट अगाडि बढाउने कुरा हामीले देखेका छौं पछिल्ला वर्षहरुमा हाम्रो देशमा नेपालमा सहकार्य सहमतीको रुपबाट चाहे त्यो संविधान निर्माण गर्ने कुरा होस् चाहे त्यो संविधान सभाको निर्वाचन गर्ने कुरा होस् चाहे त्यो जनताका ठूला ठूला समस्यालाई हल गर्ने कुरा होस् यि सबै कुरालाई सहमती र सहकार्यकोरुपबाट अगाडि बढेको कुरा हामी सबैलाई सहमती र सहकार्यबाट अगाडि बढेको कुरा हामी सबैलाई थाहाँ नै छ यस कारणले आज हाम्रो ७ नम्बर प्रदेशको सभामुख जस्तो एउटा गरिमामय पदको निर्वाचन हुन गईराखेको छ । यो आफैमा हाम्रो लागि गर्वको विषय पनि हो र एउटा हाम्रो लागि ऐतिहासिक विषय पनि हो । र यो विषयलाई हामीले वास्तवमा सहकार्य, सहमती र यो ७ नम्बर प्रदेशलाई नमुना प्रदेश बनाउनको लागि सबै दृष्टिकोणले आर्थिक दृष्टिकोणले, सामाजिक दृष्टिकोणले पहिचानको दृष्टिकोणले सबै दृष्टिकोणले यसलाई साझा बनाउनको लागि हिमाल, पहाड, तराईलाई भावनात्मकरुपमा जोडेर एक ठाउमा ल्याएर ७ नम्बर प्रदेशलाई वास्तवमा नेपालको एउटा नमुना प्रदेशकोरुपमा बनाउनको लागि हामी यो पहिलो प्रक्रियामा अगाडि बढेका छौ । र हामीलाई खुसी छ र आज हामीले सुन्न पायौ कि सर्वसम्मत्तीरुपबाट जो प्रस्ताव अगाडि बढेको छ र यो भनेको मलाई लाग्छ ७ नम्बर प्रदेशको लागि एउटा राम्रो कुरा हो । र यो एउटा नयाँ कुराको सन्देश पनि हो । जो आम ७ नम्बर प्रदेशका जनताको बीचमा कि हामी जो जनताबाट चुनिएर आएका प्रतिनिधिहरु छौं बास्तवमा हामीले यसरी नै यहाँको सत्ता साशनञ्चालन व्यवस्था र यहाँका विकासका कुराहरु र यहाँका समग्र विषयलाई

साझारुपबाट पार्टी भन्दा माथि उठेर सार्वजनिक रुपबाट जानसक्यौ मलाई लाग्छ ७ नम्बर प्रदेश एउटा नमुना प्रदेश बनाउन हामी सफल हुन्छौं । र भोलि आउने सन्ततीहरुलाई भोलि आउने भविष्यलाई पनि हामीले उज्वल वनाउन सक्छौं । र नयाँ जग बनाउन सक्छौं र नया सिस्टम विधिलाई अगाडि बढाउन सक्छौ भन्ने कुरा लाग्छ त्यसकारणले आज जसरी माननीय सभामुख महोदयको अनुमती बाट यो प्रक्रियालाई अगाडि बढाउनको लागि माननीय दिर्घ बहादुर सोडारीले यस सभामा राखेको माननीय सदस्य श्री अर्जुन बहादुर थापालाई प्रदेश सभा प्रदेश नं. ७ को प्रदेश सभाको सभामुख पदमा निर्वाचित गरियोस् भनी राख्नु भएको प्रस्तावको म समर्थन गर्दछु । धन्यवाद

(समर्थन गरिसकेपछि)

माननीय सदस्यहरु, प्रदेश नम्बर ७ को प्रदेश सभाको सभामुख पदको लागि माननीय श्री अर्जुन बहादुर थापालाई निर्वाचित गरियोस् भनि एउटा मात्र प्रस्ताव प्राप्त हुन आएकोले प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा ६ को उपदफा (३) वमोजिम माननीय श्री अर्जुन बहादुर थापा प्रदेश नम्बर ७ को प्रदेश सभाको सभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्दछु ।
माननीय सदस्यहरु, यस प्रदेश सभाको सभामुख पदमा माननीय श्री अर्जुन बहादुर थापा निर्विरोध निर्वाचित हुनु भएकोमा म निर्वाचित माननीयलाई सफल कार्यकालको हार्दिक शुभकामना सहित वधाई दिन चाहन्छु ।
माननीय सदस्यहरु, नेपालको संबिधानको धारा १८२ को उपधारा (१) तथा प्रदेश सभा सञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा (७) को उपदफा (१) बमोजिम प्रदेश सभाको उपसभामुखको निर्वाचनको लागि यही २०७४ फागुन ६ गते आइतवार दिनको १:०० बजेको समय तोकेको छु । साथै उक्त कार्यविधि बमोजिम प्रदेश सभाका सचिव श्री मुरारी महतलाई प्रदेश सभाको उपसभामुखको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गर्न निर्देशन दिन्छु ।

(जानकारी गराईसकेपछि)

अव यो बैठक २०७४ साल फागुन ६ गते आइतवार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

**प्रदेश नं. ७ प्रदेश सभा**

**२०७४/११/०६**

**(तेस्रो बैठक)**

**बैठक प्रारम्भ दिनको १.०५ बजे**

माननीय सदस्यहरु, प्रदेश नं. ७ को प्रदेश सभाको पहिलो अधिवेशनको तेस्रो दिनको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय प्रदेश प्रमुखबाट प्रदेश नम्बर ७ को मन्त्रिपरिषद् गठन सम्बन्धी पत्र प्राप्त हुन आएको छ, सो पत्रको व्यहोरा पढेर सुनाउँछु ।

मितिः- २०७४/११/०५

प्रदेश सरकार,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

प्रदेश नं. ७, धनगढी-कैलाली, नेपाल ।

नेपालको संविधानको धारा १६८ को उपधारा ९ वा धारा १७० को उपधारा १ वमोजिम प्रदेश नं. ७ को मन्त्रिपरिषद् देहाय अनुसार रहने गरी गठन गरेको छु ।

| क.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १ | माननीय त्रिलोचन भट्ट | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | माननीय प्रकाश बहादुर शाह | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | माननीय दिर्घ सोडारी | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ४ | माननीय पठान सिंह बोहरा | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ५ | माननीय झपट बहादुर बोहरा | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ६ | माननीय माया भट्ट | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ७ | माननीय विनिता चौधरी | मन्त्री | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

मोहनराज मल्ल
प्रदेश प्रमुख

(पत्र पढेर सुनाईसकेपछि)

माननीय सदस्यहरु, यस प्रदेश सभाको उपसभामुखको निर्वाचनको लागि सचिवालयले प्रकाशित गरेको निर्वाचन कार्यक्रमको निर्धारित समयभित्र "यस सभाका माननीय सदस्य श्री निर्मला वडाल (जोशी) लाई प्रदेश नम्बर ७ को प्रदेश सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्" भनि एउटा मात्र प्रस्ताव पेश हुन आएको व्यहोरा जानकारी गराउँदछु ।

अव म माननीय श्री झपट बहादुर बोहरालाई “यस सभाका माननीय सदस्य श्री निर्मला वडाल (जोशी) लाई प्रदेश नम्वर ७ को प्रदेश सभाको उपसभामुख पदमा निर्वाचित गरियोस्” भनी दर्ता गराउनु भएको प्रस्ताव यस सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सदस्यहरु, माननीय श्री झपट बहादुर बोहरा उपस्थित नहुनु भएकोले माननीय श्री अक्कल बहादुर रावललाई उक्त प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**अक्कल बहादुर रावलः-** सम्पूर्ण माननीय सांसदज्यूहरु हामी संघियताको कार्यान्वयन सँगसँगै हामी प्रदेश सभा निर्माण गन अगाडि बढिरहेका छौं । यसै सन्दर्भमा सभामुखको चयन अथवा उपसभामुखको चयन यसै सिलसिलामा आज हामी आजको कार्यसूची अन्तर्गत उप-सभामुखको निर्वाचन गर्ने जुन कार्यसूची रहेको छ । यसमा म उपसभामुखको पदको निम्ति माननीय श्री निर्मला बडाल (जोशी) उपसभामुख पदमा निर्वाचि गरियोस भन्ने प्रस्तावम पेस गर्दछु । धन्यवाद, नमस्कार

(प्रस्ताव प्रस्तुत गरिसकेपछि)

अव म माननीय श्री तारा लामा तामाङ्गलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।
**माननीय तारा लामा तामाङ्गः-** माननीय सभामुख महोदय, म यो प्रदेश सभाको हलमा हामी संघियता कार्यान्वयनको चरणको सिलसिलामा आज हाम्रो प्रदेश सभाको सभामुख पदको उपसभामुख पदको घोषणा गर्ने सन्दर्भमा नेपालको संविधानको धारा १८२ एवमं प्रदेश नं. ७ को प्रदेश सभाको कार्यसञ्चालन अन्तरिम कार्यविधि २०७४ को दफा ६ बमोजिम प्रदेश नं. ७ को प्रदेश सभाको उपसभामुख पदमा माननीय निर्मला बडाल (जोशी) लाई निर्वाचित गरियोस भनी माननीय अक्कल रावलज्यूको प्रस्तावको म समर्थन गर्दछु । र यो समर्थनले र यो समर्थन सँगसँगै उपसभामुखको निर्विरोध निर्वाचन भए पछि यसको गरिमा बढ्ने छ र संविधानको कार्यान्वयनको सिलसिलामा हाम्रो यो प्रदेश नं. ७ मा जुन सिलसिलामा भएको मन्त्री परिषदको गठन भएको छ माननीय सभामुख मार्फत म मन्त्रिपरिषद्लाई बधाइ दिन चाहाँन्छु र यो प्रदेश सभाले यो प्रदेशको नं. ७ को सबै जनताको इच्छा आकांक्षा बमोजिमको कानूनहरु तर्जुमा गर्न सभामुख मार्फत उपसभामुखले महत्वपूर्ण भुमिका खेल्लने कुरा म विश्वास गर्छु । धन्यवाद ।

(समर्थन गरिसकेपछि)

माननीय सदस्यहरु, प्रदेश नम्बर ७ को प्रदेश सभाको उपसभामुख पदको लागि माननीय श्री निर्मला बडाल ( जोशी) लाई निर्वाचित गरियोस् भनि एउटा मात्र प्रस्ताव प्राप्त हुन आएकोले प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा ७ को उपदफा (२) ले गरेको व्यवस्था वमोजिम माननीय श्री निर्मला वडाल (जोशी) प्रदेश नम्बर ७ को प्रदेश सभाको उपसभामुख पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्दछु ।
माननीय सदस्यहरु, यस प्रदेश सभाको उपसभामुख पदमा माननीय श्री निर्मला वडाल (जोशी) निर्विरोध निर्वाचित हुनु भएकोमा म निर्वाचित माननीयलाई सफल कार्यकालको हार्दिक शुभकामना सहित वधाई दिन चाहन्छु ।
अव यो बैठक अर्को सूचना प्रकाशित नभएसम्मको लागि स्थगित हुन्छ ।

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/११/२०**
**(चौथो बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिउसो २:०६ बजे**

मा० सदस्यहरु,
यस सभाको चौथो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरु,
अब विशेष समय शुरु हुन्छ ।

विशेष समयमा बोल्नुहुने माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम मा० लाल बहादुर खड्कालाई समय दिन्छु ।

**माननीय लाल बहादुर खड्का:-** माननीय सभामुख महोदय, नेपाली जनताको लामो बलिदानी पूर्ण संघर्ष पश्चात प्राप्त लोकतान्त्रीक संघीय गणतन्त्रात्मक नेपालको संविधान जारी भइसके पछि त्यो संविधानलाई कार्यान्वयनको तहमा हामी  छौं । र यति वेला संविधान कार्यानवयनको तहमा अगाडि बढिरहदा हामीले सबै तीनै तहको निर्वाचन सम्पन्न गरेका छौं । र प्रदेश सरकारलाई सबल, सक्षम बनाउन भन्दा पनि अहिले प्रदेश नामाकरणका नाममा प्रदेश सरकार प्रदेश सभा र प्रदेश सभासँग सम्बन्धित माननीयज्यूहरुको जुनखालको मर्यादा क्रम छ र अन्य सुविधाका कुरा गरिएका छन् । यसमा यो सरकारको मुल ध्यानाकृष्ट होस् । भन्ने म माननीय सभामुख मार्फत अनुरोध गर्न चाहाँन्छु । यसै गरी कर्मचारी समायोजनका नाममा अहिले पनि केही प्रदेशका सरकारका र त्योसँगै स्थानीय तहका सरकारलाई अहिले पनि कर्मचारी दिन सकिरहेको अवस्था एका तिर छैन् । उहासँग प्रयाप्त कर्मचारीहरु छैनन् । विगतमा स्थानीय विकास मन्त्रालयले एउटा पेश गऱ्यो जस्ले ७/८ प्रतिशत पनि पूर्ती हुन सकेन भने अर्को तिर त्यहाँ भएका कर्मचारीलाई पनि काम गर्ने सिजनमा उनलाई प्रयोग नगरी संरक्षण गर्ने काम भएको छ । त्यसलाई तत्काल रोक्न हार्दिक अनुरोध गर्न चहाँन्छु । कञ्चनपुर जिल्ला शुक्लाफाँटासँग जोडिएको र त्यो मध्वेर्ती क्षेत्रमा अहिले पनि हात्तीले दुधुवा नेश्नल पार्कका हात्तीहरुले आतंक मच्चाएका छन् । खेती नष्ट गरेका छन् । घरहरु भत्काएका छन् । यसमा तीनै तहका सरकारहरुको गम्भीर ध्यानाकर्षण गर्न चाहाँन्छु । र साथै अहिले दैजी वेल्डाडी सडक कञ्चनपुरको बेलौरी सडक र दैजी जोडबुढा सडक ठेकेदारको लापर्बाहीका कारण ति सडकहरुले जनतालाई दुःख दिएको छ । सडक उध्रेयीएका छन् धुलो उडेको छ । ठेकेदारहरुले काम नगरी रहेको अवस्था छ । त्यसमा गम्भीर ध्यान जाओ भन्ने म तीनै तहका सरकारहरुसँग हार्दिक अनुरोध गर्न चाहान्छु । र त्यसै गरी महाकाली सिचाइँको तेस्रो चरणको काम भइरहेको छ । ५० औं वर्ष देखि बसोबास गर्दै आएका मान्छेको जग्गा नाम नक्सा भएको छ । तर उनिहरुले जग्गा धनी प्रमाण पूर्जा नपाएका मान्छेहरु अहिले सबैको उठिवास भएको अवस्था छ । राज्यले कुनै खालको मुआब्जा, सहुलियत दिन सकेको छैन । त्यसमा पनि छाक बास उठि बास भएकाहरुको हरुको उचित व्यवस्था होस भन्दै आफ्ना भनाई यही टुङ्गयाउछु ।

**माननीय देवकी मल्ल:-** माननीय सभामुख महोदय, एकात्मक राज्य प्रणालीको अन्त्य पछि हामी संघीय प्रणालीमा संघीय संरचनामा प्रवेश गरिरहेका छौं । यो संघीय संरचना आफैमा नवजात शिशु भएको कारण यसको पालन पोषण, व्यवस्थापन सही तरिकाले भयो भने यो वलबान हुने छ । र यसको पालनपोषण हुन सकेन भने दायाँ बायाँ तरिकाले चलाउन खोज्यो भने आफैमा ....... हुने छ । यो च्यालेन्ज यो प्रदेश सभामा छ । माननीय सभामुख महोदय, अर्को विकास निर्माणका कुराहरु समृद्धि समृद्ध बनाउन सवाल छ विकास गर्ने सवाल छ । आफ्नै च्यालेन्ज छन् हाम्रा आर्थिक आधारहरु के-के हुन म ७ नम्बर प्रदेशबाट आर्थिक क्रान्ती कसरी हुन्छ भन्ने कुरा त्यस विषयमा बैज्ञानिक तरिकाले गयनौ बुझ्नु हुदैन । बझाङ्गको ताक्लाकोटको बाटो खुटिया दिपायल, चैनपुर हुदै ताक्लाकोटको सीमा सम्मको सडक बाटो छिटो निर्माण गर्ने कुरा चमेलिया  जलविद्युत बनेको छ यसलाई ७ नम्बर प्रदेशलाई प्रायोरिटी दिने कुराहरु स्वास्थ्यका क्षेत्रमा र प्रदेश नं. ७ मा विश्वविद्यालय स्थापना गर्ने कुराहरु र विकास निर्माण कुराहरु छन् । महिलाका सवाहरु अझै यहाका जात जाति र विभिन्न वर्गका कुराहरुमा विशेष

तरिकाले ध्यान दिनु पर्ने र विशेष कार्यक्रम बनाउनु पर्ने छ । सभामुख महोदय यो विकासका लागि सबैले दाया बाया होइन अन्तर आत्माबाट सबैले उपल्लो समाजले लड्नुहोस, खट्नुहोस, भिड्नु जरुरी छ । चिन्ता भावका साथ आफ्नै गरी यो संघीयतालाई साच्चिकै सघीयता नयाँ जन समृद्धिका लागि हामीले सबै अगाडि बढ्न सक्यौ भने राम्रो हुने छ । धन्यवाद ।

**माननीय भरत बहादुर खड्का:-** सभामुख महोदय, बिगत ३ महिना देखि राजधानीको वारेमा दिपालयमा संघर्ष जारी छ । अव समय बदलिएको प्रदेश सरकारको निर्माण भएको छ । प्रदेश सरकारलाई यो जानकारी छ कि छैन् । तर ति आन्दोलनमा बसेका व्यक्तिहरुलाई अविलम्ब प्रदेश सरकारले बार्तामा बोलाउन म माग गर्न चाहान्छु । साथै पाँचौ विकासक्षेत्रको सदरमुकामको रुपमा दिपायल सबैलाई थाहाँ छ । ती ९ जिल्लको सदरमुकाम हो हामीले निर्णयमा पुगौ । हामीले सन्तुलन हामीले त्यो निर्णयमा पुगौ मलाई लाग्छ । हामीसँग ७ वटा पहाडी र २ ओटा तराईका जिल्ला छन् । ति पहाडका जिल्लालाई पनि हामीले कसरी सन्तुलनमा ल्याउने र तराईका जिल्लालाई कसरी सन्तुलनमा राखेर यहाँको विकास गर्ने भन्ने वारेमा हामीले सोच्नु पर्छ । त्यसैले दिपायल सेन्टर भएको कारणले राजधानी दिपायलमा राख्दा पहाडमा ओर्लिन मानिसहरुको पनि बस्ती सन्तुलन हुन सक्छ । र तराईमा सर्ने पनि यसले घटाउन सक्छ । र विकासका हिसावले पनि सन्तुलन हुन सक्छ । त्यसैले सभामुख मार्फत म सम्मानित सदनका माननीयज्यूहरुलाई सर्वसम्मत तरिकाले दिपाललाई राजधानीको रुपमा घोषित गर्ने निर्णय गरौं र नामावलीको वारेमा मैले दुइचार कुरा सोचेको छु । र यस वारेमा पनि हामी गहन छलफल गरौं र यो डोटी प्रदेशको रुपमा पहिला पनि राख्ने गरेकै हो । एउटा डोटी प्रदेश, खप्तड, सेतीमहाकाली, अपी सैपाल र अन्य पनि केही नामहरु सान्दर्भिक छन भने हामी गहनत छलफल गरौं किन भन्दा हामीले सुरुवात राम्रो व्यवस्था गर्न सक्यौ भने पछि पछि आउने जेनेरेसनलाई सहिबाटो बाट अडाडि बढाउन सक्छ । अर्को तिर शान्ति सुरक्षाको अवस्था यो सुदूरपश्चिमको खलबलीयको छ । म प्रदेश सरकारलाई भन्न चाहाँन्छु । पहिला सुशासन दिऊ हामी सबै मिलेर शान्ति अमन चयन कायम राखौं, आज कही हत्या हिंसा, चोरी, डगैतीहरु व्यापक भएको छ । त्यसैले गर्दाखेरी हरेक शान्तिको बाटोबाट हामीले जानु पर्‍यो । धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी:-** सान्दर्भिक सभामुख महोदय, यो देश नेपालमा हामी धेरै आन्दोलन भए यहा सम्म कि जनयुक्त भयो त्यसपछि एउटै कारण थियो यो देशमा सबै जातका सबै वर्गका सबै भूगोलका मानिसहरुलाई संविधानमा अपनत्व हुनको लागि प्रारम्भिक देखि लागि राखेका छौ नेपालमा अहिले पनि कता कता खास गरी कैलाली र कञ्चनपुरमा वस्ने थारु समुदायहरु लाई चाहिँ राजनीतिक हिसावले विभेद गरिएको छ यस राज्यले त्यसकारण हामी भरखरै यो सम्पन्न निर्वाचनमा यो कैलाली निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधी सभाका उम्मेदवार रेशमलाल चौधरीले अत्यधिक बहुमतले विजय हुनु भयो । अहिले सम्म अढाइ महिना जति हुदा करिब भइसक्यो । उहाँले प्रमाण पत्र पाइसक्नु भएको छैन् । र आज सफथत ग्रहणको कार्यक्रम हो । उहाको सफथ ग्रहणको लागि गृहकार्यको व्यवस्था मिलाइएको छैन । त्यसकाण सभामुख महोदय म यो प्रदेश नं. ७ बाट म अनुरोध गर्छु यदी यो देशमा विकास गर्नु छ शान्ति सुरक्षा गर्छौ समृद्धी गर्छौ भने भने सबै जातका मानिसलाई राजनीतिक मूलधारमा ल्याउनु जरुरी छ । हामीलाई जनसमुदायले मतदान गर्‍यो र त्यो मतदानको अपमान भएको छ । त्यो मतको अपमान गरिएको छ । त्यस कारण सभामुख महोदय म यस सम्मानित सदनमार्फत अनुरोध गर्न चाहाँन्छु । यथासिघ्र उहाँलाई प्रमाणपत्र दिने वातावरण मिलाइयोस् । अस्ति १४ गते एउटा न्यायलार्य सम्मान गरी अदालतको सम्मा गर्दै अदालतमा उपस्थित हुनु भयो । तर आज उहाँ विदेशमा पालिनु भयो । यसकारणले सभामु महोदय सम्मानित सदनमा म जोडदार रुपले माग गर्न चाहाँन्छु । यदि हामीले यो देशमा एकता चाहाँन्छौ, यो देशको समृद्धि चाहान्छौ, विकास गर्न चाहाँन्छौ भने सबै जातका मानिसलाई संयुक्त रुपमा लैजान सकेनौ भने भोलि फेरी यो देशमा हत्या हिंसा हुन्छ, मारकाट हुन्छ त्यस कारण सम्मानीत सभामुख महोदय यो देशमा हामी फेरी झगडा गर्न चहाँदैनौ, यो देशमा फेरी लडाइ झगडा गर्न चाहाँदैनौ यो देशलाई फेरी हामी बर्वाद गर्न चाहाँदैनौ, यथा सिघ्ररुपले यो प्रदेश नं. ७ ले यस विषयमा पहल गरियोस सम्मानीत सभामुख महोदय म यो माग राख्न चाहाँन्छु । साथसाथै यदि हामी यो माग गर्दा गर्दै पनि यदि यो ७ नम्बर प्रदेश यहाँको सरकारले यो विषयमा गम्भीरता पूर्वक ध्यान नदिदा यस विषयमा आवाज उठाएन भने हामी अर्को बैठक अबरुद्ध गर्ने छौ । यसकारण यसै सदन मार्फत यो कुरा जानकारी गराउन चाहाँन्छु । धन्यवाद ।

**माननीय नेपालु चौधरी:-** माननीय सभामुख महोदय यो सदन मार्फत वास्तवमा अहिले **नबुझिएको**

**माननीय मान बहादुर धामीः-** माननीय सभामुख महोदय एउटा लामो ऐतिहासिक प्रक्रिया पछि हाम्रो प्रदेश नं. ७ ले भरखरै प्ररदेश सरकार प्राप्त गरेको छ । सभामुख महोदय यो देशमा ठूलठूला क्रान्ती पश्चात केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरु अहिले चलिराखेको हामीले देखि राखेका छौं । सभामुख महोदय यो प्रक्रिया जसरी ७ नम्बर प्रदेशले जसरी आफ्नो गति प्राप्त गर्नु पर्थ्यो अझ पनि हामीले यो गति प्राप्त गर्न सकिराखेका छैनौ । त्यसकारण माननीय सभामुख महोदय यो देशमा यो प्रदेशमा जसरी विकास निर्माणको प्रक्रिया अगाडि बढाउनु पर्थ्यो प्रदेश सरकार र स्थानीय तहका सरकारहरुलाई क्रियाशील ढङ्गले अगाडि बढाउनको लागि हामीसँग कैयौं काम जटिलताहरु छन् । माननीय सभामुख महोदय मार्फ यो प्रदेश सञ्चालन गर्नको लागि चाँडो भन्दा चाँडो ऐन र कानूनहरु तर्जुमा गरेर यो प्रदेश यो सम्मानित हलमा पेस गर्नको लागि सभामुख महोदय मार्फत म अनुरोध गर्न चाहाँन्छु । सभामुख महोदय, हामी यो प्रक्रियामा आउदै गर्दा खेरी ७ नम्बर प्रदेशलाई समृद्ध बनाउने सपना हामीसँग हुँदा हुँदै केही विलम्बहरु हुन गइराखेका छन् । दार्चुला जिल्ला सभामुख महोदय मार्फत म अवगत गराउन चाहाँन्छु । त्यहाँको जनताहरुले आफ्ना अधिकारको सुरक्षण गर्नको लागि आवरण अन्सन बस्नु पर्ने बाध्यात्मक अवस्था हुन आयो । हाम्रो केन्द्रीय सरकार जव सम्म जनता आवरण अनसन बसेर मागहरु राख्दैनन् । तब सम्म कुरा नगर्ने बाध्यात्मक स्थिति हाम्रो सरकारको बीचमा देखिन गईराखेको छ । यसलाई चाडो भन्दा चाँडो हटाउनको लागि माननीय सभामुख मार्फत नेपाल सरकारलाई म अनुरोध गर्न चाहाँन्छु । त्यतीमात्र होइन माननीय सभामुख महोदय दार्चुला जिल्ला यस्तो जिल्ला हो । जहाँ सार्वजनिक महत्वको छ । हामीले उत्तरतिरका विशाल गतिमा दगुरीराखेको हाम्रो छिमेकी राष्ट्र छ पश्चिम तिर पनि त्यस्तै गतिमा गईराखेको छिमेकी राष्ट्रहरु छन् । तर बिकासको गति भएन भने हाम्रो जिल्लाले हाम्रा जनसमुदायहरुले पारिपट्टिको बिकासको गतिलाई हेरेर टुलु टुलु हरेर बस्नु पर्ने बाध्यात्मक अवस्था छ । वर्षौ देखि चालु भईराखेका प्रोजेक्टहरु आयोजनाहरु, सडकहरु अलपत्र परिराखेको अवस्था छ । त्यसकारणले सभामुख महोदय प्रदेश सरकारले चाँडो भन्दा चाँडो व्यवस्थिति गर्नको लागि विभिन्न कानूनहरु विधेयकहरु सभामुख महोदय मार्फत यो सदनमा पेस गर्नको लागि म अपिल गर्दछु । धन्यवाद

**माननीय रण बहादुर रावलः-** माननीय सभामुख महोदय, माननीयज्यूहरु हाम्रो वर्तमान अवस्थामा प्रदेश सभा सभा मार्फत भर्खरै सरकार गठन भएको छ । हामीले त्रिलोचन भट्टज्यूको सरकारलाई शुभकामना दिन चाँहान्छु । यसै सन्र्दभमा म टिकापुर क्षेत्रबाट यहाँहरुलाई अवगत नै होला माननीय सभामुख महोदय, विगत १७ गते देखि टिकापुर बन्द छ । राज्य सरकारको उपस्थिती न्यून देखिन्छ । यो सभाको ध्यानाकर्षण गराउन चाहाँन्छु । माननीय सभामुख महोदय यसलाई यथासिघ्र हत्यारालाई यथासिघ्र पक्रेर कार्वाही गरेर त्यहाँको पिडित…………………

विशेष समय यही समय समाप्त हुन्छ ।

(निर्वाचन आयोगबाट प्राप्त पत्र पढेर सुनाउने)

मा० सदस्यहरु,
निर्वाचन आयोगबाट राष्ट्रपति निर्वाचन सम्बन्धमा पत्र प्राप्त हुन आएको छ, सो पत्रको व्यहोरा म पढेर सुनाउँछु ।

मितिः- २०७४।११।१४

श्री प्रदेश सभा सचिवालय,

प्रदेश नं. १ मोरङ, प्रदेश नं. २, धनुषा, प्रदेश नं. ३ मकवानपुर, प्रदेश नं. ४ कास्की, प्रदेश नं. ५, रुपन्देही, प्रदेश नं. ६ सुर्खेत र प्रदेश नं. ७ कैलाली ।

उपर्युक्त सम्बन्धमा संवत् २०७४ साल फागुन २९ गने मंगलवारका दिन सम्पन्न हुने राष्ट्रपतिको निर्वाचको लागि निर्वाचन अधिकृतको कार्यालय र संघीय संसदका सदस्य तथा सातवटै प्रदेशका प्रदेश सभा सदस्यले मतदान गर्ने प्रयोजनको लागि मतदान केन्द्र समेत अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँवानेश्वर काठमाण्डौमा रहने निर्णय भएको छ । राष्ट्रपति निर्वाचनको लागि २०७४ साल फागुन २१ गते १३:०० बजे मतदाता नामावली प्रकाशन, ऐ २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता, ऐ २४ गते उम्मेदवारको अन्तिम नामावली

प्रकाशन गर्ने र २०७४ साल फागुन २९ गते मंगवार बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म मतदान सञ्चालन हुने समेतको निर्वाचन कार्यक्रम रहेको छ । उल्लिखित व्यहोरा तहाँ सचिवालय मार्फत माननीय सदस्यज्यूहरूलाई जानकारी गराइदिनुहुन निर्णयानुसार अनुरोध गर्दछु । निर्वाचन कार्यक्रम आयोगको वेवसाइट www.election.gov.np मा प्रकाशन गरिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

दिनेश कुमार घिमिरे

सहसचिव

बोर्धाथ तथा कार्यार्थ

श्री क्षेत्रीय निर्वाचन कार्यालय, काठमाण्डौः निर्वाचन अधिकृतको कार्यालय स्थापना समेतका विषयमा आवश्यक समन्वय गर्नुहुन ।

श्री क्षेत्रीय जिल्ला निर्वाचन कार्यालय, मोरङ, धनुषा, मकवानपुर, कास्की, रुपन्देही, सुर्खेत र कैलालीः- आवश्यक जानकारी एवम् समन्वयको लागि ।

(कार्यव्यवस्था परामर्श समिति गठन)

मा० सदस्यहरु,
प्रदेश सभाको अन्तरिम कार्यविधिको दफा १५ बमोजिम सभाका बैठकमा पेश हुने विषयहरुको प्राथमिकता, समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढंगले संचालन गर्ने प्रयोजनको लागि र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्शको निम्ती गठन गरिने कार्यव्यवस्था परामर्श समितिमा निम्नलिखित मा० सदस्यहरुलाई मनोनयन गरेको छुः

(क) मा० तारा लामा तामााङ्ग (ख) मा० कृष्णराज सुवेदी (ग) मा० अर्चना गहतराज

(घ) मा० अक्कल बहादुर रावल (ङ) मा० विरभान चौधरी (च) मा० भरत बहादुर खड्का

(छ) मा० रण बहादुर रावल (ज) मा० मालामती कुमारी राना

मा० सदस्यहरु,

उक्त नामावलीलाई सहमति जनाइदिनु हुन अनुरोध गर्दछु ।

(सहमति जनाइसकेपछि)

उक्त नामहरुलाई सभाले सहमति जनाएको घोषणा गर्दछु ।

(नियमावली मस्यौदा समिति गठन)

मा० सदस्यहरु अब म मा० तारा लामा तामाङ्ग लाई प्रदेश सभा नियमावली मस्यौदा समिति गठन गरियोस्" भनी समितिमा रहनुहुने मा० सदस्यहरुको नामावली सहितको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**मानीय तारा लामा तामाङ्गः-** माननीय सभामुखज्यू, हामीले यो प्रदेश सभा सञ्चालनको लागि हाम्रो पहिलेको बैठकले अन्तरिम नियमावली अनुसार प्रदेश सभा सञ्चालन भई राखेकोमा अब, यो प्रदेश सभालाई सञ्चालन गर्न व्यवस्थित गर्न म नेपालको संविधानको धारा १९४ बमोजिम प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, र समितिहरुको कामकार्बाही र अन्य कुरा नियमित गर्नको लागि प्रदेश सभा नियमावलीको मस्यौदा गरि लागु गर्न उपयुक्त देखिएकोले .............

(प्रस्ताव प्रस्तुत गरिसकेपछि)

अव म मा० टेक बहादुर रैका आऊजी लाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

(समर्थन गरिसकेपछि)

अव उक्त नियमावली मस्यौदा समिति गठन गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने मा० सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले "हुन्छ" भन्नुहोस ।

(हुन्छ भनीसकेपछि)

यो प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरुले "हुन्न" भन्नुहोस ।

(हुन्न भनीसकेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन, नियमावली मस्यौदा समिति गठन गरियोस्" भन्ने मा० सदस्यहरुको नाम सहितको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट "नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम मुख्यमन्त्रीले नियुक्त भएको मितिले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने व्यवस्था भएको हुँदा सो बमोजिम "विश्वासको मत पारित गरियोस्" भन्ने प्रस्ताव पारित गर्नको लागि प्रदेश सभामा निर्णयार्थ प्रस्तुत गर्ने व्यवस्था मिलाई दिनहुन अनुरोध छ भनी मिति २०७४।११।१७ मा पत्र प्राप्त हुन आएकोले उक्त प्रस्तावमा छलफल हुने प्रयोजनका लागि मिति २०७४।११।२२ गते मंगलवार दिनको २:०० बजे पुनः बैठक बस्ने गरी आजको सभा स्थगित भएको घोषणा गर्दछु ।

यो बैठक २०७४।११।२१ गते सोमबार समय सम्मका लागि स्थगित हुन्छ ।

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ ११ /२२**
**(पाँचौ बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारमभ अपरान्न २:०६ बजे**

माननीय सदस्यहरू,

यस सभाको पाँचौ बैठकको कारवाही प्रारम्भ हुन्छ।

अब म माननीय मुख्यमन्त्री त्रिलोचन भट्टले संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाको विश्वासको मत प्राप्त गर्नुपर्ने देखिएकोले यस सभाको विश्वास छ भनी प्रदेश सभा सञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा २४ को उपदफा (१) बमोजिम "विश्वासको मत प्राप्त होस" भन्ने प्रस्तावलाई बक्तव्य सहित यस सभा समक्ष प्रस्तुत गर्न माननीय मुख्यमन्त्रीलाई अनुमति दिन्छु।

**माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्टः-** माननीय सभामुख महोदय, माननीय सांसदहरु २००७ साल देखि नेपालमा पटक पटक भएका आन्दोलनहरु परिवर्तनको लागि जनताका प्रतिनिधिहरुले संविधान लेख्न पाउनु पर्छ भनेर आन्दोलन भएको कुरा २००७ साल, २०४६ साल, जनयुद्ध ६२/६३ को जनआन्दोलन विभिन्न जाति जनजाति, मधेशी, थारु लगायत लोकतन्त्र, गणतन्त्रको लागि भिन्न आन्दोलन भए हाम्रो नेपालमा र त्यो आन्दोलनमा र यो देशमा परिवर्तन ल्याउन पर्छ र जनताको अधिकार सुनिश्चित गर्नु पर्छ र जनता स्वतन्त्र हुनु पर्छ, राष्ट्र स्वाधिन हुनु पर्छ भनेर जो आन्दोलन भए र ति परिवर्तन कारी आन्दोलनमा हुनु भएका शहिदहरुलाई स्मरण गर्न चाहाँन्छु र २०६४ सालको पहिलो संविधान सभा र त्यो संविधान सभाले गरेका महत्वपूर्ण कामहरु र केही कामहरु बाँकी रहेर २०७० सालमा दोस्रो संविधान सभामा भयो हाम्रो नेपालमा र यो संविधान सभाले हाम्रो देशमा नयाँ संविधान ल्यायो र मलाई लाग्छ। यो हाम्रो संविधान आएको छ। यो आफैमा एउटा उत्कृट संविधान छ। र यो संविधानले हामीलाई धेरै अधिकारहरु दिएका छन्। गणतन्त्र, समावेशिता, संघीयता, धर्म निरपेक्षता लगायतका विभिन्न अधिकारहरु संविधानमा छन्। त्यो संविधानलाई कार्यान्वयन गर्ने क्रममा हामीले हाम्रो देशमा तीन तीन तहका निर्वाचन भए र तीनवटै तहका निर्वाचन भइसकेपछि तीनवटै तहका सरकारहरु गठन भईसकेका छन्। कार्यान्वयनको पक्षमा अगाडि बढेका छन्। मलाई लाग्छ यो आफैमा नेपालको इतिहासमा एउटा ऐतिहासिकरुपमा हामी सबैले लिएका छौ। नेपाली जनताले पटक पटक गरेका आन्दोलनबाट प्राप्त अधिकार आज हामी आफै लागू गरिराखेका छौ। योबाट जनताका अपेक्षाहरु बढेका छन्। हाम्रा जिम्मेवारी बढेका छन्। हामी वास्तवमा कस्तो नेपाल बनाउने कसरी यो नेपाललाई एउटा शक्तिसाली नेपाल बनाउने यो नेपाललाई कसरी हामी विकासको गतिमा अगाडि बढाउने भन्ने कुरा अहिले हाम्रो सामु एउटा चुनौतिको विषय पनि छ। मलाई लाग्छ हामीले धेरै काम गऱ्यो राजनीतिक आन्दोलनहरु क्रान्तिहरु अगाडि बढे तर अब यो नेपाललाई एउटा स्थायी सरकार स्थायित्व र प्रगतिको बाटोमा अगाडि बढ्नको लागि आर्थिक क्रान्तिको आवश्यकता छ। आज दूरदराजका जनसमुदायहरुले सरकारको अनुभूतिहुने र सरकाले टाढा टाढा बसेका जनसमुदायहरु जाति, जनजातिहरु, पिछडिएको वर्गाहरु र समुदाय क्षेत्रलाई समान रुपबाट राष्ट्रको मूलधारमा अगाडि बढाउनु पर्छ भनेर मान्यता राखेर जनताको अपेक्षाहरु बढेका छन्। त्यसकारणले मलाई लाग्छ अबका दिनहरु हामीले यो राष्ट्रलाई स्वाधिन राष्ट्रबाट एउटा शक्तिशाली राष्ट्र बनाई प्रगतिको बाटोमा प्रगतिको बाटोमा अगाडि बढाउने अहिले हाम्रो मुख्य दायित्व रहेको छ। त्यही भित्र हामी संघीयतामा गईसकेपछि हाम्रो देशमा ७ वटा प्रदेश बने र सातवटै प्रदशेका सरकारहरु गठन भएका छन्। त्यही अनुरुप हाम्रो ७ नम्बर प्रदेश हिजोको सुदूरपश्चिमाञ्चल एकात्मक राज्यव्यवस्थाबाट उपेक्षित र उत्पीडित क्षेत्र जो ७ नम्बर प्रदेशको सरकार र यहाँ गर्नु पर्ने काम कार्वाहीहरु र हामीले बनाउनु पर्ने कानून र यहाँको समग्र विकासको लागि कसरी अगाडि बढ्ने भन्ने कुरा नै मुख्य कुरा हो। त्यसकारण जनताका अपेक्षाहरु धेरै छन्। हामीले गर्नु पर्ने काम कार्बाहीहरु धेरै छन्। हामीले एउटा सिष्टम बसाल्ने कुरा कानून बनाउने कुरा र संविधानले दिएको अधिकारको पालना गरेर हामीले आगामी दनहरुलाई अगाडि बढाउने कुरा मुख्य कुरा हो।

त्यसैले यो कुरालाई अगाडि बढाउने कुरामा मलाई लाग्छ हामीले धेरै मेहनत गर्नु पर्ने छ । हामी एउटा ऐतिहासिक भूमिकामा हामी सबै छौं । प्रदेश हाम्रो लागि नयाँ हो संघीयता हाम्रो लागि नयाँ हो । यो प्रयास अभ्यास हाम्रो लागि नयाँ हो । तर नयाँ काम गर्ने क्रममा स्वभाविकरुपबाट केही समस्याहरु केही अन्यौलताहरु केही हाम्रो सामु जटिलता आउनेकुराहरु स्वभाविक हो । तर मलाई लाग्छ यि सबैलाई चिरेर अगाडि जानको लागि हाम्रो क्षेत्रमा रहेका सम्भावनाहरुलाई छनौट गरेर हाम्रा विकासका योजनाहरु के हुन हामीले यो ७ नम्बर प्रदेशलाई नमुना प्रदेश बनाउन सक्नाको लागि कुन कुरालाई प्रायोरिटी दिनु पर्छ भन्ने कुरा हाम्रो मुख्य कुरा रहेको छ । हामी समस्याको बाबजुत पनि हामीसँग धेरै समस्याहरु छन् । मलाई लाग्छ यि अहिलेको परिवेशलाई अगाडि बढाउनको लागि हामी हिजो भन्दा माथि उठ्नु पर्ने अति आवस्यक छ । त्यो जिम्मेवारी हाम्रो काँधमा छ । त्यसकारणले म के भन्न चाहाँन्छु भने जनताले जे कुरा अपेक्षा गरेका छन् । जनताले जे चाहाँना राखेको छन् । जनताको लागि जे आन्दोलन भएर हामी संविधान निर्माण गरेर यहाँ सम्म पुगेका छौं । यो लाई पुरा गर्नको लागि ७ नम्बर प्रदेश तयार छ र तयार रहनु पर्छ र त्यसको लागि हामी सबैले आफ्नो भूमिका आ-आफ्नो ठाउँबाट निर्वाह गर्नु पर्छ र मलाई आशा छ । यो प्रदेशलाई एउटा सहि बाटोमा डोऱ्याउनको लागि यो प्रदेशको प्रगतिको लागि मैले नेतृत्व गरेको सरकार जानसक्छ भन्ने कुरा म यहाँ राख्न चाहाँन्छु । त्यसकारणले म के भन्न चाहाँन्छु भने । यो साझा कुरा हो । अहिलेको संघीयता साझा हो । संघीयतालाई कार्यान्वयन गर्ने कुरा यसलाई हामीले कसरी व्यवस्थीत गर्न सकिन्छ ? एउटा सिस्टम कसरी बसाउन सकिन्छ ? एउटा बाटो कसरी बनाउन सकिन्छ ? एउटा जग कसरी बसाल्न सकिन्छ ? भन्ने कुरा नै मुख्य कुरा हो । त्यसकारणले त्यो कुरालाई अगाडि बढाउनको लागि हामी सबै मिलेर जानु जरुरी छ । हाम्रो देशमा पछिल्लो पटक पछिल्लो समयमा वर्षौ देखि हामी सहमती सहकार्यको रुपबाट अगाडी बढेका छौ । मलाई लाग्छ अहिले नयाँ अभ्यासमा छौ । यसमा पक्ष विपक्ष भन्दा पनि सरकार र प्रतिपक्ष भने भन्दा पनि हामी सबै मिलेर जानु जरुरी छ । त्यसबाटै मात्र हामीले प्रगति र ७ नम्बर प्रदेशको विकास गर्न सक्छौ । अहिले हामीले देख्यौ हाम्रो देशमा अस्थिरता छ । सरकार पूरा समय सम्म काम गर्न नसक्ने स्थितिमा थियो । जनतामा पनि त्यो प्रकारको एउटा जनताले पनि आलोचना गर्ने राजनीति माथि प्रश्न चिन्ह लगाउने बानी पनि थियो र यि सबै कुरालाई मध्ये नजगर गरिसकेपछि पछिल्लो पटक पछिल्लो चरणमा पछिल्लो चुनावको दौरानमा यो देशका दुई वटा ठूला पार्टी कम्यूनिष्ट पार्टीहरु गठबन्धनको रुपबाट हामी जनताको बीचमा गयौ । हाम्रा नाराहरु स्थायी सरकार र यो देशको विकास र संघीयतालाई कार्यान्वयन गर्ने कुरा नै मुख्य कुरा थियो । जनताको अपेक्षा अनुसार जनेकुरा र विगतमा जो त्रुटिहरु रहे त्योलाई सच्याएर आगामी दिनमा नयाँ तरिकाले जाने कुरा नै मुख्य उद्देश्य थियो । त्यो उद्देश्य जनताको बीचमा लिएर गई सकेपछि जनताले त्योलाई अनुमोदन गरे र आज बाम गठबन्धनको सरकार केन्द्रमा छ । प्रदेशहरुमा छ । मलाई लाग्छ हामी जनताले जे मेन्डेड दिएको छन् हामीले त्यो अनुसार जाने कुरामा हामी तयार हुनु पर्छ । त्यसकारणले पनि यो विकासको कुरा सुशासनको कुरा जन अपेक्षा अनुसार सरकारको उच्च प्राथमिकतामा विकासका कुराहरु राख्ने कुरा नै अहिलेको मुख्य दायित्व हो र त्यो दायित्वलाई पुरा गर्नको लागि हामी अगाडि बढ्नु पर्छ । सरकार अगाडि बढ्ने कुरामा हामी कुनै पनि कन्जुसाई गर्ने छैनौ भन्ने कुरा म यहाँ राख्न चाहाँन्छु । ७ नम्बर प्रदेशको शिक्षा, स्वास्थ्ये, रोजगारी समग्र विकासको लागि क्षेत्रमा अहिले सम्म पछाडि पारिएका र परेका जो जनसमुदायहरु छन् । जाति, जनजातिहरु छन् । तिनीहरुलाई मूलधारमा जोड्ने कुरा अहिले ७ नम्बर प्रदशेको मुख्य दायित्व हो र मख्य जिम्मेवारी हो । हामीसँग धेरै साधन स्रोतहरु छन् । हामीसँग प्राकृतिक स्रोतको धनी हाम्रो यो प्रदेश र अहिले सम्म हामीले त्योलाई सही परिचालन गर्न नसकेको कारणले हामीले विकास गर्न सकेनौ हामी पछाडि रहयौ । हिजो हामी अरुलाई भन्ने गर्थ्यौ यि कुराहरु तर अहीले त्यो जिम्मेवारी पाएको हुनाले हामीले त्यो जिम्मेवारी वहन गर्नका लागि पनि हामी सबै तयार हुनु पर्ने जरुरी छ । त्यसकारणले यो क्षेत्रको समग्र विकासको लागि कृषिलाई आधुनिकरणको कुरा छ । हामीसँग हाम्रो प्रदेश गौवशाली प्रदेश छ । हामीसँग तराई, पहाड, हिमाल र विभिन्न जाति, समुदायको संगमले भरिएको यो प्रदेश मलाई लाग्छ हामी सबै यसमा गर्व गर्छौ । तर, गर्व पूर्णरुपबाट हामी सफल तब हुनसक्छौ जब यहाँ सबैका भावना एक ठाउँमा जोडेर सबैलाई एकठाउँमा जोडेर हामी यो प्रदेशको विकास र उन्नतीमा अगाडि बढ्न सक्छौ । त्यसकारणले यो प्रदेशका सम्भावनाहरु छन् । कृषिको कुरा छ, जलस्रोतको कुरा छ । पर्यटकीय क्षेत्रको कुराहरु छन् । जडिबुटीका कुराहरु छन् । हामी दुईवटा ठूला देशहरुसँगको सीमानाका कुराहरु छन् । यि कुराहरुलाई हामीले सही तरीकाले भोलि बनाउने कानूनलाई सही तरिकाले बनाएर सम्पूर्णताको जग बसाल्दै छौ । एउटा मज्बुत जग बसालेर हामीले यि सम्भावनाहरुलाई एउटा मुख्य रुपबाट वार्षिक योजनाहरु, तीन वर्षका योजनाहरु, पाँच वर्षका योजनाहरु, दश वर्षीय योजनाहरु निर्माण गरेर हामीले

अगाडी बढ्नु पर्ने आवश्यक छ । तर मलाई लाग्छ । यदि हामी त्यसरी बढ्न सक्यौ र हामीले त्यो कार्यक्रम अगाडि बढायौ भने हामी यो ७ नम्बर प्रदेश भनेको धेरै माथि जान सक्छ र एउटा नमूनाको रुपबाट जसरी भौगोलिक रुपबाट हामी नमुनाकोरुपमा छौ । जातीय रुपबाट सबैको भावनाहरु पूर्णरुपबाट पनि हामी नमूनाको रुपमा छौ । त्यसरी नै विकासको गतिमा पनि हामी नमुनाको रुपबाट जानसक्छौं । त्यसकारणले जंगल, जलस्रोत, जडिबुटी, जमिन, खनिजपदार्थ स्रोतहरुको उच्च व्यवस्थापन र परिचालन सम्बन्धित नीति कानून बनाएर हामी अडाडि बढ्यौ भने कृषि उद्योगलाई यातायात करण, विद्युतिकरण जस्तै नीति लगानिलाई पनि हामीले कम्सेकम भित्र्याउन सक्यौ भने हामीले त्योलाई सहिरुपबाट कानूनीरुपबाट परिचालन गर्न सक्यौ भने हामी धेरै अगाडि बढ्न सक्छौ । त्यसकारणले त्यो कुरालाई अगाडि बढाउनको लागि पनि हामी तयार हुनु पर्छ र हामी तयार पनि छौ । त्यसकारणले म के भन्न चाहाँन्छु भने सभामुख महोदय मार्फत ति मैले अघि नै भने हाम्रो राष्ट्र सहमती र सहकार्यको रुपबाट अगाडि बढेको छ । म ७ नम्बर प्रदेशमा पनि के आग्रह गर्न चाहाँन्छु भने हामी सबै सभा उजेण्डाको रुपबाट साझा कुराहरुको रुपबाट विकासको रुपबाट यो प्रदेशको समग्रह विकासको रुपबाट सबै हामी मिलेर अगाडि जाऊ हामी त्यो वातावरण र त्यो प्रक्रियाको प्रयास गर्ने कुरामा मेरो कुनै पनि कमी रहने छैन । म आग्रह गर्न चाहाँन्छु । सत्ता पक्ष र प्रतिपक्ष भन्दा पनि हिजोको अनुभव हिजोको एउटा लामो समय सम्मको अनुभव लिएर बसेका पार्टीहरु र त्यस्ता व्यक्तिहरुलाई पनि हामी साझारुपबाट लिएर अगाडि जानु पर्ने हुन्छ र त्यसको लागि मबाट कुनै कमी रहने छैन् । म सबैलाई साथमा लिएर यो ७ नम्बर प्रदशको समग्रह विकासको लागि सबैलाई साथ लिएर जानको लागि कमी रहने छैन । मलाई लाग्छ यहाँको बिकास सबैको साझा विकास हो । सबैको साझा उन्नती हो । यहाँको सबैको भावना जोडेर जाने कुरामा हामी सबै मिलेर जानु पर्छ । म आग्रह गर्न चाहाँन्छु । हामी सत्ता पक्षमा जो भए पनि प्रतिपक्षमा जो भए पनि विकासको बाटोमा अगाडि बढ्ने क्रममा हामी एकमत भएर अगाडि बढौं । त्यो प्रयास मेरो तर्फबाट कुनै कमी रहने छैन । यो कुरा पनि यहाँ जानकारी दिन चाहाँन्छु । जसरी हामी हिजो अरुलाई दोष दिने गर्थ्यौ अहिले त्यो हाम्रै काधमा आएको छ । हामीले एउटा यस्तो जग बसालौ संघीयताको जो जगमा राम्रो एउटा घर बनोस् । त्यो घरमा सबै मान्छेहरु सबै जातिहरु, सबै समुदायहरु त्यो घरभित्र अटाउने एउटा वातावरण र अटाउने व्यवस्था हामी तयार गरौं जस्मा सबै खुसी हुन् । सबैले आफ्नो घुम्न पाउने बोल्नपाउने र आफ्नो अधिकारको सुनिश्चितता हुन पाउने र आफूलाई स्वयमलाई एउटा यो घर भित्र मेरो पनि अधिकार छ । मेरो पनि अपनत्व छ र मेरो पनि ग्यारेन्टी भन्ने कुरा होस र त्यो प्रकारको महशुसीकरण गराउनको लागि हामी सबै मिलेर जाऊ हामी सबै मिलेर जानु नै हाम्रो अहिलेको आवश्यकता हो । अहिलेको जनताको माग हो । अहिलेको समयको माग हो । यो कुरा म राख्न चाहाँन्छु । यो संगसँगै नेपालको संविधानको धारा १६८ को उपधारा (२) र धारा १८८ को उपधारा (१) बमोजिम यस प्रदेशमा गठीत प्रदेश मन्त्रिपरिषद्को मुख्यमन्त्रीको हैसियतले संविधानको धारा १३८ को उपधारा (४) बमोजिम प्रदेश सभाको विश्वासको मत प्राप्त गर्नु पर्ने देखिएकोले यस सभाको विश्वास छ भनी प्रदेश नं. ७ को प्रदेश सभा सञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा २४ को उपदफा (१) बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रस्ताव पेस गर्दछु । हवस त धन्यवाद ।

(प्रस्ताव प्रस्तुत गरिसकेपछि)

सर्वप्रथम मा० विरमान चौधरीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय विरमान चौधरीः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरु र पत्रकार साथीहरु सबै हार्दिक नमस्कार मलाई लाग्छ । हाम्रो यो नेपालको ठूलो संघर्ष पछि लामो संघर्ष र बलिदानबाट स्थापित भएको हाम्रो नेपाल चाही संघीय लोकतान्त्रीक गणतन्त्र र समानुपातिक समावेशी र हिजो देखि हामी सबैले उठाउदै आएको विभिन्न वर्ग समुदाय र क्षेत्र जसरी उत्पीडनमा परेको छ । त्यसलाई मुक्त गर्नको लागि हामीले एउटा परिकल्पना गर्‍यौं प्रदेश सरकारको परिकल्पना संघीयतामार्फत जनतालाई अधिकार सम्पन्न गर्ने परिकल्पना जसले गर्दा २०७२ साल असोजको ३ गते जारी भएको संविधानले जुनकुराहरु बोलेको छ । मलाई लाग्छ त्यसले अहिले नेपालमा धेरै कल्पनाहरु गरेको छ । त्यो कार्यन्वयनको चरणमा कार्यान्वयनको शिलशिलामा हामी छौं । यसै कार्यान्वयनको शिलशिलामा हामीले प्रदेश सरकार गठन गरिसकेका छौं । प्रदेश सरकारले विश्वासको मतको प्रस्ताव अगाडि सारिसकेको छ । किनकी हामीले हिजो कस्ले के भन्यो भन्ने फरक कुरा थियो । अहिले हामीले के गर्देछौ त्यो दुनिया र संसारले हर्दै छ । हामी नेपालीले सबैले यो कुराको जवाफ मलाई लाग्छ यतिबेला दिनेवेला भएको छ ।

जसले देशलाई हामी हिजो राजनीतिक आन्दोलन गऱ्यौ । विभिन्न आन्दोलनहरु भए । देशलाई अहिले संविधान मार्फत सम्बोधन गरेर हामी समृद्धि र विकासको अभियानमा अगाडि बढ्ने कोशिसमा हामी अगाडि बढ्दै छौ । मलाई लाग्छ हाम्रो प्रदश हरेक सम्भावना युक्त प्रदेश हो । हिजो भन्दा माथि उठेर धेरै कुराहरु गर्न सकिने प्रदेश मध्ये एउटा हाम्रो प्रदेश पर्दछ । जसले गर्दा खेरी उत्तर चाईना जोडिएको छ । दिईटै छिमेकी राष्ट्रसँग जोडिएको र हामीले संघीय सरकार मार्फत कायौ कयौ कुराहरु हामीले गर्न सक्ने र प्रदेश सरकार माननीय सभामुख मार्फत मैले के कुरा राख्न चाहाँन्छु भने समायोजन गरेर धेरै कुराहरु गर्ने सम्भावना छ । त्यसलाई माननीय सदस्यहरु समेतको सहभागितामा सरकारको ध्यानाकर्षण माननीय सभामुख मार्फत गराए कि धेरै सम्भावना छ यो हाउसलाई यो कुरा म माननीय सभामुख मार्फत यो कुरा अनुरोध गर्न चाहाँन्छु कि त्यसलाई कसरी सम्पन्न बनाउने र समृद्ध बनाउने भन्ने कुरा हाम्रो सुरुवाती दिन हुदै छ । सरकारले थप कुरा पनि गर्दै जाला र माननीय मुख्यमन्त्री त्रिलोचन भट्टज्यूले सरकारको विश्वासको प्रस्ताव गर्नु भएकोमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) धारा १८८ को अनुसार यो उहाँले प्रस्ताव गर्नु भएको प्रस्तावमा म समर्थन गर्न चाहाँन्छु । धन्यवाद

अब म मा० तारा लामा तामाङ्गलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय तरा लामा तामाङ्गः-** माननीय सभामुख महोदय, हामी संघीयताको कार्यान्वयनको चरणमा छौ । यही चरण अन्तर्गत विभिन्न आन्दोलन पश्चात प्राप्त संविधान बमोजिम यो ७ नम्बर प्रदेशको आज हामीले माननीय मुख्यमन्त्रीज्यूले आफ्नो । सरकारलाई विश्वासको मत यो सभाबाट लिनु पर्ने व्यवस्था बमोजिम नेपालको संविधानको व्यवस्था बमोजिम जनु प्रस्तुत गर्नु भएको छ । यो संविधानको कार्यन्वयन चरणमा छौं र हामी खासगरी ७ नम्बर प्रदेशको जनताहरुले अहीले हामीलाई जनप्रतिनिधिको रुपबाट पठाइसके पछि अब, यो ७ नम्बर प्रदेश बनाउने जिम्मा हाम्रो काधमा आएको छ । हामीले नै काँधमा आएकोले हामीले नै ७ नम्बर प्रदेशलाई कसरी राम्रो प्रदेश बनाउने भन्ने सिलसिलामा यो ७ नम्बर प्रदेशको जनताले दिएको मेन्डेड अनुसार गठन भएको छ सरकार र चुनावको बेलानै जनताले दुई बाम गठबन्धन खास गरी नेकपा एमाले र नेकपा माओवादी (केन्द्र) बीच भएको चुनावी तालमेलले जनताले अपार समर्थनका साथ म्यान्डेड दिएको हुनाले र अहिले सरकार पनि गठन भईसकेको हुनाले हाम्रो पार्टी नेकपा एमालेको सबै सांसदहरुको जनताको प्रतिनिधिकोरुपमा सांसद्हरुको तर्फबाट हामी नेपालको संविधानको धारा १६८ को उपधारा (२) र धारा १८८ को उपधारा (१) बमोजिम प्रदेश नम्बर ७ को प्रदेश सभा सञ्चालन अन्तरिम कार्यविधि, २०७४ को दफा २४ को उपदफा (१) बमोजिम माननीय मुख्यमन्त्री त्रिलोचन भट्टज्यूले विश्वासको मतको लागि राख्नु भएको प्रस्तावको म समर्थन गर्छु । सबै हाम्रो पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने सबै साथी सांसद्हरुको तर्फबाट समर्थन गर्छु । धन्यवाद ।

(समर्थन गरिसकेपछि)

मा० सदस्यहरु,

उक्त प्रस्तावमाथि छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई १० मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम मा० पूर्णा जोशी लाई छलफलमा भाग लिन अनुमति दिन्छु ।

**माननीय पूर्ण जोशीः-** माननीय सभामुख महोदय, मुलुकको लोकतान्त्रीक गणतन्त्रसम्म ल्याइपुग्दा परिवर्तनमा साहादत प्राप्त गर्नु हुने । घाइते हुनु हुने समपूर्ण प्रति म श्रद्धा व्यक्त गर्न चाहाँन्छु । ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहाँन्छु । सरकार निर्माण भएको एक महिना पुग्नै लाग्दा मुख्यमन्त्रीज्यूले आज विश्वासको मत लिने कार्यसूची छ । प्रस्तावक समर्थकको तर्फबाट माननीय सदस्यज्यूहरुले आफ्नो प्रस्ताव दर्ज गरिसक्नु भएको छ । म माननीय मुख्यमन्त्रीज्यूलाई उहाँको कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्न चाहाँन्छु । उहालाई हार्दिक बधाई दिन चाहाँन्छु । माननीय सभामुख महोदय, भोलि पर्सि २४ फागुन ८ मार्चको दिन हो । हामीले मूलुकमा लोकतान्त्रीक गणतन्त्र स्थापना गरिसके पछि मूलुकको आधा आकारको आधा धर्तिको धनी महिलाहरुलाई अधिकार सम्पन्न बनाउने विभेद शुन्य गर्ने भन्ने एक किसिमको कार्यक्रममा छौं । संविधानले पनि त्यो अधिकारको वाहाली गरि सकेको छ । तसर्थ म माननीय सभामुख महोदय, माननीय मुख्यमन्त्रीज्यूलाई अनुरोध गर्न चाहाँन्छु । महिला उपर हुने सबै प्रकारका भेदभावहरुको अनत्य यो क्षेत्रमा विशेष गरेर ७ नम्बर प्रदेशमा

महिलाहरुले प्रथा र परम्पराका नाममा व्यहोर्नु परेको हिंसाको अत्य भएको संकल्प प्रस्ताव पेस गर्नको लागि म अनुरोध गर्न चाहाँन्छु । प्रदेशको समग्र विकासमा हुने खालको ढिला सुस्ती, अनियमितता, भ्रष्टाचारका कारणले गर्दा खेरी ७ नम्बर प्रदेश एकातिर लगानी अभावमा पछाडि छ । अर्को तिर भएको लगानीमा हुने अनेक किसमका भ्रष्टाचार, ढिलासुस्तीले जनता आक्रान्त छन् । स्वभावैले प्रदेश सरकार निर्माण भइसकेपछि जनताहर अत्यन्त आशावादी हुन स्वभाविक हो । प्रदेश सरकारले माननीय मुख्यमन्त्रीज्यू यसको नेतृत्व गरिराख्नु भएको छ । यो क्षेत्रमा हुने त्यस्ता खालका गतिविधिहरुलाई म निमिठ्यान्न पार्छु र विकासका नाममा जनताको नाममा आएको बजेटमा एक रती भ्रष्टाचार गर्न दिदैन भन्ने खालको संकल्प प्रस्ताव पनि पेस गर्नु हुने छ भन्ने कुराहरु म आशा गर्न चाहाँन्छु । र ध्यानाकर्षण गर्न चाहाँन्छु । म डोटी जिल्ला तिर माननीय सभामुख महोदय यो सद्नको ध्यानाकर्षण गर्न चाहाँन्छु । विगत १६ दिन देखि डोटी जिल्लामा डक्टर नभएको अवस्था छ । सामान्य एउटा विवादको कारणले गर्दा खेरी डाक्टर र सेवा ग्राही बीचमा तनाव उत्पन्न भयो । तनाव उत्पन्न भईसके पछाडि एक खालको झडपको अवस्था भयो । त्यो झडपमा डाक्टर स्वयम उत्रिनु भएको छ । त्यहाँको जनसमुदाय केही मान्छेहरुको समूह उत्रिएको छ । यो नाममा डोटी जिल्लालाई बदनाम गर्ने गरिकन एक प्रकारको प्रचारबाजी भएर डोटी जिल्लामा डाक्टर नजाने अथवा जान नमानेको होहल्ला मच्चाईएको छ । यो निराधार कुराहरुलाई मध्येनजर गरी म माननीय सामाजिक विकास मन्त्रीको पनि ध्यानाकर्षण गराउन चाहाँन्छु । यथासिघ्र त्यो क्षेत्रको स्वास्थ्य प्रभावित हुने तरिकाले जुन सेवा अवरुद्ध भएको छ । डाक्टर विहिन हस्पीटल भएको छ । त्यो कुराहरुलाई मध्येनजर गरी यथासक्य चाडो डक्टर पठाउनको लागि म निवेदन गर्न चाहाँन्छु । त्यस्तै गरीकन विगत ७० दिन भन्दा बढी निरन्तररुपमा दिपायलमा प्रदेशको राजधानी कायम गरियोस भनी चलेको आन्दोलन विना सुनुवाई निरन्तर चलिरहेको छ । यो एक प्रकारको खिल्लीको विषय भएको छ । मैले माननीय सभामुख मार्फत यो सदको ध्यानाकर्षण गर्न चाहाँन्छु । माननीय मुख्यमन्त्रीज्यूको यथासके ध्यान केन्द्रित होस भन्ने कुराहरु म निवेदन गर्न चाहाँन्छु । दिपायलमा चलेको आन्दोलन ७० दिन भन्दा बढी सञ्चालन भएको छ । अहिले पनि कसरी त्यो आन्दोलन टुङ्ग्याउने भन्ने बारेमा एउटा अन्योल छ । तसर्थ विभिन्न खालको सम्भाव्यतालाई अध्ययन गर्नको लागि एउटा उच्च स्तरिय प्राविधिक टिम गठन गरियोस् । वार्ताको टोलि गठन गरेर दुवै पक्ष बीच वार्ता गर्ने वातावरणको निर्माण भन्ने कुराहरु म अनुरोध गर्न चाहाँन्छु । बिकास र काममा हुने अनेक किसमका भ्रष्टाचारहरुलाई मैले अघि पनि भने विकास र निर्माणमा कार्यमा हुने भ्रष्टाचार, अनियमितता सेवा ग्राहीलाई पर्ने मर्काहरु हामीले विभिन्न सेवा प्रदायक निकायहरुमा सेवा प्रदायक व्यक्ति कहाँ जादाँ खेरी विशेष गरीकन पहुच नभएका मान्छेहरु यो मर्कामा परिरहेका छन् । यो कुराहरुलाई प्रदेश सरकारले गम्भीरतापूर्वक ल्योस् । सरकारको निर्माणको सुरुवाती बाटै यो किसमका कुराहरुमा सनताको एउटा सहज सेवा लिने किसमका सहज विकास विकासमा पहुचँ हुने खालका कुराहरमा यो प्रदेश सरकारको ध्यानाकर्षण होस् भन्ने कुरा म भन्न चाहाँन्छु । त्यस्तै गरी प्रदेश कानूनहरु अब धमाधम निर्माण हुन्छन् । प्रदेश सभा सञ्चालन भईसके पछि यो कानून निर्माण गर्दा खेरी विशेष गरिकन अहिले सम्म हामीले अनुभूत गरेका कुराहरु समावेशीताको अक्षरस पालना भएको अवस्था छ छैन् । श्रममुखी कानूनहरु निर्माण गरियोस भन्ने कुराहरुको म यो सद्नको ध्यानाकर्षण गराउन चाहाँन्छु । गरेरै खाने किसमको परिपाटी अथवा चोर बाटोबाट जाने किसमको परिपाटीलाई निरुत्साहीत गरेर श्रमिक मैत्री कानुनहरु गरियो भने विशेष गरि गरिब वर्गहरुको हित हुन्छ । मान्छे गरेरै खानुपर्छ भन्ने कुराहरुमा बढी प्रेरित हुन्छन् । यो क्षेत्रको समृद्धिको निमित्त पनि हामीले गरिखाने वर्ग को उद्धार गर्नु पर्छ । हरेक क्षेत्रमा चाँहे कृषि होस् । चाहे पर्यटन होस् विविध क्षेत्रमा हामीले गरिखाने वर्गको निर्माण गर्नु पर्छ । हामी विशेष गरी न्यून आर्थिक अवस्था भएका र मध्येम वर्गीय मानिसहरुलाई प्रभावित हुने खालका र उनिहरुलाई लाभ हुने खालका कानूनहरु निर्माण गरियोस् । भन्नेकुरा म अनुरोध गर्न चाहाँन्छु । मैले अर्को कुराहरु आगामी चैत मसान्त भन्दा पछाडि विशेष गरिकन शिक्षा स्वास्थ्यसँग सम्बन्धित जिल्ला स्थीत कार्यालयहरु फेजआउट हुने अवस्थामा छन् । यसका आवश्यक ऐनहर निर्माण नभई सकेको यसको व्यवस्थापन कसरी गर्ने भन्ने खालको कानूनहरु निर्माण नभई सकेको र जिल्ला शिक्षा कार्यालय, जिल्ला स्वस्थ्य कार्यालय जस्ता कुराहरु एउटा निकायहरु सेवा प्रदायक निकायहरु चाहिँ फेजआउट हुदाँ खेरी यसबाट प्रत्येक्षरुपबाट शिक्षा र स्वास्थ्यमा ठूलो असर पर्ने किसमको देखिन्छ । यो क्षेत्र अस्तव्यस्त हुने किसिमको देखिन्छ । त्यसकारण यस सम्बन्धमा आवश्यक कानूनहरु चैत मसान्त भन्दा अगावै एउटा निर्माण भएर पारित भइसकेपछाडी यि कुराहरु शिक्षा र स्वास्थ्य जस्ता कुराहरुलाई एउटा राम्रोसँग सञ्चालन गर्न सक्छौ भन्ने कुराहरु निवेदन गर्न चाहाँन्छु । माननीय सभामुखज्यू, प्रदेश कानूनहरु निर्माण गर्दाखेरी अगि पनि मैले भने बढि भन्दा बढि यो प्रदेशको समृद्धिको निमित्त यो प्रदेशका जनताहरुको दैनन्दीनमा एउटा

सहयोग पुग्नेखालका कानूनहरु निर्माण हुन् । तवमात्रै हामी यो प्रदेशलाई नमूना प्रदेश बनाउन सक्छौ । समृद्ध प्रदेश बनाउन सक्छौ । भन्ने कुराहरु राख्दै अनत्यमा पुनः मुख्यमन्त्रीज्यू लगायत मुख्यमन्त्रीज्यूको सरकारलाई म हार्दिक बधाई, शुभकामना र कार्यकाल अत्यन्त उन्नत होस भनी शुभकामना दिन चाहान्छु । धन्यवाद अभिवादन ।

**माननीय अक्कल बहादुर रावलः-** सम्माननीय सभामुख महोदय, माननीय सांसदज्यूहरु आज हामी प्रदेश मुख्यमन्त्रीको विश्वासको मत लिने चरणमा आईपुगेका छौं । यो हामी यो प्रक्रिया नेपालको इतिहासमा सम्भवत हाम्रो प्रदेशको निमित्त पनि अत्यन्तै महत्वपूर्ण र ऐतिहासिक घडीको रुपमा हामीले अभ्यास गरिराखेका छौं । त्यसैले हाम्रो लागि यो कुरा नयाँ त छ नै तर सँगसँगै हामीले हाम्रो भन्दा पछाडिको पिढीका लागि धेरै कामहरु धेरै नयाँ आयामहरु हामीले थप्दै जानु पर्ने दायित्व र अभिभारा हाम्रा लागि अगाडि छ । त्यसैले त्यसका लागि प्रदेश सरकार सिंहदरवारलाई हामीले गाउँगाउँमा त ल्याएका छौं । स्थानीय तह सम्म सिंहदरवार आएको भन्ने कुरा त छ । सँगसँगै एउटा हल्ला चल्न थालेको छ । सिंहदरवार मात्रै गाउँमा पुगेको छैन । सिंहदरवार भित्रका अरुअरु कुराहरु पनि गाउँमा पुग्न थालेका छन् । वास्तविक सिंहदरवार त काठमाण्डौंमै छ । यो अत्यन्तै पीडाको कुरा हो । हामीले देखेका छौं । सिंहदरवार हामीले ल्याउन सकेनौ सिंहदरवार भित्रको कुशासन चाहिँ गाउँमा आएको भनेर गाउँमा आएका छन् । त्यसैले गर्दा यि कुराहरुलाई रोक्नका निम्ति सुशासन मुखी स्थानीय तहको विकास गर्न गरुरी छ । सुशासन मुखी प्रदेश सरकारको निर्माण गर्न जरुरी छ । त्यसो गर्न सकेनौ भने फेरी पनि हामी हाम्रो बजेटलाई सही ठाउँमा प्रयोग गर्न सक्दैनौ । आएको बजेटलाई हामीले निर्माण गर्ने बजेटलाई ठीक ठीक ठाउँमा हामीले खर्च गर्न सकेनौ भने हाम्रो अवस्था जहाँको त्यही हुने देखिन्छ । त्यसैले गर्दा अब हामीले यो प्रदेश सरकारमा सुशासन मुखी ऐन, नियम र कानूनहरु बनाउन जरुरी छ । त्यसका निम्ति अब हामीले छिटो भन्दा छिटो यसलाई पूरै द्रुतगतीमा हामीले अगाडि बढाउनु पर्ने देखिन्छ । त्यसका लागि हामी यो प्रदेश सरकारको नेतृत्व जुन सम्माननीय त्रिलोचन भट्टज्यूले यसको नेतृत्व गर्ने अवसर प्राप्त गर्नु भएको छ । त्यसमा हामी सबै उहाँलाई हरेक क्षेत्रबाट यो प्रदेशलाई राम्रो बनाउने अझै सुदृढ बनाउने कुराहरुमा हामी सबै कटिबद्ध पनि छौ । र आउने समस्याहरुलाई चुनौतीहरुलाई हामीले कसरी फेस गर्ने भन्ने वारेमा यहाँको सत्ता पक्ष र प्रतिपक्ष सँगै मिले र सँगै हातेमालो गरेर अगाडि बढ्ने कुरामा हाम्रो प्रतिबद्धता देखिन्छ । एउटा खालको सौहार्द वातावरण त्यो देखिन्छ । त्यो पनि अत्यन्तै सकारात्मक पक्ष हो । यसो हेर्दा खेरी सबै प्रदेशका सूचनाहरु हामीकहाँ आईराखेका छन् । अब कुन प्रदेशले कसरी काम गरिरहेको छ । भन्ने कुरा पनि हामी नजिकबाट नियाल्न सक्छौ । विभिन्न सूचना सञ्चारका माध्यमद्वारा नजिकबाट नियाली पनि राखेका छौं । सँगसँगै यसले एकखालको प्रतिस्प्रधाको भावना सुस्त प्रतिस्प्रधाको भावना पनि सृजना गरिराखेको छ । कुन प्रदेशले कसरी काम गरिराखेको छ । त्यो भन्दा उन्नत ढङ्गले अझै छिटो भन्दा छिटो हाम्रो प्रदेशलाई समृद्धिको यात्रामा कसरी अगाडि बढाउने भन्ने वारेमा पनि हामी पनि चिन्तीत हुन जरुरी छ । हामी पनि त्यसका लागि दृढतापूर्वक अगाडि बढ्नु जरुरी छ । त्यसैले गर्दा विशेष गरी मुख्य-मुख्य क्षेत्रहरुमा हामीले यो प्रदेशको विकासका कामहरु बजेटहरुलाई निश्चित क्षेत्रमा छुट्याउन जरुरी छ । त्यसैले त्यतातिर सभामुख महोदय मार्फत मैले यो सद्नलाई के भनी ध्यानाकर्षण गराउन चाहाँन्छु भने हाम्रो मुख्य संकट भनेको चाहिँ उर्जा संकट हो उर्जा संकटलाई हामीले समाधान गर्न सक्यौ भने धेरै कामहरु हामीले औद्योगिक लगानिका कुराहरु हामी ल्याउन सक्छौ । बिकासका ढोकाहरु खेल्ने सम्भावना देखिन्छ । त्यसैले अर्को तिर हामीसँग भएका स्रोतहरु र साधनहरुलाई कसरी परीचालन गर्न सक्छौ हामीले यसलाई निर्यातमुखी अर्थतन्त्रको रुपमा कसरी बिकास गर्न सक्छौं । विशेष गरी कृषि क्षेत्र हाम्रो निर्यातमुखी अर्थतन्त्रको विकास गर्ने क्षेत्र हो । त्यो कृषि क्षेत्रलाई हामीले बढी भन्दा बढी लगानी गरेर हामीले हाम्रो कृषिमा भएका उत्पादनहरुलाई विश्वका बजारसम्म पुऱ्याउन सक्यौ भने त्यसले हामीलाई समृद्धिको यात्रामा अगाडि बढाउन सक्छ् । अहीले तत्काल हामीले विजुली बेच्ने अवस्थामा हामी पुग्न नसकौला तर कृषि प्रधान मुलुक भनेर हामीले हिजोका दिनहरुमा आजका मिति सम्म पनि जुन व्याख्या गरिराखेका छौं र हामीले कृषि प्रधान मूलुककोरुपमा हामीले हाम्रो देशलाई जुन परिभाषित गरेर राखेका छौं । यसले के देखाउ छ भने अब हामीलाई कषि क्षेत्रमा लगानी गर्ने र त्यस्तो खालको बिकासको निम्ति एउटा विकासको सृजना गर्ने कुरा तिर पनि यसले निर्देशित गर्छ । त्यसैले मैले यो गरिमामय सभामा धेरै लमो कुरा गर्ने भन्दा पनि अब हामीले यो प्रदेशलाई समृद्धी र बिकासको दृष्टिकोणले अगाडि बढाउनका निम्ति एउटा ठूलो विषेशज्ञको टिम पनि चाहीएको छ । हामीसँग भएका विषेशज्ञहरु हामीसँग भएको दक्ष जनसक्तिलाई पनि प्रदेश नं. ७ बाट जुन बाहिर गएकोछ दक्ष जनशक्ति त्यो दक्ष जनशक्तिलाई पनि अब प्रदेश नं. ७ तिर आकर्षण गर्नका निम्ति यहाँको वातावरण विकास मैत्री वातावरण बन्यो अब प्रदेश नं. ७

बाट एक खालको विकासको आधारहरु सृजना गरी अगाडि बढ्नु पर्छ भन्ने खालको आह्वान गर्न जरुरी छ । यो प्रदेशले त्यो आह्वान गर्न जरुरी छ र विश्वका विभिन्न कुना काप्चामा पनि हाम्रा दक्ष जनशक्तिहरु रोजगारीको खोजिमा गएका छन् । ति जनशक्तिहरुलाई पनि देशभित्र ल्याएर उनिहरुको क्षमतालाई सदुपयोग गर्न सक्यौ भने हामीले हाम्रो यात्रालाई अगाडि बढाउन सक्छौ । त्यसैले गर्दा यसका निम्ति गहन छलफल गरेर अगाडि बढ्नु जरुरी छ । आजको यो अवसरमा जुन सबैले एउटा खालको सैहार्दपूर्ण तरिकाले मुख्यमन्त्रीले विश्वासको मत लिदै हुनु हुन्छ । यसका निम्ति उहाँको कार्याकालको म हार्दिक बधाई दिन चाहाँन्छु र सँगसँगै यो सम्पूर्ण ७ नम्बर प्रदेशको उज्वल भविष्यको निम्ति पनि कामना गर्दै म अहिले विदा हुन्छु । धन्यवाद

**मा० रण बहादुर रावलः-** माननीय सभामुख महोदय आजको यो ऐतिहासिक घडीमा यस प्रदेशको सुन्दर सभ्य भविष्य निर्माणको मंगलमय सुभेक्षा सहित सबै माननीयलाई जय नेपाल, नमस्कार भन्न चाहाँन्छु । सदियौ लामो लोकतन्त्रको कठिन संघर्ष गर्दै नयाँ नेपालको अभिभारा सहित यस संघीय लोकतान्त्रीक समावेशी गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न सफल भई देशलाई यस सुखद चारणमा ल्याई पूऱ्याउनु हुने आफ्नो जीवनाको योगदान बलिदानपूर्वक गर्ने हजारौ ज्ञात अज्ञात सहिद सहिद तथा तमाम लोकतन्त्रका सेनानीहरु प्रति श्रद्धासुमन अर्पण गर्न चाहाँन्छु । सभामुख महोदय वि.सं. २००७ सालको जनक्रान्ति पछि वि. सं. २०६२/६३ को दोस्रो जनआन्दोल सम्मको कुशल एवम् सफल नेतृत्व वहन गर्ने र वर्तमान संविधान जारी गर्नुका साथै हालसालै सम्पन्न स्थानीय देखि प्रदेश र संघीय संसदको निर्वाचन शान्तिपूर्ण निष्पक्ष तथा लोकतान्त्रीक निर्माणतामा कटिबद्धरहि सुसम्पन्न गर्नुको साथै राजनीतिक द्वन्द एवम् तराई मधेस जनआन्दोलनको प्रजातान्त्रीक व्यवस्थापन गरी आजको यस क्षण ल्याउन सफल सरोकार सरकारको नेतृत्व वहन गर्ने हाम्रो राजनीतिक दल नेपाली कांग्रेसका साथै यस दलमा सहयात्री राजनीतिक दलहरु प्रति आभार व्यक्त गर्दै यस राजनीतिक परिवर्तनको महान अभियानमा उच्च शाहस राष्ट्र प्रेमले ओतप्रोत हुदै समर्पण र सहभागिता प्रदान गर्नु हुने नेपाल आमाका आम सन्तती प्रति सदनत्मस्तक हुन चाहाँन्छु । सभामुख महोदय नेपालको कुल भू-भागको १३ प्रतिशत ओगटेको यस प्रदेश जसलाई हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा समेटिएको छ । भारत एवम् चीन जस्ता आर्थिक समृद्धिको तिव्र गतिमा बढिरहेका दुई विशाल छिमेकी मूलुकहरुसँग सीमा जोडिएको यस प्रदेशसंग आर्थिक, सामाजिक समृद्धिका लागि धार्मिक, समाजिक, सांस्कृतिक सम्पदाहरु उपलब्ध छन् । मध्यकालमा अत्यन्त शक्तिशाली र सम्पन्न सिजा साम्राज्यको मुटुमा रहेको यो काली कर्णाली क्षेत्र विगतमा राज्य र सरकारबाट गरिएको काखा पाखाको व्यवहारले आर्थिक, सामाजिक र विकासको दृष्टीले निकै पछाडि धकेलिएको कुरा यथार्थ सबैलाई व्यतितै छ । तै पनि हामी काली कणाली जस्ता ठूला ठूला नदीको अफ्र पनि मालिकै छौं । सून्दर अपी हिमाल सैपाल व्याँस आदि हिमचूचुराहरुले हाम्रो पर्यटकीय सम्भावनालाई उच्चता प्रदान गरिरहेका छन् । कैलालीमा रहेको चारकोसे झाडीको अवशेसको रुपमा रहेको बसन्ता कोरिडोर देखि हिमाली क्षेत्रको सदावहार कोणधारी जंगलले यस प्रदेशको जीवनका वसन्तमा आकुरा ल्याउने प्रवल सम्भावना जीवितै छ । तराई देखि हिमाल सम्मको माटो र हावापानिको विविधताले कृषि क्षेत्रको वृद्धि करणलाई आर्थिक रुपमा अगाडि लैजान सकिने अवस्था पनि यस प्रदेशलाई प्राप्त छ । पूँजी र प्रविधिको आवश्यकता बिकासगरी तराई देखि हिमालसम्म रहेको खनिज सम्पदालाई उपयोगमा ल्याई मूलुककै सबैभन्दा बढी गरिवी दर झण्ड भण्डै ६४.२१ प्रतिशत रहेको बाजुरा जिल्ला यही छ । नौं वटै जिल्लमा मध्ये सबैभन्दा बढी गरिबहरुको संख्या भएको कैलाली जिल्ला जहाँ २ लाख ५७ हजार भन्दा बढी छन् । समग्रह प्रदेशको मानविय सुचकाङ्क पनि हेर्दा सबै प्रदेश सबै अन्य प्रदेशहरु भन्दा करिव करिव ०.४३५ प्रतिशत जो नेपालको विगत पन्ध्र वर्ष अगाडिको औषत सुचकाङ्क भन्दा पनि कम रहेको प्रदेश यही सुदूरपश्चिम हो । यस प्रदेशलाई सबैभन्दा अगाडि बढाउन सक्ने प्रवल सम्भावना समेत रहेको म यहाँहरुलाई निवेदन गर्न चाहाँन्छु । सभामुख महोदय अब यो प्रदेशलाई आंशिक रुपमा, आर्थिक रुपमा समृद्ध बनाउनकालागि केही महत्वपूर्ण सफावहरु तपशिल बमोजिम बुदागत रुपमा स्पष्ट पार्न चाहाँन्छु । अबका दिनमा जाति जनसंख्याका हिसावले होस् भौगोलिक सन्तुलनको हिसावले किन नहोस् । सुदृढ गरी सामाजिक सद्भाव मज्बुत यहाँ आवश्यक देखिन्छ । समावेशी लोकतन्त्र र मानवअधिकारको संरक्षण गर्दै आर्थिक समृद्धिको अभियानलाई मूल अभिभारा लिई आध्यात्मीक, सांस्कृतिक वैभवको जगेर्ना गर्न अत्यावश्यक देखिन्छ । यूवा शक्तिलाई व्यवस्थापन गर्न रोजगारीमूलक कार्यक्रमका साथ अल्पकालिन र दिर्घकालिन सिपमूलक तालिम लिने नीति ल्याउनु अति आवश्यक देखिन्छ । यस प्रदेश स्थीत टिकापुर पार्क थारु गाउँहरु विशेष गरी घोडाघोडी ताल, शुक्लाफाटा बन्यजन्तु आरक्ष, बेतकोट ताल, ब्रह्मदेव, उग्रतारा, घटाल पाश्वान क्षेत्र, शैलेश्वरी देखि लिएर दिल्पेश्वर खप्तड,

बैजनाथ देखि लिएर रामारोसन, वर्दादेवी, बडीमालिका छेड्दह कुण्डा खोला, रामकोट सुर्मासरोवर, जगन्नाथ, त्रिपुरासुन्दरी, निगलासैनी मालिकार्जुन जस्ता बहुतै सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकास तथा प्रवर्द्धनमा जोड दिदै आवश्यक पूर्वाधार निर्माण गर्नु पर्ने । खक्रौला नाका र गौरीफन्टा नाका, दोधरा चाँदनी वा गड्डाचौकी नाका र ताक्लाकोट नाकालाई हामीले विशेष स्थरोन्नती गर्नै पर्ने देखिन्छ । अन्यथा महेन्द्रनगरबाट ९० किलोमिटर टाढा पर्ने महेन्द्रा ट्याक्टर २ नम्बर प्रदेश विरगञ्जमा पुगेर धनगढी ल्याउनु पर्ने स्थिति छ । त्यसकाण यसमा यथासिघ्र काम गर्नु पर्ने नितान्त आवश्यक देखिन्छ । राष्ट्रिय गौरवका आयोजना रानीजमरा सिचाई आयोजनाको कामलाई तिब्रता दिनु पर्ने र आधुनिक कृषि प्रणालीमा विशेष जोड दिनु पर्ने र वर्तमान अवस्थामा कृषिमा आधारित जो ८० प्रतिशत जनसंख्या छ प्रदेश नं. ७ का उनीहरुको आर्थिक व्यय हेर्दा पूर्णतया घाटामा भएको यहाँहरुलाई अवगत गराउन चाहाँन्छु । यही पेशालाई अगाडि बढाइयो भने यो आर्थिक कृषि प्रधान क्षेत्र भन्नु भन्दा मलाई लाग्छ कुनै कृषि प्रधानको नाममा र केही अगाडि बढ्नेवाला देखिदैन । अपर कर्णली देखि लिएर बुढिगण्डकी देखि दिएर पश्चिम सेती जस्ता जलविद्युत प्राथमिकता र संकल्पका साथ अगाडि बढाउनु पर्ने अत्ति आवश्यक देखिन्छ । सेती र विशेष गरी हामीले भन्नु पर्दा सेतीलाई कैलाश लोकमार्ग भने हुन्छ । कर्णाली कोरिडोर अन्तर्गत चिसापानी बाट बड्डी चोर, खुटिया डोटी मार्ग सात नम्बर प्रदेशका ८८ ओटै स्थानीय तहलाई सडक सञ्जालले जोड्ने र नर्थ साउथ उत्तर दक्षिणको कनेक्टीभिटीलाई विशेष प्राथमिकता दिनु अति आवश्यक देखिन्छ । सबभन्दा एउटा उन्नतीको हाम्रो एउटा चाँही उत्तराञ्चल छ जो २०१४ र २०१५ सालमा २९ स्थानमा भएको उत्तराञ्चलको विकास अहिले नबौं स्थानमा छ । त्यसले गरेको अनुभवलाई पनि हामीले लिन सक्यौ भने भौतै उन्नती हुनेवाला देखिन्छ । यस प्रदेशमा बन्द रहेका हवाई मैदानहरु विशेष गरेर सञ्चालन गर्नु पर्ने अत्यआवश्यक देखिन्छ । त्यसपछि वातावरणीय हिसावले पनि शिक्षा, स्वास्थय लगायतका आधारभूत आवश्यकतालाई सर्वसुलभ बनाउने र माध्यामिक तह देखि विश्वविद्यालय तह सम्म विशेष गरी प्राविधिक शिक्षालाई जोड दिने नीति निर्माणहुन अत्यावश्यक हामीले महशुस गरेका छौं । आर्थिक सामाजिक र भौगोलिक पछाडी पारिएका कमजोर विशेष गरी दलित, आदिवासी जनजाती, अल्पसंख्यक जनताका साथै जेष्ठ नागरीक अपाङ्ग र महिला वर्गको विभिन्न निकायमा सहज पहुँच अभिवृद्धिमा विशेष ध्यान दिनु पर्ने सदियौ देखि कुप्रथा छ जो बालबिबाहको सन्दर्भमा पनि विशेष ध्यान दिनु पर्ने हामीले महशुस गरेका छौं । सभामुख मार्फत यसलाई अगाडि बढ्नको निम्ति गर्नु पर्ने देखिन्छ । अर्को महत्वपूर्ण सडेर गलेर कुराहरु करोडौं अरबौको संख्याको बनजंगलको काठपात हुन्छ त्यसलाई बैज्ञानिक ढङ्गहिसावले छिटोमा छिटो उपयोग गर्नु पर्ने नीति नियम ल्याउनु पर्ने देखिन्छ । समृद्धि र प्रगतिको मूल सत्रुका रुपमा रहेको भ्रष्टाचारालाई नियन्त्रण गर्न सम्पूर्ण पक्षबाट शून्य सहनसीलताको नीति मार्फत मन बचन र कर्मले सबैमा त्यो सरकारलाई विशेष गरी सरकारले त्यो गर्नु पर्ने देखिन्छ । सभामुख महोदय, नयाँ नेपाल निर्माणको महान अभियानको यो सुभारम्भमा यस अवसरमा नेपाली कांग्रेसले अघि सारेको अतिबाद र पूँजीबाद रोजगार मूलक नीति कल्याणकारी राज्य, देश जोडने संघीयता सार्वभौम समानता, संक्रमणकालिन न्याय, सामाजिक आर्थिक सद्भावका मूद्दाहरमा विशेष केन्द्रीत रहदै लोकतान्त्रीक समाजका हरेक नागरीक आत्मसम्मानका साथ बाच्न पाउनु पर्दछ । जिम्मेवार राज्यले सामर्थय र आंशिकतालाई सन्तुलनमा राख्नु पर्दछ । पुर्न वितरण र बमि सहीतको सामाजिक सुरक्षाका यि प्रमुख पाटोको छुट्टा छुट्टै सामाजिक नीति सम्बोधन हुन आवश्यक हामीले ठानेका छौं । र अन्तमा यो सरकारले विश्वासको मत लिन सक्ने छ । शुभकामना तथा व्यक्त गर्दै भागि दिनमा सरकारले गर्ने कामको गुण र दोषको आधारमा रचनात्मक पतिपक्षको भूमिका निर्वाह बिचार व्यक्त गर्दछु । धन्यवाद, नमस्कार, जय नेपाल ।

**माननीय मालामति देवी राना थारुः-** माननीय सभामुख महोदय, आज माननीय मुख्यमन्त्रीज्यूको र सरकारको विश्वासको मत लिने कार्यक्रम छ । म सरकारलाई आफ्नो व्यक्तिगत तर्फबाट र आफ्नो पार्टीको तर्फबाट हार्दिक बधाई र शुभकामना दिन चाहाँन्छु । साथै राजपा पार्टी प्रतिपक्षमा बसेर गुण र दोषको आधारमा सहयोग गर्ने नै छ । सरकारलाई म ध्यानाकर्षण गराउन चाहाँन्छु । माननीय मन्त्रीज्यूहरु सरकारमा बसेर एउटा पार्टीलाई नहेरी समग्र यो एउटा थरुहट समुदाय हो । थारु भित्र आदिवासी जनजाति, मधेसी, मुस्लीम पिछडा वर्गहरुको बसोवास छ । उहाँ सम्पूर्णलाई समेटी आर्थिक समृद्धि बिकास निष्पक्षरुपले गर्नु हुने छ भन्ने विश्वास लिएकी छु । साथै माननीय सभामुख महोदय यही २०७४ साल मंसिर २१ गते प्रतिनिधि सभाको सदस्यपदमा कैलालीको क्षेत्र नं. १ बाट भारी बहुमत ३४ हजार ३ सय ४१ मत ल्याएर निर्वाचित भएका माननीय रेसमलाल चौधरी कैलाली निर्वाचन आयोगले प्रमाणपत्र दिनबाट बन्चीत गरेको अवस्थामा माननीय सभामुख महोदय राज्यसँग म प्रश्न गर्न

चाहाँन्छु । जब निर्वाचन आयोग निर्वाचनका लागि नियमावली प्रकाशित गरी उम्मेदवारी दर्ता प्रकृया आह्वान गर्दा माननीय रेसमलाल चौधरीको उम्मेदवारी परेको थियो र कही कतैबाट पनि दावी विरोध परेको थिएन । अन्य उम्मेदवार झै रेसमलाल चौधरीज्यूले पनि निर्वाचन प्रतिस्प्रधा गर्नु भयो र भारी बहुमतले निर्वाचित हुनु भयो र प्रमाणपत्रबाट बन्चित गराइयो । माननीय सभामुख महोदय यो प्रकरणमा मलाई के आभाष हुन्छ भने राज्यका ब्राह्मणवाद शासकवाद थारुहरु माथि सौतेला व्यवहार गरेको देखिन्छ । यसै निर्वाचनमा पूर्व आइ.जी.पी. नवराज सिलवाल बढुवाका लागि अंक थप घट गरेको प्रकरण सर्वोच्च अदालतबाट प्रमाणित भइसकेको अवस्थामा एमाले पार्टीले त्यस्तो व्यक्तिलाई उम्मेदवार भई बिजय समेत भई तत्कालिन राज्य सरकारले कानूनी कट्घरामा उभ्याउनका लागि इन्टरपोलबाट पकड्न सिफारिस गर्दा पनि कानूनको ठाडो उपहास गरी ब्राह्मण शासकवादले नवराज सिलवाललाई सपथ ग्रहण लुकी लुकी खुवाय । सभामुख महोदय, ध्यानाकर्षण गराउन चाहाँन्छु भने माननीय रेसमलाल चौधरीकरणमा अदालतले पूर्पक्षका लागि आदेश गरेको देखिन्छ । यस्तो अवस्थामा अपराधी भन्न मिल्दैन । यो सरकार थारु माथि अन्याय हो जनतको जनादेशमाथि खेलबाड हो । पुष्पकमल दाहाल टिकापुर घटना राजनीतिक घटनाहो भनी निर्णय गरी सम्बोधन गरेको हुँदा माननीय रेसमलाल चौधरी, लक्ष्मण थारु, लाहुराम लगायत २५ जना राजवन्दी निर्दोष हुन ठहरीन्छ । रीहाका लागि प्रदेश सरकार अग्रगामी भूमिका खेलोस् । सभामुख महोदय यो गरिमामय हाउसलाई ध्यानाकर्षण गराउन चाहाँन्छु । यस्तै अवस्था रहयो भने थारुहरुको आन्दोलन गर्न अर्को विकल्प छैन । गृहयुद्ध तिर धकेल्ने सम्भावना रहेको हुँदा आन्दोलनलाई प्रदेश सरकार धान्न सक्ने कि नसक्ने यतातिर पनि ध्यान दिने कि नदिने पुस्तौ पुस्ता देखि थारु पहाडीको सदभाब खलबलिने सम्भावना देखिन्छ । यस्तो परिस्थीतिमा विकासको ठूला ठूला परिकल्पना व्यर्थ हो । सम्भव त्यहाँ हुन्छ जहाँ शान्ति हुन्छ त्यहाँ विकास हुन्छ । माननीय सभामुख महोदय मिति २०७४।११।२१ गते आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाह अठार बुदे प्रतिबद्धता सार्वजनिक गर्दै टिकापुर सदभाव विगार्ने रेसमलाल चौधरीलाई अन्य कारागारमा सरुवा गर्ने चेतावनी दिएको मेरो आपत्ति छ । सभापति महोदय कुनै पनि नागरिक राज्यबाट न्याय नपाएको अवस्थामा न्यायको खोजिका लागि अनसन, आमरण अनसन वस्न नागरिकको नैसर्गिक अधिकार हो । कारागार भित्र आमरण अनसन बस्दा टिकापुर सद्भाव खलबलिने अनि त्यही टिकापुरमा २०७२ भदौ ८ गते कर्फ्यूलागेको सुरक्षाकर्मीको उपस्थितिमा गुण्डाहरु द्वारा थारुहरु ८० घर जलाईए ति व्यक्ति व्यक्तिका नाममा किटानी जाहेरी दिदा पनि कानूनी कठघरामा नल्याउनु त्यो मन्त्रीज्यूले सदभाव खलबलियको नदेख्नु मन्त्रीज्यूको त्यतातिर पनि ध्यान जाओस । अन्तमा म यो सरकारलाई सुभकामना बधाई दिदै बिदाहुन्छु धन्यवाद ।

(मा० सदस्यहरुले बोलिसकेपछि)

यो छलफल यही समाप्त हुन्छ ।

मा० सदस्यहरू,

उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा “मत विभाजन” गरि मत संकलन गरिने व्यहोरा जानकारी गराउँछु । मत विभाजन गर्दा आवश्यक प्रक्रियाको वारेमा जानकारी गराउदछु ।

विभाजन गर्नु अघि सभाकक्ष बाहिर हुनु भएका मा० सदस्यहरुलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म जनाउ घण्टी बजाइनेछ ।

जनाउ घण्टी बजेपछि सभाकक्ष वाहिर हुनुभएका मा० सदस्यहरु सभाकक्षभित्र प्रवेश गर्नु पर्नेछ ।

जनाउ घण्टी बन्द गरेपछि प्रदेश सभा भवनको मुल प्रवेशद्वारको अगाडीको बरण्डा र सोही भवनको पछाडी पुर्वतर्फको बरण्डा खाली गराइनेछ ।

प्रदेश सभा भवनको परिसरभित्र प्रवेश गर्ने र बाहीर जाने दुबै मुलगेट बन्द गरिने छन ।

उल्लेखित मुलगेटहरु बन्द गरिएपछि मतसंकलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका मा० सदस्यहरु लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लेखित बरण्डाहरुमा प्रवेश गर्न दिइने छैन ।

प्रदेश सभा भवनको मुल प्रवेशद्वारको अगाडी र सोही भवनको पछाडी पुर्वपट्टी रहेको बरण्डाहरुमाहरुमा मा० सदस्यहरुको वर्णानुक्रमानुसारको नामावली राखिएका छन् ।

(क) यस प्रस्तावको पक्षमा हुने अर्थात् "हुन्छ" भन्ने पक्षका मा० सदस्यहरु प्रदेश सभा भवनको मुल प्रवेशद्वारको अगाडी रहेको बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ ।

(ख) प्रस्तावको विपक्षमा हुने अर्थात् "हुन्न" भन्ने पक्षका मा० सदस्यहरु सभा भवनको पछाडी पुर्वपट्टीको बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ-आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ ।

मा० सदस्यहरुको सहयोगको लागि दुबैतर्फ सचिवालयका अधिकृत कर्मचारीहरु रहनेछन् ।

कुनै मा० सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको ३ मिनेटभित्र माग गरेमा सच्याउन दिइनेछ ।

मा० सदस्यहरु,

अब ५ मिनेट जनाउ घण्टी बजाइनेछ ।

(घण्टी बजी सकेपछि)

अब म प्रदेश सभा भवन परिसरमा रहेका वाहिरबाट प्रवेश गर्ने र वाहिर निस्कने दुईवटै मुल गेट बन्द गर्न आदेश दिन्छु ।

(दुबै मुल गेटहरु बन्द गरी सकेपछि)

मा० सदस्यहरु,

अब मा० मुख्यमन्त्री त्रिलोचन भट्टले आफुलाई प्रदेशसभाको विश्वास छ भनि राख्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु अर्थात् "हुन्छ" भन्ने पक्षका मा० सदस्यहरु प्रदेश सभा भवनको मुल प्रवेशद्वारको अगाडी पट्टीको बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको नामावलीको दस्तखत महलमा दस्तखत गर्नु होला र यो प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरु अर्थात् "हुन्न" भन्ने पक्षका मा० सदस्यहरु प्रदेश सभा भवनको पछाडी पट्टी पुर्वतर्फको बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको मा० सदस्यहरुको वर्णनानुक्रमानुसारको नामावलीको दस्तखत महलमा दस्तखत गर्नु होला ।

(क) यस प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षका मा० सदस्यहरु प्रदेश सभा भवनको मुल प्रवेशद्वारको अगाडी पट्टी रहेको बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको मा० सदस्यहरुको वर्णनानुक्रमानुसारको नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

(प्रवेश गर्न थालेपछि)

(ख) यस प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षका मा० सदस्यहरु प्रदेश सभा भवनको पछाडी पुर्वपट्टी रहेको बरण्डामा प्रवेश गरी त्यहाँ राखिएको मा० सदस्यहरुको वर्णनानुक्रमानुसारको नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस् ।

(प्रवेश गरी सकेपछि)

(विभाजनद्वारा मत संकलन गरी सकेपछि)

मा० सदस्यहरु,

तपाईहरु मध्ये कसैले आफ्नो मत सच्याउन चाहनु हुन्छ भने ३ मिनेटको समय निर्धारण गरेको छ । सो समयभित्र डायसमा आई आफ्नो मत सच्याउन सक्नु हुनेछ ।

(मत सच्याई सकेपछि)

(सच्चाइएको मत गणना गरिसकेपछि)

मा० सदस्यहरु,

बन्द गरिएका प्रदेश सभा भवन परिसरमा रहेका दुईवटै मुल गेटहरु खोल्न आदेश दिन्छु ।

(खोलिसकेपछि)

मा० सदस्यहरु,

अब म मत विभाजनको परिणाम घोषणा गर्दछु ।

मा० सदस्यहरु,

आजको मतदानमा उपस्थित मा० सदस्यहरुको संख्या ४८ रहेको छ ।

प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा ३८ मत र यस प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा १० मत परेको छ ।

(प्रस्तावको पक्षमा बहुमत भएमा)

मा० सदस्यहरू,

मा० मुख्यमन्त्री त्रिलोचन भट्टले आफुलाई प्रदेशसभाको विश्वास छ भनि राख्नुभएको प्रस्तावको पक्षमा जम्मा ३८ मत परेको र उक्त संख्या प्रदेशसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमत भएकोले मा० मुख्यमन्त्री त्रिलोचन भट्टको सरकारले यस सभाबाट विश्वासको मत प्राप्त गरेको घोषणा गर्दछु ।

अर्को बैठक मिति २०७४।११।२६ गते शनिवार दिनको १:०० बजे बस्ने गरि आजको सभा स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त ३:३५ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ ११ /२६**
**(छैठौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारमभ दिनको १:०६ बजे**

माननीय सदस्यहरू,

पहिलो अधिवेशनको छैठौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

सभामुख महोदय, विश्व भरी नै एउटा महिलाहरुको अधिकारको निमित्त आवाज उठाइएको दिन ८ मार्चको दिन जहाँ विश्वकै महिलाहरुले एउटा सास फेर्नको निमित्त अगाडि बढेको दिन त्यसै दिनमा कैलाली क्षेत्र नं. ३ घोडाघोडी नगरपालिका वडा नं. ५ मा एउटा दुखद घटना घटेको छ । जहाँ एउटा पन्ध्र वर्षिया ११ कक्षामा पढ्ने नाबालिका माथि बोक्सीको आरोपमा कुटपिट वेहोस हुने गरी र अत्यन्तै दुःखयी घटना घटेको हुदाँ सभामुख महोदय मार्फत यस सरकारलाई के जानकारी गराउन चाहाँन्छौ भने सम्बन्धीत घटनाको विषयमा छानबिन गरी दोसी माथि कार्बाहीको प्रोसेस अगाडि चालियोस भन्ने अनुरोध गर्द छु । धन्यवाद

**माननीय मालामती देवी रानाः** माननीय सभामुख महोदय, मार्च ८ को दिन सबै जनाले एउटा नारहिरुले एउटा सुख शान्ति समृद्धि नारीदिवस मनाइरहेको अवस्थामा घोडाघोडी नगरपालिका वडा नं. ५ मा १५ वर्षिय राधा चौधरीज्यूलाई घरबाट लखेट्दै बोक्सीको आरोपमा निर्घात कुटपिट गरिएको छ । सभामुख महोदय, कुटपिट मात्र होइन सभामुख महोदय जनप्रतिनिधि लगायत केही स्थानियहरुको जवरजस्तीले मिलापत्र गराइयो सभामुख महोदय, त्यो क्रुर घटनालाई दवाउन खोज्ने सरकारी निकाय होस् । स्थानीय निकाय होस र जो आफूलाई एउटा शिवको अवतार हुँ भनेर भोले बाबा भन्ने र मान्ने राम बहादुर चौधरी र एकजना पार्वति चौधरीले राधा चौधरीलाई निर्घात कुटपिट गरिएको छ । सभामुख महोदय कुटपिट गर्ने स्थानीयका रोहवरमा केही जनप्रतिनिधिहरुले मिलाउने प्रयास गरिएको छ । त्यो सम्बन्धित कार्यालयका प्रशासन माथि पनि विभागिय कार्वाही गरियोस भन्ने जोडदारका साथ माग गर्न चाहाँन्छु । जो पीडित छ उसको सुस्वास्थ्यको लागि म कामना पनि गर्न चाहाँन्छु र उहाँको सम्पूर्ण उपचार खर्चको जिम्मा राज्यद्वारा गरियोस् । त्यो घटनालाई छानविन गर्नका लागि सत्यतथ्य छानविन गर्नको लागि एउटा संसदीय समिति पनि बनोस म माग गर्न चाहान्छु । धन्यवाद ।

**माननीय पूर्णा जोशीः-** माननीय सभामुख महोदय, १०८ औं श्रमीक महिला दिवस उल्लास पूर्वक मनाइरहदा खेरी कैलाली क्षेत्र नं. ३ घोडाघोडी नगरपालिका वार्ड नं. ५ कि राधा चौधरी निर्घातरुपमा कुटिएकी छन् । मरणासन्न अवस्थामा उनि कैलाली जिल्लाको सेती अञ्चल अस्पतालमा उपचार गराई रहेकी छन् । घटनामा संलग्न मान्छेहरु आफूलाई शिबको अवतारको रुपमा लिएर आफूलाई शिवत्व गृहण गरेर कुतिएका महिलाहरुलाई चाँही पार्वतिकोरुपमा शोषण गरेर यो कहिले देखिको थियो भन्ने कुराको अनुसन्धान पनि अगाडि बढाउनु पर्छ मलाई लाग्छ । उनि यसरी निर्घात कुतिएकी छन् । ६ घण्टा सम्म कुटिदा खेरी समाज समिते बनेर बसेको छ । उनलाई विभिन्न किसमको मोडलमा कुटिएको छ । भिडियो पनि सम्पूर्ण माननीयज्यूलाई सेयर पनि गरेको छु सामाजिक सञ्जाल मार्फत समाज यतिखेर स्तब्ध भएमा यो प्रकृति यो घटना प्रति स्तब्ध भएमा एउटा किशोरी माथि भएको यस्तो किसिमको अमानविय घटना प्रति समाज यो सदन, सरकार स्तब्ध भएन भने हाम्रो समाज भोली समृद्धिको नाममा कता कता जान्छ भन्ने कुराको चिन्ताको विषय बनेको छ । यि १५ वर्षिय युवती बोक्सीको नाममा कुटीएकी छने उनलाई विभिन्न किसिमका आरोप लगाइएको छ भने उनिसँग भरखरै राक्षातकार गरेर अञ्चाल अस्पतालबाट म यहाँ आएको छु । उनले आफूलाई चोरीको नाममा विभिन्न किसिमको बच्चा मारेको अभियोगमा लगायतका बाहानाबाजी गरेर उनलाई कुटीयको छ । त्यसकारणले यो धर्म, परम्परा, संस्कृति विभिन्न नाममा हुने महिलाहरु माथि हुने यस्तो किसिमका अमानवीय दुर्व्यवहारका विरुद्ध मैले अस्ति पनि एउटा संकल्प प्रस्ताव पारित गरौ र यि घटनाहरुलाई चाँही हदै सम्मको सजाय हुने खालका घटनाहरुको रुपमा दर्ज गरौ भनेर मैले निवेदन गरेको थिए । माननीय सभामुख महोदय, यो घटना मात्रै होइन यो प्रवृती हो यो प्रवृतिहरुलाई हामीले निरुत्साहीत गरेनौ भने दण्डनिय बनाएनौ भने भोलि यो समाज हामीले वस्न नसकिने एउटा महिला, आमा, दिदि, बहिनी,

छोरी बालिकाहरुले बस्न नसकिने किसमको कुरुप समाज बन्छ । त्यसैले आर्थिक समृद्धिको नाममा बाटोघाटो बनाउला मोटरबाटो बनाउला तर नयाँ स्थापना गर्ने किसमको समाज निर्माण भएन भने । हामी त्यो समाजमा बस्न लायक हुँदैनौ । माननीय सभामुख मार्फत राधा चौधरी मार्फत भएको कुटपिट, अमानवीय व्यवहार गर्ने दोशी माथि कडा भन्दा कडा सजाय होस र यस्ता किसमका घटनाहरु यो देवत्व गृहण गर्ने हरुलाई जुनसुकैलाई पनि महिलाको यौन शोसण गर्नेहरुलाई कार्वाही होस र उनको उपचारको खर्च सरकारले गरोस भन्ने कुराहरु ध्यानाकर्षण गर्न चाहाँन्छु । सभामुखज्यू मैले यो ध्यानाकर्षण गराए । आज आन्तरिक मामिला मन्त्रीज्यू उपस्थिति हुनु भएको छैन । उहाँ मार्फत मैले यो सदनको ध्यानाकर्षण पनि गराउन चाहाँन्छु । उहाँलाई यो सदनलाई यो घटनाको वारेमा के भइरहेको छ । अनुसन्धानको अवस्था के छ भन्ने कुराहरु मैले जवाफको माग पनि गर्न चाहाँन्छु । धन्यवाद

अब म प्रदेश सभा नियमावली मस्यौदा समितिका अध्यक्ष मा० लिलाधर भट्ट लाई प्रदेश नं. ७ को प्रदेश सभा नियमावली, २०७४ को मस्यौदा प्रतिवेदनको प्रस्ताव पेश गर्न अनुमती दिन्छु ।

**माननीय लिलाधर भट्टः-** माननीय सभामुख महोदय हामी यो देशलाई परिवर्तनको संघारमा ल्याइपुऱ्याउने यो देशका ज्ञात अज्ञात सहिदहरुलाई शब्द द्वारा श्रद्धाञ्जली दिन चाहाँन्छु । यो देश लामो समयसम्म केन्द्रीकृत राज्य व्यवस्थामा कायम रहयो । यो केन्द्रीकृत राज्यव्यवस्थालाई परिवर्तन गर्नको लागि हजारौ हजार सहिदहरुले बलिदान गरे घाइते भए । अपाङ्ग भए । घरबार विहिन भए । अहिले हामी संघीय गणतन्त्र नेपालमा आइपुगेका छौं । यो गणतन्त्र नेपालमा आइपुग्दा तीन तहका सरकार बनाउने हाम्रो संविधान गरेको व्यवस्था अनुसार आज हामीले तीन वटै तहका निर्वाचन सम्पन्न गरी सकेका छौं । यो निर्वाचन सम्पन्न गरी सकेपछि प्रदेश सरकार नेपालको लागि नयाँ सरकार भएको छ । यो मोडल नेपालका लागि नयाँ मोडल भएको छ र आज यो मोडल लागू भई रहदाँ हाम्रा विभिनन कठिनाई छन् । संविधानले हामीलाई दिएका प्रदेश सरकारलाई दिएका २१ वटा अधिकार हाम्रा कानूनहरु बनाउनु पर्ने छ । संसद्को लागि अभ्यास गर्ने छौं । यो नयाँ संसदको अभ्यास गरिरहदा यो सरकारलाई चलाई रहदाँ अहिले प्रदेशको संसद्लाई चलाई रहदा अन्तरिम कार्यविधि अनुसार चलिरहेको छ । अहिले साँच्चै भन्ने हो भने २०६२/०६३ को जनआन्दोलन पछि संघीय गणतन्त्र नेपाल भनीरहदा राजनीतिक शास्त्रका विद्यार्थीहरुले नेपाललाई संघीय गणतन्त्र नेपाल कहिले भयो भनेर खोजि रहदा हामी साच्चै संघीय गणतन्त्र नेपाल संविधानको परिभाषा अनुसार मात्र देखियो र अहिले २०७४ को निर्वाचन पछि मात्रै हामीले संघीयको अनुभूती गरिराखेका छौं । तर, अनुभूती गरिरहदा पनि अझ पनि थुप्रै कठिनाईहरु हाम्रा सामु छन् । अहिले पनि संसारमै हेर्ने हो भने नेपालको यस्तो संघीयताको व्यवस्थामा छौं । हामीसँग कुनै पनि कर्मचारीको व्यवस्था भएको छैन । अहिले जती पनि कर्मचारीहरु छन् । सबै संघीय सरकारको मातहतमा छन् । ...... यो सरकार हामीले तयाँ अभ्यास गरिरहदाँ कर्मचारी समायोजन नहुदा सम्म हामीलाई काम गर्न धेरे गाह्रो भएको छ । यही परिवेशमा हामीले संघीय संसद यो प्रदेश नं. ७ को संघीय संसदको हामीले अन्तरिम कार्यविधि अनुसार काम अगाडि बढाइरहेका छौं । सभामुख उपसभामुखको निर्वाचन गरिसकेका छौं र २०७४ साल फागुन २० गते यही सम्मानित सद्नले पाँच सदसीय नियमावली मस्यौदा कार्यसमिति गठन गरेको थियो । माननीय पूर्णा जोशी, माननीय कृष्ण बहादुर चौधरी, माननीय टेक बहादुर रैका आऊजी र माननीय महेशदत्त जोशी र म आफै रहेको एउटा टोलि गठन भएको थियो । यो मस्यौदा कमिटिले २० गते देखि हामीले प्रथम बैठक सुरु भई र प्रथम बैठकले एउटा कार्ययोजना बनायो । हामी कसरी संघीयता अगाडि बढाउने भन्ने आभास भइरहेको छ । यो आभाषलाई जनताका बीचमा जान दिनु हुदैन । संसद्ले काम नपाईकन सरकारले काम तयार गरिरहदा अनिस्चितकालिन संसद बन्द रहने हुदाँ जनताका बीचमा नकारात्मक असर परिरहेको जनगुनासो बढीरहदा हाम्रो मस्यौदा समितिले छिटो भन्दा छिटो हामी ५ दिन भित्रै संसदमा बसेर तयार गर्नु पर्ने अठोटका साथ २० गते देखि काम सुरु गऱ्यौ र २१ गते दोस्रो बैठक बसेर साथीहरुले सर्वसम्मतरुपमा चयन गरिसकेपछि हामीले कार्ययोजना बनायौ र यो कार्ययोजना बनाइसकेपछि हामीले सबै माननीयज्यूलाई बोलाएर उहाँहरुको सुझाव लिखित र मौखिक रुपमा हामीले लिने काम सम्पन्न गऱ्यौ त्यसका साथसाथै यो क्षेत्रका ख्याती प्राप्त कानून विज्ञहरुबाट पनि यसका विभिन्न धारा र दफामा हामीले छलफल गर्नु पर्छ भनेर सुझाव संकलन गऱ्यौ त्यसको साथसाथ संघीय संसदले बनाएका विभिन्न नियमावली र हिलेसम्मका कानून र विभिन्न प्रदेशले गरेका कामका अनुभवहरु हाम्रो प्रदेशको संसदलाई कसरी सञ्चालन गर्न सकिन्छ र यो मस्यौदामा हामी कसरी अगाडि बढ्न सक्छौ भनेर छलफल गर्दै जाँदा माननीयज्यूहरुको सहयोग सकारात्मक भूमिकाका साथ २४ गतेका दिन ससद सचिवालयमा

यो प्रदेश सभा नियमावली २०७४ हामीले ल्याइसकेका छौ । अहिले यो नियमावलीमा २६ वटा परिच्छेद रहेका छन् । ७ वटा अनुसूची रहेका छन् । २३० वटा धारा रहेका छन् । ५२ वटा पेज रहेका छन् । सभापतिको ठाउँमा अध्यक्ष भन्ने शब्द राखेका छौं । यसका विभिन्न धारामा संसद कसरी सञ्चालन गर्न सकिने यसका मर्यादा कसरी सचालन गर्न सकिने सभामुख उपसभामुखको निर्वाचन देखि लिएर हामी माननीयहरुको भूमिका न्यायीक कुराहरु कसरी अगाडि बढ्न सकिन्छ भन्ने कुराहरु मैले सम्पूर्ण सदस्य विज्ञ सदस्यहरु अन्य राजनीतिक विज्ञहरुको सुझाव प्रदेश सभा नियमावली २०७४ यो सम्मानीत सदन समक्ष राख्ने अनुमती चाहाँन्छु । धन्यवाद

(पेस गरिसकेपछि)

अब, म उक्त मस्यौदा प्रस्तावका समर्थक मा० महेश दत्त जोशी लाई प्रस्ताव समर्थनको लागि अनुमति दिन्छु ।

**माननीय महेश दत्त जोशीः-** माननीय सभामुख महोदय, संविधानको सर्वोच्चता कानूनी राज्यको लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात महान सहिदहरु प्रति श्रद्धासुमन हाम्रो ७ नम्बर प्रदेश समृद्धि तिर अगाडि बढ्दै गर्दा हाम्रो यो गरिमामय सद्नले आफूलाई निश्चित कानूनको दायरामा राख्नु पर्ने र ५ वर्ष आवधिक निर्वाचन प्रणाली अन्तर्गत ५ वर्षको जिम्मेवारी यो प्रदेशका जनताले यो गरिमामय सद्नलाई दिएको यस घडीमा सम्पूर्ण जनता प्रति आभार प्रकट गर्न चाहाँन्छु । माननीय सभामुख महोदय, कानूनी राज्यको लागि २०१० सालमा यसक्षेत्रकै महान सहिद भिमदत्त पन्त जसलाई किसान नेताको रुपमा संसारले चिन्दछ । यहाँका श्रमजीवि जनता यो प्रदेशको उज्वल भविष्यका लागि उहाँले आफ्नो जीवन उर्त्षग गर्नु भयो । २७ वर्षको उमेरमा समयावधीको हिसावले त्यो उमेर सानै अवस्था हो । भिमदत्त पन्तले त्यतीबेला भनेका कुरा कि त जोत हलो कि त छोड थलो अब होइन भने छैनौ कोही यो अहिले पनि सान्दर्भीक छ । अहिले पनि हामीले जनताको समृद्धिको लागि राष्ट्रिताको लागि हामीले संविधान सभाबाट प्राप्त गरेको संविधान कार्यान्वयन हुन कुरामा संका उत्पन्न भइरहेको छ । हाम्रो समाजमा कानूनी राज्यलाई हुन नदिने जनतालाई सार्वभौमसत्ता सम्पन्न हुन नदिने नेपालको राष्ट्रियतालाई सार्वभौमसत्ता सम्पन्न हुन नदिने राष्ट्रलाई बलियो हुन नदिने तत्वहरु यहाँ छन् । त्यसका विरुद्ध यो सदनले उभिनु पर्ने राष्ट्रियतालाई मजबुत बनाउनु पर्ने अवस्थामा हामीले कानून निर्माण गर्नु पर्ने धेरै कानूनको निर्माणमा गुर्न पर्ने अवस्थामा यो सद्न एकतावद्ध छौं भन्ने सन्देश यो समितिले नियमावली मस्यौदा समितिले प्रदर्शन गरेको छ । यो सद्न भित्र उपस्थित चारवटा राजनीतिक दलहरुमा हाम्रो सर्वसम्मत्त भएको छ । मस्यौदा निर्माण समितिमा हामी चारवटा दलबाटै थियौ । हामीले सर्वसम्मत्तरुपमा यो मस्यौदा तयार गरेका छौ । अब यो गरिमामय सद्नले सर्वसम्मत्त रुपले पास गर्छ भन्ने हाम्रो समितिको ठहर छ । ७ नम्बर प्रदेशको उज्वल भविष्यको कामना सम्पूर्ण नेपाली जनताले गरेको छ । हामीले हिमाल छ पहाड छ तराई छ । तराईको जनताले हामीसँग हिमाल छैन भनेर संकोच मान्नु पर्ने अवस्था छैन हिमालको जनताले हामीसँग तराईको समथर भूभाग छैन भनेर चिन्ता गर्नु पर्ने अवस्था छैन । पहाडको जनताले पहाड तराई घुम्न पाउने यो ७ नम्बर प्रदेश भाग्यमानी प्रदेश भएको छ सभामुख महोदय, हाम्रो जनता एकताबद्ध छ । सम्पूर्ण जाति जनजाति एकता वद्धभएर अगाडि बढ्ने संकल्प लिएर यो निर्वाचनमा भाग लिएका छन् । शान्तिपूर्ण ढङ्गले संसारलाई देखाउने गरेर यो निर्वाचन सम्पन्न गर्नमा ७ नम्बर प्रदेशका महान जनता सरिक भए कर्मचारी परिबेक्षकहरु हामीसबैलाई हार्दिक आभार प्रकट गर्न चाहाँन्छु । हामीलाई खुसी लागेको छ । यो प्रदेश कामको तिव्रतामा अगाडि बढेको छ । यो सद्नले सरकार निर्माण गरिसकेको अवस्थामा एउटा सरकार प्राप्त गरेका छौं । सद्नले यो नियमावली भित्र बाधिएर कुनै पनि कानूनी राज्यमा नियम भन्दा बाहिर कसैले पनि चल्नु हुदैन । कानूनको नजरमा कोही सानो ठूलो हुदँन भन्ने अभिप्रायले यो सदनले पनि त्यो कुरालाई स्वीकार गरेर त्यो कुरालाई निर्माण गर्नको लागि हामीले मस्यौदा तयार गरेका छौं । यसमा कतिपय त्रुटी हुनसक्छन ति कुरालाई गरिमामय सदनलाई फेरी पनि करेक्सन गर्ने छ । मूलरुपमा यसका भावलाई स्वीकार गर्ने छ भन्ने हामीले आशा पनि लिएका छौं । त्यसैले यो मस्यौदा पेस गर्नुहुने माननीय सदस्य लिलाधर भट्टज्यूको प्रस्ताव नेपालको संविधानको धारा १९४ बमोजिम गठित प्रदेश नं. ७ को प्रदेश सभा नियमावली २०७४ माथि दफावार छलफ गरी पारीत गरियोस भनी गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु र यो सर्वसम्मत्त रुपमा पास गरियोस भन्ने अपेक्षा पनि राख्छु । धन्यवाद

त्यस्तै प्रस्तावको समर्थन गर्न मा० टेक बहादुर रैका आउजी लाई अनुमति दिन्छु ।

**माननीय टेक बहादुर रैका आउजीः-** माननीय सभामुख महोदय, माननीय लिलाधर भट्टज्यूले राख्नु भएको प्रस्तावमा म समर्थन गर्दछु र समर्थनका साथसाथै जुन ७ नम्बर प्रदेशका जनताहरु र यो प्रदेश आर्थिक सामाजिक रुपले पछाडि परेको प्रदेश हो । यो प्रदेशमा कुप्रथाहरु धेरै छन् महिलाको विरुद्ध छाउपडि प्रथा दलितका विरुद्ध छुवाछुतको प्रथा ले यो क्षेत्रका मानिसहरु पिडित छौं । माननीय सभामुख महोदय हामी निर्वाचन

भइसकेपछि ७ नम्बरका जनताले यो प्रदेशको विकास गर्नको लागि हामी सत्ता पक्ष प्रतिपक्ष नभनी एकजुटका साथ अगाडि बढाउन हामी एकढिक्का भएर लाग्नु पर्छ । सरकारले छिटो नीति नियम बनाएर व्यवहारमा लागू गरोस भन्ने कुरा राख्दै लिलाधर भट्टज्यूले राख्नु भएको मस्यौदा समितिको प्रस्तावलाई समर्थन गर्दै विदा हुन्छु । धन्यवाद

(समर्थन गरिसके पछि)

मा० सदस्यहरू,

"प्रदेश नं. ७ को प्रदेश सभा नियमावली, २०७४" को प्रस्तावको दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चहानुहुने मा० सदस्यहरूले ३ मिनेट भित्र आफ्नो नाम ड्यासमा रहेका सचिवालयका कर्मचारीहरुलाई उपलब्ध गराउनु होला ।

(३ मिनेटको समय पछि)

सर्वप्रथम मा० माननीय भरतबहादुर खड्कालाई दफावार छलफलका लागि समय उपलब्ध गराउछु ।

**माननीय भरत बहादुर खड्का:-** सभामुख महोदय आज प्रदेश सभा नियमावली २०७४ यहाँ प्रस्तुत भएको छ । समितिको अध्यक्ष लगायत सम्पूर्ण साथीलाई हार्दिक धन्यवाद दिन चाहाँन्छु । अत्यन्त मेहनत गरेरे यो नियमावली बनाउनु भएको छ । पढ्न सकेको अवस्था छैन व्यहोरा कन्फ्यूज भएकाले यसलाई स्पष्ट होस भनेर मैले दुई तीन वटा कुरा बोल्न चाहे यो २ को परिभाषाको म मा सार्वजनिक महत्वको विषय भन्नाले प्रदेश नं. ७ का जनताको विकास निर्माण शान्ति सुरक्षा र अन्य सरोकारको विषयलाई मान्नु पर्छ भनेको छ । राष्ट्रव्यापीरुपमा कुनै कुरा पनि हाम्रो सरोकारको विषय हुन सक्छ यसलाई त्यही ढङ्गले भाषा र शब्दकोरुपमा राख्नु पर्दछ भन्ने जस्तो मलाई लाग्छ । यसको ४० मा पनि ध्यानाकर्षण छ । प्रश्न गर्न सक्ने प्रदेश भित्रका जनताको जन जीविकाका कुराका विषयमा प्रश्न गर्ने भन्ने लेखिएको छ । यसलाई खुकुलो बनाउनु पर्छ । ९० मा छलफको समयावधी भनेको छ । सदस्यले संकल्प गर्दा २० मिनेट १० मिनेट भन्ने राख्नु हुदैन सभामुख लाई बन्देज लगाउनु हुदैन परिस्थीतिलाई हेरेर समय निर्धारण गर्ने सम्मानीत सभामुखको भएको हुदाँ यसमा हामीले समय सीमा राख्न राख्न देखेको छैन । समग्रमा साथीहरुले राम्रो मेहनत गरेका छन् । हाम्रो अभ्यास गर्दै जाँदा यसमा के कमी भयो यसलाई समय परिस्थीति अनुसार परिमार्जन गर्दै जाने छौ भन्दै विदाहुन्छ । धन्यवाद

(मा० सदस्यहरुले बोलिसकेपछि)

अब, म "प्रदेश नं. ७ को प्रदेश सभा नियमावली, २०७४ मस्यौदा समितिका अध्यक्ष मा० लिलाधर भट्टलाई छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय लिलाधर भट्ट:-** सभामुख महोदय, यो नियमावली जुन रुपमा भरत माननीयज्यूले राखेको सुझाव पछि म मा सार्वजनिक महत्वको विषय भन्नाले ७ नम्बर प्रदेशका जनताको जनजिविका , विकास शान्ति सुरक्षा र अन्य सरोकारका विषय भनेर हामीले सरोकारका विषय त्यो राष्ट्रि पनि हुन सक्छ त्यो अन्तराष्ट्रि पनि हुन सक्छ । यसलाई अझै भाषिक सुद्धताका लागि सभामुखज्यूलाई दिने जिम्मेवारी दिएको छ । माननीय भरतखड्का ज्यूको सझावलाई पनि यसमा भाषिक रुपमा सुधार गरिने कुरा पनि अनुरोध गर्दछु । दोस्रोमा ध्यानाकर्षणको कुरा पनि त्यसलाई भाषिकरुपमा मिलाउने कुरा पनि अनुरोध गर्दछु । अर्को ९० नम्बरमा छलफलमा २० मिनेटको समय मन्त्रीले बोल्दा निश्चित गरेको छ । यो हुनत माननीय प्रतिनिधि सभाको माननीय भइसकेको ले यो बोल्ने समय निर्धारण नगरेपछि समय सापेक्ष कुरा भन्दा पनि त्यो भन्दा बाहीर जानसक्ने हुनसक्छ । अहिले नेपालमा विषय वस्तुमा भन्दा पनि बाहिर गएर विषय वस्तुबाट ध्यान हटाउने हुनसक्छ भनेर समेय सापेक्षरुपमा समय निर्धारण गर्दा विषय विज्ञताका आधारमा बोल्नका लागि गरिएको हो । यसलाई बाध्न खोलेको होइन । यसलाई सभामुखको अधिकार अस्तक्षेप गर्न खोजेको होइन भनी ध्यानाकर्षण गराउन चाहाँन्छु । धन्यवाद

मा० सदस्यहरू,

यस “प्रदेश नं. ७ को  प्रदेश सभा नियमावली” मस्यौदाको दफावार छलफल यही समाप्त हुन्छ ।

अब म प्रदेश सभा मस्यौदा नियमावलीको प्रस्तावना र नाम क्रमशः पढेर सुनाउँछु ।

प्रस्तावनाः

नेपालको संविधान २०७२ को धारा १९४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ७ को प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारवाही नियमित एवं प्रभावकारी बनाउन यो नियमावली बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम “प्रदेश नं. ७ को प्रदेश सभा नियमावली, २०७४” रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(पढी सकेपछि)

अब म नियमावलीको प्रस्तावना र नाम प्रदेशसभा नियमावली मस्यौदाको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने
मा० सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।

(“हुन्छ” भनी सकेपछि)

यसको विपक्षमा हुने मा० सदस्यहरुले “हुन्न” भन्नुहोस् ।

(“हुन्न” भनी सकेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ उक्त नियमावलीको प्रस्तावना र नाम सर्वसम्मतिले प्रदेशसभा नियमावली मस्यौदाको अंग बनेको घोषणा गर्दछु ।

अब म “प्रदेश नं. ७ को  प्रदेश सभा नियमावली पारित गरियोस भन्ने प्रस्तावलाई निर्णायर्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने मा० सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।

(“हुन्छ” भनी सकेपछि)

यसको विपक्षमा हुने मा० सदस्यहरुले “हुन्न” भन्नुहोस् ।

(“हुन्न” भनी सकेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन, तसर्थ प्रदेशसभा नियमावली मस्यौदा सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

अर्को सूचना प्रकाशीत नभए सम्मका लागी यो बैठक स्थगीत भएको घोषणा गर्दछु ।

**बैठक समाप्त ३:३५ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ १२ /०८**
**(सातौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको २:०२ बजे**

मा० सदस्यहरु,
यस सभाको सातौ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरु,
अब विशेष समय शुरु हुन्छ ।

विशेष समयमा बोल्नुहुने माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम मा० भरत बहादुर खड्कालाई समय दिन्छु ।

**माननीय श्री भरत बहादुर खड्का:-** सभामुख महोदय, आजको देशका यो प्रदेशका विभिन्न भागमा चोरी डकैति लुटपाटका कराहरु व्यापकरुपमा अगाडि बढेका छन् ।  मलाई सूचना प्राप्त भए अनुसार डडेल्धुराको सकायाल, गणेशपुर, बडम, मालम र डोटीको सीमानाका बन्लेक लगायतका ठाउँहरुमा एउटा अपरिचित व्यक्तिहरुले लुटपाट गर्ने काम व्यापक चलाएका छन् । विहान मात्र डडेल्धुरामा एउटा व्यक्तिलाई समातिएको छ । मैले पहिले पनि भन्ने गरेको छु । कि यो प्रदेशमा लाइन गार्डर शान्ति सुरक्षा कामराख्ने सवालमा हामी अडाडि बढौं । शान्ति सुरक्षा कायम नराखी कुनै पनि विकासलाई अगाडि बढाउन सक्दैनौ । पहिलो सर्त सबैभन्दा ठूलो जनतालो स्वतन्त्रपूर्वक निर्भय भएर  बाच्न पाउने उसको नैसर्गिक अधिकार हो । उसको इन्डिभिज्यौल राइट हो । त्यसैले गर्दा खेरी दिनानुदिन यस्ता घटनाहरु घटेका छन् । कसैलाई धम्की दिने, लुटपाट गर्ने तपाई हामीहरुको एउटा राष्ट्रियरुपमा पनि लज्जास्पद कुराहरु अस्ति मात्रै बोक्सीको आरोपमा एउटा ठूलो घटना भयो । एउटा पन्ध्र वर्षको बालिका माथि त्यसैले गर्दा खेरी सरकार यो मामलामा धेरै कमजोर भएको हामीलाई अनुभूती भएको छ । म आग्रह गर्न चाहाँन्छु । शान्ति सुरक्षा कायम राख्ने सवालमा हाम्रो सरकारलाई साथ छ । विधिको शासनलाई स्थापित गर्ने सवालमा पूर्णरुपमा हाम्रो सहयोग र समर्थन छ । यो सबैको साझा कुरा हो । त्यसैले हल्का ढङ्गले जानु हुदैंन् । जब चोरी, डगैती, बेइमानी गर्ने मान्छेहरुलाई घुम्दै जान्छ भने अराजकताले खान्छ । डेमोक्रेसी कमजोर हुन्छ । बिधिको शासन कमजोर हुन्छ । कानुनी राज्यका प्रति मानिसको अविश्वास पैदा भएर जान्छ । राज्यका प्रति जनताको अविश्वास बढेर जान्छ । त्यसैले पहिलो सबैको सर्त भनेको कानूनी राज्यको अवधारणा लाई स्थापित गरौं । त्यसपछि मात्र अरुकुरा अडाडि बढ्न सक्छन् । त्यसैले यो मामलामा प्रदेश सरकार र सम्बन्धीत मन्त्रालयलाई म आग्रह गर्न चाहाँन्छु । कि शान्ति अमनचयन कायम रहोस यो झनझन विग्रदै नगाओस् । यसलाई हल्का ढङ्गले नलिइयोस हामीले बारम्बार आग्रह गरेको छौं हामीले भनेका छौं । हामी यि साझा मुद्दामा ७ नम्बरलाई मजबुत बनाउने सवालमा हरेक ७ नम्बर प्रदेशको चाहिने विकासको सवालमा कांग्रस तपाईहरुको साथमा सरकारको साथमा सहकार्य गर्न तयार छ । तर यसको अर्थ यो होइन हामीले धेरै वाच पनि गरेका छौं कि जब विग्रदै जान्छ भने हामी सचेत पनि गराउछौं समयमा त्यसैले सरकारले जिम्मेवारी पूर्वक प्रस्तुत हुनु पर्छ । सरकार धेरै फितलो हुन्छ । मैले भन्ने गरेको छु । सय दिन हो । म यो कुरा नाघ्न चाहाँदैन यसको हनिमुन पिरियोड हुन्छ तर यसको अर्थ यो होइन जब, ज्याजती हुन्छ । त्यो सीमा, मूल्य र मान्यता भन्दा बज अर्कै बाटोमा जान्छ बोल्नु पर्ने कुरा आउछ । अहिले धेरै कुरा नहुन सक्छ तर, लाईन अडर मेन्टेन गर्ने कुरामा सरकार सचेत बसोस् हाम्रो साथ रहन्छ । विहान मात्र एक जना अपरिचित व्यक्ति जंगलमा बस्ने अपरिचित कुन ठाउँको मान्छे हुन तर लुटपाट महिलाहरुमा जंगलमा गएका महिलाहरुलाई जो घाँस दाउँरा काट्न जान्छन् । लुटपाट गर्ने काम प्रसस्त भएको छ । अराजकताका काम बढेका छन् । यो कुरालाई सरकारले समिक्षा र विश्लेषण गरेर यसमा गम्भिर हुन सरकारलाई म माग गर्न चाहाँन्छु । र त्यसैले गर्दा खेरी हामी सरकारका पनि राम्रा कामका साथमा छौं भन्ने कुरा राख्दै विदा हुन्छु । धन्यवाद जय नेपाल

**माननीय लिलाधर भट्ट:-** सभामुख महोदय, हामी अहिले यो संघीय गणतन्त्र नेपाल संस्थागत विकासको सबै चरणका चुनाव राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव सम्पन्न गरेको अहिले अगाडि बढि रहेको यस सन्दर्भमा आज विभिन्न यो संघीयता फेल गर्नको लागि केही सक्तिहरु लागि परेको हामीले महसुस गरेका छौं । अहिले संविधानमा स्पष्ठ भएका हाम्रा अधिकारहरु माथि खेल्नको लागि भर्खर मात्रै यूरोपियन युनियनका निर्वाचन परिवेक्षकहरुले नेपालको संविधानका व्यवस्थाका विपरित जुन प्रतिवेदन बुझाएका छन् । यो कुराको यो संसद्ले घोर आपत्ति गर्नु पर्दछ भन्ने हामीलाई लागेको छ । र यसका साथ साथै अहिले विभिन्न आइ एन जीओका नाममा विभिन्न देशका राजदुतहरु यो ७ नम्बर प्रदेशका विभिन्न समुदायसँग भेटघाट गर्ने र नागरिक समाजका नाममा मान्छेहरुलाई तपाईहरु राजनीतिक दलहरुभन्दा छुट्टै अधिकारको लागि संगठीत हुनु पर्छ भनेर हिडिरहेको हामीलाई आवास पनि भईरहेको छ । र केही राजनीतिक दलमा आवद्ध भएका नेताहरु सहित विभिन्न दक्षिण एसिया र एसियाली संगठनका नाममा यहाँ कार्यक्रम गरिरहेको हामी देख्दै छौं । र त्यसलाई प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गर्न पनि चाहाँन्छु । यसका साथसाथै विकास निर्माणका कुरामा अहिले ७ नम्बर प्रदेशको भौतिक प्रगति अहिले सम्म २६ प्रतिशत मात्र भएको अवस्था देखिन्छ । र यो ७ नम्बर प्रदेश भरिको ७ सय ५३ वार्डहरुको अवस्थामा कर्मचारीहरु धेरै वार्डमा नभएको अवस्था हामीले देखिरहेका छौं । र आज अहिले भौतिक पूर्वाधारको कुरा गर्ने हो भने यो ७ नम्बर प्रदेशका ९ वटै जिल्लाहरुका अव समायोजन हुने कार्यालयहरुको भौतिक पूर्वाधारको अवस्था के-कस्तो अवस्था रहेको छ । यो भौतिक पूर्वाधार कस्लाई हस्तान्तरण गर्ने हो भन्ने वारेमा पनि प्रदेश सरकारले गम्भीर ध्यान दिनु पर्ने देखिन्छ । यसका साथसाथै तत्कालरुपमै यो क्षेत्रमा भएका राम्रा गाडिहरु विभागहरुले तानीरहेको र यो क्षेत्रमा भएका कार्यालयका गाडिहरु सहित स्रोत साधनहरुलाई पनि तानिरहेको कुरा पनि हामीले देखिरहेका छौं । यसले पनि भोलि समस्या सृजना गर्न सक्छ भन्ने हामी देखिरहेका छौं । यसका साथसाथै यो प्रदेशका विभन्न कार्यालयमा आउन चाहाँने निजामती कर्मचारीलाई पनि आउन नदिने र आफूपनि नआउन सक्ने कर्मचारीलाई वृत्तमा पनि केही समस्या देखिएकोले तत्काल सरकारले त्यस समस्या समाधानको लागि पनि पहल गर्न पर्दछ । यसका साथै लामो समय सम्म ठेक्का लिएका तीन चार वर्ष सम्म ठेक्का लिएर लामो समय सम्म निर्माणकार्य सम्पन्न गर्न नसक्ने ७ नम्बर प्रदेश भरीका ठूला ठूला ठेकेदारहरुले पनि अहिले सरकारबाट हर्जना लिने निर्माण कार्य नभएको काममा पनि सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहाँन्छौ हामी र यसका साथै भूमि समस्याकोरुपमा रहेको अहिले हामीले देखेका छौं लामो समय सम्म त्यो भूमी ऐलानिको रुपमा रहेको यो कैलाली कञ्चनपुरको समस्या होस् र अहिले तराई भेगका नगरपालिकामा रहेको छाडा चौपायाको समस्या होस् । पहाडि क्षेत्रमा रहेको भालु बादर लगायतका समुहहरुको आतङ्क मच्चाउने समस्या होस् । भोलिका दिनमा तत्कालै गर्मी याम सुरु हुँदै भइसकेको यस अवस्थामा यसको लागि बाढि पहिरो नियन्त्रण र आग्जनिलाई नियन्त्रणका लागि पनि हामीले म्याकानिजम बनाएर अगाडि जानु पर्ने अवस्था रहेको छ । यसका साथसाथै अहिले विभिन्न धर्मका नाममा विभिन्न कुरितीहरु अहिले हाम्रो समाजमा विद्यमान छन् । भरखरै बोक्सीको आरोपमा एउटा घटना घटेको छ । त्यो मात्रै होइन त्यो भन्दा ठूलो घटनाको रुपमा छाउपडी प्रथाकोरुपमा देखि विभिन्न जातजातिका रुपमा विभन्न जातजातिका महिलाहरुमा देखि जुन विभेद भईरहेको छ । त्यसको घोर भत्र्षना गर्दै यही घोडाघोडी नगरपालिकाको मेयर माथि जुन सांघातिक आक्रमण भएकोछ । तयो सांघातिक हमलाको पनि निष्पक्ष छानविन गर्नको लागि पनि हामीले अगाडि बढ्नु पर्दछ । यो भोलि अन्य निर्वाचित सदस्य माथि पनि यस्ता खालका घटनाहरु हुन सक्ने कुरा पनि सरकारको गम्भीर ध्यानाकर्षण होस् र हामीले अबका बिकास निर्माणका कुराहरुलाई गुणात्मक अवस्थालाई ध्यान दिऊ र यसै कुरामा हाम्रो अहिले यो सीमामा चलखेल भइरहेका कुरालाई पनि विशेष ध्यान पुग्ने छ भन्ने भनाई राख्छु । धन्यवाद ।

**माननीय शान्ती नेपाली:-** माननीय सभामुख महोदय, सर्वाभौमसत्ता सम्पन्न जनतामा निहित राजकिय सत्ता र जनताले संघीय लोकतान्त्रीक गणतन्त्रको र वास्तविक जनअधिकारको आभाष गरिरहेको वेला ७ औं प्रदेश सभाको मेटिङ्ग सञ्चालन हुन गइरहेको छ । यसमा हाम्रो प्रदेश नं. ७ को सन्दर्भमा सबै भन्दा पहिला त संघीय संरचनामा जादाँ सरकाले प्रदेश प्रदेश सरकारलाई संघीयतामा लैजादा सहज हुने र जनताले सजिलो तरिकाले तपाईको राज्यका सबै अधिकारहरुको अनुभव गर्न गराउनका लागि जसरी संघीयतामा राज्य गएको छ । यसै सन्दर्भमा हाम्रो सुदूरपश्चिम अथवा सेती महाकाली ७ नम्बर प्रदेश जुन ७ नम्बरले हामीले चिनेका छौं । यो प्रदेश सबै भन्दा नेपालकै ऐतिहासिक प्रदेश हो जस्तो लाग्छ । जस्तै तपाईको चाइनासँग पनि यसको सम्बन्ध भौगोलिकरुपमा जोडिएको छ । यो आफैमा ऐतिहासिक प्रदेश हो । र छिमेकी देश भारतसँग पनि जोडिएको छ । यसै सन्दर्भमा म

दार्चुलामा रहेको कालापानी लिपु भञ्ज्याङ् लेक अझै पनि भारतको सीमा सुरक्षाबल बसीरहेको छ । सीमा सुरक्षाका हकमा ७ नम्बर प्रदेश सम्बेदनशील हुन पर्ने स्थिति आएको छ । र शिक्षाका सन्दर्भमा हामी सबैन्दा सक्षम जनशक्ति निर्माण गर्न चाहाँन्छौ तर शिक्षा क्षेत्रको मनपरी हेर्ने हो भने दिनानुदिन ३६५ दिन हुन्छन भनेर हामीले क्यालकुलेशन गर्छौं । एक वर्ष भरी त्यो एक वर्षमा २०७४ को डाटा हेर्दा ५३ वटा शनिवार परेका छन् । र ५३ वटा चाँही शुक्रवार परेका छन् । त्यसैमा पनि रातो मात्र लगाएको विदा हेर्नेहो भने सर्वाजनिक विदा हेर्नेहो भने ३० वटा दिन परेका छन् । त्यसपछि गएर दशैं तिहारको लामो विदा त्यसैमा पनि थप हिउदे विदा वर्खाका सिजनमा वर्खे विदा यसले गर्दा ३६५ दिनमा हिसाव गर्ने हो भने २०० दिन पनि विद्यार्थिले पढ्न पाएका छैनन् । यसकारणले यो शिक्षा क्षेत्रको मनपरितन्त्रलाई प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहाँन्छु । सबै केटा केटीहरु दिन प्रतिदिन विदामै भएका कारणले पढ्नबाट अझै वञ्चित भएको देखिन्छ । र अर्को छ महिलाहरुको सन्दर्भमा राज्यले तत्काल मौलिक अधिकारको वारेमा थुप्रै अधिकारको व्यवस्था गरेको छ । तर जुन व्यरोजगारीताले हेर्नेहो भने । महिलाहरुको स्थिति विहान ४ बजे उठेर साझ ११ जबे सम्म तपाईको घरमा काम गर्छन तर त्यो कामको मूल्य छैन् । मूल्याङ्कन हुन सकेको छैन् । कसैले सोध्दा अथवा कर्मचारी सबैलाई सध्दा मेडमले के काम गर्नु हुन्छ ? हैन घरमा बस्नु भएको छ भन्नु हुन्छ । यसको जवाफ यसरी आउछ त्यसकारणले महिलाहरुको वेरोजगार भत्ताको सन्दर्भ पनि उठेको छ महिलाहरुको कामको मूल्य निर्धारणको कुरा प्रदेश सरकारले महसुस गर्नु पर्ने अनिवार्य आवश्यकताको रुपमा लैजानु पर्ने देखिन्छ । र तेस्रो नम्बरमा संविधानको धारा ४० मा उल्लेख भएको दलितसम्बन्धी हक दलितका हक अधिकारका कुरा छन् यहाँ दलितहरुको हक अधिकारको कुरा गर्दा ७ नम्बर प्रदेश ९ वटा जिल्ला रहेको प्रदेश छ जहाँ तपाईको ९ वटा जिल्ला रहेको प्रदेशमा ७ वटा पहाडी जिल्ला रहेका छन् । त्यो पहाडी जिल्लाको सन्दर्भमा त्यहाँ पूरै भूमिहिन दलितहरु रहेका छन् । संविधानमा व्यवस्था भएको छ । ति भूमीहिन दलितलाई भूमीको सिघ्र व्यवस्था गर्न म अनुरोध गर्न चाहाँन्छु । त्यही भित्र विभिन्न प्रकृतिका दलितहरु छन् । हलिया देखि लिएर थुप्रै प्रथाहरु छन् । उहाँहरुले संघीयता, गणतन्त्र, धर्मनिपेक्षताका कुरा संविधानका कुरा गर्दा उहाँहरुले अझै सतहीबाट अधिकारको महशुस र कार्यान्वयन भएको देखिदैन त्यसकारणले सबै भन्दा विधिको शासनको कुरा गर्दा, विधि नियम र कानूनको कुरा गर्दा जे-जे कुरा कानूनमा लेखिएका छन् । क्रमश यसलाई कार्यान्वयन गर्न चुनौतिको विषय हो । त्यसै कारणले माननीय सभामुख महोदय समक्ष म यो कुरालाई जोडदार राख्न चाहाँन्छु । र यो हवाई मार्गको सन्दर्भमा पहाडि जिल्ला अन्तर्गत बझाङ्ग जिल्ला एयरपोंट धेरै अगाडी बनेको थियो । केही वर्ष अगाडी प्लेन पनि सन्चालन भएको थियो । तर, अहिले हेर्दा हवाइ जहाजको सुविधा छिटो भन्दा छिटो होस् भन्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय श्री अम्मर बहादुर साउँदः-** माननीय सभामुख महोदय, राजनीतिक क्रान्तीको अन्त्यसँगै हाम्रो देश समृद्धिको बाटोमा अगाडि बढिरहदा तीन वटै तहको निर्वाचन सम्पन्न भई प्रदेश र प्रतिनिधि सभा अर्थात केन्द्र सरकार गठन भइरहेको र स्थानीय तहका जनप्रतिनिधिहरु आफ्नो कार्यक्षेत्रमा अहोरात्र खटिरहदा भर्खरै घोडाघोडी नगरपालिकाको वार्ड नं. ५ मा बोक्सीको नाउमा घटेको एउटा अमानवीय व्यवहारसँग जोडिएर यही महिनाको २८ गते घोडाघोडी नगरपालिकाका मेयर ममता प्रसाद चौधरी माथि गोलि काण्ड भएको छ र हाल उहाँको काठमाण्डौको अस्पतालमा उपचारार्थ हुनु हुन्छ । यसरी जनप्रतिनिधिहरुले आफ्नो कार्यक्षेत्रमा इमान्दारी पूर्वक काम गरिरहदा जनप्रतिनिधिको मनोबल घट्ने गरी जुन अपराधिक मानसिकताले यसरी जनप्रतिनिधिलाई गोलि प्रहार हुन्छ भने कसरी जनप्रतिनिधिहरुले आफ्नो कार्यक्षेत्रमा काम गर्न सक्छन् । सभामुख महोदय मार्फत यो सम्मानित सदनमा अव सरकारले अथवा हाम्रो प्रदेश सरकारले आफ्ना जनप्रतिनिधिहरुको सुरक्षाका लागि उचित व्यवस्था र सरक्षाको प्रत्याभुति दिनका लागि सम्मानित सदन र विशेष गरि मन्त्रिपरिषदलाई आग्रह गर्न चाहान्छु । र त्यसै गरी हामी आर्थिक समृद्धिको कुरा गरिरहदा हाम्रो प्रदेश नं. ७ मा यहाँको कृषि, जलस्रोत, वनसम्पदा र पर्यटन व्यवसाय विशेष गरि यो क्षेत्रका आर्थिक समृद्धिका आधारहरु हुन । समृद्धिको कुरा गरिरहदा हामीले भरखरै कृषि क्षेत्रको एउटा दर्दनाक हिउदे बालि लगाइ रहदा यहाँका किसानहरुले एक कट्टा खादमल नपाई भारतका विभिन्न सीमावर्ती सहरहरुमा आउनु परेको अवस्था छ । र त्यो पनि विभिन्न सीमा सुरक्षाबल एस.एस.वी.को कुटाईले र गुणस्तरहिन खाद मल प्रयोग गरिरहेको अवस्था किसानहरुको दर्दनाक स्थिति छ । जस्ले गर्दा यहाँका किसानहरुको कृषिको व्यवसायिक करण र आधुनिकिकरण गरिरहदा यस्तो स्थितिमा हामी कसरी किसानहरुको उन्नती र प्रगतिको आर्थिक समृद्धिको कुराको लक्ष्य प्राप्ती गर्न सक्छौ । यसैले म यो सम्मानित सद्नमा विशेष गरी मन्त्रिपरिषद र कृषि मन्त्रीज्यूलाई विशेष गरी आग्रह गर्न के चाहान्छु भने यो अब धान रोप्ने सिजनका लागि ७

नम्बर प्रदेशका जुन अधिकांश किसानहरु विशेष गरी कृषिमा आधारित छन् । यहाँ ९० प्रतिशत जनताहरु कृषिमा आधारित छन् । उहाँहरुको उचित मलखाद र विउविजनको समयमै व्यवस्थापन गर्नका लागि विशेष गरि सम्मानित सद्नमा आग्रह गर्दछु । विशेष गरी कृषि मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहाँन्छु । र खादमलको वितरण गर्ने जिम्मा पाएको ७ नम्बर प्रदेशको साल्ट ट्रेडिङ्ग कर्पोरेसनको विशेष गरी सामग्री केन्द्रले ७ नम्बर प्रदेशका लागि खादमलको व्यवस्थापन छ कि छैन यो कुरा हामीले समयमा सोच्न सकेनौ भने अझै पनि यहाँ भन्दा अगाडि किसानहरुले भोगेको असुविधा अझै पनि यो प्रदेश वा संघियतामा गई सक्दा संघिय प्रदेश र स्थानीय तीनवटा प्रदेश बनी सक्दा पनि त्यही दुर्दशा किसानहरुले व्यहोर्नु परेका खण्डमा हाम्रो आर्थिक समृद्धिको जुन लक्ष्य प्राप्त गर्न सक्दैनौ त्यसैले खासगरी मन्त्रिपरिषद र कृषि मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहाँन्छु । त्यसैगरी ७ नम्बर प्रदेशमा कन्द्रा, महोना कर्णाली र महाकाली जस्ता ठूलानदीहरु आर्थिक समृद्धिको साझेदार पनि छन् । र अर्को तिर एउटा यो क्षेत्रको अविसापका रुपमा पनि यि नदीहरु यहाँका सयकडौं किसानहरुको घरवार विहिन अथवा हजारौ विघा जमिन नदी कटान गरी घरबार विहिन वनाइरहेको अवस्था छ । यसमा पनि खास गरी यो मन्त्री परिषदको ध्यानाकर्षण गर्दै कङ्ग्रा र महोना नदीले कणाली र महाकाली नदीले जुन वर्षेनी पुऱ्याएको नोक्सानवारे मन्त्रिपरिषदको ध्यानाकर्षण गराउनु चाहाँन्छु ।

विशेष समय यही समाप्त हुन्छ ।

(निर्वाचन आयोगबाट प्राप्त पत्र पढेर सुनाउने)

मा० सदस्यहरू,
निर्वाचन आयोगबाट राष्ट्रपति निर्वाचन सम्बन्धमा पत्र प्राप्त हुन आएको छ, सो पत्रको व्यहोरा म पढेर सुनाउँछु ।

मितिः- २०७४।१२।०६

विषयः- राष्ट्रपतिको निर्वाचन सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय,

प्रदेश नं.१ मोरङ, प्रदेश नं. २ धनुषा,प्रदेश नं. ३ मकवानपुर, प्रदेश नं. ४ कास्की, प्रदेश नं. ५ रुपन्देही, प्रदेश नं. ६ सुर्खेत र प्रदेश नं. ७ कैलाली ।

उपर्युक्त सम्बन्धमा मिति २०७४।११।२९ मा सम्पन्न राष्ट्रपतिको निर्वाचनबाट श्रीमती विद्यादेवी भण्डारी राष्ट्रपति पदमा निर्वाचित हुनुभएको व्यहोरा आयोगको मिति २०७४।११।२९ को निर्णयानुसार अनुरोध गर्दछु ।

(दिनेश कुमार घिमिरे)

सहसचिव

मा० सदस्यहरू,

त्यस्तै निर्वाचन आयोगबाट प्राप्त मिति २०७४।१२।०६ को उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी अर्को पत्र पढेर सुनाउछु ।

मिति २०७४।१२।०६

विषयः- उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय,

प्रदेश नं.१ मोरङ, प्रदेश नं. २ धनुषा,प्रदेश नं. ३ मकवानपुर, प्रदेश नं. ४ कास्की, प्रदेश नं. ५ रुपन्देही, प्रदेश नं. ६ सुर्खेत र प्रदेश नं. ७ कैलाली ।

उपर्युक्त सम्बन्धमा मिति २०७४।१२।०९ मा सम्पन्न गर्ने गरी तोकिएको उपराष्ट्रपतिको निर्वाचनको निर्वाचन कार्यक्रम सञ्चालनको क्रममा २०७४ साल चैत्र ४ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा एकजना मात्र उम्मेदवार श्री नन्द बहादुर पुनको मात्रै उम्मेदवारी कायम भएकोले श्री नन्द बहादुर पुन उपराष्ट्रपति पदमा निर्वाचित हुनु भएको व्यहोरा आयोगको मिति २०७४।१२।०४ को निर्णयानुसार अनुरोध गर्दछु ।

(दिनेश कुमार घिमिरे)

सहसचिव

(पत्र पढेर सुनाईसकेपछि)

(विषयगत समिति गठन)

मा० सदस्यहरू, नेपालको संविधानको धारा १९३ तथा प्रदेश नं. ७ को “प्रदेश सभा नियमावली, २०७४” को नियम १४५ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थीत गर्न विषयगत समितिमा रहनुहुने मा० सदस्यहरूको नामावली पढेर सुनाउँछु ।

विधायन तथा प्रदेश मामिला समितिः

विधायन तथा प्रदेश मामिला समितिमा रहनुहुने मा० सदस्यहरूमा

(१) मा० रण बहादुर रावल (२) मा० श्यामलाल राना थारु

(३) मा० उमा वादी (४) मा० वीरमान चौधरी

(५) मा० शान्ती नेपाली (६) मा० मालामति कु. राना थारु

(७) मा० तारा लामा तामाङ्ग (८) मा० नेपालु चौधरी

(९) मा० कृष्ण राज सुवेदी (१०) मा० मीना साउँद

(११) मा० सुशीला बुढाथोकी

अब म, उक्त नामावलीमा सहमती जनाई दिनहुन सभा समक्ष प्रस्तुत गर्दछु, सहमत हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला र सहमत नहुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

मा० सदस्यहरु सहमत भए “हुन्छ” भन्नुहोस ।

(“हुन्छ” भनिसकेपछी)

मा० सदस्यहरू सहमत नभए हुन्न भन्नुहोस ।

(“हुन्न” भन्ने आवाज नसुनियपछी)

“हुन्न” भन्ने आवाज सुनियन विधायन तथा प्रदेश मामिला समितिमा रहनुहुने उपरोक्तानुसारका मा० सदस्यहरूको नामावलीमा सभाको सहमती प्राप्त भएको घोषणा गर्दछु ।

सार्वजनिक लेखा समिति

अब सार्वजनिक लेखा समितिमा रहनुहुने मा० सदस्यहरुको नामावली पढेर सुनाउछु ।

(१) मा० भरत बहादुर खड्का (२) मा० कर्ण ब. मल्ल

(३) मा० कुमारी नन्दा बम (४) मा० मान बहादुर धामी

(५) मा० कुन्ती जोशी (६) मा० कुलवीर चौधरी

(७) मा० अमर बहादुर साउँद (८) मा० अर्चना गहतराज

(९) मा० बलबहादुर सोडारी (१०) मा० चुन कुमारी चौधरी

(११) मा० वलदेव रेग्मी

अब म, उक्त नामावलीमा सहमती जनाई दिनहुन सभा समक्ष प्रस्तुत गर्दछु, सहमत हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र सहमत नहुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

मा० सदस्यहरु सहमत भए "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसकेपछी)

मा० सदस्यहरू सहमत नभए हुन्न भन्नुहोस ।

("हुन्न" भन्ने आवाज नसुनियपछी)

"हुन्न" भन्ने आवाज सुनियन,सार्वजनिक लेखा समितिमा रहनुहुने उपरोक्तानुसारका मा० सदस्यहरूको नामावलीमा सभाको सहमती प्राप्त भएको घोषणा गर्दछु ।

अर्थ, विकास तथा प्राकृतिक स्रोत समितिः

अब अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा रहनुहुने मा० सदस्यहरुको नामावली पढेर सुनाउछु ।

(१) मा० गोविन्दराज बोहरा (२) मा० देवराज पाठक

(३) मा० अम्वी कुमारी थापा (४) मा० अक्कल बहादुर रावल

(५) मा० महेश दत्त जोशी (६) मा० प्रेम प्रकास भट्ट

(७) मा० कृष्ण बहादुर चौधरी (८) मा० हर्क ब. कुवँर

(९) मा० प्रकास रावल (१०) मा० रतन थापा

(११) मा० पूर्णा जोशी

अब म, उक्त नामावलीमा सहमती जनाई दिनहुन सभा समक्ष प्रस्तुत गर्दछु, सहमत हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र सहमत नहुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

मा० सदस्यहरु सहमत भए "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसकेपछी)

मा० सदस्यहरू सहमत नभए "हुन्न" भन्नुहोस ।

("हुन्न" भन्ने आवाज नसुनियपछी)

"हुन्न" भन्ने आवाज सुनियन, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा रहनुहुने उपरोक्तानुसारका मा० सदस्यहरूको नामावलीमा सभाको सहमती प्राप्त भएको घोषणा गर्दछु ।

सामाजिक विकास समितिः

अब सामाजिक विकास समितिमा रहनुहुने मा० सदस्यहरुको नामावली पढेर सुनाउछु ।

(१) मा० डिल्लीराज पन्त (२) मा० दिव्यश्वरी शाह (३) मा० टेक बहादुर रैका आउजी

(४) मा० नन्द बहादुर साउँद (५) मा० मान बहादुर सुनार (६) मा० देवकी मल्ल (थापा)

(७) मा० लाल बहादुर खड्का (८) मा० लिलाधर भट्ट (९) मा० गेल्बु सिंह बोहरा

(१०) मा० दुर्गा कुमारी कामी (११) मा० माया तामाङ्ग (बोहरा)

अब म, उक्त नामावलीमा सहमती जनाई दिनहुन सभा समक्ष प्रस्तुत गर्दछु सहमत हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र सहमत नहुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

मा० सदस्यहरु सहमत भए "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसकेपछी)

मा० सदस्यहरू सहमत नभए हुन्न भन्नुहोस ।

("हुन्न" भन्ने आवाज नसुनियपछी)

"हुन्न" भन्ने आवाज सुनियन, सामाजिक विकास समितिमा रहनुहुने उपरोक्तानुसारका मा० सदस्यहरूको नामावलीमा सभाको सहमती प्राप्त भएको घोषणा गर्दछु ।

लोगो निर्धारण मस्यौदा समिति

मा० सदस्यहरू यस प्रदेशको पहिचान झल्कने गरि लोगोको मस्यौदा तयार पारी प्रतिवेदनसाथ पेश गर्न लोगो निर्धारण मस्यौदा समितिमा देहायका मा० सदस्यहरू रहनुहुनेछ ।

(क) मा० श्यामलाल राना थारु (ख) मा० विरमान चौधरी (ग) मा० बलदेव रेग्मी

(घ) मा० लिलाधर भट्ट (ङ) मा० मालामती कुमारी राना थारु

उक्त नामावलीमा सहमती जनाई दिनहुन सभा समक्ष प्रस्तुत गर्दछु सहमत हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र सहमत नहुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

मा० सदस्यहरु सहमत भए "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसकेपछी)

मा० सदस्यहरू सहमत नभए हुन्न भन्नुहोस ।

("हुन्न" भन्ने आवाज नसुनियपछी)

"हुन्न" भन्ने आवाज सुनियन, लोगो निर्धारण मस्यौदा समितिमा रहनुहुने उपरोक्तानुसारका मा० सदस्यहरूको नामावलीमा सभाको सहमती प्राप्त भएको घोषणा गर्दछु ।

मा० सदस्यहरू,

अब अर्को बैठक २०७४ साल चैत्र १५ गते दिउसो १:०० बजे पुनः बस्ने गरी आजको बैठक स्थगित हुन्छ ।

**बैठक समाप्त २:३७ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ १२ /२०**
**पहिलो अधिवेसन**
**(आठौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक सुरु दिनको २:०२ बजे**

मा० सदस्यहरु,

यस सभाको आठौ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

अब, विशेष समय सुरु हुन्छ। विशेष समयमा मा० भरत बहादुर खड्कालाई बोल्न अनुमती दिन्छु।

**माननीय भरतबहादुर खड्का:-** सभामुख महोदय, हालसालै यूरोपियन युनियनले नेपालमा भएको निर्वाचनको प्रतिवेदन आधिकारिक रुपमा सार्वजनिक गरेको छ । नेपालको संविधानको त्यो वर्खिलापमा छ । त्यो निर्वाचनको अनुगमन समिक्षा गर्ने हो । निर्वाचन निष्पक्ष, स्वतन्त्र, धादलीरहीत भयो कि भएन भन्ने कुरा तिर जानु पर्नेमा नेपालको संविधान भनेको नेपाली जनताको यो हाम्रो आफ्नो किसिमको आन्तरिक दस्तावेजहो । कुनै पनि राष्ट्रलाई कुनै पनि व्यक्ति र संस्थालाई संविधानको वारेमा त्यहाँको सम्पर्दायक भावनालाई विगठन गर्ने हिसावले बोल्नु हुदैंन त्यो सीमा नाघेको हो । त्यसैले नेपालको सार्वभौमसत्ता सम्पन्न मूलुक हो र नेपाली जनता सक्षम छन् । वर्षौ देखि एउटा संकरमणकालिन स्थितिबाट गुज्रेको देश गरिवीको चपेटामा परेको देश संविधान सभा मार्फत हामीले प्रजातान्त्रीक पद्धतिको माध्ययमबाट हामीले संविधान निर्माण गर्‍यौ तीनै तहका निर्वाचन गरेर हामी आर्थिक समृद्धि तिर जानलागेको गरिबीबाट उन्मुक्ति भएर देशलाई शान्ति र सुव्यवस्था कायम गर्न लागेको अवस्थामा यो कुराले हामीलाई मर्माहत बनाएको छ । नेपाल सरकारले क्याविनेटबाट डिसिजन गरेर यो डिसिजनलाई सच्या भन्ने होइन नेपाली जनताले रिजेक्ट गरेका छौं भन्ने हैसियत राख्नु पर्छ नेपाली जनताले यसलाई रिजेक्ट गर्छ । यो सार्वभौमसत्ता माथिको प्रहार हो । र त्यस्ता संस्थाका मान्छेहरुलाई पनि नेपाल प्रवेशबाट रोक लगाउनु पर्छ। भनेर म चाहिँ माग गर्न चाहान्छु किनभन्दा नेपालको संविधानको धारा २५८ मा हरेक वर्ग, जातजातीको उन्नतीको लागि एउटा आयोगहरु गठन गरेका छन् । महिला आयोग, दलित आयोग, समावेशी आयोग, आदिवासी आयोग, जनजाती आयोग, मधेसी आयोग, थारु आयोग मुस्लिम आयोग यि धेरैको व्यवस्था गरिएको छ र कुनै मुलुकका सम्पर्दायिक खलल पार्ने काम कसैले गर्नु हुदैन त्यसैले यसलाई रिजेक्ट गर्नु पर्छ भन्ने मेरो माग छ। अर्को कुरा कैलाली र कञ्चनपुरमा अहिले यो गहुँ काट्ने सिजन भएको छ । कृषकहरुले तेल पाएन भन्ने ज्यादै गुनासो छ । म प्रान्तको सरकारको पनि ध्यान आकर्षण गर्न चाहान्छु कुन बेला कुन सिजन हो । कुन कुराको आवश्यकता पर्छ त्यो सेवा ग्राहीले समयमा पाउनु पर्छ मल पाउने बेला मल पाउनु पर्‍यो विऊ पाउने बेला बीऊ पाउनु पर्‍यो अब यो बेला तेल पाउनु पर्ने अवस्थामा एउटा गहुँको कटानी अर्को केही मकै छर्नु पर्ने देखि लिएर अन्य कुराहरु हुन्छन् र ठूलो गुनासो छ किसानहरुको र तेलको अभावले गर्दा खेरी निजी क्षेत्रलाई पनि यसले एउटा निरुत्साहित बनाएको छ। त्यसैले कुन समयमा के चाहीन्छ सरोकार वालालाई त्यसको वन्दोवस्ताका लागि प्रान्तको सरकार पनि अब चनाखो हुनु पर्‍यो किन भने यो दैनिक प्रशासन चलाउदा खेरी व्यवस्थापन भनेको धेरै ठूलोकुरा होइन त्यसैले यो सम्बन्धित निकायलाई सरोकारवाला निकायलाई के कति कारणले यसको अभाव भएको हो। यसको पनि जवाफ म सम्बन्धीत मन्त्रालयबाट माग गर्न चाहाँन्छु । यो अभाव पनि हुनु हुदैंन यो व्यवस्थापनको कम्जोरी जस्तो मैले गुनासो सुनेको छु। त्यसैले गर्दा खेरी यस तर्फ पनि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गर्न चाहान्छु। धन्यवाद ।

(बोलिसकेपछी)

मा० सदस्यहरू,

आजको विशेष समयको कार्वाही यही समाप्त हुन्छ ।

मा० सदस्यहरु,

अब शुन्य समय शुरु हुन्छ ।

शून्य समयमा बोल्नुहुने माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री अक्कल बहादुर रावललाई लाई समय दिन्छु ।

**माननीय अक्कल बहादुर रावलः-** सभामुख महोदय, यतिबेला हामी नेपालको राजनीतिको नयाँ कोर्षको अध्यायको थालनी गर्दै छौं । देशमा १२ बुले सहमती विस्तृत शान्ति सम्झौता हुदैं संघीय गणतन्त्रको प्रकृया सम्म आइपुग्दा हामीले धेरै उतार चढाबहरु हामीले भोग्नु परेको सर्वविदितै छ । त्यसैले शान्ति प्रक्रियाका झण्डै ११-१२ वर्ष वितिसकेका छन् । तर द्वन्द प्रभावित द्वन्द पिडित घाउहरुमा मलम लगाउने काम हामीले गर्न सकेका छैनौ । त्यसैले त्यो काम यो सद्न मार्फत सभामुखज्यू मार्फत म अवगत गराउन चहान्छु र संघीय सरकारको पनि ध्यानाकर्षण गराउन चाहाँन्छु । कि अब द्वन्दका क्रममा चहराइरहेका घाउहरुमा मलमपट्टी लगाउने समय अब हामीले विलम्ब गर्नु  हुदैन् । हामी समृद्धिको यात्रामा प्रवेश गरिरहदाँ यो परिवर्तनलाई यो ठाउसम्म पुऱ्याउने ति अभियान्ताहरु ति समाजका वस्तीहरु र ति महान जनताहरुले संगसंगै यो परिवर्तनको अभियान सँगसँगै अगाडि बढाउन सकेनौ भने यो परिवर्तनको वास्तविक अनुभूत गराउने कुरा अनुभुत गर्ने कुरामा अभाव रहन्छ जस्तो मलाई लाग्छ त्यसैले मैले यो विषयमा ध्यानाकर्षण गराए । र अर्को तिर हामी प्रदेशको संरचना हाम्रा लागि नयाँ कोर्षको थालनी हो मैले भनि सके हामी नयाँ कामहरु गर्दै छौ । नेपालको इतिहासमा प्रदेश सरकारलाई सञ्चालन गर्ने जुन हामीलाई अवसर प्राप्त भएको छ । त्यो अवसर हाम्रा लागि विरलै प्राप्त हुने एउटा राजनीतिक घटनाक्रमको रुपमा छ । त्यसैले यसलाई कुसलतापूर्वक कार्यान्वियन गर्ने कुरा हाम्रो अगाडि एउटा अभिभाराको रुपमा आएको छ । गणतन्त्रलाई कार्यान्वियन गर्ने प्रक्रियासँगसँगै यहाँको संघीय शासन प्रणालीलाई ठीक ठीक ढङ्गले अगाडि बढाउने क्रममा प्रदेश सरकारलाई ठीक ढङ्गले अगाडि बढाउने क्रममा हाम्रो सरकार प्रदेश नं. ७ को मन्त्रिपरिषद् र हाम्रो सद्न पनि दृढता पूर्वक अगाडि बढ्नु पर्ने आवश्यकता छ । र जनताका आवाजहरुलाई सम्बोधन गर्नुका निम्ति हामीले एकचोटी फेरी प्रतिबद्धता जनाउनु पर्ने एउटा संकल्प यो सद्नमा हामीले देखाउनु पर्ने आवश्यकता पनि देखिन्छ । त्यसैले हामी यो सरकारलाई यहाँ हामीले देखेका छौं । धन्यवाद ।

**माननीय श्री अर्चना गहतराजः-** सभामुख महोदय, राजधानीको विषयमा भन्नु पर्दा भौगोलिक सुरक्षाको दृष्टिकोणले पाँचौ विकास क्षेत्रको पायक पर्ने ठाउ दिपायललाई आज त्यहाँका जनताहरु रोइरहेका छन् । आक्रोसित भएका छन् । त्यहाँको संरचना भत्काउदाँ सरकारलाई कत्तिको घाटा लाग्छ आफैले बुझ्नु जरुरी छ । त्यसैले सभामुख महोदय म के भन्न चाहाँन्छु भने । त्यहाँ डोटेली जनताको माझमा गएर छिटो भन्दा छिटो सम्झौता गरी बार्ता गर्न जरुरी ठान्दछु । सभामुख महोदय, देश विकासको कुरा गर्दा आज हाम्रो सरकारी कलकारखानाहरु बन्द अवस्थामा भएको देखिन्छ । सभामुख महोदय आज तिनी कलकारखानाहरुलाई छिटो भन्दा छिटो चालु गरे पछि, हाम्रा विदेशीयका युवाहरु नेपालमै रोगगारी पाउछन् भन्ने मेरो आशा हो । सभामुख महोदय, त्यसैले सरकारको ध्यान ती कलकारखाना बन्द भएकालाई चालू गर्न आग्रह गर्दछु । छुवाछुतको विरुद्धमा भन्नु पर्दा दश वर्ष जनयुद्ध र १९ दिने जनआन्दोलन रहेको परिणाम स्वरुप २०४ वर्ष एकछत्र राजतन्त्रको अन्त्य र गणतन्त्रको भएको र देश सघीयमा गइरहेको बेला अझै पनि छुवाछुतले जरो गाडेको अवस्था छ । अस्ती भरखरै राजपुरमा शान्ति नेपालीले प्राकृतिक विद्युतिकरणमा उनिले छुवाछुतको कारणले गर्दा उनी त्यो पाउनबाट बन्चीत भईन त्यो लाभ निकाल्दा निकाल्दै पनि उनीले त्यो पाउने अवसर पाउन सकेकी छैनन् । छुवाछुत भएकै कारणले दलितै भएको कारणले त्यो मिटर भित्र भएकोले मिटर चेक गर्न जादा हाम्रो घर छुइन्छ । हाम्रो पानी छुइन्छ । हाम्रो वरिपरी छुइन्छ भनेर उनी त्यहाँबाट बन्चीत भईन् । सभामुख महोदय गरिब, सर्बाहारा पीछडिएका व्यक्ति भनेर समावेशी भनेर हाम्रो लागि कानून आएतापनि कार्यान्वियन भएको छैन । व्यवहारमा लागू भएको छैन् । छिटो भन्दा छिटो यसलाई कार्यान्वियन गर्नको निम्ति गर्दै धन्यवाद ।

**माननीय श्री अम्बीका कुमारी थापाः-** सभामुख महोदय, विकासको पूर्वाधार भनेको सडकबाट विकासका पूर्वाधार हुन्छन् । अछाम जिल्लाको हकमा भन्नु पर्दा निर्माणाधिन अवस्थामा रहेको सेती लोकमार्ग र निर्माणाधिन अवस्थामा नै रहेको मध्ये पहाडी लोकमार्ग कछुवाको गतिमा अगाडि बढिरहेको छ । त्यही भएर सभामुख महोदय यस जिल्लाको विकास निर्माणको लागि विभिन्न प्रदेश सरकारबाट चालिने पहली कदमहरु र सडकमा विशेष गरी

ध्यान जाओस भन्न चाहान्छु । एउटा नगरपालिकाबाट अर्को नगरपालिकामा पुग्ने सडक छैनन् । एउटा टोलबाट अर्को टोलमा पुग्ने सडक छैनन् । तान्ती भन्ने एउटा वडा छ । पञ्चायतकाल देखि अहिले लोकतत्रको स्थापना हुदाँ सम्म त्यहाँ कुनै पनि नेताहरु नगएको अवस्था रहेछ । हामी त्यो चुनावमा जाँदै गर्दा त्यहाको जनताका आवाज सुनेका थियौ । सभामुख महोदय, त्यहाँ हिडेर १०/१५ घण्टा लाग्छ । त्यसैले त्यस्ता पिछडिएका जनताहरुलाई पिछडिएका ठाउहरुलाई यो प्रदेश सरकारको विशेष ध्यान जान आवश्यकता छ । सभामुख महोदय, शिक्षाको कुरा गर्दै गर्दा शिक्षाको क्षेत्रमा शिक्षकहरुका दरवन्दी छैनन् । अहिले विभिन्न विद्यालयहरुमा शिक्षकहरुका दरवन्दी नभएको अवस्थामा प्राविधिक शिक्षाहरु पढ्नलाई अहीले सम्म कुनै पनि विद्यालय छैनन् । त्यही भएर शिक्षाको पहुचको लागि यो प्रदेश सरकारको विशेष ध्यान जाओस भन्न चाहाँन्छु । स्वास्थ्यको हकमा कुरा गर्दा गरिब र निमुखा जनताहरुको लागि विभिन्न अस्पताल धाउन नसक्ने अवस्था नभएकोले सामुदायिक अस्पतालको स्थापनाको लागि म यो प्रदेश सभामा माग राख्न चाहाँन्छु । सभामुख महोदय, जडो गाडिएर रहेको छाउपडी प्रथा अछाम जिल्लामा ९-१० जना महिलाहरु छाउगोठमा मरिसकेको अवस्थामा यो प्रदेश सरकारको अछाम जिल्ला प्रति हेर्ने दृष्टिकोण र यो छाउपडी प्रथा छाउ भएकै बेला महिलाले गोठमा बस्दै गर्दा मर्नु पर्ने अवस्थाबाट यो प्रदेश सभाको विशेष ध्यान जाओस् । हामीले घरमै बस्न सक्ने वातावरण यो प्रदेश सभाबाट सञ्चालन होस् भनी मैले आफ्नो माग राख्न चाँहे । सभामुख महोदय त्यसैले समग्र अछाम जिल्ला र समग्र ७ नम्बर प्रदेशमा पर्यटकहरु जस्तै उग्रतारामन्दिर, शैलेश्वरी मन्दिर, रामारोसन प्राकृतिक क्षेत्र विभिन्न मठ मन्दिर र विभिन्न पर्यटकीय ठाउँहरु प्रचारप्रसारको कारणले नै पछि परेका छौं । त्यसैले हाम्रो सञ्चार र प्रचार प्रसार गरेर हाम्रा प्राकृतिक स्थलहरु मठ, मन्दिरहरुको विशेष यो प्रदेश सभाबाट माग जाओस भन्दै हवस्त धन्यवाद ।

**माननीय श्री उमाकुमारी बादीः-** सभामुख महोद, हाम्रो सरकार विदेश जान्छ विभिनन सन्धी सम्झौता गरेर आउछ । नेपाल फर्किन्छ फर्केर आउछ त बादी समुदायको अवस्था जस्ताको तस्तै छ । किनभने विभिन्न सन्धीमा महिला, बालबालिका र पछाडि पारिएका वर्गलाई पहिलो प्राथमिकता दिनु छु भनेर सम्झौता गरेर आउछ तर फर्केर आउँदा बादी समुदायको अवस्था जस्ताको तस्तै छ मलाई बोल्ने के मन लागिरहेको छ भने २०६४ सालमा लामो आन्दोलन गरिसकेपछि सरकारले सम्झौता गर्‍यो तर त्यो सम्झौता ज्यूका त्यु छ । त्यो कार्यान्वयन भएको छैन् । सभामुख महोदयलाई मेरो आग्रह छ । बादी समुदायले अव त्यो दिन नदेख्नु नपरोस् । त्यसकारण बादी समुदाय जहाँ जता बसेको छ । त्यहाँ तिनिहरुको स्थायी व्यवस्था गर्नु पर्छ र बादी समुदायका बालबालिकालाई निशुल्क उच्चशिक्षा सम्मको सरकारले व्यवस्था गर्नु पर्छ र बादी समुदायका महिलाई आजका दिन सम्म सामाजिक सुरक्षा पत्ता पाएका छैनन् । त्यसैले ति महिला जो छन ३ सय वर्षबाट पछाडि परेको हुनाले तिनीहरुलाई पनि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरियोस् । बादी समुदाय आर्थिक तथा छुवाछुतको कारणले घुमन्ते मगन्ते जीवन निर्वाह गरिरहेका छन् । त्यसलाई हामीले के सोच्नु पर्‍यो भने राष्ट्रमा एउटा वर्ग एउटा समुदाय एउटा जात पछाडि पर्नु भनेको सिंगो राष्ट्र पछाडि पर्नु हो प्रदेश पछाडि पर्नु हो । त्यसैले म आग्रह गर्छु सभामुखज्यूलाई बादि समुदाय पनि यो देशको नागरिक हो । अरु सरह उनीहरुले बाच्न पाउनु पर्छ । पढ्न पाउनु पर्छ । विकासको मूलधारमा उनिहरुलाई पहिलो प्राथमिकता दिनु पर्छ र बादी समुदायले त्यती ठूलो माग गरेको छैन हामीलाई धनगढी चौराहामा हामीलाई बसाओस भनेको छैन् । जहाँ जता बसेका छन् त्यहाँ व्यवस्था गरियोस भन्ने मेरो आग्रह हो । सँगसँगै अहिले ६४ सालको लामो आन्दोलन पछि नेपाल सरकारले बादी समुदायको लागि एउटा समिति केन्द्रमा बनाइदिएको थियो । कता कता हल्ला सुनेको छु मैले कि त्यो समिति अहिले अन्त हुने वेला आएको छ । प्रदेश ७ ले त्यो समिति बाक्लो बस्ती भएको बादी वस्ती ७ मा पनि छ ६ मा पनि छ । ५ मा पनि छ । मेरो आग्रह त्यो समितिलाई प्रदेश नं. ७ मा ल्याउनु पर्छ भन्दै मेरा दुई शब्द यही टुङ्ग्याए धन्यवाद ।

**माननीय श्री कर्णबहादुर मल्लः-** सभामुख महोदय, गाई काट्ने कानून बनाईनु पर्छ भनेर सन्ने देशका हिन्दु नागरिक भएका छौ हामी सचिवले प्रधान न्यायाधिसलाई बर्खास्त गर्ने स्वतन्त्र न्यायपालिकाका हिमायती देशका नागरिक भएका छौं हामी दश बीस वर्ष अगाडि अशान्ति बाट आक्रान्त सुरुवात भएको थियो । त्यो शान्ति प्रक्रिया गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा टुङ्गीएको थियो । तत्कालिन अवस्थाका गिरिजाप्रसाद कोइरालाले नेतृत्व गर्ने सिद्धान्तसँग फरक मत राख्ने सम्पूर्ण देश भरिका राजनीतिक दलका सिद्धान्तलाई आफ्नो अनुकुल बनाएर अन्तराष्ट्रिय परिस्थितिलाई पनि नेपालको राजनीति नेपाली जनताको चाहाँना अनुरुप बनाएर शान्ति प्रक्रिया टुङ्गयाइएको थियो । संविधान सभाबाट संविधान ल्याइनु पर्छ भनेर २००७ साल देखि उठान गरिएको नेपाली जनताको आवाजलाई २०६४ सालको संविधान सभाको निर्वाचन अनुसार निरन्तर तत्कालीन संविधान सभाबाट

नेपाली जनताको चाहँना अनुसार ल्याउन जमर्को गरिएको त्यो संविधानको दस्तावेज तत्कालिन स्वर्गीय सुशिलकोइरालाको नेतृत्वमा ल्याइयो त्यो ल्याइदै गर्दा जुन संविधानअनुरुप आज हामी ७ नम्बर प्रदेशको गरिमामय प्रदेश सभामा प्रतिपक्ष र सत्ता पक्षका हैसियतले यहाँ उपस्थित भएका छौं । त्यो संविधान पनि सुशिल कोइरालाले नेतृत्व गर्ने सिद्धान्तसँग फरक मत राख्ने संविधान सभा भित्रका रहेका राजनीतिक दल र संविधान सभा बाहिर रहेका राजनीतिक परिवेशलाई पनि जनताको भावनाको अनुकुल ल्याएर यो संविधानको दस्तावेज ल्याइएको थियो । यो कार्यान्वयन गर्ने परिपाटोमा अहिलेको जुन गठबन्धन छ । जसले नेतृत्व गरिराखेको छ । जसलाई बाम गठबन्धनकारुपमा नेपाली राजनीतिक इतिहासमा चित्रण गरिएको छ र त्यसकै एक नायक प्रचण्डले सुरुगरेको स्थानीय तहको पहिलो चरणको निर्वाचन र हाम्रो पार्टीका केन्द्रीय सभापति शेरबहादुर देउवाले दोस्रो चरणको निर्वाचन गर्दै प्रदेश र प्रतिनिधि सभाको जुन निर्वाचन सम्पन्न गरिएको छ । त्यसलाई धन्यवाद त्यसलाई सम्पन्न गराउदै गर्दा सम्म पनि मधेस जलिरहेको थियो र यो संविधानलाई सर्वस्वीकार्य संविधानको दस्तावेजकोरुपमा बनाउन कठिन र जटिल अवस्था थियो । सभामुख महोदय, त्यो जटिल कठिन अवस्थाबाट नेपाली जनताको नासो जन संविधान आएको छ । त्यसलाई कार्यान्वयन गर्ने जुन राजनेताहरु थिए । तत्कालिन सरकार थियो । त्यसलाई धन्यवाद सम्म नदिन सक्ने यो हामी लोकतान्त्रीक संस्कार भएका यो हाउस भित्र यो सदन भित्र यो देश भित्र लोकतन्त्रका हिमायति नागरिक भएका छौ सभामुख महोदय, यो भन्दै गर्दा यो आजको तीन दिन पश्चात हाम्रो मुलुकका सम्माननीय प्रधानमन्त्री छिमेकी देश भारतको राजकीय भ्रमणमा जाँदै हुनुहुन्छ । म यो प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु सभामुख महोदय, हाम्रो यो प्रदेश छिमेकी मुलुक भारतका दूई वटा देशको सीमाना पर्दछ । र यो प्रदेशमा हाम्रो यो खकौला भन्सार देखि टनकपुर भन्सार देखि लिएर दार्चुला भन्सार सम्म जति पनि आवत जावत गर्दै गर्दा ७ नम्बर प्रदेशका दाजुभाई तथा दिदीबहिनीहरुलाई जुन असहज परिस्थिति सृजना भएको छ । त्यसलाई सहज परिस्थितिमा आवतजावत गर्ने कुराहरुको सम्मानित प्रधानमन्त्री मार्फत यो प्रदेशको सरकारले चाहिँ त्यहाँको केन्द्रय सरकारलाई यि कुराहरुको जवरजस्त ढङ्गले उठान गरी यसलाई निमिठ्यान्न् गरियोस भनी ध्यानाकर्षण गराउन चाहाँन्छु । त्यस्तै गरीकन सम्माननीय प्रधानमन्त्री तत्कालिन २००२ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको बखत उहाँको भारत भ्रमणमा भारत सरकारसँग २००२ मा यो सुदूरपश्चिमाञ्चलमा चाहिँ यो प्रवृत्ति प्रतिष्ठान स्थापना गर्ने सम्झौता भएको थियो । त्यो अब यसैसाल उहाँ प्रधानमन्त्रीको हैसियतले भारत भ्रमण जादै गर्दा त्यसलाई कार्यान्वयन गर्ने प्रतिवद्धता भएको छ । सभामुख महोदय म यो प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । यो प्रदेश सरकारले सम्मानीत प्रधानमन्त्रीको भारत भ्रमण हुँदै गर्दा त्यो प्रवृत्ति प्रतिष्ठान ७ नम्बर प्रदेशमा स्थापना गर्नको लागि जो कार्यान्वयनको पक्ष अड्किएको छ । त्यसलाई कार्यान्वयनको लागि अगाडि बढोस भन्ने ध्यानाकर्षण गराउन चाहाँन्छु । सभामुख महोदय, यसै गरिकन ७ नम्बर प्रदेशको जुन गरिबी........

**माननीय श्री कुन्ती जोशीः-**................ नआएको

**माननीय श्री कुलबिर चौधरीः-** माननीय सभामुखज्यू, हाम्रो देशमा तीनै तहको निर्वाचन सम्पन्न भई सरकार समेत गठन भइसकेको र अहिले मूलुक परिवर्तनको दिशामा अगाडि बढिरहेको अवस्थामा जनताहरु आफ्ना धेरै आकांक्षा बोकेका छन् र भन्नु पर्दा हाम्रो देशमा धरै जसो ठाउँमा आरक्षमा बसोबास गर्दै आएका आरक्ष समस्यामा पीडित व्यक्तिहरुको पनि बसोवाँस छ । ति व्यक्तिहरुको समस्यालाई समाधानका लागि त्यस क्षेत्रमा बसोबास गर्ने जनताहरु वर्खे खेती गर्छन । हिउदे खेती गर्छन् । तर तिनीहरुलाई घर भित्र्याउदा तिनीहरुलाई कृषिको साधनको उपयोग गर्न नपाइने बन्देज लगाइएको छ । त्यसो भएको हुनाले तिनीहरुको उचित बसोबाँसको व्यवस्था र उनिहरुले उत्पादन गरेका चिजहरुको सहजै भित्र्याउन पाउन भन्ने व्यवस्था हुनु पर्छ । त्यसै गरी वर्षौं देखि ऐलानी जग्गा कमाई खाएका व्यक्तिहरु पनि छन् । उनिहरु लालपूर्जा प्राप्त नगर्न सकेका कारणले गर्दा जंगलका छेउछाउमा बसोबाँस गर्दै आएका मानिसहरुको जंगली हात्ती जंगलि जनावरले बालीनालीमा क्षती पुऱ्याउदा उनिहरुको क्षतिपूर्तिको व्यवस्था सरकारबाट होस भन्नका लागि उनिहरुले कुनै किसमको क्षतिपूर्ती पनि प्राप्त गर्न नसकेको अवस्था छ । त्यसो भएको हुनाले यो मेरो जग्गा हो म यो जग्गाको मालिक हुँ भन्ने हिसाबले उनिहरुको उचित पूर्जाको व्यवस्था हुनु पर्छ र एउटा हाल निर्माण भइरहेको हुलाकी सडक निर्माण कार्यक्रममा यो हुलाकी सडकको तेस्रो खण्ड दैजी देखि बेलडाडी सम्म जुन हुलाकी सडक निर्माण भइरहेको छ । त्यसमा आरक्षमा रोड पर्ने भएको हुँदाखेरी निर्माण गर्ने ठेकादारलाई प्रन्ध्र मिटर मात्र अहिले निर्माण गर्ने आदेश आएको छ भन्ने जानकारीमा आएको छ । त्यसको मापदण्ड तीस मिटरको हुनु पर्नेमा पछि सम्झौता भएमा फेरी त्यही अनुसारले

गर्नु पर्ला भन्ने हिसावमा जनकारी आएको हुँदाँ त्यसको जति मापदण्ड हो । त्यही अनुसारले हुलाकी सडक निर्मण हुनु पर्छ भन्ने मान्यताका साथ सभामुख मार्फत मैले यहाँ अवगत गराए र हाम्रो कञ्चनपुर निर्वाचन क्षेत्र नं. १ को बीचबाट एउटा दोदा नदी बगिरहेको छ । त्यो दोदा नदिले गर्दाखेरी हाम्रा बालीनालीहरु बाढिमा डुबान पर्ने र हाल निर्माणको हुलाकी सडक कृषि र अन्य ग्रामिण सडक निर्माण भइरहेका छन् अन्य धेरै जसो बसोबास पनि भएको ठाउँ ....... धन्यवाद ।

**माननीय श्री कृष्ण बहादुर चौधरीः-** सम्माननीय सभामुख महोदय, हामी भक्खरै हाम्रो माननीयज्यूहरुले प्रदेश नं. ७ को विभिन्न कुराहरु उठाइरहदा हामी यो प्रदेश नं. ७ लाई अब हामीले कुन नम्बरमा राख्ने कुन स्तरमा राख्ने ? भन्ने हामी सबैले सोच्नु पर्ने बेला आएको मैले देख्दछु । यो ७ नम्बर प्रदेशलाई हामीले विकासमा हामी उचाइमा हामी पुऱ्याउन चाहाँन्छौ भने हामीले साझा पन र प्रतिबद्धता हामीले जनाउनु पर्छ । हामी यो ७ लाई होइन अब हामी ७ नम्बर प्रदेशलाई १ नम्बर प्रदेश बनाउनका लागि सबै राजनीतिक दलहरु मिलेर सझा प्रतिवद्धता यदि हामीले व्यक्त गऱ्यौ जाहेर गऱ्यौ भने हामीले यो प्रदेशमा ठूलो सम्भावनाहरु छन् । त्यसकारणले यो प्रदेश बिकासमा अगाडि बढ्ने अवस्था हामीले देखिराखेका छौ । सम्माननीय सभामुख महोदय अब बर्खा लाग्दै छ । त्यो पनि इन्डीयाको नाकाक्षेत्रमा बसेको किसानको छोरो भएको हुनाले म एउटा मेरो क्षेत्रमा पूर्वतिर पत्थरैया नदी र पश्चिम तिरमा कारा नदीको बीचमा छौ अनी त्यहाँ बर्खा लाग्ने बित्तिकै कतिखेर पानी आउला बाढी आउला अनि घर गाउँ डुबाउला भन्ने ठूलो त्रास त्यहाँ अहिलेदेखी नै देखिएको छ । त्यसकारण सम्मानीत सभामुख महोदय, म यो प्रदेश नं. ७ लाई सम्मानीत सभामुख मार्फत मैले यो सरकारको ध्यान त्यो बाढी डुबान क्षेत्रको तिर ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहाँन्छु । साथसाथै त्यो बाढीलाई रोकथाम गर्नु पर्ने चेकड्यामहरु बनाउनु पर्ने अवस्था छ । कति ठाउमा चाहिँ तटबन्धनको जरुरत छ । त्यतातिर पनि यो सरकारको ध्यान जाओस सभामुख महोदय र यो ७ नम्बर प्रदेशलाई हामीले विकासकोरुपमा हामीले देख्न चाहाँन्छौ भने टिकापुर देखि खक्रौला सम्मको जुन बाटो छ । यसलाई चाहिँ हामीले बढाएर फराकिलो बनाएर खक्रौला भन्सारलाई स्तरोन्ती गरेर यो ७ नम्बर प्रदेशको मुख्य एउटा नाका बनाउन सक्यौ भने मलाई लाग्छ । यो प्रदेशलाई ठूलो टेवा पुग्ने छ । सम्मानीत सभामुख महोदय, म एउटा किसानको छोरो भएको कारणले यो अगि हाम्रो एकजना माननीयज्यूले भन्दै हुनु हुन्थ्यो । अहिले गहुँ काट्न सिजन छ तर किसानहरुको घरमा चाहिँ डिजेलहरु छैन काम गर्न सक्ने स्थिति छैन डिजलको अभाव छ । यो डिजेललाई किसानलाई चाहिने सम्पूर्ण कुराहरुलाई समयमै यो सरकारले व्यवस्था गर्नु पर्छ साथसाथै अब बर्खा लाग्दै छ । अहिले देखि किसानहरु चाहिँ खासगरेर यो खादमलको लागि चिन्तामा भइरहेका छन् । त्यसकारण सभामुख महोदय यो सरकारको यो अधिकांश यो कैलाली र कञ्चनपुरमा एउटा कृषि पेशामा आवद्ध भएको हुनाले यो किसानहरुलाई बढि प्राथमिकतामा राखेर यदि हामीले समयमै खाद मलको व्यवस्था गर्न स्यौभने यो कैलाली र कञ्चनपुरमा जहाँ उर्वर जमिन छ धेरै अन्नहरु उत्पादनहुन सक्छन । किसानलाई ठूलो राहात हुन सक्छ । यो प्रदेशको पनि अन्न उत्पादनबाट ठूलो राहत मिल्न सक्छ । त्यसकारण यतातिर पनि यो सदनको ध्यान जानु पर्छ । अनि अब यो प्रदेशमा हामीले सबै किसिमको द्वन्द्वलाई अन्त गरेर अगाडि बढ्न सकेनौ भने मलाई लाग्छ । यो प्रदेश अगाडि बढ्न सक्दैन । भर्खरै अस्ति चाहिँ टिकापुर घटना देखि जो २४ जना कारागारमा हुनुहुन्छ । उहाँहरुको छानबिन गरियोस् र निर्दोषलाई छोडियोस तर दोशीलाई कार्बाही गरियोस तर निर्दोषलाई छोडियोस विनाकारण थुन्न पाइदैन । थुन्नु हुदैन त्यसकारण त्यतातिर पनि यो प्रदेश नं. ७ को ध्यान जाओस भन्न म चाहाँन्छु सभामुख महोदय अन्तमा यदि हामी सबैले मिलेर अगाडि बढ्यौ भने पक्कै पनि यो प्रदेशका.....धन्यवाद ।

**माननीय श्री कृष्णराज सुवेदीः-** मानीय सभामुख महोदय, गरिबी, अशिक्षा, व्यरोजगारीलाई निमूल गर्दै यो देशलाई उन्नती तर्फ बढाउनका लागि नेपालको संविधान २०७२ आइसकेको छ । यसलाई हामीले कार्यान्वयन गर्ने बेला आएको छ । सभामुख महोदय, हामी ७ नम्बर प्रदेश बासी धेरै अशिक्षा भोकमरीबाट पिडित छौं । तर हामीसँग प्रर्याप्त मात्रामा जल, जंगल, जमिन, जडिबुटि छ । यसको विकास गरेर यस प्रदेशको उन्नती गर्न सक्ने हामीसँग धेरै सम्भावना छन् । त्यतातिर सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहाँन्छु । कैलाली र कञ्चनपुर जिल्लामा अधिकांश भन्दा पनि ७० प्रतिशत नागरिक ऐलानी प्रति जग्गा ओगटेर बसेका छन् । राज्यले उक्त ठाउमा खानेपानी पुऱ्याएको छ । ग्रेभिल हालेको छ । कालोपत्रे गरेको छ । तर राज्यले उनिहरुबाट कुनै पनि कर लगेको छैन । त्यसैले म सम्मानित सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहाँन्छु । कैलाली र कञ्चनपुरमा भएका ऐलानी प्रर्ति जग्गामा बसोबास गरेका नागरिकलाई कुन विधिबाट हुन्छ । एउटा नियम कानूनसँगत अनुसार

नियम बनाएर उहाँहरुलाई लालपूर्जा दिएर राज्यको कर प्रणालीमा ल्याउनका लागि म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहाँन्छु । सभामुख महोदय, अन्य प्रदेशले आफ्नो स्थायी केन्द्र राजधानी र आफ्नो प्रदेशको नामाकरण गरिसकेको बेला हामी ७ नम्बर प्रदेशबाशी पछाडि त परेका छैनौ । त्यसैले यो ७ नम्बर प्रदेशको नामाकरण र स्थायी राजधानीको विषयमा सरकारले आफ्नो कार्यक्रम ल्याओस भन्ने सभामुख मार्फत म अनुरोध गर्न चाहाँन्छु । हामीसँग सुदूरपश्चिमका प्रख्यात सेती र महाकाली जस्ता नदी छन् । हाम्रो नामको विवाद नहोला जस्तो लाग्छ । त्यसैले यो सामरिक दृष्टिकोणले पनि २९/३० किलोमिटर टाढाँ मित्र राष्ट्र भारतबाट पनि टाढाँ भएको पहाडका मान्छेलाई पनि तराईमै राजधानी भयो भने भावना नलाग्ने र तराईका मान्छेलाई पनि पहाडमै राजधानी गयो भन्ने भावना नजाने खालको गोदावरी नगरपालिकाको वडा नम्बर ४ स्थित बनदेवी मन्दिर देखि माथि गोदावरी बजारमा स्थायी राजधानीकोरुपमा राख्दा यो प्रदेशलाई सबैलाई राम्रो हुनेकुरा म सभामुख समक्ष अनुरोध गर्दै सरकारको ध्यानाकर्षण गर्न चाहाँन्छु । सभामुख महोदय हामी प्रदेश सभाको माननीयको मर्यादाक्रम धेरै तल आएको छ । यो सम्मानित सभामार्फत हाम्रो संघीय सरकारसँग अनुरोध गर्न चाहाँन्छु । प्रदेशका माननीयको मर्यादाक्रम संघीय संसदका माननीय भन्दा मुनी नहोस र ११ नम्बर उहाँहरुको भयो भने १२ नम्बर हाम्रो होस भन्ने माग गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय श्री गेल्बु सिंह बोहराः-** माननीय सभामुख महोदय, आजको यस २१ औं शताब्दीमा पनि हाम्रो दार्चुला जिल्लाको व्यासँ गाउपालिका वार्ड नं. १ मा जानलाई आज पनि हामीले मित्र राष्ट्र भारतको बाटो प्रयोग गर्नु पर्ने अवस्था छ । त्यस तर्फ पनि सद्नमा सभामा माननीय सभामुखको ध्यानाकर्षण गर्न चाहाँन्छु । त्यस्तै अहिले राष्ट्रिय महत्वको रुपमा जुन दार्चुला टिङ्कर सडक निर्माणको क्रममा छ । त्यो निर्माण अवस्था भलै कागजमा भए पनि ६०/७० किलोमिटरको टेन्डर भए तापनि त्यसको काम चाँही अहिले सम्म २०/२२ किलामिटरको दायरामा मात्र सिमित भएको व्यहोरा म अनुरोध गर्न चाहाँन्छु । ताङ्ला भिर भन्ने ठाउमा झण्डै भण्डै ३०/४० किलोमिटरको काम भयो भन्देखिन त्यहाँबाट हामी झण्डै ४० किलोमिटर अगाडि सुन्सेरा सम्म हाम्रो यो सडक पुग्ने कुरा पनि म माननीय सभामुख मार्फत यो सदनलाई जनकारी गराउन चाँहे । जहैले पनि यो सडकको लागि विस्फोटक पदार्थको मात्रा अभाव भएको कुराहरु गुन्जीन आएको छ । त्यसैले म माननीय सभामुख मार्फत ति आयोजनाहरुमा यथासिघ्र बिस्फोटक पदार्थको व्यवस्था होस् । यो सडक भोलि गएर ताक्ला टिङ्कर नाका हुदै ताक्लाकोटको व्यापार केन्द्र सम्म पनि जोडिने एउटा छोटो दुरीको रुपमा पनि यसलाई लिन सकिन्छ । त्यतातिर पनि माननीय सभामुख मार्फत यो सद्नमा हार्दिक ध्यानाकर्षण गराउन चाहाँन्छु । त्यो नाका यदि भोलिको दिनमा सुचारुमा आयो भन्देखिन त्यस व्यापारिक नाकाको सँगसँगै त्यहाँ हिन्दुहरुको आस्थाको केन्द्र कैलाश मानसरोवरको रुटपनि त्यही बाटो भएर जाने हुनाले त्यसको सम्बन्धमा पनि यथासिघ्र हाम्रो प्रदेश सरकारको ध्यान जाने छ । त्यसको लागि हामीले भोलि धार्मिक पर्यटकको रुपमा पनि बढाउन सकिन्छ जस्तो पनि लाग्छ । त्यस्तै द्वन्द्वकालमा जुन हाम्रो ताक्लाकोटको टिङ्कर बोट भन्सार त्यस्तै दार्चुला भारत जोड्ने सितापुर भन्सार, जोल्जीवि भन्सार त्यस्तै दत्तु भन्सारमा द्वन्द्व भन्दा अगाडि जहाँ भन्सार कार्यालय स्थापना भएको थियो । त्यो द्वन्द्वकाल पछि ति ठाउँहरुमा आज सम्म नेपाल सरकारको कुनै किसिमको उपस्थिति छैन । त्यसैले ति ठाउँहरुमा यथासिघ्र भन्सारको व्यवस्था होस् भन्ने यहाँ ध्यानाकर्षण गराउन चाहाँन्छु । विद्युतिकरणको सम्बन्धमा हाम्रो दार्चुला बैतडी जिल्लाहरुमा अधिकांस ठाउँमा जकिहान खनिगा चमेलिया पिपार जस्ता ठूलठूला हाइड्रो पावर जस्ता अहिले बनिसकेको अवस्थामा पनि ति ठाउँहरुमा अहिले पनि मित्र राष्ट्र भारतबाट आएका विद्युतहरु जलिरहेको अवस्था छन् । त्यसको पनि केही भर हुँदैन समय समयमा जाने आउने भएको हुनाले यथा सिघ्र यि हाम्रा सदरमुकाम लगायत बैतडी जिल्लामा चमेलिया र अपिपारको बिद्युत यथासिघ्र पुऱ्याइयोस र त्यो जिल्लाहरुलाई लोडसेडिङ्गमुक्त बनाइयोस् । भन्ने अनुरोध गर्न चाहाँन्छु । धन्यवाद ।

**माननीय श्री डिल्लीराज पन्तः-** सभामुख महोदय, हाम्रो यस सदनको पहिलो बैठकमा सुदूरपश्चिमाञ्चलको विकासका लागि धेरै कुराहरु गरे यो हामीहरुको इच्छा पनि हो । आकांक्षा पनि तर यसलाई हामीले पूरा गरेर पनि देखाउनु पर्छ । ति मध्ये हामीहरुले यहाँको आर्थिक विकासको लागि औधोगिक विकास पर्यटनको विकासको लागि हामीले कुरा गरेका थियौ र ति सम्भव पनि हुन नभएका होइनन् । तर अहिले केही दिन यता छापाहरुमा एउटा खवर आईराखेको छ । यो गौरिफन्टा नाका बन्द हुने आवत जावत बन्द हुने भन्ने कुरा छापामा आइराखेको छ । हाम्रो यस प्रदेश सरकारलाई यो जानकारी छ वा छैन यदि छ भने छापाहरुबाट कुराहरुको पत्ता लगाउने तर हाम्रो यहाँ पर्यटनको लागि यहाँको निकासको लागि पैठारिका लागि सबभन्दा नजिको उत्तरप्रदेशका नजिक हामीहरुको

यो पर्ने यदि भोलि यो बन्द भयो भने यहाँका जनतालाई एउटा ठूलो धक्कालाग्ने स्थिति छ । विशेष गरेर पर्यटन क्षेत्रमा र भारतबाट आउने जुन सान्तीना खाद्य सामग्रीहरु छन् । दैनिक उपयोगका सामग्री छन् । ति महंगीकरण हुन जाने त्यसको असर पुरा सुदूरपश्चिमाञ्चलमै पर्ने भएकोले यसको लागि यो प्रदेश सरकारले तदारुकता गरोस भन्ने मेरो यो सद्नलाई पनि यो प्रदेश सरकारलाई पनि हार्दिक आग्रह छ । केही दिनपछि हाम्रो प्रधानमन्त्रीज्यू भारत भ्रमण जादै हुनुहुन्छ । प्रदेश सरकारले आग्रह गरोस प्रधानमन्त्रीज्यूलाई कि यो नाकालाई यथावत राख्ने भनेर एउटा एजेण्डा हाम्रो सरकारले केन्द्र सरकारले भारतमै लैजाओस् । तर यसलाई पनि बद्ल्नुहोस् । यदि हामीले त्यो गरेनौ हामीले हाम्रो प्रदेशलाई आफै पछाडि धकेल्न थाल्यौ भने जनतालाई हामीले बाडेका सपनाहरु जनताले चाँहेका सपनाहरु हामी पूरा गर्न सक्दैनौ मलाई एउटा अर्को कुरा के दःख लाग्छ अस्ती भरखरै केही दिन पहिला एउटा समाचार सुन्नमा आयो केन्द्र सरकारको श्रम मन्त्रालयले एउटा निर्णय गरेछ । श्रमस्वीकृती लिनको लागि अब केन्द्र सरकारले तीन ठाउबाट अझ लिन सक्ने इटहरीबाट, जनकपुरबाट र बुटवलबाट लिन सक्ने कुराहरु मैले पढे । हाम्रो सुदूरपश्चिमाञ्चलमा किन आएन भनेर यहाँको सरकारले के कदम लियो । के आग्रह गऱ्यो । के कार्वाही अगाडि बढायो म त्यो पनि सोध्न चाहाँन्छु । हाम्रो सुदूरपश्चिमाञ्चललाई केन्द्रबाट सञ्चाल भयो भन्ने गर्थ्यौ तर अहिले त हामी सुशासित छौ  तर अहिले पनि केन्द्रबाट हाम्रो सुदूरपश्चिमाञ्चललाई पछाडि धकेल्ने सुदूर भनेर हेप्ने टाढाको मान्ने प्रवृत्ति अझा पनि देखिएको छ । मलाई लाग्छ । संविधान नयाँ लेखिएको छ । लोकतन्त्र आएको छ । गणतन्त्र आएको छ । तर पूर्वका मान्छेहरुलाई केन्द्रको सरकारलाई अझै पूरानो मानसिकताबाट माथि आउने सोच परिवर्तन नभएको म देख्छु । एउटा विदेश जाने श्रमस्वीकृतिको कार्यालय सुदूरपश्चिमाञ्चलमा पनि एउटा कार्यालय सुदूरपश्चिमाञ्चलमा पनि खोलिनु पर्छ भन्ने आग्रह यहाँको स्थानीय सरकारको रहोस भनेर त्यो चाहाँन्छु । र त्यस पछि स्थानि रुपमा जान्छु । म यही कैलाली क्षेत्र नं. ५ को अहिले धनगढी क्षेत्रबाट निर्वाचित एउटा प्रतिनिधिको नाताले म भोलिका दिनमा वर्खाका दिन भएकाले यहाँ धेरै बाढी आउने छ भन्ने कुराहरु पनि यो क्षेत्रमा हाम्रो राजधानीमा यो मोहना भन्दा यता यो छ लेनको सडक बनिरहेको छ । त्यसको बीचको खाल्डो माथि श्रीलंका गेटा भन्दा माथि देखि लिएर तलसम्म बाढी यस्तो आउछ । कि घरका धुरीहरु मात्र देखिन्छन् । घर देखिदैन् र त्यस्तो पहल पहिला गर्नु पर्ने देखिन्छ र यहाँ छ लेनको सडक बनिराखेको छ । धेरै खुसीको करा हो विकास भइराखेको छ । तर बिडम्बना के छ भने छ लेनको सडकमा जो थप सडक बनिराखेको छ । त्यसमा भएका कलभर्ट पनि माटोले पानि बन्द गरिदिएको छ । यताको पानी उता र उताको पानी यता नजाने स्थिति आएको छ । अस्ती मैले त्यहाँ बुझ्दा खेरी सडकको टेन्डर त भएको हो । कलभर्टको टेन्डर भएको छैन भन्नेकुराहरु आएको छ । पानीको निकासको ड्रेनहरुको निकासको पनि ठेक्का भएको छैन । भोलि यो ठाउँ डुबानमा पर्छ हाम्रो समान्यमा विकराल स्थिति आउछ त्यसको लागि यो सरकार ............

शून्य समय यही समाप्त हुन्छ ।

मा० सदस्यहरू,

'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थीत गर्न बनेको विधयेक, २०७४' लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव माथि कुनै पनि माननीय सदस्यहरूको विरोधको सूचना प्राप्त नभएकोले आर्थिक मामिला तथा योजना मन्त्री मानीय श्री  झपट बहादुर बोहरालाई विधयेक प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय श्री झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ जो विश्वमै उत्कृष्ट नमुनाकोरुपमा हाम्रो समक्ष जारी भएको छ । हामी नेपालीहरुले जारी गरेका छौं । यो संविधानको पूर्ण कार्यान्वयनको लागि ढोका खुली सकेको छ । स्थानिय तहको निर्वाचन, प्रदेश तहको निर्वाचन र संघीय सरकारको निर्वाचन भई सकेको छ । अब यो प्रदेशलाई सुशासनको अनुभूती दिने किसमले राज्यमा कानूनको पालना गराउने किसमले हामीलाई चाहिँने न्युनतम ऐन कानूनको तर्जुमा यथासक्य छिटो गर्नु पर्छर्ने बाध्यता यो प्रदेश सभालाई आइलागेको व्यहोरा हामी सबैलाई सर्वव्यतितै छ । आज यस पुनित घडिमा प्रदेश सभा समक्ष यो प्रदेश सरकारको आर्थिक मामिला तथा योजता मन्त्रीको हैसियतले मैले प्रदेश सभा समक्ष यो आर्थिक कार्यविधि ऐन २०७४ म माननीय सभामुख मार्फत यो गरिमामय प्रदेश सभा समक्ष राख्न गइराखेको छु । पहिलो कुरा त के छ भने कुनै पनि आर्थिक गतिविधिलाई सुचारु रुपले सञ्चालन गर्न पारदर्शिता कायम गर्न आर्थिक अनुशासनलाई कायम गर्न

र आर्थिक समृद्धिको विकासलाई डोऱ्याउनको लागि न्यूनतम मापदण्ड र पहिलो मापदण्ड भनेको महत्वपूर्ण रुपनै ऐन कानून हो । त्यसैले माननीय सभामुख महोदय यो आर्थिक कार्यविधि ऐन, २०७४ सन्दर्भमा म सन्क्षेपमा गरिमामय सभा समक्ष यसको व्यहोरा जानकारी गराउने म अनुमती चाहाँन्छु । प्रस्तुत विधेयकमा जुन प्रकृयाबाट आउनु पर्थ्यो । त्यो प्रकृयाबाट नै आएको छ र सबै प्रकृर्या अबलम्बन गरी पुराना अभ्यास र ऐन कानूनमा भएका विधि र प्रक्रियालाई र नीति नियमलाई पार गर्दै यो सभा समक्ष आएको छ । यो प्रदेश सभा समक्ष आउनु भन्दा अगाडि यो विधेयक सैद्धान्तिकरुपमा स्वीकृत गर्नको लागि ऐन बनाउनको लागि हामीले मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त गऱ्यौ । मन्त्रिपरिषदले स्वीकृति दिए पश्चात यो विधेयक हामीले बनाएर कानून मन्त्रालयमा पठायौ । आन्तरिक मामिला मन्त्रालयको राय सुझाब सहित यो विधेयक मन्त्रिपरिषदमा हामीले प्रस्तुत गऱ्यौ र आन्तरिक मामिला र मन्त्रिपरिषद्ले पनि त्यसलाई आफ्नो सैद्धान्तिक स्वीकृती गरे पश्चात यो गरिमामय सभा समक्ष माननीय सभामुख मार्फत प्रस्तुत गर्न गइराखेका छौं । त्यसैले यो विधेयकमा के कुराको उल्लेख गरेको छ भने प्रदेश सञ्चित कोष अथवा सरकारी कोषको सञ्चालन बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने प्रतिवेदन गर्ने आन्तरिक नियन्त्रणको व्यवस्थामा ल्याउने आन्तरिक लेखापरिक्षण गराउने अन्तिम लेखा परिक्षण गराउने वेरुजु फर्च्यौट अशुलउपर तथा अन्तिम लेखा परिक्षण गराउने आवश्यक भएकोले प्रस्तुत प्रदेश आन्तरिक कार्यविधि विधेयक २०७४ सम्मानित सभा समक्ष नेपालको संविधानको धारा १९८ को उपधारा (३) को खण्ड (ख) बमोजिम अर्थ विधेयकको रुपमा प्रस्तुत गरेको छु । प्रस्तुत विधेयक सार्वजनिक खर्च व्यवस्थापनमा जवाफदेहिता मितव्यीता, एकरुपता र प्रभावकारीता कायम गर्ने परियोजनार्थ यो विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गरिएको छ । माननीय सभामुख महोदय यो विधेयकमा संवैधानिक तथा कानूनी व्यवस्था वारे म सक्षिप्तमा निवेदन गर्न चाहाँन्छु । नेपालको संविधान २०७२ को धारा ५९ उपधारा (१) मा संघ प्रदेशले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउन सक्ने प्रावधान रहेको र नेपालको संविधानको धारा २१३ मा आर्थिक कार्यविधि सम्बन्धी प्रदेश ऐन बमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्न र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोमिज हुने संवैधानिक व्यवस्था छ । यस ऐन कार्यान्वयनको लागि विद्यमान प्रशासनिक संरचनाको अतिरित्त प्रदेश लेखा नियन्त्रण कार्यालय र प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयको संयन्त्र आवश्यक पर्ने देखिन्छ । माननीय सभामुख महोदय यो राष्ट्रिय परिवेश अन्तर्राष्ट्रि परिवेशमा यस ऐनले पर्ने प्रभावको सम्बन्धमा म माननीय सभामुख मार्फत प्रदेश सभा समक्ष यसको संक्षित विवरण राख्न चाहाँन्छु । यसमा प्रदेश संचित कोष र सरकारी संचितकोषको सञ्चालन बजेत तर्जुमा निकाशा तथा खर्च राख्ने लेखा राख्ने लेखा नियन्त्रणको व्यवस्था राख्ने आन्तरिक लेखा नियन्त्रण गर्ने गराउने अन्तिम लेखा परिक्षण गराउने वेरुजु फर्च्यौट अशुल उपर तथा तपशि गर्न गराउन अन्तिम लेखा परिक्षण गराउने वेरुजु फर्छयौट गराउने कार्य गर्न आवश्यक भएकोले प्रस्तुत आर्थिक कार्यविधि विधेयक २०७४ ल्याएको र प्रस्तुत विधेयकले सार्वजनिक खर्च व्यवस्थापन र यसले सकारत्मक प्रभाव पार्ने व्यहोरा म अनुमती गर्न चाहाँन्छु । यो विधेयकमा ११ वटा परिच्छेद र ६५ वटा दफा रहेका छन् । यो विधेयक ल्याएर स्वीकृत भएको अवस्थामा म के भन्न चहाँन्छु भने यसले यो प्रदेशमा आर्थिक गतिविधिका बाटा खुल्ने छ । यसले बजेट ल्याउनको लागि मार्ग प्रसस्त गर्ने छ । अरु ऐन कानूनसँग पनि यो विधेकको सामन्जस्यता लिङ्केज भएको कारणले हामीले यो विधेयकलाई तत्काल स्वीकृत गर्न पर्ने परिस्थीति आइराखेको नाताले म माननीय सभामुख मार्फत प्रदेश सभा समक्ष यो प्रस्ताव मैले यहासम्म पेश गरेको व्यहोरा म निवेदन गर्न चाहाँन्छु । धन्यवाद

मा० सदस्यहरू,

पहिलो अधिवेशनको आठौ बैठकको कार्बाही यहि समाप्त हुन्छ । अर्को बैठक आजै २:३० बजे बस्ने भएकोले, आज मिति २०७४ साल चैत्र २० गते दिनको २:३० बजे पुन: बैठक बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त २:३७ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ १२ /२०**
**पहिलो अधिवेसन**
**(नवौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक सुरु दिनको ३:३५ बजे**

मा० सदस्यहरू,
यस सभाको नवौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,
माननीय श्री तारालामा तामाङ्गले नियमावलीको सामान्य प्रक्रिया बमोजिम विधयेक पारित गर्ने प्रक्रिया अगाडी बढाउदाँ विलम्ब हुन गई बजेट समेतमा असर पर्ने भएकोले 'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यबिधि नियमीत तथा व्यवस्थित गर्ने बनेको विधयेक , २०७४' पारित नभएसम्मका लागि उक्त विधयेकका हकमा मात्र लागु हुने गरी प्रदेश नं. ७ प्रदेश सभा नियमावलीको नियम ११० को उपनियम (१) र (२) निलम्बन गरी सभाको छलफल अगाडी बढाइयोस भनि प्रस्ताव दर्ता गर्नु भएको छ । माननीय तारा लामा तामाङ्गलाई उक्त प्रस्ताव पेश गर्न अनुमती दिन्छु ।

**माननीय श्री तारालामा तामाङ्गः-** माननीय सभामुख महोदय, आज नेपालमा सबै सहकारी कर्मीहरु दिगो बिकास लक्ष्यका लागि सहकारी भन्ने मूल नाराकासाथ ६१ औं राष्ट्रिय सहकारी दिवस मनाइराखेको सन्दर्भमा मैले यो सद्नमा यसको महत्वलाई बुझेर यो सद्नमा यसको जानकारी गराए । आज हामी संविधानको कार्यान्वयनको शीलशिलामा हाम्रो प्रदेश नं. ७ ले पनि हामी यो प्रदेश सभाले आफ्नो प्रदेशमा रहेको आफ्नो प्रदेशको जनताको पक्षमा आफ्नो प्रदेशलाई समृद्धि बनाउने सवालमा के नियम कानून  बनाएर हुन्छ । त्यस तर्फ उन्मुख भईराखेको बेलामा हामीले यो प्रदेश सरकारले पेश गरेको प्रदेश नं. ७ को सरकारको आर्थिक कार्य नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ लाई प्रदेश नं. ७ को नियमावली २०७४ बमोजिम सोही प्रक्रियामा अगाडि बढाउदा यसले हाम्रा प्रदेशका जनताले हाम्रो सरकारले ल्याउन खोजेको बजेटको सन्दर्भमा उत्सुकता जागेको बेलामा हामी सामान्य प्रक्रियाबाट अगाडि बढाउदा विलम्ब हुने देखिएकोले मैले यो प्रदेश सभा नियमावली २०७४ को सामानय पक्रियाबमोजिम सामान्य छलफल हुँदा विलम्ब हुन गई बजेट समेत प्रभाव पर्न सक्ने अवस्था भएकोले प्रदेश नं. ७ को प्रदेश सभा नियमावली २०७४ को नियम २१६ को उपनियम (१) बमोजिम उक्त विधेयकको हकमा मात्रै लागूहुने गरी विधेयक पारित नभए सम्मका लागि नियम ११० को उपनियम (१) र (२) निलम्बन गरी सभामा छलफल  अगाडि बढाइयोस भनी यो प्रस्ताव पेश गरेको छु । धन्यवाद

(प्रस्ताव पेश भएपछी)

यस प्रस्तावलाई समर्थनका लागि मा० अक्कल बहादुर रावललाई समय दिन्छु,
**माननीय अक्कल बहादुर रावलः-** माननीय सभामुख महोदय, हामी यस प्रदेशको आर्थिक नियमावली ल्याउने प्रक्रियामा हामी अगाडि बढिराखेका छौं । त्यसैले हामीसँग प्रदेशलाई उपलब्ध भएको ऐन हामीले निर्माण गरेको ऐन अनुसार केही बिलम्ब हुने र केन्द्र संघले हामीलाई खर्च गर्न भनेर सीमा अवधी तोकेर पठाएको बजेटलाई हामीले समयमै खर्च गर्नु पर्ने दायित्व हाम्रा अगाडि छ । त्यसलाई छिटो भन्दा छिटो यसलाई केही नियमलाई निलम्बन गरेर भए पनि हामीले अगाडि बढाउनु पर्ने हाम्रा केही जटिलताहरु छन् । ति जटिलताहरुलाई फुकाउनका निम्ति माननीय तारालामा तामाङ्गज्यूले यस सभामा प्रदेश नं. ७ को आर्थिक कार्यविधि नियमित गर्न बनेको विधेयक २०७४ लाई नियमावलीको सामानय पक्रिया बमोजिम सभामा छलफल हुदाँ बिलम्ब हुन गई बजेटमा समेत प्रभाव पर्न सक्ने अवस्था भएकोले नियमावलीको २०७४ को नियम २१६ को उपनियम (१) को बमोजिम उक्त विधेयकको हकमा मात्रै लागू हुने गरी विधेयक पारित नभए सम्मका लागि नियम ११० को उपनियम (१) र (२) निलम्बन गरी सभामा छलफल अगाडि बढाइयोस् भन्ने प्रस्ताव पेस गर्नु भएको छ । त्यसको म समर्थन गर्दछु धन्यवाद ।

(समर्थन गरिसके पछि)

अब, म

'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थीत गर्न बनेको विधयेक, २०७४' का हकमा मात्र लागु हुने गरी उक्त विधयेक पारित नभएसम्मका लागि 'प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४' को नियम ११० को उपनियम (१) र (२) लाई नियमावलीको नियम २१६ बमोजिम निलम्बन गरीयोस भन्ने प्रस्तालाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

अब म, उक्त प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र उक्त प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसकेपछी)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू "हुन्न" भन्नुहोस ।

("हुन्न" भन्ने आवाज नसुनियपछी)

"हुन्न" भन्ने आवाज सुनियन मा० तारा लामा तामाङ्गबाट पेश भएको 'प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक, २०७४' पारित नभए सम्मकालागि उक्त विधयेकका हकमा मात्र लागु हुने गरी नियमावलीको नियम ११० को उपनियम (१) र (२) निलम्बन गरी सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मत्तीले स्वीकृत भएको घोषणा गर्दछु ।

(घोषणा गरिसके पछि )

माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर बोहरालाई 'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक, २०७४" माथि बीचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय, यस सम्मानित प्रदेश सभामा प्रदेश सभाको आठौं बैठकमा प्रस्ताव गरिएको प्रदेश नं. ७ को प्रदेशको आर्थिक गतिविधि र विधेयक सम्बन्धमा हामीले प्रस्ताव प्रस्तुत गरेका थियौं । यो प्रस्तावलाई माननीय सभामुख मार्फत यस गरिमामय सभामा विचार गरियोस् भनेर सभा समक्ष अनुरोध गर्न चहाँन्छु । धन्यवाद

मा० सदस्यहरू,

अब, 'प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक, २०७४' माथि विचार गरियोस भन्ने प्रस्ताव माथि अर्थात विधयेक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

यस छलफलमा विधयेकको सामान्य छलफलमात्रै हुने व्यहोरा जानकारी गराउछु र यस छलफलमा बोल्न चाहाने मा० सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । छलफलमा बोल्न चाहाने मा० सदस्यहरू आफ्नो नाम ड्यासमा रहेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराउनुहोला । सर्वप्रथम माननीय श्री भरत बहादुर खड्कालाई बोल्ने अनुमति दिन्छु ।

**माननीय श्री भरत बहादुर खड्काः-** सभामुख महोदय, बोल्न अनुमती दिएकोमा हार्दिक धन्यवाद दिन चहाँन्छु । एउटा अनुरोध पनि गर्न चाहाँन्छु यो विशेष समय र शून्य समय नभईकन आर्थिक कार्यविधि भएको हुँदा तीन

मिनेट भन्दा ५ मिनेट कम्तिमा पनि समय दिदा बेस हुन्छ भनेर अनुरोध गर्न चाहाँन्छु । हामीले सुरुवातको दिन के भनेका थियौ भन्दा रचनात्मक काम जती पनि आउछन् त्यसलाई सहृदयका साथ ७ नम्बर प्रदेश र राष्ट्र र जनताको लागि प्रतिपक्षमा बसेर हामीले सहयोग गर्छौं भनेर हामीले भनेका थियौ र तत्अनुरुप यसलाई हामीले त्यही ढङ्गले हामीले यसलाई लिएका छौं । जहाँ सम्म विधेयकको निलम्बन छ । यसका आफ्ना प्रक्रिया छन् । अलिकति प्रक्रिया नमिलेको जस्तो पनि मलाई लाग्छ । किन भन्दा १० मा यो व्यवस्था छ । विधेयकमा संशोधन पेश गर्न चाहाँने कुनै पनि सदस्यले विधेयक माथिको सामान्य छलफल समाप्त भइसकेपछि १२० घण्टा भित्र उसले आफ्नो संशोधन प्रस्ताव राख्न सक्ने हो । यस छलफल पछि निलम्बन गर्दा हुन्थ्यो जस्तो मलाई लाग्छ । अब, यो पहिलो चोटि हुनाले यसलाई हामीले त्यही ढंङ्गले पोजेटिभ्ली हामीले लिनु पर्छ जस्तो मलाई लाग्छ । र अर्को कुरा केही मैले हेरेको थिए । परिभाषा दुईको प्रदेशको संक्षिप्त कोष, स्थानीय संक्षिप्त कोष भन्नाले संविधानको धारा २२९ बमोजिम संक्षिप्त कोष सम्झीनु पर्छ भनेको थियो । जिल्ला समन्वय समितिहरुलाई हामीले यस्तो कुनै कोषको स्थापना दिएका छैनौ । उसका पनि केही आफ्ना निश्चित आम्दानी हुने कुराहरुको लागि छुट्टै कोषको व्यवस्थापन हुन जरुरी हुन्थ्यो । त्यसको लागि पनि त्यसको लागि पनि व्यवस्था गर्नु उचित हुन्थ्यो जस्तो मलाई लाग्छ । अर्को कुरा के छ भने पेज नं. ४ को र सार्वजनिक जवाफ देहिताको पद भन्नाले पारिश्रमिक ठेकिएको नहोला तोकिएको हुनु पर्छ यो प्रिन्टीङ् मिस्टेक भए जस्तो लाग्छ । ठेकिएको वा नठेकिएको लेखेको छ । यसलाई सामान्य सच्याउनु पर्छ । जहाँसम्म ५ को आर्थिक वर्ष भन्नाले हरेक वर्ष साउन महिनाको १ गते देखि अर्को वर्षको आषाढ महिना मसान्त सम्मको १२ महिना अवधिलाई जनाउने भनेको छ । यो अलिकती अव्यावाहारिक छ किनकी केन्द्रमा पनि यो धेरै चोटि कुरा उठ्यो । यसलाई बैशाख देखि लिएर चैत्र मसान्त सम्म बनाउदा राम्रो हुन सक्छ किनभने बरिखा सिजनमा लगत स्टिमेट गर्ने योजनाका सारा कुरा गर्ने त्यसपछि दशै पछि कार्यान्वयनको पक्षमा जादाँ राम्रो हुन्छ । बजेट आउछ पछि यसलाई आषाढ मसान्तको २५ गते खाता क्लोज गर्नु पर्छ । हामी क्वालीटिको काम पनि गर्न सक्दैनौ समय पनि त्यसबेला हुँदैन वर्षातका कारणले त्यो वारेमा पनि गहनतम छलफल गरेर यसलाई केन्द्रसँग पनि समन्वय राखेर यो कुरालाई पनि सच्याउनु पर्छ जस्तो लाग्छ । त्यसकै ६ मा प्रदेश भन्नाले प्रदेश नं. ७ सम्झनु पर्दछ र सो शब्दले पछि प्रदेश सभाको नाम तोकेकोमा भन्ने लेखेको छ । नाम र स्थायी राजधानी तोकेकोमा सोही स्थाना र नाम सम्झनु पर्छ भन्ने थप्दा अझ बेश होला जस्तो लाग्छ । अर्को कुरा के हो भने यो पेज नं. १३ को रकमान्तर सम्बन्धी विषयमा २ नम्बरमा रकमान्तर गर्ने शीर्षक छन् यो सचिवले गर्ने भनेको छ । मलाई लाग्दैन विभागीय मन्त्रीले नै गर्नु उचित हुन्छ । यहाँ के लेखेको छ भने चालु बजेटबाट चालु तर्फ खर्च शीर्षकहरुमा र पूँजीगत बजेटबाट पूँजीगत खर्च शीर्षकहरुमा सम्बन्धित सचिवहरुले तोकिए बमोजिम रकमान्तर गर्न सक्ने छ भनेको छ । विभागीय मन्त्री बाइपास भएको देखिन्छ । तोकीय बमोजिम सचिवले गर्नु पर्ने भएकोले धेरै ठूलो महत्वपूर्ण कुरा भएको हुनाले विभिागीय मन्त्रीले विभागीय निर्णयबाट गर्दा वेश हुनसक्छ जस्तो मलाई लाग्छ यो रकमान्तर कुरा यसको जवाफदेहीता मन्त्रीले लिने हो । त्यसैले यो कुरालाई पनि ध्यान दिनु पर्छ जस्तो मलाई लाग्छ । अब, कतिपय कुराहरु यहाँ भित्र नमिलेकालाई सच्याउन पनि वेश हुन्छ जस्तो मलाई लाग्छ । यसलाई हामीले सहयोग गरौ । एउटा संक्षिप्तमा म के भन्न चाहाँन्छु भने अब हामी बजेट त ल्याउदै छौं । अब यो सानो आकारको दुई ढाइमहिनाको लागि ल्याउने बजेट हो । असाढ २५ मा खाता क्लोज हुन्छ । मेरो आग्रह के छ भने जुन प्रदशे नं. ७ को पहिलो बजेटले जनताका लागि प्रभावकारी हुन सकोस् । कम्सेकम संघीयता फङ्सन भएको मान्छेले अनुभूती गर्ने यसले पोजेटिभ म्यासेज जाओस् । मेरो शुभकामना छ । त्यसैले योजना छनोटको प्रक्रिया, योजना कार्यान्वयनका संयन्त्रहरु र योजनाको प्रक्रिती अब यो कार्यविधि पास गर्छौं बाटो खुल्यो । यो जो सरकार भए पनि गर्नु पर्छ ढिला चाहिँ भएको छ । त्यसैले यि तिनओटा कुराहरु सरकारले बन्दोवस्त गर्नु नै पर्छ योजना छनोटको प्रक्रिया, योजना कार्यान्वयन गर्ने मेकानिजम र योजनाको प्रकृती किनकी दुई अढाई महिना हामी ठूलो खालको प्रकृतिको योजना सम्भव छैन् । त्यसैले यि तीन वटा कुरामा सन्तुलन र व्यवस्थापन गर्न सकेनौ भने पहिलो बजेटले इम्पेक्ट पार्न सक्दैन त्यसबारेमा अलिकती गहनतम छलफल गर्ने र माननीय सदस्यहरुको सहभागितामा योजनाहरु सम्मानीत ढंगले यसलाई अगाडि बढाउँदा वेस हुन सक्छ भनेर म हार्दिकताका साथ सभामुख महोदय मार्फत सरकारलाई अनुरोध गर्दछु । धन्यवाद

**माननीय श्री लिलाधर भट्टः-** माननीय सभामुख महोदय, प्रदेशको आर्थिक कार्यविधि नियमित र व्यवस्थीत गर्न बनेको विधेयक २०७४ सद्न समक्ष प्रस्तुत भएको छ । पूर्व वक्ता माननीय भरतज्यूले भने जस्तै हाम्रा केही कमी कम्जोरी र सच्याउनु पर्ने कुरालाई हामीले सहर्स स्वीकार गर्नु पर्ने हुन्छ । हामी कहिले कहिले हतपतमा लतपत

भन्ने उखानमा पनि पर्न सक्छौ । हामी छिटो गर्ने नाममा दुर्घटनामा पनि पर्न सक्छौ । यो कुरालाई ध्यान दिनु पर्छ । हामीले भर्खरै प्रदेशको नियमावली ११० को (१) र (२) निलम्बन गऱ्यौ कारण एक मात्र थियो । हामी छिटो भन्दा छिटो जनतालाई राहत पुऱ्याउन र हाम्रो बजेट पेस गरौ भन्ने तर यही विधेयकको दफा ९ को एउटा व्यवस्था छ जस्ले हामीलाई छिटो होइन एक महिना ढिलो बजेट ल्याउने व्यवस्था गरेको छ । त्यो व्यवस्थामा प्रत्यक आर्थिक वर्षमा ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेस गर्नु भन्दा कम्तीमा १ महिना अगाडि प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रम सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरु सहित पूर्व बजेट तयारीका लागि प्रदेश सभामा पेस गर्ने छ । भन्ने लेखिएको छ । यही विधेयक पास हुने हो भने हामी एक महिना लम्बिन्छौ । त्यसो भएको हुनाले यो बुदालाई यो पालिको हाम्रो आंशिक बजेटका लागि लागू नहुने गरी भनेर तल थप्दा मात्रै हामी यो बजेट फास्ट ट्र्याक वा त्यो निलम्बन गरेको औचित्य हुन्छ । नत्र हामी भुमरीमा फस्छौ भन्ने म सुझाब दिन चाहाँन्छु । त्यसका साथसाथै यो विधेयक अर्थ विधेयक हो । हामी कता कता अलमलमा पऱ्यौ कि भन्ने पनि लाग्छ । हाम्रो संसद्को ७ औं बैठकले चार वटा समितिहरु गठन गरेको छ । ति चार वटा समितिहरुका काम कर्तव्य र अधिकारहरु छुट्याइएका छन् । तर हामीले आजको हामीलाई दिएको कार्यसूचीमा अब यस पछि यो विधेयक छलफलका लागि विधायन तथा आन्तरिक मामिला समितिमा जाने हामीले पत्र पाएका छौं । तर यो अर्थ विधेयक हो । अर्थ विधेयक अर्थ तथा विकास समितिमा जान्छ । किनकी अर्थ सम्बन्धी काम अर्थ मन्त्रालयका भौतिक मन्त्रालयका सम्पूर्ण ऐनहरुको व्यवस्था हाम्रो समितिले स्पष्ट व्यवस्था गरेकोले कुनै पनि समितिहरु मूल र अरु समिति सहायक होइनन् । मैले किनकी विधायन समितिमा कानून मन्त्रालयले पेस गर्ने विधेयकहरु र मन्त्रिपरिषदका निर्णहरु त्यसको कार्य क्षेत्र हो भने अर्थ सम्बन्धी विधेयकहरु भौतिक पूर्वाधार सम्बन्धी सम्पूण विधेयकहरु अर्थ समितिमा जानु पर्ने भएकोले यसपछिको यसलाई अर्थ समितिमा छलफलको लागि समावेश गरियोस भन्नी ध्यानाकर्षण गराउदै । त्यसका साथसाथै हामी बजेट बनाइरहेका छौ । बजेट बनाइरहदा मुख्यरुपमा मैले छिटै यो देश एउटा अर्को भयाभह संकटमा आउन सक्छ भन्ने ध्यानाकर्षण पनि गराउन चाहाँन्छु । चैत २८ गते जिल्ला कार्यालयहरु भंग हुदैं छन् । समायोजन हुदैं छन् । अर्को तिर प्रदेश सरकारलाई आफ्ना मातहतका कार्यालय मार्फत काम सञ्चालन गर्ने भन्ने हामीसँग संवैधानिक व्यवस्था छ । ति कर्मचारीलाई कहाँ हाल्दै छौ । त्यो कार्यलयलाई कहाँ हाल्दै छौं । पालिका स्तरमा हाल्दै छौ । तर, त्यो प्रदेशले सरकारले काम कसरी गर्दै छ । बजेट कसरी कार्यान्वयन गर्दै छ । त्यसका निकायहरु को हुन यो क्लीयर भएको छैन । यो क्लीयर नहुँदा एउटा निकाय भंग हुँदै छ । अर्को तयार नहुदाँ हामी संक्रमणमा फस्यौ भने । राज्य दुर्घटनामा फस्न सक्छ । संसारका सबै कुरा फेल भएका मूलुकहरु त्यहीँ उदाहरणहरु हामीले देख्दै गएका छौं । यसमा पनि यो सरकारले चैत्र अठ्साइस भन्दा पहिला जिल्लाका कार्यालयहरुलाई प्रदेश सरकारको मातहतको कार्यालय हो भनी घोषणा गरी त्यो संरचनालाई प्रदेश सरकारको खाका भित्र समावेश गर्न हुन पनि सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहाँन्छु । सभामुख महोदय, यसका साथसाथै अहिलेको बजेटले आउने बजेटले गरिबी न्यूनीकरण सामाजिक न्याय आर्थिक प्रगति मा विशेष रुपमा ध्यान दिने छ । यसका साथसाथै अहिले हामीले देखेको बजेट विनियोजनको जुन तरिकाले हामी अगाडि बढ्न गइरहेका छौं । अहिले हामी देख्छौं  हाम्रा कलकारखानाहरु हाम्रा उद्योग धन्दाहरु नयाँ बन्ने त होइनन पुराना पुराना समाप्त हुँदै छन् । हाम्रो नीति तयार गर्नु पर्ने छ । यसका साथसाथै अहिले अन्तर्राष्ट्रिय रुपमै चर्चाको शिखरमा पुगेको अन्तर्राष्ट्रि क्रिकेट मैदानकोरुपमा पनि अन्य प्रदेशको ध्यान पुगेको बेला ७ नम्बर प्रदेशर भौतिक निर्माणको लागि पनि पहल गरियोस भन्ने पनि ध्यानाकर्षण गराउन चाँहान्छु । धन्यवाद

**माननीय श्री कर्ण बहादुर मल्लः-** सभामुख महोदय, प्रदेश नं. ७ को यो गरिमामय यो सदनमा आर्थिक विधेयक, २०७४ पास गर्ने तयारीमा छौं हामी त्यसको सामान्य छलफलमा बोल्न दिएकोमा धन्यवाद दिन चाँहान्छु । यो सामानय विधेयकको छलफलको क्रममा पूर्ववक्ता माननीयज्यूहरुले जुन कुराहरु ध्यानाकर्षण गराउनु भएको छ । माननीय सभामुख महोदय मार्फत यो सदनलाई त्यसमा पूर्ण समर्थन जनाउदै बजेट ल्याइराखेका छौं हामी जनताका इच्छा आकांक्षा महत्वकांक्षा र हामीले बोलेका कुराहरु परिपूर्ति गर्नको लागि प्रदेश सभाको गरिमामय संसद् मार्फत तीन महिना भित्र त्यसलाई कार्यान्वयन गर्न गरिकन माननीय सभामुख महोदय संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने व्यवस्था हो भनेर इङ्गीत गर्ने आलोचना गर्ने राजनीतिक धारलाई यो परिवेशमा ल्याउन तीस वर्षको अहोरात्र राजनीतिक यात्रा तयगरेको पार्टीको राजनीतिक कार्यकर्ता यो ७ नम्बर प्रदेशको गरिमामय ऐतिहासिक संसद्को अगाडि बजेट आउने प्रक्रियामा बोल्दै गर्दा माननीय सभामुख महोदय, यो

सरकारले यो ७ नम्बर प्रदेशको जुन अभिमत छ । जुन मत छ सम्पन्न प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनताका त्यसलाई आत्मसात गरी त्यसलाई सम्मान गरी यो सरकारले प्रतिपक्षको भूमिकामा रहेको नेपाली कांग्रेस पार्टीका माननीयहरुको भावनालाई नेपाली कांग्रेसको मतदाताहरु र जनताको भावनालाई समेट्ने गरीकन बजेट ल्याइयोस् । जसरी शान्ति प्रक्रिया हाम्रो पार्टीको नेतृत्वमा सबै बीचारकालाई नेतृत्व गरी सम्पन्न गरियो । यसै गरीकन संविधान ल्याउने प्रक्रिया पनि हाम्रै पार्टीको नेतृत्वमा सबै विचार धारालाई समावेशी गरिकन यो संविधान ल्याइएको थियो र यो संविधान बमोजिम नै सम्पन्न भएको जुन निर्वाचन छ । त्यो निर्वाचनमा पनि सबै बीचारधारा धार अभिभाराहरुलाई समावेश गरिकन बिषम परिस्थीतिबाट यो राजनीतिक र यो संबैधानिक लडाइलाई चिरेर हामी यहाँ सम्म यहाँको गन्तव्यसम्म आइपुग्दा अहिले हामी प्रतिपक्षमा छौं । सातै प्रदेशमा र केन्द्रमा पनि यो प्रदेश सभामा यो प्रदेश सभाको संसद्को हैसियते बोल्दै गर्दा माननीय सभामुन महोदय आउन लागेको बजेट यो ७ नम्बर प्रदेशलाई अहिलेको नेतृत्वमा रहनु भएका राजनीतिक दलहरुलाई अहिलेका नेतृत्वकर्ताहरुलाई के ध्यानाकर्षण गराउन चहाँन्छु भने जसरी जसरी शान्ति सबैको गन्तब्य थियो । संविधान सबैको चाहाँना थियो । त्यसैगरी समृद्धि पनि आज सबैको लागि आवश्यक हो । सबैका भावना सबैका एजेण्डा सबैका मत, सबैका अभिमत समेट्ने गरिकन यो सरकारले अब कार्यक्रम ल्याओस भन्ने म ध्यानाकर्षण गराउदै पुनहँ यो ७ नम्बर प्रदेश सबैको हाम्रो एउटा दुस्मन हो गरिबी र बेरोजगारी हाम्रा अगाडि त्यसलाई न्युनिकरण गर्न सक्ने त्यसलाई विस्तारै निमिट्यान्न पार्न सक्ने एउटा गन्तब्य चाहिँ हामीले बनाइनु पर्छ पश्चिम सेती आज कार्यान्वयन हुने दिशामा अगाडि गइरहेको छ । त्यो लाई यो प्रदेश सरकारको मुख्यमन्त्रीज्यूले अर्थात प्रदेश सरकारको मन्त्रिपरिषद्ले केन्द्रीय सरकारलाई ध्यानाकर्षण गराई अथवा पहल कदमी गरी तपाईहरुको साथ र सहकार्यका लागि प्रतिपक्षहरुलाई पनि साथमा लिएर यो केन्द्रीय सरकारलाई घच्घच्याइ चाँडो भन्दा चाँडो पश्चिम सेती योजना लागु गर्न सक्यौ र ५३ जना यो प्रदेशका माननीयज्यूहरु उपस्थिति भएका छौ । जनताका जनप्रतिनिधिहरुको हैसियतले सत्ता पक्षले सत्ता चलाउने छ । अर्को प्रतिपक्षमा छौं हामीले सभ्का एजेण्डा बनाउन सक्यौ भने ७ नम्बर प्रदेशको समृद्धि सबैको सभ्का समृद्धि हुनेछ र सबैका हामी सभ्का प्रतिनिधि हुन सक्ने छौं भन्न माननीय सभामुख महोदय यो कुराहरु यो सभामा राख्नदै म पुनः के आग्रह गर्न चाहाँन्छु भने तीन दिन पश्चात हुने भारत भ्रमण छ । त्यो भ्रमणलाई ७ नम्बर प्रदेशको अनुकुल हुने गरीकन यहाँ पञ्चेश्वर रोकिएको छ । यहाँ प्रवृति प्रतिष्ठान स्थापना गर्न रोकिएको छ र यहाँ खकौला देखि लिएर ब्रह्मदेव हुदै दार्चुला सम्मका नाकाको जुन समस्या छ । यसलाई सरल र सहजीकरण गर्नु पर्ने आवश्यकता छ । यहाँको सरकारले जवरजस्त पहलीकदम गरिकन सम्मानित प्रधान मन्त्रीज्यूको भारत भ्रमणलाई प्रदेशका जनताका एजेण्डालाई पनि समावेश गरियोस भन्ने भनाइ राख्दै विदा हुन्छु । धन्यवाद

**माननीय श्री पूर्णा जोशीः-** माननीय सभामुखज्यू, आर्थिक मामिला मन्त्रीज्यूलाई म धन्यवाद दिन चाहाँन्छु । प्रदेश कार्यविधि ऐन, २०७४ सद्नमा प्रस्तुत गर्न भएको छ । यसमा धेरै कुराहरु पूर्ववक्ता माननीयज्यूहरुले भन्नु भएका कुराहरुसँग म सहमत छु । फास्ट ट्र्याकको नाममा समय हुदाँ यो विधि अलिकती अव्यवहारीक हो कि भन्ने मलाई लाग्छ । त्यसकारण मैले आउने विधेयकका सम्बन्धमा पनि यो ध्यानाकर्षण गरेको हो । यो विधेयक आन्तरिक मामिलामा प्रस्तुत गर्ने कि विधायन समितिमा प्रस्तुत भन्ने कुरा छ । यसको अलावा यसको मूल मक्सद कुरा भनेको यसको कानूनी कुरा विधायन समितिमा जानु स्वभाविक होला तर यसको यसको मूल आशय भनेको हिसावसँग सम्बन्धित छ । त्यसकारण अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा यो जानु पर्छ भन्ने कुराहरु मैले पनि राख्न चाहाँन्छु । यसको अलावा यो विधेयकमा भएका सामान्य करेक्सनका कुरा मैले यहाँ राख्न चहाँन्छु । परिच्छेद ७ को नियम ३८ मा यो वेरुजु फर्छ्यौट सम्बन्धी कुराहरु समावेश छ । २०१८ देखि हालसम्म हामी वेरुजुको कारणले गर्दा खेरी मूलुकका धेरै संघ संस्थाहरु डामाडोल भएको अवस्था छ । बेरुजु भन्ने कुराहरु आर्थिकरुपले शुद्ध नभएका मानिसहरुले गर्दछन् संस्थाहरुले गर्दछन् । त्यसकारणले गर्दा यो वेरुजु फट्यौटमा जुन व्यवस्था गरिएको छ । कुन मन्त्रालय त्यो अन्तर्गतको विभाग अथवा कार्यालयमा वेरुजु भएको छ । सम्बन्धित मन्त्रालयले प्रत्यक्ष निगरानीमा प्रत्येक्ष हस्तक्षेपमा यो वेरुजु फट्र्यौट गर्नु पर्छ भन्ने कुराहरु मैले राख्न चहाँन्छु । त्यस्तै परिच्छेद ८ को वित्तिय जिम्मेवारी र जवाफदेहिता शीर्षकमा यो अतर्गत नियम ४२ को ४, ५ र ६ मा भएको व्यवस्था परिमार्जन गरियोस् भन्ने कुराहरु राखियोस भन्ने राख्न चहाँन्छु । यसमा विशेष गरिकन नियम ४ मा कुनै मनासिब कारणले आर्थिक कारोवार सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधि भित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गर्नको लागि पेस गरेमा अधिकार प्राप्त

अधिकारीले तोकिएको म्याद भित्र उसको सम्बन्धमा आवश्यक निर्णय गर्नु पर्ने छ । तर, मनासिव कारण नभई लेखा सम्बन्धी काममा अनियमितता भएको देखिन आएमा अधिकार प्राप्त अधिकारीले जिम्मेवार व्यक्तिलाई पहिलो पटक ५ सय रुपैया र त्यसपछि पनि दोहरीन आएमा पटकै पिच्छे १ हजार रुपैया जरिवाना गरी प्रचलित कानून बमोजिम विभागिय कार्वाही समेत गर्न सक्ने छ । भनेर भनेको छ । जति पटक गरे पनि ५ सय र १ हजार रुपैया जरीवाना गर्दा खेरी यो एक प्रकारको कानूनको उपहास गलत गर्ने मान्छेलाई कुनै किसिमले सजाय नहुने र उ ले गल्ती गरिरहने अवस्थाको प्रसर्य गर्छ त्यसैले यसलाई करेक्सन गरियोस् । जानीबुझी गरेको हो भने कडा दण्डनीय व्यवस्था होस् भन्ने कुरा राख्न चाहाँन्छु । त्यसै गरी परिच्छेद १० मा सरकारी बाँकी असुल उपर गर्नु पर्ने शीर्षकमा नियम ५३ र ५४ संसोधन गर्नु पर्छ भन्ने कुराहरु म राख्न चाहाँन्छु । यसमा असुरउपर गर्नु पर्ने रकम ५ वर्ष सम्म पनि प्रयास गर्दा पनि नियमित अशुल उपर फर्च्यौट तथा सम्परिक्षण नहुन नसकेको वेरुजुलाई सरकारी बाँकीको रुपमा लगत कायम गरी सो सूचना जिम्मेवार व्यक्तिलाई समेत नदिई प्रचलित कानून बमोजिम अशुलउपर गर्नु गराउनु पर्ने छ भनेर भनेको छ । असुलउपर गर्नु पर्नेमा प्रदेश सरकार यसको कुनै पनि भूमिकामा छैन । केन्द्र सरकार केन्द्र सरकारका निकायलाई यसले जिम्मेवार बनाएको छ । असुर उपर र दण्डीत गर्नु पर्ने कुराहरु प्रदेश सरकारको जिम्मेवारीमा पर्छ भन्ने कुरा मैले राख्न चाहाँन्छु । धन्यवाद

**माननीय श्री तारालामा तामाङ्गः-** माननीय सभामुख महोदय, यो विधेयकको सन्दर्भमा विद्वान माननीयज्यूको धेरै कुराहरु आइसकेको हुनाले मैले बुदागतरुपमा केही राख्ने अनुमती चाहाँन्छु । यो बजेटलाई व्यवस्थित गर्न बनेको विधेयकलाई हेर्दा राम्रो छ । यसले ७ नम्बर प्रदेशको आर्थिक अनुशासन सुशासन कायम गर्न सफल हुनेमा हामी विश्वस्त छौं अझ यो भित्र मलाई लागेको व्यक्तिगतरुपमा लागेको केही कुराहरु मैले थपियो भने हुन्छ कि भनेर रखेको छु । यस सर्न्दभमा दफा १८ को (१) मा बजेट रोकुवा नियन्त्रण गर्न वा समर्थन गराउन सक्ने सम्बन्धमा यसको गलत युज पनि हुनसक्छ भन्ने लागेको हुनाले त्यस्तो केही भयो भने सफाइको मौका पनि दिने कि यति मात्र गरे किनकी त्यहाँ बजेटलाई रोक्ने उताउता गर्न पाउने भन्ने छ । अर्थमन्त्रीको यो भाषा अलिकती विग्रेको छ । १९ को (१) मा प्रदेश कोष लेखा नियन्त्रक छ । प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हुनु पर्ने भन्ने छ । दफा २३ को (३) मा जरिवाना सम्बन्धी छ । १० दिन ढिलो भएमा १० प्रतिशत छ भने त्यो भन्दा माथि भएमा के अथावा अलि अस्पष्ट छ । यसमा अलि अर्को पनि थप्नु पर्ने काबु भन्दा बाहीर गएर ढिला भएमा जरिवाना गर्ने भन्ने पनि राख्नु पर्ने छ । दफा २४ को उपदफा २ मा एकै पटक वा पटक पटक गरी नगदीको हकमा दुई वटा लाई एउटैमा नराखेर नगदी बढीमा १५ दिन मा र जिन्सी बढिमा १० सम्म म्याद थप गर्न सक्ने भन्ने सम्म भए हुन्छ कि भन्ने हो । त्यसै गरी प्रिन्ट मिष्टेक होला वर्षा भएको छ वर्ष नै होला वितेको आर्थिक वर्ष भन्दा गत आर्थिक वर्ष लेख्दा ठिक होला कि ३२ (८) मा त्यसै गरी सो प्रतिवेदन कहिले सम्म र कहिले कुन निकायले सार्वजनिक गर्नु पर्ने हो । कुरा स्पष्ट गरिनु पर्ने देखिन्छ । जरिवाना गर्न सक्ने भनेर ३४ को (४) मा लेखिएको छ । दफा ५३ को (१) मा समपरिक्षण वा फछ्र्यौट गराउनको लागि आवश्यक कागजात सहित सम्बन्धीत निकाय समक्ष पेस गर्नु पर्ने दफा ३७ को (२) मा आर्थिक कारोवार गर्ने पदाधिकारि र उक्त भनेर आदेश दिनेलाई पनि जिम्मेवारी हुनु पर्छ कि भन्ने मैले सोचेको त्यसैगरी जिम्मेवारीबाट अलग भएको ७ दिनमा भन्ने छ ५० (७) मा यो ७ दिन अलि छोटो हुन्छ कि यसलाई बढीमा १५ दिन सम्म भयो भने हुन्छ कि ? यसले हाम्रो ७ नम्बर प्रदेशको आर्थिक अनुशासन कायम गर्न यो विधेयक सफल हुने छ । हामीले यसलाई कहि केही भए पनि व्यवहारत यसलाई राम्रोसँग लागु गर्ने विश्वास गर्छु धन्यवाद ।

**माननीय श्री रण बहादुर रावलः-** माननीय सभामुख महोदय, विशेष गरी आजको यो अति महत्वपूर्ण विधेयक सम्बन्धमा छलफल भइराखेको छ । केही समय दिनु भएकोमा माननीय सभामुखज्यूलाई धन्यवाद दिन चाहाँन्छु । यस शीर्षक अन्तर्गत प्रदेश सभा आर्थिक कार्यविधि नियमित तथा व्यवस्थिती गर्ने सम्बन्धमा पूर्ववक्ता माननीयज्यूले धेरै कुरा राखि सक्नु भएको छ । हामीले केही दिन अगाडि पाएको भए धेरै कुराहरु सुझाव गर्ने क्षमता राख्थ्यौ तत्पश्चात पनि सुरुवात हो । सुरुको क्रममा हामीले धेरै कुराहरु स्वीकार्नु पर्ने हुन्छ । यही सर्न्दभमा यो विधेयकलाई फास्टट्र्याकमा ल्याउन खोजेका छौं अझ पनि यहाँहरु समक्ष अनुरोध गर्न चाहाँन्छु । कमसेकम केही कुराहरुलाई लाई सुद्धिकरण र अर्थ अनर्थ लाग्ने कुराहरु धेरै देख्दै छु । त्यसैले धेरै नआत्तिएर केही प्राविधिक कुराहरु कानून विशेषज्ञसँग र अन्य क्षेत्रसँग समन्वय गर्नु पर्छ जस्तो लाग्छ । तर प्रदेश नं. ७ को हकमा अहिले हामी बजेट पनि ल्याउनै पर्ने अवस्थाका कारणले विपक्षिमा बस्दाा पनि हामीले मौन सहमती गरेका छौं । सहयोगी भावनाका साथ अगाडि बढेका हौं । अब आउने दिनमा बजेट ल्याउने क्रममा यि नियम, विधेयक, ऐनका

कुराहरुमा वास्तवमा जति जफनु भन्दा पनि सबैभन्दा पहिला पुरै ७ नं प्रदेशको यत्रो जिम्मेवारीको साथ आज यत्रो वर्ष सम्म पछाडि परेको प्रदेश साच्चीकै समृद्धि तिर लग्नको लागि हामी कटिबद्ध भएर बसेका छौं । हरेक दलका साथीको जिम्मेवारी छ । त्यसेले उहाँहरु प्रति प्रश्न चिन्ह छैन । एउटै प्रश्न चिन्ह के छ भने आउँदा दिनहरुमा कसरी जाने भन्ने महत्वपूर्ण कुरा छ । हातारमा गएर पछि पछुताउनु भन्दा अहिले नै अलिकती गम्भीर भएर हरेक तह तहमा छलफल गरेर किन भने अहिलेको यो बजेटले दुरगामी प्रभाव पार्छ । यदि यो सुरुवात गलत तरिकाले गऱ्यौ भने भोलिका दिनहरुमा पछुताउनु पऱ्यो भने यो ७ नम्बर प्रदेश धेरै धोका पाउछ । त्यसैले मलाई लाग्छ आदणिय सभामुख महोदय, यसै सन्दर्भमा बजेट आउने क्रममा कम्तीमा कसरी प्राथमिकता दिने त हामीसँग स्रोत साधन सिमितता छ । धेरै कुराहरुले हामी पछाडि छौं । तर, गर्नु पर्ने कुराहरु धेरै छन् । बाचा बन्धनहरु धेरै गरेका छौं । त्यसैले मलाई लाग्छ अहिलेको प्राथमिकतामा मैले हेर्दै गर्दा खेरी हाम्रो जिडिपी राष्ट्रिय हिसावमा दाज्दा खेरी हाम्रो अस्तित्व के छ भने समग्र नेपालको स्थितिमा विगतको पन्ध्र वर्ष अगाडि कुन अवस्थामा नेपाल थियो । त्यो अवस्था भन्दा पछाडी यो ७ नम्बर प्रदेश छ । केही कुरा ७ नम्बर प्रदेशमा पनि छ । विशेष गरेर हामीले एग्रिकल्चर बेस हाम्रो कृषि प्रधान भनेर भन्छौ । तर मलाई यसमा पनि प्रश्न छ । कस्तो प्रश्न छ भने हरेक किसानको साच्चीकै अडिट गरौ जसरी एउटा अफिसको अडिट गरिन्छ, मन्त्रालयको अडिट गरिन्छ किसानको अडिट गर्दा अहिले मैले पूर्व देखि पश्चिम उत्तर देखि दक्षिण सम्म अध्ययन गर्दा मैले पाएको छु । नेपाल कृषि प्रधान देश होइन कि नेपाल गरिब बढाउने देशको रुपमा चिनिएको छ । एउटा मध्यम वर्गीय किसानको चार विघा तराइको किसान उसको एउटा छोरा छोरी सन्तान टिचर छैन् एउटा सन्तान इन्डियामा दरवान छैन एउटा सन्तान केही गर्दैन भने उसले आफ्नो बालबालिकाको लुगा फेर्न सक्ने स्थिति छैन । जबकी ढुङ्गा फोड्ने लेवरको उसले अलिकती फुर्सद पाउदा ढुङ्गा फोड्छ र टिन भरी बनाउछ उसको आम्दानी र चार विघा आम्दानी हुनेको आम्दानी जोड्नु होस् मलाई लाग्छ यहाँ अर्थमन्त्रीज्यु पनि यहाँ सुनिराख्नु भएको छ । उसको इन्कम तीन गुना बढी छ । मसँग समय छैन मैले पुरै स्ट्याटिक्स राखेको छु मैले त्यसैले हामी कृषि प्रधान क्षेत्र प्रदेश भन्नु भन्दा पनि समग्र नेपाल भन्दा पनि यदि यहि तरिकाको कृषि रहिरयो भने यहि तरिकाले फुर्सदको समयमा काम गर्ने कृषिलाई जोड्दै गयौ भने हामीले गोरव गर्ने ठाउँ छैन् । भविष्य फेरी अन्धकारमय छ । त्यसैले मलाई लाग्छ हरेक किसानको पनि माननीय मन्त्रीज्यूलाई पनि म अनुरोध गर्न चाहाँन्छु माननीय सभामुख महोदय, किसान कमसेकम ७ नम्बर प्रदेशमा हरेक किसानको अडिट गर्ने सिस्टम उसको आफ्नो लगानी के छ ? लेवर लगाएको के छ ? मलखाद के-के प्रयोग गरेको छ । त्यसले गर्दा आउटपुट रिटर्न के छ ? त्यो गर्नु पर्ने अति जरुरी छ । त्यसको लागि मलाई लाग्छ नौ जिल्लाको कम्तीमा नौं वटा गाउँ मात्र लिनुहोस् । त्यो पनि यसपाली सुरुवात गर्नुहोस भन्न चहाँन्छु । प्रायोरिटीको सन्दर्भमा धेरै कुराहरु हामी सरकारले गर्नु पर्दैन हामीले नीति नियम राम्रो बनायौ इमान्दारिताका साथ हामीहरु सहयोग गारौ कार्यान्वयनको लागि मलाई लाग्छ भोली ७ नम्बर प्रदेश नेपालको नमुना बन्न सक्छ । कसरी भन्ने कुरामा धेरै प्रश्न छैन । केवल हामीले बाटाहर हाम्रा मूल लाईनहरु आर्टरिज भेन जस्तो सेती लोकमार्गलाई यथा सिघ्र बनाउनको लागि बरु तीन महिना किननहोस त्यसमा के गर्न सकिन्छ त्यसलाई प्रायोरिटी दिउ त्यस पछि नर्थ साउँथ कनेक्टीभिटी बनाऊ कम्सेकम गड्डाचौकी देखि दैजी देखि चिसापानी सम्म छ लेन बाटो बनाउन सकिन्छ नी त्यसमा के गर्न सकिन्छ त्यसलाई प्रायोरिटी दिऊ त्यस पछि महाकाली लोकमार्गको कुरा छ र मध्य लोकमार्गको कुरा छ । त्यसलाई विशेष ध्यान दिन सक्यौ भने हुलाकि सडकलाई ध्यान दिन सक्यौ भने यही नै सबैभन्दा लाइफलाईन बन्न सक्छ । अर्को प्रायोरिटीमा के गर्न सकिन्छ भने उर्जा सम्बन्धमा धेरै ठूला कर्णाली १० हजार ८ सय मेगावाट भनेर गफ दिएर काम छैन् । अघी पूर्ववक्ता माननीयज्यूले भनेको जस्तो कम्सेकम हुनसक्ने सेती प्रोजेक्ट...... शिक्षाको क्षेत्रमा अरुले जे जे विश्वविद्यालय बनायो यहाँ सुदूरपश्चिम विश्वविद्यालय छ । अहिले कम्सेकम प्राविधिक विश्वविद्यालय अव आउने दिनमा तीन महिना पछि सुरुवात गरिन्छ भने एउटा सानो सीटीईभीटीको सानो तालिम दिन सक्यौ भने नयाँ काम ७ नम्बर प्रदेशले गर्न सक्छ । ठूलठूला प्राविधिक विश्वविद्यालय आज विश्व नचाइरहेको छ । गुगलको अध्यक्ष सानो पोलिटेक्नीक स्कुलको विद्यार्थी आज गुगलको सीईओ बनेको छ । त्यसकारण मेरो यसमा हार्दिक अनुरोध छ । पर्यटकीय क्षेत्रको लागि पनि तीनवटा जोग्राफिकल रिजन भएको हुनाले तराई, पहाड, हिमाली भेग छ । यती महत्वपूर्ण पर्यटकीय सम्भावना छ । विगतमा एउटा ठाउँमा केन्द्रले सहयोग गरेको छैन् । त्यसैले यसलाई विशेष ध्यान दिएर अगाडि बढौं । अर्को केन्द्रीय सरकारसँग पनि हामीले विशेष माग्नु पर्ने विगत किन पछाडि पारिएको यो क्षेत्रलाई १० वर्ष सम्म क्षतीपूर्तिको रुपमा विशेष गरी पूर्वाधार निर्माणमा चाहिँ जसरी पनि लिने वातावरण वनाउनु पर्छ । त्यसकालागि हामी नेपाली कांग्रेसको तर्फबाट पुरा सहयोग गर्न तयार छौं । यति नजीक भारतको

दिल्ली पनि यति नजिक सम्बन्ध भएको लखनउ पनि यही नजिक कानपुर पनि यही नजिक देहरादुन पनि यही नजिक यती भौगोलिकताको सुगम भएको ठाउँमा केवल हामी एकजुट भएर काम गरौं त्यसरी नै अगाडि बढौं विकास र समृद्धिको लागि हामी विपक्षी दल भए पनि एकजुन भएर काँधमाकाँध मिलाएर अगाडि बढ्ने छौं । धन्यवाद

(बोल्ने समय सकिय पछी)

अब म, आन्तरिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमती दिन्छु ।

**आन्तरिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराः-** माननीयसभामुख महोदय, मैले लगभग यो मन्त्री प्रदेश सभा सञ्चालन भएको दुई महिना भन्दा बढि भइसक्यो यो रोस्ट्रममा आएर आफ्ना कुरा राख्न पाएको थिएन । तर कैलेकाही अवसरले पनि समय जुराउदो रहेछ भने आज एकै दिनमा तीन तीन चोटी रोस्टममा आएर कुरा राख्ने मौका पाएको छु । म माननीय विद्वान प्रदेश सभाका सांसदज्यूहरुले राखेका अमूल्य सझाव प्रति हार्दिक आभार र कृतज्ञता व्यक्त गर्न चाहाँन्छु । दुनियामा मित्रहरु हो कोहि कहिले पनि परिपक्व आफैमा हुन सक्दैन । सिक्ने कुराको अन्त जव यो शरिरबाट यो प्राणले त्याग गर्छ तब पश्चात मात्र अन्त हुन्छ । कोही आफैमा त्यत्रो ज्ञान र विद्वान मान्छे हुन सक्दैन । त्यसैले हामी यो मूलुकमा संघीयताको अभ्यासको क्रममा अगाडि बढिरहेका छौं । यो प्रारम्भीक चरण भएको कारणले गर्दा मात्र त्रुटीहरु हुने सम्भावना छ । तपाईहरु यहाँ हुनुहुन्छ भनेर हामीहरु विश्वस्त के छौ भने । यो प्रदेशलाई समृद्ध बनाउने सन्दर्भमा यो प्रदेशमा कानून र ऐनको कार्यान्वयन गराउने सन्दर्भमा हामी सबै एक भएर अगाडि जान्छौं । प्रदेश सभामा सैद्धान्तिक तवरमा हाम्रा वादविवाद हुन सक्छन् । राजनीतिक आस्थाको भरमा हाम्रा केही सैद्धान्तिक तवर तरिका अलग हुन सक्छन् । तर, गरिबीसँग लड्ने कुरामा यो प्रदेशलाई समृद्धि बनाउने कुरामा यो क्षेत्रलाई अझ एक नम्बर बनाउने सन्दर्भमा यो प्रदेशलाई एक नम्बर बनाउने सन्दर्भमा र नेपाली जनताका हक र अधिकारहरु कार्यान्वयन गर्ने सन्दर्भमा र आर्थिक समावेशिता आर्थिक असमानतालाई हटाउने सन्दर्भमा आर्थिक समावेशिता कार्यान्वयन गर्ने सन्दर्भमा हाम्रा नीति र सिद्धान्त कहिले पनि अलग हुन सक्दैन यसमा हामी दृढ संकल्पीत छौं । यसैले केही कुराहरु एकदमै उठेका छन् । नियम कानून भित्र रहेर संसोधन गरेर यो विधेयकलाई गरिमामय, अनुशासित, मर्यादित र यसको उच्च गरिमा कायम गर्ने सन्दर्भमा प्रदेश सांसदज्यूबाट आएका अमूल्य सुझावहरुलाई ग्रहण गर्दै तिनलाई हामी अब यसपछि समावेश गर्ने प्रक्रियामा अगाडि जानेछौ । यहाँ कतिपय कुराहरु कस्ता छन भने यो जो विधेयकहो । संघीय सरकारले प्रदेश सरकारलाई पठाएको एउटा मोडेल पनि हो । अरु प्रदेशमा पनि सोधेका छौं यस विषयमा तर, यो बनाउने मान्छे भन्दा हेर्ने मान्छेको बढि त्रुटिहरु देखिदो रहेछ । त्यसैले तपाईलाई म हार्दिक धन्यवाद ज्ञापन गर्छू भनेर मैले अगाडि पनि भनी सके यदि प्रचलित ऐन कानून प्रचलित पूर्व अभ्यासहरु यदि प्रचलित वन अफ दि बेन्चले समावेश गर्न सक्ने कुराहरुमा यो विधेकमा हामी तपाईका सुझावहरु समेटेर यसलाई अन्तिम रुप दिने व्यहोरा म यहाँहरु समक्ष निवेदन गर्न चाहाँन्छु र अर्को एउटा बजेटको सन्दर्भमा केही कुराहरु आएको छ । पक्कै पनि बजेटलाई बाटो खोल्ने मूलद्वारका रुपमा रहेको यो विधेयक अगाडि बढायौ भने पक्कै पनि हामी बजेट यो महिना भित्रमा ल्याउन सक्ने अवस्थामा छौ । त्यो तयारीकाले होमवर्क गरिरहेका छौं । बजेटको सन्दर्भमा निवेदन गर्नु पर्दा बजेटका दुई तीन वटा मोडालिटी हुन्छन् । अन्तर्राष्ट्रिय मान्यताहरुमा र हाम्रो नेपालमा पनि त्यस्तै प्रदेश सभामा पनि एउटा भूगोलको तरिकाले अर्को जनसंख्याको हिसावले अर्को पछाडि परेको कुनै क्षेत्र वा विशेष वर्ग या स्थान छ भने । त्यो आधारलाई मानेर पनि हामी बजेट विनियोजन गर्न सक्छौं । अब, यो प्रदेशमा ३२ वटा संसदीय निर्वाचन क्षेत्र प्रदेश सभाका लागि तोकिएको छ । माननीय सभामुखज्यू हामीले जनताले तिरेको कर मामाको धन र फूपुको श्राद्ध कहिले पनि बनाउन दिन चाहाँदैनौ यसमा प्रदेश सरकार सजक र सतर्क भएको कुरा म यहाँ अनुरोध गर्न चहाँन्छु । यसको कार्यविधिको सम्बन्धमा यसको कार्यान्वयनको सम्बन्धमा यहाँहरुले अमूल्य सुझाब राख्नु भएको छ । म धन्यवाद दिन चाहाँन्छु । कमसेकम प्रतिपक्ष होइन एउटै डुङ्गाका सहयात्री हौं भनेर तपाईहरुले सुझाव दिनुभएको छ । त्यसलाई अबलम्बन गर्ने हामी प्रतिवद्धता जाहेर गर्न चाहाँन्छु । त्यसमा अहिले बजेट आर्थिक असमानता हटाउने बजेट गरिबीसँग लड्ने बजेट प्रदेश नं. ७ का जनताका आकांक्षा परिपूर्ति गर्ने बजेट यो मेरो बजेट हो भनेर यहाँ प्रदेशका जनता र स्टेकहोल्डरले फिलिङ्ग गर्ने र ति कार्यक्रम तर्जुमा गर्ने यो प्रदेश सरकारको नीति रहेको व्यहोरा सम्माननीय सभामुख मार्फत यो गरिमामय प्रदेश सभामा म निवेदन गर्न चहाँन्छु । अब, यो

अहिलेको जो बजेट छ । १ अरब २ करोड ५ लाख रुपैयाको छ । त्यसमा कतिपय मन्त्रालयलाई पाँच पाँच करोडका दरले यहाँ भन्दा अगाडि हाम्रो सरकार नहुनु भन्दा अगाडि केही प्रारम्भीक कामको लागि पठाइसकेको छ । हामीले २० गतेको टाइम राखेर ति सबै मन्त्रालयलाई तपाईको फाटबारी पठाउनुहोस् र तापईहरुले खर्च गरेको विवरण पठाउनु होस् हामीलाई बजेट ल्याउन गाह्रोरो भएको छ । तपाईले ति सबै डकुमेन्ट दियो भने बजेट प्रक्रिया यथासक्के अगाडि जान्छ भनेर सबै अन्तर मन्त्रालयलाई परिपत्र आर्थिक मामिला तथा योजना मन्त्रालयले समयमै गरिसकेको व्यहवोरा म निवेदन गर्न चहाँन्छु । अब, यो बजेटले लिने नीति तथा कार्यक्रम यो प्रदेश सभा समक्ष अब, केही दिन भित्रै प्रस्तुत गर्ने जमर्को गरिराखेका छौं । अहिले यो बजेटले लिने नीति र कार्यक्रम भनेको कृषि क्षेत्रलाई कसरी हामीले आत्मनिर्भर कृषिकोरुपमा अगाडि बढाउन सकिन्छ । कसरी पूर्वाधारमा लगानी गर्ने सकिन्छ । कसरी शिक्षा र स्वास्थ्यमा लगानी गर्न सकिन्छ । कसरी यो बजेटलाई हामीले जनताको परिणाम मुखी बनाउन सकिन्छ र जनतालाई समावेश गर्ने हिसावले र जनताले सोचेका कुराहरु परिपूर्ति गर्नको लागि बजेट सानै भएतापनि बजेट एकदमै अल्पकालीन रुपमा खर्च गरिने छ । हामी जनताले चाँहेका भावना र सबै यसमा पक्ष र प्रतिपक्ष नभनी बिकासको सन्दर्भमा हामी एउटै नवामा समावेश छौं त्यो मान्यता र त्यो मर्मलाई आत्मसाथ गर्दै हामी बजेट विनियोजित गर्ने छौ र यो बजेट हाम्रो हो भन्ने भावना बजेको प्रक्रिया र बजेटका कार्यान्वयनका पक्षहरु हामी बढाउने छु भन्ने म निवेदन गर्न चहाँन्छु । मैले यो गरिमामय सभामा उठेका जिज्ञासको बारेमा राखे यो विधेयकलाई अझै राम्रो मर्यादित बनाउनको लागि तपाईहरुले दिएका सुझाव प्रति हार्दिक आभार र ऐन कानून प्रचलित अभ्यासलाई समावेश गर्ने कुरालाई यो विधेयकमा समावेश गरी ऐनमा परिमार्जित गर्ने व्यहोरा अनुरोध गर्दै उठेका जिज्ञासा प्रति उत्तर दिदै दुई शब्द अन्त गर्ने अनुमती चाहाँन्छु धन्यवाद ।

(जवाफ दिइसकेपछी)

मा० सदस्यहरू,

प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक, २०७४ माथिको सामान्य छलफल यहीं समाप्त हुन्छ ।

मा० सदस्यहरू,

अब म, 'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक, २०७४' माथि विधायन समितिमा दफावार छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न आन्तरिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई अनुमती दिन्छु ।

**आर्थिक मामिला तथा कानून मन्त्री माननीय झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय यो विधेयकसँग सम्बन्धीत सम्पूर्ण कामकार्बाही  म माथि तोकिएकोमा म माननीय सभामुख प्रति आभार व्यक्त गर्न चहाँन्छु । हामीले धेरै कुराहरु भनि सकेका छौं । यो विधेयकलाई विधायन समितिमा छलफलका लागि लगियोस भन्ने प्रस्ताव पेश गर्दछु । धन्यवाद ।

(प्रस्ताव पेश भएपछी)

मा० सदस्यहरू,

'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक, २०७४' माथि सभाको विधायन समितिमा दफावार छलफलका लागि पठाइयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

उक्त प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र उक्त प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसके पछि)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू "हुन्न" भन्नुहोस ।

("हुन्न" भन्ने आवाज नसुनिए पछि)

"हुन्न" भन्ने आवाज सुनियन तसर्थ आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा ले प्रस्तुत गर्नु भएको 'प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक, २०७४' माथि सभाको विधायन समितिमा दफावार छलफलका लागि पठाइयोस भन्ने प्रस्ताव सर्वसम्मत्तीले स्वीकृत भएको घोषणा गर्दछु ।

मा० सदस्यहरू,

अब अर्को बैठक २०७४ साल चैत्र २२ गते बिहीवार दिउसो १:०० बजे पुनः बस्ने गरी आजको बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न ४:०० बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/१२/२२**
**पहिलो अधिवेशन**
**(दशौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक सुरु दिनको १:०२ बजे**

मा० सदस्यहरु,
यस सभाको दशौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरु,
अब शुन्य समय शुरु हुन्छ ।

शुन्य समयमा बोल्नुहुने माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री पूर्णा जोशीलाई समय दिन्छु ।

**माननीय श्री पूर्णा जोशीः-** माननीय सभामुख महोदय, सामुदायिक विद्यालयका शिक्षकहरुको लागि शिक्षक सेवा आयोगले लिने भनेको आन्तरिक प्रतिस्प्रधामा आधारित परिक्षा चौथो पटक स्थगित भएको छ । परिक्षा केन्द्रमा आइसकेका नौं जिल्लाका शिक्षकहरु रित्तो हात फर्किनु परेको छ । यसरी सामुदायिक विद्यालयको पठनपाठनमा सहित गम्भीर प्रभाव पार्ने प्रतियोगितात्मक परिक्षालाई स्थगित गरेर नेपाल सरकार शिक्षक सेवा आयोगले गम्भीर त्रुटि गरेको छ । म यो सभा मार्फत संघीय सरकार र शिक्षक सेवा आयोगको गम्भीर ध्यानाकर्षण होस् । तत्काल अर्को मिति तय गरीयोस भन्ने कुराहरु भन्न चाहाँन्छु । यातायात व्यवस्था कार्यालयको कार्यालयहरु विकेन्द्रित गरियोस् । यो विकेन्द्रत गर्ने सवालमा दिपायललाई त्यो क्षेत्रको विशेष गरिकन अछाम, डोटी, बझाङ्ग, बाजुरा लगायतका ठाउँहरुको ट्रायल लाइसेन्स रिन्यू गर्ने लाइसेन्स दिने कामको लागि त्यो क्षेत्रमा यो कार्यालय खोलियोस भन्न चाहाँन्छु । जसको कारणले गर्दा खेरी त्यो क्षेत्रका २ हजारमा काम हुनु पर्ने मान्छेहरुले अहिले २० औं हजार तिरेर हप्तौ सम्म यो कैलालीमा बस्नु पर्ने अवस्था छ । त्यसकारणले सडक यातायात विस्तार भएका छन् गाउँ गाउँमा बाटो पुगेको छ । उपभोक्ता बढेका छन् । ति उपभोक्ताको समस्यालाई मध्यनजर गरेर यो समस्याको समाधान गरियोस् । नयाँ शैक्षिक सत्र सुरु हुँदैछ बैशाख १ गते बाट विशेष गरेर नीजि विद्यालयले लिने शुल्कका वारेमा चर्को रुपमा बाहिर अभिभावकहरुको चासो र चिन्ता प्रकट भएको छ । लिन नपर्ने शीर्षकमा पनि शुल्क लिने र लिइरहेको शुल्कमा चर्को असुली गर्ने किसमको कुराहरु विभिन्न किसमका शीर्षकहरु राखेर अभिभावकबाट अभिभावको ढाड सेक्ने गरी यो शुल्क लिएको कुराहरुलाई भध्येनजर गरी यो प्रदेश सरकार सम्बन्धीत मन्त्रालय मुख्यमन्त्रीज्यूले सहित स्थानीय तहलाई एउटा समन्वय गरेर यो शुल्कको कुराहरुमा पूनर बीचार गर्न र नियमन गर्नको लागि अनुरोध गर्दछु । त्यस्तै स्थानीय स्थायी राजधानी राजधानीको विषय टुङ्गो लागि सकेको छैन् । स्थायी राजधानीको विषय टुङ्गो नलाग्दा सम्म नयाँ बन्ने संरचनाहरुमा बजेट विनियोजन नगरियोस भन्ने कुराहरु आर्थिक मामिला मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहाँन्छु । कुनै पनि भौतिक पूर्वाधारहरु र नयाँ संरचनाहरु निर्माण गर्नको लागि यो आर्थिक वर्ष र आउने आर्थिकवर्षको बजेट विनियोजन नगरियोस भन्ने कुरा ध्यानाकर्षण गर्न चाहाँन्छु । त्यस्तै गरी सम्माननीय प्रधानमन्त्रीज्यू भारत भ्रमणमा जादै हुनुहुन्छ् । यो क्षेत्रसँग सरोकार गौरीफन्टा नाका अन्तराष्ट्रि नाका हो । गौरीफन्टा नाकालाई एउटा स्तरोन्ती गर्ने कुराहरु र यो गौरीफन्टा नाकालाई व्यवस्थित गर्ने कुराहरु नेपाल सरकारले एउटा एजेण्डा बनाओस् । यो क्षेत्रका ८० प्रतिशत भन्दा बढि मानिसहरु यो गौरीफन्टाको प्रयोग गरिकन आवागमन गर्ने गर्दछन् । दुधुवा नेश्नलपार्कको समस्यालाई देखाएर अर्को कुनै नाका खोल्ने किसमको व्यवस्थित गर्ने नाममा यो नाकालाई अव्यवस्थित गर्ने र बन्द गर्ने काम नगरीयोस् भन्ने कुराहरु राख्दै मेरा भनाईहरुलाई यही टुङ्ग्याउछु धन्यवाद ।

**माननीय श्री प्रकाश रावलः-** माननीय सभामुख महोदय, हाम्रो संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना पश्चात तीनै तहको निर्वाचन सम्पन्न भइसकेपछि प्रदेश सभाको संसदीय नौलो अभ्यासमा हामी प्रवेश भइरहेका छौ । हामी संसदीय व्यवस्थाको नौलो अभ्यासमा प्रवेश भई रहदा ७ नम्बर प्रदेशको समृद्धि आर्थिक समृद्धिको बाटोमा हामीले

यस क्षेत्रका पर्यटन क्षेत्र, उद्योग क्षेत्र र कृषि क्षेत्र यहाँको जडिबुटिको क्षेत्रमा प्रदेश सरकारले आर्थिक समृद्धिको लागि यसमा नयाँ खाका कोरेर यस प्रदेशको आर्थिक समृद्धिको बाटोमा जाने छ र आउने असार १ गतेको बजेटले यो प्रदेशलाई कुन तहमा लैजाने भन्ने कुराहरु प्रदेशले एउटा मोडल तयार पारेर लैजाने कुराहरु हुने छ । यसै गरी भोली २३ गते हाम्रो देशको प्रधानमन्त्री भारतको निम्तोमा भारत भ्रमण गर्दै हुनुहुन्छ । दुई देश बीचको महाकाली नदीमा भएको सन्धी आज २२ वर्ष हुदाँ पनि सो सन्धीको कुनै पनि कार्यान्वयनको पक्षमा गएको अवस्था छैन । यो सन्धीले स्पष्ट रुपमा भनेको छ । महाकाली नदीबाट पाउने पानी वर्षातको याम मे १५ गते देखि अक्टोबर १५ सम्मन एकहजार क्यूसेक पानी र सुख्खायाम अक्टोवर १६ देखि मे १४ सम्म सुख्खा यामको पानि ३०० क्यूसेक पानी नेपालले पाउने स्पष्ट उल्लेख छ । जस्मध्ये अहिले सम्म नेपालले एक थोपा पानी पाइरहेको छैन् । नेपालले अहीले त्यो क्षेत्रको १३ किलोमिटर नहर निर्माण गरि सकेको छ । जस्मा २ अर्बरुपैया खर्च भइसकेको अवस्था छ । वनवास तिर जाने शारदा नहर जसमा तत्कालीन दोधरा चाँदनी अहिलेको महाकाली नगरपालीकाले पनि ३५० क्यूसेक पानि पाउने भन्ने स्पष्ट उल्लेख छ । अहिले सम्म नपाइरहेको अवस्थाले त्यस क्षेत्रको कृषि धरासाही रहने अवस्था छ । यस मानेमा म सम्माननीय सभामुख मार्फत केन्द्रीय सरकारलाई अनुरोध गर्न चाहाँन्छु । कि १९९६ को सन्धीका विषयमा पनि अहिलेको भ्रमणले यसको कार्यान्वयनको पक्षमा जाने छ भन्ने आशा र विश्वास पनि लिएको छु । यस सन्धीबाट यो क्षेत्रको समग्र कृषि क्षेत्रलाई ठूलो एउटा समृद्धिको बाटोमा लैजाने पनि मैले विश्वास लिएको छु । यि भनाई राख्दै बिदा हुन्छु । धन्यवाद अभिवादन

**माननीय श्री प्रेम प्रकाश भट्ट-** माननीय सभामुख महोदय, हाम्रो अहिले जुन किसमबाट यो गणतन्त्रलाई संस्थागत गर्नका निम्ति हाम्रो यो प्रदेश सभाको गठन भएको छ र प्रदेश सरकार पनि बनेको छ । प्रदेश सरकार बनिसके पछि जुन किसमबाट जनताले एउटा आशा र भरोसा गरेका छन् र सुदूरपश्चिम एउटा पछाडि परेको ७ नम्बर प्रदेश सरकारले केही गतिविधि अगाडि बढाउन खोजेको छ । यसका लागि जनता अत्यन्तै खुसी पनि छन् । त्यसको साथ साथै यो संघीयतालाई कार्यान्वयन गर्नका लागि स्थानिय तह पनि गठन भएका छन् । स्थानीय तहमा अहिले पनि कर्मचारीहरु पुगेका छैनन् । बैतडी जिल्लामा ४८ वटा वडामा अहिले पनि वडा सचिवहरु छैनन् । त्यसकासाथसाथै अधिकृतहरु कतिपय वडा सचिवहरुले अधिकृतको जिम्मा लिएर त्यहाँको काम गरिराखेका छन् । यो जुन किसमबाट कामकार्बाहीलाई छिटो छरितो जनतासम्म विकास निर्माणका कुराहरु पुऱ्याउनका निम्ति कर्मचारी हुनु पर्ने हो त्यो दरवन्दीमा आएका छैनन् । तिनीहरुको पोष्टीङ्ग भएको छ त्यो कारणले गर्दा खेरी ति कर्मचारीहरुलाई तुरुन्त त्यो कार्यक्षेत्रमा पठाउनका निम्ति सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । त्यसका साथसाथै प्रदेश सरकारलाई पनि सूचारु ढङ्गले अगाडि बढाउनका निम्ति अहिले प्रत्येक मन्त्रालयमा हेर्ने हो भने जुन दरवन्दी छ । त्यो दरवन्दी अनुसारको कर्मचारीहरु छैनन् । यदी कर्मचारी नै भएनन् भने काम कार्बाही कसरी र जनताले सेवा सुविधा कसरी पाउछन् यो बारेमा ध्यानाकर्षण गराउन चाहाँन्छौ र केन्द्रीय सरकार र हाम्रो प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । त्यसका साथसाथै हामीले ठूलो भविष्य बोकेको नेपालकै लगानिमा पनि हामीले अगाडि बढाउन खोजेको हाम्रो पश्मि सेती परियोजना विभिन्न कारणले अलमलिएको छ । अहीले यो परियोजनालाई अगाडि बढाउनका लागि कमसेकम यसमा २० देखि ४० हजार युवाले रोजगारीको सृजना हुने यसलाई अगाडि बढाउनका लागि सरकारले पहल गर्नु पऱ्यो केन्द्रय सरकारसँग सभामुखसँग आग्रह गर्न चाहान्छु । हाम्रो प्रधानमन्त्री भारत भ्रमण गरिराख्नु भएको छ । यो सेती महकालीको यो प्रदेशको एउटा नाकाको रुपमा रहेको जो सुख्खा बन्दर्गाह दोधारा चाँदनीमा बनाउने भनेको थियौ । त्यसका साथसाथै महाकाली करिडोरलाई जोडेर टिङ्कर सम्मको नाका चाइनालाई जोड्ने यो नाकाका लागि पनि उहाँको खास गरेर सुख्खा बन्दरगाहाका लागि तुरुन्त त्यो पहल गरी त्यसलाई अगाडि बढाउनु पर्छ भन्ने कुरा पनि यहाँ अबगत गराउन चाहाँन्छु । शिक्षा क्षेत्रमा अहिले पनि नीजि शिक्षकहरुले त्यो खालबाट कतिपय विद्यालयहरु ऋणमा डुबेका छन् । २०/२५ लाख ऋण लागेको छ । कतिपय विद्यालयमा एउटै विद्यालयमा थुप्रै शिक्षकहरु थुप्रिएका छन् । दरवन्दी मिलानका कुराहरुलाई पनि एउटा खालबाट कसरी अगाडि बढाउनु पर्छ र शिक्षा नीति अगाडि बढाउनका निम्ति प्रदेश सरकार मार्फत केन्द्रय सरकारलाई म त्यो आग्रह गर्न चाहाँन्छु । चमेलियाको विद्युत त्यो किसमबाट त्यो योजना सिद्धिएको छ । त्यो सम्पन्न भएको योजनालाई विस्तार गर्नका निम्ति जुन किसमबाट त्यसको प्रभावित क्षेत्र हो त्यहाँ विद्युत पाइएको छैन् । त्यो आसपासका क्षेत्रलाई विद्युत पुगाउनका निम्ति बैतडी जिल्लाका कतिपय गाउँपालिकाहरुमा त्यसको सुविधा अझै पुग्न सकेको छैन । नजीकबाट गएको विद्युतले फेरी पनि माग्नु पर्ने भएको छ । त्यो चमेलीयाको विद्युत विस्तारका निम्ति पनि आवश्यक पहल गरियोस भन्ने कुरा राख्न चाहाँन्छु । धन्यवाद ।

**माननीय श्री बलदेव रेग्मी:-** माननीय सभामुख महोदय, हाम्रो प्रदेश नं. ७ को बाजुरा निर्वाचन क्षेत्र नं. १ असाध्यै विकत र पछाडी पारिएको निर्वाचन क्षेत्र हो । त्यहाँ विगत लामो समय देखि भोकमरी र सुख्खा खडेरीको समस्या निरन्तर रुपमा अहिले पनि त्यो समस्या त्यहाँ द्रुतरुपमा आइरहेको छ । यो पाला पनि त्यहाँ सुख्खा खडेरीले गर्दा ठूलो समस्या आएको छ । सम्मानीत सद्न मार्फत म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । यातायातको सेवा पनि धनगढी बाट बाजुरा सम्मको हवाई सेवा जोड्नको लागि पनि म यस सद्न मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहाँन्छु र विशेष गरेर अहिले यो संघीयताले जनताको अधिकार जनताको घर दैलोमा आइरहेको सन्दर्भमा बाजुरा जिल्लाको क्षेत्र नं. १ त्यहाँ सापाट, रुगिनबाट तीन चार दिन लगाएर मार्तडी सदरमुकाममा आएर नागरीकता पासपोर्ट लिनु पर्ने समस्या लामो समय देखि भेल्दै आएका छन् त्यहाँका नागरिकहरुले त्यसैले कोल्टीमा इलाका प्रशासन कार्यालय स्थापना गरेर त्यहाँका जनतालाई एउटा राहात दिने र सरकार नजिक आएको अनुभुती दिने खालको व्यवस्था सम्मानीत हल मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहाँन्छु । विशेष गरेर एकल खाता कोष काउन्टर पनि कोलेनीका कार्यालय र आन्तरिक राजस्व कार्यालय कर संकलन गर्ने कार्यालय पनि त्यो क्षेत्रमा निर्माण भएपछि त्यहाँका नागरिकलाई राज्यलाई बुझाउने कर तिर्न पनि लग्भग ४३ किलोमिटर हिडेर कोरखेको लाग्नाको हिउँ छिचल्दै मार्तडी आउने व्यवस्थाको अन्त हुने थियो र यो विभिन्न खालका मागहरु यस सम्मानित सद्न मार्फत नेपाल सरकारको सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहाँन्छु । विशेष गरी स्थानीय निकायमा पनि अहीले सम्म जुन कर्मचारी नहुदा त्यहाँको व्यवस्था अस्तव्यस्त भएको छ । सेवा सञ्चालन हुन सकेको छैन् । प्रदेश सरकारको सञ्चालन हुन सकेको छैन् । तत्काल स्थानीय र प्रदेश सरकारमा कर्मचारीको व्यवस्था गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहाँन्छु । प्रदेश सरकारले स्थानीय निकायका लागि चुनाब भइसकेको छ । उहाँहरु चुनी सक्नु भएको छ । उहाँले पाउने सेवा सुविधा तोक्नु पर्ने हाम्रो दायित्व हो । यो पनि अहिले सम्मम विलम्ब भएको छ । यसको लागि हामीले धेरै ठाउँमा जवाफ दिनु पर्ने छ । प्रदेश सरकारलाई यो सेवा सुविधा तत्काल तोक्नका लागि म यस गरिमामयम सदन मार्फत ध्यानाकर्षण गराउन चाहाँन्छु हस्त धन्यवाद ।

**माननीय श्री बलबहादुर सोडारी:-** माननीय समाभुख महोदय, म सर्वप्रथम हाम्रा पूर्ववक्ता सांसद्ज्यूहरुले बोलेका कुराहरुमा समर्थन गर्न चाहाँन्छु । हामी यो सद्नमा बसिसकेपछि हाम्रो सद्न र हाम्रो प्रदेश सरकारको कामकार्बाहीमा ढिला सुस्ती भएको महसुस गरेका छौं । अरु प्रदेशहरुमा धेरै कामहरु अगाडि बढीसकेका र हाम्रो ७ नम्बर प्रदेशमा अलि सुस्त गतिले गएको जस्तो हामीलाई महशुस भएको छ । हामी मत दिनुहोस् भनेर चुनाब प्रचारमा जादाँ हाम्रा टोलि प्रमुख हाम्रा नेताज्यूले हामीलाई उम्मेद्वारहरुलाई देखाउदै अडाडि धामी आए पछि पनि धामी सरकार तपाईको मष्टा देवताले हामीलाई जिताओस बन्डाली देवताले जिताओस् अनि मठ मन्दिर आएपछि यो देवी देवताले जिताओस् भनेर हाम्रा नेताहरुलाई जिताओस हामी तपाईहरुको माग पूरा गर्ने छौ भन्ने प्रार्थना सहित गरेर ति देवीदेवताहरुले जिताए तर हामीलाई ति देवी देवताहरुले जिताएका हैनन् । हाम्रा देवी देवता भनेका जनता हुन । हामीलाई जनताले जिताएर यहाँसम्म पुगेका हौं । हामीले जनतासँग पनि बाचा गरेका छौं प्रतिवद्धता पनि गरेका छौं । हामीलाई जिताएर पठाउनु होस् भन्दा तपाई के गर्नु हुन्छ ठीक छ हामी तपाईहरुलाई जिताउछौ तर तपाई जितायर के गर्नु हुन्छ भनेर भन्दा हामी हामीले के भनेका छौ भन्दा सर्वप्रथम नेपालको संविधान २०७२ लागु गर्ने चरणमा छौं र हामी त्यसलाई लागु गर्ने छौं । नेपालको प्रजातान्त्रीक गणतन्त्र सफल पार्ने छौं । त्यसपछि हाम्रो ७ नम्बर प्रदेशलाई समृद्ध प्रदेश बनाउने छौं । समृद्ध प्रदेश कसरी बनाउनु हुन्छ ? भनेर उहाँहरुले भन्दा हामीसँग धेरै स्रोतहरु छन् । हामीसँग जलस्रोत, पर्यटन, कृषि क्षेत्र छ । त्यसो भएको हुनाले हामी प्याकेजको रुपमा चरणवाइज रुपमा हामी पहिलो चरणमा हाम्रो जलस्रोतलाई उपयोग गर्ने ढङ्गले जाने छौं । हामी हाम्रा विज्ञहरुसँग सल्लाह लिने छौं । प्रतिपक्षका विद्वानहरु पनि सल्लाह लिन्छौ हाम्रो यो सद्नमा प्रतिपक्षका अभिभावक नेताहरुले रचनात्मक कार्यमा यो प्रदेशलाई समृद्ध बनाउनका लागि जहिले पनि लागी पर्नेछौ भन्ने बचनबद्धता गरिसक्नु भएको छ । उहाँहरुले बाचाँ गरिसक्नु भएको छ । त्यसो भएको हुनाले हामीले अब, ढिला गर्नु हुदैन । हाम्रो व्यूरोक्रेसी पनि यो गणतन्त्र सफल पार्नको लागि अथवा यो प्रजातान्त्रीक गणतन्त्र सफल पार्नका लागि यो नेपालको संविधानलाई सफल पार्नको लागि यो प्रदेश नं. ७ लाई सफल बनाउनको लागि व्यूरोक्रेसी र हाम्रा प्रतिपक्षसाथीहरु सरकार पक्षका साथीहरु मन्त्रीज्यूहरु माननीयज्यूहर सबैले आ-आफ्नो बुद्धि विवेक प्रयोग गरेर विज्ञहरुलाई साथमा लिएर हामीले सर्वप्रथम हाम्रा जलस्रोतहरुलाई अगाडि बढाउनु पर्दछ । कृषि कार्यक्रमलाई अगाडि बढाउनु पर्दछ । भन्ने लागीरहेको छ र यसमा हामीले ढिला गर्नु हुँदैन । अघि हाम्रो माननीयज्यूहरुले भन्नु

भयो हाम्रो अहिले सम्म प्रदेशको नाम राख्न सकेका छैनौ, प्रदेशको राजधानी तोक्न सकेका छैनौ । प्रदेशको नाम पनि हामीले कसैले सेतीमहाकाली भनेकाछौं । कसैले सैपाल हिमाल भनेकाछौं र कसैले खप्तड भनेका छौं । यसमा पनि हामीले एकरुपता भएर यसको नामाकरण गर्नु पर्दछ । राजधानीका विषयमा पनि हामीले चर्चा चलाउनु पर्दछ । हाम्रो उच्च अदालतका लागि भवनका लागि पैसा आइसकेको छ अरे तर कहाँ बनाउने निर्णय नभएको हुनाले उहाँहर पनि अन्योलमा पर्नु भएको छ । यसमा हामी सबैको ध्यानाकर्षण हुने गरी सभामुख मार्फत हामीले अगाडि बढ्नु पर्दछ । हामीले ढिला सुस्ती गर्नु हुँदैन भन्ने भनाइका साथ म आफ्ना भनाई टुङ्गयाउछु धन्यवाद ।

**माननीय श्री भरत बहादुर खड्का:-** सभामुख महोदय, पहिला त म यो कार्यसूचिमा विहिबारमा मंगलबार भएकोले त्यो सच्याउन अनुरोध गर्न चाहाँन्छु । अबका दिनहरमा यस्तो नओस् । सर्बप्रथम त यो खुटिया दिपायल फास्ट ट्र्याकको काम अत्यन्त ढिलासुस्ती कछुवाको गतिमा गएको छ । सडको नाम फास्ट ट्र्याक त्यो बीस वर्ष लाग्ने हो भने त्यसलाई फासट ट्र्याकको नाम दिनु हुँदैन् । त्यसमा किन ढिलासुस्ती भएको यसमा चाहिने जानकारी सरकारले दिनु पर्छ र त्यसका अप्ठ्याराहरु के हुन ? विगतमा पनि यो मलाइ लाग्छ १ करोड ६८ लाख रुपैया छुट्याइएको पिच पनि गरी सकेको त्यो अहिले धुलाम्मे भएको छ वातावरणयी दृटिकोणले पनि राम्रो भएको छैन् । अर्को सौभाग्यवश ३१ वर्ष अगाडि सभापति हुदाँ मैले बोक्टान सडक सिलान्यास गरेर छोडेको त्यो पनि धैरै गती मै छ । त्यसलाई पनि प्राथमिकता दिएर बोकटानमा करिब २५/३० किलोमिटर क्लियर गऱ्यो भने दिपायलसँग जोडिन्छ । बाँकी ६७ किलोमिटर उताबाट हामीले जोडिसकेका छौ । यसमा पनि म सरकारको ध्यानाकर्षण गर्न चाहाँन्छु । जहाँ सम्म सेती परियोजनाको यो दन्त्य कथा जस्तो भएको छ । यो तीसौ वर्ष देखि सुरुवात भएको अहिले सम्म हुन सकेन यदि सेती परियोजना मात्र हामीले बनाउन सक्यौ भने अन्य जलस्रोतको व्यवस्थापनहरु गर्न पनि हामीलाई सजिलो हुनथ्यो । मलाई लाग्छ ७ नम्बर प्रदेशको आर्थिक मेरुदण्डको रुपमा यो रहनसकथ्यो । यसमा हामी सामूहिकरुपमा साझा दृष्टिकोणकामा सहकार्य गरेर यसलाई अगाडि बढाउने तर्फ हामी जाउँ भने र पनि म भनेर अनुरोध गर्न चाहाँन्छु । अर्को कुरा सामुदायिक सेवामा काम गर्ने शिक्षकको समस्यालाई पाल्ने होइन सरकारले उनिहरुको उचित व्यवस्थापन गर्न ढिलो गर्नु हुँदैन जसले अन्योल खडा भएको छ । जसले विद्यालयलाई ठूलो नोक्सान र त्यसको नराम्रो असर परेको छ । गौरीफन्टा नाकाको वारेमा सौभाग्यवस प्रचण्ड जी जादाखेरी पहिला प्रधानमन्त्री हुदाँ पार्टीबाट मलाई पनि सर्वदलीय समितिमा पठाउन मैले यो एजेण्डा उठाएको थिए ८० प्रतिशत सुदूरपश्चिमका नागरिकको आवतजावत गर्ने बाटो यो हो । जिविकोपार्जनसँग पनि यसले सरोकार राख्छ भन्ने कुराहर एजेण्डामा राखेका थिए । पछिल्लो समय शेरबहादुर देउवा प्रधानमन्त्री भएर जाँदा खेरी पनि यो एजेण्डा राखिएको थियो । अहिले हामीले मिडियाबाट सुनेका छौ मुख्यमन्त्री र राजदुतका बीच कुरा हुदाँ खेरी यसलाई सकभर बन्द गर्ने खालको कुरा उठ्याछ यो सुदूरपश्चिमको लागि चिन्ताको विषय हो । त्यसैले भारत भ्रमणमा जादै हुनुहुन्छ सम्माननीय प्रधानमन्त्रीज्यू यसलाई कुन माध्यमबाट हो हाम्रो एजेण्डामा पहिले पनि छ । अहिले पनि छ । यो बाटोको स्तरउन्नत्ती गरेर यो नाकालाई सहज बनाउन पनि यो सभा मार्फत सभामुख मार्फत यो कुरा अनुरोध गर्न चाहाँन्छु । धन्यवाद

**माननीय श्री महेशदत्त जोशी:-** माननीय सभामुख महोदय, प्रदेशको निर्वाचन भई प्रदेश सरकार गठन भइसक्दा पनि अहिले सम्म प्रदेशले आफ्नो आर्थिक उपार्जन आर्थिक व्यवस्थापन कसरी गर्ने भन्ने कुरामा अन्योलमा रहेको अवस्थामा संघीय सरकारले अलिकता ढिलो गरेको हो की भन्ने आशंकाहरु छाइरहेका यस अवसरमा हाम्रो संविधानको भाग २६ धारा २५० अन्तर्गत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ । त्यो व्यवस्था अन्तर्गत प्रदेशले प्राकृतिक स्रोत तथा वित्तको व्यवस्था गर्न सक्ने अधिकारहरु संबैधानिक व्यवस्था भएको अवस्थामा अहिले सम्म त्यो आयोग गठन नभएका कारणले सघीय संरचनाहरु आर्थिक सवलिकरणको बाधा व्यहोरिरहेका छन् । त्यसैले म यो सभामुख महोदय मार्फत संघीय सरकारलाई तत्काल संविधानको धारा २५० अनुसारको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन होस भन्ने माग गर्न चाहाँन्छु । सभामुख महोदय, अहिले विभिन्न ..... चपरतला सम्मको सडक खण्ड पनि ..... ठ्याक्कै मूलकु पनि नयाँ अभ्यासमा छौ । यो कुरा त स्वभाविकै छ । तै पनि हाम्रा आशंकाहरु के छन भने यसलाई असहयोगको भावनाले एउटा पक्षले भित्र लिइरहदा हामी त्यसमा रमाउने कि तत्काल कडाइका साथ हाम्रो नियम कानून विद्यमान नियम कानूनहरु हामीले तत्काल निर्माण गर्ने नियम कानून तिर अगाडि बढेर यि कामहरुको अनुगमन गर्ने भन्ने हाम्रो ध्यान जाओस् । भन्ने म सभामुख महोदय मार्फत सरकारलाई अनुरोध गर्न चाहाँन्छु र अहिले कैलाली कञ्चनपुर जिल्लामा वर्षौ देखि २०१३ सालमा नापी भएको र त्यसपछि आयोगहरु गठन भए २०५१ सालको निर्वाचन पछि एउटा सुकुम्बासी

आयोग गठन भयो त्यसले केही पूर्जा दियो त्यसपछि यहाँ पूर्जा विहिन जनताहरु अहिले आतंकित छन् । सुख्खा बन्दर्गाहको अस्ती केन्द्रबाट आएका कर्मचारीहरुलाई त्यहाँ घेऱ्यो भन्ने कुरा आयो उनिहरुको बसोबासै विहिन हुने अवस्था सरकारको नजरमा उनिहरु जग्गाधनी पूर्जा नभएका तर उनी वर्षौ देखि पुस्तौ देखि त्यहाँ बसीरहेका त्यस्तो कानूनी जटिलताको अवस्थामा उनिहरुलाई अहिले विकास विरोधी विल्ला लाग्ने अवस्था छ । त्यसैले तत्काल उनिहरुको नाप जाँचको व्यवस्था होस् । उनिहरुको क्षतिपूर्तिको व्यवस्था होस् र विकास विरोधी होइनन् जनताहरु उनीहरुले त सहयोग गर्न चाँहेका छन् । तर उनीहरको उठिबाँस हुने अवस्था के गर्छन त उनीहरु सुकुम्बासी भएर अर्को समस्या खडा हुन्छ । त्यसैले उनीहरु पाँच कट्टा दुई कट्टामा बसीरहेका जनताहरु भोली यो रेलमार्गको पनि यही समस्या छ । भोली हाम्रो ६ लेनका सडकका कुराहरु छ । त्यतीबेला उनीहरुको जग्गा नभएको कारणले फेरी सुकुम्बासीहरुको संख्या बढ्ने त्यस्तो अवस्था सृजना भइरहेको छ । त्यसैले तत्काल कैलाली कञ्चनपुरमा नापी व्यवस्थाको लागि संघीय सरकारलाई म हार्दिक अनुरोध गर्न चाहाँन्छु । तत्काल ऐलानी प्रति जग्गाले पनि क्षतिपूर्तिको व्यवस्था होस् । नत्र उनीहरुलाई कहाँहाल्ने नेपालीहरु नै कस्को लागि बिकास गर्छौ । कस्को लागि हामी समृद्धि गर्छौ नेपाली जनतालाई दुःख दिएर समृद्धिको आवश्यकता कसरी होला र ? त्यसैले म सभामुख मार्फत सरकारलाई अनुरोध गर्न चाहाँन्छु । धन्यवाद ।

**माननीय श्री मानबहादुर सुनारः-** माननीय सभामुख महोदय, कञ्चनपुरको यो मेरो निर्वाचन क्षेत्र दोधारा चाँदनीबाट सुरु गर्न चाहाँन्छु । त्यहाँ चाँहि हाम्रो समग्र यो सुदूरपश्चिमको मुहार फेर्ने मेरुदण्डकारुपमा चाहिँ सुख्खा बन्दर्गाह बन्ने भन्ने चाहिँ कुरो भएको थियो । आठ दश वर्ष देखि नै त्यो कुरो चलेर म त्यहाँ जादाँ खेरी त्यतिबेला पुष्पकमल जि प्रधानमन्त्री हुनुहुनथ्यो । उहाँलाई सुख्खा बन्दरगाह बनाउनु पर्छ भन्ने आग्रह गर्दै बोलाउदा खेरी उहाँ चाहिँ दोधरा चादनिको कञ्चनपुर भन्ने ठाउँमा उहाँलाई राख्यौ र उहाँलाई सुख्खा बन्दगाह बनाउने ठाउँ देखायौ त्यती बेला त्यहाँका जनताहरुले तालिका साथ स्वागत गर्नु भयो । सुख्खा बन्दरगाह बन्ने भयो भन्ने किसमको खुसीयाली आयो त्यस पश्चात त्यहाँ एक राउण्डमा नापजाँच गरी गइसक्यो । अर्को राउण्डमा नापजाच गर्दा खेरी त्यहाँ जनताहरु कसैको पूर्जा छ । कसैको पूर्जा छैन त्यहाँका जनताहरुलाई जनताहरुलाई सुख्खा बन्दर्गाह बनेपछि तपाईहरु त्यहाँबाट लखेटिनु हुन्छ तपाईहरुलाई केही पनि क्षतीपूर्ती पाउनु हुन्न । ऐलानी जग्गाको पनि क्षतीपूर्ती पाउदैन र बनेका संरचनाको पनि केही पाउदैन भन्ने किसिमको भ्रम छरिदिदा खेरी अस्ती भारतीय राजदुत इन्डीयाका विज्ञहरु र नेपालका विज्ञहरु त्यहाँ जाँदाँ खेरी त्यहाँका जनताहरुले यहाँ हामीलाई सुख्खा बन्दर्गाह चाहिँदैन यहाँ बनाउन दिदैनौ भन्ने किसिमको ढुङ्गामुडा गरी गालिगलौज गरेर इन्डीया र नेपालका विज्ञहरुलाई गाडी समेत तोडफोड गरेर त्यहाँबाट भगाउने प्रयास गरियो । हामीले के भन्यौ भने तपाईहरुको घर पनि जाँदैन जग्गा पनि जाँदैन यदि गएको खण्डमा त्यसको क्षतिपूर्ति पाउनुहुन्छ । त्यसका साथसाथै जसको जग्गा नापजाच छैन त्यो जग्गा पनि नापजाच २०२० सालमा २२ साल देखि बसीआएका मान्छेहरुले त्यो जग्गा दाना र खैरको पानि खाएर त्यो जग्गा बनाएका हुन । त्यसकारणले त्यो जग्गा पनि जाँदैन त्यसको पनि हामी केन्द्रीय डिसिजन गरेर हुन्छ कि कसरी हुन्छ । तपाइहरुको त्यो जग्गाको क्षतिपूर्ति दिन्छौ पूर्जा भएका मान्छेको र घर भएका मान्छेहरको पनि क्षतिपूर्ति दिन्छौ भन्ने किसमको हामीले कुरा राखेका थियौ । त्यो पनि अहिले कुरो मिलिरहेको छैन । म माननीय सभामुख महोदय मार्फत यो अहिले हाम्रो प्रधानमन्त्री भारत भ्रमणमा जाँदै हुनुहुन्छ यो हाउसबाट अज नै विज्ञटोली प्रधानमन्त्री भारत जाने बेलामा यो आवाज त्यहाँ सुख्खा बन्दरगाहा बन्नु पर्छ भन्ने किसिमको आवाज आजै त्यहाँ जाओस् । त्यहाँका जनताको सुख्खा बन्दर्गाहमा पर्ने ९० विघा हामीलाई चाहिँएको छ । त्यस्तै इन्डियामा पनि ९० विघा चाहिँदो रहेछ । हाम्रो यहाँ २० विघा जती ऐलानी जग्गा छ । ७० विघा घर पर्ने भएका कारणले त्यो ७० विघा जमिन ऐलानी र पूर्जावाला छ । तिनलाई उचित क्षतिपूर्ति दिएर उनिहरुको त्यो घरबास पनि बनोस् । तिनी पनि त्यहाँबाट विस्थाापित नहुन तिनको रोजगारीको पनि ग्यारेन्टी होस् भन्ने कुरा राख्न चाहाँन्छु । त्यसका साथसाथै त्यहाँको पर्यटकीय दृष्टिकोणले दोधराचाँदनी देखि लिएर ब्रह्मदेव हुदै टिङ्कर सम्म रिङ्गरोडको भए पछि त्यो पनि राम्रो हुने छ । बिकासले फड्को मार्ने छ । दोधराचाँदनी र आरक्ष क्षेत्र शुक्लाफाटा हुँदै त्यहाँ पर्यटकीय क्षेत्र भएर बढि भन्दा बढि पर्यटकलाई हामीले भित्र्याउन सक्यौ भने आर्थिकको पनि भार कम हुने थियो । त्यसका साथसाथै हाम्रो यो क्षेत्रमा रहेका मठ, मन्दिरहरु हाम्रा जडिबुटिहरु सम्पूर्णलाई पनि हामीले हेरेम भने यो देशको मुहार फेरिने थियो भन्ने भनाइ राख्दै विदाहुन्छु धन्यवाद ।

**माननीय श्री मालामती कुमारी रानाः-** माननीय समामुख महोदय, संघीयतामा गइसकेपछि प्रदेशको समृद्धिका लागि हामी संकल्पीत छौ । हामी सामु धेरै चुनौतीहरु छन् । प्रदेशका सबै संरचना अन्तर्गत इन्धन पनि पर्छ । माननीय सभामुख महोदय, म एउटा किसान भएको हुनाले जबजब किसानको खेती गर्ने समय आउछ तबतब यो देशका इन्धनको समस्या पर्न जान्छ । म उदाहरण दिन चाँहान्छु अहिले किसानहरुको गहुँ माण्ने समय हो । किसानहरु गहुँ माण्नको लागि तड्पीरहेका छन । सभामुख महोदय, विगतका घटना म सम्झना गर्न चाहाँन्छु मधेस आन्दोलन पहिचान र सविधान संशोधन आन्दोलनले गर्दा भारतको सीमा नाकाबन्दीले गर्दा नेपालमा ७० प्रतिशत बिकास तथा कलकारखाना उद्योग धन्दा व्यापार व्यवसाय राज्यकै मेरुदण्ड हाइड्रो पावर ठप्प भएको सर्वव्यदितै नै छ । चाहिँने सबै प्रकारका इन्धन भण्डारनका लागि राज्यको प्रत्येक प्रदेशमा भण्डारन डिपो राख्ने नीति नै रहेको हुदाँ प्रदेश नं. ७ मा बाहिरी संकट नहोस भन्नका लागि तत्काल उचित ठाउँ निर्धारणका लागि प्रक्रिया अगाडि बढाइयोस सभामुख महोदय, इन्धनमा मट्टितेल, डिजेल, पेट्रोल र ग्याँस कृषिमा आधारित किसानहरुसँग नै नङ र मासुको सम्बन्ध रहेको हुदाँ हाम्रो संविधानमा पनि धारा ३६ खाद्यको हक सबै नेपालीमा पहुच होस् केही जनता खाद्यबाट बन्चीत नहुने व्यवस्था रहेको हुदाँ यदि निकट भविष्यमा हामीले ध्यान दिएनौ भने ठाडो खाद्यान्न अन्नबालिमा असर पर्ने भएकोले पनि प्रदेश सरकार सचेत हुन जरुरी छ । सभामुख महोदय, बजारमा अहिले पनि डिजेलको अभाव छ । किन अभाव छ ? भारतसँगको समझौता अनुसार कुनै प्रकारको बाधा अवरोध छैन मलाई लाग्छ । सभामुख महोदय, व्यवस्थापनको कमी कमजोरी हो । व्यवसायी डिजल ट्याङ्कर ढुवानीको सिन्डीकेट नै मुख्य बाधक हो । सिण्डीकेट प्रथा अन्त हुन पर्छ सभामुख महोदय, आफूलाई पहुँच भनौदाहरुको अन्त हुनु पर्छ । व्यवसायीहरुलाई प्रतिस्पर्धामा लैजानु पर्छ । इन्धन ढुवानीमा सहजता हुनु पर्छ सभामुख महोदय, सिण्डीकेटको कारणले गर्दा प्रत्येक्ष जनतामा असर परेको छ । सिण्डीकेटका मागहरु जनताभन्दा माथि होइनन् । जनताको जनमतलाई हामी कदर गर्नु पर्छ । सभामुख महोदय, धनगढीको चटकपुरमा रहेको नेपाल आयल निगम डिपो बढ्दो बजारीकरणले गर्दा त्यो ठाउँ अब उचित छैन् । इन्धन ज्वलनशील पदार्थ भएको हुँदा घना वस्तिका बीच मापदण्ड विपरित पनि छ । चटकपुर आयल निगमको प्रदेश नं. ७ लाई धान्ने क्षमतालाई पनि नरहेको हुदाँ त्यस ठाउँबाट अन्यत्र जहाँ मानवीय बस्ती छैन त्यहाँ स्थापना गर्नु पर्छ सभामुख महोदय, तत्काल त्यहाँबाट चटकपुर आयल निगम डिपो सारियोस म ७ नम्बर प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । भोली २३ गते सम्माननीय प्रधानमन्त्रीज्यू इन्डिया भ्रमण जाँदै हुनुहुन्छ । माननीय साथीहरुले भनीसक्नु भएको छ । गौरीफन्टा नाका एउटा राष्ट्रिय नाका हो । यो नाकाको वारेमा जसरी भएपनि यो राष्ट्रिय नाकालाई स्तरोन्तीको लागि प्रधानमन्त्रीज्यूले गम्भीरताका साथ पहल गर्नु पर्छ आजैको निर्णयले जसरी भए पनि यो ७ नम्बर प्रदेशको गौरीफन्टा नाकालाई स्तरोन्तीको लागि निर्णय गरेर पठाउनु पर्छ । नत्र भने जो ६ लाईनको धेरै व्यक्तिका धेरै गरिब जेहेन्दारका घर टुटेका छन् । ति घर टुटेर बनाइएको ६ लाईन सडकको कुनै काम छैन जस्तो मलाई लाग्छ । धन्यवाद सभामुख महोदय ।

**माननीय श्री रण बहादुर रावलः-** सभामुख महोदय, म आज विशेष गरी यो नेपाल भारत सीमाना समबन्धमा कुरा राख्न चाहाँन्छु । नेपाल भारत सीमानाको सम्बन्धमा विभिन्न समयमा उठेको वारेमा यस गरिमाय सभा सबैलाई यादै छ । तत्पश्चात पनि केही कुरा राख्न चाहाँन्छु । नेपाल र भारत बीचमा १८१६ को सुगौली सन्धी भएको जसको कारणले सीमाङ्कनको कुराहर बढेको तत्पश्चात १८१६ मा डिसेम्बर तीर भएको थियो जो चाँही केही भूभागहरु थपिएको हुनाले यो फेरी पुनः सन्धी पनि भएको थियो । केही फेरबदल भयो त्यसपछि १८६० मा जंगबहादुरको पालामा श्री ३ महाराजको पालामा फेरी सन्धी भयो र कम्से कम यो नयाँ मूलुक राप्ती देखी काली सम्मको भू-भाग अहिलेको बाँके, बर्दिया, कैलाली, कञ्चनपुरको भू-भागलाई समावेश गरिएको अहिलेको सीमाङ्कनमा तत्पश्चात १८७५ मा जनवरी तिर दाङ्गको केही भू-भागहरु थपिएको हुनाले त्यहाँ पनि फेरबदल भएको थियो । यो सन्दर्भ जोड्न खोजेको कारण के भन्दा खेरी नेपालको भू-भागको करीब करीब १८८० किलोमिटर जती इन्डिया तिर पर्छ पूर्वमा पश्चिममा र दक्षिण तिर त्यसमध्येका ६४० किलोमिटर नदीनालासँग जोडिएको छ अरु सबै भू-भागसँग जोडिएको छ । यही सन्दर्भमा २००७ साल तिर आएर धेरै कुराहरु भएको देखिन्छ । जस्तै ८८५३ स्थानमा त्यो पिलरहरु बनाइएको छ । जसमध्ये २००७ साल भित्रै उनिहरले ६००० पिलर बनाई सकेको थियो । यही सन्दर्भमा यही क्षेत्रको मेरो क्षेत्र नम्बर १ तिरको प्रदेशमा खकौलाको पारी पट्टि ७०० नम्बरको एउा पिलर छ । त्यो पिलरको वरीपरी झण्डै ५० देखि ६० विघा हुनु पर्नेमा अहिले विभित अधिक्रमणको कारणले र त्यो ठाउँ सुरक्षित भएको कारणले सरकारले पनि राम्रोसँग ध्यान नदिएको कारणले त्यो अतिक्रमण

भइसकेको छ । त्यस सन्दर्भमा अहिले खासै ध्यान दिइएको छैन । त्यसैले त्यो भु-भागलाई कसरी व्यवस्थीत गर्ने र हाम्रो देश भित्र ल्याउने त्यो कुरामा मलाई लाग्छ सभामुख मार्फत यो गरिमामय सभालाई जानकारी गराउन चाहाँन्छु । यही सन्दर्भमा भोली सम्मानीय प्रधानमन्त्री भारत भ्रमणको क्रममा किनकी उहाँको पार्टी र संयुक्त बाम गठबन्धनले विगत धेरै वर्ष देखि आन्दोलन गर्दै आएपछि यस सन्दर्भमा उहाँले विशेष पहल गरेर यो चाहिँ छिटोमा छिटो पहल गर्ने पट्टि लाग्नु पर्छ भन्ने मलाई लाग्छ । यसको लागि सम्मानननीय सभामुख मार्फत यो कुरा यथासिघ्र केन्द्रमा जाओस् । कञ्चनपुरको हकमा झण्ड झण्डै १५० विघा जती भू-भाग १२ विघा जति भू-भागहरु कतिपय भारतमा छ भन्छन् । कतिपय नेपाल तिर भन्छन् । निकै ठूलो समस्या परेको छ । गत सालमा एकजना मान्छेको साहदत प्राप्त गर्नु भयो गोविन्दजीले पुनर्वासमा । यती ठूलो घटनाहर घटीसकेका छन् र भविष्यमा यस्ता घटनाहरु नघटोस भन्ने हिसावले यो गरिमामय सभामा मैले यो कुरा प्रस्तुत गरेको हुँ । यसमा छिटोमा छिटो अगाडि बढाउन अनुरोध गर्न चाहाँन्छु । अर्को यही नाका सम्बन्धमा अहिले यो सुदूरपश्चिममा यो ७ नम्बर प्रदेशलाई साच्चीकै समृद्धिशाली बनाउनको लागि विगतमा पनि हामी भन्दै गरेको जस्तो दोधाराचाँदनीलाई साच्चीकै एउटा स्तरोनती गरेर अगाडि बढाएर यसलाई मूलनाकाको रुपमा यसलाई स्तरोन्ती अती जरुरी देखिन्छ । त्यसपछि अहिले भईरहेको गौरीफन्टाको वारेमा धेरै कुराहरु उठ्यो । यस्तो व्यवस्थीत सहर भई सकेको ठाउँमा प्रदेशको अस्थायी राजधानी छनोट भई सकेको ठाउँमा अझ पनि आएर विबादित हुन दुःखको कुरा हो । त्यसैले यसलाई मूल नाकाको रुपमा छिटोमा छिटो व्यवस्थापन गर्नमा वर्तमान सरकार जिम्मेवार तरिकाले अगाडि बढ्नु पर्छ होला । त्यसपछि अर्को नाकाको हकमा टिकापुरमा पुल पनि बनिसकेको छ । वारी पट्टि पिच पनि बनिसकेको हुँनाले पारि पट्टि पनि करिब करिब सबै संरचना भएको हुनाले त्यस नाकालाई पनि मूल नाकाकोरुपमा यि तीन वटा नाकालाई यहाँ गर्नु पर्ने त्यसपछि अर्को माथि गएर ७ नम्बर प्रदेशको झुलाघाटलाई र माथि ताक्लाकोटलाई पनि अगाडि बढाउनु पर्ने देखिन्छ । त्यसैले यि कुराहरुलाई माननीय सभामुख मार्फत यस गरिमामय सभालाई कमसेकम यस सन्दर्भमा यो सीमाङ्कनको सन्दर्भमा र नाकाको सन्दर्भमा यथासिघ्र अगाडि कार्वाही अगाडि बढाइयोस भन्ने अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय श्री लालबहादुर खड्का:-** माननीय सभामुखज्यू, सम्मानननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको सन्दर्भमा बहुचर्चित महाकाली सन्धीका विषयमा कुरो माननीयज्यूले धेरै कुरा राखिसक्नु भएको छ । मैले त्यसमा के मात्रे जोड्न चाहे भने महाकाली सन्धी अनुसार टनकपुर व्यारेजबाट १ हजार क्यूसेक पानी नेपालले पाउने जुन कैलाली र कञ्चनपुरका लागि हामीले त्यहाँ तेस्रो चरणको नहरको काम पनि अगाडि बढाइसकेका छौं । १३ किलोमिटर नहर बनिसकेको छ र नहर बन्ने क्रम जारी छ । तर महाकाली सन्धी अनुसार भारत पक्षले मूहानबाट १२ सय मिटर नहर बनाइदिनु पर्ने तर अहिलेसम्म भारतले त्यहाँ कामको सुरुवात पनि गरेको छैन् । त्यसो भएको हुनाले अहिलेको सम्मानननीय प्रधानमन्त्रीको भ्रमणमा यो पनि कार्यसूची भित्र रहोस एजेण्डकारुपमा रहोस् । म सभामुख महोदय मार्फत ध्यानाकर्षण गराउन चाहाँन्छु । यसैगरी गड्डा चौकी लगायतका भारतीय सीमा क्षेत्रहरुमा नेपालीको आवतजावतको संख्या बढी नै छ । हाम्रो गरिबीका कारणले तर भारतीय पक्षबाट खासगरी भारतका कष्टममा रहेका मान्छेबाट अनावश्यकमा पैसा माग्ने र अपमानीत गर्ने काम बढ्दै गएको छ । त्यसकारण यो जुन खालको विभेदकारी एकातिर खुल्ला सीमाका कुराहरु छन् र अर्को तिर विभेदकारी जुन खालको व्यवहार छ त्यसकालागि पनि यो भारत भ्रमणका वेला सम्मानीत ढंङ्गले नेपालीहरुले आउने जाने वातावरण सुनिश्चितताका लागि पनि मैले ध्यानाकर्षण गराउन चाहाँन्छु । महाकाली सिचाँईको तेस्रो चरणको नहरको सन्दर्भमा हामी एकातिर कछुवा गतिले नहरको काम गरिरहेका छौ र त्यो नहरमा वर्षौ देखि वस्दै आएका मान्छेको जग्गा धनी प्रमाणपूर्जा छैन । जग्गा नापजाँच भएको छ । फिल्ड्बुक कायम छ तमाम मान्छेहरुको घरबाँस उठ्ने खालको अवस्था छ र अहिले नयाँ खालको त्रास सुरुभएको छ । महाकाली नदीबाट तेस्रो चरणको काम त भएको छ । तर धेरै मान्छेको उठाबास हुने अवस्था छ । ऐलानी जग्गा भएका कारणले राज्यले क्षतीपूर्ती दिदैन हामी कहाँ जाने भन्ने खालको त्रास छ । त्यो हुनाले उनीहरुको बसोबासँको व्यवस्थापन र उचित क्षतिपूर्तिका लागि म यो सदन मार्फत यो सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । त्यस्तै अस्ती पनि यो सदनमा माननीयज्यूले उठाइसक्नु भएको लामो समय देखि कञ्चनपुरको राष्ट्रिय निकुञ्जलाई व्यवस्थापन गर्दा आरक्ष पीडिट सुकुम्बासीका रुपमा केही मानिसको अहिलेसम्म व्यवस्थापन हुन सकेको छैन् । धक्का क्षेत्रमा ति २४७३ परिवारलाई मध्ये केही मान्छेलाई धक्काको व्यारेककै छेउमा यहाँका राजनीतिक पार्टी र सरकारका निकायहरले बसेर सर्वदलिय सर्वपक्षीय रुपमा छलफल गरेर सरकारले अर्को व्यवस्था नगरुन्जेल सम्म उहाँहरु त्यहाँ सिविरका रुपमा बस्ने भनेर हामीले

६३ साल देखि नै बस्दै आएका छौं । यस पाली उहाँहरुले लगाएको गहँबालीलाई ट्रयाक्टरबाट थ्रेसिङ्ग गर्न दिएको छैन् । अस्ती पनि यही सम्मानित सदनमा कुरा उठाउदाँ पनि केन्द्रीय सरकारको पनि ध्यान गएन प्रदेश सरकारको पनि ध्यान गएन । त्यसो हुनाले मलाई अलिकती नयाँ प्रश्न पनि गर्ने मनलागिरहेको छ । हामी शासकहरुले यहाँ कुरा उठाउने बोल्ने मात्रै त्यसको सुन्ने र जवाफ दिने पक्ष पनि हुन्छ कि हुँदैन यसमा पनि सभामुखको गम्भीरताका साथ ध्यान जाओस् भन्ने म अनुरोध गर्दै खासगरीकन आरक्षण पिडितको लामो समस्या छ । त्यो समाधानका लागि प्रदेश सरकारले पनि पहल लेओस र केन्द्रीय सरकारसँग मलाई समन्वय गरोस भन्ने कुरा राख्दै आफ्ना कुरा यही टुङ्गयाउछु । धन्यवाद ।

**माननीय श्री लिलाधर भट्टः-** माननीय सभामुख महोदय पूर्ववक्ता माननीयज्यूहरुले उठाएका धेरै विषय वस्तुसँग सहमत हुँदै । यो सम्मानित सद्नमा उठाइएका विभिन्न महत्वका कुराहरु प्रदेश सरकार र केन्द्र सरकारका मन्त्रीज्यूहरुसँग नपुगेका जस्तो भान हुने गरी व्यवहार भइरहेको कुरा हामी देखिरहेका छौं । यसलाई यो सदनको विशेष अधिकार भित्र भएकोले र सद्नमा उठेका गम्भिर विषयवस्तुहरुलाई सरकारलाई निर्देशन हुने छ भन्ने पनि हामी विश्वस्त छौं । हामीले अबको संघीयता आत्मनिर्भरता सहितको संघीयता हो । अबको संघीयताले हाम्रो प्रदेशलाई संसारलाई चिनाउनु पर्छ भन्ने संघीयता हो । त्यो भएको हुँदा आगामी बजेटमा हामी बजेट बनाउदै छौं । आंशिक बजेट र यसपछिको पूर्ण बजेट यसले यो सुदूरपश्चिमलाई संसारकै उत्कृष्ट शैक्षिक गन्तब्यको रुपमा यसलाई लिन सक्ने प्राविधिक विश्वविद्यालय स्थापना गर्नको लागि अहिले देखि नै त्यसको लागि एउटा विशेष कार्यदल गठन गर्न र त्यसको लागि बजेट बिनियोजित गर्न पनि म सरकारलाई विशेष आग्रह गर्न चाहाँन्छु । यसका साथै अहिले हजारौ हजार डक्टर पढ्न बंगलादेश गइरहेका पाकिस्तान गइरहेका चाइना गइरहेका यो परिस्थीतिमा सरकारको गम्भीर ध्यान जाओस् र यो विश्वविद्यालयका विभिन्न फेकेल्टीमा शिक्षण होस् जो ले यो प्रदेशको निर्माण गर्न सकोस भन्न म सरकारको ध्यानाकर्षण गर्न चाहाँन्छु । दोस्रो आगामी वर्ष सञ्चालन हुने योजनाका वारेमा प्रदेश सरकारले आफ्नो कार्यक्षेत्र भित्र रहेर संविधानको अधिनमा रहेर डीपीआर तयार गरेर मात्रै योजनाको लागि बजेट नछुट्यावस् र यो पालि डिपीआर तयार गर्नको लागि पनि बजेटको विनियोजित होस भन्ने आग्रह गर्न चाहाँन्छु । यसका साथसाथै भौतिक पूर्वाधारका सवालमा अहिले भौतिक मन्त्रालयले ठेक्कापट्टा गर्नु पर्ने बन मन्त्रालयले आई रिपोर्ट छैन भनेर रोक्ने जुन समस्याका कारण सेती लोकमार्ग महाकाली कारिडोर लगायतका ठूलठूला योजनाहरु रोकिएका छन् । यसको लागि तत्काल कानूनी परामर्शका साथ अहिले आई रिपोर्टलाई फाष्ट ट्र्याकबाटै गएर पनि यि रोकिएका योजनाहरु अगाडि बढाउन सरकारको गम्भीर ध्यानाकर्षण होस् भन्न पनि म चाहाँन्छु । यसका साथसाथै हामी अहिले नै विनियोजन विधेयकको तयारीमा छौं । अब हामी पेश्की विधेयकको वारेमा पनि छलफल गर्ने तयारीमा छौं । त्यो विद्येयकमा काम गर्नु भन्दा पहिले नै ठेक्का लाग्ने वित्तिकै पेश्की लिने जो सिस्टम छ त्यो सिस्टमको खारेज भएर सर्वप्रथम काम गर्ने काम गरिसकेपछि कामको अनुसारको भुक्तानी दिने व्यवस्था होस् । जस्ले गर्दा विना काम पेश्की लिएर राज्यलाई वर्षौं सम्म ठेक्का पट्टमा लमब्याएर अहिले काम नगर्न सकिने अवस्था छ त्यसलाई हामीले अन्त हुनसक्ने भन्नेकुरा पनि म ध्यानाकर्षण गर्न चाहाँन्छु । यसका साथसाथै अहिले नै हामीले प्रदेशमा कर्मचारीको समस्या देखिराखेका छौ भने अर्को तिर प्रदेश भित्रै कर्मचारी सरुवा गर्न सक्ने पनि व्यवस्थाको लागि केन्द्रय सरकारसँग पनि माग गर्नु पर्ने व्यवस्था हामीले अहिले क्याविनेट डिसिजन गर्नु पर्ने व्यवस्था आएको जस्तो मलाई लाग्छ । अहिले विभिन्न मन्त्रालयमा गएर काम गर्न इच्छुक कर्मचारी पनि यो प्रदेश भित्र छन् । विभिन्न स्थानीय निकायमा काम गर्न चाहाँने कर्मचारी पनि छन् । तर, केन्द्रीय सरकार सामान्य प्रशासन मन्त्रालय र विभिन्न निकाय र विभागहरुमा मैहिनौ सम्म फाइल लट्काएर राख्ने कर्मचारी गएनन् भनेर धमक्याउन खालको भाषाले भोली यो संघीयता कार्यान्वयनमा ठूलो समस्या सृजना हुनसक्छ । प्रदेश भित्रका कर्मचारीहरुलाई सरुवा गर्ने अधिकार प्रदेश सरकारलाई पाइयोस भनेर डेलिगेसन गरेर केन्द्रीय सरकारलाई पठाउन भनेर म गम्भीर ध्यानाकर्षण गराउन चाहाँन्छु । यसका साथसाथै अहिले यो प्रदेशका डोजर सञ्चालकहरु भौतिक पूर्वाधारका ठूला साधनहरु सञ्चालनमा छन् । सबैको ध्यान जाओस् यि डोजर सञ्चालन गर्ने निकायहरुले ८० प्रतिशत बीमा लाइसेन्स सञ्चालन भएको कुरा जिल्ला प्रशासन कार्यालयका रिपोर्टले देखाएका छन् तर त्यो किन भइरहेको छ भने हिजो यो लाइसेन्सको ट्राइल विराटनगर विरगन्जमा हुदोरहेछ । त्यसको लागि यही प्रदेशमा छिटो भन्दा छिटो यो ट्राइलको लागि व्यवस्था गर्न पनि यो सरकारको गम्भीर ध्यानाकर्षण गराउन चहाँन्छु । यसका साथसाथै झुलाघाट र झुलाघाटमा रोटेवल पुलको वारेमा पञ्चेश्वरमा झोलुङ्गे पुलको बारेमा लामो समय देखि कुरा उठीरहेको छ । टेन्डर प्रोसेसमा पञ्चेश्वर झोलुङ्गे पुलमा

टेन्डर प्रोसेसमा गइसके पछि पनि अवरुद्ध भएको कुरा यो सद्न मार्फत केन्द्रीय सरकारमा पुगोस र भोलि प्रधानमन्त्रीको भ्रमणमा पनि यो कुरा एजेण्डा बनोस भनेर म यो सद्न मार्फत ध्यानाकर्षण गराउन चाहाँन्छु । यसका साथसाथै अहिले बजारहरुमा जहाँ पनि अहिले हामी के देखिरहेका छौ भने । बीचबाटोमा मोटरका ग्यारेजहरु देखिन्छन् । त्यसका कारणले बातावरण प्रदुषणका साथै यातायातको यातायातको ट्राफिकमा पनि ठूलो जाम भएकाले सहरी क्षेत्र भन्दा पनि बाहिर मोटर ग्यारेजहरु निर्माण गर्नको लागि सरकारले छुट्टै कानूनी व्यवस्थापन गरोस भने पनि ध्यानाकर्षण गराउन चाहाँन्छु। धन्यवाद

**माननीय श्री बीरमान चौधरी :-** सभामुख महोदय, सम्मानीत सद्न यो खास गरेर कैलालीको ३ को १ नं. क्षेत्रको म केही कुरा गर्न गइरहेको छु। भारतको उत्तरी र नेपालको दक्षिणाी सीमानामा पर्ने कैलारी गाउँपालिका र भजनी नगरपालिका विगत लामो समय देखि बाडि पीडितबाट प्रताडित छ। मैले फेरी पनि दोहोऱ्याए बाढीबाट प्रताडित छ। त्यहाँ सघीय सरकार र प्रदेश सरकार दुईटै सरकारको लागि यो उचित बसोबाँसको व्यवस्था होस् मैले यहाँ ध्यानाकर्षण गराउन चाहाँन्छु । यसको सँगसँगै पाचँ वटा जिल्ला मध्ये २ वटा जिल्ला हाम्रो प्रदेशमा पर्दछन् । जसले गर्दा खेरी मुक्त कमैया पूनर्थापना पुरा भएको छैन। विगत लामो समयदेखि पन्ध सोह्र वर्ष भइसक्यो कमैया पुनस्थापनाको कुरा किन टुङ्गीदैन । हामीले हेरेम २०५७ को साउन २ गते मुक्त कमैया भएका छन् । तर अहिले पनि मुक्त कमैया पुनर्स्थापना हुन सकेको छैन । यसले गर्दा यसलाई संघ सरकारको अधिकार क्षेत्र भित्र जती छन् । यसलाई हाम्रो प्रदेशको दायित्व भित्र यसलाई ल्याउने कि नल्याउने प्रश्न अहिले जटिलरुपमा उठिराखेको छ । किनकी यो समस्यालाई समाधान गरेनौ भने लामो समयसम्म हाम्रो राज्यलाई हाम्रो प्रदेशलाई धेरे घाटाहुने स्थिति दिन प्रतिदिन बढिराखेको छ । यसको सँगसँगै सुकुम्बासी समस्या हाम्रो प्रदेश सरकारले मेरो सभामुख महोदय मार्फत अनुरोध के छ भने हाम्रो प्रदेशमा बास्तविक सुकुम्बासी कति हुन त्यो हाम्रो प्रदेशसँग आकडा हुन जरुरी छ र प्रदेश सरकारसँग सरकारले त्यसको तथ्याङ्क ल्याएर यो सम्मानीत सदन र कमसेकम जनतासँग यो जाओस कि हाम्रो प्रदेशमा बास्तविक सुकुम्बासीहरु यति छन् । पुनर्थापना गर्नु पर्ने यति कति छ ? त्यसपछि गएर जसरी हामी बैज्ञानिक भूमी सुधारको कुरा गरेका छौं संविधानमा त्यसको सँगसँगै अर्को कुरा हामीले के गरेका छौं भने यसलाई व्यवस्थीत वस्तीको कुरा पनि उठाएका छौ । यो समस्यालाई समाधान गर्नको लागि प्रदेश सरकारले र संघ सरकारले यथासिघ्र पठाओस भन्ने मैले सम्माननीय सभामुख मार्फत यो कुरा अनुरोध गर्न चहाँन्छु । यसको सँगसँगै हाम्रो तल्लो बेल्टका जनताहरको कुरा गर्दा कैलालीको दक्षिणी भेगमा तपाईले हेर्नु भयो भने थुप्रै गाउहरु जसले गर्दा खेरी अहिले पनि सीमाको समस्याका कारणले गर्दा तपाईको धेरै घटनाहरु घटिराखेकै छन् । म अर्को कुरा के भन्न चाहाँन्छु भने कैलालीमा कयौ छोटी भन्सारहरु थिए । ति छोटी भन्सार स्थापना हुन सकीराखेको छैन् । जस्तै छोटी भन्सार मध्ये घुइया घाटको छोटी भन्सार हेर्नुहोस् चाँहे हसुलीयाको छोटी भन्सारको कुरा गर्नुहोस् । चाहे फुलवारीको यिनी राज्यको जहाँ आउने ट्याक्स छ वा राज्यको आम्दानी छ । त्यो चुहावट भइराखेको छ । त्यसले हाम्रो प्रदेश सरकार र संघ सरकारको अधिकार क्षेत्रभित्र भएको हुनाले यसलाई कसरी व्यवस्थीत गर्ने भन्ने कुरा यो सभामुख महोदय मार्फत हाम्रो प्रदेशको सरकारलाई र संघ सरकारलाई म गम्भीर ध्यानाकर्षण गराउन चाहाँन्छु किनकी हाम्रो ट्याक्स उठाउने विधि र संविधानमा दिएको छ । यसलाई चाहिँ व्यवस्थीत नगर्दा सम्म कानूनमा व्यवस्थीत गर्न यो जरुरी छ । यसको सँगसँगै अर्को कुरा म के भन्न चाहाँन्छु भने यि सरकारी विद्यालय र समुदायिक विद्यालय र निजी विद्यालय अथवा तिवटा तहको विद्यालय छ । यसले कमसेकम अब आउने शैक्षिक सत्र कतिपय सरकारी विद्यालय तपाईले हेर्नु भयो भने तपाईको विद्यार्थीको मात्रा एकदम न्यून छ । शिक्षक त्यहाँ बसिराखेको छ । त्या विद्यालय मर्ज गर्ने कि के गर्ने ? हाम्रो प्रदेश र देशै भरीको यो समस्या होला र सामुदायिक विद्यालय पनि धौ धौ तपाईको धिपि धिपि बत्ति बले जस्तै गरिराखेका छन् । राज्यले ठूलो लगानी गरेको छ । तर हामीले शिक्षामा गुणस्तर पाउन सकेका छैनौ र नीजि विद्यालयले तपाईले हर्दै जानु भयो भने मलाई लाग्छ फेरी विद्यार्थीको आन्दोलन सुरु होला किन की त्यो ठाउँमा हामी क्रमशः हेर्दै गयौ भने त्यहाँ निर नीजि विद्यालयको महंगो शिक्षामा जनताले आफ्नो छोरा छोरी पढाउन बाध्य भएका छन् । यसलाई कसरी रोक्ने भन्ने कुरामा कसरी व्यवस्थीत गर्ने भन्ने कुरामा राम्रोसँग यसलाई व्यवस्थीत गर्नु जरुरी छ । यसको सँगसँगै मैले माननीय सदस्यले नउठाएको कुरा के भने दश महिना भइसक्यो स्थानीय तहको निर्वाचन भएको तर स्थानीय तहका पदाधिकारीको सेवा सुविधाको वारेमा हाम्रो प्रदेशले अहिले सम्म केही पनि बोलेको छैन । सभामुख महोदय मार्फत यो कुरा म भन्न चाहाँन्छु कि हाम्रो प्रदेश सरकारले अहिले नै उहाँहरुको सेवा सुविधाको व्यवस्था जलेगर्दा खेरी उहाँहरु दश दश महिना सम्म कुनै सेवा सुविधा लिन पाउनु भएको छैन । यसको सँगसँगै अर्को कुरा के भने सडकको कुरा

गर्न चाहाँन्छु हाम्रो प्रदेशको तीन वटा महत्वपूर्ण सडकहरु छन् । त्यो सडकलाई निर्माण कसरी हुने हाम्रो प्रदेश कती सेयर गर्ने हो ? संघ सरकारले कती गर्ने हो ? हामीले बनाउन पाउने जस्तै सेती लोक मार्ग कुरा अहिले पनि सुस्त गतिमा छ । खुटिया दिपायलको पनि सुस्त गतिमा छ । महाकाली लोकमार्ग धन्यवाद

**मानीय श्री श्यामलाल राना थारुः-** माननीय सभामुख महोदय, कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका वार्ड नं. ७ देखि अत्तरिया जोड्ने मोहना नदीमा केएस कन्सट्रक्सन र कञ्चनपुर जिल्लाकै कृषणपुर नगरपालिका वडा नं. ९ देखि चटकपुर सम्मको जोड्ने बाटोमा एलिड जे भी कन्सट्रक्सनले २०७० साल देखि काम सुरु गरेको छ । अहिले सम्म २०७३ साल सम्म काम सम्पन्न गर्ने सम्झौता भएको हामीले होडिङ्ग बोर्डबाट थाहा पाएका थियौ । अहिले सम्म २०७४ सालको यो असाढ मसान्त सम्म पनि ति दुई वटै पुलहरुको गतिविधि हेर्दा ५० प्रतिशत पनि काम सम्पन्न हुन सकेको छैन् । त्यसकारणले पनि प्रदेश सरकारको चाडै ध्यान जाओस भन्ने म अनुरोध गर्न चाहाँन्छु । साथै प्रदेश नं. ७ भरिकै सम्पूर्ण योजनाहरु विगतमा सञ्चालन भएका योजनाहरु कुन निकायबाट सञ्चालन भएका छन् । कुन निकायले ताकेता गर्नु पर्ने हो । त्यसको अनुगमन निगरानी सबैकुराको जिम्मेवारी आज हाम्रो काधमा आएको छ । त्यसकारणले पनि यसको वारेमा प्रदेश सरकारको ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहाँन्छु । साथै यो कृष्णपुर नगरपालीकाका जनताहरुले महेन्द्र नगरको सदरमुकाममा विद्युतको विल बुझाउन जाँदा विद्युतको विल भन्दा बढी भाडा हुन्छ त्यसकारणले २ दिनको लागि मात्र त्यहाँ अस्थायीरुपमा विद्युत महसुलको स्थापना गरिएको छैन् । त्यसलाई स्थायीरुपमा विद्युतको काउन्टर स्थापना गरियोस भन्ने माग राख्न चहाँन्छु । माननीय सभामुख महोदय, पटक पटकको आन्दोलन ससस्त्र संघर्ष एवम् सहिदहरुको बलिदानबाट प्राप्त उपलब्धीलाई समेट्दै जुन नेपालको संविधान जारी भएको छ । यो संविधानमा जुन मौलिक हकका कुराहरु समेटिएका छन् । तिनै मौलिक हकका लागि यो देशमा क्रान्तिहरु भएका छन् । आन्दोलनहरु भएका छन् । आज हामीले यि मौलिकहरु जनताहरुले पूर्णरुपमा अनुभूती पाएका छन कि छैनन यो हेर्ने बेला आएको छ । म यहाँ शिक्षाको वारेमा कुरा गर्न चहाँन्छु । संविधानमा प्रस्टरपमा व्यवस्था भएको छ । कि माध्यामिक तह सम्म निःशुल्क शिक्षाको उपलब्ध गराउनु पर्ने व्यवस्था भएको छ । यो अहिले मात्र होइन २०४७ सालको संविधानमा पनि यो व्यवस्था थियो । त्यो राज्यले पूर्णरुपमा लागू गर्न सकेन अहिले पनि यो स्थीति छ । कि कुनै पनि विद्यालय यस्तो छैन कि कुनै न कनै बाहानाबाट फिस उठाउने काम गरिन्छ । त्यसैले यो सरकारले नयाँ शैक्षिक सत्र पनि आउदै छ । हाम्रो प्रदेश सरकारले पनि नीति तथा कार्यक्रम ल्याउने तयारीमा छ यसलाई संकल्पको लैजानु पर्छ कि यो ७ नम्बर प्रदेशमा कुनै पनि सामुदायीक विद्यालयमा फिस कुनै पनि बाहानामा उठाउन पाउदैन र पूर्णरुपमा जनताले यसको अनुभूती पाउनु पर्छ । साथै स्वास्थ्यको क्षेत्र पनि एकदमै अस्तव्यस्को छ । दुरदराजको जनताहरुले पूर्णरुपमा यसको अनुभूती प्राप्त गर्न सकेका छैनन् । यसबारेमा पनि सरकारको ध्यान जाओस् भन्ने म माग राख्न चहाँन्छु । यो शिक्षाको गुणस्तरको वारेमा हामीले सोच्नु पर्ने अवस्था छ । हिजो जुन व्यक्ति गत टाठाबाठाहरु राजनीतिक दलका दवाबमा भर्ना गरिएका शिक्षकहरु आज सम्म पढाई राखेका छन् । अहिले ठूलो जनशक्ति हामीसँग छ । शिक्षित युवाहरु जुन विदेशमा पलाएन हुनु पर्ने अवस्था छ । नयाँ ऐन तर्जुमा गरेर छिटो भन्दा छिटो शिक्षक सेवालाई अगाडि बढाएर शिक्षको गुणस्तरलाई हामीले माथि उठाउन सक्छौ भन्ने मलाई लाग्छ । यसमा पनि सरकारको ध्यान जानु पर्ने अवस्था छ । माननीयज्यूले एउटा गम्भीर कुरा उठाउनु भएको छ । पुस्तौ पुस्ता देखि यहाँ बसेका जनताहरुले अहिले सम्म लालपूर्जा प्राप्त गर्न सकेका छैनन् । केही आयोगहरु गठन भएका छन् । ति आयोगहरुले दिएका लालपूर्जा पनि अहिले सम्म क्रियाशील भएका छैनन् । ति लालपूर्जाहरु त्यतैकै कागजको खोस्तो भएर मात्रै रहेको छ । त्यसको कुनै पनि उपलब्धी भएको छैन । विगतका आयोगहरुले दिएका लालपूर्जाहरुलाई पनि क्रियाशील बनाउने व्यवस्था होस् र नयाँ नाप जाच गर्नु पर्ने कुरामा पनि ऐन तर्जुमा गरेर यसलाई अगाडि बढाइयोस भन्ने आग्रह गर्न चहाँन्छु । धन्यवाद ।

**माननीय श्री सुशिला बुढाथोकीः-** माननीय सभामुख महोदय, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भईसकेको छ । सफल निर्वाचन पछि जनताले हरेक किसिमका अपेक्षाको आस गरेको छ । निराशलाई आसमा बदल्न प्रदेश सरकार प्रति प्रतिबद्ध हुनु पर्ने छ । छिटै नै प्रदेश सरकारले आस आउने खालका काम गर्नु पर्ने देखिन्छ । सभामुख महोदय, ७ नम्बर प्रदेशको महत्वपूर्ण नेपाल भारतका सीमामा पर्ने ऐसतहासिक गौरिफन्टा नाकालाई अन्तर्राष्ट्रिय नाकाकारुपमा विकास गर्नु पर्ने माग उठिरहेको बेला यो नाका नै बन्द हुँदै छ भन्ने विभिन्न सञ्चार माध्यमबाट हल्ला आइरहेको छ । यदि यो नाका बन्द भयो भने ७ नम्बर प्रदेशका विकास निर्माणमा असर पर्ने ध्यानमा राखी आसन्न प्रधानमन्त्रीज्यूको भारत भ्रमणको बेला यो नाकालाई व्यवस्थिति बनाउन सभामुख

मार्फत सभामुख मार्फत प्रदेश सरकार र संघीय सरकारलाई ध्यानाकर्षण गराउन चहाँन्छु । सभामुख महोदय, ७ नम्बर प्रदेशको कैलाली र कञ्चनपुरमा लामो समय देखि थाती रहेको सुकुम्बासी भूमिहिन समस्या र अव्यवस्थिति बसोबासलाई व्यवस्थित गराउन सभामुख मार्फत यो सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । हुलाकी सडकको पिच सानो भएको कारण यातायात धान्न नसकी प्रतिदिन दुर्घटना बढ्दै गइरहेको छ । सडक खण्डमा पर्ने हुलाकी सडक खण्डमा पर्ने कलौनी देखि हसुलिया सम्मको पीचमा ट्राफिक व्यवस्था मिलाई र सिघ्र सडकको स्तरोन्नती गराउन सभामुख मार्फत यस सद्नको ध्यानाकर्षण गराउन चाहाँन्छु । ७ नम्बर प्रदेशको अन्न भण्डारकोरुपमा रहेको कैलाली कञ्चनपुरमा कृषिमा आत्मनिर्भर बनाउन आलु, खुर्सानी, केरा, कागती, अमिला जस्ता स्वदेशमै उत्पादन गर्न सकिने चिजहरुलाई पनि हाज हामी विदेशबाट किनिरहेका छौं । यि कृषि उपजका चिजहरुलाई उत्पादन लिएर ७ नम्बर प्रदेशलाई आत्मनिर्भर बनाउन र आउदो धान खेतीको सिजन भइरहेको बेलामा धानलाई चाहिँने रसायनिक मलहरु यूरिया डिएपी समयमै उपलब्ध गराउनका निम्ति म सभामुख मार्फत सदनको ध्यानाकर्षण गराउन चाहाँन्छु । धन्यवाद ।

आजको शून्य समय यही समाप्त हुन्छ ।

अब, म, विधायन समितिमा रहनुभएका मा० सदस्यहरू मध्येका जेष्ठ सदस्य मा० कृष्णराज सुवेदीलाई 'प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४' को नियम ११९ बमोजिम 'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न बनेको विधयेक २०७४' माथि दफावार छलफल पश्चात तयार पारीएको विधायन समितिको प्रतिवेदन सहितको विधयेक पेश गर्न अनुमती दिन्छु ।

**माननीय कृष्णराज सुवेधीः-** माननीय सभामुखज्यू, प्रदेश सभा प्रदेश नं. ७ धनगढी कैलाली प्रदेश नं.७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थीत गर्न बनेको विधेयक, २०७४ सम्बन्धी समितिको पेश गर्न म उपस्थित भउको छु । माननीय सभामुख महोदय, प्रदेश सभाको मिति २०७४।१२।२० गते बसेको बैठकको निर्णअनुसार प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ माथि सुझाब सहित दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन प्रदेश सभामा पेस गर्न यस समितिमा प्राप्त भएकोमा सो विधेयक माथि प्रारम्भमा समितिमा मिति २०७४।१२।२१ गते छलफल पश्चात समितिले उक्त कार्यका लागि आमन्त्रित माननीय सदस्यमा माननीय लिलाधर भट्टज्यूलाई समेत आमन्त्रण गरेको थियो । समन्वय कर्ताको रुपमा विधायन शाखाका प्रमुख कानून अधिकृत श्री तेज प्रकाश जोशी नायाव सुब्बा द्वय भुरी प्रकाश जोशी र नन्दलाल पाण्डे समेत रहनु भएको थियो । विधायन समितिको मिति २०७४।१२।२१ गते को बैठकमा देहाय बमोजिमका माननीय सदस्यज्यूको उपस्थिति रहेको थियो । माननीय कृष्णराज सुवेधी, माननीय उमा कुमारी बादी, माननीय नेपालु चौधरी, माननीय मालामती कुमारी राना थारु, माननीय रण बहादुर रावल, माननीय विरमान चौधरी, माननीय शान्ति नेपाली, माननीय श्यामलाल राना थारु, माननीय लिलाधर भट्ट आमन्त्रीत सदस्यको रुपमा प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ माथि समितिमा दफावार छलफल गरी मिति २०७४।१२।२० गतेका दिन नै दफावार छलफल समाप्त भएको थियो । दफावार छलफल समाप्त भए पश्चात प्रमुख प्रस्तुत विधेयकमा देहाय बमोजिम सुझाब सहित निर्णयार्थ सभामा प्रस्तुत हुनु पर्ने समितिको निस्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु । माननीय सभामुखज्यू संशोधन तथा थप हुनपर्ने विषयहरु परिच्छेद १ को १ दफा २ को परिभाषा शीर्षकको खण्ड र खण्डमा लेखिएको ठेकिएको वा नठेकिएको शब्द हटाएर उक्त स्थानमा तोकिएको वा नतोकिएको भन्ने शब्द राख्नु पर्ने, (२) परिच्छेद ३ को पूर्व बजेट छलफल शीर्षकमा दफा १९ को उपदफा (२) को अनत्यम तर चालू आव २०७४/७५ को लागि यो सिमा लागु हुने छैन भन्ने वाक्याङस थप्नु पर्ने (३) त्यस्तै सोही परिच्छेदको बजेट प्रस्ताव र छलफल शीर्षकमा दफा १० को उपदफा (२) र (३) को अन्तमा समेत तर आर्थिक वर्ष २०७४/०७५ को लागि यो सिमा लागू हुने छैन भन्ने वाक्यांश थप्नु पर्ने । (४) परिच्छेद ४ को बजेट निकासा शीर्षकको दफा १६ को उपदफा ५ मा उल्लेखित एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय वा अन्तर्गतको निकाय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको निकायको सचिवले सम्बन्धित निकायको सचिवलाई त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजनको खर्च गर्ने रकम अख्तियारी गर्नु पर्ने छ भन्ने व्यवस्थालाई हटाई उक्त उपदफामा एउटै मन्त्रालय अन्तर्गतको निकायमा विनियोजित बजेटको रकमान्तर गर्नु परेमा सम्बन्धीत मन्त्री स्तरीय निर्णय र बजेट

विनियोजन भएको मन्त्रालय भन्दा अर्को मन्त्रालय वा उक्त मन्त्रालय अन्तर्गतको निकायमा विनियोजित बजेट रकमान्तर गर्दा प्रदेश मन्त्रिपरिषदको निर्णय बमोजिम हुने छ भन्ने वाक्याशं राख्नु पर्ने । (५) परिच्छेद ४ को बजेट निकाशा शीर्षकै दफा १७ को उपदफा (१) अन्तर्गत रहेको प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले भन्ने शब्द हटाई उक्त स्थानमा प्रदेश मन्त्रिपरिषद्ले भन्ने शब्द राख्नु पर्ने । (६) त्यस्तै दफा १७ को उपदफा (२) को चौथो हरफमा उल्लेख भएको सम्बन्धी सचिवले भन्ने शब्द हटाई उक्त स्थानमा सम्बन्धित मन्त्रले भन्ने शब्द राख्नु पर्ने (७) त्यस्तै दफा १७ को उपदफा (३) को दास्रो हरफमा उल्लेख भएको आर्थिक मामिला तथा योजना मन्त्रालयको भन्ने शब्द हटाई उक्त स्थानमा मन्त्रिपरिषदको भन्ने शब्द उल्लेख हुनु पर्ने । (८) दफा १८ को उपदफा (१) को तेस्रो हरफमा उल्लेख भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले भन्ने शब्द हटाई उक्त स्थानमा मन्त्रिपरिषद्ले भन्ने शब्दावली राख्नु पर्ने । (९) त्यस्तै दफा १८ को उपदफा (२) को तेस्रो हरफमा उल्लेख भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले भन्ने शब्दावली हटाई उक्त स्थानमा मन्त्रिपरिषद्ले भन्ने शब्दावली राख्नु पर्ने । (१०) परिच्छेद ५ को दफा २१ को लेखाको सिद्धान्त आधार र लेखा ढाचाँ र उपदाफा (१) र तेस्रो हरफमा उल्लेखित भएको क्रोधभावी शब्दलाई स्पष्ट पार्न कोष्ट भित्र एकुरल वेशिस भन्ने अंग्रेजी शब्द थप्नु पर्ने । (११) दफा २४ को नगद जिन्सी दाखिला र लेखा शीर्षकको उपदफा (२) को चौथो हरफमा मनासिव कारण देखेमा एकै पटक वा दुई पटक गरी बढिमा तीस दिनको म्याद थप गरी दिन सक्ने छ भन्ने वाक्याशं लेखिएको छ । उक्त वाक्याशंमा बढिमा भन्ने शब्द पछि नगदको हकमा सात दिन र जिम्सीको हकमा भन्ने शब्दावली थप गरी नगदका हकमा सात दिन र जिन्सीका हकमा ३० दिन सम्मको म्याद थप गरी दिन सक्ने छ भन्ने वाक्याशं राखिनु पर्ने । (१२) दफा २४ को उपदफा (३) को दोस्रो हरफमा उल्लेख भएको दश दिन सम्म भन्ने शब्द हटाई उक्त स्थानमा ५ दिन सम्म भन्ने शब्द उल्लेख हुनु पर्ने । (१३) सोहि दफाको उपदफा (४) र (५) पूर्णरुपमा हटाउनु पर्ने । (१४) दफा २५ को लेखा दाखिला गर्नु पर्ने भन्ने शीर्षकमा लेखा श्रेस्ता दाखिला गर्नु पर्ने भनी उल्लेख गर्नु पर्ने ( १५) परिच्छेद ७ को दफा ३२ को आन्तरिक लेखा परिक्षण शीर्षकको उपदफा (८) अन्तमि हरफमा त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्ने छ । भनी उल्लेख भएकोमा त्यस्तो प्रतिवेदन सोही आर्थिक वार्षका कार्तिक मसान्त भित्र सार्वजनिक गर्नु पर्ने छ । भनी उल्लेख हुनु पर्ने र उपनियम (८) कै पहिलो हरफमा आर्थिक वर्षका भन्ने शब्द लेख्नु पर्दा आर्थिक वर्षाको भनी त्रुटी हुन गएकोले उक्त त्रुटी भएको शब्दलाई सच्चाई आर्थिक वर्षको भन्ने बुझाउनु पर्ने (१६) परिच्छेद ८ को दफा ४२ को जिम्मेवार व्यक्ति जवाफदेही हुने शीर्षकको उपदफा (२) को तेस्रो हरफमा केन्द्रीय हिसावमा भन्ने शब्द उल्लेख भएको छ । केन्द्रय भन्ने शब्द हटाई उक्त स्थानमा प्रदेशको एकिकृत भन्ने राख्नु पर्ने । (१७) सोही दफाको उपदफा (४) को अनतीम वाक्यांश पछि तर मनासिब कारण नदेखी अनियमितता गरी प्रदेशलाई हानी नोक्सानी पुग्न गएको देखिए जिम्मेवार व्यक्तिबाट हानीनोक्सानी पुगेको विगो रकम समेत असुल उपर गरिने छ भन्ने वाक्यांश थप्नु पर्ने । (१८) सोही परिच्छेदको दफा ४२ को उपदफा (६)को तेस्रो हरफमा विभागीय शब्द लेख्दा त्रुटी भई विभाग भएको शब्दलाई सच्याई विभाग बनाउनु पर्ने । (१९) परिच्छेद ९ को दफा ४९ को सरकारी सम्पत्तीको अभिलेख राख्नु पर्ने तथा प्रतिवेदन तयार गर्ने शीर्षको उपदाफ ( २) को चौथो हरफमा प्रतिवेदन गर्नु पर्ने छ भनी उल्लेख भएको छ उक्त स्थानमा प्रतिवेदन पेस गर्नु पर्ने छ भनी उल्लेख गर्नु पर्ने । (२०) सोही परिच्छेदको दफा ४९ को उपदफा ४ को दोस्रो हरफमा जिन्सी प्रतिवेदन तयार मात्रै उल्लेख भएकोले जिन्सी प्रतिवेदन तयार गरी भन्ने शब्द बनाउनु पर्ने । (२१) साही उपदफाको अन्तिम हरफमा मन्त्रालयमा आश्विन मसान्त भित्र पठाउनु पर्ने छ भन्ने मात्र उल्लेख भएकोमा उक्त वाक्यांशमा र मन्त्रालयले कार्तिक मसान्त भित्र त्यस्तो प्रतिवेदनलाई सार्वजनिक गर्नु पर्ने छ भनी थप गर्नु पर्ने । (२२) दफा ५० को वरबुझारथ शीर्षकको उपदफा (७) को अन्तिम हरफमा निजको जिम्मेवारी हुने छ माथि उल्लेख भएकोले उक्त हरफमा निजको जिम्मेवारी हुने छ भन्ने शब्द पछि जिम्मेवारी बहन नगरे उपदफा ५ बमोजिम कार्बाही गरिने छ भन्ने वाक्यांश थप गर्नु पर्ने । (२३) दफा ५३ को उपदफा (२) को पहिलो हरफमा ५ वर्ष सम्म भनी उल्लेख भएको शब्द हटाई उक्त स्थानमा २ वर्ष सम्म भनी उल्लेख गर्नु पर्ने । माननीय सभामुख महोदय । उपरोक्त संशोधन तथा थप गर्नु पर्ने विषयहरु प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थीति गर्न बनेको विधेयक, २०७४ मा समावेश गरी उक्त विधेयकहरुलाई विधेयकको अङ्ग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन प्रदेश नं. ७ प्रदेश सभा नियमावली २०७४ को नियम ११९ बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग पुऱ्याउने सचिवालयका कर्मचारी सहित सम्पूर्ण विधायन समितिका माननीय सदस्यज्यूहरुमा हार्दिक आभार सहित धन्यवाद दिन चाहाँन्छु । धन्यवाद ।

अब, अर्को बैठक २०७४ साल चैत्र २३ गते शुक्रवार विहान ११:०० बजे पुनः बस्ने गरी आजको बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न २:२५ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ १२ /२५**
**पहिलो अधिवेसन**
**(एघारौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक सुरु दिनको १:०५ बजे**

(लोगो प्रस्ताव)

मा० सदस्यहरु,

यस सभाको एघारौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

अब, म प्रदेश नं. ७ प्रदेश सभाको लोगो निर्धारण मस्यौदा समितिका संयोगक मा० बलदेव रेग्मीलाई प्रदेश नं. ७ को लोगो निर्धारण मस्यौदा समितिको लोगोको व्याख्या सहितको प्रतिवेदन सभा समक्ष पेश गर्न अनुमति दिन्छु ।

**माननीय बलदेव रेग्मी :-** माननीय सभामुख महोदय, प्रदेश सभा प्रदेश नं. ७ धनगढी कैलाली मिति २०७४।१२।२१ गते

विषयः- प्रतिवेदन पेश गरेको ।

महोदय,

सम्मानीत प्रदेश सभाको मिति २०७४।१२।०८ गते बसेको छैठौ बैठकले माननीय श्यामलाल रानाथारु, माननीय विरमान चौधर, माननीय बलदेव रेग्मी, माननीय लिलाधर भट्ट, मालामती कुमारी राना सदस्यरहने गरी ५ सदसीय लोगो निर्धारण समिति गठन गऱ्यो समितिका जेष्ठ सदस्य माननीय श्यामलाल रानाको अध्यक्षतामा मिति २०७४ जेष्ठ ८ गते बसेको लोगो निर्धारण समितिको पहिलो बठकले मलाई संयोजकको जिम्मेवारी तोकेको थियो । पाँच सदस्यि उक्त समितिको दोस्रो बैठकले प्रदेश सभाको लोगो निर्धाण सम्बन्धमा राय सुझाब संकलन तथा नमुना छनोट गर्नका लागि पहिलो चरणमा संसदिय मामिला पत्रकार संघ मार्फत सञ्चार माध्ययममा सात सूचना प्रसारण गरी सार्वजनिक रुपमा लोगोको नमुना डिजाइन आह्वान गर्ने त्यसपछि विभिन्न राजनीतिक दलका प्रतिनिधि विषय विज्ञ तथा प्रदेश सभाका सदस्यज्यूसँग छलफल र परामर्श गरी रायसुझाव संकलन गर्ने र उक्त उत्कृष्ठ लोगोका डिजाइन कर्तालाई सम्मान गर्ने बमोजिम मिति २०७४ जेठ १० गते देखि सार्वजनिक सूचना प्रकाशित गरि लोगोको नमुना आह्वान गरियो । सार्वजनिक सूचनाका आधारमा मिति मिति २०७४ चैत्र १४ गते सम्म प्रदेश सभा सचिवालयमा पाँच वटा नमुना लोगो भए । उक्त नमुना डिजाइनहरुमा माननीय समामुखज्यू, माननीय उपसभामुखज्यूसँग छलफल गरी राय सुझाव ग्रहण गर्नकालागि मिति मिति २०७४ चैत्र १५ गते समितिको तेस्रो बैठक मिति २०७४ चैत्र बीस गते माननीय प्रदेश सभाका सदस्यज्यूसँग राय सुझाव संकलन गर्न समितिको चौथो बैठक बसेको थियो । समितिको मिति २०७४ चैत्र २१ गते बिहान ८ बजेट बसेको बैठकले प्राप्त सम्पूर्ण नमुना लोगो उपर छलफल गर्दा उत्कृष्ठ ठहऱ्याउने खालको नभएको तर त्यस मध्ये शिखर नगरपालिका ११ बस्ने टेक बहादुर किमाडीले पेस गरेको लोगो अरु भन्दा उत्कृष्ठ रहेकोले सोही लोगोको नमुनालाई विभिन्न क्षेत्रबाट सुझाब समेतलाई समावेश गरी परिमार्जित सहित पुनः बनाउने निर्णय गरियो तत्पश्चात मिति २०७४ चैत्र २१ गते बिहान १० बजे बसेको समितिको छैठौं बैठकले समितिमा प्राप्त सम्पूर्ण नमुना डिजाइन माननीयज्यू लगायत विभिन्न क्षेत्रबाट प्राप्त सुझाब तथा समितिका पदाधिकारीको राय प्रतिक्रिया समेतलाई समावेश गरी विभिन्न वर्ग, क्षेत्र भूगोल लगायत सम्पूर्ण प्रदेशलाई झल्काउने गरी तयार पारिएको लोगो स्वीकृत गर्ने निर्णय गरे बमोजिम उक्त लोगो आज म सम्मानीत सदन समक्ष प्रस्तुत गर्न गइरहेको छु ।

आफूसँग रहेको तृष्ण कलाको प्रयोग गरी लोगोको डिजाइन गरी यस समितिमा पेश गर्नु हुने पाँच जना लोगो डिजाइनरका साथै आफ्नो गृहण योग्य सुझाव दिने लोगो निर्माण समितिलाई सहज गर्नु हुने माननीय सभामुखज्यू माननीय उपसभामुखज्यू माननीय प्रदेश सभाका सदस्यज्यू लगायतका विषयविज्ञ लाई लोगो निर्धारण समितिबाट हार्दिक धन्यवाद प्रकट गर्दछु ।

माननीय सभामुख महोदय अब, म समितिबाट तयार पारिएको प्रदेश सभाको लोगो व्याख्या सहित सम्मानीत हल समक्ष प्रस्तुत गर्ने अनुमती चाहाँन्छु ।

प्रदेश नं. ७ प्रदेश सभाको लोगो

(१) लोगोको माथि पट्टी  रहेको नेपालको झण्डाले हाम्रो राष्ट्रियता झल्काउछ राष्ट्रिय झण्डाका मुनी रहेको निलो र सेतो रंगको हिमाले यस क्षेत्रमा रहेका दुइ वटा उच्च हिमाल अपी र सैपाललाई जनाउछ । मध्ये भागमा रहेको हरियो रंगको पहाडले प्राकृतिक स्रोतले सम्पन्न समग्र पहाडी भूभाग र चूरे पहाडलाई जनाउछ । तल पट्टी रहेको समग्र फाटले देशको अन्नको भण्डारकोरुपमा रहनुका साथै सांस्कृतिक विविधताले भरिएको तराईलाई अंकित गर्दछ । राष्ट्रिय झण्डाको दाँया र बाँयामा रहेका नौं वटा लालिगुराँसले प्राकृतिक, सांस्कृतिक सम्पदाले परिपूर्ण यस प्रदेशका नौं वटा जिल्लाको प्रतिनिधित्व गर्दछ । लागोमा अग्र भागमा रहेको नक्साले ७ नम्बर प्रदेशको जक्सा जनाउछ । नक्साको तलपट्टी रहेको सुनौलो रंगको ऋस धानको बालाले हाम्रो प्रदेश कृषि उपजको धनी रहेको सन्देश दिएको छ । प्राकृति, सांस्कृतिक र भौगोलिकरुपमा हामी प्रदेश नं. ७ को चाल चलन, रितिरिवाज, भेषभूसा तथा भाषालाई सम्मान गर्न एकताको प्रतिककारुपमा रहेको सुनौलो गोलो घेरा भित्र प्रदेशको लोगो देखाइएको छ । धन्यवाद ।

(पेश भए पछि)

अब, लोगो निर्धारण मस्यौदा समितिका संयोजक माननीय बलदेव रेग्मीले पेश गरेको प्रतिवेदन माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा बोल्न चाहाने माननीय सदस्यहरूका लागि ३ मिनेटको समय निर्धारण गरेको छु । छलफलमा भाग लिन चाहाने माननीय सदस्यहरूले आफ्नो नाम ड्यासमा रहेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराउनु होला ।

(नाम उपलब्ध गराइ सकेपछी)

अब, लोगो मस्यौदा समितिको प्रतिवेदन निणयार्थ सभा समक्ष प्रस्तुत गर्दछु ।

सहमत हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला । सहमत नहुने मा० सदस्यहरूले “हुन्न” भन्नु होला ।

सहमत हुने माननीय सदस्यहरू “हुन्छ” भन्नुहोस ।

(“हन्छ” भनिसकेपछी)

सहमत नहुने मा० सदस्यहरू “हुन्न” भन्नुहोस ।

(“हुन्न” भनिसकेपछी)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रदेश नं. ७ प्रदेश सभाको लोगो निर्धारण मस्यौदा समितिको प्रतिवेदनसाथ पेश हुन आएको लोगोको मस्यौदा सर्वसम्मतीले सभाबाट स्वीकृत भएको हुदाँ उक्त लोगो प्रदेश नं. ७ प्रदेश सभाको लोगो निर्धारण भएको घोषणा गर्दछु । उक्त लोगो तयारीको कार्य यथा सिघ्र अगाडी बढाउन पदेश सभा सचिवालयलाई आदेश दिन्छु ।

मा० सदस्यहरू,

अब, म 'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४' माथि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई अनुमती दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय, यो सभामा यो भन्दा अघिल्लो बैठक र त्यो भन्दा अघिल्लो बैठकमा प्रदेश सरकारको तर्फबाट प्रस्तुत आर्थिक कार्यविधि ऐन, २०७४ मा छलफल गरेका थियौ । त्यसमा विभिन्न किसमका जिज्ञासा पनि उठेका थिए । म त्यो सम्बन्धी र कार्यविधि ऐन सम्बन्धी प्रष्ट पार्ने अनुमती चहाँन्छु । यसको दुईटा कुरा यो कार्यविधि ऐनमा उल्लेख भएका थिए । जो संघीय सरकार धेरै वर्ष देखि त्यसै दफामा टेकेर काम गर्दै आइराखेको र संघीय सरकारले पठाएको प्रदेश सरकारको नमुना ड्राफ्ट पनि सोही अनुसार रहेको हाम्रा छिमेकी कर्णाली प्रदेश उहाँले पनि हामी जस्तै कार्यविधि ऐनमा व्यवस्था गरेको त्यस्तै प्रदेश नं. ३ मा पनि यो कार्यविधि ऐन पारित भएको र त्यसमा पनि सोही व्यवस्था भएको त्यसैले ऐन कानून तर्जुमा गर्दा खेरी जहाँ सम्म समानरुपले देशमा हुनु पर्छ भन्ने यो सैद्धान्तिक मान्यता पनि हो । तर, हाम्रो प्रदेशको सभालाई त्यसभन्दा बाहेक केही थपघट गर्नु पर्ने अवस्थामा हामी स्वतन्त्र छौं । यसमा कसैको दुई मत पनि छैन् । यहाँ जुन दफामा कुरा गरिएको छ । जस्तै परिच्छेद ४ को दफा १६ को ५ मा के छ भने अलि सचिवलाई केही अधिकार दिएको थियो । त्यो सचिवलाई दिएको अधिकार नितान्त मन्त्रालयले आफूखुसी राखेको र आफ्नो स्वविवेकले राखेको होइन विगतका प्रचलित अभ्यासलाई पनि हामीले हेर्‍यौं र संघीय सरकारको मोडल नमुना जाँचको नमुना पनि हेर्‍यौं सोही अनुरुप हामीले राखेका थियौ र त्यसपछिको परिच्छेदको ४ को १७ को (१) दफा १७ को उपदफा (२) १७ को (३) १८ को (१) र १८ को (२) मा केही कुराहरु आएका थिए त्यसमा पनि मैले भनीसकेको छु । विगतको उपयुक्त अभ्यास र हाम्रा अन्य प्रदेश सरकारले गरेको व्यवस्था अनुरुपनै हामीले व्यवस्था गरेको र संघीय सरकारले विगत लामो समय सम्म एउटा गरेको कारण के हो भने कतीपय कुरा विनियोजन ऐनमा आउने हुनाले कतिपय कुराहरु अरु ऐनसँग पनि सम्बन्धित भएको हुनाले यो ऐनमा यदि हामीले केही कुरालाई निर्दिष्ट गर्‍यौं भने पछि आउने ऐनसँग बाझिने हुनाले हामीले यो व्यवस्था गरेका हौं । विगतको व्यवस्थामा अथवा अन्य प्रदेश सरकार र संघीय सरकारसँग मिल्नु पर्ने जो उहाँले नमुना दिनु भएको थियो । सोही अनुरुप हामीले पनि प्रक्रियालाई काम गर्न सजिलो हुन्छ भन्ने हेतुले व्यवस्था गरेका थियौ । मलाई के लाग्छ भने यस कुरामा हामी सहमत नै छौं । प्रस्ट कुरा कसरी मन्त्रिपरिषदले फङ्सन गर्न सक्छ कसरी मन्त्रालयले काम गर्न सक्छ । कसरी जनताले छिटो र छरितोरुपमा सेवा प्राप्त गर्न सक्छन् यो कुरालाई मध्यनजर गर्ने हो । यो विषयमा विगतमा भएको अभ्यास केन्द्रय सरकारको अभ्यास र संघीय सरकारले पठाएको मोडल अभ्यास र अन्य प्रदेश सरकारले पास गरेको कार्यविधि ऐनमा पनि हुनु पर्दछ । कानूनमा एकरुपता सोही अनुरुप हुनसक्छ । यसमा अन्य कुनै पनि कुरा पर्न जादैंन भन्ने मेरो बुझाइ रहेकोले मैले सम्मानित यो गरिमामय सभा समक्ष यो बुदामा यो व्यवस्था गरेका छौं । त्यो व्यवस्था गर्नु उपयुक्त भएकोले यही अनुसार प्रदेश सभा समक्ष स्वीकृत गर्न अनुमती चाहाँन्छु । परिच्छेद ४ को दफा २१ को (१) मा के छ भने नेपालीमा अंग्रेजिमा पोर्दो अर्थात अकुरल बेसिस भन्ने लेखिएकोले अंग्रेजीमा ऐनमा नलेखी यसलाई पोर्दो शब्द हुन्छ भन्ने अरु सरकारले र संघीय सरकारले पनि पोर्दो शब्द नै राखिएको छ । यदि अक्कुरल बेशिस कहि कतै राखिएको छ भने यसमा मलाई केही भन्नु छैन् । होइन भने ऐनमा तथा नीति कानूनमा प्राय जसो अंग्रेजि शब्दको प्रयोग हुने मैले देखेको छैन् । यस सम्बन्धी पनि यहाँहरुलाई आवश्यक सुझाबको लागि अनुरोध गर्न चाहाँन्छु । धन्यवाद

मा० सदस्यहरू अब, विधेयक माथिको छलफल प्रारभ हुन्छ ।

मा० सदस्यहरू विधायन तथा प्रदेश मामिला समितिको मिति २०७४।१२।२३ गतेको बैठकले 'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि  नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४' को परिच्छेद-४ को बिभिन्न दफा तथा उपदफाहरूमा उल्लेख भएको 'आर्थिक मामिला तथा योजना मन्त्रालय' भन्ने शब्दावलीलाई यथावतै कायम राख्ने र उक्त परिच्छेदको विभिन्न दफा तथा उपदफामा लेखिएको 'सचिव' भन्ने शब्दको स्थानमा 'सम्बन्धित मन्त्रालय र विनियोजित ऐनले निर्धारण गरे बमोजिम' भन्ने शब्दावली राख्नु पर्ने भनि गरेको निर्णय पेश हुन आएको व्यहोरा जानकारी गराउछु । 'प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि  नियमित तथा

व्यवस्थित गर्न बनेको विधेयक, २०७४' को नियम १२४ ले सामान्य त्रुटीहरू सुधार गर्न सक्ने अधिकार सभामुखलाई प्रदान गरेकैले विधायन तथा प्रदेशमामिला समितिको मिति २०७४।१२।२२ गते पेश भएको प्रतिवेदनमा उल्लेख भएका त्यस्ता विषयहरूलाई निणर्यार्थ प्रस्तुत गरिरहनु परेन । छलफलमा समितिको मिति २०७४।१२।२३ गतेको निर्णय सहितको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा अनुसांगिक अन्य उपदफाहरू मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउछु । छलफलमा भाग लिन चाहने मा० सदस्यहरूको लागी ३ मिनेटको समय निर्धारण गरेको छु । छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आफ्नो नाम ड्यासमा रहेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराउनु होला । सर्वप्रथम माननीय श्री रतन थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री रतन थापाः-** माननीय सभामुख महोदय, अहिले यो जुन विधायन समितिमा छलफल भएर आएको छ । धेरै कुराहरु संशोधनमा राखेको रहेछ । जसले गर्दा हाम्रो सदन २ दिन सरेको छ । म यसमा अलिकती के भन्न चाहाँन्छु भने मन्त्रीज्यूले स्वीकार गर्नु भएको कुरा लास्ट आवरमा रकम ट्रान्सलेसन एउटा मन्त्रालयबाट अर्को मन्त्रालयमा दिने कुरा हो । संघमा के थियो भने मन्त्रालय पनि धेरै हुने त्यसकारणले मन्त्रीमण्डलको बैठक पनि बस्न नसक्ने त्यो कारणले त्यहाँ सचिवलाई अधिकार दिएको थियो र त्यो सन्दर्भमा ठीक थियो होला । हाम्रो भनेको प्रदेश र इमिडेट पनि बैठक बस्ने सक्ने क्याविनेट पनि बस्न सक्ने र मन्त्रीले पनि सल्लाह गरेर त्यो रकम रकम ट्रान्सफर गर्दा खेरी एक अर्को मन्त्रालय गर्दा मन्त्रिपरिषद्को निर्णय यो स्वभाविक कुरा हो । यसमा समय धेरै भयो । एउटा नमुनाहरु बनाइन्छ केन्द्रमा बनाएको नमुना मा व्यूरोक्रेटले अर्थात विज्ञहरुले ड्राफ्ट ल्याएर त्यो हामीले हुबहु पास गर्न पर्छ भन्ने अवस्था नहोस भन्न चाहाँन्छु । हामीले हाम्रो अनुकुल प्रदेशहरुको हामीले गुर्न पर्ने हो । कुन कुराहरु गर्दा हामीलाई सजिलो हुन्छ यसमा तपाईहरुले गर्नु पर्छ जस्तो मलाई लाग्छ । यो प्रस्तावकको पक्षमा ठीक छ जस्तो मलाई लाग्छ र म समर्थन गर्न चाहाँन्छु । यसको वारेमो यति नै भन्न चाहाँन्छु । विगतमा पनि त्यस्तो होस मलाई लाग्छ । अस्तीको समितिमा सभापति कतिवटा राख्ने भन्ने विभिन्न प्रदेशमा कसैमा चार कसैमा तीन कसैमा छ सम्म राखेको देखियो र हामीले ५ सम्म राख्ने भनेर हामीले हलमा पास गरेर ल्याएका थियौं तर यहाँ सुनाउदाँ खेरी ४ वटै मात्र हुबहु मात्र राखेको देखियो । त्यस बेला नै मैले के महशुस गरेको थिए भने । हामीले ड्राफ्ट नै पास गर्ने हो त भन्ने लागेको थियो र अहिले होइन रहेछ भन्ने लाग्यो र हामीले बनाउनु पर्छ जस्तो लागेको छ । अर्को कुरा समसामयिक कुरा राख्दा कैलाली जिल्लामा घटना घटेको थियो । फागुनको २५ गते एउटा खोकामा काम गरेर राती सुतेको महिलालाई खोकामै आगो लगाएर जलाइएको छ । त्यसको अहिले सम्म केही पनि कुरा उठेको छैन र पक्राउ पनि परेको छैन । सानो कुराको हामीले ख्याल गरेनौ भने त्यो भोली गएर ठूलो हुनसक्छ । हामी यो सरकार गठन भईसकेपछि जनतालाई के गऱ्यौ त ? हामीले यो भित्र गरेको कुरा जनतालाई थहाँ हुनु पऱ्यो । उदाहरणको लागि बीच बाटोमा पैसा उठाइराखेको छ यसमा परिवर्तन छैन । कमसेकम हामी सिसि क्यामेरा राखिदिउ त्यती मात्र गर्दाखेरी सुधार हुन सक्छ । यातायातमा महिनाको दुईचोटी लाइसेन्स दिने र दुई ठाउँ शाखा राख्ने वित्तिकै समाधान हुन्छ । बजेट नभए पनि डिपिआर गर्न सक्छौं । हाइवेको डीपीआर पोर्ट गर्न सक्छौ । भन्सारका कुरा राख्न सक्छौं । विधि प्रविधि र समृद्धि गरेर यो सरकारलाई सद्न मार्फत यो कुरा राख्दै विदाहुन्छु । धन्यवाद

**माननीय श्री हर्क बहादुर कुवँरः-** माननीय सभामुख महोदय आज हामी महत्वपूर्ण घडीमा उपस्थित भएका थियौं । अहिले जनताले अपेक्षा गरेअनुसार यो गरिमामय सदनबाट हामीले काम अगाडि बढाउनु जरुरी छ । अहिले हेर्दाखेरी पत्रपत्रीकामार्फत शान्ति सुरक्षाको कम्जोर अवस्था रहेको छ । त्यसलाई शान्ति सुरक्षा कायम गर्न सभामुख मार्फत म अनुरोध गर्दछु । अब, हामीले जुन कुरा यो चैत्रमा बजेटको कुरा आएको छ । यसमा धेरै क्षेत्रबाट के कुरा उठीराखेका छन् । यसका बारेमा पनि हामी सभासदको विचमा छलफल गर्नु जरुरी छ । सभामुख मार्फत सम्बन्धित निकायलाई पनि छलफलका लागि अन्तक्रिया गर्नु गरुरी ठानेको छु । त्यसका लागि माग गर्न चाहाँन्छु । साथै अहिले हामी यस्तो अवस्थामा छौ । विकास निर्माणको तिब्रगतीको लागि हामी प्रदेश सभामा सरकार माननीय सभासदहरु लाग्नु पर्ने अवस्था छ । अब हामीले जनतालाई कसरी दिन सकिन्छ । जनताको अपेक्षालाई कसरी अगाडि बढाउन सकिन्छ । हामीलाई फास्ट ट्रयाकबाट जानु गरुरी छ । हामीले जनताको दायित्व पुरा गर्नका लागि जवसम्म हामी फास्ट ट्रयाकबाट जान सक्दैनौ तवसम्म जनताले हामीलाई विश्वास गर्न सक्दैनन् भन्ने मलाई लाग्छ । सभामुख महोदय यस्ता कुरालाई ध्यान दिई हामीले अगाडि जानु जरुरी छ । सम्बन्धीत निकायको सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहाँन्छु । जुन यो आर्थिक नियमावली आएको छ

परिच्छेद ४ को बजेट निकाषा रकमान्तर तथा निर्णय शीर्षकमा दफा तथा उपदफाहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालय उल्लेख भएकोमा कुनै संशोधन नगर्ने र सचिव एल्लेख भएको स्थानमा संशोधन मन्त्रालय विनियोजन ऐनले तोके बमोजिम हुने भनी प्रदेश सरकार आर्थिक कार्यविधि नियमावली व्यवस्थापन गर्न ल्याएको विधेयकलाई म समर्थन गर्न चाहाँनछु । धन्यवाद

**माननीय श्री महेशदत्त जोशीः-** माननीय सभामुख महोदय, प्रदेश नं. ७ को प्रदेश सरकारले ल्याएको आर्थिक कार्यविधि नियममित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ माथि दफावार छलफल भएर २०७४ चैत्र बीस गनेका दिन नै यो छलफल समाप्त भएको थियो । त्यसपछि यो विधेयक विधायन समितिमा प्रस्तुत भइसकेपछि केही सामान्य छलफल र सुझावकोरुपमा यसलाई हामीले सुझावको रुपमा यो आएको छ । सर्वप्रथम यो यति छिटै प्रदेश सरकारले सद्नमा आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक ल्याएकोमा म प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहाँन्छु । यो सद्न पनि नयाँ र सरकार पनि नयाँ भएको अवस्थामा केही सामानय त्रुटी बाहेक यो विधेयक प्रदेशको जनताको हितमा र प्रदेशको विकासको पक्षमा छ भन्ने मलाई लागिरहेको छ । यसपछि आउने बजेटको सन्दर्भमा केही जिज्ञासा र बजेटको सन्दर्भमा सरकारको ध्यानाकर्षण होस् भन्ने पनि सुझाव राख्न चाहाँन्छु । विगतमा ७ नम्बर प्रदेशमा लामो समय दुईवटा अञ्चल नौ वटा जिल्ला र पटक पटकमा निर्वाचन क्षेत्रहरु परिवर्तन भइरहे नयाँ संविधान प्राप्त गरिसकेपछि हामीले ७ नम्बर प्रदेशमा संघीय सदनका १६ वटा निर्वाचन क्षेत्र र प्रदेश सभाका ३२ वटा निर्वाचन क्षेत्र कायम गरेका छौं । अब हामीले बजेट प्राप्त गर्दाखेरी जनताको अपेक्षा रहेको छ । जनसंख्याको आधारमा शिक्षा स्वास्थ्य जनताका सरोकारका विषयहरु विकास निर्माणका कुराहरु जनसंख्याको आधारमा सम्बोधन हुने गरी भूगोल पनि नछुट्ने गरी बजेट विनियोजित हुने छ । आउने छ भन्ने जनताले ठूलो अपेक्षा राखेका छन् । यस वर्ष २०७४ निर्वाचन वर्षको रुपमा दुईवटा क्षेत्रका निर्वाचनहरु सँगै शान्तिपूर्वक र मर्यादित ढङ्गले सम्पन्न गरेका छन् । ७ नम्बर क्षेत्रका ३२ वटै निर्वाचन क्षेत्रबाट ऐतिहासिक ढङ्गले निर्वाचनमा भाग लिने जनताले बजेटको बिकासउन्मुख बजेटको अपेक्षा गरेका छन् । त्यसैगरी सरकारको ध्यानजानेछ । भन्ने हामी जनप्रतिनिधिले आशा लिएका छौं । खासगरी यो आर्थिक कार्यविधिको सम्बन्धमा कुरा गर्दा खेरी परिच्छेद ४ को बजेट निकासा शीर्षकको दफा १५ को उपदफा ५ मा उल्लेखित एउटा सामान्य संशोधन रहेको छ । एक मन्त्रालय अन्तर्गत विनियोजित रकम अर्को मन्त्रालय वा अन्तर्गतको निकायमा सञ्चालन गरी कार्यक्रम खर्च गर्न आवश्यक भएमा त्यस्तो विर्षिक विनियोजन र विनियोजित भएको निकायको सचिवले सम्बन्धीत निकायको सचिवलाई यस्तो वार्षिक कार्यक्रम विनियोजनको खर्च गर्ने अख्तीयारी प्रदान गर्नु पर्ने छ । भन्ने व्यवस्थामा विधायन समिति मार्फत र केही सामान्य संशोधन छ । त्यो भनेको एउटै मन्त्रालय अन्तर्गतको निकायमा विनियोजित बजेटको रकमान्तर गर्नु परेमा सम्बन्धीत मन्त्री स्तरीय निर्णय र बजेट विनियोजित भएको मन्त्रालय भन्दा अर्को मन्त्रालयको निकायमा विनियोजित बजेट रकमान्तर गर्दा प्रदेश मन्त्रिपरिषदको निर्णय बमोजिम हुने छ । भन्ने वाक्याङ्श राख्नु उपयुक्त हुन्छ भन्ने कुरा आएको छ । यसलाई समावेश गरी यो आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक सामान्य संशोधन माननीय सभामुख महोदयले गर्ने अधिकार रहेको अवस्थामा यो पास हुने छ भन्ने अपेक्षा सहित यो विधेयकको पक्षमा म समर्थन गर्न चाहाँन्छु । हामीले आशा गरेको जनताले आसा गरेको अरु विधेयक र ऐनहरु सदनमा आउने कुरामा हामी आसावादी छौं । सबै मन्त्रालयबाट विधेयक ऐन र बजेट प्राप्त हुने कुराको आशा गर्दै मेरो भनाई टुङ्गयाउछु । धन्यवाद

**माननीय श्री गोविन्द राज बोहराः-** माननीय सभामुख महोदय, हामी बजेटको शिलशिलामा छौं र बजेटकै कुरालाई लिएर अस्तिको हाम्रो यो अधिवेशन स्थगित भएको थियो । मूलकुरो के हो भने बजेट सरकारको तर्फबाट आएको थियो । त्यसमा त्रुटिहरु थिए । त्यो त्रुटीलाई सच्याएर एउटा राम्रो बाटोमा लैजाने प्रकृर्यामा हामी विपक्षी दलका साथीहरु पनि एक ठाउमा आएर सल्लाह दिएका थियौं । एउटा निकास आएको छ । मूलकुरा के हो भने जुन बजेट आएको छ । यो बजेट हामीले कार्यान्वयन कसरी गर्ने आज प्रदेशसँग सिमित बजेट छ । त्यो बजेटलाई जनताको पक्षमा कसरी प्रयोग गर्ने भन्नेकुरा च्यालेन्जको कुरा हो । गाउँपालिका नगरपालिकासँग आफ्नो बजेट छ । उनिहरुको पनि टेक्नीकल समस्या छ । यो प्रदेशको बजेट जुन गइरहेको छ । यो बजेटलाई टेक्नीकल पार्टमा कसरी लैजाने जनताको पक्षमा कसरी सदुपयोग गर्ने भन्ने च्यालेन्ज छ । म सरकारलाई के आग्रह गर्न चाहाँन्छु भने यदि यो बजेट जिल्लामा हामीले पठाउँदा खेरी हामीले नाम लेखेर पठाउदा यसको कार्यान्वयन हुन सक्दैन । प्राविधिक चाहिन्छ । प्रदेशले दिएको सानो बजेटले कम्सेकम जनतामा एउटा कुरा परोस कि प्रदेशले दिएको

बजेटले साच्चिकै योजना पुरा भएको छ भन्ने अनुभूती गर्न पाओस त्यसैले यो प्राविधिक कार्यालयमार्फत यो बजेटलाई पठाएर दूई महिना भित्र यसलाई सक्नु पर्ने छ । हामीलाई सरकारको तर्फबाट सोधिएको पनि छैन । यसलाई कसरी कार्यान्वयन गर्ने कसरी अगाडि बढाउने यसको सदुपयोग कसरी गर्ने भन्ने बारेमा कमसेकम सजिलो पर्थ्यो । तर त्यसका बाबजुत पनि हामी सुझाव दिन चाहाँन्छौ त्यो प्राविधिक कार्यालय रहेन भने यो बजेट प्रयोग हुन सक्दैन यो जिल्लामा त्यसैले यसलाई तुरुन्त केन्द्रीय सरकारलाई आह्वान गरेर केन्द्रिय सरकारलाई भनेर यसलाई त्यो प्राविधिक कार्यालयलाई स्थापित गर्नु पर्छ । त्यो मार्फत खर्च गर्नु पर्छ । हामीले अर्को बजेट पनि बनाउनु छ । अर्को बजेट बनाउदाखेरी कमसेकम सबै माननीय सदस्यहरुसँग सल्लाह गरेर जनतामा अनुभूती हुने किसमको बजेट दिनु पर्छ भोलिको बजेट त्यो किसमको होस् । सबैको सरसल्लाहमा होस् र हामी त्यसमा प्रतिपक्षको तर्फबाट सहयोग गर्न तयार छौं । सहयोग गरिराखेको छ भनेर अध्यारोपन देखाउने काम नगरियोस् यदि त्यस्तो गरियो भने हामीले स्वच्नु पर्ने अवस्था आउँछ । बजेटलाई जनताका पक्षमा जाने कुरामा हामी कही बाधक हुदैनौ । धन्यवाद

अब, म आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय, जुन सुझावहरु आएका छन् । माननीय सभासदज्यूबाट उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहाँन्छु । यो संशोधन र पछिल्लो प्रतिवेदनको कुरा छ । यो हाउसलाई यो गरिमामय बैठकलाई यही अनुरुप ठिक लाग्छ भने र सबैको यसमा सहमती छ भने प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीलाई कुनै आपत्ति नरहेको र यसको गरिमा र यसको कार्यान्वयनको पक्ष यसलाई अझै मर्यादित गर्ने कुरामा मन्त्रालय सजग रहेको छ । सबैको सहमती छ यही अनुरुप जानेहो भने मेरो पनि सहमती रहेको कुरा उल्लेख गर्दै यो विधयेक पारित गरियोस भन्ने म अनुरोध गर्न चाहाँन्छु । धन्यवाद

(जवाफ दिए पछि)

अब, यो छफल यही समाप्त हुन्छ ।

मा० सदस्यहरू,  अब म, प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ का सम्बन्धमा विधायन तथा प्रदेश मामिला समितिको मिति २०७४।१२।२३ गतेको निर्णय ले गरेको संसोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यसमा सहमत हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला र सहमत नहनु अर्थात विपक्षमा हुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

सहमत हुने अर्थात पक्षमा हुने मा० सदस्यहरू “हुन्छ” भन्नुहोस ।

(“हुन्छ” भनिसकेपछी)

सहमत नहुने अर्थात विपक्षमा हुने मा० सदस्यहरू “हुन्न” भन्नुहोस ।

(“हुन्न” भन्ने आवाज नसुनियपछी)

“हुन्न” भन्ने आवाज सुनियन तसर्थ ‘प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४’ को परिच्छेद-४ को विभिन्न दफा तथा उपदफाहरूमा उल्लेख भएको ‘सचिव’ भन्ने शब्द हटाई उक्त स्थानमा ‘सम्बन्धित मन्त्रालय र विनियोजन ऐनले निर्धारण गरे बमोजिम’ भन्ने शब्दावली राख्नु पर्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू

अब, म प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ को दफा २ देखि ६५ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू विधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत

गर्दछु । सहमत हुने अर्थात पक्षमा हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला र सहमत नहुने अर्थात विपक्षमा हुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

सहमत हुने अर्थात पक्षमा हुने मा० सदस्यहरू “हुन्छ” भन्नुहोस ।

(“हुन्छ” भनिसकेपछी)

सहमत नहुने अर्थात विपक्षमा हुने मा० सदस्यहरू “हुन्न” भन्नुहोस ।

(“हुन्न” भन्ने आवाज नसुनियपछी)

“हुन्न” भन्ने आवाज सुनियन तसर्थ प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ को दफा २ देखि ६५ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू विधेयकको अंग बनेको घोषणा गर्दछु ।

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावनाः प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक लेखा परीक्षण गर्ने गराउने, अनितम लेखापरीक्षण गराउने, बेरुजू फछर्यौट, असुल उपर तथा तहसिल गर्ने गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न गराउन बाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५९ र २१३ बमोजिम प्रदेश नं. ७ प्रदेशसभाले यो ऐन बनाएको छ ।

संक्षित नाम र प्रारम्भः

(१) यस ऐनको नाम “प्रदेश नं. ७ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४” रहेकोछ

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब, म विधेयकको प्रस्तावना र नाम ‘प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४’ को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

सहमत हुने अर्थात पक्षमा हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला र सहमत नहुने अर्थात विपक्षमा हुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

सहमत हुने अर्थात पक्षमा हुने मा० सदस्यहरू “हुन्छ” भन्नुहोस ।

(“हुन्छ” भनिसकेपछी)

सहमत नहुने अर्थात विपक्षमा हुने मा० सदस्यहरू “हुन्न” भन्नुहोस ।

(“हुन्न” भन्ने आवाज नसुनियपछी)

“हुन्न” भन्ने आवाज सुनियन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतीले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

अब, म, आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा लाई ‘प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४’ लाई पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसकेपछी)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू "हुन्न" भन्नुहोस ।

("हुन्न" भन्ने आवाज नसुनियपछी)

"हुन्न" भन्ने आवाज सुनियन तसर्थ आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा ले प्रस्तुत गर्नु भएको प्रदेश नं. ७ को प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ लाई पारित गरियोस भन्ने प्रस्ताव सर्वसम्मत्तीले पारित भएको घोषणा गर्दछु ।

**(श्वेत पत्र)**

मा० सदस्यहरू,

आर्थिक मामिला तथ योजना मन्त्री मा० झपट बहादुर बोहराले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट श्वेत पत्र जारी हुने भएकोले सभामा जानकारी गराउन समय माग गर्नु भएको छ । आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिने श्वेत पत्रको विषयमा जानकारी गराउन प्रदेश नं. ७ प्रदेश सभा नियमावलीको नियम १९९ बमोजिम समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय, यो श्वेत पत्रको आसय के हो भने हामी नयाँ किराबाट नविन अभ्यास तर्फ उन्मुख छौं प्रारम्भीक तथ्याङ्क यथार्थ वस्तुस्थितिबाट हामी कहाँ छौं । हाम्रा आगामी कार्य दिशा के हुने छन भन्ने कुराहरु यसमा उल्लेख गरिएको छ । वाचन गर्न अनुमती चाहाँनछु ।

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ७

धनगढी, कैलाली

२०७४ चैत्र २५ गते

१. पृष्ठभूमी

मुलुक एकात्मक राज्य व्यवस्थाबाट संघीयतामा प्रवेश गरेसँगै संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई प्रदेश सरकारले संवैधानिकरुपमा आफ्नो कार्यको थालनी गरिसकेको छ । साविक सुदुरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती र महाकाली अञ्चलमा रहेका ९ जिल्लाहरू बाजुरा, बझाङ, अछाम, डोटी, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर मिली प्रादेशिक संरचना तय भएको यस प्रदेशमा १ उपमहानगरपालिका, ३३ नगरपालिका तथा ५४ गाउँपालिका गरी ८८ वटा स्थानीय तह रहेका छन् । कूल क्षेत्रफल १९,५३९ वर्ग किलोमिटरमा फैलिएको यस प्रदेशको पूर्वमा कर्णाली प्रदेश र प्रदेश नं. दक्षिण ५ छ भने दक्षिण तथा पश्चिमतर्फ भारत र उत्तरतर्फ जनवादी गणतन्त्र चीनसँग सिमा जोडिएकोछ । यस प्रदेशले हिमाल, पहाड र तराईतीनवटै क्षेत्रलाई समेटेकोछ ।

२. श्वेतपत्र प्रस्तुत गर्नुकोऔचित्य

प्रदेश सरकारले प्रदेशको वर्तमान आीर्थक, सामाजिक वस्तुस्थिति आम प्रदेशवासीहरुलाई जानकारी गराउने मूल उद्देश्यले उपलब्ध यथार्थ तथ्यांकलाई विश्लेषण गरी यो श्वेतपत्र जारी गरिएको छ ।

३. श्वेतपत्रको सीमा

प्रादेशिक संरचना तयार भई प्रदेश सरकारले कार्य थालनी गरेको छोटो समयमा नै य प्रदेशको बस्तुस्थितिबारे तथ्यांक सहित श्वेतपत्र तयार गरिएको हुँदा सरकारी, गैरसरकारी र निजी क्षेत्रका सरोकारवाला निकायहरुबाट उपलब्ध भएसम्मको तथ्यांकलाई आधार बनाई तयार गरिएको यो श्वेतपत्र उपलब्ध तथ्यांकसम्म मात्र सिमित रहेको छ ।

४. विश्व अर्थतन्त्र

विकसित मुलुकहरूको आर्थिक गतिविधिमा आएको सुधारसँगै विश्व अर्थतन्त्रमा सन् २०१६ मा ३.१ प्रतिशतले आर्थिक वृद्धि भएकोमा सन् २०१७ मा उक्त वृद्धिदर ३.५ प्रतिशत हुने अनुमान गरिएको थियो । सन् २०१६ मे मा हाम्रा छिमेकी मुलुकहरू भारत र चीनको औषत आर्थिक वृद्धिदर क्रमशः ८ र ९ प्रतिशत रहेको थियो ।

५. हाम्रो मुलुकले सन् २०२२ सम्म अति कम विकसित राष्ट्रहरूको सूचीबाट विकासशील राष्ट्रमा स्तरोन्नतीहुने लक्ष्य लिएकोछ । यसका लागि प्रति व्यक्ति राष्ट्रिय आय अमेरिकी डलर १२४२ पुग्नुपर्ने, मानव सम्पत्ति सूचकाङ्क ६६ भन्दा माथि र आर्थिक जोखिम सूचकाङ्क ३२ भन्दा कम हुनु पर्ने सीमा निर्धारण गरिएको छ ।

६. संयुक्त राष्ट्र संघको आह्वानमा नेपालले सन् २०३० सम्म दिगो विकास लक्ष्य र सो अर्न्तगतका १६९ गन्तव्यहरू हासिल गर्ने प्रतिबद्धता जनाएकोछ । राष्ट्रिय योजना आयोगको प्रतिवेदन अनुसार उक्त लक्ष्य हासिल गर्न प्रति वर्ष औषत रु. १७.७ खर्ब लगानीको आवश्यकता रहेको देखिन्छ ।

७. आयको ९० प्रतिशतभन्दा बढी उपभोगमा नै खर्च हुने हुनाले बचत न्यूनहुने गरेकोदेखिन्छ । कूल स्थिर पूँजीको आकार कूल ग्राहस्थ उत्पादनको ३३.८ प्रतिशत मात्र रहेको छ । विगतमा ५ वर्ष कूल ग्राहस्थ उत्पादनको औषत १ प्रतिशतको हाराहारीमा प्रत्यक्ष वैदेशिक लगानी प्रवाह भएको छ ।

८. अल्पविकसित मुलुकमा सामाजिक र आर्थिक पूर्वाधार क्षेत्रमा सार्वजनिक खर्च बढ्पर्नेमा चालु खर्च बढ्दै गएकोदेखिन्छ । विगत ५ वर्षमा कूल बजेट मध्ये ६४ प्रतिशत भन्दा बढी चालु र २१ प्रतिशत मात्र पूँजीगत बजेट खर्च गरेकोमारहने चालुतर्फ सम्पूर्णजसो खर्च हुने तर पूँजीगत बजेटको ७२ प्रतिशतसम्म मात्र खर्चहुने प्रवृत्ति रहेको देखिन्छ । हाम्रो मुलुकमा राजस्वले चालु खर्च धान्न सक्ने स्थिति पनि छैन ।

९. कूल ग्रार्हस्थ उत्पादनको एक तिहाई अंश ओगट्ने कृषि क्षेत्रमा अझै पनि दुई तिहाइ श्रमशक्ति कार्यरत छन् । कृषि योग्य जमिनको १५ प्रतिशत भुभागमा मात्र बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ । कृषि योग्य भुमिको खण्डीकरणको गति तीब्र छ । कृषिको उत्पादकत्व न्यून रहने तथा प्रतिफल प्राप्तिमा ढुक्क हुने अवस्था नरहेकोले कृषि क्षेत्रबाट पलायन हुने कृषकको संख्या बढ्दोक्रममा रहेकोदेखिन्छ । कुनैबेला खाद्यान्न निर्यात गर्ने हाम्रो मुलुकलेहाल वार्षिक रु. १ खर्ब भन्दा बढीको खाद्यान्न आयात गर्न थालेकोछ ।

१०. मुलुकमा उद्योग क्षेत्रको स्थिति अझै निराशाजनकरहेको देखिन्छ । २० वर्षअघि कूल ग्राहस्थ उत्पादनमा औद्योगिक उत्पादनको हिस्सा करिब १० प्रतिशत रहेकोमा हाल ६ प्रतिशत भन्दा न्यून रहेकोअवस्था छ ।

११. हाम्रो मुलुकको विगत १ दशकको औषत आर्थिक वृद्धिदर ४ प्रतिशत रहेको देखिन्छ भने मुद्रास्फीति दर करिब ९ प्रतिशतरहेको छ । न्यून आर्थिक वृद्धि, उच्च मूल्यवृद्धि र आयको असमान वितरणले गर्दा २१.६ प्रतिशत नेपाली आय गरिबी र २९.६ प्रतिशत घर परिवारहरू बहु-आयामीक गरिबीको रेखामुनी रहेका छन् । अन्तर्राष्ट्रिय मान्यता अनुसार प्रतिव्यक्ति प्रतिदिन आय १.९ अमेरिकी डलर आय गणना गर्ने हो भने ३६ प्रतिशत नेपालीहरू गरिबीको रेखामुनी रहेको देखिन्छ ।

१२. पछिल्लो श्रमशक्ति सर्वेक्षण अनुसार हाम्रो मुलुकमा खुल्ला बेरोजगारी २.३ र अर्ध बेरोजगारी दर करिब ३० प्रतिशतको हाराहारीमा रहेको अनुमान छ भने युवा अर्धबेरोजगारी ३५.८ प्रतिशत छ । दैनिक करिब एक हजार

पाँचसय नेपाली युवाहरू रोजगारीको खोजीमा विदेश जाने गरेका छन् । श्रम बजारमा वार्षिक करिब पाँच लाख बेरोजगार थपिने गरेका छन् ।

१३. प्रति व्यक्ति विद्युत्खपत १६० किलोवाट प्रति घण्टा छ । यो खपत दक्षिण एसियामा नै न्यून हो । सडकको घनत्व ०.५५ किलोमिटर प्रति वर्ग किलोमिटर रहेको छ । सहरी क्षेत्रको सडक घनत्व पनि १.६ किलोमिटर प्रति वर्ग किलोमिटर मात्र छ जबकी सडक घनत्व कम्तीमा ५ किलोमिटर प्रति वर्ग किलोमिटर अन्तराष्ट्रिय मान्यता रहेको छ ।

१४. प्रति बैंक शाखाले औषत करिब ९ हजार ६ सय जनसंख्यालाई सेवा प्रदान गरेको स्थिति छ । यद्यपी कूल जनसंख्याको करिब ४० प्रतिशतलाई मात्र बैंकिङ सेवा र ५ प्रतिशत भन्दा कमलाई मात्र ऋण सेवा पुगेको छ । कूल ७५३ स्थानीय तह मध्ये ३७९ तहहरूमा अझै वाणिज्य बैंकहरू पुग्न सकेका छैनन् । २०७४ माघ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको रु.२२ खर्ब ४३ अर्व कर्जा लगानी मध्ये ५.३ प्रतिशत कृषि क्षेत्रमा, ३ प्रतिशत जलविद्युत्क्षेत्रमा, १६.३ प्रतिशत उत्पादन क्षेत्रमा र १०.६ प्रतिशत निर्माण क्षेत्रमा कर्जा प्रवाह भएको छ । बैंक तथा वित्तीय संस्थाहरूको कूल कर्जा तथा लगानी मध्ये ३ चौथाईभन्दा बढी ७६.१ प्रतिशत घरजग्गा तथा चालु सम्पत्तिको धितोमा प्रवाह भएको छ भने परियोजनामा आधारित कर्जाको अंश न्यून छ । २०७४ साल पुस मसान्तसम्म लघुवित्त संस्थाहरूबाट करिब १७ लाख जनसंख्यालाई रु.१ खर्ब २२ अर्ब ऋण प्रवाह भएकोछ ।

१५. पूँजी बजारमा हाल २०८ कम्पनीहरू रहेतापनि तिमध्ये ७५ प्रतिशत वित्तीय संस्थाहरू छन् । पूँजी बजारको कूल कारोवारमा वित्तीय संस्थाहरूको अंश ८१ प्रतिशत, जलविद्युत् क्षेत्रको ५ प्रतिशत, उद्योगको ३ प्रतिशत र होटलको २ प्रतिशत मात्र रहेकोछ ।

१६. नेपाल राष्ट्रबैंकबाट स्विकृत प्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्त संस्था गर कूल १४७ बैंक तथा वित्तीय संस्था रहेका छन् भने बीमा समितिहरूबाट स्विकृत प्राप्त १९ जिवन बीमा र २१ निर्जिवन बीमा गरी कूल ४० वटा कम्पनीको साथै एउटा पुनर्बीमा कम्पनी पनि रहेको छ ।

१७. बैदेशिक व्यापारको स्थितिः आर्थिक वर्ष २०७३।०७४ मा व्यापार घाटा रु ९ खर्ब १७ अर्ब अर्थात कूल ग्राहस्थ उत्पादनको ३४.४ प्रतिशत रहेको थियो भने चालु आर्थिक वर्षको प्रथम सात महिनासम्ममा यस्तो व्यापार घाटा रु. ६ खर्ब १४ अर्ब पुगिसकेको छ । सबै भन्दा बढी व्यापार घाटा भारतसँग ६६ प्रतिशत रहेको छ ।

१८. मुख्य आयात गरिने वस्तु तथा सेवाः नेपालको विगत पाँच वर्षको आयातको संरचनामा सबै भन्दा बढी औषत १५ प्रतिशत इन्धन, १४ प्रतिशत कृषिजन्य पदार्थ, १२ प्रतिशत सवारी साधन र पार्टपुर्जा, १ प्रतिशत विद्युत आयात वापतको भुक्तानी र करिब ५ प्रतिशत सुन चाँदी लगायतका बहुमूल्य धातुको आयातको अंश रहेको देखिन्छ ।

१९. आधारभूत खाद्य वस्तुहरूको आयातको स्थितिः चालु आर्थिक वर्षको प्रथम ७ महिना सम्म जम्मा रु. ६ खर्ब ६१ अर्बको आयातमध्ये करिब रु. १७ अर्बको चामल, रु.७ अर्बको तरकारी, रु.३ अर्बको फलफुल, रु.१३ अर्बको खाने तेल गरी रु.४० अर्बको आधारभूत खाद्य वस्तुहरूको आयात भएको छ ।

२०. विप्रेषण आप्रवाहको स्थितिः आर्थिक वर्ष २०७४।०७५ को पहिलो सात महिनामा विप्रेषण आप्रवाहको वृद्धिदर १.७ प्रतिशत रहेकोछ जबकी गत वर्षको सोही अवधिमा उक्त वृद्धिदर ५.२ प्रतिशत कायम रहेको थियो ।

२१. चालु र शोधनान्तर घाटाको स्थितिः चालु आ.व.को सात महिनासम्मको चालु खाता रु. १ खर्ब ४१ अर्ब र शोधनान्तर रु.१८.३ अर्बले घाटामा रहेकोछ । जबकी गत वर्षको सोही अवधिमा चालुखाता रु.१०.६ अर्बमात्र घाटामा रहेको थियो भने शोधनान्तर रु.३६.९ अर्बले बचतमा रहेको थियो । लामो समयसम्म चालू खाता बचत रहेकोमा हाल भुक्तानी घाटा देखिएको छ । २०७४ माघ मसान्तसम्ममा विदेशी विनिमय सञ्चिति २०७४ असारको तुलनामा २.८ प्रतिशतले घटेको छ ।

२२. चालु आ.व.को बजेट कार्यान्वयनको स्थितिः आर्थिक वर्षको फाल्गुन मसान्तसम्ममा कूल विनियोजित बजेटको ४१ प्रतिशत मात्र खर्च भएको देखिन्छ। यसमध्ये स्थानीय तहलाई हस्तान्तरण गरिएको रकम केन्द्रीय लेखामा खर्च देखिए तापनि वास्तविक खर्च भने भएको छैन। आर्थिक वर्षको ६७ प्रतिशत समय व्यतित भैसकेको यो अवधिमा चालु तर्फ ५० प्रतिशत पूँजीगत तर्फ २८ प्रतिशत, वित्तीय व्यवस्था तर्फ २३ प्रतिशत मात्र खर्च भएको छ।

२३. राजस्वको स्थितिः आयकरको दायरामा करिब १० लाख र मूल्य अभिवृद्धि कर तर्फ १ लाख ९० हजार करदाता दर्ता भएका छन्। कूल राजस्वमा २७ प्रतिशत योगदान भएको मूल्य अभिवृद्धि करको करिब ६४ प्रतिशत भन्सार विन्दुमा आयात हुनेवस्तुबाट प्राप्त हुनेगरेकोछ। भन्सार मार्फत आयात हुने बस्तुको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर जोड्दा देशको कूल राजस्वमा करिब ४७ प्रतिशत योगदान रहेका देखिन्छ भने आन्तरिक राजस्वको अंश करिब ३६ प्रतिशत मात्र रहेकोछ।

२४. सार्वजनिक ऋणको स्थितिः आ.व.२०७३।७४ को अन्त्य सम्ममा तिर्न बाँकी सार्वजनिक ऋण रु.६ खर्ब ९८ अर्ब अर्थात कूल ग्राहस्थ उत्पादनको २६.८ प्रतिशत रहेको छ। यस मध्ये आन्तरिक ऋण रु.२ खर्ब ८४ अर्ब र बाह्य ऋण रु.४ खर्ब १४ अर्ब रहेको छ।

२५. जनसंख्या तथा क्षेत्रफलको तुलनात्मक अवस्थाः नेपालको कूल जनसंख्याको ९.६३ प्रतिशत जनसंख्या प्रदेश नं. ७ मा रहेकाछन् भने कर्णाली प्रदेश मा ५.७३, प्रदेश नं. ५ मा १७.१४, प्रदेश नं. ४ मा ९.११, प्रदेश नं. ३ मा २०.८६, प्रदेश नं. २ मा २०.४ र प्रदेश नं. १ मा १७.१२ प्रतिशत रहेका छन। जनसंख्याको हिसाबले प्रदेश नं. ७ को स्थान सातवटै प्रदेशमा छैठौं छ।

नेपालको कूल क्षेत्रफलको १३.२८ प्रतिशत क्षेत्रफल प्रदेश नं. ७ ले ओगटेको छ भने कर्णाली प्रदेश ले २०.६९, प्रदेश नं. ५ ले १३.४७, प्रदेश नं. ४ ले १४.६१, प्रदेश नं. ३ ले १३.७९, प्रदेश नं. २ ले ६.५६ र प्रदेश नं. १ ले १७.६ प्रतिशतछ ओगटेको छ। जनसंख्याको हिसाबले प्रदेश नं. ७ को स्थान सातवटै प्रदेशमा छैठौं रहेको छ।

२६. राजश्व र खर्चको तुलनात्मक अवस्थाः आर्थिक वर्ष २०७४/७५ को तथ्यांक अनुसार नेपालको कूल राजश्वको १.१४ प्रतिशत राजस्व प्रदेश नं. ७ ले संकलन गरेको छ भने कर्णाली प्रदेश ०.१९, प्रदेश नं. ५ ले १०.६१, प्रदेश नं. ४ ले १.६२, प्रदेश नं. ३ ले ४८.१३, प्रदेश नं. २ ले ३०.१ र प्रदेश नं. १ ले ८.२३ प्रतिशत संकलन गरेको छ। सातवटै प्रदेशमा राजश्व संकलनक आधारमा प्रदेश नं. ७ को स्थान छैठौं रहेकोछ।

आर्थिक वर्ष २०१४/१५ को तथ्यांक अनुसार नेपालको कूल खर्चको ५.४ प्रतिशत खच प्रदेश नं. ७ ले गरेको छ भने कर्णाली प्रदेश ले ४.५९, प्रदेश नं. ५ ले ९.०८, प्रदेश ५.५६, प्रदेश नं. ३ ले ६०.२९, प्रदेश नं. २ ले ६.४१ र प्रदेश नं. १ ले ८.७३ प्रतिशत गरेकोछ। सातवटै प्रदेशको खर्चको आधारमा प्रदेश नं. ७ कोस्थान छैठौं रहेकोछ।

२७. मानव विकास सुचकांकको अवस्थाः नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.४३५ रहेको छ। उक्त प्रतिवेदन अनुसार यस प्रदेश अन्तर्गत रहेका जिल्लाहरूमध्ये बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क सबैभन्दा न्यून ०.३६४ रहेको देखिन्छ भने सबैभन्दा बढी कञ्चनपुरको ०.४७५ देखिन्छरहेको। नेपालको सन्दर्भमा २००१ सन् सम्म न्यून पाँच मानव विकास सूचकाङ्क भएका जिल्लामा यस प्रदेशको बाजुरा तथा बझाङ पर्दथे भने सन् २०११ मा अछाम जिल्ला समेत उक्त सूचीमा थप हुन पुग्यो। यस प्रदेशका जनताहरूको औषत आयु ६६.४ वर्ष रहेको छ भने प्रतिव्यक्ति आय ४७४ अमेरिकीको डलर रहे छ। समग्र नेपालको सन्दर्भमा सोही समयमा औषत आयु ६८.८ वर्ष, प्रतिव्यक्ति आय ८५३ अमेरिकी डलर र मानव विकास सूचकाङ्क ०.४९० रहेको थियो भने हाल प्रतिव्यक्ति आय ८६२ अमेरिकी डलर र मानव विकास सूचकाङ्क ०.५४० पुगेको देखिन्छ। सूचकाङ्कको आधारमा हिमाल भन्दा पहाड र पहाडभन्दा तराईको मानव विकास सूचकाङ्क बढी देखिन्छ। त्यस्तै २००१ सन्मा ०.३७७ रहेको यस प्रदेशको लैंगिक विकास सूचकाङ्क २०११ सन्मा ०.४८१ पुगेको देखिन्छ। सन् २०११ मा नेपालको लैंगिक विकास सूचकाङ्क ०.५३४ रहेको थियो भने सन् २००१ मा सो अंक ०.४५२ रहेको थियो।

२८. कूल ग्राहस्थ उत्पादनमा प्रदेश नं. ७ को योगदानः नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार नेपालको कूल ग्राहस्थ उत्पादनमा यस प्रदेशको ६.३७ प्रतिशत योगदान रहेको छ जसमा प्रदेशको हिमाली क्षेत्रको ०.८१, पहाडी क्षेत्रको १.८० र तराई क्षेत्रबाट ३.७५ प्रतिशत योगदान देखिएकोछ ।

२९. बहुआयामिक गरिबी सूचक अवस्थाः राष्ट्रिय योजना आयोगले हालै सार्वजनिक गरेको नेपालको बहुआयामिक गरिबी सूचक २०१८ अनुसार नेपालको बहुआयामिक गरिबी सूचक ०.१२७ रहेको छ भने गरिबीको रेखामुनी रहेको जनसंख्या २८.६२ प्रतिशत रहेको छ । प्रदेश नं. ७ बहुआयामिक गरिबी सूचक ०.१४६ छ भने गरिबीको रेखामुनी रहेको जनसंख्या ३३.५६ प्रतिशत रहेको छ ।

३०. प्रदेश नं. ७ सार्वजनिक खर्चको अवस्थाःयस प्रदेशमा रहेका निकायहरूमा गत आर्थिक वर्षमा कूल ५१ अर्ब ५४ करोड २४ लाख सार्वजनिक खर्च भएको थियो भने चालू आ.व. को दोश्रो चौमासिकसम्म कूल ३२ अर्व ५३ करोड १६ लाख खर्च भएकोछ । त्यस्तै यस प्रदेश भित्रका सार्वजनिक निकायहरूबाट अघिल्लो आर्थिक वर्षमा कूल ८ अर्व ६६ करोड ६० लाख राजस्व संकलन भएको थियो भने चालु आ.व.को दोश्रो चौमासिकसम्म ३ अर्व ७३ करोड ९९ लाख राजस्व संकलन भएको छ । आ.व. २०७३।७४ मा कूल राजस्व संकलनको करिब १.१४ प्रतिशत हिस्सा ओगटेका यस प्रदेशले सार्वजनिक खर्च तर्फ भने कूल खर्चको ५.४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ ।

३१. प्रदेश नं. ७ को बैंक तथा वित्तीय संस्थाहरूको यथास्थितिः यस प्रदेशमा २०७४ मंसिर मसान्तसम्म १४२ वाणिज्य बैंक, ३२ विकास बैंक, २ वित्त कम्पनी र १३२ लघुवित्त विकास बैंक गरी कूल ३०८ बैंक तथा वित्तीय संस्थाका शाखाहरू स्थापना भएका छन् भने ९२ एटिएम बुथहरू स्थापना भएका छन् । प्रदेश अन्तर्गतका ८८ वटा स्थानीय तहहरू मध्ये हालसम्म ३४ वटा स्थानीय तहमा मात्र वाणिज्य बैंकका शाखाहरू स्थापना भएका छन्।यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको जनसंख्यासँगको अनुपात हेर्दा प्रति संस्था ८,२८८ जनसंख्या ह आउँछ । यस प्रदेश अन्तर्गतका बैंक तथा वित्तीय संस्थाहरूमा २०७४ आषाढ मसान्तसम्ममा कूल ४१ अर्ब ३० करोड निक्षेप रहेकोछ भने कर्जाको रुपमा ४४ अर्बरुपैंया प्रवाह भएको देखिन्छ । यसरी प्रवाह भएको कर्जामध्ये ४.७ प्रतिशत कृषि क्षेत्रमा र ३२.४ प्रतिशत औद्योगिक क्षेत्रमा लगानी भएको देखिन्छ ।

३२. प्रदेश नं. ७ मा करदाता दर्ताको स्थितिः यस प्रदेशमा ६५,१३६ करदाता आयकरको दायरामा, ७२४० करदाता मूल्य अभिवृद्धि करको दायरामा र व्यक्तिगत करदाता ३३,०५४ दर्ता भएका छन् । दर्ता भएका करदाताहरूबाट आन्तरिक राजस्वतर्फ आ.व. २०७३।७४ मा ३ अर्ब ५२ करोड रुपैंया राजस्व संकलन भएको थियो ।

३३. प्रदेश नं. ७ को जनसंख्याको नेपालकोस्थितिः कूल जनसंख्याको ९.६ प्रतिशत बसोबास गर्ने यस प्रदेशमा नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार ५२.२८ प्रतिशत महिला र ४७.७२ प्रतिशत पुरुष गरी कूल २५,५२,५१७ जनसंख्या रहेकोछ । यस प्रदेशमा जनसंख्याको ४१.४७ प्रतिशत अर्थात १०,५८,५१९ जनसंख्या आर्थिक रुपले सक्रिय रहेको देखिन्छ । यस प्रदेशमा ९७.२३ प्रतिशत हिन्दु, १.०९ प्रतिशत क्रिश्चियन, १.०७ प्रतिशत बौद्ध लगायत किरात, इस्लाम र अन्य धर्मावलम्बीहरूको बसोबास रहेको देखिन्छ । यस प्रदेशमा कूल ४,६९,९७१ घरधुरी र औषत परिवार संख्या ५.४३ रहेकोमा जनघनत्व १३१ प्रति वर्ग किलोमिटर रहेको छ । यस प्रदेश अन्तर्गत कूल जनसंख्याको २.६६ प्रतिशत मानिसहरू अर्थात् ६७,८३२ जना अपांगता भएका जनसंख्याको बसोबास रहेको छ ।

३४. प्रदेश नं. ७ को रोजगारीको स्थितिः कृषि क्षेत्रमा मुख्य रुपमा आश्रित यस प्रदेशका जनताको मुख्य रोजगारीको स्रोत भनेकै ज्याला मजदुरी, कृषि श्रम तथा स्वरोजगारी नै हो । यस क्षेत्रका १४.४ प्रतिशत सक्रिय जनसंख्याले मात्र कृषि क्षेत्रबाट आय आर्जन गर्दै आएकाभने बाँकीले निर्माण कार्य, उत्पादन कार्य, व्यापार तथा ढुवानी मार्फत आयआर्जन गर्दै आएका छन् ।

३५. प्रदेश नं. ७ शिक्षाको अवस्थाः यस प्रदेशमा भर्ना योग्य उमेर समूहका ९६.६ प्रतिशत विद्यार्थीहरू प्राथमिक तहमा भर्ना भएतापनि त्यस पश्चात भने उनीहरू शिक्षाबाट टाढिएको देखिन्छ । विद्यार्थी भर्ना दर निम्न माध्यमिक तहमा ८२ प्रतिशत, माध्यमिक तहमा ६०.८ प्रतिशत हुँदै उच्च माध्यमिक तहमा केवल २०.८ प्रतिशत रहेको

देखिएको छ । शैक्षिक Flash II Report 2072 अनुसार यस प्रदेशमा ३८९ उच्च माध्यमिक, ५५१ माध्यमिक, ८३४ निम्न माध्यमिक, २२४२ प्राथमिक तथा ४२३२ पूर्व प्राथमिक गरी कूल ८,२४८ विद्यालयहरू सञ्चालनमा रहेकोमा कूल ९,७०,७२६ विद्यार्थीहरू छन् जसमा ४,९९,६७४ छात्रा तथा ४,७१,०५२ छात्र रहेका छन् । जसलाई अध्यापन गराउन कूल ३५,६०३ शिक्षकहरू कार्यरत रहेका छन् । जसमध्ये १२,७५६ शिक्षिका रहेका छन् । महिला साक्षरता ६७ प्रतिशत रहेको यस प्रदेशमा १९.७ प्रतिशत महिलाहरूले मात्र एस.एल.सी. वा सो भन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको देखिन्छ ।

३६. प्रदेश नं. ७ को स्वास्थ्यको अवस्थाः यसप्रदेशमा १ वटा क्षेत्रीय, २ वटा अञ्चल, ६ वटा जिल्ला, ४ वटा अन्य अस्पताल र १६ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ३७५ वटा हेल्थपोष्ट, २६ वटा शहरी स्वास्थ्य केन्द्र, ९ वटा सामुदायिक स्वास्थ्य इकाई र २ वटा स्वास्थ्य सेवाकेन्द्रहरू रहेका छन् । स्थापना भएका स्वास्थ्य संस्थाहरूको अनुपात हेर्दा प्रति ५७८८ जनता बराबर १ स्वास्थ्य संस्था रहेको देखिन्छ भने स्थापित भएका स्वास्थ्य संस्थाहरू पनि शहर केन्द्रित हुनाले स्वास्थ्य सेवामा जनताको पहुँच अझैटाढा बनेकोछ । जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार नेपालमा नवजात शिशुमृत्युदर प्रतिहजार २१, शिशुमृत्युदर प्रतिहजार ३२, पाँच वर्षमुनिको बालमृत्युदर ३९ प्रतिहजार रहेको देखिएकोमा यस प्रदेशको नवजात शिशुमृत्युदर, शिशुमृत्युदर तथा बालमृत्युदर औषतभन्दा माथि रहेको देखिएको छ ।

यस प्रदेशका जनताहरूमा सिकलसेल एनेमिया, एच.आई.भि., कुपोषण जस्ता रोगहरूको बढी जोखिम रहेको देखिन्छ । यस प्रदेश अन्तर्गत ९.५ प्रतिशत जनता ४० वर्ष अगावै मृत्युवरण हुनु, ४६.४० प्रतिशत पाँच वर्षमुनिका बालबालिकाहरू कुपोषित हुनु समुदायमा आनुवंशिक रोगको रुपमा रहेको सिकलसेल एनेमियाकोनु जस्ता जोखिम प्रमुख स्वास्थ्य समस्याहरू रहेका छन् ।

३७. प्रदेश नं. ७ खानेपानीको अवस्थाः नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यस प्रदेशको कूल जनसंख्याको ८३.६ प्रतिशत जनताले आधारभूत स्तरको खानेपानी उपभोग गरिरहेका छन् भने १९.८६ प्रतिशत जनसंख्या स्वच्छ खानेपानीबाट बञ्चित छन् ।

३८. प्रदेश नं. ७ को बाल विकासको अवस्थाः नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यस प्रदेशमा ०-९ वर्षउमेर समूहका बालबालिका कूल जनसंख्याको २५.१८ प्रतिशत रहेका छन् । भने १०-१९ वर्ष समूहका बालबालिका तथा किशोरकिशोरीहरू २५.५४ प्रतिशत रहेका छन् । यस समूहका जनसंख्याको संरक्षण, सहभागिता र विकासका लागि बाल क्लवहरूको व्यवस्था, बाल विकास केन्द्रहरूको स्थापना लगायत सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ को कार्यान्वयन, नेपालद्वारा बालअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १०९८ को अनुमोदन, अन्य बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि तथा प्रतिबद्धताहरू भएका छन् । जसबाट बालबालिकाको शैक्षिक सहभागितामा समेत उल्लेख्य वृद्धि भएको छ । तथापी, सामाजिक कुरीतिको रुपमा रहेको बाल हिंसा, अपराधजन्य क्रियाकलापमा बाल सहभागिता, पारिवारिक हिंसा, विभिन्न प्रकोपको सिकार भएका बालबालिका, अनाथ बालबालिकाहरूको उचित व्यवस्थापन बाल विकासको बाटोमा प्रमुख चुनौतीको रुपमा रहेको छ ।

३९. प्रदेश नं. ७ सामाजिकको सुरक्षाको अवस्थाः गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन सामाजिक सुरक्षा तथा संरक्षणले मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यक प्रमुख नतिजाहरू हासिल गर्न बल पुऱ्याउँछ । आर्थिक रुपले विपन्न, अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका, आफ्नो हेरचाह आफैंगर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारी लगायतका सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिँदै आएकोमा सो कार्यक्रमहरूमा सबै वर्ग, क्षेत्र, लिंग, जातजातीको पहुँच स्थापित गर्न अझै कोशिस गर्नु पर्ने देखिन्छ ।

४०. प्रदेश नं. ७ सामाजिकको बीमाको अवस्थाः आर्थिक अवस्था कमजोर भएका नागरिकहरूको लागि सामाजिक बीमा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, मेडिकेयर जस्ता कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । सेवानिवृत्त कर्मचारीहरूलाई निवृत्तिभरण लगायत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदिवासी जनजातिका परिवारहरूलाई नीतिगत व्यवस्था समेत गरी सामाजिक सुरक्षा भत्ता प्रदान

गरिदैं आएको छ । नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम यस प्रदेश अन्तर्गतका कैलाली, बैतडी तथा अछाम जिल्लामा लागू भई हालसम्म ३१,१५९ जनाले सो कार्यक्रममा सहभागीता जनाएका छन् । भने बझाङ्ग र बाजुरा जिल्लामा उक्त कार्यक्रम २०७५ जेष्ठ १ देखि प्रारम्भ गर्ने तयारी भएको छ । चालु आ.व.मा यस प्रदेश अन्तर्गतका ३९ निर्जिवन बीमा कम्पनीका शाखाहरूले ३२ करोड ८५ लाख निर्जीवन बीमाशुल्क संकलन गरेका नेपालछन् । सरकारको कृषि बीमा अनुदान तर्फ १ करोड ३ लाख विमाशुल्क संकलन गरेका छन् । जीवन बीमा तर्फ १८ कम्पनीका ११५ शाखा तथा उपशाखाहरूले हालसम्म २,३१,३०९ विमालेखहरू मार्फत ७ अरब २५ करोड ९६ लाख बीमाशुल्क संकलन गरेको देखिन्छ ।

४१. प्रदेश नं. ७ को कृषि, पशु, सिँचाइको अवस्थाः यस प्रदेशका जनताको मुख्य पेशा कृषि भएता पनि कृषियोग्य भूमि र भूस्वामित्व भएका कृषकहरूको संख्या घट्दोक्रममा छ । कूल जनसंख्याको ८४ प्रतिशत कृषिमा आबद्ध रहेको यस प्रदेशमा बाजुरा जिल्लामा सबैभन्दा बढी ९६ प्रतिशत जनता कृषिमा आश्रित रहेको देखिन्छ । विशेष गरी धान, गहुँ, मकै, कोदो, जौ, हिउँदेआलु, तोरी तथा हिउँदे र बर्षे तरकारीहरू उत्पादन हुने यस क्षेत्रमा कृषियोग्य भूमिहरूमा सिँचाइको अवस्था सुदृढ हुँदै आएको भएता पनि सो पर्याप्त नभएको हुँदा विभिन्न आयोजनाहरू माप सिँचाइको स्तर उन्नतीको लागि कार्य भइरहेको छ । कृषि क्षेत्रमा आवद्ध किसानहरूको अभिन्न अंगको रुपमा पशुपालन समेत रहेको हुन्छ । यस प्रदेशमा रहेका कृषकहरूसँग पशुधनकोरुपमा कूल २६ लाख ५३ हजार चौपायाहरू रहेका छन् । नेपाल राष्ट्र बैंकको एक अध्ययन अनुसार यस क्षेत्रमा कूल ३ लाख ६९ हजार हेक्टर खेतीयोग्य भूमीमध्ये ३ लाख २२ हजार हेक्टरमा खेती हुँदैआएकोछ, जसमध्येकरिब १ लाख ६६ हजार हेक्टर जमिन विभिन्न स्रोतबाट सिंचित भएको छ । भने १५,४७० हेक्टर खेतीयोग्य जमिन बाँझो रहेको देखिएको छ ।

४२. प्रदेश नं. ७ वनको स्थितिः कूल भूभागको ५७.९६ प्रतिशत वन क्षेत्रले ओगटेको यस प्रदेशमा सामुदायिक वनको अवधारणा अनुरुप प्राय सबै घरधुरीहरू संलग्न भई वन उपभोक्ता समिति मार्फत वनको व्यवस्थापन हुँदै आएको छ । तुलनात्मक हिसाबमा जैविक विविधतामा अन्य प्रदेश भन्दा सम्पन्न यस प्रदेशको वन क्षेत्रमा ७१ जातका गैर काष्ठ वन पैदावार र सयौं जातका जडिबुटी गरी वार्षिक १६ लाख किलोग्राम भन्दा बढी उत्पादन हुने गरेको छ भने दार्चुला जिल्लामा पाइने यार्सागुम्बा नेपालमै उच्च गुणस्तरको मानिन्छ । यस प्रदेशमा ८ लाख ९३ हजार क्यू.फिट काठ विक्रिबाट आ.व २०७३।७४ मा कूल २९ करोड ९० लाख राजस्व असुली भएको देखिन्छ भने गैर काष्ठ वन पैदावारबाट १ करोड १६ लाख राजस्व असुली भएको देखिन्छ ।

४३. प्रदेश नं. ७ खाद्यको सुरक्षा र पोषणको अवस्थाः यस प्रदेशको कूल जनसंख्याको ३७.७ प्रतिशतले मात्र खाद्य सुरक्षा प्राप्त गरेका छन् भने करिब ३ लाख ३४ हजार अर्थात् १३.१ प्रतिशत जनतालाई अझैखाद्य सुरक्षाको सिमाभित्र समेटनुछ । यस प्रदेशमा आ.व. २०७३।७४ मा ५ लाख ९३ हजार मेट्रिक टन धान, ९८ हजार मेट्रिक टन मकै, २ लाख ६४ हजार मेट्रिक टन गहुँ, १५ हजार मेट्रिक टन कोदो र ४ हजार मेट्रिक टन जौ उत्पमादन भएकोमा खाद्यान्न वासलात अनुसार कैलाली, कञ्चनपुर र डडेल्धुरा जिल्लामा खाद्यान्न बचत देखिन्छ भने बाँकी ६ जिल्लाहरूमा खाद्यान्न न्यून देखिएता पनि समग्रमा यस प्रदेशमा ८० हजार मेट्रिक टन खाद्यान्न बचत हुनेदेखिन्छ ।

४४. प्रदेश नं. ७ उद्योगको अवस्थाः Industrial Statistics 2072/73 अनुसार यस प्रदेशमा २३ अर्ब ४८ करोड ३५ लाख ९० हजार पूँजी लगानीमा ९६ ठूला उद्योगहरू दर्ता भएकाछन् । जसबाट करिब ८७५० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् । दर्ता भएका उद्योगहरू मध्ये खाने तेल, गहुँको पिठो, साबुन, ईंट्टा, चिनी मिल, विस्कुट लगायतका उद्योगहरूले आफ्नो उत्पादन क्षमता अनुसार उत्पादन गर्न सकेका छैनन् ।

४५. प्रदेश नं. ७ वाणिज्यको तथा आपूर्तिको अवस्थाः यस प्रदेशबाट प्रमुख रुपमा खयर कत्था, खयर कच्चा, टर्पेन्टाइन, खोटो, जडिबुटी, उखुको छोक्रा, दालचिनी, विभिन्न वनस्पती उत्पादनहरू निर्यात हुने गरेको छ भने पेट्रोलियम पदार्थ, मोटरसाइकल, याक्टर, सिमेन्ट, बिस्कुट, चामल, कागज तथा स्पिरिट जस्ता वस्तुहरू आयात हुने गरेको छ । यस प्रदेश अन्तर्गत रहेका प्रमुख भन्सार नाकाहरूबाट अघिल्लो आर्थिक वर्षमा करिब ३ अर्ब १६करोड राजस्व असुली भएको थियो भने चालु आर्थिक वर्षको फागुन मसान्त सम्ममा २ अर्ब ७० करोड राजस्व असुली भएको छ ।

यस प्रदेश अन्तर्गत अघिल्लो आर्थिक वर्षमा १ करोड ३७ लाख लिटर पेट्रोल, ६ करोड ४० लाख लिटर डिजेल, ४ लाख लिटर मट्टितेल, ९ लाख २० हजार लिटर हवाई ईन्धन तथा ५९४१ मेट्रिक टन एल.पि.जी. ग्यास आयात भएको र ५ अर्व ४२ करोड ५३ लाख बराबर विक्रि वितरण भएको देखिन्छ भने चालू आर्थिक वर्षको फागुन मसान्तसम्म १ करोड १० लाख ८ लिटर पेट्रोल, ४ करोड ६८ लाख लिटर डिजेल, २ लाख ६० हजार लिटर मट्टितेल, १३ लाख ६० हजार लिटर हवाई ईन्धन तथा ५०१७ मेट्रिक टन एल.पी.जी. ग्यास आयात भएको देखिन्छ ।

४६. प्रदेश नं. ७ पर्यटनको अवस्थाः यस क्षेत्रमा पर्यटकीय हिसाबले महत्वपूर्ण सैपाल हिमाल, बडिमालिका, रामारोशन, सुर्मा सरोवर, अपिनम्पा संरक्षण क्षेत्र, घोडाघोडी रामसार क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, टिकापुर पार्क, कर्णाली चीसापानी, खप्तड राष्ट्रिय निकुञ्ज लगायत अन्य सिमसार तालतलैयाहरू रहेका छन् । पर्यटनको पर्याप्त सम्भावनाको क्षेत्र भएता पनि यस क्षेत्रको भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढाउन सकिएको छैन भने भ्रमण गर्न आउने पर्यटकको विवरण समेत संकलन गर्न सकिएको छैन ।

४७. प्रदेश नं. ७ को कोऊर्जाअवस्थाःयस प्रदेशमा ३० मेगावाट क्षमताको चमेलिया र ८.५ मेगावाट क्षमताको नौगाढ जलविद्युत आयोजना सम्पन्न भइसकेकोछ भने पंचेश्वर (६८८० मेगावाट), पश्चिम सेती (७५० मेगावाट), टनकपुर ब्यारेज (१२० मेगावाट), सेती १ (३५ मेगावाट), सेती (७५ मेगावाट), बुढीगंगा (२० मेगावाट), माथिल्लो कर्णाली (३०० मेगावाट), चाइरवानजिक (६०० मेगावाट), मध्यकर्णाली (१६० मेगावाट), चिसापानी कर्णाली (१०८०० मेगावाट) गरी करिब ३३,००० मेगावट भन्दा पनि बढि सम्भावना बोकेका आयोजनाहरू । पश्चिम सेती जलविद्युत आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा अगाडि बढाइएको छ । यस प्रदेशमा हालसम्म १३ वटा जलविद्युत् आयोजनाले कूल १३४ मेगावाट क्षमताको सर्भेको लागि लाइसेन्स लिइसकेका छन् भने जसमा २५ मेगावाट भन्दा माथिको १ वटा र २५ मेगावाट सम्मको १२ आयोजनाहरू रहेका छन्।यस प्रदेश अन्तर्गत ८ वटा वितरण केन्द्रमार्फत नेपाल विद्युत् प्राधिकरणले कूल २ लाख २ हजार ३०१ लाईनबाट वितरण गरेको सेवा ग्राहस्थ तर्फ विद्युत् कूल १ लाख ९२ हजार १३५ ग्राहकले उपभोग गरिरहेका छन् ।

४८. प्रदेश नं. ७ मा सडक सञ्जालको स्थितिः यस प्रदेश अन्तर्गत सबै जिल्ला सदरमुकाम सम्म सडक सञ्जाल पुगेकोमा बाजुरा जिल्ला सदरमुकाम बाहेक अन्यमा कालोपत्रे सडक सञ्जाल विस्तार भइसकेकोछ । नेपालको पूर्वपश्चिम जोड्ने राजमार्गको खण्ड सहित यस प्रदेशबाट भारत तथा चीनसम्म पुग्ने सडक सञ्जाल समेत विस्तार भएको छ । यस प्रदेशमा कूल १७८५ कि.मि. कालोपत्रे, १५०० कि.मि. ग्रावेल गरिएको, २०१३ कि.मि. कच्ची सडक गरी कूल ५२९८ कि.मि. सडक विस्तार भएकोछ ।

४९. प्रदेश नं. ७ मा सवारी साधनको स्थितिः यस प्रदेशमा ७,६०४ सार्वजनिक, ८९,७९३ निजी तथा १३७२ सरकारी सवारी साधन गरी कूल ९८,७६९ सवारी दर्ता भएका छन् भने हालसम्म १,८४,३८८ जनाले सवारी लाईसेन्स लिएको देखिन्छ । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म यातायात कार्यालयहरू मार्फत कूल ३२ करोड ५२ लाख ८७ हजार राजस्व असुली भएको छ ।

५०. प्रदेश नं. ७ को हवाई यातायातका अवस्थाः हवाई यातायातको हिसाबले कैलालीको धनगढी र बाजुराको कोल्टीमा मात्र नियमित रुपमा विमानसेवा सञ्चालनमा रहेकोछ ।

५१. प्रदेश नं. ७ सूचनाको तथा सञ्चारको अवस्थाः यस प्रदेश अन्तर्गत टेलिफोन सेवाको विस्तार न्यून देखिएता पनि परिवारमा कम्तिमा एक जनाको साथमा मोबाईल हुने परिवारको अनुपात भने ८० प्रतिशत भन्दा माथी देखिएकोछ । नेपाल टेलिकमले प्रदत्त गर्ने ल्याण्डलाईन सेवा २५,६७९ संख्यामा, जि.एस.एम. मोबाईल सेवा ८,४३,४६८ जना, स्काई सेवा २,३१,९९९ जनाले प्रयोग गरिरहेका छन्भने कूल १५,२७७ जनाले ईन्टरनेट सेवा लिई रहेका । टेलिभिजन प्रयोग गर्ने परिवार पहाडी तथा हिमाली क्षेत्रमा ज्यादै न्यून रहेको देखिए पनि तराई क्षेत्रमा भने टेलिभिजन प्रयोग गर्ने परिवार ४६ प्रतिशत पुगेको छ ।

५२. प्रदेश नं. ७ आवासको तथा शहरी विकासको अवस्थाः यस प्रदेशमा रहेका ९४.७४ प्रतिशत मानिसहरू आफ्नै स्वामित्वमा रहेको आवासमा बसोबास गर्ने गर्छन् भने बाँकी ५.२ प्रतिशत परिवारहरू भाडामा वा अन्य

आवासहरूमा बसोबास गर्दै आएका छन् । कूल जनसंख्याको ४० प्रतिशत भन्दा बढी मानिसहरु शहरी क्षेत्रमा बसोबास गर्दै आएका छन ।

५३. प्रदेश नं. ७ भूगर्भको तथा खानीको अवस्थाः यस प्रदेश अन्तर्गत विभिन्न खानीहरू उत्खनन् गर्नको लागि आर्थिक वर्ष २०७४।७५ सम्ममा ८ व्यक्ति तथा संस्थाहरूले अनुमति लिएका छन् । ती व्यक्ति तथा संस्थाहरूले केनाईट, लिड, क्वार्ज तथा ताल्क जस्ता खानीहरूको उत्खनन् गर्न अछाम, दार्चुला, बझाङ र बैतडी जिल्लाका क्षेत्रहरूमा १० देखि १६ वर्षकोअवधिका लागि अनुमति लिएका छन् । त्यस्तै, खानीहरूको सम्भाव्यताको अध्ययन गर्न २२ व्यक्ति तथा संस्थाहरूले अनुमति लिएको देखिन्छ ।

५४. प्रदेश नं. ७ पुरातात्विकको सम्पदाको अवस्थाः यस प्रदेश अन्तर्गत साँस्कृतिक तथा पुरातात्विक महत्व सम्पदाहरूमा मुख्यतः उकुका भग्नावशेषहरू, पातीका नाउला, देवलहाटका नाउला, देवलहाटका देवलहरू, रिमगाउँका देवलहरू, मगरगाउँको ढुंगेधारा, धर्मशाला, तल्लादेही भगवती मन्दिर, देवल दिव्यपुरका देवलहरू, मणिलेक देवल, अजयमेरुकोट, जगन्नाथ मन्दिर, अजयमेरुका न्याउलाहरू, हाटगाउँका देवलहरू, वीरखम्बको धर्मशाला, कोटेलीको देवल, अमरगढी किल्ला, निलपनल मन्दिर, चिपुरको सभामण्डप, अमरगढी धर्मशाला, गोरेल भगवती मन्दिर, बुढी घटाल, डागेश्वरी मन्दिर, घटालस्थानको दक्षिण डाँडाको प्राचीन भग्नावशेषहरू, ईटाहाबाबाको पुरातात्विक स्थल, सिंहपुरको पुरातात्विक स्थल, देवल बाँफ, भोपुर दरवार, बडीमालिका, डुडीमुग्र, नाउला, चन्द्रनाथ मन्दिर, बडीमालिका मन्दिर, मालिका गढी र मालिका मन्दिर, उजेली गाउँको देवल, शैलेश्वरी मन्दिर, रानी पौवा, दिपायलकोट र कोट भैरव, कालागाउँको देवल विनायकका पञ्चदेवल, तालकोटाको देवल, विनायकको दुई देवल, कुचीबिहार, दर्नाकोट दरबार, भागेश्वरको एकदेवल, बाँससैनको देवल, देवलगडाको एक देवल, कालागाउँको ढुंगे नाईगाउँको ढुंगेधारा, मंगलेश्वरी मन्दिर, सेराको ढुंगेधारा र प्राचीन अवशेषहरू, एक धमालीका दुइ देवल, दर्नाकोट नजिकको पञ्चदेवल, गर्भा दरबार, धनगढी दरबार आदी संरक्षणको पर्खाईमा रहेका छन् । यी साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको जगेर्ना, सम्बर्द्धन, प्रवर्द्धन तथा प्रचार प्रसार गर्न आवश्यक देखिन्छ ।

५५. प्रदेश नं. ७ महिलाको सशक्तिकरणको अवस्थाः यस प्रदेशको सामुदायिक जटिलताको रुपमा जातीय तथा लैंगिक विभेद र महिला हिंसा रहेको छ । यस क्षेत्रमा छाउपडी प्रथा, बोक्सी प्रथा लगायतको अन्धविश्वासहरू, बालविवाह र घरेलुहिंसा जस्ता कुरीतिहरू रहेका छन् । यस क्षेत्रमा व्याप्त देखिएको यस्ता अन्धविश्वास र कुरीतिहरूलाई नियन्त्रण गर्नको लागि कडा नीतिगत तयारी, व्यापक जनचेतनामूलक कार्यक्रम तथा सामुदायिक अन्तरक्रिया आवश्यक देखिएकोछ । साथैमहिला सशक्तिकरण कार्यक्रमहरू मार्फत यस क्षेत्रमा देखिएको लैंगिक विभेदको अन्त्य गर्न अभियानकै रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ । यस क्षेत्रका महिलाहरूले कडा शारीरिक परिश्रम गर्नुपर्ने कारण आङ खस्ने समस्या, पाठेघर सम्बन्धी रोगहरू देखिने गरेको छ । महिला तथा दलितहरूलाई हुने भेदभावको कारण यस क्षेत्रका महिलाहरूका साक्षरता दर न्यून रहेको छ भने गरिबी तथा उच्च मातृशिशु मृत्युदर यस प्रदेशको प्रम समस्याकोरुपमा रहेकोछ ।

५६. प्रदेश नं. ७ स्थित राष्ट्रिय गौरवका आयोजनाकोयसस्थितिः प्रदेश अन्तर्गत नेपालका २१ राष्ट्रिय गौरवका आयोजनाहरु मध्येरानीजमरा कुलरिया सिँचाइ आयोजना, पश्चिम सेती जलविद्युत आयोजना, हुलाकी लोकमार्ग, पुष्पलाल (मध्य पहाडी) लोकमार्ग, राष्ट्रपति चुरेसंरक्षण कार्यक्रम र पूर्व पश्चिम रेलमार्ग पर्दछन् ।

५७. प्रदेश सरकारको कर्मचारी व्यवस्थापनको अवस्थाः यसप्रदेशको प्रादेशिक संरचना अन्तर्गत निजामती तर्फ कूल २८७ अस्थायी दरबन्दी तोकिएकोमा हालसम्म १३७ जना खटाईसकेको छ जसमध्ये १०७ हाजिर भइसकेका छन्भने १५० जना खटाउनै बाँकी रहेको छ । यस प्रदेशमा नेपाल प्रहरीको दरबन्दी ६३७२ रहेको छ, जसले प्रति ४०१ जनता बराबर १ प्रहरी देखिन्छ तथापी रिजर्भ फोर्स बाहेक प्रहरी युनिटमा खटिने प्रहरीको आधारमा प्रति ७१३ जनता बराबर १ प्रहरीको अनुपात रहेको छ ।

५८. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरी समाजवाद उन्मुख, स्वाधीन र आत्मनिर्भर अर्थतन्त्रको जग स्थापना गरी प्रदेशलाई समृद्ध बनाउन आवश्यक नीति र योजना तर्जुमा गरिने छ ।

५९. यो प्रदेशको उच्च आर्थिक वृद्धिदर निरन्तर रुपमा हासिल गर्न र दिगो विकास कायम गर्न अल्पकालिन, मध्यमकालिन र दीर्घकालिन आवधिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६०. आर्थिक, सामाजिक एवं शासकीय सुधार, कुशल एवं जवाफदेही सार्वजनिक वित्त, स्वच्छ, पारदर्शी जनमैत्री सार्वजनिक सेवा एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र प्रदेश सुशासनको प्रत्याभूति गरिनेछ ।

६१. यस प्रदेशलाई"समृद्ध प्रदेश"मा रुपान्तरण गर्नकोलागि कृषि, जलविद्युत, पर्यटन, जडिबुटी, उद्योग तथा व्यापारलाई प्राथमिकतामा राखी यस प्रदेशमा लगानी मैत्री वातावरण बनाउनको लागि आवश्यक नीति अवलम्वन गरिनेछ ।

६२. यस प्रदेशमा शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्य, प्रति व्यक्ति आय तथा औषत आयुको हालको अवस्थामा गुणात्मक परिवर्तन ल्याउन प्रदेश सरकारले आवश्यक लगानी गरी मानव विकास सुचकाङ्कको अवस्था सुदृढ गरिनेछ ।

६३. प्रादेशिक रुपमा कर तथा गैर कर राजस्व संकलन गर्न सकिने नयाँ श्रोतहरूको पहिचान गरिनेछ करको दायरा विस्तारित गरी करमैत्री वातावरण सृजना गरि अधिकतम रुपमा कर संकलन गर्न करदाताहरुलाई अभिप्रेरित गरिनेछ ।

६४. यस प्रदेशमा ८८ वटा स्थानीय तह रहेका छन्, जसमध्ये ३४ वटा स्थानीय तहमा मात्र बैंकको उपस्थिती रहेको छ । बाँकी ५४ स्थानीय तहमा यसै आर्थिक वर्ष भित्र बैंक तथा वित्तीय संस्थाको पहुँचको सुनिश्चितता गर्न संघीय सरकारसँग समन्वय गरिने छ ।

६५. प्रदेश सरकारले आफ्नो वित्तीय क्षमताको आधारमा पूर्वाधारमा लगानी अभिवृद्धि गर्ने छ र सिघ्र अपेक्षित परिणाम प्राप्त गर्न सकिने आयोजनाको प्राथमिकिकरण गरी डाटा बैंकको स्थापना गरिनेछ । साथै, आफ्नो लगानीबाट अपुग भएको खण्डमा संघीय सरकार र अन्य वित्तीय श्रोत परिचालन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

६६. भारत र चीनसँग जोडिएको भन्सार नाकाको स्तरोन्नती गर्न सहज र सरल रुपमा व्यापार व्यवसाय अभिवृद्धि गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

६७. यो प्रदेशमा आधुनिक अस्पताल र मेडिकल कलेजको स्थापना तथा सञ्चालन गरी आवश्यक पर्ने दक्ष जनशक्ति विकास एवं गुणस्तरीय र आधुनिक सेवा प्रदान गर्ने योजना कार्यान्वयन गरिनेछ ।

६८. राष्ट्रिय गौरवका आयोजनाको कार्य द्रुत गतिमा सञ्चालन गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ भने प्रदेश सरकारबाट पनि प्रदेश गौरवका आयोजनाको थालनी गरिनेछ ।

६९. सुख्खा बन्दरगाह, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सञ्चालन गर्न विशेष योजना कार्यान्वयन गरिनेछ ।

७०. शिक्षालाई प्राविधिक र व्यवसायी बनाउन प्रदेश विश्वविद्यालयको अवधारणा अनुरुप अगाडि बढिनेछ ।

७१. महिला, अपांग, पिछडिएका वर्ग, द्वन्द्वपिडित, घाइते, शहिद परिवार, दलित, लोपोन्मुख, कमैया गरिबीको रेखामुनी रहेका जनतालाई प्रदेश सरकारले विशेष प्राथमिकतामा राखि सामाजिक न्याय प्रदान गर्ने गरी सामाजिक सुरक्षा एवं रोजगारी लक्षित कार्यक्रमको थालनी गरिनेछ ।

७२. यस प्रदेशमा रहेका प्राकृतिक श्रोतहरुको पहिचान र उचित व्यवस्थापन गरी प्रदेशलाई समृद्धितर्फ उन्मुख गर्न युवा लक्षित रोजगारीका अवसर सृजना गरिनेछ।

७३. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई उच्च सम्मान गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक, समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गरिनेछ।

७४. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजप्रति प्रतिबद्ध रही समृद्ध प्रदेश निर्माण गरिनेछ।

७५. खडेरी, बालीरोग, पहिरो एवं बाढीले कृषकलाई कृषि पेशामा जोखिम वृद्धि भईरहेको परिप्रक्षमा बीमा समितिसँग समन्वय गरी मौसमी सूचकांक बीमा कार्यान्वयन गरिनेछ। यसबाट उत्पादनमा ह्रास आए अथवा क्षति भएको खण्डमा बीमा कम्पनीबाट कृषकलाई क्षतिपूर्ति पाउने व्यवस्था गरिनेछ।

७६. गरिबीको रेखामूनी रहेका घरपरिवारलाई सामाजिक बीमाको दायरामा ल्याइनेछ र कृषकलाई प्रदान गरिने बीमा रकम अनुदानको मात्रामा वृद्धि गरिनेछ।

७७. हवाईस्थल र सडकहरुको स्तरोन्नती, नियमन र सञ्चालनको लागि यथोचित व्यवस्था गरिनेछ।

अन्त्यमा,

यस श्वेतपत्रमा उल्लेख गरिएका तथ्यांकहरुलाई आधार तथ्यांकको रुपमा विश्लेषण गरी उच्चतम विन्दुमा आर्थिक वृद्धिदर हासिल गर्न र संघीयतालाई पूर्ण रुपमा सफल पार्न प्रदेश सरकार सदैव उच्च मनोवलका साथ सम्पूर्ण सरोकारवाला पक्षहरुलाई समेटेर अगाडि बढ्नेछ भन्ने प्रतिबद्धता जाहेर गर्न चाहन्छु।

(जानकारी पछि)

अब, आर्थिक मामिला तथा योजना मन्त्रीले जारी गरेको श्वेत पत्रका विषयमा प्रश्न राख्न चाहाने मा० सदस्यहरूले आफ्नो नाम ड्यासमा रहेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराउनुहोला। समय ३ मिनेट निर्धारण गरेको छु।

(नाम उपलब्ध गराइसके पछि)

सर्व प्रथम माननीय श्री लिलाधर भट्टलाई समय दिन्छु।

**माननीय श्री लिलाधर भट्टः-** माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले राख्नु भएको पत्रलाई श्वेत पत्र भन्ने की नभन्ने यो गम्भीर प्रश्न हो। श्वेत पत्र केलाई भन्ने प्रदेशको श्वेत पत्र भनेको प्रदेश सरकार स्थापना भइसकेपछिको सरकारका कामकाजका कुरा आउथ्यो कि आउदैनथ्यो। यो सैद्धान्तिक विषय र छुट्टै छलफलको विषय हुनसक्थ्यो। यस भित्र उठेका गम्भीर तथ्याङ्कमा म के ध्यानाकर्षण गर्न चाहाँन्छु भने। २०११, २०१२ र २०१४ का डाटा र केही डाँटामात्र २०१७ का छन्। बढै राष्ट्रिय स्तरका कुराहरु बढी देखिए। त्यसमध्ये शिक्षाका अवस्था बालभर्नादर मात्रै देखियो। तर ७ नम्बर प्रदेशमा शिक्षकको दरवन्दी कती आवश्यक छ र कति शिक्षक छन् भन्ने कुराको किटान कही पनि देखिएन्। अहिलेको हाम्रो सबैभन्दा ठूलो समस्या भनेको शिक्षामा शिक्षकको दरवन्दी इङगित नभएको यहाँ देखिन्छ। स्वास्थ्यको खस्कीदो अवस्था भनेको छ यसमा म सहमत छैन्। विगत ५ वर्ष देखि ७ नम्बर प्रदेशका जिल्लाहरु टप फाइबको ऱ्याङ्कीङमा पर्ने जिल्ला हुन। अहिले दयनिय जनस्वास्थ्यको अवस्था भन्नु भएको छ। यो पनि कुन तथ्याङ्कले भन्ने मेरो प्रश्न छ। उद्योग दर्ताको अवस्था र ७ नम्बर प्रदेश भित्र उद्योग कति दर्ता छन् सही रेकर्ड खुलाइएको छैन। ठूला उद्योगहरु मात्र २३ भनिएको छ कति उद्योगको अवस्था र उक्त उद्योगबाट संकलित राजस्वको विवरण पनि यहाँ आएको छैन। प्रदेश भित्रको पूँजीगत अवस्था पूँजीगत खर्चको अवस्था के हो। अहिले भौतिको भूर्वाधारमा पूँजीगत खर्च कति भइरहेको छ। ठूला आयोजनाहरुको प्रयोग गरिरहेका छौं १० प्रतिशत र १५ प्रतिशत खर्च नभएका भौतिक पूर्वाधारको अवस्था के हो भन्ने कुरा पनि यहाँ खुलाइएको छैन। राष्ट्रिय गौरवका आयोजनाको प्रगतिको बारेमा पनि

खुलाइएको छैन । निर्माणाधिन उर्जाको अवस्था निर्माण सम्पन्न भएका दई वटा आयोजनाहरुको नाम मात्रै छ । अरु निर्माणाधिन योजनाहरु कुन अवस्थामा छन् । अहिले के अवस्थामा छ त्यसको पनि विवरण छैन । भूमीहिन ऐलानि जग्गामा बसेका हजारौ हजारको विवरण पनि यसमा आएन् । त्यसको यथार्थ अवस्था के छन्ने विवरण यसमा देखिदैन् । बैदेशिक रोजगारीमा जानेको संख्या र त्यसबाट आउने रेमिट्यान्सको विरण पनि यसमा देखिदैन् । यो ७ नम्बर प्रदेशलाई रेमिट्यान्सको भूमिका कति छ भन्ने कुरा पनि यहाँ छैन । सामाजिक सुरक्षा भत्ता यो ७ नम्बर प्रदेशलाई केन्द्रबाट पाउनु पर्ने कति हो अहिले पनि ४० प्रतिशत निकासा नभएको चर्चा गाउँगाउँमा चर्चा छ त्यो पनि उल्लेख छैन । गैर सरकारी संस्थालाई कही पनि छोएको देखिदैन् । जो कि राष्ट्र र यो प्रदेशमा धेरै वटा विकास निर्माणका कार्याहरुमा लगानी गरेको विभिन्न सहकारी मार्फत लगानी गरेको यहाँ कही पनि उल्लेख भएको छैन् । अहिले प्रदेश भित्रका कर्मचारीको दरवन्दी र यो प्रदेश भित्रका कर्मचारीको पहिले र अहिलेको दरवन्दी कति हो त्यो पनि उल्लेख भएन् । यो समग्र श्वेत पत्र भन्दा खेरी ७ नम्बर प्रदेशको जनसंख्या कति हो? भूगोल कति हो? नक्सा कति हो? वस्तगत स्थिति मात्र हो यो । यो वस्तुगत स्थितिलाई श्वेत पत्र भन्दाखेरी यहाँ आर्थिक प्रस्तुती के हो । यहाँको आर्थिक वृद्धिदर के हो । हाम्रो उद्योग धन्दाको अवस्था के हो ? लगानी कर्ताको अवस्था के हो ? अहिले खानी उत्खनन गर्न आएका व्यक्तिको अवस्था के हो ? यो श्वेत पत्र सरकारको नभई मन्त्रीज्युले मात्र राख्नु भएको भन्ने छ । भोली यसको पुष्ठ्या सरकारले पनि गर्नु पर्ने भएकाले यसलाई गम्भीररुपमा लिइदिनहुन अनुरोध गर्छु । धन्यवाद

**माननीय श्री भरत बहादुर खड्काः-** सभामुख महोदय, मैले पहिला पनि भनेको थिए श्वेत पत्र भनेको सामान्य हिसावमा आउदैन यसको आफ्नो स्तर छ । असाधारण स्थितिमा मात्र श्वेत पत्र आउछ । अर्को कुरा रहरमा पनि आउदैन् । जहाँसम्म प्रदेश सरकारले एउटा पनि बजेट ल्याएको छैन् । अभ्यासमा पनि हामी आएका छैनौ । एउटा फन्सन पनि गरेका छैनौ धेरैकुरा गर्नु बाँकी छ । हामी प्रारम्भमा छौं । श्वेत पत्र भनेर ५७ बुदामा ल्याउनु भयो र सारमा सुन्दा खेरी यो आदर्शका कुराहरु मात्र हालिएका छन् । शिक्षा,स्वास्थ्य, खानेपानीमा गुणस्तरीए गरिने छ । यो त हामी बोल्दा बोल्दा कपाल फुलिसकेको छ । आदर्शले जनताको पेट भरिदैन र यसलाई म श्वेत पत्र पनि मान्दैन् । जहाँ सम्म जानकारी गराउने कुरा हो सामान्यतः जानकारी गराउनु भयो धेरै मेहनत गर्नुभयो उहाँले यो बनाउन । तथ्यमा आधारित भएर धेरैकुराको सुक्ष्मअध्ययन विश्लेषण गरेर देशका स्टास के छ । हाम्रो यो ७ नम्बर प्रदेशको स्टाटस के छ जनताको स्टाटस के छ भन्ने कुरालाई मध्यनजर गरेर ल्याउनु पर्छ । हामी सबैले काम गर्नु पर्ने ठाँउ त स्थानीय तह हो । स्थानीय सरकारको लागि हामीले एउटा कानून पनि बनाउन सकेको अवस्था छैन । जस्ले गर्दा स्थानीय सरकारहरु अलमलमा छन् । दोस्रो कुरा उनिहरुलाई चाहीने आवश्यक जनशक्ति प्राविधिक देखि लिएर आवश्यक जनशक्तिको प्रवन्ध मिलाउन सकेको छैन । जसले आफ्नै ७ नम्बर प्रदेशमा हामीले मिलाउन सकेको छैनौ । उहाँले ५७ वटा बुदा ल्याएर यो अवस्थामा म यो गर्छु भनेर गाउँपालिका र स्थानीय तहलाई दिएको बजेट पुरा हुन सक्ने अवस्था देखिएको छैन । अनि यहाँको समग्रतामा हामी कसरी अगाडी बढ्छौं । त्यसैले गर्दा खेरी ग्राउण्डको बस्तुगतरुपमा हामीले अध्ययन मनन नगरीकन यसरी ल्याइदियो भने यसले मनोविज्ञानमा असर गर्न सक्छ । त्यसैले हामी जिम्मेवारी पूर्वक हरकुरालाई प्रस्तुत गरौं । बस्तुगतरुपमा त्यसको राम्रोसँग विश्लेषण गरौं । हाम्रो देशको हैसियत के हो र प्रदेशको हैसियत के हो । यदि हामीले सुभारम्भमा नै चुक्यौ भने हामीले ठूलो मूल्य चुवाउनु पर्छ । त्यसैले अहिले फुर्के होइन अहिले धेरै जिम्मेवारी पूर्वक वस्तुगत रुपमा बुझेर अध्ययन गरेर ७ नम्बर प्रदेशलाई सुशासनका दृष्टिकोणले शान्ति अमनचयनका दृष्टिकोणले, आर्थिक समृद्धिका दृष्टिकोणले भौतिकपूर्वाधारका दृष्टिकोणले हरेक कुरालाई हरेक कुरा सरकारले गुड सर्भिस कसरी दिन सक्छौं जो मौजुदा हामीसँग सिमित स्रोत छ । सिमित जनशक्ति छ । तथ्यमा आधारित भएर समष्टिगत रुपमा म के भन्न चाहाँन्छु भने । श्वेतपत्रले हामीलाई सजग बनाउछ । यि यि सम्भावना हुन । यो सम्भावनाबाट योलाई यो ठाउँमा ल्याउन सकिन्छ । मेरो विनम्र अनुरोध के हो भने दिर्घकालीन असर पुग्ने कुराहरु अत्यन्त जिम्मेवारी पूर्वक र एकदम सोचेर बिचार विमर्श गरेर आउनु पर्छ भनेर म सुझाव दिन चाहाँन्छु । धन्यवाद

**माननीय श्री पूर्णा जोशीः-** माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीले ७७ बुदे श्वेत पत्र जारी गर्नु भएको छ । म अत्यन्त मेहनतपूर्वक तयार गरिएको यो प्रदेशका सम्भावनाका वारेमा जुन जानकारी मूलक सूचना गर्नु भएको छ । यसकालागि यहाँहरुलाई धन्यावाद दिन चाहाँन्छु । यद्यपी यो श्वेत पत्रको रुपमा आएको छैन पूर्ववक्ता माननीज्यूहरुसँग म पनि सहमत छु । अल्पकालीन बजेट केही समय पछाडी आउदैछ । यसैको सन्दर्भमा पनि उहाँहरुले यो कुरालाई समावेश गरेर ल्याउन सक्नु हुन्थ्यो । त्यो गर्दा बढि राम्रो हुन्थ्यो

जस्तो लाग्छ मलाई । सूचना र जानकारी पर्याप्त छन् । आगामि बजेट निर्माण गर्दा यि कुराहरुलाई समावेश गरी निर्माण गर्न सकिन्छ भन्ने मलाई लागेको छ । यो क्षेत्रका देशमा उत्पादन मुखी अर्थतन्त्र निर्माण गर्नु पर्छ र यो देशमा समृद्धि त्यसबाट मात्र पाउन सक्छौं । प्रदेशको समृद्धिसँग यो क्षेत्रका प्रमुख उत्पादन के हुन र त्यसको बजार कहाँ छ र निर्यात कहाँ गर्न सक्छौं भन्ने खालका कुराहरु पनि समावेश गर्नु भएको भए राम्रो हुन्थ्यो । त्यस्तै गरी यहाँका बैंकले प्रवाह गर्ने लोनका वारेमा उल्लेख गर्नु भएको छ । यो लोन प्रवाह गर्ने क्रममा यहाँको किसानले भैसी किन्छु भन्दा त्यो तीन दिन चार दिन लगाएर काम गर्न सक्दैछ । एउटा कुनै व्यवसायले रेडिमेट व्यापार गर्ने मान्छेले असी प्रतिशत भन्दा पनि बढी बैंकको ऋण पाउछन् । किसानको लागि फोकस गरेर ऋण पाउने व्यवस्था उल्लेख गरेको भए राम्रो हुन्थ्यो । यो क्षेत्रको प्रदेशका सरकारी स्वामित्वमा रहेको जमिन कति छ । सम्पत्ति कति छ भन्ने यसमा ल्याएको भए राम्रो हुन्थ्यो । महिलाको सामाजिक सुरक्षा र मदिरा जन्य पदार्थहरुको विक्रिवितरण र त्यसको उपभोग सेवनले यि दुईवटा कुराहरु जोडिएका छन् । त्यसकारणले गर्दा जहाँ मदिराजन्य पदार्थहरु खुलमखुल्ला विक्रिवितरण भएका छन् । त्यहाँ महिलाको सामाजिक सुरक्षा बालबालिकाको सरक्षाको अवस्था गम्भीर छ । यो कुराहरु त्यसमा समावेस गर्नु पर्थ्यो । त्यस्तै भूउपयोगको अवस्था उत्पादन युक्त जमिन कति हो कति उपयोग भएको छ । त्यसमा विशेष गरिकन सिचाईका व्यवस्था के कस्तो छ भन्ने कुरा ल्याएको भए राम्रो हुन्थ्यो । समग्रमा जानकारीका लागि ल्याउनु भएको यो श्वेत पत्रका लागि धन्यवाद दिनचाहाँन्छु । धन्यवाद

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई माननीय सदस्यहरूबाट उठान भएका प्रश्नहरूको जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय, माननीय सभासदज्यूबाट आएका उपयुक्त र उचित सुझाव सल्लाहको लागि हार्दिक धन्यवाद दिन चाहाँन्छु । जहाँसम्म यहाँका सुझाव छन् । स्कुल अफ थट र स्कुल अफ प्रिन्सीपल भन्ने पनि हुन्छ । हामीले कुनकुरा लाई कुन रुपमा हेरेका छौं । मैले यो श्वेत पत्र बनाउदा खेरी म भन्दा धेरै जान्न विज्ञ तीन चार जना योजना आयोगका विगतका उपाध्यक्षहरु विदेशी प्रोफेसरहरु केही मेरा समकालीन साथिहरुसँग सल्लाह गरेर गरेका हौं । कतिपयले के भन्यो भने यसको नाम तपाईले ह्वाइटपेपर राख्नु भएको छ ठिकै छ भन्नु भयो । यो प्राक्टीस हो यसलाई नयाँ नाम दिन गाह्रो हुन्छ । ह्वाइटपेपर को मिनिङ्ग के हो भने मेरो बुझाइमा कि यथार्थ भए गरेका यथार्थ देखिएका बहौआयामिक सामाजिक र आर्थिक चित्रण गर्नु हो । न थप्नु हो न घटाउनु हो । हामी पोलिटिसीयन हौं हामीले त असम्भवलाई पनि सम्भावनामा परिणत गर्नसक्ने इच्छा शक्ति राख्नु पर्छ त्यसैका लागि आएका हौं हामी । हाम्रा यि प्राथमिक र प्रारम्भीक विन्दु हुन यहाँबाट हामीले प्रस्थान गर्नु छ हामीले । तथ्याङ्क समेटिएको छैन भन्ने करा आएको छ । मैले यसको औचित्यता जारी गर्नुको कारण आदि पृष्ठभूमिमा राखेको छु । विश्व अर्थतत्रको प्याराग्राफ पनि लेखेको छु राष्ट्रिय अर्थतन्त्रको सार पनि लेखेको छु । अन्तर प्रादेशिक सरकार भित्रका तथ्याङ्कको कुरा लेखेको छु । त्यसपछि समग्र ७ नम्बर प्रदेशमा यथार्त वस्तु स्थितिको विवरणको वारेमा लेखेको छु । अब, तथ्याङ्कमा समस्या के छ भने फागुन १६ गते मैले तथ्याङ्क मागे सबै जिल्ला समन्वय समिति प्रमुखज्यूहरुलाई गाउँपालिकालाई नगरपालिकालाई त्यो अझ पनि आएको छैन । यहाँहरुले भन्नु भयो तथ्याङ्क समेटिएन भन्न सजिलो छ मैले केही कुराहरु समेट्न कोशिस गरेको हुँ श्वेत पत्रमा समेट्न कोशी गरेको छु यसको लिमिटेसन भनेर मैले लेखिसकेको छु । अब, प्रश्न छ यसलाई श्वेत पत्र भन्ने कि नभन्ने कुरा आयो मान्छेको नाम हुन्छ त्यस्तै हो । जव हामी प्रदेशको समग्र प्रोफाइल बनाउछौं त्यतिबेला हामी सम्पूर्ण कुरा समेट्न प्रयास गर्छौं । यसलाई जे भने पनि यो यथार्थ वस्तु स्थितिको विवरण हो । मेरो भाषामा यो श्वेत पत्र भएको निवेदन गर्न चाहाँन्छु । उहाँको जिज्ञासा र उहाँले राखेको बिचार प्रति कृतज्ञ छु हार्दिक आभार व्यक्त गर्दै आफ्ना शब्द टुङ्गयाउछु धन्यवाद ।

प्रश्न उत्तरको समय यही समाप्त हुन्छ ।

मा० सदस्यहरू,

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को सूचना प्रकाशित नभए सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न ३:२५ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ १२ /२८**
**पहिलो अधिवेसन**
**(बाह्रौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको २:३५ बजे**

मा० सदस्यहरु,
यस प्रदेश सभाको बाह्रौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

यस सभाको पहिलो अधिवेसनमा पहिलोपटक प्रदेश प्रमुख माननीय श्री मोहनराज मल्लज्यूको सभामा आगमन भएको व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउछु साथै यस सभामा वहाँलाई हार्दिक स्वागत गर्दछु ।

अब, म मुख्यमन्त्री मा० त्रिलोचन भट्टलाई प्रदेश नं. ७ प्रदेश सरकारको नीति तथा कार्यक्रमको बाचन पत्र मा० प्रदेश प्रमुख समक्ष पेश गर्न अनुमती दिन्छु ।

मा० सदस्यहरू,

अब, म प्रदेश प्रमुख मा० श्री मोहनराज मल्ललाई नेपालको संविधानको धारा १८४ को उपधारा (१) तथा प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस सभालाई सम्बोधन गर्न आग्रह गर्दछु ।

**प्रदेश प्रमुख माननीय श्री मोहनराज मल्लः-**

माननीय सभामुख महोदय,

१. नेपालको संविधान (२०७२) जारी भएपश्चात् स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा तथा राष्ट्रिय सभा समेतको निर्वाचन सम्पन्न भई संघ, प्रदेश र स्थानीय तहमा सरकार गठन भइसकेकोछ । मौजुदा संविधानको भाग १६ (प्रदेश आर्थिक कार्यप्रणाली) धारा २०७ राजश्व र व्ययको अनुमानमा भएको व्यवस्था अनुरुप चालु आ.व. २०७४।०७५ को बाँकी अवधीकोलागि प्रदेश नं ७ को प्रदेश सरकारको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यस अवसरमा, म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रकोलागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश, आदिवासी,थारु लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । साथै वेपत्ता,  घाईतेअपाङ्गहरु प्रति सम्मान व्यक्त गर्दछु ।

२. नेपालको संविधानको अनुसूची ६ मा उल्लेखित प्रदेश सरकारको एकल कार्यसूची, अनुसूची ७ तथा अनुसूची ९ को साझा कार्यसूची, प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ एवं मौलिक हकरमानव अधिकार कार्यान्वयनकालागि आवश्यक कानूनको तर्जुमा एवं संगठनात्मक विकास गर्न प्रदेश सरकार निर्देशित हुनेछ ।

३. प्रदेश नं ७ मा रहेका ९ वटै जिल्लाका जिल्ला समन्वय समितिहरु एवं १ उपमहानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी ८८ वटै स्थानीय तह र नेपाल सरकार तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समेत आवश्यक समन्वयर सहकार्य गरी नेपालले प्रतिबद्धता गरेको सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकास लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्रमा परिणत गर्ने लक्ष्य, नेपाल सरकारद्वारा जारी चौधौं योजना

(२०७३।०७४-०७५।०७६), अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले प्रतिवद्धता गरेका विषयगत क्षेत्रगत कार्यक्रम अनुरुप प्रदेश नं ७ को विद्यमान स्थितिलाई प्रभावकारी तुल्याउन प्रदेश सरकार प्रतिबद्धरहनेछ। समाजबाद उन्मुख अर्थतन्त्रको प्रवर्धनका लागि लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक, निजी एवम् सहकारी क्षेत्रको सहभागीतालाई प्रदेश सरकारले प्रोत्साहन गर्ने छ।

४. चालु आर्थिक वर्षकालागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान मार्फत प्राप्त रकमलाई प्रदेश सभाबाट पारितगरीप्रदेश नं. ७ को संरचनात्मक तथा आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउन प्रदेश सरकारले छुट्टै व्ययको अनुमान पेश गर्नेछ।

५. चालु आर्थिक वर्षको व्ययको अनुमान कार्यान्वयन गर्ने अवधी २०७५ सालको आषाढ मसान्तसम्म मात्र रहेको हुँदा छोटो अवधीमा सीमित स्रोतबाट बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न चुनौतीपूर्ण रहेको छ। यो चुनौतीलाई अवसरमा रुपान्तरण गर्न प्राथमिकताका आधारमा बजेट र कार्यक्रम ल्याइनेछ।नेपाल सरकार, स्थानीय तह वा अन्य कुनै निकायले सञ्चालन नगरेका वा सञ्चालन गरिएको भएतापनि स्रोतको अभाव रही सम्पन्न हुन नसकेका र दोहोरो नपर्ने अवस्थाका आयोजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

सभामुख महोदय,

६. प्रदेश सरकार अन्तर्गतका मन्त्रालयरनिकाय मातहत छुट्टै संगठन संरचना तय नभएको विद्यमान अवस्थामा सम्भव हुने स्थानमा विषयगत मन्त्रालयले आफै र आवश्यकताअनुसार सम्बन्धित विषयगत मन्त्रालय मार्फत प्रदेशस्थित सरकारी निकाय वा नगरपालिका, गाउँपालिका वा स्थानीय तहले छनौट गरेका उपभोक्ता समिति मार्फत चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम सञ्चालनगरिनेछ।

प्रदेश मातहत रहने आवश्यक संगठन संरचना तय गर्न प्रदेश सरकारले छिटो भन्दा छिटो आवश्यक कानूनी र व्यवस्थापकीय कार्य गर्नेछ। यसकालागि नेपाल सरकार तथा स्थानीय तहसँग समेत निरन्तर समन्वय गरिनेछ।

७. मानव संसाधन क्षमताको अभिवृद्धि तथा सहभागीतात्मक विकास पद्धतिको अवलम्वन गरी संविधानले अंगिकार गरेका विविधतामा एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, आर्थिक सामाजिक विकास, सीमान्तकृत, बञ्चितिकरणमा परेका, फरक क्षमता भएका, जेष्ठ नागरिक, मुक्त कमैया,महिला तथा बालबालिका,एकल महिलाकोउत्थान र विकास तथा द्वन्दपीडितहरुको उत्थान एवं सामाजिक पुर्नस्थापनाका साथै सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक न्याय तथा मानवअधिकारको सुनिश्चित गर्नेतर्फ प्रदेश सरकार प्रतिबद्ध रहनेछ।

समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त्य गर्दै सम्पुर्ण महिलाहरुको समानुपातिक समावेशी सिद्धान्तका आधारमा उनिहरुको क्षमता लगायत चौतर्फि विकास गर्न विभिन्न कार्यक्रम गरि संञ्चालन गरिने छ।

सामुदायिक चेतना सिप र जागरुकतालाई प्रवद्धर्न गर्दै आ-आफ्नो उन्नती र समावेशी विकासबाट प्राप्त हुने अतिरिक्त लाभलाई कृषी, पर्यटन, उद्योग, उर्जा एवंम पुर्वाधार विकास गर्नकालागि कानून वनाई योजना तर्जुमा गरिनेछ।

युवा वर्गमा देखिएको परम्परागत सम्वन्ध, चिन्तन, उत्पादन प्रकृयालाई रुपान्तरण गर्दे समावेसी आर्थिक विकासमा जोड दिन र रोजगारीको सिर्जना गरि गरिवी न्यूनिकरण गर्न अल्पकालीन, मध्यकालीन र दिर्धकालीन योजना छनौट गरि कानून निर्माण गरिने छ।

छुवाछुत, छाउपडी, बोक्सी, लैंगिक, हिंसा जस्ता कुरीति र कानूनले बर्जित गरेका कुप्रथाको अन्त्य गर्न सरोकारवालाहरुलाई प्रोत्साहित गरि प्रदेश स्थानीय तहका जनप्रतिनिधि सहित गाउँ वस्ती शहरमा सामाजिक रुपान्तरण अभियान चलाइनेछ। साथै कानून कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

चेलीवेटी, वालकालिका वेचविखन, मानव ओसारपोसार कार्य रोक्न विशेष कार्यक्रम ल्याईनेछ।

दलित समुदायको चौतर्फि विकासको लागि तिनीहरुको परम्परागत पेशा, शिप, कला, दक्षतालाई सुदृढिकरण गर्दे आधुनिकीरण गर्ने नीति लिईने छ । मुक्तकमैया, हलिया, हरुवाचरुवा, भुमिहिन, किसान एवम वादी समुदायलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थीत गरि रोजगार तथा अन्य आयआर्जनका कार्यक्रम संचालन गरिने छ ।

शिक्षा, स्वास्थ्य, खानेपानीतथा सरसफाईको क्षेत्रमा आवश्यक सहयोग पुर्याइनेछ ।

दुर दराजमा रहेका जनताको स्वास्थ्य सेवामा सहज पहुचका लागि नजिक र सुलभ तरिकाबाट स्वास्थ्य सेवा प्रदान गर्न मुख्य र सहायक स्वास्थ्य क्षेत्र पहिचान गरि स्वास्थ्य सेवा उपलब्ध गर्ने नीति तथा योजना तर्जुमा गरिनेछ । युवा तथा खेलकुदलक्षित कार्यक्रमहरुलाई सहयोग पुऱ्याइनेछ । विगत देखि शिक्षा क्षेत्रमा देखिएका विभिन्न समस्या समाधान गर्न निश्चित मापदण्ड तय गरि उचित र न्यायोचित व्यवस्थापन गर्न कानून निर्माण गरी नीति तथा कार्यक्रम बनाईने छ । प्राविधिक एवं व्यवसायिक शिक्षा तथा सीपमुलक तालिमलाई प्रोत्साहित गरी युवाहरुलाई रोजगारीर स्वरोजगारीका लागि टेवा पुऱ्याइनेछ । व्यवसायिक, सीपमुलक, प्राविधिक लगायतका शिक्षाको गुणस्तर कायम गर्न विशेष नीति ल्याईने छ । साथै खुला विश्वविद्यालयको नेपाल सरकारको नीति लाई प्रोत्साहन गरिने छ । फोहोरमुक्त स्वच्छ प्रदेशकालागि स्थानीय तह, समुदाय र सरोकारवालाहरूको सहभागितामा अभियान चलाइनेछ । प्रदेशस्थित सबै किसिमका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, औषधि तथा स्वास्थ्य सेवाको मापदण्ड र व्यवस्थापनको प्रभावकारीता बढाउन अनुगमन र मूल्यांकन पद्धति अवलम्बन गरिनेछ । प्रदेश स्तरीय CTEVT, प्राविधिक र व्यवसायिक विद्यालय, पुस्तकालय तथा अन्य शिक्षा क्षेत्रसँग सम्बिन्धत क्षेत्रगत सुधार तथा व्यवस्थापनमा आवश्यक सहयोग पुऱ्याइनेछ ।

निर्वाहमुखी तथा "मौसम सुहाउदो खेति, माटो सुहाउदो उत्पादन, उत्पादन अनुसारको बजार" भन्ने नारा सहित अनुत्पादक कृषि क्षेत्रलाई आधुनीकिकरण, प्रविधियुक्त एवं व्यवशायिकरण गर्न प्रदेश सरकारले समन्वयमा आधारित विषयगत क्षेत्रगत"मुख्यमन्त्री कृषी  कार्यक्रम" लाई प्राथमिकतामा राखिनेछ ।

भूमि व्यवस्थाको समग्र स्थितिको पहिचान गरी एकीकृत अभिलेख राख्ने कार्यको थालनी गरिनेछ । भूउपयोग रआवास विकासमा प्रचलित मापदण्डकोमूल्य श्रृङ्खलामा आधारित (Value Chain) कृषि प्रणालीमा आवद्ध हुन सम्वद्ध पक्षको दायित्व हुन्छ । यसमा प्रदेश सरकारले आवश्यक स्रोत व्यवस्थापन गर्नेछ । उत्पादन र उत्पादकत्वमा आधारित खाद्य सुरक्षा,कृषि सिंचाई, उन्नत बीउ बीजन, जैविक तथा रासायनिक मल, माटो परीक्षण, चिस्यान र शीतभण्डार केन्द्र, कृषि सहकारी, सबै किसिमका सहकारी संस्थाको अभिलेखीकरण, क्षमता विकास, अनुगमन एवं मूल्याङ्कन, कृषि उपजको बजार व्यवस्थासमेतकालागि प्रदेश सरकारले आवश्यक सहयोग गर्नेछ ।व्यवसायिक पशुपालन एवं मासु,माछा, अण्डा, दुग्धजन्य पदार्थ, छाला तथा प्वाँखको प्रवर्द्धनकालागि आवश्यक कार्यहरु अगाडी बढाइनेछ ।

खाद्य संकट भएका ठाउहरुको चालु आर्थिक वर्षमा पहिचान गरि आगामी आर्थिक वर्षमा खाद्य डिपो स्थापना गर्न नीति तथा कार्यक्रम तर्जुमा गरिने छ । अव्यवस्थित रुपले आवादी गरिरहेका जग्गाहरु मध्ये कानून वमोजिम दर्ता भोगचलन गर्न नमिल्ने जग्गा जमिन बाहेक हाल अव्यवस्थीत रुपमा वसोवास भोग चलन गरिरहेका तर दर्ता हुन बाकी रहेका जग्गाहरुको पहिचान गरि त्यस्ता जग्गाहरुको पहिचान गरि त्यस्ता जग्गा जमिनहरुलाई ७ नं. प्रदेश अन्तगत कानूनको दायरामा ल्याई जनपक्षिय कानून निर्माण गरि व्यवस्थित वासोवास गर्ने र वैज्ञानिक भू-उपयोग नीति निर्माण  र सोको कानून तर्जुमा गरिने छ । हिमाली तथा दुर्गम पहाडी भेगबाट तीव्र वसाईसराई तथा अव्यवस्थित शहरीकरणलाई रोक्न ग्रामीण केन्द्रित एकीकृत विकास योजना लागु गरिने छ ।

१० सडक, विद्युत, सूचना प्रविधि, बसपार्क तथा यातायात व्यवस्था जस्ता भौतिक पूर्वाधार विकासको क्षेत्रमा आवश्यक स्रोतको व्यवस्था गरिनेछ । प्रदेश नं. ७ को राजधानी रहेको कैलालीको धनगढी र जिल्लाभरका मुख्य सहरहरुमा  समुचित ट्राफिक व्यवस्थापनकालागि सहभागितात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

११. "धन सुरक्षा कार्यक्रम" अन्तरगत जनताको चल धनको सुरक्षाकोलागि बचत गर्न प्रोत्साहन गर्न एक रुपैया एक खाता, एक व्यक्ति कार्यक्रम गर्ने नीति तर्जुमा गरिने छ। लघु उद्यमलाई प्रोत्साहित गरिनेछ। रुग्ण उद्योगलाई प्रवर्द्धन गर्न आवश्यक नीति र कार्यक्रम ल्याइनेछ । विशेष आर्थिक क्षेत्रऔद्योगिक क्षेत्र पहिचान गरी सोको प्रवर्द्न गर्न नीजी क्षेत्र, स्थानीय तह तथा नेपाल सरकारसँग समन्वय गरी आवश्यक कार्य अगाडी बढाइनेछ । स्थानीय तह स्तरको छुट्टै लगानीकोष स्थापना गरी विद्युत, खनिज, जडीवुटी कृषि र पर्यटनसंग सम्वन्धित परियोजनामा पि.पि.पि. (Public Private partnership) मोडल र सघ प्रदेश स्थानीय तह समेतको लगानीमा आयोजनाहरु संञ्चालन गर्न आवश्यक कानून तर्जुमा गरिने छ । उपभोक्ता हित तथा बजार व्यवस्थालाई प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने लगानी मैत्री कानून निमार्ण गरि आवश्यक सहयोग र नियमन संयन्त्रको अवलम्वन गरिनेछ। प्रदेश नं. ७ मा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गरि संरक्षण, संम्वर्द्धन र व्यवस्थापनकालागि न्यूनतम भौतिक पूर्वाधारकालागि नीति योजना तर्जुमा गरिने छ । सामुदायीक वन र वैज्ञानिक वन व्यवस्थापनकालागि वन नीतिलाई परिमार्जन गरि जनसहभागीतालाई ध्यानमा राखि वनमा जनताको संरक्षण र पहुच लाई सरल सुलभ वनाउने नीति तर्जुमा गरिने छ। तराई पहाड हिमाल सहितको यस ७ नं. प्रदेशमा रहेका, जाती जनजाती, थारु, रानाथारु, आदिवासी, अल्पसंख्यक, सिमान्तकृत लोपोउन्मुख, वर्ग, समुदायका भेषभुसा, भाषा संस्कृतिको समानुपातिक समावेशी संरक्षण गर्नकालागि कानून, निर्माण गरि कार्यान्वयन गर्ने नीति लिईने छ। जलवायु अनुकूलन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। वायु तथा ध्वनी प्रदूषण नियन्त्रण कार्यलाई प्रोत्साहित गरिनेछ। घर घरमा उज्यालोकालागि यस प्रदेशमा अवस्थित नदीनालाहरुमा बिद्युत उत्पादन गर्न सम्भव भएका स्थानहरु पहिचानगरि साना, मझौला तथा ठुला विद्युत उत्पादन आयोजनाहरुको छनौटकालागि अध्ययन, अनुसन्धान र अन्वेषण गरिनेछ । "प्रदेश नं. ७ को सम्वृद्धिको आधार जल विद्युत, जडिवुडी जंगलको विस्तार" लाई प्राथमिकतामा राखिनेछ।

१२. नेपालसँग सीमा जोडिएका भारततर्फका मुख्य नाकाहरु धनगढी मोहना (धनगढी), गड्डाचौकी (महेन्द्नगर), दार्चुला, झुलाघाट (बैतडी) र चीनसँग सीमा जोडिएको टिंकर (दार्चुला) तथा बझाङको उरैनाकालाई व्यवस्थित बनाउन संरचनात्मक सुधारमा सहयोग पुर्याइनेछ। विपद जोखिम न्यूनीकरण व्यवस्थापनका सबै पक्षलाई ध्यानमा राखी समुदायमा आधारित उच्च सर्तकताकासाथ पूर्वतयारी र प्रतिकार्य कार्यलाई प्रोत्साहन गरिनेछ । विपद् जोखिम न्यूनीकरणतथा व्यवस्थापन ऐन, २०७४ को व्यवस्था अनुरूप प्रदेशस्थित विपद् व्यवस्थापन सम्बद्ध समितिलाई थप क्रियाशिल बनाइनेछ । प्राकृतिक प्रकोप र उच्च जोखिममा रहेका क्षेत्र वस्ती पहिचान गरि राज्यवाट सहयोगकालागि "मुख्यमन्त्री राहत कोष" स्थापना गरिने छ । अन्तराष्ट्रिय सीमा संरक्षण तथा सीमा सुरक्षामा समन्वयात्मक तवरबाट आवश्यक सहयोग पुर्याइनेछ । सीमावर्ती समकक्षी अधिकारीहरुसँग पारस्परिक सहयोग र सम्बन्ध स्थापित गरिनेछ।सीमा नाकाबाट हुन सक्ने अवैध निकासी पैठारीलाई निरुत्साहित गरिनेछ । प्रदेश प्रहरी सञ्चालनकोलागि आवश्यक कानून तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिई निरन्तर समन्वय गरिनेछ।

प्रदेश नं. ७ को राजधानी रहेको कैलालीको धनगढी स्थित जिल्ला प्रशासन कार्यालयको भौतिक, मानव संशाधन विकास एवम् अभिलेख व्यवस्थापनकालागि आवश्यक श्रोत जुटाइ नमुना जिल्ला प्रशासन कार्यालयको रूपमा रूपान्तरण गरी प्रदेश स्थित अन्य जिल्ला प्रशासन, सीमा प्रशासन, ईलाका प्रशासन कार्यालयहरू समेतको संगठनात्मक तथा मानव क्षमता विकासमा क्रमिक रूपमा सहयोग पुर्याइनेछ । प्रदेश प्रहरी कार्यालयलाई क्रियाशिल तुल्याइनेछ । राष्ट्रको चौथो अंगको रुपमा रहेको संचार जगतको हक अधिकार सुरक्षा तथा प्रोत्साहनकोलागि संचार मैत्री कानून निर्माणकासाथै कार्यक्रम तर्जुमा गरिने छ।

सभामुख महोदय,

१३. प्रदेश सरकारका निकायहरुको संगठन संरचना तथा जनशक्ति व्यवस्थापनकालागि आवश्यक समन्वय र स्रोतको व्यवस्थापन गरिनेछ। प्रदेशस्तरको जनशक्तिको अभिलेख अद्यावधिक राखिनेछ।

१४. आगामी आर्थिक वर्षकोलागि प्रदेश सरकारले लगाउने करको दायरा एवं क्षेत्र पहिचान गर्न आवश्यक प्रवन्ध मिलाइनेछ । प्रदेशमा रहेका ८८ वटै स्थानीय तहमा वित्तीय पहुँच विस्तारकालागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरिनेछ।

१५. प्रदेश स्तरको राजश्व नीति कर तथा गैरकर राजश्व असुल उपर गर्ने, खर्च व्यवस्थापन गर्ने,आवश्यक कानूनहरु बनाउन प्रक्रिया तत्काल अगाडी बढाइनेछ ।सार्वजनिक खर्चको प्रभावकारिता तथा एकरूपता कायम गर्न खर्चको मापदण्ड तयार गरी लागू गरिनेछ । सुचना प्रविधिमा अधारित राजस्व, सार्वजनिक खर्च, बैदेशिक सहायता र वित्तीय व्यवस्थाको प्रणाली अवलम्बन गरिनेछ । सुरूवातीदेखि नै खर्चको प्रभावकारिता बढाइ असुल उपर गर्नुपर्ने अवस्थाका बेरूजुहरूलाई निरूत्साहित गरिनेछ ।

१६. प्रदेश स्तरको आवधिक योजना निर्माण गरीअल्पकालीन र दीर्घकालीन लक्ष्यहरु तय गरिनेछ र सोकालागि प्रदेशको आवश्यक विवरणहरु रहेको पार्श्वचित्र तयार गरिनेछ ।

१७. शासकीय सुधार र सुशासन प्रवर्द्धन गर्नकोलागि भईरहेका कानून र संस्थागत प्रबन्धलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। यसकालागि आवश्यक नयाँ कानून र संरचनाको निर्माण गरिने छ। प्रदेश सरकारका सबै निकायलाई सूचना प्रविधिमैत्री तुल्याइनेछ । प्रदेशस्थित सरकारी निकाय तथा स्थानीय तहसम्म सूचना प्रविधि विस्तार गरिनेछ ।नतिजामा आधारित व्यवस्थापनकालागि अनुगमन र मूल्याङ्कन पद्धति आत्मसात गरिनेछ। क्षमता, योग्यता, आवश्यकता र समावेशीताको आधारमा कर्मचारीहरुको व्यवस्थापन गर्न स्पष्ट नीति तथा कार्यक्रम अवलम्वन गरिने छ । सामाजका विभिन्न क्षेत्रमा रहेको संस्थागत र मिलोमतोमा हुने गरेको भ्रष्टाचारलाई न्यूनीकरण, नियन्त्रण गर्दै शुन्य सहनशिलतामा झार्नकालागि कानून निर्माण गरि कडाईकासाथ लागु गरिने छ। प्रदेश संरचना सुदृढीकरण गर्न क्रियाशील रही उत्कृष्ट भूमिका निर्वाह गर्ने राष्ट्रसेवकहरुमध्येबाट निजामती सेवा दिवसको अवसरमा पुरस्कृत गर्ने संस्कृतिको थालनी गरिनेछ। स्थानीय तहका सरकारहरुको कार्यक्षमता अभिवृद्धि गर्न जनप्रतिनिधिहरु संग समन्वय गरी आवश्यकताको आधारमा नीति तथा कार्यक्रम ल्याईने छ। यस क्षेत्रमा कार्यरत गै.स.स. हरुको नियमन अनुगमन गरी कार्यक्षमताको आधारमा प्रोत्साहन गरिने छ।

१८. सरोकारवालाहरुको गुनासो सुनुवाई र समाधानकोलागि सबै मन्त्रालयमा टोल फ्रि नम्बरको व्यवस्था गरिनेछ । यसैगरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोही टोल फ्री नम्बर मार्फत "हेलो सिएम"कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा,

माननीय सभामुख महोदय,

प्रदेश नं ७ को प्रदेश सरकारको उल्लेखित नीति कार्यक्रमको परिधिभित्र रही चालू आर्थिक वर्ष २०७४।०७५ को बाँकी अवधीकोलागि सीमित स्रोत र साधनका बाबजुद प्रदेश सरकारले अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम पेश गर्ने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउँदछु।

प्रदेश संरचना खडा गर्ने तथा प्रदेश सरकारको नीति र कार्यक्रम तर्जुमा गर्ने चरणमा सहयोग पुर्याउने नेपाल सरकार, राजनीतिक दल र राजनीतिकर्मी, प्रदेश सरकारका माननीय मन्त्री एवं प्रदेश सभाका माननीय सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चार जगत, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्थाहरु प्रदेशका आम नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

प्रदेश सरकारको नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्वद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राखेको छु।

धन्यवाद ।

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ।

मिति २०७४ चैत्र २९ गते बिहीवार दिनको १:०० बजे सम्मकोकालागि बैठक स्थगित भएको घोषणा गर्दछु।

**बैठक समाप्त अपरान्न ३:०० बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ १२ /२९**
**पहिलो अधिवेसन**
**(तेह्रौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको १:२५ बजे**

मा० सदस्यहरु,

यस सभाको तेह्रौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

सर्वप्रथम मुख्यमन्त्री माननीय श्री त्रिलोचन भट्टलाई प्रदेश नं. ७ प्रदेश सरकारको आ.ब. २०७४/०७५ को बाँकी अवधिको नीति तथा कार्यक्रम टेबुल गर्न अनुमती दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री त्रिलोचन भट्टः-**

(टेबुल भएपछि)

मा० सदस्यहरू,

माननीय तारालामा तामाङ्ग प्रस्तावक र माननीय अक्कल बहादुर रावल समर्थक भई प्रदेश प्रमुख माननीय मोहनराज मल्लले पहिलो अधिवेशनको पहिलो सम्बोधन द्वारा २०७४ साल चैत्र २८ गते बुधवारका दिन प्रदेश नं. ७ प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई सम्बोधनकासाथ प्रस्तुत गर्नु भएकोले प्रदेश सभाको बैठकबाट उहाँलाई धन्यवादको प्रस्ताव पारित गरियोस् भनी २०७४ साल चैत्र २८ गते बुधवारका दिन प्रस्ताव पेश हुन आएको व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउछु ।

(जानकारी गराएपछि)

अब, म, माननीय तरालामा तामाङ्गलाई प्रदेश सरकारको चालु आ.ब. को बाँकी अवधिको नीति तथा कार्यक्रममाथि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु ।

**माननीय तारा लामा तामाङ्गः-** माननीय सभामुख महोलय, यो गरिमामय सभामा हामी नेपालीहरुले संविधान प्राप्त गरिसकेपछि संघीयताको कार्यान्वयनको सिलसिलामा प्रदेश नं. ७ को जनताहरुको लागि प्रदेश नं. ७ को समृद्धिको लागि प्रदेश नं. ७ को सरकारको तर्फबाट प्रदेश प्रमुख माननीय मोहनराज मल्लज्यूले आर्थिक वर्ष २०७४/०७५ को बाँकी अवधिको लागि नीति तथा कार्यक्रम यस गरिमामय प्रस्तुत गरिसक्नु भएको छ । सो समबन्धमा प्रदेश नं. ७ को प्रदेश नियमावली २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम प्रदेश सभा प्रदेश नं. ७ प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएकोले उहाँलाई प्रदेश सभाबाट धन्यवादको गरियोस भन्ने म प्रस्ताव रहेको प्रस्ताव दर्ता गरिसकेको सन्दर्भमा यस नीति तथा कार्यक्रममा दफावार छलफल अगाडि चलाईयोस् भन्ने प्रस्ताव राख्न चाहाँन्छु । धन्यवाद ।

(प्रस्ताव पेश भएपछि)

यस प्रस्तावका समर्थक माननीय अक्कल बहादुर रावललाई प्रस्तावको समर्थका लागि अनुमती दिन्छु ।

**माननीय अक्कल बहादुरः-** माननीय सभामुख महोदय, यस प्रदेश सभा बैठकमा आर्थिक वर्ष ७४/७५ को नीति तथा कार्यक्रम सम्माननीय प्रदेश प्रमुखज्यूबाट सम्बोधन भएको नीति तथा कार्यक्रमलाई छलफलमा अगाडि बढाउनु पर्ने यस प्रदेश सभाको दायित्व र उक्त प्रस्तावलाई छलफलमा अगाडि बढाइयोस भन्ने प्रस्तावको सन्दर्भमा माननीय तारा लामा तामाङ्गज्यूले राख्नु भएको प्रस्तावको म समर्थन गर्दछु । धन्यवाद

(समर्थन भएपछि)

मा० सदस्यहरू प्रदेश सरकारको चालु आ.ब.को बाँकी अबधिको नीति तथा कार्यक्रम माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहाँने माननीय सदस्यहरूको लागि ५ मिनेटको समय निधारण गरेको छु ।

सर्वप्रथम माननीय अर्चना गहतराज बोल्न समय दिन्छु सयम ५ मिनेट ।

**माननीय अर्चना गहतराजः-** माननीय सभामुखज्यू, दलित समुदायको चौतफी बिकासको लागि नीतिहरुको परम्परागत पेसा सीप, काला दक्षलाई सुदृढिकरण गर्न स्रोत साधनको व्यवस्थापन गरी नीति कार्यक्रम तर्जुमा थप्न चाहाँन्छु । नेपालसँग सीमा जोडिएका भारत तर्फका मुख्य नाका मोहना धनगढी गड्डाचौकी, महेन्द्रनगर, डडेल्धुरा दार्चुला झुलाघाट बैतडी चिनसँग सीमाना जोडिएका टिंकर दार्चुला तथा बझाङ्ग उरै नाकालाई व्यवस्थित बनाउन संरचनात्मक सुधार सहयोग पु¥याउने छ र सरकार स्तरबाट समन्वय तथा दुवै पक्षका अधिकारी भई सार्वजनिक सुनुवाई गर्ने वातावरण मिलाइन्छ भन्ने थप्न चाहाँन्छु । स्थानीय तहका सरकारको कार्यक्षमता वृद्धि गर्न जरुरी भएको र प्रतिनिधिहरुसँग समन्वय गरी आवश्यकताको आधारमा नीति तथा कार्यक्रम ल्याउने छ थप्न चाहाँन्छु साथै स्थानीय तहका जन प्रतिनिधि तथा कर्मचारीको क्षमता वृद्धि गरिने छ भन्ने वाक्य थप्न चाहाँन्छु । थप्नु पर्ने बुदाहरु १९ मा समाजमा विद्येमान धर्मपर्था परम्परा रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद असमानता शोषण र अन्य अत्याचारको अन्त गर्न नीति तथा कार्यक्रम तर्जुमा गरियोस् । जातिय छुवाछुत तथा भेदभावका घटना समाजमा दिनुदिन बढिरहेकोले त्यस्ता स्थान र क्षेत्रमा सरकारको क्षेत्रबाट अनुगमन गरिने छ र सम्भावित क्षेत्रमा सरकार तथा सरोकारवाला निर्णायकसँग समन्वय गरी चेतनामूलक कार्यक्रम गर्ने छ । २१ मा दलित समुदायका बालबालिकालाई उच्च शिक्षा सम्म क्षात्र वृत्ति सहित निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाईने छ । २२ मा घर विहिन दलितका लागि निःशुल्क र उपलब्धी गराउने जनता आवास कार्यक्रमलाई प्रभावकारी बनाउने । दलित तथा पीछडिएका वर्गको आर्थिक स्थिति सुधार गर्नका लागि आय आर्जन कार्यक्रम थप्न चाहाँन्छु । धन्यवाद

**माननीय श्री अमर बहादुर साउँदः-** माननीय सभामुख महोदय, संघीय संविधान पूर्ण कार्यान्वयनमा अगाडि बढिरहदा हामी संघीय सरकारको पूर्व अभ्यासमा छौं । त्यसैगरी यहि सन्दर्भमा हाम्रो प्रदेश नं. ७ को नीति तथा कार्यक्र ७४/७५ को बाँकी अवधिका लागि माननीय प्रदेश प्रमुखज्यूबाट हिजो मात्रै जुन संसदमा पेस भएको छ । त्यो प्रस्तुत नीति तथा कार्यक्रम समग्रमा राम्रो रहेको यो सम्मानीत सद्नमा समर्थन गर्दै यसलाई केही थप्नु पर्ने वा केही कुरा उल्लेख गर्नु पर्ने जस्तै सीमा नाकाको सर्न्दभमा, खकौला र भजनी नाकालाई यो नीति तथा कार्यक्रममा समेट्न नसकेको मैले पाएको छु । त्यसैगरी हाम्रो प्रदेश सरकारले कुनै किसमको अनुभूती हुने खालको खासै त्यती महत्वपूर्ण कार्यक्रम समेट्न नसकेको जस्तो अनुभूती भएको छ । केही तत्कालै अनुभूती हुने खालको नीति तथा कार्यक्रम कृषि पर्यटन, ऊजा र बनसँग सम्बन्धीत त्यस्तो खालको नीति तथा कार्यक्रममा समेट्न सकेको भए अझै राम्रो हुन्थ्यो कि भन्ने मेरो बीचार यहाँ प्रस्तुत गर्न चाहाँन्छु । जस्तै अहिले तत्काल हाम्रो कृषि क्षेत्रमा हामीले विभिन्न खालका समृद्धिका कुरा गरेतापनि आउदो आषाढमा धान बाली छर्ने बेलामा हामीले कृषिमा मसिनो चामलको अयात गरिरहेको सन्दर्भमा धान खेती रोप्ने पूर्व सन्ध्यामा हामी छौ । त्यही सन्दर्भमा हाम्रो बजेट प्रस्तुत भएको छ । यस अवसरमा कृषकहरुलाई अथवा स्पेसल मसिनो धानको विऊ कृषकलाई निःशुल्करुपमा यदि प्रदान गर्न सकेका खण्डमा यसको अयात घटाउने खालका कार्यक्रम ल्याउदा केही राम्रो हुनथ्या कि भन्ने बीचार यहाँ प्रस्तुत गर्न चाहाँन्छु । त्यसैगरी स्वास्थ्यको सन्दर्भमा कुरा गर्दा अहिले हाम्रो ३२ वटा क्षेत्रहरु ७ नम्बर प्रदेशमा रहेको छ । त्यसमा पनि नौ वटा जिल्लामा अस्पताल रहेको सन्दर्भमा टिकापुरमा पनि एउटा सरकारी अस्पताल बाँकी करीव २२ वटा क्षेत्रमा कुनै पनि अहिले सम्म सरकारी क्षेत्रका डाक्टर नभएको सन्दर्भमा कुनै यस्तो प्रदेश क्षेत्र जहाँ सरकारी डाक्टरको दरबन्दी भएको क्षेत्रमा हामीले यो आर्थिक वर्षमै त्यस्ता क्षेत्र वा स्वास्थ्य चौकीमा एउटा डाक्टर ल्यायौ भने स्वास्थ्य क्षेत्रमा सुलभ र निमुखा गरिब जनताको पहुच हुन सक्थ्यो कि भन्ने मेरो बिचार यो सम्मानीत सद्नमा नीति तथा कार्यक्रममा थप्नका लागि अनुरोध गर्न चाहाँन्छु । शिक्षाका क्षेत्रमा पनि खासै नयाँ कार्यक्रम केही पनि समेट्न नसकेको मैले अनुभूती गरेको छु । शिक्षा क्षेत्रमा नयाँ शैक्षिक सत्र सुरु हुनलागेको सन्दर्भमा हामीले विपन्न अथवा गरिव वर्गलाई लक्षित गरेर तत्कालै भर्ना गरेर उनिहरुलाई निःशुल्क पाठ्यपुस्तक देखि लिएर ड्रेसको समेत व्यवस्था गरेको भए अझै त्यस्तो वर्गलाई राहत पुग्थ्यो कि भन्ने बीचार यो

सम्मानीत सदनमा व्यक्त गर्न चाहाँन्छु । यो क्षेत्रमा घोडाघोडी, शुक्लाफाटा, खप्तड, रामारोशन र बडिमालिका जस्ता महत्वपूर्ण प्रदेशका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरु रहेका छन जसलाई हामीले एउटा आंशिक बजेट यो बजेट मार्फत त्यस्ता गहनाहरुलाई हामीले त्यसको ५ वर्षे रणनीति बनाउनकालागि आंशिक गुरुयोजना बनाएको भए सायद आगामी वर्षमा हामीले ति सम्पदाहरुलाई पर्यटकीय क्षेत्रको बिकासकालागि एउटा गाइडलाइन बनाए अर्को वर्षकालागि सहज हुन्थ्योकि भन्ने मैले महसुर गरेको छु । यो नीति तथा कार्यक्रममा खनिज पदार्थको उत्खनन र अन्वेशण गर्ने कुनै पनि कार्यक्रम समेट्न नसकेको जस्तो मैले अनुभूती गरेको छु । हाम्रो प्रदेशमा भएका खनिजहरुलाई सुक्ष्म अध्ययन गरी उत्खननका लागि केही बजेट विनियोजन गरेर यही आर्थिक वर्षमा त्यसको कार्यक्रम अगाडि बढाएको खण्डमा आगामी आर्थिक वर्षमा त्यसको डिटेल लगानी तथा त्यस्ता प्राकृतिक खजिको उत्खननका लागि एउटा गाइडलाइन बन्न सक्थ्यो भन्ने मेरो अनुभूती मैले त्यो नीति तथा कार्यक्रममा अध्ययन गर्दा पाएको छु । धन्यवाद

**माननीय श्री उमा कुमारी वादीः-** सभामुख महोदय, नीति तथा कार्यत्रम एकदम मेहनतकासाथ असाध्यै राम्रो सुन्दर छ । हामीले पढ्यौ सारै खुसी लाग्यो । तर, कता कता मलाई कलिकती भन्ने मन लागेको छ । ७ नबर प्रदेशमा बादी समुदाय अझै पनि यो देशको विकासको पूर्वाधारबाट पछाडि परेको छ । साच्चीकै यो देशमा माछा, गोही, कछुवा, नदी, नाला संरक्षण गरिन्छ बाघ, भालुका लागि जंगल संरक्षण गरिन्छ । बादी समुदाय पनि यहि देशको नागरिक हो । उसलाई अहिले सम्म स्थायी बसोवासको व्यवस्था छैन् । त्यसैले ७ नम्बर प्रदेश सभामुखज्यूलाई मेरो आग्रह छ । साचिकै बादी पनि यो देशका नागरिक हुन र वादीको स्थायी बसोवासको ग्यारेन्टी गरिनु पर्दछ । अर्को कुरा पढ्न नपाएर नराम्रो कुसंस्कारमा बाचीरहेको समुदायलाई शिक्षाको ग्यारेन्टी गरिनु पर्दछ । बादी समुदायको बच्चालाई त्यस्तै दलित समुदायका जनजातीका समुदायका बच्चालाई पनि ग्यारेन्टी गरिनु पर्छ भन्ने मेरो भनाई हो । अर्को कुरा बुदाँ ७ नम्बरमा फेरी पनि मलाई भन्न मन लाग्यो साच्चीकै हामी डेलिगेसनमा सम्माननीय प्रधानमन्त्रीज्यू भारतको भ्रमणमा जानु भन्दा अगाडि हामी डेलिगेसनमा गएका थियौ । सात नम्बरको नाका गौरिफन्टा, खक्रौला लगायत यि सबै विषयमा हामीले कुरा गऱ्यौ र ठूलो विश्वास र आशा गरेका थियौ । साच्चीकै सम्माननीय प्रधानमन्त्रीज्यू भारत भ्रमणमा जाँदा खेरी धनगढी गौरीफन्टालाई विर्सिनु हुन्न भन्ने कुरा हामीले विश्वास गरेका थियौ । तर, अहिले आएर यो नीति तथा कार्यक्रममा त साच्चिकै दुधबाट माखो झिकेजस्तै गरेको हामीले आभास गरेका छौ । त्यो छुटेको कुरालाई समेटियोस बैकल्पीकरुपमा खक्रौला भन्सारलाई पनि ७ नम्बर प्रदेशले त्यो कुरालाई राखोस किनभने व्यापारीको ठूलो व्यापार हुन्छ त्यहाँ र गौरिफन्टामा पनि अर्को कुरा हाम्रो समुदायमा रहेको कुशंस्कार छ । चाँहे त्यो बोक्सीको नाममा होस् । चाँहे त्यो छुवाछुतको नाममा होस् । चाँहे त्यो लैङ्गिक हिंसाकाबारेमा होस् त्यो कुराको ७ नम्बर प्रदेशले ठोस नीति बनाउनु पर्दछ र त्यो गर्ने र गराउने मान्छेलाई कडा भन्दा कडा सजाय तोकियोस् । अर्को कुरा बल्चौरमा बस्दै आएका बादी समुदाय मलाई लाग्छ २०६४ साल यता तिर उनिहरु प्रत्येक वर्षको डेलिकेसन काठमाण्डौमा दौडिन्थे सँगसँगै म पनि हुन्थे अस्ती भरखरै मलाई लाग्छ सभामुखज्यू, प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू अरु मन्त्रीज्यूहरुसँग पनि उहाँहरले आएर डेलिकेसनमा आफ्ना पिडाहरु पोखी सक्नु भएको छ । त्यो कुरालाई आत्मसाथ गरेर ७ नम्बर प्रदेशले तिनीहरुको स्थायी बसोवासको ग्यारेन्टी गर्नु पर्दछ । महिला स्वयमसेविकाको कुरा गर्दा खेरी साच्चीकै महिलाको पिडा हामीसबैले बुझ्नु पर्छ । महिला स्वयमसेविकाले आज सम्म जानु हामी सबैका लागि गर्नु भएको छ । उहाँको लेखाजोखा गर्न हामी सक्दैनौ तर उहाँहरुलाई एउटा सम्मान भनेको तलब उहाँहरुको तोकिनु पर्छ । किनभने समाजमा धेरैकुराहरुको राम्रो सन्देश महिला स्वयमसेविकाले दिएको हुनाले महिलास्वयमसेविकाहरुको वारेमा पनि हामीले बोल्नु पर्छ । अर्को कुरा टिकापुरको ठूलो अस्पताल छ तर त्यसमा धेरैकुराहरु पनि छन् । त्यहाँका आम नेपाली दाजुभाइ दिदिबहिनीहरुले जसरी सेवा पाउनु पर्ने हो त्यसरी सेवा आज पनि नपाएको अवस्था छ त्यसैले हामीलाई त्यहाँ डाक्टरको आवश्यकता छ । त्यहाँ अस्पतालमा चाँहिने कुन कुन कुराहो त्यो कुरा हामीलाई चाँहिएको भएर सभामुख महोदयसँग मेरो यो निवेदन हो । ७ नम्बर प्रदेशका बासीहरुले ठूलो आशा र विश्वास गरेका छन् । हामीहरुले उठाउनै पर्ने कुरा अस्पताल सडक, भन्सार यि नाकाहरुलाई साच्चिकै हामीले छिटो भन्दा छिटो व्यवस्था गर्नु पर्छ र त्यो आम जनतामा राम्रो सन्देश जाओस र साच्चै जनताले चाहेको कुरा पुरा भएको कुरा हामी सबैले देख्न सुन्न पाऊँ । धन्यवाद

**माननीय श्री कर्ण बहादुर मल्लः-** माननीय सभामुख महोदय, यो संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल र ७ नम्बर प्रदेशको यो ऐतिहासिक सद्नमा सरकारले तयार गरेको नीति तथा कार्यक्रम थियो । हिजो प्रदेश प्रमुखबाट यो

सद्नलाई जानकारी गराईयो र आज हामी त्यसको छलफलको क्रममा छौं । सभामुख महोदय, यो ऐतिहासिक सद्नमा सपथ खाएको दिन र त्यसका प्रथम बैठक दोस्रो बैठक र तेस्रो बैठक सम्म हामीले सत्ता पक्षका माननीयको हैसियतले होस् अथवा प्रतिपक्षका माननीयको हैसियतले होस् । यो क्षेत्रका जनप्रतिनिधिले यो देश सोतन्त्र बनाउन अथवा संघीय लोकतन्त्रान्त्रीक नेपाल सम्मको यो हाम्रो मुलुकको जुन उचाई छ । मुलुकबासीले जुन स्वतन्त्रताको उचाई छ । त्यो स्वतन्त्रताको अभियानमा लडेर धेरै विरंगनाहरुको नाम उच्चारण गरेर श्रद्धासुमन व्यक्त गरेका थियौं । हामी भावविभोल र स्तब्ध पनि भएका थियौ । मलाई लागेको थियो त्यसलाई सरकारले आत्मसाथ गर्ने छ । हिजो केन्द्रीय सरकारले यहाँका जुन ऐतिहासिक पुरुषहरु थिए चाहिँ राजनीतिकरुपमा नेपालमा ऐतिहासिक्ता प्राप्त गरेका सांस्कृतिकरुपमा नेपालको इतिहासमा आफ्नो नाम दर्ज गराएका उहाँहरुको नाउमा यो पहिलो प्रदेश सभाको नीति तथा कार्यक्रम छ । यसमा उहाँहरुका नाउमा कुनै किसमको सरकाले कार्यक्रम ल्याउने छ भन्ने आसा गरेका थियौ । तर उहाँहरु प्रति श्रद्धासुमन व्यक्त गर्ने हिजो केन्द्रको सरकार पनि यहाँबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहुन अथवा यो भूगोल प्रति सम्मान व्यक्त गर्दै गर्दा झापाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहुन र आज हामी पनि त्यसैमा सिमितता रहेको कार्यक्रमले देखिएको छ । माननीय समामुख महोदय, हामी चुकेका छौ यसमा दशर्थचन्द यो नेपालको स्वतन्त्रताको लागि पहिलो सादत्त प्राप्त गर्ने सहिद हुन जुन यो भूगोलबाट प्रतिनिधित्व गर्नु हुन्छ । उहाँको नाउमा युवा विकास परियोजना भनेर यो सरकारले ल्याएको भए । उहाँ प्रति सम्मान गरेको देखिन्थ्यो सभामुख महोदय, त्यस्तै गरिकन भिमदत्त पन्त हरके मानिसले नाम सनेका यो नेपालको राजनीतिक इतिहास र नेपालको क्रान्तीकारी इतिहासलाई अध्ययन गर्ने उहाँलाई किसान नेताको रुपमा श्रद्धा गर्छन् । हामीले पनि गऱ्यौ यो सदनमा बोल्ने पहिलो दोस्रो तस्रो बैठकमा उहाँको नाउमा ७ नम्बर प्रदेशको सरकारले किसान परियोजना भनी ल्याई दिएको भए उहाँ प्रतिको सम्मान हुन्थ्यो कि भन्ने मलाई लाग्छ सभामुख महोलय, यस्तै गरीकन राजनीतिक अभियन्ता एन्डी प्रकाश चटौतका नाउमा पनि यो सरकारले गरेको भए सम्भबत यो सरकारको गरिमा नै बढ्थ्यो भन्ने मलाई लाग्छ सभामुख महोदय, जयपृथ्वी बहादुर सिंह र पहलमान स्वाँर जस्ता शैक्षिक र सांस्कृतिक अभियन्ताकारुपमा आज सबै नेपालीले चिन्न थालेका छन् । उहाँहरुको नाउँमा शैक्षिक परियोजना कार्यक्रम, शैक्षिक विकास कार्यक्रम ल्याइदिएको भए पनि हुन्थ्यो भन्ने मलाई लाग्छ सभामुख महोदय, महिला झण्ड झण्डै ५२.५ प्रतिशत महिला छ हामी यो सरकारका माननीय अर्थ मन्त्रीज्यूले अस्ती स्वेत पत्र जारी गर्नु भयो त्योलाई स्वेत पत्रको रुपमा यो सद्नले ग्रहण गर्ने नगर्ने त्यो छलफलको विषयहो । त्यो धेरै किसमका सूचनाहरुलाई संकल गरेर ल्याइएको छ । त्यो जानकारीमूलक छ । त्यसैमा भनीएको छ । ५२.५ प्रतिशत महिलाको बसोवास भएको यो प्रदेश हो । द्वारिका देबी ठकुरानी यो प्रदेशमा जन्मेर दक्षिण एसियाको पहिलो महिला मन्त्रीहुने सौभाग्य पाए र गर्व गरेर भन्छु हामी दक्षिण एसिया यो नेपालमा मात्रै होइन पहिलो महिला मन्त्री दिने क्षेत्रका नागरिक हौं । उहाँको नाउमा महिला विकास परियोजना ल्याइदिएको भए । सरकारले यहाँका महिला प्रति र उहाँका प्रति श्रद्धासुमन व्यक्त गरेको र उहाँप्रति र यो सरकारप्रति यहाँका महिलाहरुले गर्व गर्न लाएक र आशा र भरोसा गर्ने काम हुन्थ्यो भन्नका लागि यहाँहरुलाई मैले आग्रह गरे सभामुख महोलदय, त्यसै गरिकन यही नीति तथा कार्यक्रममा अघि पूर्ववक्ता माननीयज्यूले भनिसक्नु भयो खक्रौला भजनी लगाएतका केही नाकाहरुको नाम किटान गरेको खक्रौला भजनी लगाएतका केही नाकाहरुको नाम किटान गरेको छ । ति समावेश गर्दै गर्दा दार्चुला सम्म पुग्छौ हामी यो यस्मा लेखिएको छ राम्रा अक्षरहरुले म सम्मान गर्न चाहाँन्छु यो नीति तथा कार्यक्र तयार गर्ने यो सरकारमा लाग्नु भएका मन्त्रिपरिषद्का माननीय मन्त्रीज्यूहरुलाई र हामीले देश भरीका सबै पार्टीका नेता आए । गोविन्द गौतम पार्टीका नाउमा यि सहिदलाई विभाजन गर्ने प्रयत्न पनि गऱ्यौ सबै पार्टीका प्रमुख नेताहरु आए कैलाली र कञ्चनपुरका जनताहरु उहाँलाई सीमानाको एउटा मुद्दालाई लिएर विरगती प्राप्त गरेको यो सहिदलाई सहिद घोषणा गर्नु पर्छ र श्रद्धाञ्जली दिनको लागि सबै हामी समावेश भयौ र यो नाका व्यवस्थित गर्न गोविन्द गौतम एउटा अभियान चलाउने यो सरकारले भनीदिदाखेरी सम्भवत कुनै अनर्थ लाग्थेन भन्ने म आग्रह गर्न चाहाँन्छु सभामुख महोदय, यसैगरी क्रान्ती गर्ने हामी सबै राजनीतिक दलका साथीहरु क्रान्तीबाट दु:खबाट संघर्षबाट आएका छौ । विशेषत सरकारका अहिलेका सरकारका मुख्यमन्त्रीज्यू हुनु हुन्छ । उहाँ विषम परीस्थिति र परिवेशबाट आउनु भएको छ र क्रान्तिकारी परिवेशबाट आउनु भएको सरकारका प्रमुखले हिजोको जस्तै केन्द्रमा के गर्दै हुनु हुन्छ हिजोको प्रतिनिधिसभाको नेतृत्व गर्ने सरकारले के गर्थ्यो २०४७ सालमा निर्वाचित सरकारले के गर्थ्यो २०७२/६३ पश्चात अन्तरिम संविधानबाट सरकार चलाएका प्रमुखले के गर्थे र संविधान आइसकेपछि २०७२ पश्चात के गर्थे भनेर केन्द्र नै सोधेर केन्द्र नै हेरेर केन्द्रकै आचरणमा केन्द्रकै बीचारबाट यो प्रदेशका नीति तथा कार्यक्रम बनाएजस्तो हामीलाई आभास भएको छ । अर्को आभाष माननीय

सभामुख महोदय १ सय २ करोड ५ लाख रुपैयाको बजेट आएको छ । यो अठार वटा बुदाको छ । यो भन्दा अगाडि ७७ बुदे स्वेत पत्र ल्याउनु भएको छ । त्यही स्वेतपत्रलाई आधार मानेर यो १८ बुदाको नीति तथा कार्यक्रम बनाउन पनि चुकेको छ यो सरकार हामीलाई लागेको छ । क्रान्तीकारी पृष्ठभुमीबाट आएको आम्रो प्रदेशको मुख्यमन्त्रीज्यू हुनुहुन्छ । म गर्व गर्छ तपाईको राजनीतिक जीवन प्रति राजनीतिक इतिहास प्रति राजनीतिक उतारचढाव प्रति तपाई क्रान्तीकारी शब्द राख्न किन कन्चुस्याइ गरिराख्नु भएको छ । क्रान्तीकारी परिवर्तनका लागि कार्यक्रम राख्न किन चुक्नु भएको छ । सबै कुरा लेखिएको छ यसमा लेख्न कुनै छुटाइएको छैन । गर्ने के त महिला छुटाएको छैन, दलित छुटाएको छैन्, जनजाती छुटाएको छैन, अलपसंख्यक छुटाएको छैन, पार्टी छुटाएको छैन्, कुनै पनि वर्ग लिङ्ग छुट्‌इएको छैन । यिनका लागि या १ सयम २ करोड ५ लाखको बजेटबाट हामीले तीन महिना भनेको यो चानचुने सयम होइन १ समय २ करोड ५ लाख भनेको पनि यो असामान्य पैसा होइन हामी प्रारम्भीक चरणमा छौं यो १ सयम २ करोड ५ लाख रुपैयाले ७ नम्बर प्रदेशको हामी भोलि ५ वार्ष भित्र समृद्ध बनाउने अभियानमा छौ यो बाट हामीले सुरुवात गरेनौ भने कहीहामी सुरुवातमै चुक्छौ भन्ने कुरामा हामीलाई संका लागेको छ । हामीले पटक पटक भनेका थियौं । माननीय सभामुख महोदय, पहिले योजनाका प्रकृति तयार गरियोस् छनोट गर्ने विधि तयार गरियोस र कार्यान्वयनको पाटो तयार गरियोस् अनी मात्र अगाडि बढौ भनेर पटक पटक यो सरकारलाइ र यो सद्‌नलाई जानकारी गराउदा गराउदै यो बजेटको कार्यान्वयनको पाटो पनि फितलो ढङ्गले हुन्छ भन्ने हामी संकामा छौ सरकारलाई आग्रह गर्छौ जती वितरण गरेपनि यसको हुवहु कार्यान्वयनको पाटोमा यो बजेट लैजानको लागि तदरुकताका साथ यो सरकारलाई आग्रह गर्दै म अन्तमा के भन्न चाहाँन्छु भने समय अभावका कारण माननीय सभामुख महोदय यो सरकारले यो प्रदेशमा अन्तर्राष्ट्रिय लगानी सम्मेलनको लागि मानसिकरुपमा तयार होस् र यो अन्तर्राष्ट्रिय लगानी सम्मेलन यसकारण पनि आवश्यक छ चितले ओगटेको छ । पञ्चेश्वर भारतले ओगटेको छ । अन्तर्राष्ट्रिय लगानी सम्मेलन ७ नम्बर प्रदेश सरकारले गराउने जमर्को गरोस् त्यसमा प्रतिपक्षको हैसियतले हामी स्थानीय तहबाट प्रदेश स्तरबाट राष्ट्रिय स्तरबाट र अन्तर्राष्ट्रिय स्तरबाट तपाईहरुलाई यो अन्तर्राष्ट्रिय लगानी सम्मेलनलाई बनाउन हामी तयार छौ । सहयोग गर्न पनि तयार छौ । कुरा क्रान्तीकारी गरे हुदैन काम पनि क्रान्तीकारी ल्याउनुहोस् परिवर्तनकारी ल्याउनुहोस् त्यसमा प्रतिपक्ष हामी तपाईहरुको साथमा हुन्छौ होइन यो १८ बुदे नीति तथा कार्यक्रममा सरकारले गरे पनि हुने छ । नगरपालीकाले गरे हुनेछ र गाउँपालीकाले गरे पनि हुने छ । उपभोक्ता समितिले गरे पनि हुने छ । यो बजेट १ सय २ करोड ५ लाख रुपैया ल्याउनु भएको छ । यो कनिका छर्केर हिजो स्थानीय तहमा धन्यवाद सभामुख महोदय ।

**माननीय श्री कुन्ती जोशीः -** माननीय सभामुख महोदय, प्रदेश सरकारको नीति तथा कार्यक्रम ंगरिसकेपछि यसमा छलफलका विषय वस्तुहरु विशेषगरी केही समयमा समग्र विषय विषय वस्तुहरु केही विषयवस्तुमा समेटिएको अनुभव त भएकै छ तर, थप सुझावका हिसावले केही विषयवस्तु राख्नु पर्दा यहाँ हामीले नीति तथा कार्यक्रमहरु सरकारको तर्फबाट पेस त भयो तर यसलाई कार्यान्वयन गर्ने सवालमा सायद लाग्छ मलाई यो सम्पूर्ण हलको नै जिम्मेवारी आउछ र यसमा विषय वस्तु स्वास्थ्य, शिक्षा रोजगारीको विषय वस्तुहरु यहाँ समेटिएका छन् विशेष गरी सबै वर्ग जाती र समुदायलाई छोएर समेटिएका विषय वस्तुहरुलाई कार्यान्वयन गर्ने सिलसिलामा निश्चीतै रुपमै पनि यो सदनको महत्वपूर्ण जिम्मेवारी थपिएको अनुभव अनुभुती भइराखेको छ । यहाँ मूल जडो त यहाँ कहाँ छ भने जहाँ सम्म हामी बेरोजगारीलाई अन्त्य गरेर बेरोजगारीको मूल जरोलाई अन्त्य गर्न सक्दैनौ त्यहाँ सम्म विषय वस्तु हल हुन असम्भव हुन सक्छ । त्यसैले विशेष गरी युवा रोजगारी लक्षित गरेर अगाडि बढ्ने हो यो सद्‌नले विशेष गरी सबैको ध्यानाकर्षण गराउने भने हामी निश्चितरुपमा पनि यो प्रदेशलाई नमुना प्रदेश बनाउन सक्छौ जस्तो लाग्छ र यहाँ छोटी भन्सारका विषयवस्तु पनि उठिरहेका छन् । डडेल्धुराको जोगबुढालाई पनि छोटी भन्सारको रुपमा समेटिएको भए यो भन्दा अगाडि पनि त्यहाँ राखिएको थियो । अहिले पनि छोटी भन्सारको रुपमा डडेल्धुरालाई राखिदिनु पर्छ भन्ने अनुरोध गर्न चाहाँन्छु । साथै महिलाहरुको हक र हितका विषयमा विषय वस्तुहरु समेटिएको छ तर, नीति विधि बनाएर पनि नहुदो रहेछ हामीले समग्ररुपमा सबैले आ-आफ्नो क्षेत्रबाट सबैले त्यहाँ थिचोमिचो गर्ने थिचोमिचो हुनेहरुको दिमागलाई चेन्ज गर्नु पर्ने जरुरत रहेको छ र यसैगरी समग्र महिलाको हकमा सबैले अगाडि बढाउने हो भने मलाई लाग्छ यो कार्यक्रम अगाडि बढ्न सफल हुन्छ र हाम्रो सबैको जिम्मेवारी पनि रहेको छ । समग्र रुपमा वर्गीय हिसावले यसलाई अगाडि बढ्ने हो चाहे महिला होस् चाँहे दलित होस्, सबैलाई वर्गीय हिसावले हलगरेर अगाडि बढाउने खालको नीति कार्यक्रम ल्याएर

अगाडि बढाउने हो भने धेरै विषयवस्तु अहिले नै हामीले हल गरेर लग्न सक्छौ भन्ने कुरा अनुभूती भएको छ । धन्यवाद

**माननीय श्री कुमारी नन्दा बमः-** माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुख महोनराज मल्लज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को प्रदेश नं. ७ सरकारको नीति तथा कार्यक्रमको धन्यवाद, माननीय सभामुख महोदय, प्रदेश नं. ७ मा दिन प्रतिदिन महिला हिंसाका समस्याहरु चरम रुपमा देखा परिरहेका छन् । त्यसकारण बुदालाई केलाउदा हिंसाबाट पीडित महिलालाई एउटा अल्पकालिन बाँसको व्यवस्था हुनु पर्छ भन्ने मलाई लागेको छ । यसमा समेटिनु पर्छ भन्ने मेरो माग छ । हिंसाबाट पीडित महिलाका लागि बनेका कानूनहरु यथासिघ्र फैसला हुन पर्दछ भन्ने कुरा म राख्न चाहाँन्छु । अर्को महिला तथा बालबालिका सबै बुदा नं. ७ मा समेटिएको भएता पनि आजका बालबालिका भोलिका भविष्य हुन भने झै प्रदेश नं. ७ का अनाथ तथा असहाय बालबालिकाको लागि प्रदेश सरकारको तर्फबाट एउटा बाल गृहको स्थापना गरिनु पर्दछ । त्यस्तै गरेर हाम्रो प्रदेश नं. ७ अन्तर्गत सरकारबाट सञ्चालित वृद्धाश्रम पनि सञ्चालित हुन पर्दछ भन्ने मेरो माग रही आएको छ । फरक चेतना भएको अपाङ्गता भएका व्यक्तिहरु प्रदेश ७ को डेटा हेर्दाखेरी थुप्रै अपाङ्गता भएका व्यक्तिहरु अथवा बालबालिकाहरु प्रदेश नं. ७ मा रहेका छन् । प्रदेश नं. ७ अन्तर्गतका बालबालिकालाई निशुल्क उच्च शिक्षा सम्मको व्यवस्था प्रदेश नं. ७ ले गरिनु पर्दछ र विगतमा सञ्चालित अपाङ्गताका बालबालिका केन्द्रहरु स्रोत केन्द्रसँग व्यवस्थिति हुनु पर्दछ भन्ने मेरो माग रहेको छ । सर्वविहिन व्यक्तिहरुका लागि दोभाषेको व्यवस्था साथै प्रत्येक सार्वजनिक कार्यक्रममा दोभाषेको व्यवस्था हुन पर्दछ भन्ने पनि मेरो सुझाब छ । ठूलो संख्यामा आङ खस्ने विरामीबाट ग्रसित भएका छन् । यस कारणले आङ् खस्ने रोगलाई यथासिघ्र स्वास्थ्य उपचारमा ल्याईनु पर्छ । दिन प्रतिदिन बढ्दो संख्यामा देखिरहेको छ । यसलाई यथा सिघ्र स्वास्थ्य उपचार गरिनु पर्दछ । बुदा नं. ११ को चौथो हरफमा दार्चुला र बझाङ्गमा रहेको बहुमूल्य जडिबुटी सोही जिल्लामा संकलन केन्द्र तथा सोही जिल्लामा प्रशोधन केन्द्र हुनु पर्छ भन्ने मेरो माग रहेको छ । सबैभन्दा बढी उत्पादन दार्चुला जिल्लामा र दोस्रो संकलनको कन्द्र बझाङ्गमा रहेको बहुमूल्य जडिबुटीको संकलन केन्द्र त्यही जिल्लामा हुनु पर्दछ भन्ने मेरो माग रहेको छ । १५ नम्बर बुदामा उल्लेखित विश्वव्यापी रुपमा प्रचलनमा रहेको लेखा प्रणालीलाई अबलम्बन गर्नुका साथै व्यवस्थिति गर्नु पर्छ भन्ने मेरो माग छ । बुदा नं ७ को चौथो हरफमा उल्लेखित प्रदेश नं. ७ का युवाहरुका निमित्त कुनै रोजगारी सम्बन्धी व्यवस्था नदेखेको हुदाँ प्रदेश नं. ७ को उद्योग सञ्चाल सम्बन्धी केही पनि नदेखेको हुदाँ मझौला उद्योग, साना उद्योग सञ्चालनमा ल्याउनु पर्छ भन्ने माग छ । यस्तै गरेर पर्यटकीय क्षेत्र नेपालमा झण्ड भण्डै ७५ प्रतिशत क्षेत्र पर्यटनहरु इन्डीयाबाट आएको कुरा हामीलाई अवगत छ । त्यसकारण भारतबाट आउने पर्यटकलाई टार्गेट गरेर सन् २०१८ लाई प्रदेश नं. ७ को पर्यटन वर्षको रुपमा घोषणा गर्नु पर्दछ । अर्को नेपाल सरकारबाट घोषित ७ वटा तिर्थस्थल मध्येबाट एउटा तिर्थस्थल दार्चुलाको मालिकार्जुन पनि रहेको छ र त्यो मालिकार्जुन यहाँ कतै काही पनि नदेखिएको हुदाँ त्यसलाई प्रमुख प्राथमिकता दिई यसलाई पनि यसमा समेटिनु पर्छ भन्ने मेरो माग रहेको छ । हाम्रो देश नेपाल...... धन्यवाद

**माननीय श्री कुलबीर चौधरीः-** माननीय सभामुखज्यू हिजो २८ गते यस सदनमा प्रदेश प्रमुख द्वारा नीति तथा कार्यक्रम प्रस्तुत भएको हुदाँ त्यो नीति तथा कार्यक्रममा सम्पूर्ण विषयहरु ओगटिएको जस्तो महशुस भएको छ र यसमा सबै जाती, लिङ्ग, क्षेत्र, धर्म सबै समावेश भएको अनुभव भएको कारणले यो प्रतिवेदन लाई एकदमै स्वागत गर्न चाहाँन्छु र यसमा खासगरीकन यहाँका जातजाति मध्ये यो क्षेत्रमा हाम्रो देशमा कैलाली कञ्चनपुरमा जातीय हिसावले अन्यथा नलागोस बाँके बर्दिया र दाङमा थारुजातिको बसोवास भएको हुँदा खेरी जातीय रोग संक्रमित भएकोले यि जातीमा राना थारु दगौरा थारु र कठरीया थारु यि जातिहरुमा सिकलसेल एनिमिया ले ग्रसित भएको कारणले यो रोगलाई कसरी निमूल गर्न सकिन्छ यो सद्न मार्फत नीति तथा कार्यक्रममा पनि यो निमूलको लागि समावेश गर्नु पर्ने र नाका भनसारको विषयमा कुरा उठ्यो र विभिन्न ठाउमध्ये एउटा बेलौरीको बीसका भन्सार छोटिभन्सारको रुपमा पहिले देखिनै सञ्चालन हुदै आईरहेको र त्यो क्षेत्रलाई पनि छोटि भन्सारकोरुपमा स्तरोन्तीकालागि यस नीति तथा कार्यक्रममा समावेश होस् र यहाँ सम्पूण जति पनि समावेश भएको छ । त्यसमा मेरो तर्फबाट र यो सदन मार्फत धेरै नभनीकन आफ्ना शब्द यही टुङ्ग्याउछु । धन्यवाद

**माननीय श्री कृष्ण बहादुर चौधरीः-** माननीय सभामुख महोदय, प्रदेश नं. ७ के नीतिव कार्यक्रम काल यि सद्न समक्ष प्रस्तुत हुइल । मै प्रदेश नं. ७ के प्रदेश प्रमुख मोहनराज मल्लज्यू, प्रदेश नं. ७ के मुख्यमन्त्री लगायतके

तनिहन मोर पार्टीके तरफसे धन्यवाद देना चाहाँतु । यि नीतिव कार्यक्रम हेरेवेर कुछ मजाचिज आएलबाने तरा कुच एम्दे अवा आइज नलागल । खास कहिके भारतके नाकासे जोरल प्रमुख नाकाकहिके कहलबा कहिटठोट छोट छोट भन्सार यिहने पहिले सञ्चालनमा रहे उहिन ये नीतिव कार्यक्रममा छुटाइलबा वे यि दुःखद पक्ष हो । जस्टेकी बेलौरी छोट भन्सार य नीतिव कार्यक्रममा छटाइलबा भजनीके भजनी गुलरिया नाका यि से पहिले सञ्चालनमा रहे उइन फनयी नीतिव कार्यक्रममे छुटाइलबा वस्टेके चर्चामा आएल कैलालीके प्रदेश नं. ७ के पूर्वेक भाग जाहाँ सुन्दर नगरी टिकापुरबा उहीस् जोरल खक्रौला भन्सार किहिन्थे छुटाइलबा यि कैसिक हेर्ना आचुरे मै ठपन चाहाँटु जोर देन चाहाँटु य सञ्चालनमा आइल प्रमुख नाका यह छुटाइल य मुरीक सुझाव हो । वस्टेके यहाँ प्रदेश नम्बर ७ मे थारु राना थारुबीचमा भेटखै हु माननीय सभामुख महोदय, यि प्रदेश नं. ७ मे थारु रानाथारु किल नाइहुइट यहाँ डगुरीया थारु धेरबाटै देउखुरीया थारु धेरबाटै कथरिया थारु थेरबाटै यातो थारुकिल केहकैवाल याटु यि सबके थारुन समावेश गरुन यी मै सझाव डेना चाहाटु । जोसरबाट यि पहिल नीति व कार्यक्रम होइमानले एम्ने धेउर विरोध जनाइना धेउरौ टिप्पनी केहैना धेउर आलोचना केहैनाथे मै सुरुवात हो । विढिया बा तो एकन परिणाम कैसन आइ वकर पर्खाइमे रहत वकर बाटमे मत रही हामर यह वारेमा आलोचना टिप्पणी काका करर्ना होइठ कर सम्मानीत सभामुख महोदय, यहाँ प्रस्तुत नीतिव कार्यक्रमे लिखेवत वहुत बडिया बडिया चिज रहलबा मारो यी संका आशंकाके बीचमे लिखलबा जैसन मैनलागट खास कहिके यि तराईव जहाँ इन्डीयाके वाउडर से जोरलवा एक हप्टा डेड हप्ता पहिले गुरगुर बड्री थर्कत तो यहाँ टारा इबासीनके यहाँ मुटुमे थर्केलागट काकरे लडियमका बढियाहै कब हमार गहुँ धान गहइन बगालागत एकरबारेन य नीति व कार्यक्रम कुछु ठे यहाँ लिखल नैहो वही मारमै आग्रह करन चाहाटु समय रहटी यि जा बाडी डुबान क्षेत्रबा यहोरली सरकारके ध्यान जाइपरल पठरैया नडिया कटानवा काहलैत नडीया कटानबा उहाँ नडीया कटानबाट कान्द्रा नडीया कटानबा जहाँ वर्षौ बाड आके मनैन अफ्ट्यारामा पारलहिट मनै एक छाक एक गास खाना खाइनठे नदी कटानके वारेमे तटबन्धनके बारेमे छेकडेमके वारेमे यनीति व कार्यक्रममे खासै जोड नहिन देख्लु । उमार समय रहिटी पर्खाल लग्नेसे पहिले सरकारके ध्यान उहर जाइ यिहेन काम करसैके मै सुझाव देना चाहाँटु । साथ साथे ये कञ्चनपुर कैलालीमे अधिकांश किसान हुइटे उहाँ उपरे कृषि पेशामे मात्रै निर्वाहाह हुइल कारणले अवे गहु कट्नी हुइल फसल कट्नी हुइल एक भाउ नही हुइल य नीति वा कार्यक्रम सरकार भाउ सहि समयमे निर्धारण केलालट सरकारी रेट कुप देहना सुझाव देना चाहाटु । आब कुछ दिन पाछे धानत विया धर्नत दिन आइत अभिनल किसानके घरमे लावा जातके उन्नत जातके विया नाइहो । समय सहटी यि सरकार उन्नट जाटके लावा जातके मसिन धानके विया अनुदानके रुपमे उस्टके किसान चाहल खाडमलके अनुदानके रुपमे समयरहटी व्यवस्थाकर पहलकरकेमे माग कहिन चाहाटु । यहाँ शिक्षा स्वास्थ्य, खानेपानी लगायत तमाम चिज यहाँ समेट्लबा मनो यि पुरा हुइट कि नाहुइट मैकनठो बहुत भारी संकालागट हुई । यहाँ हामी हेरली अपाङ्गहुकरलेकत सरकार बजेट छुट्याइठ मलो सम्बन्धिट ठाउमे बजेट कबोसे पुगनसकेट विभिन्न नाउमे उ बजेठ ना यहोरल उहोरल खर्च करठ् । माननीय सभामुख महोदयमार्फत यि सरकारके ध्यान उहर जाइपरल केहना मइ माग करटु । वस्टेके कञ्चनपुर कैलालीमे अधिकांश स्थानीय तहमे चाही थारुनके वाहुल्यताबा थारु वस्तीबा यि वस्तीहाना हमे थरुहट स्वयत्त स्थानीय तह घोषण करइट कि नाइकरइट जहाँ थारुकिलवाटै वहाँटो हमारे थरुहट स्वायत्त स्थानीय तक कहिके हम्ने घोषणा करपरलनैटो यि सरकारसे माग करना चाहाँटु । सभामुख महोदय लगायतके चिजबा जो लिखलबा हमर हरट औस समय हेरट यहने पुरा कसैन हुइट ओगपाछेमे जुन प्रकारके सकारात्मक चिज हुइट् बढिया काम हुई सरल सहजरुपसे बढिया काम गरैसे हमरे यिहन चाही अभी जोरसे समर्थन कर्थी सहयोग कर्टी मै विडा होइटु अपन दूइ शब्द यटठो राइटु धन्यवाद ।

**माननीय श्री चुनकुमारी देवी चौधरीः-** माननीय सभामुख महोदय र सम्पूण माननीयज्यूहरु हाम्रो हिजो एउटा नीति नियम पारित भएको छ । हाम्रो ७४/०७५ को लागि जो हिजो प्रस्तुत गर्नु भयो त्यसमा अत्यन्तै ममिय छ राम्रो छ मलाई लाग्छ सबैलाई छोएको छ त्यसैमध्यमा धेरै जसो नीतिहरु अझै पनि थप्नु पर्ने देखिन्छ । माननीय सभामुख महोदय, सबै प्रथामा छुवाछुत र छाउप्रर्थामा महिलाहरु दिनदिनहुँ एउटा गोठमा बसेर दिनहु किसोरीहरु महिलाहरु एकदम ज्यान गुमाएको छ । मलाई लाग्छ यो सदनमार्फत यो ७ नम्बर प्रदेश अरु प्रदेशको तुलनमा भन्दा नी यो प्रदेशमा अत्यन्तै कुप्रथा भएको देखिन्छ । हामी भाषण गर्ने बेलामा भन्छौ हामी चाँही छुवाछुत अन्त गर्नु पर्छ समान व्यवहार गर्नु पर्छ । मलाई लाग्छ अब केन्द्रीय सरकार र ७ नम्बर प्रदेश सरकारले यस्तो नीति नियम ल्याउनु पर्छ कि अब महिला एउटा मिन्स भएको महिला छाउपडीमा गोठमा बस्नु नपरोस् यो नीति

नियमबाट पारित गर्नु पर्छ । अब देखि दलित पनि एउटै जाति हुन यो छुवाछुतमा महिलाहरु गोठमा बसीराख्नु भएको छ त्यो महिलाहरुलाई पनि हाम्रो यो सदनबाट हामीबाट नै परिवर्तन गर्नु पर्छ आदणीय सभामुख महोदय, नेपालमा ५१ प्रतिशत महिला छन् त्यस मध्येमा महिलालाई हरेक राज्यको निकायमा अबको दिनमा ५१ प्रतिशत नै समावेश गर्नु पर्छ र यो थारुहरुको कैलाली र कञ्चनपुरमा अत्यन्तै धेरै सघन वस्ती भएको थारुहरुको जात छ त्यस मध्येमा मलाई लाग्छ मातृ भाषा हाम्रो संविधानमा उल्लेख नै छ । तर अहिले सम्म शिक्षा अगाडि बढिसकेको बेलामा पनि माथी भाषाहरु हाम्रो सुरुवात भएको छैन् । जहाजहाँ सघन वस्ती छ त्यो वस्तीमा यो भाषा लागू हुन पर्छ आदणीय सभामुख महोदय, हाम्रो नेपालमा सबै भन्दा प्राकृतिक स्रोत भएको कञ्चनपुर कैलाली र ७ नम्बर प्रदेश नै देखिन्छ त्यो प्रदेशमा पनि धेरै भन्दा धेरै जडिबुटी र प्राकृतिक स्रोत भएको सामुदायिक वन व्यवस्थापन गर्नका लागि नियम लाएको छ । त्यो नियमलाई अबको दिनमा अतिक्रमण भएको बेलामा हाम्रो सामुदायिक वन जनप्रतिनिधि आउनु हुन्छ । उपभोक्ताहरुले आफ्नो वनको सीमानाको वारेमा थाहा नपाउनु र बनको अतिक्रमण अत्यन्त हुनु यो वनको अतिक्रमण हटाउनको लागि हाम्रो यो प्रदेश सरकारले नीति नियम बनाउनु पर्छ । कम्तीमा प्रत्येक महिनामा वन अनुगमन गर्नु पर्छ आदणीय सभामुख महोदय, हाम्रो देश नेपाल कृषि प्रधान देश त्यसैमा पनि लाग्छ समग्रमा कैलाली कञ्चनपुरमा धेरै किसानहरु कृषि आधुनिकरण गरिराख्नु भएको छ । तर कृषि मध्येमा आफै उत्पादन गरेको आफैले मूल्याङ्कन गर्न नपाउनु दुःखद घटना हो । यो उत्पादन गर्नु पर्ने बेलामा यो पचासहजार पाचसय एक विघा खेति गर्न सम्म लाग्छ । तर उहाँहरु उत्पादन गर्नु पर्ने बेलामा अहिले पनि कृषकहरु मारमा हुनु हुन्छ । अब यो कृषकले आफै उत्पादन गरेको मूल्य निर्धारण आफै गर्न पाउनु पर्छ आदणीय सभामुख महोदय, मलाई लाग्छ । हाम्रो यो महिलाहरुको सबैभन्दा ५१ प्रतिशत भएको महिलाहरु अबको आउने नीति नियममा प्रदेश सरकारले सुरुवात गर्नु पर्छ । अबको महिला पनि पुरुषसरहको काम गर्न पाउनु पर्छ चुनावी क्षेत्रहरु पनि निर्धारण गुर्न पर्छ । हाम्रो विभिन्न अपाङ्ग महिला दिदिबहिनी हुनुहुन्छ । दाजुभाइहरु हुनुहुन्छ । उहाँहरुलाई कम्तीमा अपाङ्ग मैत्री कानून निर्माण गुर्न पर्छ । हाम्रो मुक्त कमैयाको छोराछोरीहरु शिक्षाबाट बन्चीत हुनु उहाँहरु आर्थिक स्थिति कम्जोर हुनु । मुक्त कमैयाहरुको छोराछोरी सुकुम्वासीको छोरा छोरी र गरिब पछाडि पारिएका वर्गका छोराछोरीहरुलाई उच्च शिक्षा हासिलको लागि नीति नियम बनाउनु पर्छ । प्रदेश नं. ७ को बजेटको सफलताको कामना गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय श्री टेक बहादुर रैका आउजीः-** माननीय सभामुख महोदय, ७ नम्बर प्रदेशको सरकारले ल्याएको नीति तथा कार्यक्रममा सबै वर्ग क्षेत्र र सबैलाई समेटेको छ । कार्यान्वयन पक्ष हेर्दाखेरी ३० वर्ष पञ्चायती शासनले त्यही भजाएर खायो । छयालिस सालको जनआन्दोलन पछि चौहत्तर सम्म पनि त्यही नारा भजाएको छ । पिडित पक्षले मुक्ति कहिले पाउने भन्नेवारेमा म सुझाव दिन चाहाँन्छु । यो अहिले हामी दलित र महिलाको वारेमा कुरा गर्दै छौं । मेरो सोच के छ भने म दलित भएको नाताले दलितको मात्र नेता होइन प्रत्येक जात भित्र जोशी र जैशी छ । क्षेत्री र ठकुरी छ । गरिखाने र नखाने विचको लडाइ हो यो । सम्पन्न वर्गका मान्छेलाई गरिववर्गका दाजामा आयामूलक कार्यक्रम सीपमूलक कार्यक्रम शिक्षा, स्वास्थ्य र रोजगारमा पहुच बनाएर हुने खाने वर्गमा कसरी पुग्छ भन्ने हाम्रो माग र राज्यको संरचनाबाट पछाडि परेका दलित र महिलाहरुको वारेमा पनि त्यही कुरा हो । म भन्छु मैले १२-१३ वर्ष सहन गरेको छु । दलित जन्मदा खेरी दलित हुदैंन् । समाजले परिचय दिएपछि छुवाछुत हुन्छ । महिलाको शोषण गर्भमा हुदैंन आमाले बच्चा पाएको दश महिना फोकटमा गए छोरी पाए के हुन । त्यहाँबाट विभेद सुरु भयो । जनजातीको परिचय ............. भू क्षेत्रले पनि पहिचान बनाएको छ । राज्यको पुनर्संचनामा पछाडि परेका समुदायका लागि जुन किसमले नीति ल्याउनु पर्ने थियो । यो सरकारले ल्याउन सकेको छैन म भन्दै छु ७ नम्बर दफामा दलित जातिहरुको सीपको आधुनिकरण गर्ने कहाँबाट गर्नु हुन्छ सरकारले बाजा दमाई बजाउथे बाजा उनले बजाए । हामी लोखनको काम गर्ने ग्रेल सेटर उहाँका । हामी नाचेर खान्थ्यौ कलाकार उहाँ । छुवाछुत मात्र हामीसँग यदि छुवाछुतको अन्त गर्नेहो भने । संविधानमा भएका कुराहरु कानूनमा लागूहुन पर्छ । कानूनमा भएका कुराहरु व्यवहारमा लागू हुनु पर्छ व्यवहारमा लागू भएका कुराहरु समाजमा लागू भए मात्र दलितहरुको मुक्ति छ । यदि छुवाछुतको पिडा हजुरहरुलाई थाहाँ हुनथ्यो भने कहिले पनि विश्वास गर्नु हुन्थेन । यो पिडा अन्त गर्नका लागि म प्रदेश सरकारले ठोस नीति ल्याओस् अस्ति मात्र हाम्रो अर्थ मन्त्रीज्यूले स्वेत पत्रमा सुपका नौ वटै जिल्लालाई चिनाउने देवि देवताको वारेमा उल्लेख गर्नु भएको छ । खैत बझाङ्गमा पर्यटकिय क्षेत्र अपी सैपाल छ । अछाममा छन् । दार्चुलामा छन, बैतडीमा छन् डोटीमा छन् । यि पर्यटकीय क्षेत्र पनि यो जिल्लाको धरोहर यो हो यो संस्कृतिलाई झल्काएर आफ्नो देशलाई अन्तर्राष्ट्रि क्षेत्रमा चिनाउछौ भन्ने कुरा पनि

नीतिमा सिकुड्नु पर्छ भन्ने मेरो यो माग हो । छाउपडी प्रर्थाको करा यहाँ देवता पनि दुई वटा छन् भगवान पनि दुई वटा छन् । पूर्वको दिदी बहिनी विहान रजस्वला हुन्छ साझ चोखिएर भात पकाउछ । न त्यहाँ देवता काम्छ नत्यहाँ धामी हुन्छ । हाम्रो त्यो छाउपडि गोठमा राख्छ । राजनीतिक दलका बीचारहरु काठमाण्डौमा मात्र सिमित छन् । कैलाली जिल्लामा पुगेको छैन् । कैलाली जिल्लाका नेताहरुले पार्टी कार्यालयमा भाषण गरेको कुरा आफ्नो गाउँमा पुगेका छैनन् । यदि गाउँमा पुग्यो भने नेताले आफ्नो श्रीमती र ससुरालाई गाली दिने चलन छ । कहाँबाट तपाई समाजको उन्नती गर्नु हुन्छ । यस्ता खाले ठोस नीति लिएर सरकारले आमूल परिवर्तनका साथमा ७ नम्बर प्रदेशको चौतर्फि बिकास गर्नका लागि राज्यको संरचनाबाट पछाडि परेका वर्ग क्षेत्रका लागि दलित मात्र होइन एउटा बाहुन जजमानी प्रथामा हुन्छ निम्ताल पाउदैन एउटा ठकुरीले शासन सत्ता चलाउछ । हलो जोत्नलाई जग्गा छैन । एउटा क्षेत्री भिख मागेर खादै छ भने एउटा जिम्दारी प्रथामा गएको छ । सबै वर्ग क्षेत्रको उद्धार हुने तरिकाले सरकारले नीति ठोस योजना ल्याएर अगाडि बढोस् भन्ने बीचार राख्दै विदाहुन्छु । धन्यवाद

**माननीय श्री डिल्लीराज पन्तः-** माननीय सभामुख महोदय, प्रदेश नं. ७ को सरकारको तर्फबाट अस्ति मात्र एउटा स्वेत पत्र जारी गरेको थियो । त्यो लगत्तै हामीले फेरी नीति तथा कार्यक्रम ल्याएका छौं । बडा मेहनतको साथ स्वेत पत्र जारी गरियो । त्यसलाई बनाइयो यो पनि बडा मेहनतका साथ बनाएको म देख्दछु । धेरैकुराहरु यसमा समेट्ने प्रयास गरेको छ । मन्त्रिपरिषदलाई धन्यवाद दिन चाहाँन्छु । सँगसँगै यो कार्यक्रम छोटो अवधिको जस्तो नभएर पुरा वार्षिक जस्तो मलाई लागेको छ । यसमा दिएका तालिका अनुसारका कुराहरु लागु गर्ने कुराहरु यो हाम्रो असाढ मसान्त भित्रै सम्पन्न भई सक्ला भन्ने खालको मलाई लाग्दैन यस बाहेक सन् २०२२ सम्म नेपाललाई विकासशिल राष्ट्रमा पुऱ्याउने यसमा उल्लख गरेको छ । यसमा धैरै कुराहरु अध्ययन गर्दा खेरी राष्ट्रिय योजना आयोगले दिएको चौधौ योजनाको नक्कल जस्तो मलाई झण्ड झण्डै लाग्छ । यो पञ्चवर्षीय योजनाका कार्यक्रमहरु त्रैमासिकमा आएका जस्ता लाग्छन् । म एउटा सुझाव के दिन चाहाँन्छु भने हाम्रो संक्षिप्त कार्यनीति हो । तीन महिना भित्र हामीले यसलाई सक्नु पर्छ यो किसिमले यसलाई हामीले निर्धारण गर्नु पर्ने हुन्छ । तर यो कार्यक्रम अति लामो भयो । यो तीन महिनामा यो कार्यक्रम कुनै पनि हालतमा सकिदैन तापनि मन्त्रिपरिषदको मेहनतलाई धन्यवाद दिन चाहाँन्छु । धेरै कुराहरु माननीयबाट आइसके केही स-साना कुराहरु म राख्न चाहाँन्छु । बुदा ८ मा शिक्षा र स्वास्थ्यका कुराहरु आएका छन् । शिक्षा र स्वास्थ्यमा सहयोग गर्ने भन्ने कुराहरु आएका छन् । कस्तो सहयोग हो ? के सहयोग हो ? त्यो हामीले देखेका छैनौ शिक्षा क्षेत्रमा प्राइभेट स्कुल र सरकारी स्कुल बीचको भेदभाव छ । त्यसलाई कसरी हटाउने त्यो बुझिएको छैन । सरकारी स्कुलमा दश कक्षा सम्म निःशुल्क पढाउने भनेको छ । त्यहाँ शुल्क लिने गरिएको छ । त्यो कसरी हटाउने त्यसको केही छैन् । त्यस्तै शिक्षाको क्षेत्रमा पनि दरबन्दीका कुराहरु छ । भौतिक संरचनाका कुराहरु छन् । तिनीहरुको केही उठेको छैन तिनीहरुलाई मिलान गर्ने कि के गर्ने कसो गर्ने त्यसबाहेक स्वास्थ्यका कुराहरु स्वास्थ्यमा पनि सहयोग गर्ने कुरा छ । तीन महिनामा के सहयोग गरिने हो । हामीलाई थाहाँ भएन तर यो भन्दा पनि मूल कुरा मैले चाहेको कुरा यो सरकारले तीन महिनामा जनताका आखाँमा देखिने कुराहरु हामीले के गर्न सक्छौ भन्ने कुराहरु स्वास्थ्य क्षेत्रमा देखिएन खास गरी जुन ठाउँमा स्वास्थ्य पुगेको छैन् अस्पताल पुगेको छैन त्यो ठाउँमा अस्पतालका कुराहरु हुनु पर्ने जहाँ स्वास्थ्य सुविधाहरु उपलब्ध छन् तिनीहरुको स्तरोन्ती गर्नु पर्ने कुराहरु हुनु पर्ने त्यो पनि देखिदैन एउटा उदाहरणको लागि म सदनलाई जानकारी गराउछु सभामुख महोदय, जुन ठाउँमा जिल्ला सदरमुकाम या अरु ठाउँमा जिल्ला अस्पताल छन् क्षेत्रिय अस्पताल छन् । विशेष गरी जिल्ला अस्पतालमा प्रत्येक जिल्ला अस्पतालमा नौ वटा जिल्ला छन् । नौ वटा जिल्ला अस्पताल छन् । प्रत्येक जिल्ला अस्पतालमा यो सरकारले आईसीयूको व्यवस्था गरिदिएको भए आइसीयूको लागि पैसा छुट्याइदिएको भए त्यहाँका मान्छेले धनगढी आउनु पर्दैन थियो । त्यहाँका मानिसले आपतकालिन उपचार त्यही पाउँथे । जनताले पनि हो त सरकारले पनि तीन महिनमा यो काम गर्न सक्ने रहेछ गऱ्यो भन्ने हुनथ्यो । त्यो पनि देखिएन दुई दुई करोड दिए पनि एउटा सामान्य आईसीयू बन्न सक्छ । बुदा नं. ९ मा खाद्य डिपोका कुराहरु गरिएका छन् । ति खाद्य डिपो भनेको झण्डझण्डै खाद्यसंस्थान जस्तै लाग्छ मलाई त्यो खाद्य संस्थानले खरिद गर्दा कृषि उपज गरिद गर्दा व्यापारिबाट बढि गर्छ । किसानलाई धोका मात्र गर्छ । त्यस पछि किसानलाई धोका दिन्छ । मेरो सरकारसँग अनुरोध छ । कि यो खरिदको व्यवस्था पनि मिलाओस र भण्डारनको पनि व्यवस्था मिलाओस अहिले यहाँ सभासदज्यूबाट कुरा उठेको छ । गहुँ आइसक्यो बजारमा तर उहाँहरुले भाउ पाएको छैन । यो भाउ तुरुन्त निर्धारण होस् मुसुरोको भाउ तुरुन्त निर्धारण होस् । यो खाली भण्डारन गरेर मात्र केही हुदैन खरिद को पनि व्यवस्था होस् भन्न म चाहाँन्छु । बुदा नं. ११ मा एक व्यक्ति एक

खाताको अवधारणा छ । मलाई नरेन्द्र मोदिनको याद आयो राम्रो हो सबैले आफ्नो खाता खोल्नु पर्छ बचत गर्ने बानीको विकास गर्नु पर्छ । तर यसको संगसँगै एउटा अर्को कार्यक्रम ल्याइदिएको भए राम्रो हुन्थ्यो । एक व्यक्ति एक रुपैयाको पनि कार्यक्रम लागू गरौ नभए घरधुरीको हिसावले गरौं करोडौ रुपैया यहाँ बचत हुन्छ । एउटा नगरपालिकाले पाँचलाख रुपैया बचत गर्ने वर्षको भनेपछि जति यहाँ नगरपालिका छन् गाउँपालिका छन् । त्यहाँबाट पनि करोडौ बचत हुन्छ र आपत विपतमा ति रकमहरु काम लाग्छन् । त्यस्तै करका कुराहरु छन् । करको दायर बढाउने कर खोज्ने कहाँबाट लिने बस्तुहरुको उत्पादन गर्ने हामीले हामीले यि नाका खोलौ त्यहाँबाट जो अहिले पनि चार अरवरुपैया यो मोहना नाकाबाट आउछ । यसलाई मुख्य नाका बनाउ अरुलाई पनि मुख्य नाका बनाउ जहाँबाट कर उठाउन सक्छौ । निर्यातमूलक व्यवसाय गरौ निर्यातमूलक कृषि उत्पादन गरौं जोले हाम्रो कर बढ्छ । कृषिलाई आधुनिकीकरण गरौ व्यवसायिकरण गरौं एउटा सम्पत्तिकर तिर्दाखेरी यो धनगढीको मान्छेले जग्गा बचेर सम्पत्ति कर तिर्नु परिराखेको छ । यति महंगो कर छ । त्यसमा पनि अझ थप स्वाँस फेरेको कर हिडेको कर उठेको कर झन थप्यो भने जनता झन दबेर जान्छ । म मन्त्रिपरिषद्लाई अनुरोध गर्न चहाँन्छु । खोज्ने होइन करको दायरा आफूले बनाउने हो । त्यसो बनाउ भन्दै विदा हुन्छु धन्यवाद ।

**माननीय श्री दिव्यश्वरी शाहः-** माननीय सभामुखज्यू, सरकारले ल्याएको नीति तथा कार्यक्रम सराहनीय देखेकी छु मेरो बुझाइ अनुसार धेरै मेहनत गरेर ल्याउनु भएको छ त्यसमा सानातिना कुरा हुनु त स्वभाविकै कुरा हो । टिकाटिप्णी भएन भने सरकारले सुधार्ने मौका पाउँदैन टिकापिप्णी पनि हुन्छ नै । आज मलाई प्रदेश नं. ७ को धनगढीमा अवस्थित प्रदेश सभामा हाम्रो पार्टी नेपाली कांग्रेसको तर्फबाट समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त गर्दै सम्पूर्ण महिलाको समानुपातीक समावेशी सिद्धान्तको आधारमा उनिहरुको क्षमता लगायत चौतफी विकास गर्ने भन्ने सम्बन्धमा केही कुरा राख्न चहाँन्छु । शिक्षा र वेरोजगारी कुरिती र कुप्रथा, सामुदायिक चेतनाको अभाव प्रदेश नं. ७ मा अरु प्रदेशको तुलनमा अत्यन्त जर्जर अवस्थामा छ । यस क्षेत्रमा रहेका महिला दिदि बहिनीहरुको कुरामा सक्षम छन् । एसियाकै पहिलो महिला मन्त्री द्वारिका देवी ठकुरानी जस्ता महिलाहरुलाई जन्म दिने हाम्रो ७ नम्बर प्रदेशमा अझै पनि राज्यका हरेक निकाय हाक्न सक्छन् । यो हाम्रो लागि गौरवको विषय हो तर विडम्बना अझै पनि कयौं क्षेत्र र वर्ग र समाजमा व्याप्त कुरिती कुसंस्कार रुढिबादी लगायतका दुर्गम भेगमा प्रचलित छाउपडी प्रथा देउकी प्रथा जस्ता अत्यन्त सामाजिक प्रचलनहरुलाई यथासिघ्र अनत्य गरिनु पर्दछ । सभामुख महोदय, महिलाहरु कतै संस्कारको नाममा कतै कुसंस्कारको नाममा धनी गरिब हरेक समाज क्षेत्र र वर्गमा कुनै न कुनै रुपमामा शोषित र पिडित छन् । प्रसंगवस भनिरहदा माननीय सभामुख महोदय, हाम्रो जस्तो पुरुष प्रधान देशमा प्रदेश नं. ७ मै पनि कतिपय परिवारको जीविकोपार्जन पूर्णरुपमा महिला माथि नै निर्भर छन् । त्यस्ता महिला परिवारको पहिचान गरेर त्यस्ता परिवारलाई थप प्रोत्साहित र उत्साहित गराउने कुरामा प्रदेश नं. ७ प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । सभामुख महोदय, मदिरा उत्पादन बेचविखन र लागु पदार्थको ओसार पसार माथि पूर्ण नियन्त्रण नहुदाँ जसको प्रत्यक्ष अप्रत्यक्ष असर महिला दिदिबहिनी माथि परिरहेको छ । आज भन्दा २५ वर्ष पहिला हामीले मदिरा नियन्त्रण संघर्ष समिति सञ्चालन गरी आन्दोलन गरेका थियौ । जसअनुसार कैलाली जिल्लाभरी मदिरा नियन्त्रण गर्ने सोचका साथ गृहमन्त्री शेरबहादुर देउवा र अर्थ मन्त्री प्रधानमन्त्री समक्ष कैलालीका महिलाहरु डेलिगेसन लिएर गएका थियौ । केही मात्रामा नियन्त्रण गरेका थियौ बजारको भित्तामा लेखिएका बोतलका नक्सा मेट्न सफल भएका थियौ । भन्सार देखि बजार सम्मका साना मदिरा भट्टिहरु हटाएका थियौ । तत्कालिन जिल्ला समिति सभापति श्री मोहन बहादुर शाहको अगुवाईमा केही मात्रामा नियन्त्रण भएको थियो । अब पुनः मदिराको बढ्दो चापले गर्दा हिंसा बढेको देखिएको छ । यो कुरालाई सरकारले चाडो भन्दा चाडो बहसको विषय बनाउनु पर्छ भन्ने मेरो ७ नम्बर प्रदेशरको सरकारसँग अनुरोध र निवेदन पनि छ । सभामुख महोदय हामीले आफ्नो क्षेत्रमा आपसमा शान्ति गराउन मदिरा नियन्त्रण देखि मदिरा बेचविखनमा पूर्णरुपले नियन्त्रण कायम गर्नु पर्दछ समाजमा व्याप्त हिंसा बोक्सी प्रथा जस्ता जघन्य अपराधहरुलाई उत्साहीत र प्रोत्साहीत गराउने व्यक्ति गरी दोषीको खोजविन र पिडितको न्याय र दोषिलाई हदै सम्मको कठोर सजाय दिने कानूनी कावाहीको प्रकृयालाई अगाडि बढाउनु पर्दछ । आजको एक्काइसौ शताब्दीमा पनि हाम्रो जस्तो गरिव विपन्न वर्ग भएको मूलुकमा महिला दिदिबहिनीहरु विभिन्न जाली फटाहाको जालमा प्रलोभनमा परेर विदेशमा हरेक क्षेत्रहरुमा विक्रि वितरण हुँदै आइरहेका छन् । राज्यको फितलो कानून र सामाजिक जनचेतनाको अभावमा अझै पनि त्यस्ता गृहोहरु कुनै न कुनै रुपमा सक्रिय छन् । यस्तो अपराधी गृहोलाई आजिवन कारावासको सजाय गरिनु पर्दछ । अपराधनै हुन नदिने राज्यले महिला जागरण महिला अधिकार आयोगलाई ध्यानाकर्षण गराउनु पर्दछ

साथै राष्ट्रिय महिला आयोगको बावजुत प्रदेश नं. ७ मा पनि छुट्टै महिला आयोग गर्नु पर्छ । माननीय सभामुख महोदय महिलाहरुलाई समान अधिकार बाडफाडको क्रमसँगै उनीहरुलाई जागरुक र सक्षम बनाउन शसक्तिकरण र जागरणका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । माननीय सभामुख महोदय प्रदेश नं. ७ मा यतिका धेरै चुनौतीका वावजुत पनि विकास र समृद्धि सम्भव छ । किनभने आज संघीय र समावेशीका आधारमा प्रदेश नं. ७ ले एक उपमहानगरपालिका २३ वटा नगरपालिका ५४ वटा गाउँपालिका र ८८ वटा स्थानमा प्रमुख उपप्रमुख महिला उपस्थिति परिवर्तनको पहिलो खुट्किलो हो समानता सहभागिता र समानुपातिक प्रणालीको दरिलो नमुना हो । प्रदेश नं. ७ को हामी महिलाहरुले नै यस प्रदेशका महिलाहरुको विकास र सम्भावनाहरुलाई यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेखित बुदाहरुमा छनोट गरेर महिला बालबालिकामा विशेष ध्यान दिन म प्रदेश नं. ७ सरकारलाई निवेदन गर्दछु । अन्तमा यो नीति तथा कार्यक्रममा नखुलाएको बजार व्यवस्थापन, खाद्यको मूल्य वृद्धि मूल्य निर्धारण नभएको देखिएकोले बजार व्यवस्थापन जस्तो दैनिक उपभोक्ताहरु मारमा गर्ने जस्तो यो कार्यक्रमलाई यसमा समावेश गरिनु पर्छ भनेर म हाम्रो प्रमुख मन्त्रीलाई ध्यानाकर्षण गराउन चाहाँन्छु । एउटा पसलमा गयो दश रुपैयाको हुन्छ । अर्को पसलमा गयो १५ रुपैयाको हुन्छ । उपभोक्ताहरु मारमा परेका छन् । यो व्यवस्थापन हुन जरुरी देखेको छु । धन्यावद

**माननीय श्री दुर्गा कुमारी कामीः-** माननीय सभामुख महोदय, हामी अत्यन्तै महत्वपूर्ण समयमा छौं । नेपालको संविधानलाई पूर्णरुपमा कार्यान्वयन गर्ने क्रममा छौं । प्रदेश नं. ७ प्रदेश सरकारले ल्याएको नीति कार्यक्रम छ । यो अत्यन्तै स्वागत योग्य छ । यो सम्पूर्ण वर्ग, क्षेत्र, समुदाय, भूगोलाई समेटेर छोएर जुन कार्यक्रम ल्याएको छ । यो कार्यक्रमले साच्चिकै ७ नम्बर प्रदेशका जनताको जीवनस्तरलाई माथि उठाउन अत्यन्तै महत्वपूर्ण सहयोग पुग्ने छ भन्ने आशा र अपेक्षा गरेको छु । यती हुदाँ हुँदै पनि मैले ७ नम्बर प्रदेशमा बसीरहदाँ घुमिरहदा यो क्षेत्र भूगोल र समुदायलाई अध्ययन गरिरहदा खेरी केही कुराहरु अझै यो प्रदेश सरकारले यो कार्यक्रममा समेटर अगाडि लैजाँदा खेरी अझै राम्रो हुने छ । यो कार्यक्रमले महत्व राख्ने छ भन्ने कुरालाई महशुस गरे त्यसो भएको हुँदा केही कुरालाई यहाँ समेट्नको लागि मैले अनुरोध पनि चाहाँन्छु । धेरै कुराहरु समेटिएको छ । शिक्षाको कुराहरु समेटिएको छ । मलाई लाग्छ यो भावनात्मक भन्दा पनि व्यवहारिक रुपमा बढी केन्द्रीत हुने छ भन्ने आशा गरेको छु । यसमा प्राविधिक शिक्षा व्यवहारिक शिक्षाको कुरालाई अलि जोड दिन पाएको भए अझ राम्रो हुन्थ्यो । स्वास्थ्यको कुराहरु आएको छ । विशेष गरेर महिलाको प्रजनन स्वास्थ्यलाई यो कार्यक्रमले छुन सकेको छैन् । जती पनि समस्याहरु निम्त्याएको छ महिलाको प्रजनन् स्वास्थ्यले निम्त्याउछ अघि पनि केही कुराहरु माननीयज्यूले उठाउनु भएको थियो । पाठेघर खस्ने समस्या समुदायमा रोगको रुपमा लिएको छ । म आग्रह गर्न चाहाँन्छु यो रोग होइन महिला माथि हुने विविध खालका हिंसा समस्या जुन महिलाले सामना गर्नु पर्ने चुनौती छन् । त्यो चुनौतीको उपज भनेको पाठेघर खस्ने समस्या हो । त्यो समस्याकोरुपमा देखिने गरेको छ । यसले ठूलोरुप लिने गरेको छ । साच्चीके अधिकांश महिलाहरु यसमा पीडित छन् । यसलाई रोगकोरुपमा नलिएर पाठेघर खस्ने समस्या समाधानको निमित्त निःशुल्क घुम्ती सिविरको व्यवस्था गरियोस् र सरकारी अस्पतालमा यसको नियमीत चेकजाच र घुम्ती सिविरको रुपमा यो कार्यक्रम राखियोस भन्ने चाँही राख्दा राम्रो हुन्छ भन्ने मैले महशुस गरेको छु । अर्को कुरा किशोर किशोरीहरुको प्रजनन स्वास्थ्यको कुराहरु अलि प्रभावकारीरुपमा अगाडि बढाउन सक्यो भने छाउपडी प्रथा जातीय छुवाछुत त्यसपछि महिलाको पाठेघर खस्ने समस्या यस्ता खालका जुन समाजमा कुप्रथाका रुपमा रहेका समस्याहरु छन् । किशोरकिशोरी शिक्षाले पनि यसलाई समाधान गर्न सक्छ । अर्को गैरसरकारी संस्थालाई अनुगमन गरेर दक्षताको हिसाबले अगाडि बढाउने भन्ने कुरा छन् । डुब्लीकेसनको पाटोलाई अलि महत्वकासाथ दिदाखेरी जहाँ सरकार पुगेको छैन् । जहाँ गर्नै पर्ने आवश्यकता छ । त्यो ठाउँलाई चाहिँ काम गर्नको लागि अनुमती दिने कुरालाई अलिकती त्यहाँ समावेश भएको भए अझ राम्रो हुने थियो भन्ने मलाई लाग्छ । भावनात्मक रुपमा धेरै कुराहरु समेटिएको छ तर व्यवहारीक रुपमा कति जान्छ भन्ने कुराहरुलाई हामीले विश्वास गर्ने कुराहरु व्यवहारीक रुपमा हो । युवा पंत्तिहरु बाहिर छ त्यसो भएको कारणले गर्दा स्वदेशमै रोजगारीको कुरा र युवाको क्षमता बिकास गर्ने खालका कार्यक्रमहरु जस्तै खेलकुदलाई प्राथमिकतामा राखिने छ भन्ने कुराहरु राखिन्छ जस्तो त लागेको छ तर पनि युवा सशिक्तकरणको कुरालाई अलि प्राथमिकतामा राख्दा खेरी यो प्रभावकारी हुन्छ भन्ने मलाई लाग्छ । समुदायमा भएका जातीय छुवाछुत मात्र भन्ने यहाँ दिएको छ । छाउपडी प्रथा बोक्सी प्रथा लैङ्गिक हिंसा भन्ने ७ नम्बर बुदामा जातीय छुवाछुत भन्ने शब्द अगाडि थपी दिदाखेरी अझै त्यसलाई प्रष्ट पार्छ भन्ने मलाई लाग्छ । जिल्ला प्रशासन धनगढीको कुराहरु राखिएको छ । अत्यन्तै सम्मान गर्छु जिल्ला प्रशासन को

स्तरोन्ती देखियो र प्रशासनको काम कार्बाहीलाई कडाईकासाथ अगाडि बढाउने भन्ने कुरा जुन आएको छ । यो अरु जिल्लाहरुमा पनि जिल्ला प्रशासन कार्यालयलाई यहाँ सम्बोधन गरेको भए अझै राम्रो हुन्थ्यो । अर्को सीमा सुरक्षाका कुराहरु छन् । सीमा सुरक्षाका कुराहरु गर्दा खेरी यो कार्यस्थलमा कार्यरत महिला कर्मचारीका लागि सुरक्षाको व्यवस्था गरिने छ भन्ने कुरा समेटिएको भए अझै राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । धेरै कुराहरु लैङ्गिक हिंसा देखि लिएर हिंसाका कुराहरु आएको छ । यो हिंसा पिडित महिलाहरुको लागि सुरक्षित आवासको व्यवस्था चाहिँ यो सरकारले गरिदिएको भए सुनमा सुगन्ध हुन्थ्यो भन्ने कुरा पनि महशुस गरेको छु । बालबालीकाहरुको कुराहरु लाई समेट्न सकेको छैन् । यसलाई पनि कार्यक्रममा समावेश गरेको भए अझै राम्रो हुन्थ्यो । यो सरकारले ल्याएको नीति तथा कार्यक्रम अत्यन्तै राम्रो छ । यसलाई स्वागत गर्दै दलित समुदायका बालबालिकालाई निःशुल्क शिक्षाका कुराहरु यो कार्यक्रमले अगाडि समेटर लग्ने छ । अन्तमा अहिले समुदायमा घटेका विभिन्न घटनाहरु छन् । यो घटनाहरुले जुन जनसमुदायको मानसिकतालाई कमजोर पार्ने पनि भएको महशुस गरेको छु । त्यसको परिणाम भनेको साच्चिकै शान्ति सुरक्षाको महशुस जनताले गर्न पाएको छैन । यो ७ नम्बर प्रदेश सरकारले जनतालाई शान्ति सुरक्षाको अनुभुती गरो भन्ने अपेक्षा र आशा राख्दै अन्तत यो कार्यक्रम पूर्णत कार्यान्वयन हुनेछ भन्ने अपेक्षाका साथ विदा हुन्छु । धन्यवाद

**माननीय श्री देवकी मल्ल थापाः-** सभामुख महोदय, हाम्रो देश असम्भव भनिएका कुराहरुलाई सम्भव तुल्याउदै अर्थात सम्भव सावित गर्दै अहिले हामी संघात्मक राज्य प्रणालिको प्रदेश सञ्चालनको पोइन्टमा उभिएका छौ । अस्ति मात्रै हाम्रो सरकारले स्वेत पत्र प्रस्तुत गऱ्यो र प्रदेश सत्ता सञ्चालनको मेन मेरुदण्ड मेन पाटो अर्थ, बजेट, स्वेत पत्र हामीले पास गऱ्यौ त्यसको लगत्तै यो सरकारले जो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । यो नीति तथा कार्यक्रम स्वेत पत्रसँगै यसको केही दिन पछाडी नीति तथा कार्यक्रम प्रस्तुत हुनु भनेको यो सरकार प्रदेश नं. ७ कदम कदम गर्दै अगाडि बढ्दै छ । एउटा खुसीको कुरा स्वागत जन्य कुरा होला यो नीति तथा कार्यक्रम पत्र केही अधुरो होला यसको पूर्णता यो प्रदेश सभा हो । त्यसैले हामी छलफलमा जुटिरहेका छौ । यो प्रदेश सभामा धेरै विज्ञ मित्रहरु हुनुहुन्छ । धेरै जान्ने धेरै अनुभवी त्यसैले यो छलफलबाट अझै यो कार्यपत्र वा नीति तथा कार्यक्रम पत्र पूर्णता हुने छ । यो आशा गर्द छौ तर, यो जसरी आएको छ । जुन मेहनतबाट आएको छ, यसले जसरी हाम्रो ७ नम्बर प्रदेशको समाजमा जसरी डुबुल्की मार्न खोजेको छ । भित्र पस्न खोजेको छ । भित्रकै हीरा टिप्न जो खोजेको छ । यसलाई हामी फेरी पनि स्वागत गर्न चहाँन्छौ । यो ठिक छ । तर, अहिले गाउँघरको समस्या आवधिक छ केही समयको लागि छ छोटोमा गर्मी चढ्दै छ । गाउँपालिकामा स्वास्थ्य चौकी उप-स्वास्थ्य चौकी भएता पनि विभिन्न अन्कन्टार गाउँहरु छन् । जहाँ स्वास्थ्य चौकी सम्म पनि पुग्न नसक्ने अवस्थाका गाउँबस्तीहरु छन् ती गाउँवस्तीहरुमा स्वास्थ्य इकाईहरु खोलेर एउटा अनमी सम्म राख्न पायो भने तुरुन्तै सरकारको एउटा अनुभूती हुन्थ्यो होला । यो सँगसँगै ति स्वास्थ्य चौकिहरुमा प्रयोगशालाको तुरुन्तै जरुरी छ । एउटा गर्भवती महिला बच्चा पाउन स्वास्थ्ये चौकीमा जादाँ कुनै टेस्ट नहुदाँ त्यो बाच्छ कि मर्छ त्यो कुनै ग्यारेन्टी हुँदैन् । यसको व्यवस्था चाडो गर्नु गरुरी छ । जिल्लामा आइसीयूको व्यवस्था छिटो गर्नु पर्ने जरुरी छ । धनगढी, नेपालगञ्ज, काठमाण्डौ पुगुन्जेल सम्म विरामी मर्ने खतरा छ । त्यसैले छिटो समेट्नु पर्ने कुराहरु अरु जो गाउँपालिकामा बैंकको व्यवस्था पनि छिटो गर्नु पर्ने छ । गाउँपालिकाहरुले कर्मचारी व्यवस्थापन गर्नु पऱ्यो भनेर सताइ राखेका छन् । कर्मचारी व्यवस्थापनको लागि पनि यो सरकारले तुरुन्तै सोच्नु पर्ने स्थीति छ । त्यसैले महिलाको विषयमा जुन धेरै कुराहरु उठीराखेका छन् । यो समाज वा यो प्रदेश सरकार यहिँ समाजका मानिस हौं हामी आफै धामी आफै बोक्सी जस्तो कुन खालको संस्कार प्रयोग गरिराखेका छौं । यो कुरुती उन्मुलन गर्ने वा कुप्रथालाई उन्मुलन गर्ने हुदै आएका हिजो त्यो बोक्सीको घटना लगायत यस्ता घटनालाई उन्मुलन गर्ने विधि के हुने त ? लिखितम धेरै भयो महिलाको अधिकारको पक्षमा संविधान देखि लिएर यहाँ कार्यपत्र जारी गर्ने देखि लिएर अवको कानून बनाउने देखि लिएर लिखितम कुराहरु धेरै होला जस्तो तर व्यवहारमा र कार्यान्वयनमा साच्चिकै जनजीवनमा त्यो व्यक्त नहोला जस्तो परिस्थिति निर्माण भएको छ । यसका लागि यो प्रदेश सरकार वा यो प्रदेश सभा एकदम आत्मैदेखि सुदृन जरुरी छ । त्यसैले हामी सबैले यस्ता विकृतिहरुलाई हटाउन हाम्रा नीति तथा कार्यक्रमहरुमा वा हाम्रा अब बन्ने कानूनहरुमा वा हामीले दिनदिनै प्रदेश सभा वा सरकारले नीर्णय गर्ने कुराहरुमा यो विषयमा सबैभन्दा पहलिा हामीले निर्णय गर्नु जरुरी छ सोचनु जरुरी छ । यदि उन्नत समाज विकसित समाज प्रगतिशील समाज वा समृद्ध प्रदेश नं. ७ बनाउने हो भने विकृत समाजलाई कसरी सफा बनाउने त्यसका लागि हामीले प्लान बनाउनु जरुरी छ । पहिलो पाटो यही हो । समाज नसुध्रीय सम्म समाज भएक विकृतिहरु महिलाले

चुनाव लड्दा जाड रक्सीको अन्त्य गरिने छ भनेको छ । अब, म एक जना देवकी मल्लले बझाङ्गमा जाड रक्सी बन्द कसरी गर्ने त्यको डिसिजन प्रदेश सभाले गर्ने कि नगर्ने यो सरकारले गर्ने कि नगर्ने त्यसैले यो कार्यपत्र स्वागत योग्य छ छिटो आएको छ । प्रगतिशील छ त्यसैले यसलाई स्वागत गर्छु । धन्यवाद ।

**माननीय श्री देवराज पाठकः-** माननीय सभामुख महोदय, म यो देशका कथा व्यथा सुरु गरौ भने हामीलाई दिएको ७० मिनेट पनि कम हुन्छ । त्यसैले यथार्तमा जान चाहाँन्छु । यो नीति तथा कार्यक्रम यो सरकारले पेस गरेको छ । नीति तथा कार्यक्रम यहाँ पनि पेस भए विगतका सरकारमा र पञ्चायतकालमा पनि के भनियो भने विकासको मूल फुटाउने एसियाली मापदण्डमा पुऱ्याउने तर, कार्यान्वयनमा त्यो देखिएन अहिले सम्म पनि प्रजातन्त्र आउदा नीति तथा कार्यक्रम त राम्रै देखिन्छ । तर कार्यक्रम फितलो भए जस्तो देखिन्छ । जहाँ सम्म यो कार्यक्रमको समर्थन या विरोध म अहिले समर्थन गर्ने पक्षमा पनि छैन विरोध गर्ने पक्षमा पनि छैन । जब सम्म यो कार्यक्रम सफल हुदैन त्यसैले हुनत मैले आफूले बोल्ने कुराहरु भन्ने कुराहरु पूर्ववक्ता साथीहरुले पनि भनि सक्नु भएको छ । त्यसलाई म दोहऱ्याउन चाहँदैन केही कुराहरु छुटेका छन् । चूरे पहाडको समस्याको विषयमा यो सदनमा कसैले न नीति तथा कार्यक्रममा न चाहिँ भनेको छ । चूरे पहाडको समस्या जंगल विनास वालुवा गिट्टीले गर्दा चूर पहाड एक दिन कैलाली कञ्चनपुर मरुभूमिको अवस्थामा आउने जस्तो देखिएको छ । तर बाढी नियन्त्रणका कुरा प्रत्यक साल बाढी नियन्त्रण किन यो बाढी नियन्त्रणको समस्या पहिले देखि देशमा व्यवस्थीत किन हुदैन सुरुमै हामीले यो बाढी नियन्त्रणको समस्या हल गरेको भए कम पैसामा हुन्थ्यो । जिउ धनको क्षती हुनु पर्ने अवस्था छ । त्यसैले हाम्रा विगतमा के देखिएको छ भने हाम्रा बनेका संरचना पनि ध्वस्त भएका छन् । प्रजातन्त्र सहि दिशामा नगएको अवस्था मैले महसुस गरेको छु र यो सरकारले ल्याएको नीति तथा कार्यक्रम कतिरुपमा कार्यान्वयन हुन्छ । यो देख्नु पर्ने अवस्था छ । अब देख्ते जाओ आगे क्या क्या होले भन्ने कुराहरु जनताले यो देशमा आधारभूत आवस्यकता गास, बास, कपास त्यो पनि प्राप्त गरेको छैन । हामी सिंगापुरका सपना देखाउदै छौ नेपाली जनता त्यो सपना कहिले पुरा हुन्छ । त्यो देख्नमा आतुर छन् । जनताको स्थीति के छ ताल लाऊ कि बगर जाऊ झण्डै हामी सात प्रदेश भयौ चौध सोह्र प्रदेशको कल्पना गरिराखेका थियौ यो सात प्रदेश धान्न त गाह्रो छ । गौतम बुद्धले हामीलाई के सन्देश दिएका थिए अहिंसाको सन्देश । तर एकातिर हामी गौतमबुद्ध हाम्रो देशमा जन्मेको हो भन्नी गर्व गर्छौ तर गौतम बुद्धका अहिंसा कतिसम्म हामीले कार्यान्वयन अपनाएका छौं । देशमा प्रजातन्त्र आयो पञ्चायतले ३० वर्ष सम्म नगर्न सकेको विकास दश वर्षमा प्रजातन्त्र आउदा खेरी भएको थियो । बुद्ध जन्मेको देशमा कान्तीको अवधारणा राखिएन क्रान्ती गरियो तर उपलब्धी के मिल्यो हाम्रा अधारभूत आवश्यकता पूर्ती हुने अवस्थामा यहाँ संरचना ध्वस्त गर्ने काम गरियो अर्व खर्बको क्षति भयो । यस्तो यो देशको विडम्बना कही नीर लाग्छ यो देश सतिको श्राप गरेको देश त होइन ? यहाँ विदेशका लागु गरिएका सिस्टम लागू हुन्छन् । यो प्रदेश प्रदेश अरु प्रदेश भन्दा सर्वश्रेष्ठ छ । तर यसको कार्यान्वयन पक्ष फितलो हुने अवस्थामा छ । यो देश जसरी इन्डीयामा कस्मीरलाई सुनकी चिडीया भनिन्छ । यो देश पनि यस्तै हो तर, यो देशका अगुवा वर्गले कमाइ खाने गरे पञ्चायतमा त गरिव देशका धनी राजा भनियो अब यो प्रजातन्त्रलाई के भनीने हो । छाउपडी प्रथा, छुवाछुत, जाती दलित जाती यसको अन्त होस् र यो सुकुम्वासी समस्या बसोवास गरिरहेका व्यक्तिको यथासिघ्र व्यवस्था होस् । जनताका आधारभूत आवश्यकताहरु परिपूर्ति हुन । धन्यावाद

**माननीय श्री नन्द बहादुर साउँदः-** माननीय सभामुख महोदय, नेपालको इतिहासमा हामीले पहिलो चोटी एउटा अभ्यास गर्नु थियो र यो अभ्यासको प्रक्रियामा हामी यो संघात्मक राज्य प्रणालीलाई लिएर हामी ७ वटा प्रदेशमा विभाजित भएका छौं । आज हामीले जनतालाई धैरै कुराहरु दिनु छ । चुनावको बेला हामीले थुप्रै कुराहरु बोलेका छौं । जो विगतका सरकार र त्योबेलाका जनप्रतिनिधिका साथीहरुले बिकासका नाममा थप्रै गडबडी थुप्रै प्रक्रियामा अल्झीयौ भन्ने आज हामी सुनिरहेका छौं । तर यो सरकारले हामीले जवाफ दिनु छ । २०७४ साल यस्तो साल बनेको छ । स्थानीय तहको सरकार देखि लिएर केन्द्रीय सरकार सम्म समावेश गरेका छौं । हिजोको मूल्य र मान्यतालाई हामीले कार्यान्वयन गरेका छौं । आज नेपालको इतिहासमा यो २०७४ साल भनेको तीनै तहको निर्वाचन सम्पन्न गरेर स्थानीय प्रतिनिधि र प्रदेश सभाको चुनाव सम्पन्न गरेर यहाँ पुगेका छौं । यो मानेमा सभामुख महोदय आज प्रदेश नं. ७ को नीति तथा कार्यक्रम यो सद्नमा हामीले पेर गरेका छौं हामीले भन्नु पर्छ र हामीले देखिरहेका छौं । सायद यो सरकार बनाउने सवालमा यहाँ पक्ष होस् वा विपक्ष होस् सरकारको कुनै पक्षमा विना बादविवादका साथ हामीले माननीयको सपथ ग्रहण भन्दा पछाडि हामीले हरेक पार्टीको यो गठबन्धन बनाउने सवालमा पहिलो चरणमा त बिना विवादित यो सरकार बनाएका छौं यहाँ कुनै पनि लफडा भएको छैन् ।

त्यसपछि यसले २०७४ आफ्नो कार्यविधि पास गरी सकेपछि अहिले आएर हामी मेहनताका साथ हामीले यो सभामा प्रदेशको स्वेत पत्र देखि लिएर प्रदेशको नीति तथा कार्यक्रम पेस गरेका छौ । यस विषयमा छलफल गर्ने सवालमा मलाई के लाग्छ भने मोटामोटी हिसावले हामीले समयको हिसावले करिव तीन महिनाको बीचमा हामीले गर्न सक्ने कामको वारेमा उल्लेखित भएको छ । हामीले गर्व गर्नु पर्छ । मलाई के लागेको थियो भने स्थानीय तहको चुनाव सम्पन्न भईसकेपछि सम्पूर्ण अधिकार गाउँमा दिएका छौं । सबैको एउटै मन्त्र थियो सिंहदरवारको अधिकार गाउँमा पुऱ्याउनु पर्छ भनिरहेका थियौ । आज त्यो सम्पन्न भएको छ । सम्पूर्ण चुनाव सम्पन्न गरिसके पछि बजेट कहाँबाट खोज्ने र हामीले बोलेका बाचा वा जनताका अगाडि के बोल्ने भन्ने कुरा हामी अन्योलमा थियौ । तर यो बजेट थोरै होस् या धेरै होस यसमा हाम्रो कुनै विवाद छैन । तैपनी १ अरव ५ करोडको हिसावले ३ महिनामा यो प्रदेश सभाले गर्नु पर्छ भन्ने र केन्द्रीय सरकारले आंशिक बजेट दिई सकेपछि यसैमा हामीसबैले गर्व गर्नु पर्ने अवस्था आउछ । अव यो प्रदेश सभाले जनताको माझमा गएर हामीले केही राहातका काम ल्याएका छौं भनेर भन्न सक्ने आधारहरु देखेका छौ । यो कुरामा म एकदमै खुसी भएको छु । यो बजेटलाई कार्यान्वयन गर्ने सवालमा हामीले थुप्रै कुराहरु मा हामीले बोलेका छौ या देखेका छौं यसले अब कार्यान्वयन गर्ने सवालमा चिन्ता छ भने अर्को तिर हामीले राष्ट्रिय गौरवका आयोजनाहरुलाई यो प्रदेश सभाले प्रत्यक्ष निगरानीका साथ सुधार र समन्वयका साथ हामीले यो आषाढ मसान्त भित्र हामीले काम गर्न सकिन्छ कि सकैदैन भन्ने कुराहरु अर्को तिर केन्द्रीय सरकारलाई सुझाव दिनु पर्ने अवस्था छ । अर्को कुरा स्थानिय तहलाई आदेश गर्न सक्छौ तर त्यसलाई पनि सुझाव र सल्लाहाका साथै हामीले त्यहाँ आदेश गर्नु पर्ने अवस्था आएको छ । यो प्रदेशलाई हिजोका दिनमा बोल्ने गऱ्यौ प्रदेश न. ७ लाई हेर्ने दृष्टिकोण र आज हामीले सबै अधिकार पाइसकेपछि यहाँ पहाड हिमाल तराई छ हरेक भौगोलिक  क्षेत्र छ । जनतालाई सुख शान्ति समृद्धि दिनु पर्ने अवस्था छ । बजेट कार्यान्वयन हुने सवालमा कुनै संका छैन । कृषि प्रदान देश भएकाले कृषकलाई नयाँ प्रविधि र र जीवनस्तर उकास्नकालागि कृषकलाई नयाँ तरिकाले खेती गर्न सिकाउनु पर्छ । जडिबुटिलाई रोपेर यहाँका वेरोजगार युवाहरुलाई रोजगारी दिनु पर्छ । यो नीति तथा कार्यक्रम लाई मैले के बुझेकु भने यो एउटा नीति बनेको छ यसलाई कार्यान्वयन गर्ने सवालमा सम्बन्धीत सरोकारवालालाई जोड्नु पर्छ । धन्यवाद

**माननीय श्री नेपालु चौधरीः-** माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ जारी भइसकेपछि स्थानीय तहको निर्वाच प्रदेश र संघको निर्वाचन सम्पन्न भई सरकार समेत सम्पन्न भएको अवस्थामा अहिले हाम्रो यो ७ नम्बर प्रदेशमा प्रदश प्रमुख मोहनराज मल्लज्यूले पेस गर्नु भएको सरकारको नीति तथा कार्यक्रममा धेरै राम्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ । यो नीति तथा कार्यक्रमलाई स्वागत गर्दछु । बास्तवमा जति राम्रो ल्याए पनि केही साथीले केही त्रुटी देखाउदा रहेछन् । हामीलाई एकदम राम्रो लागेको छ । हामीलाई उत्तम लागेको छ । मैले के आसा गरेको छु भने हामीले हिजोको दिनमा यो प्रदेशमा समृद्धि आउछ । यो प्रदेश विकासको लक्षमा अगाडि बढ्छ भनेर सोच राखेका थियौ मलाई लाग्छ । यो नीति तथा कार्यक्रमले त्यो सोचका साथ अगाडि बढेको पाए यो प्रदेश अब समृद्धिको बोटोमा हिड्छ । यहाँ भएका थुप्रै समस्याहरुलाई छिचोल्दै विकासका बाटहरु पछ्याउदै यो प्रदेश अगाडि बढ्छ भन्ने विश्वास र आसा लिएको छु । तर पनि यसमा केही सुझावहरु थप गर्न चाहेको छु । बास्तवमा हाम्रो देश नेपालमा कमैयालाई मुक्त गरेको २०-२१ वर्ष भइसक्यो । अहिले पनि मुक्त कमैयाका विषयमा धेरै सम्बोधन हुदाँ हुदै पनि सरकारले नपुऱ्याउन सकेको अवस्था छ । त्यो मुक्त कमैयाको सन्दर्भमा मुक्त कमैयालाई महत्वका साथ प्राथमिकताका साथ व्यवस्थापन गरिने छ भन्ने कुरा थप्न पाएको भए अलि कमैयाहरु खुसी हुन्थे की उनिहरुको व्यवस्थापन छिटो हुन्थ्यो कि भन्ने मलाई लाग्छ । जेष्ठ नागरिकको सम्बन्धमा जेष्ठ नागरिकलाई सम्बोधन गरिने भन्ने थप्न पाएको भए अलि राम्रो हुन्थ्यो मलाई लाग्छ । सबै क्षेत्रमा चाहे स्वास्थ्य सेवा उपलब्ध गराइने नीति योजना तर्जुमा गरिएको छ । सबै वडामा स्वास्थ्य संस्था स्थापना गरिने छ भन्ने उल्लख हुन पायो भने अझ धेरै राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । त्यसका साथसाथै हाम्रो देश नेपाल कृषिमा आधारित मध्ये यो सुदूरपश्चिमको कैलाली कञ्चनपुरका अधिकाशं जनताहरु खेतीमा निर्भर रहने भएको कारणले यहाँका जनताहरुको खास किसानको पहिचान गरी किसानहरुलाई पहिचान गरी अनुदान दिने भन्ने व्यवस्था गरियोस भनी म अनुरोध गर्न चाहाँन्छु । हाम्रो यो कैलाली सामुदायीक वनले हराभरा भएको जिल्ला हो । तर पनि सबै जनताहरु सामुदायिक वनबाट वनमा उहाँको पहुच पुग्न सकेको छैन् । सामुदायिक वनलाई सबैको पहुच पुग्ने नीति अवलम्बन गर्नु पर्ने कुरा थप्न अनुरोध गर्न चाहे । हाम्रो कैलाली जिल्लामा बसोवास गर्दै आएको ठाउँ भएको मध्यमा यहाँ कतिपय जातको सूचिकृत गरिएको छ । केही जातहरुको सूचीकृत नभएको अवस्था छ ।

जस्तै राना थारु कठरियाहरुको यि जातहरुलाई सूचिकृत गर्ने कुरा राख्न पाए राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । यो नाकालाई सुधार गर्न रचनात्मक कुराको विकास गरिने छ भन्ने लेखिएको छ । नाकामा सुरक्षा व्यवस्था कडा बनाईने छ भन्ने नीति ल्याउनु पर्छ भन्ने मलाई लाग्छ । यो विपत जोखिन न्यूनिकरण लाई ध्यानमा राखी उच्च सतर्कताका सार्थ पूर्व तयारी गर्नु पर्छ । साथै विपत जोखीम क्षेत्रलाई पहिचान गरी जनचेतनामूलक कार्यक्रमलाई अगाडि बढाउनु पर्छ भन्ने कुरा थप्न पाए राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । वास्तवमा हाम्रो देश यो प्रदेश अहिले पनि धेरै पछाडि पारिएको छ । गरिबको रेखामुनी हुनुहुन्छ । धेरै जनताहरु पढेलेखेको भएतापनि रोजगारीको अवसरबाट बन्चित छन् । यो कोही निजी विद्यालय पढाउने गर्छ त्यसको गुणस्तर छुट्टै छ । कोही सरकारी विद्यालय पढाउने गर्छ उसको गुणस्तर छुट्टै छ । गरिवीको रेखामुनी रहेका जनताले आफ्ना बालबच्चालाई सरकारी विद्यालयमा पढाउन नसक्ने अवस्था रहेको ले उनिहरुको चेतना अलिकती खस्कीदो रहन्छ त्यसकारणले त्यस्ता गरिवीहरुको पहिचान गरी छुट्टै विशेष कोटाको व्यवस्था गर्नु पर्छ भन्ने मलाई लाग्छ । धेरै फाराकिलो सोचका साथ सरकारको नीति तथा कार्यक्रम आएकोले मैले धेरै कुरा थपिरहनु आवश्यक देखिन । यति भन्दै धन्यवाद

**माननीय श्री पूर्ण जोशीः-** माननीय सभामुख महोदय, सर्वप्रथम एउटा दुखद समाचार या सभामा राख्न चाहाँन्छु । हिजो डोटिको जोरायल गाउँपालिका वार्ड नं. २ धारापानीमा चट्याङ्ग लागेर एउटै परिवारका दुई जनाको मृत्यु भएको छ । मृतक बालकहरु सेती अञ्चल अस्पतालमा पोष्टमार्टमका लागि ल्याइएको छ । ति बालकहरु चक्र भण्डारीका ११ वर्षीय छोरा ओम प्रकाश भण्डारी र खेम भण्डारीका ९ वर्षीय छोरा चक्र भण्डारी हुन । एकै परिवारमा भएको यस्तो घटनाले गर्दा सरकारले केही राहत गरोस भन्न चाहाँन्छु । माननीय प्रदेश प्रमुखबाट नीति तथा कार्यक्रम प्रस्तुत भएको छ । यो प्रदेशको विकासको निमित्त कोशेढुङ्गा हुन सक्छ भन्ने कुरा मलाई लाग्छ । अत्यन्त स्वागत योग्य नीति तथा कार्यक्रम आएको छ । नीति तथा कार्यक्रम आफैमा व्यवस्थीत हुदाँहुदै पनि कतिपय कुराहरु यसलाई थप समृद्ध बनाउनको लागि केही कुरा यहाँ प्रस्तुत गर्न चाहाँन्छु । धेरै लामा वाक्यहर प्रयोग भएका छन् । आम सर्वसाधारणले बुझ्ने गरिकन छोटो वाक्य र सरल शब्दमा नीति तथा कार्यक्रम आएको भए अझ राम्रो हुन्थ्यो भन्ने मलाइ लाग्छ । भाषा अलिकती क्लिष्ट भएको मलाई अनुभूती भएको लाग्छ । बुदा नं. ६ मा संशोधन गर्नु पर्ने देखेको छु । उक्त बुदामा बजेटको कार्यान्वयन गर्न जिल्ला स्थिति एक कार्यालय जिल्ला समन्वय समिति मार्फत भन्ने कुराहरु उल्लेख गर्दा खेरी यो बजेटको कार्यान्वयनमा थप तिब्रता आउछ अथवा बजेट कार्यान्वयन गर्न सक्छौ भन्ने मलाई लाग्छ । स्थानीय तहले आफ्नै बजेट कार्यान्वयन गर्नका लागि पनि हम्मे हम्मे परेको अवस्था परेको छ । त्यस्तै गरिकन शीर्षकवाइज नीति तथा कार्यक्रम आएको भए अझ व्यवस्थिति देखिन्थ्यो । जस्तो शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, महिला, बालबालिका, अपाङ्ग इत्यादि विभिन्न शीर्षक र त्यसको कार्यक्रम के हो भनेर दुईवटा सूची वनाएर ल्याएको भए अझ राम्रो र व्यवस्थित देखिन्थ्यो भन्ने मलाई लाग्छ । त्यस्तै गरिकन यो प्रदेशमा एच.आई.भी संक्रमित बुवा आमा भएर उहाँहरुको मृत्यु भइसकेपछि पनि संक्रमित बालबालिका अहिले थुप्रो संख्यामा छन् जस्तो डोटी जिल्लामा, अछाम जिल्लामा बाजुरा जिल्लामा रोजगारीका क्रममा भारतमा जोन अभिभावकहरुका बालबालिकाहरु विशेष गरी एच.आइभी संक्रमित बालबालिका छन् । यि बालबालिकाहरुको शिक्षा स्वास्थ्य र भविष्य निर्माण गर्ने जिम्मेवारी हरेक राज्यको हो । हरके सरकारको हो । यो प्रदेश सरकारले आगामी भर्नाको समयदेखि नै यस्ता बालबालिकालाई सूचीकृत गरेर यिनीहरुलाई थप विकास गर्नका निम्ति ध्यान दिनु यो नीति कार्यक्रममा आवस भन्न चाहाँन्छु । प्रदेश सरकारको पहिलो पटक जनताको काम गर्दै छ विगतका अनुभवले बताएको छ । बिकासका कामले लेनदेन चल्छ कुनै पनि कामहरु समयमै सम्पन्न हुँदैनन् भन्ने कुराहरु जनगुनासा आएको छ । यो गुनासो नियन्त्रण गर्ने संयन्त्र निर्माण गर्ने कुराहरुको प्रदेश सरकारको नीति तथा कार्यक्रममा थप गरियोस भन्ने कुरा म राख्न चाहाँन्छु । यो प्रदेशको समृद्धिको मेन मेरुदण्ड भनेको कृषिलाई व्यवसायिकरण गर्नु हो । यो बजेट कार्यान्वयन गरिरहदा खेरी विशेष गरी कृषिको वर्षे बालिको तयारी भएको हुन्छ । किसानलाई सुफत मूल्यमा मल बीऊ कृषि औजारहरु दिन सकियो भने कृषिको व्यवसायीकरण र कृषिको बढि उत्पादन गर्न सकिने अवस्था हुन्छ । त्यतातिर नीति तथा कार्यक्रम थप गरियोस् भन्न चाहाँन्छु । माननीय सभामुखज्यू राज्यलाई कर तिर्नु नागरिकको दायित्व हो कर छल्ने संस्कृतिको अनत्य गर्न र करलाई तिर्ने कुरालाई गौरवको कुरा बनाउनुको लागि विशेष प्याकेज कार्यक्रम ल्याउनु जरुरी छ । त्यस्तो कार्यक्रमको वारेमा सरकारले सोचोस भन्न चाहाँन्छु । त्यस्तै महिलाहरुको पाठेघर खस्ने समस्या यो प्रदेशको पहाडी जिल्लाको लागि अत्यन्त विकराल समस्याकोरुपमा देखिएको छ । यो पाठेघर झर्ने समस्या रोग होइन यो

समस्या कडा परिश्रमको कारणले गर्दा झर्ने हुन्छ । त्यसैले यसको सहज उपचारको लागि हरेक जिल्ला हस्पिटलहरुमा स्वास्थ्य चौकीमा यसको निदानका लागि शुल्क सहित स्वास्थ्य सेवा प्रदायन गरियोस् । नीति तथा कार्यक्रममा आवस भन्न चाहाँन्छु । माननीय सभामुख महोदय, राज्यको पु:र्नसंरचना सँगै जिल्ला स्थिति धेरै कार्यालयहरु स्थानीय तहमा हसतान्तरण भइरहेका छन् । यसको कामको व्यवस्थापन एकातिर चुनौतीपूर्ण छ नै त्यसैमा पनि दिपायल स्थित सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको राजधानी रहेका अरबौका जग्गा जमिन इत्यादी सरकारी स्वामित्वमा छ । त्यो अलपत्र पर्ने र संरक्षण विहिन हुने अवस्थामा छ । तसर्थ प्रदेश सरकार मार्फत हुने आयोग नियोगहरु विभिन्न नयाँ संरचनामा त्यसको व्यवस्थापन होस सम्पत्तिको संरक्षणकालागि नीति तथा कार्यक्रममा आवस भन्न चाहाँन्छु । यो क्षेत्रका पर्यटकीय स्थल खप्तड यो गंगा दशहराको समयमा खप्तडमा ठूलो मेला लाग्छ यो प्रदेशको समृद्धि भनेके खप्तड हो । लगानीकताहरु पर्यटकीय विज्ञहरु राजनीतिक दलका उच्चस्तरका नेताहरुको एउटा टोलि बनाएर त्यो क्षेत्रमा एउटा महोत्सव जस्तै कार्यक्रमका लागि रकम विनियोजित गरियोस् र यो नीति तथा कार्यक्रममा यि कुराहरु समावेश गरियोस् भन्ने कुरा राख्न चाहाँन्छु । यो क्षेत्र समृद्धिको सवालमा सद्न एक ढिक्का भएको कुरा पूर्ववक्ता माननीयले भन्नु भएको छ । सरकारले ल्याएका असल र जनपक्षीय कार्यक्रमहरुमा प्रतिपक्षको दरो एकेवद्धता हामीले प्राप्त गरेका छौं यसलाई एउटा पूँजीको रुपमा लिएर देशको नीति कार्यक्रमलाई सबै पक्षका सुझाव समावेश गरेर यो क्षेत्रको तिव्रत्तर विकासको निम्त्ति हामी अगाडि बढ्न सक्छौ भन्ने कुरा भन्न चाहाँन्छु । अन्तमा प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू लगायत प्रदेश सरकारलाई धन्यावाद दिन चाहाँन्छु । धन्यवाद

**माननीय श्री प्रकाश रावल:-** माननीय सभामुख महोदय, प्रदेश नं. ७ को नीति तथा कार्यक्रम प्रस्तुत भएको छ । यो नीति तथा कार्यक्रमले प्रदेशको यो तीन महिने विकाससँग जोडिएको नीति तथा कार्यक्रम छ । यसले अवस्य पनि यो प्रदेशमा पहिलो संसदिय व्यवस्थाको अभ्यासले अगाडि सारेको विकास निर्माण लाई जनताले केही हदमा अनुभूती गर्ने कुराहरु मैले महशुस गरेको छु । प्रदेश नं. ७ को समृद्धि आर्थिक समृद्धिको कुरा गर्दा हामीले यो प्रदेशमा रहेका सम्भावनाहरुलाई अब आउने हाम्रो वार्षिक असार १ गते प्रस्तुत हुन बजेटले यसको समग्र एउटा डिपिआर बनाएर हामीले औद्योगिक क्षेत्र र यहाँको पर्यटन क्षेत्र यहाँको कृषि क्षेत्र र यहाँकोजडिबुटिको क्षेत्रमा एउटा मोडेल तयार गरेर अगाडि बढ्ने र त्यसले अवश्य पनि यो प्रदेशको आर्थिक समृद्धि ल्याउने कुरा सुनिश्चित गर्ने छ । मैले देखेको हामी अहिले प्रदेशको समृद्धिको कुरा गर्दा हामीले ७ नम्बर प्रदेशको नाकाको रुपमा गौरिफन्टा ओझेल अवस्थामा रहेको छ । त्यसको अर्को सम्भावना महाकाली कञ्चनपुर जिल्लाको दोधरा चाँदनी र अहिलेको महाकाली नगरपालिकामा ड्राइपोर्टको कुरा छलफलको विषयमा रहेको छ र महाकाली नदिमा चारलेनको पुलको शिलान्यास भएको छ । यसले त्यो क्षेत्रलाई हामीले प्रमुख नाकाकोरुपमा डेभ्लप गर्न सक्यौ भने अवश्य पनि त्यसले भारतको ड्राइपार्टसँग जोड्ने दुरी ६ सय मिटरको मात्रै रहेको कुरा आएको छ । यसले गर्दा हामीले अहिले यो ७ नम्बर प्रदेशका हामी नागरिकहरुले उपभोग गर्ने विभिन्न बस्तुहरु यहि उत्तराखण्डको किच्चा रुद्रपुरमा अधिकांश उद्योगहरु उत्पादन भएका छन् । ति स्थानमा उत्पादन भएका सामानहरु नेपालको विरगञ्जबाट भित्रियाएर कञ्चनपुरमा उपभोग गर्नु पर्ने अवस्था रहेको छ । हामीले अवश्यक पनि प्रदेशको प्रमुख नाकाको रुपमा महाकाली नगरपालीको ड्राइपोर्टलाई छिटो भन्दा छिटो प्रमुख नाकाकोरुपमा विकास गर्‍यौ भने अवस्य ति वस्तुहरु अझै सुफथ मूल्यमा प्राप्त गर्ने र यसमा सिंगो देशको अर्थतन्त्रलाई प्रभाव पार्ने कुरा सुनिश्चित छ । अस्ति मात्र पनी त्यही ड्राइपोर्टको छलफल गर्ने दौरानमा बाणिज्य मन्त्रालयको टिम र भारतीय बाणिज्य मन्त्रालयको टिम आउदा त्यहाँ केही विवाद भएको थियो । त्यो अलिकती हाम्रो व्यवस्थापन अलि कम्जोर र त्यहाँको नगरपालिकासँग पनि समन्वय नगरेको गञ्जभोज भन्ने ठाउँमा केही ९० विघा जमिनको सीमाङ्कन छलफल गर्ने कुराहरु रहेको थियो । केही सुकुम्बासीहरुले विवाद खडा गरेका छन् । त्यसपछि मैले भारत र नेपाल बाणिज्य कार्यालयका अफिसरहरुका बीचमा त्यसको छलफलमा भएका विवादलाई त्यहाँको स्थानीय सरकारसँग बसेर निमिठ्यान्न पारेको कुरा म यो सद्नमा जानकारी गराउछु । अर्को कुरा हामीसँग रहेको महाकाली नदी जुन महाकाली कोरीडोरको सडक बैतडीमा सञ्चालनमा छ भने दार्चुलामा पनि सञ्चालनमा छ । त्यो निर्माण कार्य कञ्चनपुरको महाकाली नदिको किनारमा टेन्डर हुदाँ हुदै पनि दुई वर्ष देखि अवरुद्ध भएको छ । त्यसलाई पनि सिघ्र सञ्चालनका लागि यो सद्न मार्फत जानकारी गराउन चाहाँन्छु । आदणीय सभामुख महोदय, हामीसँग खुला सीमाका कारणले हामी अहिले यो प्रदेशको कुखुरा र केरा खेतीमा लगभग आत्म निर्भर भइसकेका छौ तथापी त्यो आत्म निर्भर कृषि क्षेत्र अहिले पनि धरासायी हुने अवस्था छ । हामीसँग कुखुराका खोरहरु दर्ता भएका छन्

किसानले दर्ता गरेका छन् । कुखुराका खोरहरुमा कुखुरा भरिएको अवस्था छ । केरा खेती गर्ने किसानले केरा उत्पादन गरिराखेको छ । ट्रकका हिसावले विचौलियाहरुले भित्रीयाएर केरा खेतीमा लागेका किसानहरुलाई निरुत्साहीत हुने अवस्था सृजना भएको छ । यो विचौलियाबाट हुने यस्ता खालका कामलाई हामीले रोकेनौ भने हामीसँग आत्मर्निभर हुन खोजिरहेका व्यवसायीहरु पनि निरुत्साहित हुने अवस्था छ । यसका लागि पनि यहि सदन मार्फत सभामुख महोदय यो सीमामा हुने अवैध तरिकाले हुने. निकासी पैठारीलाई तुरुन्त रोक्नु पर्ने अवस्था छ । मैले यो सदनमार्फत कुरा गर्दा विषय वस्तु फरकमा गएको छु । अहिलेको टड्कारो समस्या भनेको सीमाले गर्ने व्यापारलाई विभिन्न ढङ्गले प्रभाव पारेको छ । यो प्रदेशको औद्योगिक क्षेत्रको कुरा गरिरहदा हामीसँग बेतकोट नगरपालिकाको छेलामा ९० विघा जमिन औद्योगिक क्षेत्र भनेर छुट्याइएको छ । बीसौ वर्ष भइसक्यो अहिले पनि त्यसको सहि ढङ्गले व्यवस्थापन हुन सकेको छैन् । हामीले निर्वाचनका वेला भन्ने गरेका छौ यो प्रदेको समद्धि जडिबुटी प्रशोधन हामीसँग पर्याप्तरुपमा रहेका जडिबुटी रहेका छन् । त्यसको प्रशोधनको व्यवस्थापन नरहेको कारणले ट्रकौका हिसाबले भारतबाट कार्टुनमा ल्याएर त्यसैलाई उपभोग गरिराखेका छौ । त्यसको त्यही छेलामा प्रशोधनका लागि त्यहाँ उद्योग स्थापना गर्ने । हामीसँग अहिले शिक्षा क्षेत्रको कुरा गर्दा हाम्रो ठूलो युवा जनशक्ति शिक्षण पेशाका लागि बंङ्गलादेश जस्तो काउड क्षेत्रमा गएर एमविविएस शिक्षा लिनु पर्ने अवस्था देखिएको छ । हामीसँग यस्तो रमणीय भूगोल हुदाँ हुँदै पनि हामीले यो क्षेत्रमा त्यस्ता खालका शैक्षिक क्षेत्रहरु बनाउन नसकेको अवस्था छ । हामीसँग सु.प. विश्वविद्यालय छ यसलाई शैक्षिक हवको रुपमा यसलाई स्थापित हामीले गर्नु जरुरी छ । सुप विश्वविद्यालय विभिन्न ढङ्गले राजनीतिक थलो रहेको र अब आउने आर्थिक समृद्धिको नेपाल आर्थिक समृद्धिको ७ नम्बर प्रदेश बनाउनदा सुप विश्वविद्यालयलाई हामीले शैक्षिक हवको रुपमा बनाउने कुरामा जानु पर्छ । हुने खानेले भारतको बेङ्गलोरुमा र बंगलादेशको ढाकामा बढ्ने लहर चलिरहेको छ । यो लहरलाई हामीले स्वदेशको यही प्रदेशमा शिक्षा दिन सक्यौ भने यसले पनि हाम्रो समृद्धिमा ठूलो परिवर्तन ल्याउछ । धन्यवाद

**माननीय श्री बल बहादुर सोडारीः-** माननीय सभामुख महोदय, हामी आज यो सद्नमा हिजो मात्र प्रदेश प्रमुखबाट प्रस्तुत गरिएको नीति तथा कार्यक्रमको विषयमा हाम्रा संसदका साथीहरु र मन्त्रीज्यू हामी यहाँ उपस्थित भएका छौं । आफ्नो तर्फबाट हामी यो नीति तथा कार्यक्रम यो तीन महिने कार्यकालका लागि प्रदेशको लागि उपयुक्त छ कि छैन भन्नका लागि सर्वप्रथम यो नीति तथा कार्यक्रमलाई सफलताको शुभकामना दिन चाहाँन्छु । नीति तथा कार्यक्रम ल्याएकोमा धन्यवाद दिन चाहाँन्छु । हामी केही कुरामा अझै थप भएर आएको भए फराकिलो हुन्थ्यो । फराकिलो सोचसँग हाम्रा सांसद्हरु र मन्त्रीहरुले सोचेका कुराहरु यसमा समावेश नभएका हामीले ठानेका छौ । बाँकी कुराहरु अर्को नीति तथा कार्यक्रम आउदा समावेश हुने छन भन्ने विश्वास लिएको छु । जस्तै पर्यटनको सवालमा विद्युतको सवालमा कृषि क्षेत्रका सवालमा निश्चित ठाउनै तोकेर खप्तड क्षेत्र लगायत पञ्चेश्वर पश्चिमसेती परियोजनाका सवाललाई तोकेर यसमा आएको भए राम्रो हुन्थ्यो । छुटेका कुराहरु २०७५।०७६ को कार्यक्रमा समावेश होला भन्ने आशा राखेका छौं । हामीले दिएका सुझाव कार्यान्वयनका लागि हामी नै हुनु पर्छ जस्तो लाग्छ । सभामुख महोदय, छुवाछुतके सवालमा खास गरेर कर्णाली र सेती महाकालीका मान्छेहरु पछाडि नै छौं । हामी वकालत गर्ने साथीहरुले आफूबाट कार्यान्वयन गर्न सकेनौ भने त्यसलाई टिकाउने पक्षमा गएनौ । भाषण मात्र गऱ्यौ भने सफल हुन सक्दैनो त्यसैले अहिले हामी पक्ष प्रतिपक्ष छैनौ यो नीति तथा कार्यक्रम लागू गर्नका लागि हामी लागिरहेको हुनाले सबै एकभएर जानेछौ । पूनः यो नीति तथा कार्यक्रमको सफलताको शुभकामना व्यक्तगर्दै विदाहुन्छु । धन्यवाद

**माननीय श्री भरत बहादुर खड्काः-** सभामुख महोदय, एउटा डोटीको घटनाका वारेमा भन्न चाहाँन्छु । चट्याङ्ग परेर ओम प्रकाश भण्डारी र भुवन प्रकाश भण्डारीको मृत्यु भएको छ । पिडित परिवारलाई राहत दिनेकाम गरोस भनेर म अनुरोध गर्न चाहाँन्छु । दुई दिन अगाडी डोटीकै साइल गाउँपालिका र आदर्श गाउँपालिका मा असिना परेर त्यहाँको नाली बाली नोक्सान गरेको छ । त्यहाँ भोकमरीको समस्या आउने भएकोले पनि तिनीहरुलाई राहात दिन पनि म अनुरोध गर्न चाहाँन्छु । सभामुख महोदय, प्रदेश सभाको नीति तथा कार्यक्रको वारेमा छलफल गरिराखेका छौं मलाई लाग्छ नीति तथा कार्यक्रम एउटा पूरातन र परम्परागत शैलीमा आधारीत भएर आएको छ । र अर्को कुरा संघर प्रदेश बीचमा तालमेल नभएको जस्तो मलाई लाग्छ । केही दिन अगाडी अर्थमन्त्रीज्यूले २०२२ साललाई विकासील राष्ट्र प्राविधिक कारणले बनाउन सकिदैन भन्नु भएको थियो । अव यहाँ सकिने भनेको छ । केपी ओलीको कुरा सुनेको छु । उहाँले २२ मा हामी सक्छौ भनेको छ । समाजबाट उन्मुख कुराहरु यसमा व्यवस्था गरेका छौं । धेरै यसको वारेमा व्याख्या गर्न चाहादैन । हामीले बुझनु समाजबाद उन्मुख र अरुले बुझ्ने

समाजवाद उम्मुखमा हामी व्यापक छलफल गरौला । हामी सेवा माग्न चाहाँन्छौ । सरकारको कर तिर्नेको प्रवृती एउटै एउटै लाग्छ । हामी पनि सरकारमा बसेको छौ । कर नतिर्ने सेवा माग्ने कर लिने सेवा नदिने छ । त्यसैले यो प्रवृति दुइटैकै ठीक छैन । नागरिकले कर तिरेपछि सम्मानजनक ढङ्गले सेवा पाउने अनुभूती दिलाउनु पर्छ र कर तिर्नु मेरो नैशर्गीक अधिकार हो । राज्यको ढुकुटी बलियो भयो भने म सेवा पाउछु शिक्षा, स्वास्थ्य, खानेपानी यो खालको भावनाको विकास गर । नेपाली कांग्रेसले यो बजेटलाई स्वागत गरेको छ । किनभन्दा संघीय सरकारको प्रान्तीय सरकारले छोटै समयकालागि भएपनि जनताका माझमा प्रान्तीय सरकारको कार्यान्वयन पक्ष अगाडि बढ्दा लोकतन्त्रको लागि राष्ट्रियताको लागि समृद्धिको लागि राम्रो मेसेज दिन्छ । सरकार र सरकारको अर्थमन्त्रीले धेरै दुःख गरेको जस्तो लाग्छ । सबैसँग सल्लाह लिएको सबैसँग समन्वयकारी भूमिका गरेकोले हामीले धन्यवाद दिनु पर्छ । तर मलाई चिन्ता छ । म विकासे अड्डामा धेरै बसेको हुनाले म आफू विज्ञ होइन म सिक्दै छु । यसमा भाषा मिलेको छैन । यो ६ नम्बर बुदामा सम्भव भएसम्म भएका विषगत कार्यालयबाट कार्यक्रम सञ्चालन गरिने प्रदेश स्थित विषयगत सरकारी निकाय नगरपालिका गाउपालिका वा स्थानीय तहले छनोट गरेका उपभोक्ता समिति मार्फत सञ्चालन गरिने भन्द खेरी यो तीन महिनामा पहिलो प्रदेश सरकारले ल्याएको बजेटको योजना यो संयन्त्रले यो सम्पन्न हुदैन । बजेट ल्याउनु होस् स्वागत छ यसमा सत्ता पक्ष र प्रतिपक्ष नभनौ यसले राम्रोसँग लैजाउ एउटा तीन महिनाको योजनाको प्रकृति, दोस्रो योजना छनोट गर्ने प्रक्रिया, विधि, तस्रो यसको इम्पीलिमेन्टेसन गर्ने संयन्त्र निकाय, चौथो सम्मानजनक योजनामा सभासदहरुको सहभागिताको भूमिका त्यसैले यि चारवटा कुराहरु धेरै कम्जोर भएको सत्ता पक्षको साथीलाई भन्न गाह्रो होला मैले भनेको । यो कुरा धेरै फितलो छ रिजल्ट आउन गाह्रो छ । व्यक्तिगतरुपमा म अर्थमन्त्रीलाई धेरै धन्यवाद दिन चाहाँन्छु । हामी सबै मिलेर यसलाई कसरी सफल बनाउन सकिन्छ त्यो प्रवन्ध मिलाउ यही सल्लाह छ मेरो । जहाँ सम्म शिक्षा, स्वाथ्य, खानेपानी, सिचाई मैले किन पुरातन भनेको भने हाम्रो सरकार हुदाँ पनि त्यही अब यो समष्टीगतरुपमा कृषिको विकास गर्ने कृषिको आधुनिकरण गर्ने वैज्ञानिकरण गर्ने नेपाल सरकार संघीय सरकारको हैसियत छैन् । रसायन मलको कारखाना खोल्ने त्यसो भन्दा गाह्रो होला मैले यो बुझेरै भनेको हुँ समयमा विऊ दिन नसक्ने समयमा मल दिन नसक्ने अस्तिमात्र डिजेल दिन सकेनौ यहाँ हाँहाँकार भयो किसानलाई अनि के आधुनिकरण हुने के व्यवसाय गर्ने । यि दुई जिल्लाले सुदूरपश्चिमलाई पाल्छ । उर्वर भूमि भएको यहाँ कृषि क्षेत्रको विकास विस्तार र आधुनिकरण गर्ने किन हामी अर्गानिक मल बनाउन सक्दैनौ कम्पोष्ट मल बनाउन सक्दैनौ किन हामी घरमै कम्पोष्ट मल बनाउन सक्दैनौ त्यो यही बनाउन सक्छौ जसले यसलाई अर्गानिक उत्पादन गर्ने ७ नम्बर प्रदेशले अर्गानिक वस्तुको रुपमा हामी किन चिनाउन सक्दैनौ भन्ने मेरो कुरा हो । धनगढी दिपायल र बझाङ्ग जोड्ने सडक जहाँसम्म यो सीमानालाई पनि व्यवस्थापन गर्नु पर्ने जरुरत छ । गौरीफन्टा नाकाको स्तरोन्ती भन्न छोडि दिऊ गौरीफन्टा नाका रोकिन हुदैन भन्नु पर्छ । किन नरोकिने कुराके संका छ । यहाँ मुख्यमन्त्री हुनु हुन्छ मैले मिडियामा सुनेको भारतीय राजदुतसँग कुरा गर्दा यो नाका कतैन कतै बन्द हुने सम्भावनाको कुरा पनि उठेको थियो । पहिला यो नाका कायम रहयो भने मात्र स्तरोन्तीको कुरा हुन्छ । सुदूरपश्चिमका ६०/७० प्रतिशत मानिसको आवत जावत गर्ने ठाउँ र जीविकोपार्जन गर्ने थलो पनि बनेको छ । यसलाई संघयि सरकारको तर्फबाट कुटनीतिक तर्फबाट यसलाई वार्तावाट यो नाकालाई कायम गर्न सफल हुनु पर्छ हाम्रो त्यसमा साथ छ । युवा वर्गमा देखिएको रहेको परम्परागत सोचलाई परिवर्तन गरेर सामाजिक विकास भनेको छ मैले यो बुझ्नै सकेको छैन । यसलाई भन्नु पर्दा युवा लाई कसरी उत्पादकत्वमा लगाउने रोजगारका क्षेत्रमा कसरी आकर्षण गराउने भन्ने वारेमा हामी नीति ल्याउ हामीले केही ठूलो चेन्ज ल्याउनै पर्छ । दूईवटा क्षेत्रमा कृषि नै हो । पहाडी ७ जिल्लामा पनि कोदो धान हटाउनै पर्छ यसले हामीलाई गरिब बनाएको छ । त्यहाँ फलफुल जडिबुटी, ति सातवटा जिल्लामा तरकारी फलफूल दुग्ध व्यवसाय देखि लिएर के हुनसक्छ । त्यसको आइडिन्टीफाइ गरौ त्यही जगमा बसेर हामी काम गरौ त्यसैले पक्ष र प्रतिपक्ष किन हुने पक्ष भएर लाग्ने हो । ७ नम्बर प्रदेशका जनताहरु गरिवीको शोषणबाट बाहिर आउन चाहान्छौ । जसरी मानवलाई निरंकुश र अधिनायक सत्ताबाट मुक्त हुन चाहाँन्छ । हरेक नागरिकको स्वतन्त्रता पहिलो अधिकार हो । यसैले यो गरिवीबाट ७ नम्बर प्रदेशबाट हटाउ दुरदरजामा रहेका मानिसहरु मुक्ति चाहाँन्छन् त्यसकालागि हामी वीलपावरका सार्थ अगाडि बढौ । यहाँको हिजोको पीडा अव आउने पुस्ता नपाओस यसका लागि सबै मिलेर यो ठाउको गरिबी हाम्रो सबैको दुस्मन यो ठाउको गरिवी हो । यो ठाउको कुप्रथा हो यो ठाउको विभेदहो वहिसकरण हो यि सबै कुरितीलाई कसरी हटाउन सकिन्छ । प्रदेश नं. ७ का जनतालाई समृद्धितिर उन्मुख गराएर कसरी तिनको अनुहारमा हासो ल्याउन सकिन्छ त्यसर्फ गम्भीर भएर लागौ नेपाली कांग्रेसको तर्फबाट म अनुरोध गर्न चाहाँन्छु । यो बजेटलाई सहि ढङ्गबाट व्यवस्थापन गर्ने सवालमा

नीति तथा कार्यक्रम आइहाल्यो बजेट पनि आउने हो । यसलाई कसरी सफल गर्न सकिन्छ भनेर बसौ यसको सफलताका लागि एक ठाउमा बसेर लागौ यो कार्यक्रम सफलहोस भनेर म शुभकामना व्यक्त गर्न चाहाँन्छु । धन्यवाद

**माननीय श्री रण बहादुर रावलः-** माननीय सभामुख महोदय, विशेष गरी पूर्ववक्ता माननीयज्यूहरुले यो नीति तथा कार्यक्रममा धेरै कुराहरु समेट्नु भएको छ । पछाडि बोल्नेलाई धेरै सहज पनि हुने छ । सर्वप्रथम प्रदेश प्रमुख माननीय मोहनराज मल्लले जुन २०७४/०७५ को प्रदेश नं. ७ प्रदेश सरकारको नीति तथा कार्यक्रम सदन समक्ष प्रस्तुत गर्नु भएकोमा उहाँलाई विशेष धन्यवाद दिन चाहाँन्छु । साथै सरकारलाई शुभकामना दिन चाहाँन्छु । माननीय सभामुख महोदय प्रदेश सरकारले धेरै कुराहरु सावेश गरेको छ । धेरै पक्षलाई समेट्न खोजिएको छ । परम्परागत हिसावले यो प्रदेशमा मात्र होइन अन्य प्रदेशमा पनि झण्डझण्डै कर्मकाण्डी हिसावले अगाडि बढेको देखिन्छ । त्यसैले हामी ७ नम्बरमा पनि के फरक गर्नु पर्ने । यो नीति तथा कार्यक्रमको दूरगामी प्रभाव पार्ने भन्दा पनि विशेष गरी तीन महिना पनि छैन् । यो छोटो अवधीमा प्रदेशको क्षमता हेरेर हुनसक्ने र गर्न सकिने कार्यक्रमहरु राखिदा राम्रो हुन्छ । यसमा माननीय मन्त्री, मुख्यमन्त्री र मन्त्रिपरिषद्लाई सोचेकै होला । तर अप्रत्येक्षरुपमा फाइदा र रिजलट लिने कुराहरु यसले विशेष गरी अप्रत्यक्षे कुराहरु नहोला तर अप्रत्यक्ष फाइदा पनि होला जनताले वास्तवमा प्रत्यक्ष फाइदा हुने खालका खेजेका हुन्छन् । रिजल्ट ल्याउने खलको कार्यक्रमहरु बनाउनु पर्ने देखिन्छ । बजेट विशेष गरी जनतामुखी हुनु पर्ने हुन्छ । कतिपय ठाउँहरुमा कार्यकर्तामुखी पनि ल्याइएको हुन्छ । अब हर्दै जाऊ पपुलर बन्नकालागि पनि ल्याएको हुन्छ । मलाई लाग्छ ७ नम्बर प्रदेशका जिम्मेवार साथीहरुले यसलाई समृद्ध बनाउने खालले यसलाई त्यही अनुसारको छोटो अवधीका लागि राम्रो ल्याएको छ भन्ने मलाई लाग्छ । यदी यसमा फरक निस्केको खण्डमा मलाई लाग्छ केवल सत्ता पक्ष मात्र नभएर समग्र हामीलाई पनि दोष आउने हुन्छ । त्यसकारण यो समृद्धिलाई साच्चिकै सत्व समृद्धि बनाउनमा यो बजेटले सुरुवात गर्ने छ जग वसान्ले छ । अन्यथा सहि ढङ्गले अगाडि गएनौ फेरी हामी व्यक्तिवादी भयौ बीचारमाथि उन्मुक्त भयौ र कम्सेकम विस्तारै तल झर्न सक्छ । यस नीति तथा कार्यक्रममा कस्ता कुरा समेट्दा राम्रो हुन्छ भन्ने कुरालाई भन्न चाहाँन्छु । जस्तो क्षेत्रिय असन्तुलनका विषयमा सम्बोधन गर्न नसकेको कुरा छ । दोस्रो प्रदेशको आत्मनिर्भरता आवश्यक स्रोत पहिचान गर्ने कुरा अहिलेत संविधानमा उल्लेख भए अनुसार नेपालको संविधानको भाग ५ धारा ६० को उपधारा ४ र ३ मा उल्लेख भए अनुसार नेपाल सरकारले खर्चको आवश्यकता राजस्व क्षमताको आधारमा वित्तिय समानीकरण वितरण गर्ने कुरा छ । त्यसमा विशेष गरी तीन नम्बर धारामा पनि छ । वित्तिय प्राकृतिक स्रोत तथा वित्त आयोग छ । जसले सिफारिस गर्नु पर्ने हुन्छ । अहिले समग्रमा हेर्दाखेरी डेढ प्रतिशत राजस्व मात्र उठ्ने देखिन्छ । त्यो हिसाबले अहिलेकै संविधान अनुसार जानेहो भने हामीले पाउने हामीलाई वित्तिय आयोगले प्राकृतिक स्रोत वित्तले सिफारिस गर्न के देखिन्छ भने डेढ प्रतिशत अझ त माननीय अर्थ मन्त्रीज्यूको स्वेतपत्रमा त झण्ड झण्डै २०१४/१५ मा १.१४ प्रतिशत भन्नु भएको छ । तर अहिले यो दुई तीनवर्षको कुरा हो । अहिले भण्डै ५ प्रतिशतको राजस्व उठ्ने योगदान छ । खर्चको हिसाव ५.७ छ । उहाँको स्वेत पत्रमा ४.५ प्रतिशत छ । यो दुई तीन वर्ष पहिलेको डेटा हो । जे जस्तो भएपनि हाम्रो यो देखिने चिज हो यसको आधारमा प्राकृति स्रोत र वित्त जो छ । त्यो आयोगले नै वास्तवमा हामिलाई सिफारिस गऱ्यो । हाम्रो बजेटको के हुने त कहाँ छ आधार भन्दा त्यहाँ छ । यदि हामीले राजस्व बढाउने र प्रदेशको योगदान बढाउने हो भने । हाम्रो भविष्य त्यती उज्वल छैन । त्यसैले हामीले बारम्बार सुदूरपश्चिम वा अहिलेको प्रदेश नं. ७ कर्णाली प्रदेश जस्तालाई आउदो दश वर्ष सम्मको लागि क्षती पूर्तीको लागि त्यहाँको पूर्वाधारहरु बाटो घाटो देखि लिएर पर्यटकीय पूर्वाधारहरु विशेष गरी स्वास्थ्यका पूर्वाधारहरु शिक्षाका पूर्वाधारहरुमा संघीय बजेटबाट १० वर्ष दिनु पर्छ तव मात्र संघ अगाडि बढ्छ । अनि मात्र प्रदेश सभा अगाडि बढ्न सक्छ । करिव करिव ४८.५ प्रतिशत सबै विरगञ्ज नाकाबाट राजस्व उठ्छ । त्यसपछि भैरवा बाट उठ्छ । हामीलाई चाहिने साधनहरु विरगञ्ज भएर आउछ त्यसको अनुपातमा बजेट पाउने भयो तर हामीले प्रयोग गर्छौ हामीलाई महँगो पनि पाएका छौं । यसबाट माथि निस्कनु जरुरी छ । अहिलेको यो छोटो अवधिमा शिक्षा लिने हो । आउदो २०७५/०७६ को बजेटमा संघसँग विशेष समन्वय गर्नै पर्छ जस्तो लाग्छ मलाई । अर्को महत्वपूर्ण कुरा सरकारको स्रोत रहेको छ । घर जग्गा रजिष्ट्रेसन प्रदेशलाई, मनोरञ्जनकर यातायात र पर्यटन जस्ता स्रोतलाई राखिएका छन् । यस्ता स्रोतबाट कति उठ्छ होला । कैलाली र कञ्चनपुर बाहेक अन्य जिल्लामा जग्गा विक्रि नै हुँदैन । त्यहाँ राजस्व बहुतै न्यून छ । मनोरञ्जन खर्च यो गरिब देशमा के हुन सक्छ ? एउटा सिनेमा हेर्न जानेहो । त्यसकारण यो देखावटी मात्र छ ।

यो प्रदेशका सम्पूर्ण माननीयज्यूहरु नेपाली कांग्रेस मात्र नभएर सबै एकजुट भएर लड्नु पर्ने स्थिति छ । हाम्रो आर्थिक स्थिति उन्नत गर्नको लागि हामीले बाटा खोल्नै पर्छ । केन्द्रसँग लड्ने प्रकृति हामीले गर्नु पर्छ । अर्को पूर्वाधार विकासका सन्दर्भमा जे छ त्यसलाई कसरी जस्तै पर्यटनका पूर्वाधारहरु भारतका ठूला ठूला सहर छन् कैलाश पर्वत यिनीहरुबाट यो प्रदेश सरकारले लिन सक्ने एडभाण्टेज के के छन् । फोकस गर्ने कि हरेक ठाउँमा छर्ने । एउटा कार्यक्रम गर्‍यो हजारलाई खुसी पार्ने तर हजारलाई खुसी पार्दा आफू पनि दुःखी होइन्छ । बरु अहिलेको अवस्थामा कम्तीमा कनिका छड्नु भन्दा पनि कहाँ कहाँ के गर्दा खेरी कम्सेकम तीन महिनामा हुने फिजीकल स्टर्डी मात्र किन नहोस् । पबुलिस्ट बजेट भन्दा पनि बरु गालि खाने बजेट ल्याउने पर्ने हुन्छ । आदरणीय सभामुख महोदय, सीमानाको हकमा हामीले विभिन्न कुराहरु गर्‍यौं । अस्ती खक्रौलाको वारेमा कुरा गर्‍यौ यहाँ राखेकै छैन । धनगढीको नाकाको वारेमा त्यती राम्रोसँग बोलेकै छैन । हामीले धेरै सेन्सेटिभ हुनै पर्छ । जोगबुढा देखि लिएर बैतडी सम्मका विभिन्न नाका खेल्यो भने एक एक थोपा गरेमा हाम्रो राजस्व ४ देखि ५ प्रतिशत राजश्व उठ्छ । प्रदेशको योजना सन्दर्भमा अहिले सम्म धेरै कामहरु छिटो छरितो भएकै छ । तत्पश्चात पनि प्रदेशको योजना तर्जुमा कसरी हुने भन्ने खाका सम्बन्धी विशेषज्ञ राख्ने कि नराख्ने त्यो चाहिँ तुरुन्त गर्नु पर्छ । कम्सेकम त्यसले योजना बनाउथ्यो । हामीलाई काम गर्न सजिलो हुन्थ्यो । सभासद्को हैसियतले मैले पनि विभिन्न मन्त्रालय जानु परिराखेको छ । यदि विशेषज्ञ ल्याइदिएको भए त्यो फर्मेट भर्थ्यौं उपयुक्त दूइ महिनामा हुने कार्यक्रम लिएर जान्थ्यौं । यसमा छुटेजस्तो लाग्छ आउदो दिनमा कृपया योजना तर्जुमा गर्दाखेरी प्रदेश स्तरको तथ्याङ्क संकलन गर्नु होस् । अर्को उद्योग व्यापार पवर्दन इकाइ कुनै पनि उद्योग व्यवसाय बढाउन सकिएन भने देश प्रगतिमा जानेवाला छैन । युवाहरले रोजगारी पाउने वाला छैनन् । यदि गरिवी न्यूनीकरण गर्ने हो भने यसरी जग्गा जमिन एक एक कट्टा दियौ भने गरिबीको संख्या बढाउन सकिन्छ तर गरिबी घटाउन सकिदैन । हामी भन्छौ सस्टेनेबल डेभ्लप्मेन्ट गोलमा १७ ओटा लक्ष्य लिएर अगाडि बढेको छ । १६९ वटा टार्गेटहरु राखेका छौ । त्यसलाई राज्यले के संघले पनि एडप्ट गरेको छ । त्यसलाई हामीले पनि एडप्ट गरेका छौं । अबको १२ वर्ष पछि यहाँको गरिबी जिरोमा ढल्नु पर्छ । त्यसमा हामीले सहमती गरेका छौं । यूएनको मात्र दस्तावेज होइन नेपाल सरकारले सिग्नेचर गरिसकेको छ । हङ्गर कसैलाई हुदैन भनेका छौं । ७ वटा जिल्लामा हंगर छ यहाँ त्यसको लागि त्यही अनुसारको नीति नियम ल्याउनु पर्छ सानो समय होस् या लामो समय अहिले नै स्टार्ट गर्नु होस् । कृषि तथा वन अनुसन्धान केन्द्रको स्थापना गर्नु पर्छ । अहिले ८५ प्रतिशत किसान देखेर गौरव गर्ने समय होइन यदि साच्चिकै उनिहरको पर्सनल अडिट गर्‍यौ भने उ घाटामा छ । घाटामा वर्षै वर्ष पिल्सीरहनु परेको छ । एउटा मध्यम वर्गीय किसानले आफ्नो पेशाबाट राम्रो लुगा लगाउन पाउदैन । बालबालिका पढाउन सक्दैन । अनि हामी तत्पर भएका छौं हरेक किसानले जग्गा पाउनु पर्छ भनेर जग्गा हैन रोजगारी पाउनु पर्छ । बैकल्पीक रोजगारी पाउनु पर्छ । तब मात्र प्रदेश र देशको उन्नती हुन्छ । अन्यथा २०१३ साल देखि अहिलेसम्म निरन्तर रुपमा नेपाललाई कृषि प्रधान देश भनेर हरेक पञ्चवर्षीय योजनाहरुमा हरेक तीन वर्षीय योजनामा हामी पनि इन्भोल्भ छौं । अन्य देशका कम जनसंख्याले खेती गर्छ धेरैलाई धान्छ । त्यती नगरे पनि केही गर्नु पर्छ । अर्को भ्रष्टाचार नियन्त्रणको कुराहरु सन्दर्भमा यदि साच्चीकै शुसासन गर्ने हो भने छातिमा हात राखेर भन्नु पर्छ जब सम्म भ्रष्टाचार हुन्छ । जनताले हामीलाई विश्वास गर्नेवाला छैन । त्यसैले नियमन निकाय स्वतन्त्र निकाय प्रदेश सम्बन्धी हुनै पर्छ । अन्तमा एउटा वन सम्बन्धी करा भन्न चाहाँन्छु । वन सम्बन्धी के छ भने अहिले कार्वन क्रेडिट तपाई पैसा खोज्दै हुनु हुन्छ नी पैसाको गाह्रो छैन विश्वमा काम गर्ने क्षमता पावर वनाउ एकताका साथ अगाडि बढौ पैसाको समस्या होइन । नेपालको प्रदेश नं. ७ को भूभाग झण्डै ५८ प्रतिशत भूभाग हरियालीले ढाकेको छ । त्यसबाट उत्पादन हुने अक्सीजन त्यसले जुन कार्वनलाई खान्छ । त्यसबाट हामी अर्व हैन खर्व रुपैया लिन सक्छौ । त्यसको प्रक्रिया छ नेपाल ७ वटा एसियाका मूलुकहरुलाई राखेको छ । यदि हामीले सोच्यो भने त्यो कार्वन क्रेडिट मै यदि राम्रोसँग सोच्यौ भने खर्बौ रुपैया प्राप्त हुन सक्छ । त्यसमा हामीले होमवर्क गर्नु पर्छ । प्रक्रिया छ । विश्वमा जतिपनि उद्योग खोल्छ एक घनमिटर कार्वनडाइअक्साइड उत्पादन गरेवापत यती पैसा तिर्नै पर्छ यहाँ जस्तो ठग्न पाइदैन घुस दिन  पाइदैन । हरेक उद्योगले जति कार्वनहरु उत्सर्जन गर्छ प्रति घनमिटर उस्ले डलरको हिसाले तिर्नु पर्छ आज विलियन होइन ट्रिलीयन डलरको रुपमा त्यो कार्वन फण्ड जम्मा भएको छ । त्यहाँबाट तान्ने प्रक्रियाको लागि हामीले गरेको कार्वन उत्सर्जनलाई लिने र अक्सिजनलाई दिने काम गरेको छौं । त्यसमा पनि ठूलो पैसा छ । ६१ प्रतिशत युवाहरु यो प्रदेशमा छ । नेपालकै हिसावले पनि छन् । त्यसमा पनि ८५ घरधुरीका मानिसहरु बिदेश गएर सानो दरवानको काम देखि लिएर साना साना काम गरेका छन् । यदि त्यो नगरे घर चल्दैन । समग्र देश हेर्‍यौ भने ५५ प्रतिशतमा १ जना छ । तर हाम्रो प्रदेश नं. ७ मा ८५ प्रतिशत घरधुरीबाट

एकजना बिदेश गएका छन् । कोही गल्फ कोही इन्डीयामा छन् । उनिहरुले ल्याएको रेमिटले केही राम्रो त भएको छ । तर समग्रहमा हेर्नु हुन्छ भने २५ प्रतिशत मात्र केही ७० प्रतिशत स्कील भएका मानिसहरु गएका छन् । ७५ प्रतिशत युवाको हालत  के छ भने अनस्कील अर्थात नक्कली सर्टीफिकेट बनाएर गएका छन् । हरेक दिन लास आएको छ । हरेक दिन लास आएको छ । यो प्रदेश सरकारले कम्तीमा तीन महिना भित्र युवाहरुलाई बढी भन्दा बढी चार्ज गरेर सानासाना कुरामा हामीले ३ वर्षमा के गर्ने ५ वर्षमा के गर्ने भन्ने योजना बनायौं भने ठूलो टेवा पुग्छ । स्कील भएर गयो भने अहिले भन्दा डबल त्रिपल रेमिट हुनसक्छ । यो नीति तथा कार्यक्रम ल्याएर यो सरकारले साच्चीकै यो छोटो अवधीमा मुख्यमन्त्री जी लगायत अर्थमन्त्रीज्यू लगायत सबैलाई म धन्यावाद दिन चाहाँन्छु । यो ऐतिहासीक क्षणमा हामीले एकजुट भएर अन्य प्रदेश र केन्द्रलाई पनि देखाउनु छ । धन्यवाद

भोलि मिति २०७४ साल चैत्र ३० गते शुक्रवारको दिन समेत छलफलको समय निर्धारण भएकोले मिति २०७४ साल चैत्र ३० गते शुक्रवार दिनको ११:०० बजे सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न ४:३५ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७४/ १२ /३०**
**पहिलो अधिवेसन**
**(चौधौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको ११:०३ बजे**

मा० सदस्यहरु,

यस सभाको चौधौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

मिती २०७४ चैत्र २९ गते बाट शुरु भएको प्रदेश नं. ७ प्रदेश सरकारको नीति तथा कार्यक्रम माथीको बाँकी छलफलको समय शुरु हुन्छ ।

(जानकारी भएपछि)

मा० सदस्यहरू,

सर्वप्रथम छलफलमा भाग लिन मा० मना कुमारी साउँद लाई समय दिन्छु समय ८ मिनेट ।

**माननीय श्री मना कुमारी साउँदः-** माननीय सभामुखज्यू संघीय लोकतान्त्रीक गणतन्त्रको स्थापनासँगै प्रदेश नं. ७ मा प्रदेश सरकारले नीति तथा कार्यक्रम तथा स्वेतपत्र प्रस्तुत गरिसकेको छ । यहाँ केही छुटेका विषय वस्तु आइसकेका छन् । यो नीति तथा कार्यक्रम आफैमा पूर्ण छ र यहाँ भित्रको यो सभाले अझ थप गरेर यस्ले पूर्णता पाउने छ भन्ने मलाई लाग्छ । यसै सन्दर्भमा केही छुटेका विषयवस्तु सुझावको रुपमा राख्न गइरहेको छु । नेपालको एउटा शिक्षाको दृष्टिकोणले गर्दा आज नेपालमा दोहोरो प्रणाली शिक्षा भइरहेको छ । गरिवका छोरा छोरी पढ्ने स्कुल र धनीका छोराछोरी पढ्ने स्कुल यो कार्यपत्रमा उल्लेखित हुनु पर्छ । किनकी एउटा प्राइवेट स्कुल र सरकारी स्कुलमा गुणस्तरीय शिक्षा हामी किन दिलाउन सक्दैनौ आज सबैका ध्यान किन प्राइवेट स्कुलमा गइरहेका छन् । त्यसैले सरकारी स्कुलमा गुणस्तरीय शिक्षा लागू गरिनु पर्छ यो ७ नम्बर प्रदेशको हकमामात्र होइन सिंगो नेपालको हकमा भइरहेको छ । समान शिक्षा पाउनु पर्छ गरिव वा धनिका छोराछोरीले भन्ने यो प्रदेश नं ७ मा भएतापनि शिक्षाको दृष्टिकोणले यो प्रदेश नं. ७ कामको सिलसिलामा र काम गर्ने प्रकृयामा प्रदेश नं. ७ एक नम्बर हुनु पर्न भन्ने मलाई लाग्छ । अर्को कुरा स्वास्थ्यको दृष्टिकोणले गर्दा प्रदेश नं. ७ मा सबै भन्दा बढी एचआइभी संक्रमित ठाउँ हो । विशेष गरी यसमा अछाम डडेल्धुरा लगायतका ठाउहरु बढि प्रभावीत छन् । हाम्रा दाजुभाईहरु छिमेकी मुलुक भारतमा जान्छन त्यहाँ पैसा नल्याएर एचआइभी लिएर आउछन् । त्यसबाट प्रभावित महिला र प्रत्यक्ष बालबालीकाहरु परेका छन् । तिनीहरुलाई व्यापकरुपमा एचआईभी रोकथामको लागि जनचेतनामूलक कार्यक्रम ल्याउनु पर्छ भन्ने मलाई लागेको छ । हामी भन्ने गरेका छौं छाउपडी छउपडी यो छाउपडी कुप्रथा सर्वप्रथम त यो एउटा सुझावको रुपमा हो यसलाई परिमार्जित गरेर एउटा सम्मानजनक शब्द राख्नु पर्छ भन्ने मलाई लाग्छ । आज धर्मको नाममा महिला माथि अत्याचार भएको छ । यो अत्याचारलाई रोकथाम गर्नको लागि सामन्ती संकिर्ण बादी सोचर चिन्तन भएका छाउपडी गोठलाई हामीले भत्काउन आवश्यक छ । सामाजिक रुपले हुने महिलामाथिका हिंसा अन्याय अत्याचारका विरुद्धमा एउटा ठोस कार्यक्रम ल्याइनु पर्छ भन्ने मलाई लाग्छ । नेपालको संविधानमा शारीरिकरुपमा महिलामाथि अन्याय र अत्याचार यातना दिने व्यक्ति र त्यस्ता मान्छेलाई कानुनी सजाय दिने कामलाई कार्यान्वयन गर्नको लागि यो ७ नम्बर प्रदेशबाट सुरुहोस भन्ने मलाई लाग्छ । युवा उद्यमशिलतालाई त्यसमा थप्नु पर्छ सोरोजगार सीपमूलक कार्यक्रम यो कार्यपत्रमा समावेश गरिनु पर्छ युवाहरु विदेशमा दुःख पाइरहेका छन् । माननसीकरुपमा विचलित भएका छन् युवाहरु आज वेरोजगारीले गर्दा आत्महत्या गर्न पुगेका छन् यसलाई रोकथाम गर्नको लागि स्वदेशमै ठोस कार्यक्रम गर्नु पर्छ उद्योगहरु निर्माण गर्नु पर्छ सीपमूलक आयआर्जन मूलक क्रियाकलाप गर्नु पर्छ भन्ने मलाई लाग्छ । यो दैवि प्रकोपमा तत्काल समस्यामा परेका जुन हाम्रो समुदाय छन् । यसका लागि गाउँपालिका नगरपालिका मा दैवि

प्रकोप उद्दारका लागि स्थापना गर्नु पर्छ । यो प्रदेशको राजधानी र नामाकरण छिटो गरियोस भन्ने म सुझाव राख्न चाहाँन्छु । नेपालमा बलात्कारका घटना परिघटनाहरु घटीरहेका छन् । महिलामाथि हिंसा भएको छ । किसोरीमाथि हिंसा भएको छ । सुत्केरी महिला पनि छाउगोठमा वस्ने गरिरहेका छन् । यसरी ठाउँ हेरेर नीति तथा कार्यक्रम ल्याउनु पर्छ । किशोरीहरुलाई बलात्कार गर्ने अपराधीलाई सजाय दिने जेलमा राख्ने मिलेमतो गर्ने यस्तो भइराखेको छ । यसका लागि यो ७ नम्बर प्रदेशबाट हामीले आवाज उठाउनै पर्छ कडा भन्दा कडा सजाय सकिन्छ भने वहसको विषय ल्याउ, छलफल बहस गर्नु पर्छ भन्ने मलाई लाग्छ । यहाँको विकास र प्रगतिको लागि सुन्दर ७ नम्बर प्रदेश निर्माणको लागि नीति तथा कार्यक्रम ल्याएको छ । धन्यवाद स्वागत गर्न चाहाँन्छु । धन्यवाद

**माननीय श्री महेशदत्त जोशीः-** मानीय सभामुख महोदय, प्रदेश प्रमुख माननीय मोहनराज मल्लज्यूले ७ नम्बर प्रदेशको नीति तथा कार्यक्रम प्रस्तुत गनु भयो यो गरिमामय समयमा माननीय तारालामा तामाङ्गले सो प्रस्तावको प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रमको सम्बन्धमा माननीय प्रदेश प्रमुखलाई हार्दिक धन्यवाद दिने प्रस्ताव माननीय तारालामा तामाङ्गज्यूले प्रस्तुत गर्नु भयो । माननीय अक्कल रावलजीले समर्थन गर्नु भयो । सो प्रस्तावको समर्थन गर्दछु । प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम समय सान्दर्भिक छ । यो संघीय प्रणालीमा गइसकेपछि हामीले प्राप्त गरेको संविधानअनुसार ७ नम्बर प्रदेशले संविधानसित नबाझ्ने गरी बनाउने ऐन कानूनलाई सम्बोधन हुने गरी यो नीति तथा कार्यक्रम यहाँ आएको छ । यो नीति तथा कार्यक्रम ७ नम्बर प्रदेशका जनताको पक्षमा जनताको हितमा र ७ नम्बर प्रदेशको निर्माणको पक्षमा छ भन्ने यो सदनलाई लागि रहेको छ । हामीले सुन्यौ आज यो दोस्रो दिन बहस हुदैछ । यहाँ पक्ष विपक्ष होइन विकास र समृद्धिका लागि पक्ष र विपक्ष होइन भन्ने माननीय सदस्यहरुका गरिमामय उद्घोष सुन्यौ यो एउटा खुसीको कुरा हो । हाम्रो मूलुकमा कांग्रेस कम्युनिष्टलाई लडाएर जहिले पनि राष्ट्र र जनताको हित भएको छैन । जहिले जहिले कांग्रेस र कम्युनिष्ट त्यतीबेला प्रतिगमन हाबी भएको छ । मूलुकले क्षती व्यहोरेको छ । २०४६ सालको आन्दोलनमा कांग्रेस कम्युनिष्ट मिले कांग्रेसका नेता गणेशमानज्यूले नेतृत्व गर्नु भएको कांग्रेस र बामपन्थीको नेतृत्व साहाना प्रधानले गर्दै २०४६ सालमा आंशिक प्रजातन्त्र हामीले प्राप्त गऱ्यौ यसको एउटा बोल्ने लेख्ने संगठन गर्ने अधिकार त्यतीबेला हामीले प्राप्त गऱ्यौ तर त्यसको एउटा पाटो जुन आर्थिक विकासको पाटो हो त्यो पाटो छुट्यो । मूलुकले ठूलो क्षती व्यहोऱ्यो । पञ्चायतमा केही राजनीतिक कुरा ठीक थिए । तर राजनीतिक व्यवस्था ठीक थिएन् । पञ्चायतकालमा निर्माण गरिएका सरकारी संस्थाहरु धोस्त गऱ्यौ । हाम्रो कागज कारखाना, कपडा कारखाना, इँटा कारखाना, जुटमिल, चुरोट कारखाना वियर कारखाना ७ नम्बर प्रदेशको रोजिम एण्ड टर्पिनटाइन कारखाना सरकारले चलाउछ । ति सबै सरकार कम्जोर भयो शिक्षा नीति हामीले राम्रोसँग सञ्चालन गर्न सकेनौ । शिक्षा नीति अब समालिसक्नु छैन । माफियाकरण भयो भनेर तमाम प्रवुद्ध व्यक्तिले भनिरहेका छन् । अहिले स्वास्थ्यमा पनि निजिकरणको नाममा ठूलै क्षती व्यहोरेका छौ अब, यसलाई जनताको पक्षमा यो नीतिले सुरुवात नर्गु पर्छ । हामीले संविधानमा भनेका छौ समाजवादी राज्यव्यवस्था समाजवादी राज्यव्यवस्थाको लागि कांग्रेस कम्युनिष्ट एउटै हौ । किन भने कांग्रेसको पनि प्रजातन्त्र समाजबाट र राष्ट्रियताको नारा हामीले सुनिराखेका छौं । कम्युनिष्टले पनि २००६ सालमा पुष्पलालले तयार पारेको घोषणा पत्रमा समाजवादको कुरा गर्नु भएको थियो । बामप्रजातान्त्रीक एकताको कुरा गर्नु भएको थियो आज बाम प्रजातान्त्रीक एकता भएको छ । त्यो एकताको कारणले नै हामीले संविधान प्राप्त गरेका छौं । यसमा धेरै विदेशीले आशिर्वाद दिएर हाम्रो संविधान प्राप्त गरेका होइनौ सभामुख महोदय नेपालको एकताको कारणले हामीले यो संविधान प्राप्त गऱ्यौ । २०७४ साल निर्वाचन वर्षकोरुपमा ७/८ वटा निर्वाचनहरु प्रदेश सरकार संघीय सरकार प्रदेश संसद राष्ट्रपति उपराष्ट्रपति सभामुख उपसभामुख लगायतका निर्वाचन सम्पन्न गऱ्यौ । बामपन्थीहरुको एकता कांग्रेस सितको सहकार्य यो एउटा हाम्रो सफलता हो । अब हामी समृद्धिका लागि अब हामी गरिबीका विरुद्ध लड्नका लागि अब हामी बेरोजगारी समाप्त गर्नको लागि एकताबद्ध छौ भन्नेकुरा यो सदनले दिएको छ । यो कार्यपत्र सर्बसम्मत आएको कुरालाई म स्वागत गर्न चाहाँन्छु । सभामुख महोलय, हाम्रो १८ बुदे कार्यनीति छ समग्रमा यसले सबैलाई समेटेको छ । सबै क्षेत्रलाई यसले ओगटेको छ । विहानको सूर्योदयले दिनको संकेत दिन्छ भने जस्तै यो कार्यपत्रले एउटा शुभसंकेत दिएको छ । यसमा शिक्षा स्वास्थ्यका कुरा मैले उपयुक्त देखेर मैले यो ८ नम्बर बुदामा खुटेका कुरा हाम्रो यस राजमार्गमा ट्रमा सेन्टर दिनानुदिन दुर्घटनाहरु भइरहेका छन् । जनताको ज्यूज्यान गइरहेको छ । राजमार्गको क्षेत्रमा ट्रमा सेन्टर तत्काल रेस्क्यु गर्नको लागि ट्रमा सेन्टरको अवधारणा ल्याउनु उपयुक्त छ । त्यो खुलस्त रुपमा आएको छ । कहाँनीर भौतिक निर्माण गर्ने र कति बजेटीङ्ग गर्ने आगामी आउदै गरेको तीन महिनाको बजेटमा यो आउने छ

भन्ने मैले आशा लिएको छु । यो बुदा नम्बर ९ मा भूमिव्यवस्था भन्ने कुरा आएको छ यसमा यसमा आधुनिक कृषि प्रणालीको करा छ । खासगरी कैलाली कञ्चनपुरका जनताहरु जग्गा पुस्तौ देखि कमाउदै आएका छन् । यिनीहरुले त्यो जग्गाको स्वामित्व प्राप्त गर्न सकेका छैनन् सभामुख महोदय । यो पीडा जनताहरुले हामी जनप्रतिनिधिहरुले सुनाउछन् र हामीले भन्ने यही सदनमा हो र सरको त्यता पट्टी सरकारको ध्यान जावस यसबाट राजस्वको कुरा पनि छ । हामी देखिराखेका छौ यो ७ नम्बर प्रदेशमा चिसापानी देखि गड्डाचौकी सम्मको अमूल्य जमिनमा एउटा पनि पैसा सरकारले अहिले लिइरहेको छैन । तर जनताले व्यारीले त्यो उपभोग गरिराखेका छन् । घडेरीको रुपमा लाखौ रुपैयाको विक्रि भएको छ । मालपोतमा होइन सरकारी अड्डामा विक्रिहुदैन घरायसी लेखदेनमा विक्रि भएको छ । यसरी राजस्व पनि मरिरहेको छ । चिसापानी देखि गड्डा चौकी सम्मको दायाँ बायाँ अत्तरिया देखि दार्चुला सम्मको रोड भिमदत्त राजमार्गमा तमाम यो राजमार्गको छेउमा रहेको जमिन जुन सरकारले हटाउन पनि सक्दैन त्यो जमिनलाई सरकारले अधिग्रहण पनि गर्न सक्दैन त्यो जनाताको भइसकेको छ । त्यसैले त्यो जमिनलाई भोगचलनको आधारमा राजस्व उठाउन तिर जानु पर्छ भनी यो कार्यक्रममा आवस् । ९ नम्बर बुदामा भन्न चाहाँन्छु । मुक्त कमैयाको विषयमा नीति तथा कार्यक्रमले ल्याएको छ । मुक्त कमैया समाजले हामीलाई भनेको छ पाचँ कट्टा जग्गा दियो सरकारले तर हामीलाई पाँच कट्टा जग्गा भित्र बधुवा बनाइदियो । त्यो जग्गा छोडेर कही जान पनि नमिल्ने बेच्न पनि पाउदैन, बैकमा राख्न पनि पाउदैन अनि भोगचल गर्न पनि पाउदैन भने त्यो सम्पत्ति हाम्रो हो कि होइन भन्ने प्रश्न छ । मानिसको सम्पत्तिको हकको करा गर्ने हो भने भोगचलन गर्ने बेचविखन गर्ने आफू खुसी गर्न पाउने चिज हो । यसलाई प्रयोग गरेर हामीले शिक्षादिक्षाका लागि काम नलाग्ने भएको छ भन्ने मुक्त कमैया समाजको माग छ । म सरकारलाई माग गर्छु यो तत्काल फुकुवा गरियोस् । नराम्रा काम नगरुन तर भोचलन गर्न रामो काम गर्न पाउनका लागि सरकारले यो व्यवस्था गर्नु पर्छ । बुदा नं. ७ मा युवाहरुको वारेमा छ । युवाहरुलाई स्वयम सेवककोरुपमा प्रयोग गरियोस उनिहरुलाई प्रयोग गरियोस विभिन्न शिक्षा दिक्षा लिएका युवा छन उनिहरुलाई यो प्रदेशले सरकारले अवसर देओस् । हाम्रो बजारमा विसादियुक्त तरकारी प्रयोग गरिरहेका छौ । बजारमा रहेका तेलजन्य तथा अन्य आयात भएका अखाद्यवस्तु लाई सरकारले नियन्त्रण गरोस् म अनुरोध गर्न चाहाँन्छु । यसको सम्बन्धीत निकायले परिक्षण गरोस् । हलो मुख्यमन्त्री कार्यक्रम राम्रो छ । मुख्यमन्त्री राहातकोष पनि होस् । मुख्यमन्त्री परियोजना कार्यक्रम ल्याइयोस् । मानसरोवर जाने पर्यटकका लागि व्यवस्थापन गर्ने बझाङ्ग र दार्चुलामा हेलिप्याडको व्यवस्था होस् । लखनौबाट गेटा सम्म आउने अन्तर्राष्ट्रिय उडानको व्यवस्था होस् । धार्मीक पर्यटकीय क्षेत्रकोरुपमा हाम्रो कैलाश मानसरोवर जानको लागि यो रुट खोल्ने व्यवस्था सरकारले गरोस भनेर सभामुख महोदय मार्फत अनुरोध गर्न चाहाँन्छु । धार्मिक पर्यटन प्रगती र उन्नतीको क्षेत्र हुन सक्छ । त्यसैले पर्यावणको दृष्टिले जंगल रहेको छ । वस्तुस्थितिको विवरण भएको र अहिले हामी कुनस्थीतिमा छौ भन्ने वारेमा आएको स्वेत पत्रको पनि म स्वागत गर्न चाहाँन्छु । धन्यवाद ।

**माननीय श्री मानबहादुर धामीः-** माननीय सभामुख महोदय इतिहासको एउटा कालखण्डमा हामीले यो देशमा संघीय एकात्मक केन्द्रीकृत राज्य व्यवस्थाबाट संघीय विकेन्द्रीकृत राज्य व्यवस्थाको थालनी गर्नु पर्छ । काठमाण्डौमा केन्द्रीकृत रहेको राज्यव्यवस्थको अधिकारलाई गाउँमा पुऱ्याउनु पर्छ र प्रदेशमा पुऱ्याउनु पर्छ । भन्ने एउटा तत्कालिन आन्दोलनरत दलहरुको मुख्य लक्ष्य थियो । आज हामी त्यो लक्ष्यलाई पुरा गरेर यो गरिमामय हलमा उपस्थित भएका छौ । यो सभाको बाह्रो बैठकमा माननीय प्रदेश प्रमुखले नीति तथा कार्यक्रम पेश गर्नु भएको छ । उहाँलाई धन्यवाद दिन चाहाँन्छु र मुख्यमन्त्री तथा प्रदेश सरकारको मन्त्रीमण्डललाई धन्यवाद तथा हार्दिक आभार व्यक्त गर्न चाहाँन्छु । सभामुख महोदय यो देशको यो राज्य प्रणाली हामीले ठूलो संघर्सबाट प्राप्त गरेको पूँजी हिजोको दिनमा हामीले केन्द्र सरकारबाट उपेक्षित भयो हामीले हाम्रा अधिकारहरु केन्द्र सरकारको पहुचबाट हामी टाढाँ रहयौं त्यसैले हामीले प्रदेशको अवधारणा बनाउनु पर्छ भनेर जोडदार माग राख्यौ त्यो महान जनयुद्ध गऱ्यौ विभिन्न चरणका संघर्ष तथा आन्दोलन गऱ्यौ । त्यो पक्रियामा ज्यान गुमाउने महान सहिदहरुप्रति म श्रद्धाअर्पण गर्न चाहाँन्छु । महान व्यक्तिहरु जसले किसान आन्दोलन गरे उहाँहरुलाई म सम्मान व्यक्त गर्न चाहाँन्छु । प्रदेशको नीति तथा कार्यक्रम आएको छ । हामीले भन्दाखेरी अझै थप्नु पर्छ भने पनि यो आफैमा धेरै छ । आ.ब. २०७५।०७६ को लागि थप फराकिलो बनाएको छ । धेरै समभावना बोकेको र एउटा चुनौति पनि सँगसँगै बोकेर ल्याएको यो ७ नम्ब प्रदेश हामी सबैलाई अबगत छ । खासगरेर हाम्रा राजमार्गहरु दिनानु दिन साघुरा बन्दै छन् । गड्डाचौकी देखि लिएर चिसापानी सम्मको राजमार्गलाई कसरी सिक्स लेनमा अगाडि बढाउन सकिन्छ । स्थानीय सरकारसँग साझेदारी गरेर नीतिगत रोडम्याप बनाएर अगाडि बढ्नु पर्छ । जडिबुटीको ठूलो सम्भावना भएको

भनेर हामीले चर्चा गरेका छौं यसलाई नीतिगत रुपमा एउटा परियोजनाको रुपमा दार्चुला र बझाङ्गलाई समेटेर एउटा छुट्टै परियोजना उत्पादन र प्रशोधनको उच्च हिमाली भागमा पाइने जडिबुटीलाई प्रशोधनको परियोजनाकोरुपमा बन मन्त्रालयमार्फत बनोस भनेर आफ्नो सुझाव राख्न चाहाँन्छु । साथसाथै युवाहरु विदेशिनेक्रम जारी छ यो प्रदेशमा अदक्ष कामदारहरु खाडिमा गएर दिन बिताइरहेका छन् । यो प्रदेश सरकारले नीति तथा कार्यक्रम बनाएर कुनै न कुनै नीति ल्याएर विदेशिने युवाहरुलाई आफ्नो सीप अभिवृद्धिको लागि दक्षकामदारको बन्नको लागि युवालाई सीपमूलक तालिमको व्यवस्था गर्न नीति अगाडि बढाउन म अनुरोध गर्न चाहाँन्छु । कृषिमा ठूलठूला भाषण गरेको छौ । कृषिसँगसँगै ग्रामिण सडकलाई विस्तार गर्ने सन्दर्भमा सहिद स्मृति ग्रामिण सडक परियोजना सरकारले यसलाई समेट्ने छ भन्ने मैले पूर्ण आशा र विश्वास गरेको छु । बाढि वर्षातले गर्दा विभिन्न रोगव्याधी हुने हुनाले मुख्यमन्त्री राहात कोषको स्थापना गर्न पनि हाम्रो सरकारको ध्यानाकर्षण हुने । जसरी यो नीति तथा कार्यक्रम प्रदेश सरकारले पूर्ण मेहनतका साथ यहाँ प्रस्तुत गरेको छ । त्यसका लागि धन्यवाद दिन चाहान्छु । धन्यवाद

**माननीय श्री मानबहादुर सुनारः-** माननीय सभामुख महोदय नेपालमा २०७२ साल असोज ३ गते नयाँ संविधानकोरुपमा जारी भई स्थानीय तह प्रदेश सभा प्रतिनिधी सभाको निर्वाचन सम्पन्न भई प्रदेश र संघीय सरकार गठन भई देश एउटा नयाँ युगमा प्रवेश गरेको छ । चालु आर्थिक वर्ष २०७४।०७५ को बाँकी अवधिको लागि माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश नं. ७ को प्रदेश सरकारको नीति तथा कार्यक्रमको यस सभामा प्रस्त भएको छ । उक्त प्रस्तुत प्रदेश सरकारको नीति तथा कार्यक्रमको सन्दर्भमा आफ्ना बीचार राख्न समय दिनु भएकोमा कृतज्ञता व्यक्त गर्न चाहाँन्छु । यस गरिमामय सभामा माननीय प्रदेश प्रमुखज्यूद्वारा प्रस्तुत प्रदेश नं. ७ को नीति तथा कर्यक्रमको म स्वागत गर्न चाहाँन्छु । माननीय सभामुख महोदय, हामी प्रदेश नं. ७ को नौ वटै जिल्लाबाट ८८ वटै स्थानीय तह र नेपाल सरकार तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समेत समन्वय गरी सहकार्य गरी नेपालले प्रतिवद्धता गरेको सन् २०३० सम्म गर्नु पर्ने दिगो विकास लक्ष्य एसडीजी सन् २०२२ सम्म नेपाललाई बिकसित राष्ट्रमा पुऱ्याउने लक्ष्य अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले प्रतिवद्धता गरेका क्षेत्रगत कार्यक्रम अनुरुप प्रदेश नं. ७ को विध्येमान स्थीतिलाई प्रभावकारी तुल्याउन माननीय प्रदेश प्रमुख मार्फत प्रदेश सरकारले गरेको प्रतिबद्धता सरहानीय र स्वागतयोग्य छ । सभामुख महोदय, चालु आर्थिक वर्षको व्ययको अनुमान कार्यम गर्ने अवधी अब तीन महिना हाराहारी रहेकोले उक्त प्रस्तुत बजेट तथा कार्यक्रम छोटो समयमा कायम गर्न चुनौती पूर्ण कार्यरहेको तर विद्यमान चुनौतीका बाबजुत प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई सफल पार्न र सत्तापक्ष र प्रतिपक्षका माननीय सांसदज्यूहरुले जुन सभामा कुरा राख्नु भएको छ । त्यो सरहानिय छ सभामुख महोदय, नेकपा एमाले नेपाली कांग्रेस, राजपाले सत्ता पक्ष र प्रतिपक्ष नभनीकन यहाँ सम्पूर्ण सदनलाई सघाउनु भएकोमा म सम्पूर्ण सत्तापक्ष र प्रतिपक्षका सबै सांसद्लाई हार्दिक धन्यवाद दिन चाहाँन्छु । टिप्पणी गर्नु भन्दा पनि सुझावकोरुपमा के भन्न चाहाँन्छु भने यो महाकाली नगरपालीकामा सुख्खा बन्दर्गाहा बन्ने कुरा थियो । सुख्खा बन्दरगाहको लागि इन्डीयाका विज्ञहरु आई यहाँ छलफल गर्दा केही कुरा नमिल्दा अवरोध पनि भएको छ । म यो सभामा के भन्न चाहाँन्छु भने यथासिघ्र सुख्खा बन्दरगाहको लागि यो ७ नम्बर प्रदेशले केन्द्रमा कुरा गरेर छिटो भन्दा छिटो जसको घर जग्गा परेको छ । ऐलानी जग्गा पनि २०२० साल देखि कमाउदै आएको हो त्यस्ता जग्गालाई छिटो भन्दा छिटो त्यसको पूर्जा दिएर त्यसको पुरा होस् । ल्याउदै गरेको नयाँ नीति तथा कार्यक्रमको छलफलको सफलताको शुभकामना भन्दै नयाँ वर्षको सम्पूर्णलाई शुभकामना भन्दै विदा हुन्छ धन्यवाद ।

**माननीय श्री कृष्ण राज सुवेदीः-** माननीय सभामुख महोदय, नेपाली जनताको बलिदान र समर्पणका कारण आजहामी एकात्मक केन्द्रीकृत राज्यव्यवस्थालाई पछाडि पारेर संघीय संरचनामा प्रवेश गर्न सफल भएका छौं । प्रदेश नं. ७ को गौरवमय सभामा उपस्थिति भई सरकारको नीति तथा कार्यक्रम माथि छलफल र बहस गरिराखेका छौ । गरिबी, अशिक्षा, व्यरोजगारी, असमानता, कुरितीहरुलाई समाप्त गरेर वास्तविक नयाँ नेपाल बनाउनका लागि नेपालको संविधान २०७२ लाई व्यवहारमा उतार्न जिम्मेवारी हाम्रो काधमा आएको छ । यो अभिभारा हामीले पुरा गर्नै पर्छ । सभामुख महोदय, हाम्रो ७ नम्बर प्रदेश विभिन्न कारणले सबैभन्दा पछाडि परेको प्रदेश हो । अब हाम्रो शाझा दायित्व भनेको जल, जमिन, जडिबुटी र मानब स्रोतको पहिचान गरेर हामीले यो प्रदेशलाई अगाडि बढाउनु पर्ने परिस्थीति आएको छ । यस प्रदेशलाई दिगो विकासको रुपमा अगाडि बढाउने पर्ने हाम्रो काँधमा यो ७ नम्बर प्रदेशका जनताले जिम्मेवारी सुम्पेको छ । सभामुख महोदय यस प्रदेशलाई दिगो

विकासको मार्गमा अगाडि बढाउने देशकै समृद्ध र नमुना प्रदेश बनाउन सरकारले ल्याएको नीति तथा कार्यक्रमले मार्ग निर्देश गरेको छ । दिगो शान्ति सामाजिक आर्थिक रुपान्तरण सुशासन, सामाजिक न्याय, समावेशिता लोकतन्त्रकारी समृद्ध प्रदशे बनाई सिंगो राष्ट्रलाई योगदान दिनका लागि भ्रष्टाचार प्रति हाम्रो प्रदेश शून्य सहनसिल बन्नै पर्छ । यस प्रदेशका हरेक तहमा कार्यसम्पादनमा चुस्तता ल्याउनु पर्छ । सम्पूर्ण कार्यालयहरु प्रविधि मैत्री बन्नु पर्छ । सरकारले ल्याएको नीति तथा कार्यक्रम समय सापेक्ष भएको र यसले अल्पकालिन समयमा गर्ने कामलाई गम्भीरताका साथ समेटेको छ । सभामुख महोदय नीति तथा कार्यक्रम समग्रमा राम्रो हुदाँहुँदै त्यसलाई हेर्ने दृष्टिकोणमा कही कतै केही कम्जोरी भेटीन सक्छन् । तर यो दुई महिना १५ दिन भित्र गर्नु पर्ने नीति र कार्यक्रम भएकोले त्यसलाई अल्पकालिन समयमा गर्नु पर्ने जुन कार्यक्रम छ । यो धेरै स्वागत योग्य छ । यसमा युवा, बेरोजगार, कृषक, महिला, दलित, आदिवासी, जनजाती पिछडा वर्ग सबैलाई समेटेर यो नीति तथा कार्यक्रम आएको छ । सभामुख महोदय, आज सम्म स्वास्थ्य स्वयमसेविकाले निःशुल्क रुपमा सेवा गरिराखेकोमा यो नीति तथा कार्यक्रमले महिला स्वास्थ्य स्वयमसेविकालाई पनि सम्बोधन गरेको छ । यो धेरै स्वागत योग्य कुरा छ । यो सरकार परिवर्तनकारी क्रान्तीकारी सरकार हो । यसले ल्याएको नीति पनि परिवर्तनकारी छ । क्रान्तीकारी छ । यो अल्पकालीन समयमा ढाइ महिनामा ७ नम्बर प्रदेशका जनतालाई संघीयताले यो प्रदेश बनिसकेपछि यो प्रदेशले यस्तो यस्तो काम गर्छ भन्ने कुराको नमुना यो दुई महिना भित्र यो प्रदेशका जनताले अनुभूत गर्ने छन् । बुझ्ने छन् । भन्ने कुरामा म विश्वस्त छु । जती नीति र कार्यक्रम राम्रो छ । त्यसको मैले देखेको एउटै पक्ष कार्यान्वयनमा उपोभोक्ता समितिमार्फत भन्ने ठाउँमा नगरपालिका र गाउँपालिकाका बजेटहरु हाम्रो प्रदेश भन्दा ठूलो छ । उनिहरुका प्राविधिकहरु उतै व्यस्त छन् । यो कसले गर्ने भन्दा अहिलसम्म नौवटा जिल्लाका जिल्ला समन्वय समितिका प्राविधिक कार्यालयहरु खाली छन् । त्यहाँका प्राविधिक जनशक्तिलाई यो कार्यकालागि अगाडि बढाउँदा हाम्रा योजनाहरु सफल हुन्छन भन्ने कुरामा म विश्वस्त छु । अन्तमा यो बजेटले ल्याएका कुराहरु जनताको बीचमा लग्नलाई यस प्रदेशका माननीय सभासदहरुको कतै भूमिका होस् र उनिहरुको भूमिकाले त्यो बजेटलाई अगाडि बढाउने तिर सरकारको माननीय सभामुख मार्फत ध्यान जावस भन्ने अनुरोध गर्दै हामी २०७४ को अन्तिम दिनमा छौं । भोलि देखि २०७५ लाग्दैछ । नयाँ वर्ष २०७५ को यस प्रदेशबासी सम्पूर्ण आदरणीय माननीयहरु यहाँका सम्पूर्ण दाजुभाई दिदी बहिनीलाई आउन साल हर्षमय बितोस उल्लासमय बनोस गरिबीले कसैले मर्न नपरोस रोगले कसैले पनि मर्न नपरोस शुभकामना भन्दै विदा हुन्छु । धन्यवाद

**माननीय श्री मायातामाङ्ग बोहराः-** माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ जारी भए पश्चात स्थानीय तह प्रदेश सभा र प्रतिनिधि सभा तथा राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भई संघ प्रदेश र स्थानीय तहमा सरकार गठन भइसकेको छ । संघीयताको कार्यान्वयनको यो महत्वपूर्ण घडीमा प्रदेश नं. ७ को दिगो विकासको लागि हामी सबै मिलेर जनताको मूलभूत समस्या समाधान गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो । यसको समस्या समाधानका लागि व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर जाने अपेक्षा गरी अगाडि बढ्न सक्नु नै दायित्व हो । प्रदेश नं. ७ का आर्थिक आ.ब. २०७४।०७५ को नीति तथा कार्यक्रम विषय एकदमै राम्रो छ । यसका विषयमा पूर्ववक्ता माननीयज्यूले बोल्नु भएका कुरामा म समर्थन गर्न चाहाँन्छु । माननीय सभामुख महोदय, विशेष गरी किशोरीहरुको लागि बैज्ञानिक युगमा पनि ग्रामिण भेगका किसोरीहरु स्कुल जानबाट बन्चीत किशोरीहरु र स्कुल छोडेका किशोरीहरुको लागि आफ्नो जीविकोपार्जनका लागि सीप बिकास कार्यक्रम सञ्चालनको लागि व्यवस्था गरिदिएको भए अझै राम्रो हुन्थ्यो । विशेष गरी हामी विगतका दिन देखि छाउपडी प्रथाको विषयमा धेरै माननीयज्यूले उठाउनु भयो । बैज्ञानिक युगमा पनि महिलाहरु छाउपडी प्रथाका कारण पिडित हुनु अल्पकालमै ज्यान गुमाउनु मानसिक रोगको सिकार हुनु जस्ता दुःखदायी घटनाहरु हाम्रो समाजमा विद्यमान छ । यसमा महिला मात्र होइन पुरुषको पनि उत्तिकै भागेदार हुनु पर्छ । यसकालागि म यस गरिमामय सदनमा प्रतिनिधित्व गर्नु हुने सम्पूर्ण माननीयज्यूहरुबाटै आ-आफ्नो घरपरिवारबाट सम्मानीतरुपबाट कार्यान्वयनमा जाओस र आमा बुवा दाजु भाई दिदी बहिनी सम्म यो सन्देश पुगोस भन्दै प्रदेश नं. ७ को नीति तथा कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय श्री मालामती कुमारी रानाः-** सम्माननीय सभामुख महोदय, सर्वप्रथम त नयाँवर्ष २०७५ सालको शुभकामना व्यक्त गर्न चाहाँन्छु । प्रदेश सभाले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको स्वागत गर्दछु । तर जनताले बुझ्ने भाषामा आएन जनता स्पष्ट भएन । सरकारको नीति तथा कार्यक्रमको विरोध गरेको होइन् । पहिलो चरण आंशिक बजेट रहेको हुदाँ बुझ्ने भाषामा विकासका पहिचान अवधारणा आएको हुनु पर्थ्यो । कुनै मानिसलाई

चोटपटक लागेमा मलम पट्टी लगाइन्छ र त्यसपछि चाडो सन्चो हुनको लागि ट्याब्लेट दिईन्छ । तर त्यस्तै सरकारको नीति तथा कार्यक्रम आएको हुनु पर्थ्यो । सरकारले मलम पट्टि लगाउनु भयो तर ट्याब्लेट विर्सनु भयो । पहिलो बुदामा लोकतान्त्रीक गणतन्त्रका लागि पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन ससस्त्र आन्दोलन मधेस आन्दोलन मात्र देखियो लोकतन्त्रका लागि थरुहट आन्दोलन २०६९ र २०७१/२०७२ सालको राना थारु आन्दोलनको भावना मर्म विपरित छ । नीति तथा कार्यक्रमको पहिलो बुदा सच्याइयोस । नीति तथा कार्यक्रमको बुदा नं. ७ अर्न्तगत मुक्त कमैया हलीया, हरुवा चरुवा, भूमिहीन विपन्न वर्ग किसान बादी समुदायमा कम्लरी छुटेकोले कम्लरी थपियोस् । बुदा नं. ८ को स्वयमसेविकालाई प्रोत्साहीत गर्ने स्वास्थ्य क्षेत्रमा स्वयमसेविका जस्तो सञ्जाल प्रणाली होस् ति स्वयम सेविका विभिन्न क्षेत्रमा सेवा दिन्छन् । स्वयमसेविकालाई प्रोत्साहन होइनकी प्रोत्साहन र तलब भत्ता पनि दिइयोस सभामुख महोदय ।  बुदा नं. ८ मा प्रदेशलाई पूर्ण साक्षर बनाउनेमा पूर्ण समावेशी साक्षर बनाउने लेखियोस सभामुख महोदय स्वास्थ्य बीमा कार्यक्रम सबै जिल्लामा लागु गर्ने छ । सबै जिल्लामा लागु हुन राम्रो विषय हो । तर लागू भएका जिल्लामा स्वास्थ्य बीमा प्रभावकारी छ कि छैन् । जनताले सुलभ तरिकाले सेवा पाईरहेका छन् कि छैनन् स्वास्थ्य बीमा कर्ताले सेवा लिन जाँदा डक्टर हुदैन । नेपाल सरकारले तोकेको निशुल्क औषधी छैन । अनी बीमाकर्ता बाहिरका औषधी किन्न बाध्य हुन्छन् । सबै जिल्लामा लागू गर्दा कसरी प्रभावकारी हुन्छ । स्वास्थ्यविमाका लागि छुट्टै औषधी फार्मेशी लेखियोस् र सबै जिल्लामा चाडो भन्दा चाडो लागु होस् । बुदा नं. ११ तराई पहाड हिमाल सहितको यस ७ नम्बर प्रदेशमा रहेका जाती जनजाती, थारु रानाथारु अल्पसंख्यक सीमान्तक्रीत, लोपोन्मुख जातीको भेषभुषा सस्कृति संरक्षण सम्बद्धनका लागि पटक पटक आन्दोलन र राज्यसँग भएको वार्ता र सम्झौता अनुसार रानाथारु जातीको लागि स्वायत्त र सूचिकृतको लागि प्रक्रिया अगाडि बढाइयोस् । माननीय नेपालु चौधरीज्यूले रानाथारु, कठरिया थारु, सूचिकरणको लागि बोलिदिनु भएकोमा म र मेरो समुदायबाट धन्यवाद व्यक्त गर्न चाहाँन्छु । प्रदेश ७ को अन्न भण्डार भनेको कैलाली कञ्चनपुर हो । किसानले आफ्नो अन्न बालीको मूल्य निर्धारण गर्न पाउने नीति सरकारले बनाओस र यहाँका जनतालाई बाढीले हरेक साल पिडा दिएको अवस्था छ । बाढीका बेला सरकार र संघ संस्थाले राहत बाड्नु भन्दा रोग लागेर उपचार गर्नु भन्दा रोग नलाग्न दिने नीति सरकारले बनाओस् । माननीय सभामुख महोदय, थारु जातीको प्रत्यक गाउँगाउँमा कुलदेवता हुन्छ । त्यो कुलदेवता राना भाषामा भन्दा भुइया चौधरीमा भन्दा भूइहार ति पुँजा स्थानलाई नीति तथा कार्यक्रममा लेखियोस र अहिले सानो बजेट भएपनि भुइया र भुइहारको लागि छुट्याइयोस सभामुख महोदय अन्तमा धेरै कुरा आए पत्रकार जगतले दुनियालाई चिनाउछ तर मैले नीति तथा कार्यक्रममा पत्रकार सरकारको चौथो अंग मानिन्छ तर मर्यादाक्रम दिएर पुग्दैन त्यसैले पत्रकारलाई जगतको अधिकारलाई पनि नीति तथा कार्यक्रममा लेखियोस धन्यवाद ।

**माननीय श्री रतनबहादुर थापाः-** माननीय सभामुख महोदयज्यू, सर्वप्रथम धन्यवाद दिन चाहाँन्छु जितायर यस ठाउमा पुऱ्याएको छ । यो नीति कार्यक्रम ल्याएको र सुनाएकोमा मन्त्री तथा प्रदेश प्रमुखलाई धन्यवाद दिन चाहाँन्छु । केन्द्रमा सुनेको प्रतिपक्ष गल्ती भएको मात्र बोल्ने र सत्ता पक्ष गल्ती नभएको मात्र बोल्ने परिपाटी थियो । तर यहाँ ७ नम्बर प्रदेशलाई बनाउ भन्ने धारणा आएकोले यसमा म खुसी व्यक्त गर्न चाहाँन्छु । नीति तथा कार्यक्रम राम्रै आएको छ । हामी हाइपोथेटीकल भन्दा पनि यथार्थमा जानुपर्ने देखिएको छ । हिजोको दिनमा ल्याउदा प्रोत्साहान गरिने छ । सम्बोधन गरिनेछ । यस्तो कुरा हुनेछ भन्ने कुरा आएका छन् । तर यसमा तीन महिनामा गर्न सकिने काम छन् । नगर्न सकिने लामो समयका लागि पनि छन् । हामी नेपालीको दिन सक्ने तर लिन नसक्ने सम्पती भनेको सुझाव हो । जतिपनि मान्छेलाई सोध्दा सुझाव जो ले पनि दिन सक्छ । तर लिनलाई धेरै गाह्रो मान्छ । यो पनि यो सभालाई थाहाँ होला दिनेलाई सजिलो पनि छ । म दिन चाहाँन्छु । जस्तै बिपिएल कार्ड दिएर त्यही अनुसारको सेवा दिऊ उनिहरुलाई र भिआइपी कार्ड पनि दिउ जसले एक करोड भन्दा बढी राजस्व तिर्छ एक करोडको गाडि लगेर गएको हुन्छ । तर सम्मान पाउदैनन् त्यसैले भिपिएल कार्ड दियो यसले फाइदा गर्छ जस्तो मलाई लाग्छ । रोजगारीको कुरा के छ भने आवश्यकता अनुसार जनता छैन यहाँ हाम्रो जनसक्ति अनुसार काम छैन । जस्तै मिस्त्री खोज्यो भने छैन तर आइए र एसएलसी पास गरेको मान्छे खोज्यो भने पाँच सय जना आउछन् । यो हामीले मिलाउनु पर्ने छ । विभिन्न खालको ट्रेनिङ्ग सेन्टर खोल्नु पर्छ । स्पोट एकेडेमी खोल्नु पर्छ खेलकुदले हाम्रो देशलाई चिनाउने हो । एउटा खेलकुट एकाडेमी राख्यौ भने एसले यहाँको लागि पुग्छ । कर्मचारीलाई तलबको अलावा छोरा छोरीको लागि शिक्षा, स्वास्थ्य जस्ता कुरामा इन्सेन्टीभ दियो भने यसले भ्रष्टाचार कम गराउछ । प्रत्येक कार्यालयमा सिसि क्यामरा राख्नु पर्छ यसले घुस लिएको दिएको अर्थात भ्रष्टाचार

रोक्छ । ओपन युनिभर्सिटीको पनि व्यवस्था गर्नु पर्छ । अर्को फोहर लाई व्यवस्थापन गर्नका लागि वेष्ट म्यानेजमेन्ट पार्क बनाउनु पर्छ यसले गर्दा मानिसहरु हेर्न आउनछन् । त्यस्तै रोडमा रुखरोपेर गर्न सकिन्छ । खुला दिशामुक्त क्षेत्र गर्न सकिन्छ । कृषिलाई केही गर्न नसके पनि कुन ठाउमा के फल्न सक्छ भनेर कृषि हर्व बनाउन सक्छौ । लम्कीमा औद्योगिक क्षेत्र घोषणा गर्न सक्छौ यो तीन महिनामा । सुकुम्वासी आयोगलाई अधिकार प्राप्त बनाउनु पर्छ । वनको व्यवस्थापन गर्नकालागि करोडौको काठ सडेको छ वनमा त्यो काठलाई बेच्न सकेको छैनौ । यसका लागि यहाँका जनतालाई २५ वर्षको लागि कति काठ चाहिन्छ । त्यती काटेर फेरी २५ वर्षको लागि रिप्लान्टीङ्ग गर्नु पर्छ यसले गर्दा जनतालाई सिमेट छड किने जसरी जनताले किन्नको लागि सजिलो हुन्छ । किन्दाखेरी एक वर्ष लाग्छ । यसैले यसलाई हामीले व्यवस्थीत गर्नु पर्छ । पर्यटन विकासलाई हामीले राम्रो बनाउनु पर्छ । यसका लागि केबुलकार बनाउनु पर्छ यसमा पिपिपिको अवधारणा ल्याउनु पर्छ । साना विद्युतलाई पनि हामीले सेयरबाट गर्नु पर्छ । कर्मचारीको तलब पनि हामीले केही प्रतिशत राख्न सक्छौं । खक्रौला भन्सार यसमा हटाइएको छ । यसलाई राख्नु पर्छ । नीति तथा कार्यक्रम बनाउदा गरिनेछ, हेरिनेछ, सम्बोधन गरिनेछ भन्ने शब्दलाई राख्नु भन्दा के के गरिन्छ गर्ने छौं भनेर राख्नु पर्छ । धन्यवाद

**माननीय श्री लालबहादुर खड्काः-** सभामुख महोदय, हामी यतिबेला मूलुकले एउटा राजनीतिक क्रान्ति सफल गरिसकेको छ । त्यो क्रान्तिबाट संविधान सभाबाट संविधान निर्माण गरिसके पछि अहिले हिजोको केन्द्रीकृत राज्यसत्तालाई विकेन्द्रीकृत सिंहदरवारका हक अधिकार राज्यको स्रोत र साधनलाई जनतालाई नयाँ ढङ्गले अनुभुत गराउने त्यो ऐतिहासिक क्षणमा हामी छौं । राजनीतिक क्रान्तिले मात्र पुग्दैन रहेछ । पहिले जनताले मुलुकको आर्थिक समृद्धिको कुरा चाहिरेका छन् । सरकारको नीति तथा कार्यक्रम आएको छ । त्यो अत्यन्त राम्रो छ । म त्यसका लागि सभामुख मार्फत सरकार र खास गरिकन प्रदेश प्रमुखलाई धन्यवाद दिन चाहाँन्छु । यो भन्दा पनि अझ एउटा महत्वपूर्ण सम्पत्ति आर्जन गर्दै छौं । हामी ७ नम्बर प्रदेशको विकासका लागि सत्ता पक्ष र प्रतिपक्ष मात्र होइन रचनात्मक ढङ्गले जाने जुन खालको हिजो देखिको गरिमामय संसदको वहस छ । त्यसका लागि म प्रतिपक्षमा रहेका सबै माननीयज्यूलाई धन्यवाद दिन चाहाँन्छु । यसले ७ नम्बर प्रदेशका जनताले गरिमामय सभा र सरकारको तर्फबाट त्यसलाई अझ गाडा बनाएको छ । स्वभाविकरुपले राजनीतिक प्रकृयामा दलगत प्रकृयामा सत्ता पक्षका सांसद्ले सत्ता पक्षको बचाउ गर्ने र प्रतिपक्षहरुले कमी कम्जोरीलाई खोज्ने र आलोचना गर्ने हुन्छ । तर हामी त्यो भन्दा पनि माथि उठेर प्रदेशलाई सबै लागेर अगाडि बढाउ भन्ने जुन खालको भावना यो सद्नमा भएको छ । त्यसले यो प्रदेशलाई भोलिका दिनमा नमुना बनाउने छ भन्ने मलाई लागेको छ । समग्रतामा नीति तथा कार्यक्रममा धेरै कुरा समेटिएका छन् । र यो अत्यन्त राम्रो पनि छ । केही विषयहरु अझ थप्दाखेरी राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । मैले केही बुदा राख्ने अनुमती चाहे । या प्रदेशमा मुक्त कमैया लगायत अधिकांश यहाँका भूमीहीन पठाडि परेको समुदायका कुरा समेटिएका छन् । कञ्चनपुरमा विशिष्टखालको यो आरक्ष पिडितहरुको समस्या छ । त्यहाँको राष्ट्रिय निकुञ्जलाई व्यवस्थिति गर्दा त्यो राष्ट्रिय विस्तार गर्दा त्यहाँ रहेका बस्ती हटाउने क्रममा नम्बरी जग्गा भएका मानिसलाई सट्टा बट्टा दिइयो केही ऐलानी जग्गा भएका मानिसलाई पनि जग्गा दिइयो । अहिले पनि हिजो राज्यले विभिन्न २३७३ परिवारलाई परिचय पत्र दिएको छ । र पक्षिल्लो बेला पूर्व न्यायाधिशको बेलामा अर्को एउटा आयोग बन्यो त्यसले क, ख, ग, घ गरी वर्गिकरण गऱ्यो । ति मान्छे अहिले पनि राष्ट्रिय निकुञ्ज भित्र ढक्का लगायत १४ वटा सिविरमा बसेका छन् । यो  अझ महत्वपूर्ण समस्या भएकोले यो छुटेको मैले महशुस गरेको छु । बाढिपिडित पनि अहिले सडकका केही छेउछाउमा बर्षौ वर्ष देखि सानो छाप्रो बनाएर बसेको अवस्था छ । त्यसलाई पनि हामीले सम्बोधन गर्नु पर्छ भन्ने मलाई लाग्छ । स्वास्थ्यको क्षेत्रलाई व्यवस्था गर्दा स्वयमसेविकाका कुरा आएका छन् । त्यो महिला स्वयमसेविकासँग त्यहाँको आमा समूह महत्वपूर्ण ढङ्गले जोडिएको छ । त्यसलाई शब्दले पनि प्रोत्साहन गऱ्यो भने त्यसले राम्रो गर्छ जस्तो मलाई लाग्छ । शिक्षक दरवन्दी मिलानका कुराहरु आएका छन् । यो विद्यालय पनि ३०/४० जना मात्र विद्यार्थी भएका र ७ जना शिक्षक भएका विद्यालय छन् । एक घण्टा पर अर्को त्यस्तै विद्यालय छ । यसो हुनाले ति विद्यालयमा विद्यार्थीसँख्या बढ्ने खालको वातावरण छैन भने । यस्ता विद्यालयलाई मिलान गरेर जानु पर्छ जस्तो मलाई लाग्छ । मुख्यमन्त्री कृषि कार्यक्रम भनेर हामीले कार्यक्रम लिएका छौं । तर अझ बस्तुगत बनाउनको लागि हामीले एउटा योजना नै बनाउनु पर्छ कति वर्षपछि आत्मनिर्भर बनाउने हो । भारतबाट बम्पीङ्ग भइराखेकोलाई कसरी रोक्ने खालको योजना बनाई यहाँको कृषिलाई व्यवस्थापन गर्ने हो भने यहाँका युवालाई कसरी कृषिमा जोड्ने भन्ने योजना सहित यसमा आउन सके अझ व्यवस्थिति हुन्थ्यो भन्ने मलाई लागेको छ । बुदा नम्बर १० मा प्रदेश राजधानी

रहेको कैलाली भनेको छ । यो नीति तथा कार्यक्रम पास भईसकेपछि कानूनकोरुप लिने भएको हुनाले अहिले हामीले राजधानी कहाँ राख्ने भन्ने कुरा छलफल गरेका छैनौ अस्थायी भन्ने शब्द राख्नु पर्ला । मैले जानकारी गराए र लघुउद्यमको कुरा यहाँ आएको छ । नेपाल सरकारले २ चोटी निर्णय गरेर बेतकोटको छेला छेत्रमा औद्योगिक क्षेत्रका लागि नौसय विघा जमिन छुट्याउने भनेर भूमिसुधार र बन मन्त्रालयलाई मन्त्रिपरिषदको निर्णय गरेर त्यो काम अगाडि बढिसकेको छ । नेपाल सरकारले ७० लाख विनियोजन गरेर त्यसको प्रारम्भीक नक्स डिपिआर वातावरणीय अध्ययन भइरहेको छ । त्यो अन्तिम चरणमा छ र २९३ विघा जमिनको उनिहरुले सबै नक्साङ्कन गरेर आइसकेको छ । राज्यले नै निर्णय गरिसकेकोले प्रदेशले अपनत्व लिनु पर्छ भन्ने मलाई लागि राखेको छ । प्रदेशका नदी नाला विद्युतका कुरा आएका छन् । निजी क्षेत्रलाई पनि प्रोत्साहित गर्ने कुरा केही शब्द राखिदिदा खेरी राम्रो हुन्थ्यो । १२ नम्बरमा सीमासँग जोडिएका धेरै नाकाहरु आएका छन् । अहिले नेपाल सरकारले ठेक्का दिइसक्यो महाकाली नदीको चारलेनको पुलको काम अगाडि बढिसकेको छ । सुख्खा बन्दरगाहको लागि जग्गा खोजि लगायतका कामहरुमा भारतीय पक्ष र नेपाली पक्ष पनि त्यहाँ काम अगाडि बढाइरहेको छ । यो भोलिका लागि यहाँको अर्थिक समृद्धिका लागि अत्यन्त महत्वपूर्ण सुख्खा बन्दरगाहलाई व्यवस्थीत गर्ने कुरा र कञ्चनपुरको पुरानो नाका बेलौरी नाका कञ्चनपुरको पुरानो राजधानी पनि हो । त्यहाँ अहिले पनि भन्सारको व्यस्थापन नहुँदा उनिहरुले एक गन्ना पारि पठाउन गड्डा चौकी पुग्नु पर्ने अवस्था छ । यो वस्तुगत ढङ्गले आएको यसले यस प्रदेशलाई समग्रतामा छुने कोसिस गरेको छ । सदनका सुझाव कहाँ के कति समेट्न सकिन्छ । व्यवस्थीत गरेर दुवै पक्षको हुने गरेर अगाडि बढोस् । धन्यवाद १:२६

**माननीय श्री विरमान चौधरीः-** माननीय सभामुख महोदय, प्रदेश प्रमुख माननीय मोहनराज मल्लज्यूद्वारा प्रस्तुत आ.ब. २०७५।०७६ को प्रदेश नं. ७ सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिसक्नु भएको छ र यसमा सैद्धान्तिक रुपमा बुदागत तरिकाले जसरी छलफल चलिराखेको छ मलाई लाग्छ हिजो देखि आजसम्म लामो समयसम्म यो छलफल चलिराखेको मैले देखेको छु । सरकारले नीति तथा कार्यक्रम धेरै राम्रो ल्याएको छ । यसले आफैले के स्वीकारेको छ भने अहिले तीन महिनाको अवधीलाई स्रोत साधनलाई पनि उल्लेख गरेको छ । यसले ५ नम्बरमा के भनेको छ भने । चालु आ.ब. को व्ययको अनुमान भनेको छ आएको अनुमान होइन । यसले के भनेको छ भने २०७४/०७५ को आबधिक योजना भनेको छ । हामीले के बुझ्नु पर्छ भने संघ सरकारले हामीलाई दिएको बजेट मध्यबाट हामीले यो कुरा हाम्रो प्रदेशको बजेट बनाएका छौं । प्रदेश सरकाले जो बजेट ल्याएको छ पहिले नै आफै नभइकन संघीय सरकारले दिएको हो भन्ने कुरा पहिले नै जनाउ गरिसकेको छ । त्यसले यसबाट हामीले हाम्रो आवश्यकता र हाम्रो आपूर्ती गर्नु पर्ने धेरै कुराहरु अहिलेको बजेटले स्वभाविक रुपले नसक्ने कुरा यसले आफैले गरिसकेको छ । जनताको प्रतिनिधि भएको हैसियतले र यो सम्मानित सद्नमा सभामुख मार्फत मैले के कुरा गर्न चाहाँन्छु भने हाम्रो आवश्यकता र सबै स्रोत साधनको तादम्यता नमिल्दा यो कुरा उठिरहेका छन् । हामीले ७ नम्बर प्रदेशमा के गर्न खोजिराखेका छौ भन्ने कुरा नीति कार्यक्रममा ल्याउदा नीतिगत रुपमा कहि कतै कन्जुस्याई गरिनु हुदैन र गर्न नमिल्ने कुराहरु त्यसैले यो सदनमा के कुरा राख्न चाहाँन्छु भने सरकारको तीन वटा प्रोग्राम आउन जरुरी हुन्छ । एउटा अल्पकालिन प्रोग्राम जुन अहिले आएको छ । मलाई लाग्छ आ.ब. २०७५/०७६ मा सरकारले बार्षिक कार्यक्रम ल्याउला र दिर्घकालिन रुपमा हाम्रो प्रदेशलाई के गर्न चाही राखेको छ । मलाई लाग्छ त्यसबेला आउन सक्छ मैले अनुमान गरेको छु र यसमा कयौं तत्कालै हाम्रो प्रदेश काठमाण्डौको नजर नपुग्ने प्रदेश हो । त्यसकारण हामी सबै दल मिलेर संघीयतामा जाने र हाम्रो ठाउँ, गाउँ र हाम्रो प्रदेश आफै बनाउने संकल्प लिएर आन्दोलन गरेका थियौ र छौं पनि अहिले पनि किन आन्दोलनरत छौ भन्दै छु भने हामीलाई एकातातिर अधिकार दिएको छ भने अर्कोतिर हाम्रो अधिकार खोसेको पनि छ । किनकी हामीलाई प्रदेश सरकारको संरचना संघ सरकारले तयार गरीसकेको छैन् । जो बजेट हामी कार्यान्वयन गर्न जाँदैछौ । प्रदेश सरकार आफै आफ्नो सरकार हुदाँ संरचना बनाउन सजिलो हुन्छ भनेर विभिन्न विकल्प दिएको छ । तत्कालिन विकल्प मलाई लाग्छ कयौ विकल्प दिएको छ र कुन विकल्पमा नीति तथा कार्यक्रम आएको छ । बजेट आउदा सरकारले परिमार्जित गरेर कुन निकायले कति सम्मको बजेट निर्धारण गरेर ल्याउला पनि हामी आशा र अपेक्षा गरौ यसको सँगसँगै हामीले यो हलमा यहाँ धेरै सैद्धान्तिक कुरा उल्लेख गरिएका छन् । कयौ व्यवहारिक कुराहरु छुट्न गएका छन् । हामीले देखिराखेका छौं अति आवश्यक कुराहरु पनि छुट्न गइराखेका छन् । जस्तै हामीले यहाँ मलाई लाग्छ यो संकेत गर्दा खेरी बुझिन्छ भनेर त्यो शब्द नपरेको हुन सक्छ किनकी हाम्रो प्रदेश यस्तो प्रदेश हो तराई पहाड हिमाल भएको पहाडमा पहिरो जान्छ त्यसको व्यवस्थापनको कुरा हामीले बोल्न सकिराखेका छैनौ । पहाडबाट

आएको पहिरो र पानिले तराईमा कैलाली र कञ्चनपुर ६५ सालको भयानक बाढिका कारणले अहिले पनि जुन समुदाय प्रभावित थियो त्यो ठाउँ बसोबास अझै पनि व्यवस्थित भएको छैन । हाम्रो प्रदेश सरकारको यता पट्टि पनि ध्यान तान्न जरुरी छ । किनकी तपाईले हेर्न भयो भने कैलालीको आधा भूभाग अहिलेको राजधानी रहेको धनगढी पनि प्रभावित छ । यसलाई एउटा बाडि प्रभावितबाट उठिबास भएका त्यहाँका वस्तिलाई कसरी गर्ने भन्नेमा बजेट कम भएर भएको भन्ने मलाई लाग्छ । मुक्त कमैया कैलाली कञ्चनपुरमा आज १६ वर्ष भइसकेको छ मुक्त कमैया व्यवस्थापन गर्न लागेको संघ सरकारको दायित्व भित्र हुने हो वा प्रदेश सरकारको दायित्व भित्र हुने हो यो कुराहरु अहिले पनि अधिकार बाडफाडको कुरालाई अझै क्लियर गर्न सकेको छैन् । फेरी पनि हामी हाम्रो प्रदेशमा पर्ने मुक्त कमैयाहरुको पुनःस्थापना कसरी गर्न सकिन्छ । यो अनन्त कालसम्म लग्नु हुदैन । यो अनन्त कालसम्म गयो भने हामी त्यसको भूमरीमा फसिरहन्छौ । त्यसैले यसलाई कसरी समाधान गर्ने भन्ने कुरा ठिक तरिकाले यसलाई लग्न जरुरी छ । जेलमा रहेका बन्दीहरुलाई सुधार गृह बनाउन जरुरी छ किनकी जेलमा बसेका मान्छेहरु विभिन्न खालका कहिले रासन पाइएन कहिले केही पाइएन भन्ने छ । जेलमा जाँदा म अपराधी हु भन्ने भए पनि सुधार उन्मुख गराउनका लागि के के कार्यक्रममा उनिहरुलाई समावेश गराउने यस कुरालाई मनन गरेकै होला । यो भन्सार मार्फत आउने मल खाद खाद्य पदार्थ आउछ तर गुणस्तर परिक्षण भएर आउछ या आउदैन यो कुरामा शंका छ । यो कुरा परिक्षण गरेर हाम्रो देशमा ल्याउन जरुरी छ । हाम्रो देशमा कतिपय ठाउँमा भोकमरी पर्छ बझाङ्ग बाजुराको कतिपय भूभागमा भोकमरी पर्छ जस्लाई खादा झाडा पखाला परेर सरकारलाई समाल्न हम्मे हम्मे पर्छ । सबै कुरालाई ल्याउन ध्यान दिनु जरुरी छ सरकारले । यो सभामा म के भन्न चाहाँन्छु भने हामीले पर्यटनलाई साच्चिकै भित्र्याउन चाहाँन्छौ भने कुनै केन्द्र बनाउनु पर्छ । विभिन्न यातायातका साधन प्रयोग गरुन सबै खालका विधिहरुलाई ओपन गरौ र एउटा पर्यटकीय केन्द्र खोलौ र यहाँ आउने पर्यटकहरु सिधै त्यहाँ जाउन । यसको संगसँगै औद्योगिक क्षेत्र लगानी कर्तालाई हामीले कति हायर गरेका छौ कति हायर गर्ने अधिकार छ हाम्रो प्रदेश सरकारलाई संघको सरकारसँग समन्वय गरेर । यो भन्दा अगाडि लम्कीमा एउटा औद्योगिक क्षेत्र भनेको थियो । हाम्रो क्षेत्रमा उद्योगपतिहरुलाई के के व्यवस्था गरेका छौ यसको वारेमा हामीले अध्ययन तथा मनन गर्न जरुरी छ । जसले गर्दा हाम्रो प्रदेशमा धेरै उद्योग स्थापना हुन सकुन उद्योगपतिलाई भित्र्याउन हाम्रो प्रदेशका युवा जनशक्ति कम जाउन यही रोजगार पाउने व्यवस्था गर्न जरुरी छ जस्तो मलाई लाग्छ । विदेशमा जानेको सरदर ३ जनाको लास नेपालमा आउछ यसलाई संघ सरकारसँग मिलेर व्यवस्थापन गर्नु पर्छ । खाद्यसुरक्षाको कुरा गरिरहदा हामीले खाद्य सम्प्रभुता र खाद्यसुरक्षालाई कसरी व्यवस्थित गर्ने यो अलिकती दिर्घकालिन प्लानको लागि यहाँ कुरा गर्दैछु । सरकारले प्रदेश स्तरको गौरवको आयोजना हामीले बनाउन सक्छौ जसले गर्दा अरुको नक्कल होइन हाम्रो यहाँको विशेषता र आवश्यकतामा स्रोत साधनले भ्याउनको लागि गर्न जरुरी छ । यसको सँगसँगै मिलेमतो भ्रष्टाचार गर्ने लाई निरुत्साहित गर्ने कुरा लेखिएको छ । नेपालमा भएको नीतिगत भ्रष्टाचारको कुरा उठिराखेको छैन । भ्रष्टाचार निर्मूल गर्ने भन्छौ तर भ्रष्टाचार नीतिगतरुपमा धेरै ठाउमा भइराखेको छ । यसलाई हाम्रो प्रदेशले निर्मूल गरेनौ भने भ्रष्टाचारको अन्त खरिदारबाट हुदैंन । हामी पोलिटिकल निकायबाट नीतिगत भ्रष्टाचारको निर्मूल कसरी गर्ने तब मात्र यसको अन्त हुन्छ । बजेटको कार्यान्वयन र अनुगमन गर्नु पनि जरुरी छ । प्रदेश सरकारले पनि गम्भीरता पूर्वक सोचोस् । यो प्रदेश पहाड हिमाल तराई मिलेर बनेको हुनाले यहाँको भेषभुषा र संस्कृतिलाई समेट्ने गरी प्रत्येक ठाउमा संग्राहलय बनाउनु पर्छ । सभामुख महोदय हाम्रो यो प्रदेशको आकडामा २५ लाख ७६ हजार ९ सय ३६ जना जनसंख्या रहेको हाम्रो प्रदेशमा यति धेरै फोहरजन्य पदार्थ उत्पादन हुन्छ । लेन्ड फिल्ड साइटके कुरा गर्न सकेका छैनौ । यसबाट फोहोरबाट मोहोर हुनसक्छ । टिकापुरको भन्सारमा ५ नम्बरको राजापुरका मानिसहरु यहाँ आउछन् । एउटा कल्पना गर्नुहोस टिकापुरबाट इन्डीयन गाडिहरु आउछन् त्यसैले यसलाई स्तरोन्ती गरेर यति धेरै तपाईको राजस्व उठ्छ । एक दिनमा १५ देखि ३० लाख सम्म राजस्व उठ्छ त्यसैले हामीले त्यसलाई व्यवस्थित गर्नु पर्छ । छोटी भन्सारलाई पनि व्यवस्थीत गरौ । यो नीति कार्यक्रम एकदम राम्रो ठिक छ । धन्यवाद

**माननीय शान्ति नेपालीः-** माननीय सभामुख महोदय, देश सघीयतामा गएलगत्तै २०७४ मा जसरी प्रदेश प्रतिनिधि र स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेपछि देशले राज्यले यो देशका नागरिकले साच्चीकै यो देश अब केही संक्रमणकालिन स्थितिबाट गुज्रिएको थियो । समृद्धिर विकासको बाटो तिर लम्कने क्रममा जनताले विश्वास गरेर जसरी आज हामी यो प्रदेश सरकारको आ.ब. २०७४/०७५ को आंशिक बजेटको लागि नीति तथा कार्यक्रम जसरी यो प्रदेश सरकारले प्रस्तुत गरेको छ । त्यसका लागि म छोटो अवधिमा एकदमै अध्ययन गरेर यो प्रदेशको

समग्र विकासका लागि जसरी यो बजेटमा तीन महिनामा हामी धेरै ठूला परिकल्पना गरेर पुरा गर्न दुःख र चुनौती छ । यो चुनौतिको बावजुत पनि जसरी यो वर्तमान सरकारले यो अध्ययन अनुसन्धान गरेर यो नीति तथा कार्यक्रम ल्याएको छ । यसको लागि प्रदेशसभाको सदस्यको हैसियतले हार्दिक आभार सहित कृतज्ञता गर्नु चाहाँन्छु । छोटो समयमा १८ बुदामा ल्याएको नीति तथा कार्यक्रममा म थप्न चाहाँदिन बरु घटाउन चाहाँन्छु । यो १८ बुदा मध्येबाट महत्वपूर्ण बुदालाई मात्र समावेश गर्नु पर्छ । जस्तो मलाई लाग्छ र यसलाई पूर्ण व्यवहारमा ल्याउन पूर्ण प्रतिबद्धता गर्नु पर्छ । जनताको आवश्यकतालाई महशुस गरी हाम्रो जनलेबलको जनभावनालाई शिरोधार गरेर यो समस्यालाई निराकरण गरेर बौद्धिक पक्षले जिम्मेवार भएर लाग्नु पर्ने हुन्छ । आजको यो सरकारको नीति तथा कार्यक्रमले ०७५/०७६ आ.ब. मा समावेस गर्नको लागि सजिलो पार्ने छ । यो सजिलो पार्नका लागि म के भन्न चाहाँन्छु भने यो देशका नागरिक मध्ये पनि सुदूरपश्चिमका नागरिकको समस्या निकै ठूलो छ । हामीलाई यो प्रदेश सरकार सञ्चालन गर्नको लागि र थप प्रदेशका नागरिकहरुलाई सेवा प्रवाह गर्नका लागि धेरै चुनौती छन् । नेपालको सबैभन्दा ठूलो भिडिसी काडा पनि यसैमा समावेश छ । प्रदेश सरकारको स्पीड जसरी अगाडि बढेको छ । यो स्वागत गर्न योग्य छ । यसलाई लक्षतिर पुऱ्याउनको लागि हामीले यहाँको महिलाको समस्यालाई यहाँको आदिवासी, जनजाती र गरिबीको समस्यालाई सबै भन्दा पहिलो प्राथमिकतामा राख्नु पर्छ । वर्षातको समयमा हुने बाढी पहिरो डुबानलाई मध्यनजर गरेर सरकारले राहातको व्यवस्था गर्नु भन्दा यस्ता क्षेत्रलाई सुरक्षित गर्नको लागि अहिले देखि लाग्नु पर्छ । तेस्रो लिङ्गका मानिसको लागि यो नयाँ आर्थिक वर्षको कार्यक्रममा सम्बोधन हुने गरी थपिनु पर्ने छ । सुदूरपश्चिमको राउटे जाती सीमान्तकृत क्षेत्रमा भन्दा पनि त्यो थारुसँगै त्यसलाई पनि समावेश गर्नु पर्छ । दलित महिलाको पिडादायक छ सबै नागरीक हुनका लागि यो देशका अझै पछाडि पारिएका नागरिकलाई पहिचान गरेर उहाँहरुको आवश्यकतालाई पनि सम्बोधन गर्नु जरुरी छ । नौ वटै जिल्लामा कानूनको क्षेत्रमा महिलाई न्याय पाउनु रहेको छ ।

**माननीय श्री श्यामलाल राना थारुः-** माननीय सभामुख महोदय, सर्वप्रथम माननीय सभामुख सहित उपस्थित सबै देशवासीलाई नयाँ वर्षको शुभकामना तथा उत्तरोत्तर प्रगतिको कामना गर्न चाहाँन्छु । यसमा धेरै माननीय साथीहरुले आफ्ना सुझावहरु राख्नु भएको छ । यि सबै सुझावहरुलाई पनि समर्थन गर्न चाहाँन्छु । बुदा नम्बर एकमा जन आन्दोलन, मधेस आन्दोलन भनेको छ यसमा थरुहट आन्दोलन, रानाथारु आन्दोलन पनि हुनु पर्छ किनकी अखण्ड सुदूरपश्चिम आन्दोलनको बेला थरुहट तथा रानाथारुको आन्दोलन पनि भएको थियो । हामी सरकारले वार्तामा बोलाई सकेपछि शान्ति मन्त्री टोप बहादुर रायमाझी लगायतका ३ सदस्यीय टोलिसँग हाम्रो बार्ता भएको थियो । सबैभन्दा विशेष गरेर ठूलो मुद्दा भनेको रानाथारुलाई सूचिकृत गर्नु पर्छ भन्ने सवालमा थियो । अन्यकुराहरु संविधानमा उल्लेखित भइसकेको अवस्था छ । बुदा नं. ११ मा प्रदेश सरकारले राना थारु भन्ने शब्द उल्लेख गरेको छ । यसलाई सहर्स समर्थन गर्न चाहाँन्छु । रानाथारु जाती कैलाली र कञ्चनपुरमा मात्र छ । यसको भाषा संस्कृति फरक रहेको छ । अन्य थारुसँग यसको विवाह पनि हुदैन यसलाई सम्बोधन गरेको छ । यो नीति तथा कार्यक्रम सरकारबाट प्रस्तुत भएको छ । बिचार पुऱ्याएर मेहनतका साथ बनाएको जस्तो मलाई लाग्छ । संविधानमा उल्लेखित भएका अनुसूचीहरु उल्लेख भएको छ । समग्रमा हामीले चाँहेका अधिकारको वारेमा यसमा व्याख्या गरिएको छ । दिगो विगासको कुरामा धेरै लक्ष्यहरु पारगरेर मात्रै हामी दिगो विकासमा पुग्न सक्छौं त्यसकारणले यो नीति दिर्घकालिन सोच बनाएर पनि बनेको जस्तो मलाई लाग्छ । कार्यक्रम मात्र तीन महिनाको हो तर नीति तीन महिनाको होइन यसै नीतिमा टेकेर अगाडि बढ्नु पर्ने हुन्छ । धेरै कुराहरु समेटिएका छन् । पूर्ववक्ता माननीयज्यूले पनि आफ्ना कुराहर राखिसक्नु भएको छ । मैले केही कुराहरु राख्न चाहाँन्छु । विशेष गरेर अहिलेको नारा भनेको दिगो शान्ति दिगो विकास सुशासन रहेको छ । कृषिमा मुख्यमन्त्री कृषि योजनाको वारेमा लेखिएको छ । यसमा कृषिका वारेमा धेरै कुराहरु उठेका छन् । अहिले सम्म कृषिलाई व्यवसायिकरणको वारेमा पनि उठेको छ । बास्तवमै भन्नेहो भने पूर्ण सिन्चीत बनाउने सवालमा हामी गम्भीर छैनौ । अहिले सम्म तराईमा पूर्णरुपमा सचिईको व्यवस्थ ।गर्न सकेका छैनौ । नहरहरु नभएको ठाउँमा विद्युत सिचाइबाट कसरी पूर्ण रुपमा सन्चित गर्न सकिन्छ । कृषिबाली पशुबीमाको कार्यक्रममा सरकारले ध्यान दिनु जरुरी छ । वर्तमान अवस्थामा हेर्ने हो भने गहुँवाली पूर्णरुपमा नोक्सान भएको छ । हामीसँग भएका वित्तिय संस्थाहरुलाई कृषिमुखी बनाउनु पर्छ । अहिले कुनै पनि बैंकले किसानलाई ऋण पत्याइराखेको छैन् । कृषि विकास बैंकल हिजो सम्म दिन्थ्यो तर अहिले कुनै पनि बैंकले किसानहरुलाई ऋण दिदैन् । त्यसकारणले यसको मापदण्ड बनाएर अगाडि बढनु पर्ने देखिन्छ । स्वास्थ्यको क्षेत्रमा पनि हामीले सानो टाउकोमा चोट लागेमा कोहलपुर भन्दा यता त्यसको उपचार नै हुँदैन ।

हामीले सिधै काठ्माण्डौ पुग्नु पर्ने हुन्छ । त्यसकारणले आइसीयू र सिटि स्क्यान लगायतका उपकरणहरु हामीलसँग मौजुदा अञ्चल अस्पतालमा उपकरणको व्यवस्था गरिनु पर्दछ र दुरदराजका जनताले सेवा सुविधा पाइराखेको छैन यसका लागि स्थानीय तहसम्म स्वास्थ्यको क्षेत्रलाई व्यापक बनाउनु पर्छ । शिक्षाको वारेमा हामीले हिजो सुन्दै र भन्दै गरेका कुराहरु यहाँ प्रस्तुत गर्न चाहाँन्छु । बुर्जुवा शिक्षालाई यहाबाट हटाउनु पर्छ भन्ने हामी सुन्थ्यौ यो यथास्थितिबादीमा जुन हामी हिडिरहेका छौं । यो बुर्जुवा शिक्षालाई हटाउने सीमा राखिनु पर्छ व्यवहारीक शिक्षालाई अगाडि लैजानका लागि ठोसरुपमा सरकारले अगाडि लैजानु पर्छ । विभिन्न आयोगहरु छन ति आयोगलाई पनि प्रदेश अन्तर्गत राखेर त्यसको व्यवस्था गर्नु पर्छ समग्रमा मैले यो नीति तथा कार्यक्रम पाएन जसले यो देशको लागि जीवन उत्सर्ग गरेका सहिदको वारेमा कुनै कुरा उल्लेख गरेको पाएन । त्यसकारण यसको वारेमा पनि नीति तथा कार्यक्रममा समावेश गरिनु पर्छ भन्ने मेरो सुझाव छ साथै यहाँ साथीहरुले भनिराख्नु भएको छ । सत्तापक्ष र विपक्ष नभनी हामी एकसाथ जाने छौ भनेको छ । धेरै लडाई गरिसक्यौ अब यस्तो लडाइ हुनु जरुरी छैन । अहिलेको सरकारले सत्ता पक्ष र विपक्ष भनेर भेदभाव गऱ्यो भने पछि यसका वारेमा हामीले भोली हामीले विरोध गर्नु पर्ने अवस्था आउन सक्छ । यो नीति तथा कार्यक्रमलाई म र मेरो पार्टीको तर्फबाट समर्थन गर्न चाहाँन्छु । धन्यवाद

**माननीय श्री सुशिला बुढाथोकीः-** माननीय सभामुख महोदय, प्रदेश सरकारले छोटो समयमा कडा मेहनतका साथ ल्याएको नीति तथा कार्यक्रम २०७४/०७५ को कार्यक्रम यो आफैमा सरहानीय छ । त्यसैदे प्रदेश सरकारलाई म धन्यावाद दिन चाहाँन्छु । माननीयज्यूहरुले धेरै कुरा उठाइसक्नु भएको छ । उहाँको कुरामा म समर्थन गर्न चाहाँन्छु । केही सुझाव राख्न चाहाँन्छु । स्वास्थ्यको क्षेत्रमा जुन महिला स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन भनेर ल्याएको एजेण्डा साह्रै राम्रो कुरा छ । महिला स्वास्थ्य स्वयम सेविकाहरु आफ्नो क्षेत्रमा कुनै पनि किसिमको सुविधा नलिई आफ्नो फिल्डमा स्वास्थ्यको भूमिका निभाईराख्नु भएको छ । स्वास्थ्य स्वमय सेविकालाई प्रोत्साहन नभनी उहाँको लागि कुनै एउटा आर्थिकरुपमा उहाँहरुलाई दशैमा बीसहजार दिएको भए अझै सुनमाथी सुगन्ध हुने थियो । स्वास्थ्यको कुरा भनिरहदा पुरुष भन्दा महिलाहरु स्वास्थ्यमा बढि जोखिम रहेका छन् । एच आई भी को लागि औषधीको मात्र नभएर जनचेतनामूलक कार्यक्रम गर्नु पर्छ । महिलाहरुको निमित्तहरुको लागि अहिले विकरालरुपमा देखिएको स्तन क्यान्सर र पाठेघरको क्यान्सरको समस्यामा धेरै महिलाहरु परिरहेको छ । सभामुख महोदय त्यसकारण यस नीति र कार्यक्रम महिलाको लागि पाठेघरको क्यान्सरको निमित्त प्रत्येक प्रदेशमा वार्षिक एकपटक भएतापनि घुम्ती शिविरको व्यवस्था भए अझ राम्रो हुने थियो । हाम्रो देशमा तीन किसिमका छन् एकखालको दुर्व्यसनीमा फसेका छन् । दोस्रो पढेलेखेर डिप्रेसनको सिकार भएका छन् । तेस्रो खालका युवाहरु बैदेशीक रोजगारमा आफ्नो जीवन गुजारी राख्नु भएको छ । त्यस्ता युवाहरुको लागि यो नीति तथा कार्यक्रममा एउटा नीति बनोस भन्ने भलाई लाग्छ । हाम्रो प्रदेशमा आधारित भएको हुदाँ यहाँका किसानले बालीनाली लगाउछन् भाउ राख्ने बेलामा अर्केले रेट राख्ने चलन छ । त्यसकारण यो प्रदेशले ति किसानले उब्जाएको फसललाई उनिहरुले आफ्नै किसिमले भाउ राख्नु पर्छ । त्यो हाम्रो नीति तथा कार्यक्रममा राखिनु पर्छ । किसानले जुनबेला जेको अवश्यकता पर्छ त्यसबेला त्यो चिजको उपलब्धता हुनु पर्छ । यो प्रदेशको बनोट हिमाल पहाड तराई अनुसारको यो सरकारले खेतीलाई खण्डीकरण गर्नु पर्छ । जुन ठाउँमा जुन किसमको वाली उत्पादन हुन्छ त्यहाँ प्रोत्साहित गरेर त्यस्तै किसिमको कृषिमा व्यवसायिकरण गर्नु पर्छ । कैलालीमा सडेर जाने चिजको व्यवस्थापन नभई किसानहरु धेरै मर्कामा परेका छन् । यहाँका किसानको निम्ति कोल्ड स्टोरको व्यवस्थापन गर्नु पर्छ । उत्पादनका बेला धेरै हुने  र अरुबेला भारतबाटल्याएर खानु पर्ने भएकाले यो नीति तथा कार्यक्रमा कोल्डस्टोरको व्यवस्था भए राम्रो हुन्थ्यो । धनगढीको दक्षिण तिर खुल्ला सीमाका कारण त्यहाँ अपारिधिक गतिविधि धेरै बढिरहेको छ । त्यहाँ पहाडी जिल्लाबाट आउने महिलासँग महिला हिंसाका घटना पनि घटेको छ । पहाडबाट ल्याएर महिलाहरुलाई भारतमा बेचिने गरेको छ । प्रदेश सरकारले जुन मेहनतका साथ नीति तथा कार्यक्रम ल्याएको छ त्यसमा धेरै कुराहरु राम्रो र धेरैकुरा समेटिएको छ । यो सरकारलाई धन्यवाद दिन चाहाँन्छु । धन्यवाद

**माननीय श्री हर्क बहादुर कुवँरः-** माननीय सभामुखज्यू, सर्वप्रथम आनै लागेको २०७५ सालको शुभकामना व्यक्त गर्दछु । यो २०७५ साल विकासको साल बनोस भन्ने कामना गर्न चाहाँन्छु । यहाँ सम्म ल्याउने सहिदलाई पनि सम्झीन चाहाँन्छु । सभामुख महोदय यो नीति तथा कार्यक्रम पत्र प्रस्तुत भएको छ । यो नीति तथा कार्यक्रमलाई समर्थन गर्न चाहाँन्छु । यो प्रस्तुत कर्तालाई धन्यवाद दिन चाहाँन्छु । ६ नम्बरमा धेरै कुरा लेखिएता पनि जिल्ला प्राविधिक कार्यालय थप्नु पर्ने आवश्यकता मैले ठानेको छु । किन भन्दा तीन महिने कार्यक्रम भएकाले प्राविधिलाई

परिचालन र उसँग स्रोत साधन भएको कारणले यो प्राविधिक कार्यालयलाई जिम्मा दिने भन्ने थपेको भए धेरै राम्रो हुन्थ्यो । यसमा समेट्नको लागि अनुरोध गर्न चाहाँन्छु । धेरै कुरा माननीयज्यूलेबाट आइसकेको छ । केही कुरा सुझावको रुपमा राख्न चाहेको छु । हामीले दलितका वारेमा धेरैकुरा राखेको छौ । यो कार्यपत्रमा दलितका वारेमा बोलेतापनि कस्तो कार्यक्रम लिने भन्ने बोलेको छैन । दलितका वारेमा तीन महिना भित्र अध्ययन गरेर यो प्रदेशमा दलित दाजुभाई लालपुर्जा विहिन छन् त्यसमा वारेमा यो कार्यपत्र बोलोस भन्ने मेरो अनुरोध छ । यो प्रदेशमा नौ जिल्ला बनेर प्रदेश बनेको छ । बजारमा दिनानुदिन भाउ बढिरहेको छ । कालो बजारी तस्करी भइरहेको छ । त्यसकारले यो प्रदेशमा हाटबजारको लागि यो कार्यपत्रले सम्बोधन गरोस् भन्ने मेरो अनुरोध छ । हामीले पर्यटनका क्षेत्रमा समेटे पनि यो तीन महिनाभित्र सर्भे गरेर कहाँ कस्ता प्राकृतिक चिज छन भनेर पत्ता लगाउने एउटा विज्ञ आयोग पनि समेटियोस भन्न चाहाँन्छु । हामीले धेरै कुरा जनताका बीमा बोलेका छौं धेरैकुरा पिछडिएका जनताका बीचमा राखेका थियौं । अहिले पनि पिछडिएका क्षेत्रमा वस्ने जनताको लागि केही साधन स्रोत त्यहाँका जनताको लागि जीवनस्तर माथी उठाउनको लागि पनि यो तीन महिने कार्यक्रमले नपुगेतापनि यही नीति तथा कार्यक्रमले आउने २०७५।०७६ को कार्यनीतिमा समावेश होस र युवाहरकालागि पनि नयाँ थपीयोस भन्ने सुझाव दिन चाहाँन्छु । प्रदेश नं. ७ मा रहेको अछाम जिल्लाको काडागौरा भन्ने ठाउमा अहिले पनि नेपाली नागरिक जंगलमा विताइरहेको राउटे जातीका समुदायलाई पनि यो नीति तथा कार्यक्रममा उहाँहरुलाई पनि सम्बोधन गर्ने सकियोस भन्ने म सभामुख मार्फत अनुरोध गर्न चाहाँन्छु । हिउदे वालीमा असिना पिडित भएको क्षेत्रमा डोटी र अछाममा केही साथीहरुले ज्यान गुमाउनु भएको छ । चट्याङ्ग लागेर हिउँदे बालीमा खडेरी लागेको छ । जनताले खानेबेलामा खडेरीका साथै असिना पानीले क्षती पुऱ्याएको छ । त्यसकालागि पनि यो नीति तथा कार्यक्रमले राहतको व्यवस्था गरी ति जनतालाई सम्बोधन गरोस भन्ने मेरो माग गर्न चाहाँन्छु । हामी पर्यटनका क्षेत्रमा पर्यटन पर्यटन भनेर बोलिरहेका छौं । पर्यटन पर्वदनका लागि त्यसै बोलेर हुदैन यसका पूर्वाधारका लागि पर्यटकलाई यो प्रदेशमा भित्रयाउनको निम्ति त्यसका लागि पनि पूर्वाधारको आवश्यकता पर्छ । त्यसैले विद्यालयमा ४५ मिनेट पर्यटनका लागि कक्षा सञ्चालनको लागि माग राखे शिक्षा क्षेत्रमा यो लागु होस । जनतालाई मेडिकल मात्र होइन अरु क्षेत्रमा अरु प्रदेशमा जस्तै आयुर्वेदीक माबी यो क्षेत्रमा स्थापना गर्न सके यो कार्यपत्रमा यसलाई पनि समेट्नु पर्छ भन्ने मेरो अनुरोध र सुझाव दिन चाहाँन्छु । संविधानतः नेपाली जनताले पसिना र रगतले रचेको ऐतिहासिक देश हाज हामी आर्थिक राजनीतिक प्राप्त गरिसकेका छौं । त्यहीअनुरुप आर्थिक रुपबाट स्वाबलम्बन बन्नको लागि यो प्रदेश सभामा विकासका ढोका र केही आर्थिक उन्नती गर्न जरुरी छ । त्यो जनताको बीचमा हामीले छाप छोड्नु जरुरी छ । यो प्रदेशले केही महत्वपूर्ण कुरा उठाएको रहेछ भन्ने जनताको बीचमा जाओस भन्ने खालले विगतमा केन्द्रको सरकारले गरेका काम पनि यही सरकारले सम्बोधन गरोस भन्ने चाहाँन्छु । यो सेती लोकमार्गमा चार धाम मध्येको बैजनाथ धाम एक त्यहाँबाट मानसरोवर जाने बाटो भएकोले अहिले यो कार्यपत्रमा दिर्घकालिन वा अल्पकालीन यो कुरालाई पनि त्यसमा जोड दिइयोस् भन्ने म अनुरोध गर्न चाहाँन्छु । खुटीया नदी देखि डोटी सम्मको पनि यो सरकारले गरोस भन्ने सुझाव दिन चाहाँन्छु । चिसापानी जंगलघाट हुदै विगतमा ट्रयाक खुलेको ठाउमा यो सरकारले पनि ढोका खोलोस भन्ने म अनुरोध र प्रस्ताव गर्न चाहाँन्छु । कञ्चनपुर कैलालीमा छाडा चौपाया बाटोमा छोडिएका छन् कतिपय एक्सीडेन्ट भए कतिपय हुनेक्रममा छन् । गाइगोरु बाटोमा बसेका छन सजीलो होस भनेर ती छाडा चौपाया गोरुलाई एकठाउमा जम्मा गएर सरकारी जग्गामा व्यवस्थीत गर्नको लागि यो कार्यपत्रमा सम्बोधन होस भन्न चाहाँन्छु । हामी कस्तुरीको अवस्थामा घुमीरहेका छौं । हामीले जनताको पक्षमा काम गऱ्यौ भने निश्चीतरुपमा हामी यो प्रदेशलाई स्वाभीमानी बनाएर आत्मनिर्भर बनाएर एक नम्बरमा लैजान सक्छौ भन्ने मलाई विश्वास लागेको छ । अछाम जिल्लामा रहेको नौमुठा गाई नासीदै गइरहेको छ । त्यसलाई जगेर्ना गर्नको लागि यो कार्यपत्रमा समेटियोस भनी अनुरोध गर्न चाहाँन्छु । यो प्रदेशमा बाटोमा फोहोरका डङ्गुर छन् । डम्पीङ्ग साइटको लागि यो कार्यपत्रमा समेटियोस भनी अनुरोध गर्न चाहाँन्छु । युवालाई दक्ष र आत्म निर्भर गर्नको लागि यो कार्यपत्रमा समेटियोस भन्न चाहाँन्छु । यो तीन महिनामा जनताले प्रत्यक्ष देखिने खालको समेट्यौ भने अहीले सबैको भावना एउटै छ । हामीले कसरी ७ नम्बर प्रदेशलाई अगाडि बढाउन सक्छौं । हामीलाई विगतका दिनले पनि घोच्न सक्छ किनकी हामी पिछडीएका गाउँठाउँका जनताहौ र तिनकै जनप्रतिनिधि हौ । हामीले अगाडि बढेर जनताका समस्यालाई तत्कालरुपमा कसरी अगाडि बढाउन सकिन्छ भनेर यो कार्यपत्र प्रस्तुत कर्ता मुख्यमन्त्रीज्यू लगायत अरु मन्त्रीज्यूलाई धन्यवाद दिन चाहाँन्छु । धन्यवाद ।

माo सदस्यहरू,

अर्को बैठक २०७५ साल बैशाख ३ गते बस्ने भएकोले मिति २०७५साल बैशाख ३ गते सोमवार दिनको १:०० बजे सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न १:२७ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७५/ ०१ /०३**
**पहिलो अधिवेसन**
**(पन्ध्रौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको १:०९ बजे**

मा० सदस्यहरु,

यस सभाको पन्ध्रौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

प्रदेश प्रमुखको कार्यालयबाट मिति २०७४।१२।३० च.नं. ७६ को पत्र प्राप्त हुन आएकोछ । उक्त पत्र म, पढेर सुनाउछु ।

विषयः- विधेयक प्रमाणिकरण गरी पठाइएको ।

श्री प्रदेश सभा सचिवालय

प्रदेश नं. ७, धनगढी ।

नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष पेश भएको "प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमति तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४" माननीय प्रदेश प्रमुखज्यूबाट संविधानको धारा २०१ को उपधारा २ बमोजिम प्रमाणिकरण गरिएको छ । प्रमाणिकरण गरिएको विधेयक थान-१ (एक) यस कार्यलयको अभिलेखमा राखी थान-४(चार) यसै साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

युवराज सुवेदी
सचिव

(पढी सकेपछि)

मा० सदस्यहरू,

अब, म मुख्यमन्त्री माननीय त्रिलोचन भट्ट लाई मिति २०७४।१२।२९ र ३० गते प्रदेश सरकारको नीति तथा कार्यक्रम माथी सभामा भएको छलफलमा उठान भएका प्रश्नहरूको जवाफ दिन अनुमती दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री त्रिलोचन भट्टः-** माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरु, हाम्रो देशमा जनताबाट चुनिएका प्रतिनिधिबाट बनेको संविधान संविधान सभाबाट जारी भएको संविधान जारी भए पछि तीन वटै तहका निर्वाचन सम्पन्न भई सकेपछि सरकार गठन भएका छन् । संविधानले परिकल्पना गरेको संघीयता अनुसार हाम्रो देशमा ७ वटा प्रदेश त्यसमा हाम्रो ७ नम्बर प्रदेश पहिलोचोटी यो गरिमामय संसदमा सरकारको तर्फबाट बाँकी रहेको ७४/०७५ को बाँकी बजेटको नीति तथा कार्यक्रम यो सम्मानीत सदनमा २०७४ २८ गते राखेका थियौ र यो सद्न मलाई आफैमा गर्व पनि लागेको थियो । किनभने हामी पहिलोचोटी संघीयतामा गयौ यसको अभ्यासमा हामी अगाडी छौं सरकार गठन भयो र सरकारले बाँकी रहेको बजेटको लागि संघीय सरकारले दिएको बजेटलाई प्रदेश सरकारको सक्षिप्त एउटा नीति तथा कार्यक्रम यो सद्नमा पेश गर्न पाउदा स्वभाविकरुपमा एउटा कुराको अभ्यास गरिराखेको हुनाले पनि एउटा अभ्यासको साथमा आगामी दिनमा यो प्रदेशको समग्रह विकास उन्नती यहाँ विगत देखि हामीले नपाएको विकास अब हामीले अफै गर्नु पर्ने यो दायित्व जिम्मेवारी हामी सबैको काधमा आएकोले पनि हामीले यहाँको समग्र विकासको छलफल गर्ने कुरा बहस गर्ने कुरा नयाँ ल्याउने कुरा र हामीले जनतालाई विकासको अनुभूती हुने गरेर विकास दिने कुरा नै हाम्रो मुख्य दायित्व हो र त्यो दायित्वलाई बोधगरेर सरकार तर्फबाट नीति तथा कार्यक्रम ल्यायौ र यो नीति तथा कार्यक्रम सक्षिप्त कुराहरु जो तत्काल पहिलो कुरा त यसमा हामीले बनाउनु पर्ने कानून विधि प्रक्रियाहरु वसाल्नु पर्ने एउटा सिस्टम यो कुरालाई जोड गरेको कुरा

म स्पष्ट नै छ । यो सँगै हामीले तत्काल गर्न सक्ने कुराहरु प्रदेशको सरकार गठन भइसकेपछि आम जनताका अपेक्षाहरु बढेका छन् चाहाँनाहरु बढेका छन् । यसलाई पुरा गर्न हामी नसकुला तर तत्काल सम्बोधन गर्ने कुरा प्रदेश सरकार बनिसकेपछि प्रदेश सरकारले के गर्न सक्छ भन्ने कुरा जनतालाई पनि दिन पर्ने र हामीले धेरै कुरा गर्नु छ । भोलि ल्याउने २०७५।०७६ को बजेटमा नीति तथा कार्यक्रममा हामीले वृहत्त छलफल गरेर अगाडि बढ्नु पर्ने र हामीले र्वहत्त योजना ल्याउने पर्ने हाम्रो प्रदेशलाई कसरी एउटा राम्रो विकासको बाटोमा कसरी अगाडि बढाउन सक्छौं । राम्रो कानून निर्माण गरेर विधि राम्रो निर्माण गरेर विगत देखि जुन कुराबाट हामी पीडित रहेयौ उपेक्षित रहेयौ त्यो कुरा भोली नहोस भनेर हामीले जानु पर्ने आवश्यकता छ । यो कुरालाई पनि हामीसबैले बोध गरेका छौं त्यसकारणले सम्मानित सद्नबाट उठेका कुराहरु सम्माननीय सद्नबाट आएका सुझावहरु र भोलि हाम्रो प्रदेशलाई कसरी लगेर जाने भन्ने कुराहरु जो उठेका छन् स्वागत योग्य छ र म यसलाई स्वागत गर्न चाहाँन्छु । हामीले यो प्रदेशलाई बनाउने क्रममा पक्ष र विपक्ष नभनेर हामी एकरुपताको साथ जानु पर्छ भने र सबैका भावनाहरु व्यक्त भए यसलाई म स्वागत गर्न चाहाँन्छु धन्यवाद दिन चाहाँन्छु । हामीले जो कुरा हरु उल्लेखित गरेका छौ । जो कुराहरु लेखिएको छ । कैयौ चिजहरु संविधानले हामीलाई दिएको अधिकार जो हामीले प्रयोग गर्नु पर्ने कुरा कानून बनाएर विधिमा ल्याउनु पर्ने कुरा कैयौ कुरा संघीय सरकारसँग समन्वय गरेर जानुपर्ने कुरा कयौ कुराहरु जो संविधानले हामीलाई अधिकार दिएको छैन् । त्यो कुरा संघीय सरकारसँग नै सहयोग गर्ने कुरा संविधानमा स्पष्ट लेखिएका छन् । त्यो अनुसार नै हामीले अगाडि बढेर जानु पर्ने हुन्छ । हामी तिव्र गतिमा कामगर्नु पर्ने हुन्छ र जनताको आशा पनि त्यही छ । तर कैयन चिजहरु केन्द्रसँग जोडिएको कारणले पनि प्रदेश सरकारले तिब्र गतिमा कानून निर्माण गर्नु पर्ने कुरा केन्द्रसँगै कानून बनाउनु पर्ने कन्द्रको कानून आइसकेपछि हामीले अगाडि बढाउनु पर्ने परिस्थीति साधनस्रोतको अभाव नयाँ संरचना र नयाँ परिस्थितिमा अगाडि जानु पर्ने र हामी सबै सिक्दै छौं कोही पनि विज्ञ छैनौ त्यसकारणले पनि यि सबै कुरालाई मध्यनजर गरेर हामीले आफ्ना क्रियाकलाप र गतिलाई अगाडि बढाउनेमा सरकार सदैव तयार छ र त्यसको लागि हामीले सबैबाट सहयोगको अपेक्षा राखेका छौं । माननीय सांसदज्यूले धेरै कुरा उठाउनु भएको छ । धेरै सुझाव दिनु भएको छ । धेरै महत्वपूर्ण करा उठाउनु भएको छ । चाँहे त्यो स्वास्थ्य तर्फ होस् चाहे शिक्षा तर्फ होस् चाहे रोजगारी तर्फहोस् चाहे कृषि तर्फ होस् । चाहे त्यो हाम्रो यहाँ सुशासन र भ्रष्टाचारलाई रोक्ने कुरा होस यि सुझावहरु आएका छन् यि उठान भएका छन् यसले यो सरकारलाई थप बल पुगेको छ मैले यसलाई यसरी बुझेको छु । सबै सांसदज्यूले जो कुरा एकदमै गम्भीर छलफल चलाएर सौहार्दपूर्ण तरिकाले जो कुरा उठाउनु भएको छ त्यसले सरकारलाई बल पुगेको छ । हामीले अब बनाउने नीति तथा कार्यक्रम ७५।७६ को नीति तथा कार्यक्रम बनाउदाखेरी वृहत्त बनाउदाखेरी हामी पक्ष विक्ष नभनिकन छलफल गरेर योजनाएर अगाडि जानेकुरा नै सत्यकुरा हो । त्यसरी हामी जाने सोचमा छौं । जुन सुझावहरु आएका छन् यि पनि सरकारको लागि महत्वपूर्ण भएको कारणले पनि हामीले त्यसलाई सहजरुपमा लिएका छौं र सरकार प्रतिवद्ध छ । यसकालागि तपाईहरुलाई धन्यवाद दिन चाहाँन्छु । एउटा कुरा यहाँ उठेको छ खास गरेर हाम्रो देशसँग उठेको सीमाना नाका छन त्यसको वारेमा हाम्रो संविधानले दिएको अधिकारको कुरा सीमाना सम्बन्धी होस नाका सम्बन्धी होसयो प्रदेशलाई अधिकार छैन संविधान त र हामीलाई मैले के मात्र राख्न खोजेको हो भने त्यहाँ रहेको अस्तव्यस्तता समस्याहरुलाई त्यसलाई रोक्नको लागि प्रदेश सरकारले गर्ने भन्ने कुरा मात्रै हामीले त्यहाँ राखेको थियो । केही सुझावहरु आएका छने मैले भनी सके ति सुझावहरु महत्वपूर्ण छन् । हामीले हाम्रो प्रदेशलाई विकासको गतिमा अगाडि लैजानको लागि हाम्रो प्रदेशमा रहेका दुईवटा राष्ट्रसँग जोडिएका सीमानाहरुलाई नाकाहरुलाई केन्द्र सरकारले व्यवस्थित रुपबाट खोल्नु पर्छ भन्ने कुरा हाम्रो माग हो । सांसदज्यूले पनि उठाउनु भएको छ । प्रदेश सरकारको तर्फबाट यो क्षेत्रमा रहेका नाकाहरु र अब उठान गर्नु पर्ने र व्यवस्थिति गर्नु पर्ने नाकालाई खोल्नका लागि र यिनलाई व्यवस्थित र सुचारु गर्नको लागि केन्द्र सरकारसँग आग्रह गर्नको लागि तपाईको सुझाव सहितको आग्रह गर्न प्रदेश सरकार तयार छ । संक्षिप्त नीति तथा कार्यक्रम भएकोले कयौ चिजहरु छुटेका छन् । कयौ चिजहरु ठूलो परियोजनामा पार्नु पर्ने कारणले पनि हामीले त्यो अहिले नै राख्नु पर्ने त्यती आवश्यक थिएन त्यसैले हामीले यसलाई संक्षिप्त रुपबाट ३ महिनाको लागि भने हामीले ल्यायौ त्यसकारणले यसलाई यो तीन महिनामा केही कुराहरु पछिको लागि पनि गाइडलाईनको लागि रहने कुरा छदैछन् । मुख्यत यो तीन महिनाको नीति तथा कार्यक्रम हो त्यसैले यसलाई यही अनुसार बुझ्न म सबै माननीय सांसदज्यूलाई आग्रह गर्न चाहाँन्छु र यसलाई कार्यन्वयनको कुराहरु महत्वपूर्ण कुरा उठाउनु भएको छ । विगतमा पनि हामीले नीति तथा कार्यक्रम सुन्यौ पढ्यौ केन्द्र सरकारका सुन्य र पढ्ने गर्थ्यौ । तर अन्तमा कार्यान्वयनमा जाने कुरा फितलो हुने कुरा कार्यान्वयन नहुने कुरा यो अहिले सम्मको समस्याको कुरा हो । यो सबैले बुझेका छौं । तर मलाई लाग्छ,

तपाईहरुको सुझाव सल्लाह पाइसकेपछि मलाई के आट आएको छ भने एउटा विश्वास के पैदा भएको छ भने सरकारले यो नीति तथा कार्यक्रम सरकारले लागू गर्न सक्छ । तपाइहरुको सहयोग सहित हामी लागू गर्न सक्छौ र मलाई आँट आएको छ । विगतमा जे कमी रहे त्यो कमीबाट हामीले पाठ सिकेका छौं । त्योबाट हामी माथि उठेका छौं । हामी सफ गर्न सक्छौं । छिटो भन्दा छिटो कार्यान्वयनमा जानको लागि अहिले यो कुन तहमा जाने भन्ने हामी छलफल गरिराखेका छौं यद्यपी नीति तथा कार्यक्रममा हामीले केही उल्लेखित पनि गरेका छौं तर के राम्रो हुन्छ कसरी जान सकिन्छ ? हामी अझ फेरी माननीयज्यूसँग छलफल गरेर यसलाई जति बजेट भए पनि जनताको बीचमा एदमै राम्रो तरिकाले छिटो भन्दा छिटो तरिकाले जान सकोस भन्ने कुरा नै सरकारको मुख्य सोच हो र यसलाई त्यहाँ सम्म पुऱ्याउनको लागि सबैको साथ सहित हामी जानसक्छौ भन्ने कुरा आट छ । र यो सँगसँगै स्वास्थ्यको कुरा मैले भने हस्पीटल भए पनि डाक्टर त्यहाँ ल्याउन सकिएको छैन । तर यसलाई हामीले कसरी व्यवस्थीत गर्न सक्छौ मैले एउटा कुरा राखेको छु त्यो कुरा भनेको स्वास्थ्य भनेको आम जनसमुदायको लागि त्यो लाई दूरदराजमा रहेका जनतालाई कसरी पुऱ्याउन सक्छौं । यसलाई आगामी कार्यक्रममा यसलाई ल्याउछौं । कम्सेकम अहीले त्यसको सुरुवात र अनुसन्धान गर्न सक्यौ भने कुन ठाउँमा हस्पीटल, स्वास्थ्यचौकी राख्नु पर्ने जनताको नजीक पर्ने गरेर हामी त्यसलाई माननीय सांसदज्यूबाट उठेको छ । त्यो कुरालाई सरकारले ध्यान दिने छ । शिक्षामा अहिले सम्म हाम्रो शिक्षा प्रणाली नै उचित छैन यो हामीले बुझेका छौं । यसलाई व्यवस्थीत गर्ने जिम्मा यो सदनको काधमा आएकोले हामीले यसलाई व्यवस्थीत गर्ने कुरा र दुरदराजका जनताले पनि कम्सेकम उच्च शिक्षा पाओस भन्ने त्यसकालागि कसरी ध्यान दिने भन्ने करामा पनि सरकार तयार छ । सबैको साथ सहित हामी जान तयार छौं । यसमा जातजातीका कुरामा संघीयताको मर्मनै जाती क्षेत्र भूगोल सम्मानीतरुपमा बोध हुने गरेर हामीले सर्भिस दिने कुरा गम्भीर भएर लाग्नेछौं । पिछडिएको जाती, समुदाय, वर्ग, क्षेत्र, महिलालाई लाई समेटेर जानेकुरामा हाम्रो वृहत्त योजना छ । महिला माथिको हिंसाको कुरामा हाम्रै प्रदेशमा हिंसाका कुरा छन् जोले गर्दा हामी सबैले सुन्नु पर्ने परिस्थीति बन्यो । महिलामाथी हुने हिंसा चाहेत्यो घरेलु हिंसा होस, चाहे सामाजिक हिंसा होस चाहे सोचको हिंसा होस त्यसलाई अन्त्य गर्नको लागि काननू मात्र नभएर जन अभियानको रुपमा जनप्रतिनिधिबाट सुरुवात गर्नु पर्छ भन्ने कुरा मुख्य कुरा हो । यसको लागि सरकार लाग्ने छ । कानून हिजो पनि बनेका छन यो रोक्नको लागि कडा भन्दा कडा कानून गरी लागु गराउने कुरा नै मुख्यकुरा हुन सक्छ । वनजंगलका कुरा जडिबुटीका कुरा उठेका थिए हामीलाई थाहाँ छ । अबको बजेटमा धेरै कुराहर व्यवस्थित गर्न नसक्ने परिस्थितिमा हो यो कुरा सबै माननीयज्यूले थाहा पाउनु भएको कुरा हो । हामीले कम्सेकम अनुसन्धान गर्ने कुराहरु वनलाई बचाउने कुरामा कडा भन्दा कडा कानून छन तर तस्करीलाई हामीले रोक्न सकेका छैनौ काठ तस्करी रोक्न सकेका छैनौ । वनजंगललाई बचाउन सकेका छैनौ । हामीले कानून मात्र कडा भएर नहुने रहेछ भनेर भन्ने कुरा देखिएको छ । यसको लागि जनस्तरबाटै सल्लाह सुझाव लिएर भोलि बनाउने कानूनमा जोड गर्ने कुरा हामीले कम्सेकम हाम्रो क्षेत्रमा रहेको बनजंगललाई विकास तथा व्यवस्थित गर्ने कुरा प्रदेशलाई हरियाली प्रदेशको रुपमा चिनाउनको लागि त्यसको लागि कानून र त्यो सम्बन्धी योजना तजुमा गर्ने कुरा नै मुख्य कुरा हो र यसमा जो सुझावहरु आएका छन त्यो सुझावलाई लिएर जान तयार छ । जडिबुटिका प्रशोधन केन्द्र बनाउनु पर्ने छ यो हाम्रो भोलिको कार्यक्रम हो यो बजेटले भ्याउने कुरा छैन । त्यसको लागि पनि सुरुवात गर्ने कुरामा हामीले सुरुवात गरेका गर्नु पर्छ । कुन जिल्लामा कुन जडिबुटी उत्पादन हुन्छ र त्यसलाई कसरी विकास गर्न सकिन्छ भन्नेकुरा नै मुख्य कुरा हो । यसको लागि पनि हामी प्रदेश सरकार अनुसन्धान गरेर योजना निर्माण गर्ने कुरामा अगाडि बढ्ने छौ । जलस्रोतका लागि महत्वपूर्ण कुराहरु आएका छन् सुझावको लागि हामीले पश्चिम सेती भन्दै वर्षौ बिते पञ्चेश्वर भन्दै बर्षौ बिते तर कहीले पनि सुरु भएन अहिले पनि प्रदेश सरकारको हातमा त्यो काम गर्ने अधिकार संविधानत हामीलाई छैन । तर हामीले कति गर्न सक्छौ । कुन जिल्लामा कति मेगावट निकाल्न सक्छौ हाम्रो प्रदेशले गर्नु सक्ने हाम्रो क्षमताले गर्न सक्ने क्षेत्रलाई अनुसन्धान गरेर हामीले त्यसको सुरुवात गर्नु पर्छ र त्यो अनुसन्धान गरेर नै भोलिको कार्यक्रम तयार गर्नु पर्छ भन्ने उद्देश्य सहित हामीले त्यो कुरालाई यहाँ राखेउ राम्रो सुझाव आएको छ । यसलाई यो सरकारको पुँजीकोरुपमा लिएर अगाडि जाने छौं । यो सँगसँगै पर्यटनको कुरा छ । पर्यटकीय क्षेत्रको विकास मुख्य कुरा हुन्छ । हाम्रो क्षेत्रमा पर्यटकीय स्थलहरु धेरै छन चाहे त्यो धार्मीक होस् चाँहे त्यो प्राकृतिक होस् । तर पर्यटकलाई त्यहाँसम्म पुऱ्याउने कुरा त्यो हामीसँग होटल छैन बस्ने खाने ठाउँछैन त्यसकारणले पर्यटकहरु त्यहाँ जादैनन् यो कागजमा मात्र सिमित गरेर मुख्ले भाषण गरेर नहुदो रैहेछ । त्यसको लागि हाम्रो मुख्य पर्यटकीय स्थलहरु कोहुन? त्यपछिका पर्यटकीय स्थलको हुन ? कहाँ हामी तत्काल काम गर्न सक्छौं कुन क्षेत्रमा आन्तरिक वा वाह्य पर्यटकलाई ल्याउन सक्छौं । त्यहाँ कम्सेकम सडक

पुऱ्याउने व्यवस्था गर्नु पर्छ । अर्को नीति तथा कार्यक्रममा वृहत नीति तथा कार्यक्रममा अगाडि बढ्नु पर्छ । अहिले त्यसको लागि छनौटको प्रकृया सोच र विधि निर्माण गुनु पर्ने कुरामा अगाडि बढ्नु पर्छ भनेर उल्लेखित गऱ्यौं । यसमा महत्वपूर्णकुरा माननीय सदस्यज्यूबाट आएका छन् । यो प्रदेशको विकास गर्ने भनेको एउटा सरकार एउटा व्यक्तिले गर्ने होइन यहाँ सबैको आवश्यकता छ । कृषिको को विषयमा हामीले विगत देखि उठाउदै आयौं कृषि प्रधान भन्दा आयौ तर कृषि प्रधान कहिल्यै बनाउन सकेनौ हाम्रो क्षेत्र जो तराई पहाड हिमालसँग बनेको हाम्रो प्रदेश छ । यहाँ मौसमी तथा बेमौसमी खेती हुन्छ । तराईका उत्पादन पहाड पहाडका उत्पादन तराइसम्म पुऱ्याउने वातावरण सरकारले बनायो भने हाम्रो कृषि उत्पादनलाई बैज्ञानिक तरिकाले अगाडि बढाउन सक्यो भने हामी सफल हुन्छौं । यो प्रदेशको मुख्य स्रोत कृषि नै हुन्छ । किसानमा चेतना गराउने कुरामा सरकारले वातावरण बनाउने छौं । यो प्रदेशका ८८ वटा स्थानीय तहमा माटो परिक्षण केन्द्र बनाउने निर्णय गरेका छौं । युवाहरु भारतलगायतका विभिन्न देशमा जानु पर्ने बाध्यता छ । यो कुरा हामी सबैले बुझेका छौं । युवाहरुलाई हाम्रो प्रदेशमा रोजगारीको व्यवस्थाको लागि निजी लगानीकर्तालाई प्रोत्साहन गर्ने गर्नु पर्छ । हाम्रो प्रदेशका लगानी कर्तालाई ल्याउनका लागि हामीले त्यो वातावरण बनाउनु पर्छ भन्ने कुरामा माननीय सदस्यहरुले सुझाव दिनु भएको छ । निजी लगानी कर्ता जग्गा उपलब्ध भयो भने विजुली उपलब्ध भयो भने सुरक्षाको ग्यारेन्टी भयो भने निजी लगानी कर्ता यहाँ लगानी गर्न सक्छ । त्यो वातावरण वनाउनको लागि सरकारले सदनबाट बन्ने कानूनमा सरकार अगाडि बढ्छ । आज भन्दा २० २५ वर्ष अगाडि बनेका सडकको क्षमता आज पुग्दैन । ट्राफिकको व्यवस्था गर्नु पर्ने छ । अस्तव्यस्त बसोवासलाई व्यवस्थीत गर्नुको लागि सहरको व्यवस्थापन गर्नु पर्ने कुरामा कानून बनाउने कुरालाई हामीले गम्भीर भएर जानु पर्ने छ । यो संक्षिप्त कार्यक्रम भएकाले वृहत कार्यक्रमका लागि अब आउने दिनमा ल्याउने नै छौं । अहिलेका सुझावलाई सरकारको पुँजीको रुपमा लिएर भोलिका दिनमा यसलाई कार्यान्वयन गर्नका लागि सरकाले प्रदेश सरकारले अनुभूती हुने किसमले सबैको साथ अनिवार्य छ । केन्द्र सरकारबाट आउने अनुदानको लागि पनि प्रदेश सरकारबाट केन्द्र सरकारलाई अनुरोध गर्ने छौं । केन्द्रीय सरकारबाट चलेका राष्ट्रिय गौरवका आयोजनाहरुलाई प्राथमिकतामा राख्नु पर्छ भनेर हामी सरकारबाट केन्द्र सरकारलाई अनुरोध गर्ने छौं । यहाँ उठेका मुख्यकुरालाई कसरी अगाडि बढाउने भनेर हामी फेरी आग्रह गर्ने छौं । यहाँका खानेपानी, कुरिती कुप्रथा अन्त्य गर्नको लागि हामी सबैले लाग्नु पर्ने अवस्था छ । यो कुरा सभामुख महोदय मार्फत तपाईहरुको बीचमा राख्न चाहाँन्छु । अन्तमा हामी साच्चै नयाँ परिवेशमा नयाँ जग बसाल्दै छौ । पक्ष प्रतिपक्ष नभनेर साझारुपबाट अगाडि बढाउनु पर्ने र सरकारको तर्फबाट कसैको पनि भावनामा चोट नगुग्ने गरी मैले काम गर्नको लागि सरकार तयार छ । यो ७ नम्बर प्रदेश सरकारको मात्र नभएर एउटा प्रतिपक्षको पनि हो यो जनताको हो र सबैको साझा बनाउनको लागि सबैले सरकारलाई सहयोग गर्नु भएको छ । अझ पनि सरकारले अपेक्षा गरेको छ । सबैलाई धन्यवाद दिन चाहाँन्छु । साझा विकासको हकमा पक्ष प्रतिपक्ष नभनेर सबैले बोध गरेर अगाडि बढ्ने छ । भन्दै विदा हुन्छु । धन्यवाद !

(जवाफ दिए पछी)

मा० सदस्यहरू,

अब, म “माननीय प्रदेश प्रमुख द्वारा प्रदेश नं. ७ को पहिलो अधिवेशनलाई २०७४ साल चैत्र २८ गते बुधवारका दिन गर्नु भएको सम्बोधनको लागि प्रदेश नं. ७ को प्रदेश सभाको यो बैठक माननीय प्रदेश प्रमुख महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।” भन्ने धन्यवादको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले “हुन्छ” भन्नुहोला । यसको विपक्षमा रहनुहुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

धन्यवादको प्रस्तावको पक्षमा हुने मा० सदस्यहरू “हुन्छ” भन्नुहोस् ।

(“हुन्छ” भनेपछी ।)

धन्यवाद प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू “हुन्न” भन्नुहोस ।

(“हुन्न” भन्ने आवाज नसुनिएपछि ।)

"हुन्न" भन्ने आवाज सुनिएन, तसर्थ "माननीय प्रदेश प्रमुख द्वारा प्रदेश नं. ७ को पहिलो अधिवेशनलाई २०७४ साल चैत्र २८ गते बुधवारका दिन गर्नु भएको सम्बोधनको लागि प्रदेश नं. ७ को प्रदेश सभाको यो बैठक माननीय प्रदेश प्रमुख महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।" भन्ने धन्यवादको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

आजको बैठकको कार्बाही यँही समाप्त हुन्छ, अर्को सूचना प्रकाशित नभएसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्ह १:४४ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७५/ ०१ /०९**
**पहिलो अधिवेसन**
**(सोह्रौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको ३:०१ बजे**

मा० सदस्यहरु,

यस सभाको सोह्रौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०७५।०१।०६ च.नं. २१९ को पत्र प्राप्त हुन आएको छ । उक्त पत्रको व्यहोरा म, पढेर सुनाउछु ।

विषयः- विशेष समय उपलब्ध गराउने सम्बन्धमा ।

श्री माननीय सभामुखज्यू,

प्रदेश नं. ७, धनगढी, नेपाल ।

उपरोक्त सम्बन्धमा चालु आर्थिक वर्ष २०७४/०७५ को बाँकी अवधिको लागि प्रदेश नं. ७ को प्रदेश सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश सभामा बजेट प्रस्तुत गर्नु पर्ने भएको हुँदा उपरोक्त महत्वपूर्ण सार्वजनिक विषयका लागि आगामी २०७५ साल बैशाख ९ गते आइतवार प्रस्तुत गर्ने गरी प्रदेश सभामा विशेष समय उपलब्ध गराइ दिन हुन अनुरोध गर्दछु ।

(झपट बहादुर बोहरा)

माननीय आर्थिक मामिला तथा योजना मन्त्री

(पढी सकेपछि)

मा० सदस्यहरू,

अब, विशेष समय सुरुहुन्छ । आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई चालु आ.ब. २०७४/०७५ को बाँकी अवधीको लागि प्रदेश नं. ७ प्रदेश सरकारको राजस्व र व्ययको अनुमान विवरण (बजेट) सभा समक्ष प्रस्तुत गरि टेबुल गर्न अनुमती दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बाहादुर बोहराः-** माननीय सभामुख महोदय,

१. आज बैशाख ९ गते, म प्रदेश नं. ७ को आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रदेश सरकारको पहिलो बजेटको रुपमा चालु आर्थिक वर्ष २०७४/७५ को बजेट प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उभिएको छु । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका मुक्तिका संघर्षहरूमा आ-आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरूप्रति श्रद्धासुमन सम्मान प्रकट गर्दछु । नेपालको राजनीतिक(सामाजिक परिवर्तनमा युगान्तकारी नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रज विर योद्धाहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

२. इतिहासको विभिन्न कालखण्डमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई मुलुक एकात्मक राज्य व्यवस्थाबाट संघीयतामा प्रवेश गरेको छ । संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई प्रदेश सरकारले संवैधानिक रुपमा आफ्नो कार्यको थालनी गरिसकेको छ । संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारले प्राप्त गरेको अधिकारको समुचित प्रयोगबाट यस प्रदेशलाई समृद्ध प्रदेशको रुपमा स्थापना गर्न हामी सबैले कठिन परिश्रम गर्नु पर्ने हुन्छ । साथै विद्यमान चुनौतीलाई अवसरको रुपमा रुपान्तरण गर्न हामी सबैको दायित्व पनि हो भन्ने कुरामा अतिशयोक्ति नहोला ।

३. नेपाल सरकारको पहिलो बजेट प्रस्तुत भएको ६७ बर्षपछि आज प्रदेश नं ७ को ऐतिहासिक पहिलो बजेट प्रस्तुत गर्न पाउँदा म ज्यादै गौरवान्वित भएको महशुस गरेको छु ।

४. प्रदेश तथा स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफै संलग्नस हुने वातावरण बनेको छ । यसलाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रूपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको प्रदेशको तीव्र र समानुपातिक आर्थिक विकास नै हो । आत्मनिर्भर, स्वाधीन र समाजवाद उन्मुपख अर्थतन्त्रै निर्माण हामी सबैको साझा लक्ष्य हो ।

५. प्रदेश सरकार गठन भई कार्य प्रारम्भ भइसकेको अवस्थामा प्रदेशको आर्थिक, सामाजिक र शासकीय व्यवस्था प्रभावकारी रूपमा अगाडि बढाउन यो बजेट प्रदेश सभामा पेश गरेको छु । अल्प समयको लागि भए तापनि चालु आर्थिक वर्षको बाँकी अवधिको लागि प्रस्तुत गर्न लागिएको यो बजेट प्रदेशको आर्थिक समृद्धितर्फको यात्राको जग बसाल्न कोशेढुङ्गा सावित हुने कुरामा म विश्वस्त रहेको छु ।

६. नेपाल सरकारको वित्त नीति र नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिसँग तादाम्यता कायम हुने गरी चालु आर्थिक वर्षको बजेट तयार गरेको छु ।

७. चालु आर्थिक वर्षको बजेटको स्रोत यस प्रदेशलाई संघीय सरकार मार्फत प्राप्त समानीकरण अनुदान मात्र रहेको छ । सिमित वित्तीय स्रोतबाट जनताले अपेक्षा गरेका विकासका असिमित चाहनाहरू परिपूर्ति गर्न नसकिने कठिन चुनौती हाम्रो सामु छ । तथापी, उपलब्ध स्रोत र साधनलाई जनअपेक्षा अनुकूल प्राथमिकीकरण गरी स्रोत व्यवस्थापन गर्न यथेष्ट प्रयत्न गरेको छु ।

८. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख सिद्धान्तलाई टेवा पुर्याउनको लागि सार्वजनिक, सहकारी र नीजि क्षेत्र समेतको तीनखम्बे आर्थिक नीतिलाई आत्मसात गर्ने मूल उद्देश्य लिई यो बजेट तयार गरी प्रस्तुत गरेको छु ।

९. चौधौं योजनाले परिलक्षित गरेका उद्देश्यहरू, सन् २०२२ सम्म नेपाललाई अति कम विकसित मुलुकबाट विकासशिल राष्ट्रमा परिणत गर्ने एवं दिगो विकासका लक्ष्यहरू हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्ने दिशा तर्फ सघाउ पुग्ने गरी कार्यक्रम तर्जुमा गरेको छु ।

माननीय सभामुख महोदय,

बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि प्रदेशको वर्तमान आर्थिक स्थिति र अर्थतन्त्रका परिसूचकहरूको बारेमा संक्षेपमा समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०. प्रदेश संरचना हालै गठन भई संघीयता कार्यान्वयनको सुरूवात हुँदै गरेको अवस्थामा प्रदेशको आर्थिक परिसूचकहरूको यकिन तथ्यांक प्रक्षेपण गर्न कठिन छ । यस गरिमामय सभामा २०७४ चैत्र २५ गते प्रस्तुत गरिएको श्वेतपत्र मार्फत प्रदेशको वर्तमान आर्थिक अवस्थाका बारेमा जानकारी गराईसकेको छु ।

११. नेपाल मानव विकास प्रतिवेदन, २०१४ अनुसार नेपालको कूल ग्राहस्थ उत्पादनमा यस प्रदेशको ६.३७ प्रतिशत योगदान रहेको देखिन्छ, जसमा प्रदेशको हिमाली क्षेत्रको ०.८१ प्रतिशत, पहाडी क्षेत्रको १.८० प्रतिशत र तराई क्षेत्रको ३.७५ प्रतिशत योगदान रहेको देखिएको छ ।

१२. राष्ट्रिय योजना आयोगले हालै सार्वजनिक गरेको नेपालको बहुआयामिक गरिबी सूचक २०१८ अनुसार प्रदेश नं. ७ को बहुआयामिक गरिबी सूचक ०.१४६ र गरिबीको रेखामुनी रहेको जनसंख्या ३३.५६ प्रतिशत रहेको देखिएको छ ।

१३. प्रदेश सरकारसँग हाल आवधिक विकास योजना नभएको र प्रदेश सरकारले कार्यारम्भ गरेको छोटो अवधीमा भएको खर्चलाई आधार मानी आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण गर्नु व्यवहारिक नहुने भएकोले मध्यमकालीन खर्च संरचना तयार गरिएको छैन ।

१४. कृषि क्षेत्रमा मुख्य रुपमा आश्रित यस प्रदेशका जनसंख्याको ठूलो हिस्सा कृषि पेशामा संलग्न भए तापनि यस क्षेत्रका १४.४ प्रतिशत सक्रिय जनसंख्याले मात्र कृषि क्षेत्रबाट आय आर्जन गर्दै आएका छन् ।

१५. यस प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरू मध्ये हालसम्म ३४ वटा स्थानीय तहमा मात्र वाणिज्य बैंकका शाखाहरू स्थापना भएका छन् । प्रदेश क्षेत्रमा बैंक तथा वित्तिय क्षेत्रको पहुँच न्यून भए तापनि बैंक तथा वित्तिय संस्थाहरूको शाखा अधिकांश स्थानीय तहमा शिघ्र विस्तार हुन गई रहेका छन् ।

माननीय सभामुख महोदय,

१६. प्रदेश सरकारले संघीयता कार्यान्वयनको लागि प्रदेशभित्रका स्रोतहरू परिचालन गरी समृद्धि हासिल गर्न सकिने प्रचुर सम्भावना हुँदाहुँदै पनि प्रदेशको अर्थतन्त्र  चुनौतिरहित भने छैन । अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरू यसप्रकार प्रस्तुत गरेको छु ।

(क) भर्खरै गठन भएका स्थानीय र प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्य जटिल छ ।

(ख) प्रदेशको राजस्व क्षमता न्यून रहेको अवस्थामा जनताको विकासप्रतिको तिव्र माग र प्रदेशको स्रोत साधनको उपलब्धता बीचको खाडल पूर्ति गर्ने कार्य सहज देखिदैन ।

(ग) प्रदेश सरकारले कार्य सुरूवात मात्र गरेको अवस्थामा कार्यान्वयन इकाईहरू खडा गरी विकास निर्माणका क्रियाकलापहरू जनताको घर आँगनमा पुर्यामउनु पर्ने अबस्था छ ।

(घ) एकातर्फ निर्वाहमूखी कृषिलाई व्यवसायिक कृषिमा रूपान्तरण गरी कृषि क्षेत्रको विकास र विस्तार गर्नु छ भने अर्को तर्फ सोही क्षेत्रमा कढधार विस्तार गर्ने कार्य पनि सहज छैन ।

(ङ) उत्पादनका साधनहरूमाथि पहुँच वृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नुपर्ने चुनौति छ । यसैगरी, उचित बजार व्यवस्थापनका माध्यमबाट उत्पादनको आन्तरिक तथा बाह्य बजार सुनिश्चिगत गर्ने कार्य पनि उत्तिकै चुनौतिपूर्ण रहेको देखिन्छ ।

(च) संघ, प्रदेश तथा स्थानीय सरकारको संरचनामा मुलुक रूपान्तरित भै सकेको अवस्थामा तीनवटै तहमा सहकारीता, समन्वय र सहअस्तित्वको सिद्धान्त अनुरूप कार्य सञ्चालन गर्नु सजिलो छैन ।

(छ) सबै आर्थिक कारोबारहरूलाई औपचारिक अर्थतन्त्रको दायरामा ल्याई आर्थिक कारोबारहरू बैंकिङ प्रणाली मार्फत् गर्ने र सबै नेपालीको बैंक खाता खोल्ने अभियानलाई सार्थक बनाउनु चुनौतिपूर्ण छ ।

(ज) कानूनको परिपालना, सेवा प्रवाहमा तदारुकता र सुदृढ सक्षम संस्थागत सुशासन कायम गर्ने कार्य पनि उत्तिकै जटिल देखिन्छ ।

(झ) सिमित वित्तीय स्रोत साधन, अल्प समयको वावजुत जनताका असिमित चाहना पुरा गर्ने कार्य पनि सहज छैन ।

माननीय सभामुख महोदय,

१७. हाम्रा सामु थुप्रै चुनौतिहरू रहेता पनि विद्यमान अवसरहरूको सदुपयोग र चुनौतिहरूको सामना गर्ने गरी चालु आर्थिक वर्षको बजेट तयार गरेको छु ।

यो बजेटका उद्देश्यहरू निम्न बमोजिम रहेका छन्

संघीयता कार्यान्वयनमा सहयोग गर्ने, प्रदेशस्तरीय निकायहरुको संरचनाको व्यवस्थापन गर्ने, दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्न प्रस्थानविन्दु तय गर्ने, सबै क्षेत्रको समानुपातिक विकास गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, विकास प्रक्रियामा अपनत्वबोध गराउन जनसहभागिता सुनिश्चित गर्ने ।

१८. यी उद्देश्यहरू हासिल गर्नका लागि चालु आर्थिक वर्षको बजेटका प्राथमिकताहरू देहाय बमोजिम निर्धारण गरेको छु ।

संघीयता कार्यान्वयनका लागि कानुनी तथा संस्थागत संरचना निर्माण, अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन आवधिक योजना निर्माण, गरिबी न्यूनीकरण गर्न लक्षित कार्यक्रम, कृषिमा आत्मनिर्भरता, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, विकासका पूर्वाधारहरुको प्रारुप तय गर्ने, जल, जंगल, जमिन, जडिबुटी, उद्योग र पर्यटनको वैज्ञानिक विकास गर्ने, आर्थिक असमानता हटाई समावेशी विकास गर्ने, प्रचुर सम्भावना भएका क्षेत्र पहिचान गर्ने ।

माननीय सभामुख महोदय,

अब म यिनै चुनौति, उद्देश्य र प्राथमिकतामा आधारित भई तयार गरिएको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१९. प्रदेश सरकारका संरचनाहरु भर्खरै स्थापना भएको तथा पूर्वाधारहरु समेत तयार भई नसकेको अवस्थामा आवश्यक पूर्वाधार संरचना निर्माण तथा सञ्चालनका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

२०. नेपालको संविधानको अनुसूची(६, ७ र ९ मा उल्लेख भएका प्रदेशको एकल अधिकारको सूची, संघ र प्रदेशको साझा अधिकारको सूची र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अन्तर्गतका कार्यहरू प्रदेश सरकारले कार्यान्वयन गर्न आवश्यक स्रोतको व्यवस्था गरेको छु ।

२१. नेपालको संविधान अनुसार प्रदेशको अधिकार सूचिमा रहेका अधिकारहरुको कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत संरचना र मानव संशाधन व्यवस्था गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२२. प्रदेश सरकार सञ्चालन गर्न आवश्यक पर्ने ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु तयार गर्न सबै मन्त्रालयहरुबाट खर्च गर्ने गरी आवश्यक बजेटको विनियोजन गरेको छु ।

२३. प्रस्तुत बजेटको स्रोत प्रदेशको संक्रमणकालीन व्यवस्थापनका लागि संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान मात्र रहेकोले स्थानीय तहहरुलाई अनुदान शिर्षकमा कुनै रकम विनियोजन गरिएको छैन । नेपालको संविधान बमोजिम वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड एवं अनुदानको सिफारिस गर्ने प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार प्रदेश अन्तर्गतका स्थानीय तहहरुलाई आगामी आर्थिक वर्षदेखि प्रादेशिक कानून बनाई वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड एवं अनुदान वितरण गरिने व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

माननीय सभामुख महोदय,

म अब कृषि तथा सहकारी क्षेत्रको सम्बन्धमा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२४. यस प्रदेश अन्तरगतका जिल्लाहरुमा स्थानीय तह, समुदाय, सहकारी संस्था, निजी क्षेत्रसँग साझेदारी गर्दै "परिवर्तित कृषि प्रणाली, मौसम सुहाउँदो खेती, माटो सुहाउँदो उत्पादन, उत्पादन अनुसारको बजार" भन्ने नारा

सहित "मुख्यमन्त्री कृषि कार्यक्रम" यसै आर्थिक वर्षबाट कार्यारम्भ गरिनेछ । यस कार्यक्रमको लागि रु ५० लाख विनियोजन गरेको छु ।

२५. कृषक र कृषकहरुको समूहलाई आवश्यक उन्नत बिउ, रासायनिक मल, आधुनिक यान्त्रिक उपकरण वितरण गर्न, व्यवसायिक पशुपंक्षीपालन, मौरीपालन, मत्स्यपालन, तरकारी, फलफूल खेती तथा नगदे बाली लगायत अन्य कृषिजन्य क्षेत्रहरुको प्रवर्द्धन गर्न रु ५ करोड रकमको एक कृषि अनुदान कोषको व्यवस्था गरेको छु । विषयगत मन्त्रालयले कार्यविधि बनाई प्रदेश मन्त्रिपरिषद् बाट स्वीकृत भए पश्चात् उक्त कोषबाट अनुदान वितरण गर्ने व्यवस्था मिलाएको छु ।

२६. कृषि क्षेत्रमा आत्मनिर्भर प्रदेशको रुपमा विकास गर्न आवश्यक नीति तथा कार्यक्रम तय गर्नका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु ।

२७. जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरी खाद्यान्न, तरकारी एवं फलफुलमा प्रयोग हुने विषादी नियन्त्रण गर्ने नीति लिइनेछ । साथै, आयात हुने खाद्य सामग्रीहरुको भन्सार नाकामा हुँदै आएको परीक्षणलाई थप प्रभावकारी बनाइनेछ ।

२८. समयमा नै कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी कृषि उत्पादनको उचित तरिकाले खरिद विक्रिको नियमन गर्ने प्रक्रियाको आवश्यक गृहकार्य यसै आर्थिक वर्षबाट सुरुवात गरिनेछ । कृषि उपजलाई सर्वसुलभ र सहज विक्रि वितरणका लागि कृषि बजारको अध्ययन गर्ने व्यवस्था मिलाएको छु ।

२९. यस प्रदेशलाई कृषि उपज, माछा, मासु, अण्डा, दुध र खाद्यान्नमा आत्मनिर्भर बनाउन आवश्यक रणनीतिक कार्ययोजनाको थालनी गरिनेछ ।

३०. कृषि एवं औद्योगिक उत्पादन प्रवर्द्धनका लागि मेला तथा प्रदर्शनीस्थल निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३१. तोकिएको कृषिजन्य उत्पादन एवं बालीहरुमा कृषकहरुको जोखिम न्यूनीकरण गर्नका लागि बीमा समितिसँग सहकार्य गरी मौसमी सूचकाङ्क बीमा कार्यान्वनका लागि आवश्यक कार्यको थालनी गरिनेछ ।

३२. आवश्यकताका आधारमा आगामी ५ वर्षभित्र एक जिल्ला बहु(उत्पादन प्रवर्द्धन गर्नको लागि सार्वजनिक निजी क्षेत्रको सहभागिता हुने गरी ९ वटै जिल्लामा शीतभण्डार निर्माण गर्न आवश्यक गृहकार्य गरिनेछ ।

३३. यस प्रदेशमा सञ्चालनमा रहेका कृषि सहकारी संस्थाहरुलाई व्यवस्थित एवं नियमन गर्न आवश्यक संयन्त्र यसै आर्थिक वर्षबाट व्यवस्था गरिनेछ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सहकारी क्षेत्रलाई सम्मिलित गराउने नीति अवलम्वन गरिनेछ ।

माननीय सभामुख महोदय,

म अब भूमि व्यवस्था सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३४. भूमीहिन, सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा, चरुवा आदि वर्गको बसोबास, जिविकोपार्जन र पुर्नस्थापना सम्बन्धी प्रादेशिक नीति तथा योजना निर्माणका लागि बजेट विनियोजन गरेको छु ।

३५. भूमि व्यवस्थाको समग्र स्थितिको पहिचान गरी बैज्ञानिक भूमि व्यवस्थापन र एकीकृत अभिलेख राख्ने कार्य यसै आर्थिक वर्षबाट सुरुवात गरिनेछ ।

३६. भूमिहिन मुक्त कमैया, हलिया, द्वन्द्वपीडित, वादी तथा राजी समुदायलाई सीप सिकाई उद्यमशीलता विकास गर्न ९ वटै जिल्लामा प्लम्बिङ, ब्युटी पार्लर, मोबाइल मर्मत, सिलाई कटाई, रिक्सारई(रिक्सा मर्मत, सिकर्मी, डकर्मी, हाउस वायरिङ, हाते कडाई, साइकलरमोटरसाइकल मर्मत आदि मागमा आधारित स्वरोजगारमूलक तालिम सञ्चालनका लागि रु ३९ लाख विनियोजन गरेको छु ।

३७. बढ्दो बसाइँसराइ तथा सहरीकरणका कारण उत्पादनशील जग्गा त्यसै खेर गइरहने प्रवृत्ति देखिएको हुँदा त्यस्तो जग्गालाई सदुपयोग गर्न बाँझो जग्गा राख्नख निषेध गर्दै ग्रामिण क्षेत्र केन्द्रित एकीकृत विकास योजना लागू गरिनेछ । हिमाली तथा दुर्गम पहाडी क्षेत्रबाट भइरहेको बसाइँसराइ तथा अव्यवस्थित शहरीकरणलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

माननीय सभामुख महोदय,

म अब शिक्षा क्षेत्र सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३८. प्रदेशस्तरबाट सञ्चालन हुने गरी प्राविधिक, उच्च व्यवसायिक शिक्षा तथा स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययनको काम चालु आर्थिक वर्ष देखि नै थालनी गरिनेछ ।

३९. शिक्षण संस्था परिसर र आसपासको क्षेत्रमा धुम्रपान तथा मद्यपान प्रयोग तथा विक्रि वितरण पूर्ण रुपमा निषेध गर्ने नीति अवलम्बन गरिनेछ ।

४०. आगामी ५ वर्षभित्र प्रदेशलाई "पूर्ण साक्षर प्रदेश" बनाउन आवश्यक कार्यक्रमको थालनी गरिनेछ ।

४१. उच्च शिक्षामा छात्राहरुको पहुँच तथा सहभागिता बढाउन उच्च माध्यमिक तहको परीक्षामा प्रत्येक जिल्लाबाट उत्कृष्ट नतिजा हासिल गर्ने छात्राहरुलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

४२. प्रदेश क्षेत्रभित्रका सामुदायिक शैक्षिक संस्थाहरुको संरचनागत र गुणात्मक सुधारका लागि सहायता स्वरुप रु ५० लाख शैक्षिक संस्थालाई सहायता शीर्षकमा व्यवस्था गरेको छु ।

४३. प्रदेशभित्र कार्यरत ३ हजार ७ सय ६७ प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र सामुदायिक विद्यालयमा कार्यरत ३ हजार ५ सय ९६ विद्यालय सहयोगीहरुलाई एकमुष्ठ रु २ हजार को दरले प्रोत्साहन प्रदान गर्न शैक्षिक संस्थालाई सहायता शीर्षकमा रु १ करोड ४७ लाख २६ हजार बजेट विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय,

म अब स्वास्थ्य क्षेत्र सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४४. प्रदेशस्थित सबै किसिमका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, औषधी तथा स्वास्थ्य सेवाको मापदण्ड र व्यवस्थापनको प्रभावकारिता बढाउन अनुगमन र मूल्यांकन पद्धति अवलम्वन गरिनेछ ।

४५. प्रदेशमा आउन सक्ने महामारी तथा विपद्बाट हुन सक्ने सम्भावित जनधनको क्षति न्यूनीकरणको लागि प्रदेश सरकारले एक स्वास्थ्य इकाई गठन गरी विपद् व्यवस्थापन कार्य द्रुत गतिमा सञ्चालन गर्नका लागि आवश्यक स्रोतको व्यवस्थापन गरेको छु । विपद्को समयमा तत्काल आवश्यक पर्ने औषधी खरिदका लागि रु ४० लाख विनियोजन गरेको छु ।

४६. संघीय सरकारले दुर्गम भनि तोकेका जिल्लाहरुमा सबै सरोकारवालासँग आवश्यक समन्वय गरी विशेषज्ञ सेवा सहितको निःशुल्क एकीकृत घुम्ती शिविर सञ्चालन गर्न रु ३० लाख विनियोजन गरेको छु ।

४७. कैलाली, बैतडी र अछाम जिल्लामा लागू भइसकेको सामाजिक स्वास्थ्य बीमा कार्यक्रम क्रमशः प्रदेश अन्तर्गतका सबै जिल्लाहरुमा लागू गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

४८. प्रत्येक स्थानिय तहमा १५ देखि २५ शैय्याको अस्पताल स्थापना र सञ्चालन गर्नको लागि स्थानिय तहलाई उत्प्रेरित गर्नुको साथै संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

४९. प्राचिन प्राकृतिक उपचार विधिहरु होमियोप्याथिक, आयुर्वेद र योगलाई प्रवर्द्धन गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।

५०. विशेष गरी थारू समुदायमा देखिएको सिकलसेल एनिमियाको पहिचान, उपचार र नियन्त्रणको लागि रु. १० लाख विनियोजन गरेको छु।

५१. प्रदेश क्षेत्रभित्रका सामुदायिक स्वास्थ्य संस्थाहरुको संरचनागत सुधार गरी सेवा प्रवाह प्रभावकारी बनाउन सहायता स्वरुप रु ४० लाख स्वास्थ्य संस्थाहरुलाई सहायता शीर्षकमा विनियोजन गरेको छु।

माननीय सभामुख महोदय,

म अब सामाजिक सुरक्षा र महिला विकास सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५२. मानव बेचबिखन तथा लैंगिक हिंसामा परेका महिलाहरुका लागि प्रदेशस्तरमा सामुदायिक पुनर्स्थापना केन्द्र स्थापना गर्ने प्रक्रिया अगाडि बढाइनेछ। मानव बेचबिखन लगायतका अपराधलाई निरुत्साहित तथा नियन्त्रण गर्न सीमा क्षेत्रमा कडाईका साथ अनुगमन गरिनेछ।

५३. लैंगिक तथा घरेलु हिंसा, छाउपडी प्रथा, बालविवाह तथा बोक्सी प्रथालाई निरुत्साहित गर्न मौजुदा कानूनको कडाईका साथ कार्यान्वयन गर्दै यस्ता कुप्रथा विरुद्ध जनचेतना अभियान सञ्चालन गर्नका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

५४. आधा आकास ओगट्ने महिलाहरुलाई राज्यको मूलधारमा ल्याउन महिला लक्षित विभिन्न कार्यक्रमहरुलाई आवश्यक बजेटको व्यवस्था गरेको छु।

५५. प्रदेश तहका सार्वजनिक भवन तथा संरचनाहरुको निर्माण गर्दा लैंगिक तथा अपांगमैत्री बनाउने नीति लिइनेछ।

५६. अनाथ, असहाय, सडक बालबालिका तथा विपन्न परिवारका बालबालिकाहरुलाई शैक्षिक पहुँच तथा उचित बासस्थान व्यवस्था गर्न कार्यदल गठन गरी अध्ययन गरिनेछ।

५७. प्रदेश अन्तर्गत रहेका ६ हजार ३७ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई एकमुष्ठ रु ३ हजार प्रोत्साहन स्वरुप प्रदान गर्न स्वास्थ्य संस्थाहरुलाई सहायता शीर्षकमा रु १ करोड ८१ लाख ११ हजार रकम विनियोजन गरेको छु।

माननीय सभामुख महोदय,

म अब युवा, खेलकुद, श्रम तथा रोजगार सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५८. खेलकुद क्षेत्रको दिगो विकासका लागि प्रदेशभित्र दुईवटा अन्तराष्ट्रियस्तरको रंगशाला तथा कभर्डहल निर्माण र प्रत्येक जिल्लामा जिल्लास्तरको आधुनिक रंगशाला निर्माण गर्ने नीति लिइनेछ। यसका लागि सम्भाव्यता अध्ययन गर्न रु २८ लाख बजेट विनियोजन गरेको छु।

५९. क्रिकेट खेलमा युवाको बढ्दो आकर्षण सम्बोधन गर्दै कैलालीको धनगढीमा अत्याधुनिक क्रिकेट खेलमैदान स्थापना गर्न सम्भाव्यता अध्ययनको कार्य यसै आर्थिक वर्षबाट सुरुवात गरिनेछ।

६०. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल प्रतियोगितामा पदक प्राप्त गर्ने यस प्रदेशका खेलाडीहरुलाई प्रोत्साहन गर्ने कार्यको थालनी चालु आर्थिक वर्षबाटै गरिनेछ।

६१. आय आर्जनका क्रियाकलापहरुमा युवा वर्गको आकर्षण वृद्धि गर्न आवश्यक सीपमूलक एवं रोजगारीमूलक तालिम सञ्चालन गरिनेछ। युवा विकास लक्षित योजना तर्जुमा गरी बैदेशिक रोजगारीलाई क्रमशः निरुत्साहित गर्ने नीति लिइनेछ।

६२. बैदेशिक रोजगारीमा गएका व्यक्तिबाट प्राप्त हुने विप्रेषण आय लगानीको उपयुक्त वातावरण सिर्जना गरी उत्पादनशील क्षेत्रमा लगानी गर्ने नीति अवलम्वन गरिनेछ।

६३. भारतमा रोजगारीका लागि जाने कामदारको आवतजावतको व्यवस्थित अभिलेख राख्ने र रोजगारीको क्रममा हुने सम्भावित जोखिम न्यूनिकरणको लागि बीमा कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययनको कार्य यसै आर्थिक वर्षबाट शुरुवात गरिनेछ ।

६४. "युवा लक्षित रोजगार, प्रदेश समृद्धिको आधार" भन्ने अभियानका साथ युवा बेरोजगारीको विकराल समस्यालाई सम्बोधन गर्न प्रदेश सरकारको अधिनमा रहने गरी एक रोजगारी सेवा केन्द्र स्थापना गर्न आवश्यक कार्यविधि यसै आर्थिक वर्षभित्र तयार गरी कार्यान्वयन गरिने छ ।

६५. शिक्षित युवा बेरोजगारलाई स्वआर्जन र सीपमूलक लघुउद्यम व्यवसाय गर्न निजहरुको सक्कल प्रमाणपत्र र नागरिकताको आधारमा बिना धितो कर्जा प्रदान गर्न संघीय सरकार तथा नेपाल राष्ट्र बैंकसँग समन्वय गरिनेछ ।

माननीय सभामुख महोदय,

म अब खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६६. यस प्रदेश अन्तर्गतका शहरी तथा नगरोन्मुख ग्रामीण क्षेत्रमा फोहोरमैला व्यवस्थापनको समस्या विकराल बन्दै गई मानव स्वास्थ्य लगायत समग्र वातावरण प्रदूषित बन्दै गइरहेकोले "फोहोरमुक्त स्वच्छता, प्रदेश नं ७ को प्रतिवद्धता" भन्ने नारा तय गरी यसलाई मूर्तरुप दिन फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति यसै आर्थिक वर्षमा तयार गरी कार्यान्वयन गर्न आवश्यक स्रोतको विनियोजन गरेको छु ।

६७. यस प्रदेशका करीब १९ प्रतिशत जनता अझै स्वच्छ खानेपानीको अवसरबाट बञ्चित रहेको अवस्था छ । सबै जनतामा स्वच्छ खानेपानीको पहुँच स्थापित गर्न स्थलगत अध्ययन गरी आवश्यक योजना तर्जुमा गरिनेछ ।

६८. जलवायु परिवर्तनको प्रभावले पानीका मुहानहरु सुक्दै गएका कारण हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई खानेपानी अभावकै कारण बसाइँसराइ गर्नुपर्ने बाध्यता रहेको छ । यस्ता क्षेत्रहरुको पहिचान गरी खानेपानी, सिंचाइ, डिपबोरिङ तथा वर्षातको पानी संकलनको लागि प्राविधिक कार्यदल गठन गरी सो समस्याको समाधान गरिनेछ ।

माननीय सभामुख महोदय,

म अब उद्योग क्षेत्र सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६९. यस क्षेत्रमा लगानीमैत्री वातावरण तयार गर्दै उद्योग कलकारखानाको स्थापना गरी थप रोजगारीको सिर्जना गर्न सुख्खा बन्दरगाह, विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रहरूको सम्भाव्यता अध्ययन गर्नुको साथै संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ । यसका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

७०. हाल सञ्चालन भइरहेका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक जनशक्ति तथा पूर्वाधार विकास गर्ने नीति लिइनेछ । उत्पादित वस्तुहरुको लागि उचित बजार व्यवस्थापन गरी वितरण प्रणाली सुदृढ गरिनेछ । सञ्चालनमा ल्याउन सकिने रुग्ण उद्योगहरुलाई पुनःसञ्चालन गर्ने नीति लिइनेछ ।

७१. चिउरी प्रशोधन उद्योग, लोक्ताबाट नेपाली कागज बनाउने उद्योग, रिठ्ठा प्रशोधन तथा ढाका कपडा उद्योगको विकास गर्न सम्भाव्यता अध्ययनको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय,

म अब पर्यटन क्षेत्र सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७२. प्रदेश भित्रका महत्वपूर्ण ऐतिहासिक धार्मिक, साँस्कृतिक तथा प्राकृतिक क्षेत्रलाई समावेश गरी धार्मिकरपर्यापर्यटनको प्रवर्द्धन, पूर्वाधार विकास गर्न सम्भाव्यता अध्ययनको लागि रु १ करोड विनियोजन गरेको छु ।

७३. खप्तड, रामारोशन, शुक्लाफाँटा, कर्णाली चिसापानी तथा टीकापुर पार्कमा पर्यटन सूचना केन्द्र स्थापना तथा अन्य पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन गरी गुरुयोजना तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छु । खप्तड क्षेत्रमा केवलकार स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

७४. खप्तड अन्तराष्ट्रिय साँस्कृतिक पदयात्रा तथा काव्य सम्मेलन यसै आर्थिक वर्षमा सञ्चालन गरिनेछ ।

७५. यस प्रदेश भित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान, विकास र प्रवर्द्धन गर्न प्रदेश पर्यटन बोर्ड गठनको लागि आवश्यक गृहकार्य गरिनेछ ।

७६.प्रदेशको सीमासँग जोडिएका दुई छिमेकी मित्र राष्ट्र, अन्य मुलुकका पर्यटक तथा आन्तरिक पर्यटकहरुलाई आकर्षित गर्न महाकाली, कर्णाली, सेती र अन्य नदीहरुमा र्या फ्टिंग तथा पहाडी क्षेत्रमा प्याराग्लाईडिङ्ग जस्ता अन्य क्रियाकलाप सञ्चालन गर्नको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

७७. पर्यटकीय गन्तव्यहरुको पहिचान तथा सूचना प्रसार गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न प्रादेशिक निकायहरुमा कार्यरत राष्ट्रसेवक निजामती कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप वर्षमा एक पटक सात दिनको आन्तरिक पर्यटन भ्रमणको व्यवस्था लागू गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । यसका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

७८. प्रदेशमा रहेका सबै जातिका भाषा, साहित्य, कला, सँस्कृति, भेषभूषा, रीतिरिवाज आदिको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रदेशस्तरको संग्रहालय स्थापना गर्न सम्भाव्यता अध्ययनको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

७९. बालविकास र पर्यटन प्रवर्द्धनका लागि बालउद्यान, चिडियाखाना, तारामण्डल आदि निर्माण गर्न सम्भाव्यता अध्ययनका लागि रु १० लाख विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय,

म अब वन तथा वातावरण सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८०.स्थानीय रोजगारीको सिर्जना गर्दै, वन पैदावरको नियमित आपूर्ति गर्नको साथै प्रदेशको आर्थिक समृद्धिमा टेवा पुर्याउने प्रचुर सम्भावना भएको वन क्षेत्रको दिगो व्यवस्थापन गर्न प्रदेश स्तरीय दीर्घकालीन वन योजना निर्माणका लागि स्रोतको व्यवस्थापन गरेको छु ।

८१.उच्च हिमाली भेग र अन्य स्थानमा पाइने बहुमुल्य जडिबुटीको संकलन र प्रशोधन गरी वस्तु उत्पादन गर्ने तथा रोजगारी, आय आर्जन र राजस्व प्राप्त गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीमा सार्वजनिक नीजि क्षेत्र समेतको सहभागिता सुनिश्चित हुने गरी संस्था स्थापना गर्नको लागि सम्भाव्यता अध्ययन गर्ने कार्य चालु आर्थिक वर्षबाटै प्रारम्भ गरिनेछ । यस्तो किसिमको उद्योग सञ्चालनबाट निर्यात प्रवर्द्धन भई यस प्रदेशको पहिचान स्थापित हुने र समृद्धिको यात्रामा बहुउपयोगी समेत हुने देखिन्छ ।यसका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

८२. स्वच्छ तथा हरित नगर निर्माण गर्ने उद्देश्यले शहरी वन तथा उद्यान निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने कार्य चालु आर्थिक वर्षमै सुरुवात गर्नका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

८३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनिकरण तथा अनुकूलनका उपायको अवलम्बन गर्ने निति अनुरुप प्रदेश सरकारले कार्यान्वयन गर्ने सबै योजनाहरु जलवायु परिवर्तन अनुकूलन हुने गरी निर्माण गरिनेछ ।

८४.वन डँढेलो नियन्त्रिणमा व्यापक जनसहभागिता जुटाइनेछ । दुर्लभ, लोपोन्मुख तथा रैथाने जीवजन्तु र वनस्पतिहरूको संरक्षणका लागि आवश्यक नीति तय गरिनेछ । यसका लागि सबै स्थानीय तहहरुलाई कार्यक्रम तय गर्न उत्प्रेरित गरिनेछ ।

८५. भूमि तथा जलाधार संरक्षण र वृक्षारोपणको माध्यमबाट प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गरिनेछ । जलाधार संरक्षण एवं व्यवस्थापनका कार्यक्रममा जनसहभागिता परिचालन गरिनेछ । प्राकृतिक तालतलैयाहरूको संरक्षण तथा व्यवस्थापन गर्न स्थानीय तहहरुलाई उत्प्रेरित गरिनेछ ।

माननीय सभामुख महोदय,

म अब भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८६. जनतालाई प्रत्यक्ष लाभ हुने सडक, खानेपानी संरचना, तटबन्ध तथा बाँध निर्माण, सिंचाई आयोजनाहरु लगायत अन्य पूर्वाधार विकासका कार्यक्रमहरुको पहिचान तथा प्राथमिकीकरण गर्न सम्भाव्यता अध्ययन गर्ने कार्य तत्काल सुरु गर्न आवश्यक बजेट रु. १ करोड ३७ लाख  विनियोजन गरेको छु ।

८७. प्रदेश अन्तर्गतका स्थानीय तहहरुलाई जोड्ने पुल संरचना निर्माणको लागि सम्भाव्यता अध्ययन कार्य यसै वर्षदेखि थालनी गर्नको लागि रु. ३० लाख विनियोजन गरेको छु ।

८८. अझै पनि महिला दिदीबहिनीहरुले पिठ्यूँमा घाँस दाउराको भारी बोकी बच्चा च्यापेर तुईनबाट नदी पार गर्नुपर्ने जस्ता जोखिमपूर्ण अवस्था रहेको छ । आम जनतालाई यस्ता जोखिमपूर्ण अवस्थाबाट उन्मुक्ति दिन आगामी वर्षभित्र प्रदेश नम्बर ७ बाट पूर्णरुपमा तुइन विस्थापन गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागि चालु आर्थिक वर्षमा सम्भाव्यता अध्ययन गर्न रु २० लाख बजेट विनियोजन गरेको छु ।

८९. स्थानीय भाषा, संस्कृति, परम्परा, रहनसहन र मौलिकताको संरक्षण गर्दै एकीकृत पूर्वाधार विकास गरी नमूनाको रुपमा कुनै एक स्थानीय तहमा स्मार्ट भिलेज स्थापना गर्न सम्भाव्यता अध्ययनको कार्य यसै आर्थिक वर्षमा अगाडी बढाइनेछ ।

९०. प्रदेशमा सम्भावना भएका नयाँ शहरहरुको विकास गर्न सम्भाव्यता अध्ययनको कार्य थालनी गरिनेछ ।

९१. धनगढी विमानस्थललाई स्तरोन्नती गरी अन्तराष्ट्रिय स्तरको विमानस्थलको रुपमा विकास र विस्तार गर्न संघीय सरकारसँग आवश्यक समन्वय     गरिनेछ । अन्य जिल्लामा हाल चालु अवस्थामा नरहेका विमानस्थल सुचारु रुपले सञ्चालन गर्न एक अध्ययन कार्यदल गठन गरी कार्यदलको प्रतिवेदनको आधारमा आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

९२. जलविद्युतको प्रचुर सम्भावना रहेको यस प्रदेशमा करिब ३३ हजार मेगावाट विद्युत उत्पादन क्षमता रहेको छ । जलविद्युतको विकास र विस्तारबाट प्रदेशलाई आर्थिक समृद्धि तर्फ अगाडि बढाउन सकिने सम्भावना रहेकाले यस क्षेत्रको जलविद्युत विकासको लागि जलविद्युत विकास कम्पनी स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

९३.जलविद्युत उत्पादन एवं निर्यात गर्न, जडिबुटी, उद्योग, पर्यटन र पूर्वाधारमा लगानी गरी सञ्चालन गर्न कम्पनी वा कोष स्थापना गर्न विज्ञ सम्मिलित समिति गठन गरी सम्भाव्यता अध्ययन गरिनेछ । समितिको प्रतिवेदनका आधारमा आगामी कार्यदिशा तय गरिनेछ । यसको लागि गैर आवासिय नेपाली, बैदेशिक रोजगारीमा गएका नेपाली जनता, स्वदेशी र विदेशी लगानीकर्ता, सहकारी, निजी एवं सार्वजनिक क्षेत्रलाई सहभागी गराईनेछ । यसका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

९४. प्रदेश अन्तर्गतका नदीनालाहरुबाट विद्युत उत्पादनका लागि ईजाजत पत्र लिएर तोकिएको समयभित्र कार्य सम्पन्न नगरेका ईजाजत पत्रहरु रद्द गरी नयाँ कम्पनीलाई ईजाजत प्रदान गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

९५. सवारी साधनमा प्रयोग हुने पेट्रोलियम पदार्थमाथिको निर्भरता अन्त्य गर्न विद्युतीय सवारी साधन सञ्चालन गर्ने नीति अवलम्वन गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

९६. स्मार्ट प्रविधियुक्त सवारीचालक अनुमति पत्र, सवारी दर्ता किताब र इम्बोस्ड सवारी नम्बर प्रदेशबाटै उपलब्ध गराउने व्यवस्थाको लागि पहल गरिनेछ । सवारीधनीको सहजताको लागि आवश्यकता अनुसार यातायात सेवा केन्द्र स्थापना गरी सवारी नविकरण र राजस्व बुझाउने व्यवस्था गरिनेछ ।

माननीय सभामुख महोदय,

म अब सूचना तथा सञ्चा र प्रविधि सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९७. सबै प्रादेशिक निकायहरुलाई सूचना प्रविधि मैत्री बनाउन विद्युतीय हाजिरी, वेभसाईटको निर्माण, सेवा प्रवाह सम्बन्धी सफ्टवेयर निर्माण एवं सञ्चालनका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

९८. सरकारी निकायबाट प्रकाशित सामग्री, सूचना तथा निर्णयहरू एकीकृत रुपमा विद्युतीय माध्यमबाट समेत उपलब्ध गराउने गरी एकिकृत सूचना केन्द्रको स्थापना गरिनेछ । यसका लागि आवश्यक स्रोतको व्यवस्थापन गरेको छु ।

९९. राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतको हक अधिकार सुरक्षा तथा प्रोत्साहनको लागि सञ्चारमैत्री कानून निर्माण गरी सोही अनुसार कार्यक्रम तय गर्न आवश्यक प्रबन्ध गरेको छु । प्रदेशमा मिडिया हाउस सञ्चालनको लागि चालु आर्थिक वर्षमा सम्भाव्यता अध्ययन र अनुसन्धानका लागि बजेटको व्यवस्था गरेको छु ।

माननीय सभामुख महोदय,

म अब अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपूर्ति, भण्डारण र वितरण प्रणाली सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१००. बजारमा गुणस्तरयुक्त वस्तु तथा सेवाको सरल र सुलभ आपूर्ति प्रणाली स्थापित गरी यसको प्रभावकारी अनुगमन गरिनेछ । उपभोक्ताको हक र अधिकारको संरक्षण गर्दै उपभोक्ता सशक्तिकरण तथा जागरण अभियान कार्यक्रम प्रदेशभर सञ्चालन गरिनेछ ।

१०१. खाद्यान्नमा आत्मनिर्भर प्रदेश भए तापनि वितरणको उचित व्यवस्थापन हुन नसक्दा पहाडी तथा उच्च हिमाली भेगहरुमा खाद्यान्न अभाव चुलिँदै गएको अवस्था अन्त्य गर्न ति क्षेत्रहरुमा प्रदेश सरकारले खाद्यान्न भण्डारण तथा वितरण व्यवस्थापनको लागि अध्ययन गर्न कार्यदल गठन गरी कार्यदलको प्रतिवेदनको आधारमा आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

१०२. प्रदेशमा खाद्यान्न खरिद, भण्डारण र वितरणलाई प्रभावकारी बनाउन प्रदेश खाद्य संस्थानको सम्भाव्यता अध्ययन गरिनेछ ।

१०३. मानव विकास सूचकांकमा पछाडी परेका यस प्रदेशका पाँच जिल्ला तथा खाद्यान्न अभाव झेलिरहेका प्रदेशका दुर्गम एवं पिछडिएको क्षेत्रमा बसोबास गर्ने अति विपन्न गरिब, शहिद परिवार, अपांग, घाईते, अशक्तहरुलाई परीक्षणको रुपमा आगामी आषाढ मसान्तसम्म दैनिक जिवनयापनका लागि उपभोग्य खाद्य सामग्री सहुलियत दरमा उपलब्ध गराउन रु २ करोड ५० लाख रकमको एक खाद्यान्न राहत कोषको प्रस्ताव गरेको छु । गरिब घर परिवार पहिचान गरी वास्तविक रुपमा सहयोग आवश्यक भएका जनतालाई राहत वितरणका लागि सम्बन्धित मन्त्रालयले आवश्यक मापदण्ड सहितको कार्यविधि बनाई प्रदेश मन्त्रिपरिषद् बाट स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको छु ।

माननीय सभामुख महोदय,

म अब वित्तीय क्षेत्र सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०४. प्रत्येक स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाहरूको पहुँच हुने व्यवस्था भएता पनि हालसम्म यस प्रदेशका ५४ स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिती नरहेको हुँदा यसै आर्थिक वर्षभित्र सबै स्थानीय तहमा वित्तीय पहुँचको सुनिश्चितता गर्न संघीय सरकार र नेपाल राष्ट्र बैंकसँग आवश्यक समन्वय गरिनेछ ।

१०५. प्रदेश सरकारको नीति तथा कार्यक्रमले तय गरेको "एक व्यक्ति एक बैंक खाता" अवधारणालाई सार्थक रुप दिन वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई सफल पार्न सबै प्रदेशवासीमा यसै गरिमामय प्रदेशसभाबाट अनुरोध गर्न चाहन्छु । नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्स एशोसिएशन, डेभलोपमेण्ट बैंकर्स एशोसिएशन, वित्त कम्पनी संघ तथा सबै बैंक तथा वित्तीय संस्थासँग शून्य मौज्दातमा पनि खाता खोल्न सकिने व्यवस्थाका लागि अनुरोध गरिनेछ ।

१०६. प्रदेशभित्र सञ्चालित बचत तथा ऋण सहकारी संस्था, बैंक तथा वित्तीय संस्था, लघुवित्त कम्पनी, बीमा कम्पनी र पूँजी बजार आदिको नियमन गर्न संघीय सरकार, नेपाल राष्ट्र बैंक र बीमा समितिसँग आवश्यक समन्वय गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत एक इकाई गठन गरिनेछ ।

१०७. प्रदेशमा बैंक, पूर्वाधार विकास बैंक, गैर निक्षेपबाट सञ्चालित वित्तीय संस्था र बीमा कम्पनीहरु सञ्चालन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययनको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

१०८. प्रदेशका जनताको पूँजी बजारमा पहुँच विस्तार गर्न नेपाल धितो पत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जसँग आवश्यक समन्वय गरिनेछ ।

१०९. प्रदेश स्तरमा प्रचुर सम्भावना भएका क्षेत्रहरुमा आवश्यक पर्ने लगानीको प्रवद्धन र समन्वय गर्न प्रदेशमा एक लगानी समन्वय इकाई स्थापना  गरिनेछ ।

माननीय सभामुख महोदय,

म अब अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन आवधिक योजना निर्माण सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११०. प्रदेश सरकारलाई प्राप्त भएको तथा हुने स्रोतहरुको उचित व्यवस्थापन गरी छोटो समयमा नै अपेक्षित उपलब्धी हासिल गर्न प्रदेश स्तरको अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजनाहरु तर्जुमाका लागि आवश्यक स्रोतको व्यवस्थापन गरेको छु ।

१११. बजेटमा समावेश गरिने योजना तर्जुमाको लागि स्पष्ट खाका बनिनसकेको हुँदा आगामी आर्थिक वर्षको बजेटमा समावेश गरिने योजना तथा कार्यक्रम छनौट गर्न एक योजना छनौट समिति बनाइनेछ ।समितिको प्रतिवेदनको सिफारिसका आधारमा आगामी आर्थिक वर्षको कार्यक्रम तथा योजना छनौट गरिनेछ ।

माननीय सभामुख महोदय,

म अब राष्ट्रि य तथा प्रदेश गौरवका आयोजना सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११२. संघीय सरकारबाट विशेष प्राथमिकतामा राखी यस प्रदेशमा कार्यान्वयनमा रहेका राष्ट्रि य गौरवका आयोजनाहरू समयमै सम्पन्न गराउन, अनुगमन मूल्यांकन गर्न तथा कार्यान्वयन सरल र सहज बनाउन प्रदेश सरकारले संघीय सरकारसँग समन्वयात्मक भूमिका निर्वाह गर्नेछ ।

११३. "समृद्ध प्रदेश" निर्माणका लागि उच्च प्राथमिकतामा परेका प्रदेश अन्तर्गतका आयोजनाहरुलाई आगामी आर्थिक वर्षबाट प्रदेश गौरवका आयोजना तय गर्न कार्यदल गठन गरी सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाएको छ ।

माननीय सभामुख महोदय,

म अब कर प्रणाली सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११४. कर तथा गैर करको संरचना र दर सिफारिस गर्न परामर्शदाता नियुक्त गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११५. कर तथा गैर कर असुल उपर गर्ने सम्बन्धी कानून निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११६. प्रदेश स्तरमा कर तथा गैर कर असुल उपर गर्ने, चुहावट नियन्त्रण गर्ने, समन्वय र अनुगमन गर्ने, संरचनागत संगठन व्यवस्थापन गर्न आवश्यक स्रोत व्यवस्थापन गरेको छु ।

माननीय सभामुख महोदय,

म अब सुशासन व्यवस्था सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११७. सार्वजनिक सेवा प्राप्ति लाई जनताको अधिकारको रूपमा स्थापित गरिनेछ । प्रत्येक मन्त्रालयमा सुशासन इकाई गठन गरी यसै वर्षदेखि कार्यारम्भ गरिनेछ । सार्वजनिक सेवा प्रवाहमा देखिएका गुनासाहरुको तत्काल समाधान गर्न सेवा प्रदायकको क्षमता अभिवृद्धि एवं जवाफदेहिता मार्फत सुशासन कायम गर्न प्रदेश सरकारले संघीय सरकार र स्थानीय सरकारसँग आवश्यक समन्वय गर्नेछ।

११८. जुनसुकै प्रकारको भ्रष्टाचारजन्य क्रियाकलाप विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

११९. प्रादेशिक निकायहरुमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गर्न स्टाफ कलेजको संरचना निर्माणका लागि आवश्यक व्यवस्था मिलाएको छु । राष्ट्रसेवक कर्मचारीहरुलाई सेवाप्रवाहमा उत्प्रेरित गरी उच्च मनोवलका साथ कार्य गर्ने वातावरण तयार गर्न विशेष नीति लिइनेछ ।

१२०. सबै प्रादेशिक निकायहरुको खर्चमा मितव्ययीता, पारदर्शिता तथा एकरुपता कायम गर्न यसै आर्थिक वर्षभित्र खर्चको मापदण्ड तयार गरी लागू गरिनेछ ।

१२१. प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन गर्न प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको संरचनागत संगठन व्यवस्था चालु आर्थिक वर्षमा तयार गरिनेछ ।

१२२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै मन्त्रालयसँग भिडियो सम्पर्क कायम गरी अनुगमन प्रणाली निर्माण गर्न सूचना एवं सञ्चार प्रक्रियामा सहजता कायम गर्ने प्रणाली विकास गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

१२३. जनताको गुनासो सुनुवाई र समाधानका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा टोल फ्रि नम्बरको व्यवस्था गरी सोही नम्बरबाट मुख्यमन्त्रीसँग सोझै गुनासोहरु सुन्न हेल्लो सिएम कार्यक्रम यसै आर्थिक वर्षबाट सञ्चालन गरिनेछ ।

१२४. सरकारी सम्पत्तिको उपयोग र हस्तान्तरण सम्बन्धी नीतिगत व्यवस्था चालु आर्थिक वर्षभित्रै गरिनेछ ।

१२५. बजेट खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाइनेछ । सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा छरिएर रहेका सूचना प्रविधिलाई एकीकृत गरिनेछ ।

१२६. प्रदेश अन्तर्गतका सबै स्थानीय तहमा रहेका न्यायिक समितिका संयोजकहरुलाई न्यायिक कार्य सम्पादन गर्नको लागि क्षमता अभिवृद्धि कार्यक्रम चालु आर्थिक वर्षमा सञ्चालन गरिनेछ ।

१२७. प्रदेश प्रहरी सञ्चालनको लागि आवश्यक कानून तर्जुमा गर्न संघीय सरकारसँग निरन्तर समन्वय गरिनेछ ।

१२८. ठूला विपद्को समयमा धेरै संख्यामा मानिसहरूको व्यवस्थापन गर्न सकिने खुला स्थानहरूको व्यवस्था गर्न प्रत्येक स्थानीय तहलाई उत्प्रेरित गरिनेछ ।

१२९. भोकमरी, महामारी लगायतका प्राकृतिक तथा गैरप्राकृतिक विपद्हरुबाट हुने जनधनको क्षति न्यूनीकरणका लागि आकस्मिक कार्य सञ्चालन गर्न संविधानमा भएको व्यवस्था अनुरुप यसै आर्थिक वर्षभित्र प्रदेश आकस्मिक कोष ऐन तर्जुमा गरिनेछ। उक्त कोषका लागि रु ५० लाख प्रस्ताव गरेको छु।

१३०. मुख्यमन्त्री राहत कोष स्थापना गरी प्रदेश स्तरमा आपतकालिन अवस्थामा राहत तथा उद्धार कार्य सञ्चालनको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ।

माननीय सभामुख महोदय,

म अब कार्यान्वयन क्षमता सुधार सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१३१. चालु आर्थिक वर्षमा प्रादेशिक विकास योजना निर्माण एवं कार्यक्रम स्वीकृतिका लागि कानूनी व्यवस्था भइनसकेको र छोटो अवधीमा कार्यसम्पादन गर्नुपर्ने भएकोले संघीय कानूनमा तोकिएको प्रक्रिया पुरा गरी मन्त्रालयगत योजनाहरु सम्बन्धित मन्त्रालयले विनियोजन विधेयक पारित भएको मितिले ७ दिनभित्र स्वीकृत गरी सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेको छु।

१३२. दक्ष प्राविधिक जनशक्ति र समयको अभाव, योजना कार्यान्वयन गर्ने निकायको अभाव आदिको कारण विकास कार्य प्रभावित हुने हुँदा प्रादेशिक योजना कार्यान्वयन गर्न आवश्यक संयन्त्र निर्माण गरिनेछ।

१३३. प्रादेशिक विकास योजना कार्यान्वयनमा देखिने समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा प्रादेशिक विकास समस्या समाधान समिति गठन गरी कार्यारम्भ गरिनेछ।

१३४. बजेट कार्यान्वयनको प्रगति र कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न प्रत्येक महिना आर्थिक मामिला तथा योजना मन्त्रालयमा विषयगत मन्त्रालयका सचिवहरुको उपस्थितीमा बजेट समिक्षा गर्ने व्यवस्था मिलाएको छु। यस कार्यक्रममा आवश्यकता अनुसार माननीय मन्त्रीज्यूहरुसँग समन्वय गरिनेछ।

१३५. विषयगत मन्त्रालयमा विनियोजन भएको अनुदान तथा सहायताको रकम कार्यविधि बनाई प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गरी खर्च गर्ने व्यवस्था गरेको छु।

१३६. निर्धारित लक्ष्यमा प्रतिकूल असर नपर्ने गरी कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले बैशाख मसान्तभित्र संशोधन गरी सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनुपर्ने व्यवस्था गरेको छु।

माननीय सभामुख महोदय,

अब म बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१३७. चालु आर्थिक वर्षका लागि रू. १ अर्ब २ करोड ५ लाख विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रू. ३० करोड ७ लाख ७७ हजार अर्थात् २९।४७ प्रतिशत, पूँजीगततर्फ रू. १५ करोड ५७ लाख अर्थात् १५.३६ प्रतिशत र अर्थ विविध तर्फ रु. ५६ करोड ४० लाख २३ हजार अर्थात ५५.२९ प्रतिशत हुन आउँछ। अर्थ विविध तर्फ कृषि अनुदान कोषको लागि रु. ५ करोड खाद्यान्न राहत कोषको लागि रु. २ करोड ५० लाख र आकस्मिक कोषका लागि रु. ५० लाख प्रस्ताव गरिएको रकम समावेश गरेको छु। अर्थ विविधमा बचत भएको रकम आगामी आर्थिक वर्षको बजेटको स्रोतको रुपमा रहने व्यहोरा सम्मानीत सभासमक्ष अनुरोध गर्न चाहन्छु।

१३८. संघीय सरकारले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा प्रदेश सरकारको कार्यसञ्चालनको लागि व्यवस्था गरिएको संक्रमणकालीन प्रबन्धस्वरूप प्राप्त समानीकरण अनुदान रू १ अर्ब २ करोड ५ लाख प्रस्तुत बजेटको स्रोतको रुपमा रहेको छ।

१३९. संघीय सरकारबाट संक्रमणकालीन प्रबन्धस्वरुप प्राप्त समानीकरण अनुदानको रकमबाट प्रादेशिक निकायहरुलाई प्राप्त भएको अख्तियारी बमोजिम चालु आर्थिक वर्षमा प्रदेशसभा एवं विभिन्न मन्त्रालयहरुबाट

स्थापना भए देखि यो बजेट प्रस्तुत गर्नुअघिसम्म चालुतर्फ रु २ करोड ४१ लाख ८७ हजार र पूँजीगततर्फ रु १ करोड ५१ लाख ७३ हजार गरी जम्मा रु ३ करोड ९३ लाख ६० हजार संघीय सञ्चित कोषबाट भुक्तानी भइसकेको छ । संघीय सञ्चित कोषबाट हालसम्म खर्च भएको रकम पनि प्रदेश सञ्चित कोषबाट भएको खर्च मानी लेखाङ्कनको व्यवस्था मिलाइनेछ ।

माननीय सभामुख महोदय,

१४०. चालु आर्थिक वर्षको बजेटको स्रोत संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रकम मात्र रहेको छ । प्रदेश सरकारले नेपालको संविधान बमोजिम उठाउन सक्ने राजस्व आगामी आर्थिक वर्षबाट मात्र उठाउन पाउने कानूनी व्यवस्था भएकोले चालु आर्थिक वर्षको बजेटमा राजस्व प्रस्ताव समावेश गरिएको छैन ।

१४१. प्रदेशलाई समृद्ध बनाउन आन्तरिक स्रोतको पहिचान, उपयोग तथा व्यवस्थापनमा समेत आत्मनिर्भर हुनुपर्ने चुनौती हाम्रो सामु रहेको छ । प्रदेश सरकारले उठाउन सक्ने राजस्वको क्षेत्र पहिचान गर्न निजी क्षेत्रको समेत सहभागितामा एक कार्यदल गठन गरिनेछ ।

१४२. वित्त संरचनालाई सुदृढ र सबल बनाउँदै समृद्ध प्रदेश निर्माणका लागि प्रदेश राजस्व नीति तर्जुमा गरिने छ ।

माननीय सभामुख महोदय,

१४३. यस बजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा विस्तार भई उच्च आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरेको छु । प्रस्तुत बजेटबाट सामाजिक सुरक्षा तथा मानव विकासका सूचकहरूमा प्रगति हुने विश्वास लिएको छु ।

१४४. यस बजेट कार्यान्वयन पश्चात् प्रादेशिक विकासको प्रारम्भिक आधार तय हुनेछ । अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना निर्माणका लागि आवश्यक तथ्यांकहरुको अभिलेखीकरणको कार्य सम्पन्न हुनेछ ।

१४५. प्रादेशिक योजना एवं परियोजना तथ्यांक बैंक नभएको अवस्थामा सम्बन्धित विषयगत मन्त्रालयबाट प्राथमिकता तोकी चालु आर्थिक वर्षको बजेटको लागि धेरै योजनाहरु प्राप्त हुन आएका थिए । छोटो समयसीमा, न्यून वित्तीय स्रोत, जनताका असिमित चाहना, कार्यान्वयन संयन्त्रको अभाव तथा खर्च गर्ने प्रक्रियागत मापदण्डहरुलाई मध्यनजर गरी यस बजेटमा त्यस्ता कुनै कार्यक्रमहरु समावेश नगरिएको व्यहोरा सम्मानित प्रदेश सभा समक्ष अनुरोध गर्न चाहन्छु । साथै, हाल प्राप्त भै सकेका योजना तथा कार्यक्रमहरुलाई विषयगत मन्त्रालयहरुले परियोजना बैंकको रुपमा राखी प्राथमिकताका आधारमा आगामी बजेटमा प्रस्ताव गर्न समेत अनुरोध गर्दछु ।

१४६. बजेटमा प्रत्यक्ष रुपमा देखिने गरी कुनै विकास निर्माणका योजनाहरु प्रस्तुत नगरिएको भएता पनि प्राथमिकताका साथ भविष्यको लागि विकासका सबै क्षेत्रहरु पहिचान हुने गरी बजेट विनियोजन गरिएको हुँदा यो बजेट प्रदेशको लागि दीर्घकालसम्म उपलब्धीमूलक हुने कुरामा म विश्वत छु ।

१४७. प्रस्तुत बजेट तर्जुमामा मार्ग निर्देशन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीबज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय उपसभामुखज्यू र विभिन्न राजनीतिक दलका नेताज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । प्रदेश सरकारको नीति तथा कार्यक्रम उपर प्रदेश सभामा भएको छलफलका क्रममा माननीय सदस्यहरुले दिनुभएका सुझावहरूलाई प्रस्तुत बजेटको आधारको रुपमा लिएको छु । बजेट छलफलका क्रममा आ(आफ्नो तर्फबाट सुझाव दिनुहुने माननीय प्रदेश सभा सदस्यहरु, स्थानीय तहका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, वुद्धिजीवि, अर्थशास्त्री , निजी क्षेत्रका संघसंगठनहरू, नागरिक समाज तथा सामुदायिक संस्था, सामाजिक संगठनहरू, पत्रकार र विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१४८. प्रदेशको विकास र समृद्धिमा सद्भादव र सहयोग पुऱ्याउने आमनागरिक, करदाता, प्रदेशको हित र समुन्नपतिमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोगको अपेक्षा गरेको छु ।

१४९. अन्त्यमा, हाम्रो नवीन प्रादेशिक संरचना सामु थुप्रै समस्याहरु छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान चुनौतिहरूको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध भई अघि बढ्नुको विकल्प छैन । प्रादेशिक विकासको खाका तय गर्न आम प्रदेशवासी सहभागी भई प्रदेश नं ७ लाई समृद्ध प्रदेश बनाउन म सबैमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

मा० सदस्यहरू,

आजको विशेष समय यही समाप्त हुन्छ ।

मा० सदस्यहरू,

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा द्वारा प्रस्तुत चालु आ.ब. २०७४/०७५ को बाँकी अवधीको लागि प्रदेश नं. ७ प्रदेश सरकारको राजस्व र व्ययको विवरण (बजेट) माथिको छलफल भोलि मिति २०७५ साल बैशाख १० गते हुने भएकोले भोलि मिति २०७५ साल बैशाख १० गते सोमवार दिनको १:०० बजे सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समापत अपरान्न ४:०३ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७५/०१/१०**
**पहिलो अधिवेसन**
**(सत्रौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको १:०५ बजे**

मा० सदस्यहरु,

यस सभाको सत्रौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई आफ्नो बक्तव्य सहित चालु आ.ब. २०७४/०७५ को बाँकी अवधिको राजस्व र व्ययको अनुमान र विनियोजन विधेयक, २०७५ माथि सामान्य छलफल गरीयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराः-** माननीय सभामुख महोदय, मुलुक संविधानको पूर्ण कार्यान्वयनको दिशातिर दिन प्रतिदिन अग्रसर हुदै गएको छ । हिजो हाम्रा अधिकारहरु सिंहदरवारमा सिमित छन् । हामीले विकास निर्माणको कार्यहरु अगाडि बढाउन सकेका छैनौ भन्ने कुरा पनि बारम्बार हामीलेनै गर्दै आएका थियौ । विभिन्न जनआनदोलन, सामाजिक परिवर्तनको सन्दर्भमा आज हाम्रो मूलुक संघीयता कार्यान्वयनको प्रारम्भीक विन्दुमा छ । हाम्रा यस क्षेत्रका नेताहरुपनि भन्ने गर्थे सिंहदरवार पनि यो प्रदेशबाट टाढा भएर होला हस्ताउनको लागि मात्र सुदूरपश्चिमा आउने गर्छ भनेर । हामीले नयाँ उपलब्धी प्राप्त गरिसकेपछि हामीलाई चाहिने बिकास हामीले सोचेको विकासको मोडेल हामीले प्राप्ती गर्ने आर्थिक समृद्धि तथा हामीले प्राप्त गर्ने गन्तव्य अब हामीले आफ्नो भाग्यको रेखा कोर्नु पर्दछ । हामी चाहाँन्छौ यो मूलकमा विभिन्न कालखण्डमा आन्दोलन भए कोही ससस्त्र आन्दोलन भए कोही जनआन्दोनभए कोही अभियाल भए । आज जो प्राप्त भएको छ । यो आनदोलनकै परिणाम स्वरुप हो । त्यसैले हामीले कदापी भूल्नु हुदैनकी हामी जनताका मालिक हु भन्नेकुरा विर्सिनु पर्दछ । हामीले हेक्का के राख्नु पर्दछ भने हामी जनताका सेवक हौं । हामीले जनताले चाहेको जनताले बुझेको र जनअपेक्षा गर्नु पर्छ भन्न हामीले मान्यता राख्नु पर्दछ । अहिले हामीले जे प्राप्त गर्‍यौं राजनीतिक गतिले प्राप्ती गरेका छौं अब राजनीतिक आन्दोलनलाई संस्थागत गरी विश्राम दिनु पर्ने छ । अब आर्थिक आन्दोनको प्राय छैन त्यसैले यो मूलकलाई समृद्धि जनतालाई गरिबी र जन आकांक्ष पुरा गर्ने हो भने हामीले आर्थिक क्रान्तिको नयाँ अध्याय यो मूलकमा प्रारम्भ गर्नु पर्दछ प्राप्त राजनीतिक उपलब्धीलाई संस्थागत गरेर जनभावना जनअपेक्षा र गन्तव्यमा पुर्‍याउने रणनीतिक कार्यक्रम ल्याएर हामीले अगाडि बढ्नु पर्दछ । छिमेकी मित्रराष्ट्र भारत जहाँ साढे छ देखि सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दै गइरहेको छ । मित्र राष्ट्र चाइना साढे सात देखि ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्दै गएको छ । अझै जहाँ साढे सात लाख जनसंख्या मात्र छ । मित्रराष्ट्र भूटान ११ देखि १२ प्रतिशतको वृद्धिदर हासिल गरेको छ । जबकी भुटानमा कलकारखाना र उद्योग छैनन् सिर्फ त्यहाँ जलविद्युतका सम्भावना छन् । त्यो समभावनालाई सपनामा सिमित राखेको छैन त्यसलाई हकिकतमा परिणात गरेको छ । भुटानी एक रुपैया हुन आउछ । नेपाली मुद्राको कुरा गर्नु हुन्छ भने । भारतीय १ रुपैया विनिमयको नेपाली १रुपैया ६० पैसा हुन आउछ । यसले के देखाउछ भने व्यालेन्स पेमेन्ट ट्रेड डेविट इन्फ्लुयसन र फोरिनर एक्सचेन्ज रिजर्भ हामीसँग एक दमै ह्रास अवस्थामा छ । यदि प्रच्वयचिङ्ग पावर मुद्राको क्रमय शक्ति बढेन विदेशी मुद्राको सन्चिती बढेन ब्यापार घाटा कम भएन देशमा उद्योग कलकारखाना स्थापित भएन राजस्व प्राप्त गर्ने लक्ष्य हामीले एथेस्टमात्रामा प्राप्त गर्न सकेनौ भने भोलिका दिनमा यो अर्थव्यवस्थाबाट निरासा जनक अर्थव्यवस्थामा जानु पर्ने र मुद्राले अझै विनिमयदरमा ह्रासको स्थिति सामाना गर्नु पर्ने स्थिति सामना गर्नु पर्ने हुन्छ । हामी ब्राजिल पछि यो विश्वमा दुई नम्बर जलविद्युतको सम्भावना बोकेको मूलकहो । तर विकासर समृद्धिका कुरा गर्नु हुन्छ भने प्रतिव्यक्ति आएका कुरा गर्नु हुन्छ भने या राष्ट्रको कुरा गर्नु हुन्छ भने यथेस्ट मात्रामा प्राप्त गर्न सकेको छैन । यसको लागि हामीले आर्थिक क्रान्तिमा ध्यान लगाउनु पर्ने हन्छ

। हामीले कुनै कुराको खण्डन गर्नको लागि पनि रचनात्मक कुराको बाटो लिएर गरेको हुनु पर्दछ । मलाई लाग्छ संसदीय अभ्यासमा विरोध होइन विकासका लागि सुझाव दिने परिपाटी हो । यदि आलोचना भएन भने मलाई लाग्छ सरकारले पनि सहिबाटो डोऱ्याउन सक्दैन । त्यसैले लोकतन्त्रमा आलोचना र समालोचना हुनु पर्दछ । तर रचनात्मक हुनु पर्दछ । हामीले विकासमा सबैलाई एकसाथ उभिएर जानु पर्दछ । यहाँ पक्ष र विपक्ष कोही पनि हुन सक्दैन । त्यसैले हामी आज इतिहासको विशिष्ट मोडल र स्थानमा उभिएका छौं । यो प्रदेशमा यो आर्थिक वर्षका तीन महिनाको लागि भए पनि प्रदेश सरकारले बजेट प्रस्तुत गरेको छ । यस बजेटमा हामीले हाम्रा विकासका कार्यक्रमहरु यथेस्ट रुपमा नसमेटे पनि यो प्रदेशमा विकासका जगहरु दिर्घकालिन र दिगोरुपमा स्थापना गर्नको लागि यो बजेटले लक्ष्य परिलक्षित गरेको कुरा म सम्मानीत सदन समक्ष निवेदन गर्न चाहाँन्छु । हामीले सिङ्गल डिजीट आर्थिक स्थितिमा पनि लग्ने हो भने मोटामोटी १५ देखि १६ अरब संघीय सरकाले दिदै आएको थियो । गत वर्षको विकास खर्चको मोडलको कुरा गर्ने हो भने साढे १५ अरब दिएको थियो । तर त्यो कहीले पनि खर्च हुन सक्दैन । हामी संघीयतामा जाने क्रममा हामीले के भन्यौ भने बजेट जेष्ठ १५ भित्र दिनु पर्दछ । अख्तीयारी दिन नीति र नियममा काम गर्नको लागि समयको आवस्यकता पर्दछ भनेर असार र साउनको अन्तमा ल्याउने यि सबै बजेटका प्रक्रियालाई थाति राखेर संघले जेष्ठ १५ मा ल्याउने प्रदेश सरकारले असाढ १ मा ल्याउने कानूनी बाध्येता रहेको छ । त्यसैले यो बेलामा पनि पूजीगत खर्च सतप्रतिशत या उच्च दरमा हुन सक्दैन भने विकासको अनुभुती गर्न सक्दैनन् यो मूलकमा विकासले गति लिन सक्दैनन् जसरी पनि बजेटमा विनियोजित रकम सहि सदुपयोग भएर कार्यान्वियन गरेर लागि पर्नु पर्ने अवस्था छ । त्यो संयन्त्रको हामीले निर्माण गर्नु पर्छ । त्यसको अनुगमन गर्नु पर्छ । त्यो संयन्त्रको माध्यम बनेर हामीले परिचालन गर्नु पर्ने छ । हामी सबै यो आर्थिक विकासका खम्बा हौं । त्यसैले एउटा खम्बा कम्जोर भयो भने तयो गति अगाडि बढ्न सक्दैन हामीले यसलाई आत्मसात गर्नु पर्ने अवस्था रहेको छ । त्यसैले पुनः सिंहदरवारको अधिकार गाउँघरमा आएको छ । अब यो विश्व विकास र व्यापारको दृष्टिकोणले कुनै बाउण्ड्री छैन त्यसमा कुनै पर्खाल छैन । चिनसँग व्यापार गर्न ठूलठूला पहाड भएपनि भारतसँग व्यापारगर्न कुनै काडेतार छैन । त्यसैले दुवै मित्रराष्ट्र हाम्रा छिमेकी हुन हामीले छिमेकी मित्रराष्ट्रको बजारलाई कसरी सदुपयोगमा ल्याउने भन्ने कुरालाई आत्मसाथ गर्दै यो प्रदेशलाई अगाडि बढाउने सबैले प्रतिबद्ध भएर लागि पर्नु पर्ने कुरा यो सद्न समक्ष निवेदन गर्न चाहाँन्छु । यो बजेटमा सम्पूर्ण कुरालाई समेट्न सक्ने अवस्था नभएको परिपेक्षमा बढी भन्दा बढी कार्यान्वयन गर्न सकिन्छ । यसमा हामीसबैको ध्यान जानु पर्दछ । होइन भने बजेट प्रकृयामा मात्र सीमित हुन सक्छ । जनताका आकांक्षाहरु कल्पनामा मात्र सिमित हुनसक्छन् । कार्यक्रमहरु अगाडि बढाउने हो भने सबैका भावनालाई समेटेर सम्बोधन गर्ने कुरामा हामीले जानु पर्दछ भन्ने मलाई लागेको छ । त्यसैले यो सम्मानित सदन समक्ष म अनुरोध गर्न चाहाँन्छु । हिजो पेस गरेको बजेट माथि छलफल गरियोस भनि म अनुरोध गर्न चाहाँन्छु । धन्यवाद

(प्रस्तुत गरिसकेपछि)

मा० सदस्यहरू,

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहराले हिजो मिति २०७५ साल बैशाख ९ गते आइतबारको बैठकमा प्रस्तुत गरेको चालु आ.ब. २०७४/०७५ को बाँकी अवधिको राजस्व तथा व्यय विवरण र विनियोजन विधेयक, २०७५ माथीको सामान्य छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम मा० श्री हर्क बहादुर कुवँरलाई छलफलमा भाग लिन अनुमती दिन्छु । समय ८ मिनेट

**माननीय श्री हर्क बहादुर कुवँरः-** माननीय सभामुखज्यू, हिजो मात्र प्रदेश नं. ७ को आर्थिक विधेयक टेबलु भएको छ । तत्काल तीन महिनामा के गर्न सकिन्छ र कसरी अगाडि बढ्न सकिन्छ भनेर यो आर्थिक विधेयक पेस भएको छ । सर्वप्रथम म समर्थन गर्न चाहाँनछु । यसले सबै क्षेत्रलाई समेटेतापनि केही कुराहरु राष्ट्रिय गौरवका आयोजनाहरु जुन यो प्रदेश भित्र हामीले उत्खनन गरेर लैजानु पर्नेमा खप्तड क्षेत्रलाई हेर्ने खालको छैन् । हाम्रो नेपाल नयाँ संविधानमा नयाँ चरणको अभ्यास गरिराखेका छौं । हामी गणतन्त्रलाई स्थापना गर्न गईरहेका छौं । जनताका आकांक्ष र जनआन्दोलनका सहिदले देखाएको बाटोमा जानु पर्छ भन्ने मेरो मान्यता छ । सुरवाती चरणमा भए पनि जनतालाई छाप पार्ने खालको योजना बनाउनु पर्छ । प्रदेश नं. ७ का जनताले धेरै आस गरिराखेका छन् । त्यसलाई मध्यनजर गर्दै हामीले आगामी बजेटलाई यो आर्थिक बजेटमा टेकेर गौरवका आयोजना

जनताको विचमा लैजानु पर्छ । जनतालाई सम्बोधन हुनेखालका योजना जनताको सामु लैजान सक्दैनौ तबसम्म जनताले विश्वास गर्न सक्दैनन् भन्ने मैले सोचिरहेको छु । त्यही अनुरुप आज यो संसद्मा सभामुख मार्फत केही कुरा भन्न चाहाँन्छु । पूर्वाधार विकास तर्फ हामीले राष्ट्रिय गौरवका आयोजनाको लागि यो बजेटले सम्बोधन गरेको छैन् । सेती लोकमार्गको लागि किन सम्बोधन नगरेको यसलाई समेटेर सम्बोधन गरियोस् । खुटिया नदी हुदै डोटी सम्मको बाटोलाई पनि अति महशुस गरिराखेका छन् । त्यसलाई महत्वका साथ किन समेटिएन ? गौरबको योजना चिसापानी हुदैं मंगलसेन तुर्माघाट सम्मको बाटोलाई यो बजेटले सम्बोधन गरी अगाडि बढोस भन्न चाहाँन्छु । अहिले कतिपय दलित दाजुभाईहरु नागरिकता विहिन छन् । उल्लेख गरिएको छ हिलाया चमार भनेको छ । तर ति दलित दाजुभाईलाई नागरिकता दिनको लागि सभामुख मार्फत अनुरोध गर्न चाहाँन्छु । प्रदेश नं. ७ ट्याक्सका कुरा गरेका छौं तर कसरी कहाँबाट उठाउने भन्नेकुरा यो नीति अथवा बजेटमा समावेश गरिएको छैन् । अछाम जिल्लाको साफेनगरपालीकाको वार्ड नं. ५ खप्तड भन्ने टाउमा तुमानील उत्खनन् भएको थियो । अहिले त्यो बन्द भएको छ । त्यसको अध्ययनका लागि यो बजेटमा रकम छुट्याइएको छैन् । त्यसको लागि सभामुख मार्फत अनुरोध गर्न चाहाँन्छु । मैले धेरै भन्नु भन्दा पनि विगतका कुरालाई मनन गरेर यो प्रदेशलाई कसरी अगाडि बढाउन सकिन्छ । स्रोत साधन नभएको प्रदेश भनेर भन्ने गरेका छन् यो प्रदेशलाई त्यसैले हामीले पक्ष प्रतिपक्ष नभनेर छातीमा हात राखेर एकजुट हुने हो भने ७ नम्बर प्रदेश होइन १ नम्बर प्रदेश बनाउन सक्छौ । धन्यवाद

**माननीय श्री श्यामलाल राना थारुः-** माननीय सभामुख महोदय, चालु आर्थिक वर्षको बाँकी अवधिको लागि बजेट प्रस्तुत भएको छ । यो बजेटले के देखाउछ भने । खासै जनतामा प्रत्येक्ष अनुभूती दिने किसिमको कार्यक्रम देख्न पाइएको छैन । १ अरब २ करोड ५ लाखको विनियोजन कुल बजेटको चालू तर्फ ३० करोड ७ लाख ७७ हजार रुपैया छुट्याइएको छ । जस्मा १३ करोड ८७ लाख ३७ हजार कर्मागत योजना कुनै कार्यक्रममा दिएको छ । जसमध्ये प्रयाप्त रुैपैया कसरी खर्च गर्ने त्यसको ठोस आधार हामीले देख्न पाएका छैनौ । त्यसै गरेर त्यही भित्र रहेर करिब यो सम्भाव्यता अध्ययनको लागि मात्र विनियोजन गरिएको छ । मलाई लाग्छ यो प्राथमिकतामा तोकिएका योजनालाई बरु यसको सर्वे डिपिआर तयार गर्नको लागि सम्भाव्यता अध्ययनको लागि ४ करोड ३५ लाख रुपैया २ महिनाको दौरानमा यो सदुपयोग हुन सक्दैन जस्तो लाग्छ । त्यसै गरेर यो असै अन्तर्गत जुन पूँजीगत तर्फ १५ करोड ५७ लाख रुपैया जुन देखाएको छ । २ करोड १४ लाख भैपरि खर्च यसरी विभिन्न शीर्षकमा ३ महिनामा धेरै काम गर्न सकिने अवस्था छैन् । तर पनि धेरै कुराको वारेमा ठोस उपलब्धी हासिल गर्ने किसिमको बजेटमा उल्लेख गरेको पाइएको छैन् । यसलाई आगामी वर्षको लागि जुन खण्डको रुपमा लैजाने व्यवस्थाका लागि अर्थमन्त्रीज्यूले अवगत गराउनु भयो । यसको लागि ५६ करोड छ यसमध्ये पनि बजेटमा अर्थविविध तर्फ ५६ करोड ४० लाख २३ हजार रपैयाको जुन अनुमान गरिएको छ । बजेट शीर्षकमा हेर्दा यसलाई चालु तर्फ बनाएर विभिन्न मन्त्रालय अन्तर्गत यसलाइ पठाउने काम भएको छ । यसमा हामीलाई के संका लागेको छ भने यो मन्त्रालय अन्तर्गत रहेर माननीयहरुको योजनाहरुलाई मन्त्रालयअन्तर्गत रहेर गोप्यरुपमा सत्तापक्षका माननीयहरुलाई समावे गरेर लैजाने होकि भन्ने जस्तो संका यसमा देखिन्छ । अर्ध विविध खर्चमा पनि विशिष्ट व्यक्ति र प्रविधि प्रतिनिधि मण्डल भ्रमण खर्च भनेर ३ करोडको हाराहारीमा यो छुट्याइएको छ र परामर्श तथा अन्य सेवा शुल्कमा १ करोड ४५ लाख तालिम था गोष्टीमा १ करोड ८८ लाख ३५ हजार यस्तै गरेर अनुगमन मूल्याङ्कन भ्रमण खर्च भनेर २ करोड ९० लाख ५० हजार यो रकमले के देखाउछ भने जनतामा आशा जगाउने काम गरेको छैन कि निराशा ल्याउने काम गरेको छ । यसले यसरी रकम सदुपयोग भन्दा पनि दुरुपयोग र अनियममितता हुने छाट हामीले देखेका छौ । तसर्थ यसलाई अझै पुनः बीचार गरेर सबे माननीय सदस्यहरुलाई छलफलमा सहभागी गराएर सहि ढङ्गबाट जानु पर्छ भन्ने मलाई लाग्छ । यो अनुदानका कुरामा पनि शैक्षिक अनुदान र सामाजिक संस्थालाई दिने अनुदानमा यो कार्यकर्तालाई भरण पोषणमा खर्च हुने विश्वास लिएको छु । त्यसकारणले धेरै उपयोगी बजेट छैन अब यसलाई २ महिनाका दौरानमा कति सदुपयोग गर्न सक्छौ । धन्यवाद

**माननीय श्री शान्ति नेपालीः-** माननीय सभामुख महोदय, यो गरिमामय सदनमा प्रदेश सरकारले बाँकी अवधिका लागि ल्याएको बजेटको सन्दर्भमा अहिले प्रदेश सरकारलाई छोटो अवधिमा छोटो र मिठो तरिकाले जनतालाई राहत हुने गरी ल्याउन खोजेको बजेट प्रति सर्वप्रथम म समर्थन सहित धन्यवाद भन्न चाहाँन्छु । जहाँ ७ नम्बर प्रदेश गरिबीको रेखामुनी रहेको प्रदेश यसै प्रदेश सरकारले केन्द्रबाट पाएको सम्मानीकरण बजेटको तयार गरेको छ । यसमा समयको पावन्दीले गर्दा सबैभन्दा महत्वपूर्ण कार्य भौतिक निर्माण गौरवका आयोजना प्रदेशका विभिन्न

जिल्लामा प्राथमिकतामा राख्नलाई सम्बोधन गर्न सकिएन र यो सम्बोधन आशा गरेको छु मैले नयाँ आ.ब.को बजेटमा सम्बोधन हुने छ । ७ नम्बर प्रदेशको जल, जंगल र जमिनलाई प्राथमिकतामा राखेर यहाँको गरिबीलाई प्राथमिकतामा राखेर यहाँका पछाडी पारिएको वर्गलाई प्राथमिकतामा राखेर जुन बजेट ल्याईको छ । ऐतिहासिक रहेको छ । यहाँको पछाडि पारिएको वर्गको उत्थानको लागि यहाँ फरक क्षमता भएको वर्ग महिला यहाँको दलित, सुकुम्वासी, भूमिहीन देखि लिएर वाडी पीडित देखि लिएर समग्र विषयलाई यो अनुदानले सम्बोन गर्न सक्छ । शिक्षाको क्षेत्रमा विपन्न वर्गका वालकालिका लागि छात्रवृत्तिको व्यवस्था यो सरकारले गर्नु पर्छ । आर्थिक परिस्थिति कमजोर भएकाले विपन्न वर्गको विद्यार्थीले राम्रो विषय पढ्न नसक्ने अवस्था रहको छ । महिला हिंसा न्यूनिकरण, बालश्रम न्यूनिकरण लगायतका सन्धी भएका छन् । यसको अनत्य गर्नका लागि सरकारले थुप्रै सन्धी गरेका छन यसलाई न्यूनिकरण गर्न प्याकेजमा कार्यक्रम गरी यो बजेट त्यसमा खर्च हुनु पर्छ । महिला प्रति घरेलु हिंसा भएको छ । सामाजिक हिंसा राजनीतिक हिंसा देखि लिएर पैत्रिक सम्पत्तिमाथि अधिकारको राज्यले व्यवस्था गरेतापनि समान अधिाकर प्राप्त गर्न सकेका छैनौ । सुकुम्बासी र भूमिहिनको वारेमा वास्तविकता पत्ता लगाई यसको व्यवस्थापन गर्नको लागि त्यहाँ यो बजेट खर्च हुनु पर्छ । यो प्रदेशमा भएका वास्तविक गरिब को को हुन यसको वास्तविक डाटा सरकाले तयार गर्नु पर्छ । अन्तमा म के भन्न चाहाँन्छु भने महिलालाई आत्म निर्भर गर्नको लागि कुलतमा फसेका युवाहरुलाई आत्म निर्भर गर्नका लागि आर्थिक व्यवसायिक प्याकेजको कार्यक्रम यो बजेटमा ल्याउन जरुरी छ । वर्षातको सयम आउदै छ विभिन्न नदीको छेउछाउमा भएका घर जसका टहरा छन् त्यसलाई सुरक्षित गर्नको लागि नदि र खोला नजिक भएका घरको डाटा समेट्नु जरुरी छ । कृषिमा आत्मनिर्भर हुनका लागि कृषिमा वृहतरुपमा गर्न जरुरी छ भन्दै विदा हुन्छ । धन्यवाद

**माननीय श्री रतन बहादुर थापाः-** माननीय सभामुख महोदय बजेटको करा गर्दा इनटोटलमा राम्रो छ । यसमा फुल्ली यग्री गर्न चाहाँन्छु र धन्यवाद दिन चाहाँन्छु । हामीले धन्यवाद नै दिनु पर्छ । निर्माणको क्षेत्रमा बजेट आउन सकेन । त्यस्तै समस्या परेको होला सम्भाव्यता अध्ययन भनेर धेरै बजेट छुट्याइएको छ । सम्भाव्य भनेको पोसिविलिटी फिजिविलिटी त्यो हुन्छ हुन्छ । कुन प्रोजेक्टमा कती बजेट छुट्याउने भन्ने कुने एकिन गर्नु पर्छ जस्तो मलाई लाग्छ । नेपालको इतिहासमा बजेट खर्चै नगर्ने इतिहास कायम छ । एक अरवको बजेट पनि सकिएन प्रशासनिक खर्च पनि धेरै छुट्याइएको छ । यो पनि खर्च गर्न सक्नु भएन भने हामीलाई पनि अप्ठेरो हुने छ । खर्च गर्नलाई धेरै मेहनत गर्नु पर्ने छ । यो सक्नु भयो भने पहिलो स्टेप राम्रो हुने छ । त्यसको लागि बजेटमा इनकर्पोरेट गर्नु पर्छ भन्ने कुरा धेरै गाह्रो छ । नीति तथा कार्यक्रममा अलि अलि आएको छ । अगाडि बढाउनलाई प्रभावकारीता चाहीएको छ । त्यसको लागि हामीले डिसिपिलिन हुनु पऱ्यो । त्यसको लागि हामी प्रोएक्टीभ हुन पऱ्यो त्यसपछि यसलाई मेन्टेन गर्नका लागि चरित्र राम्रो गर्नु पऱ्यो त्यसपछि आउटपुट आउछ । जनताले जबसम्म पाउँदैन तव सम्म हामीले किताबमा जति लेखे पनि कोहि पढ्नेवाला छैन । पाउनै पर्छ जनताले यसमा इम्पलिमेन्टेसनमा जोड दिनु पर्छ भन्ने मलाई लाग्छ । विशेष गरेर कृषिमा हामीले राम्रो बजेट छुट्याएका छौं । यो ५ करोड रुपैया छ । यसलाइ हामीले अनुदानकोरुपमा दिनु पर्छ होला । कृषिलाई अगाडि बढाउनु राम्रो कुरा हो । बाझो जग्गा राख्नु हुदैन यसलाई निशेध गर्नु पर्छ भन्ने कुरा छ । एक्कैटोची यस्तो गर्न सकिदैन यसका लागि पहिले त्यसलाई पुरस्कार दिउ यदि कसैले बाझो जग्गामा फलफूल रोप्छ भने उसलाई केही पैसा दिऊ । त्यसपछि मात्र पहिले दिनेवाला त्यसपछि खानेवाला धेरै छन् । अनी खाने नखाने हेरी गर्नु पर्छ त्यपछि बाझो जग्गा राख्ने लाई कार्वाही गर्ने नियमहरु बनाउन सकिन्छ । अर्को चाही अन्तराष्ट्रिय कभर्ड हल बनाइने छ भनेको छ यसमा एकेडेमी खोलिदियो भने राम्रो हुन्थ्यो । औद्योगिक क्षेत्रमा खास फोकस भएको छैन् । जवसम्म प्रोडक्सन देशमा हुदैन उत्पादन जवसम्म देशमा हुदैन तवसम्म हामीले समृद्ध नेपाल कुराले मात्र हुँदैन । रुग्ण उद्योगलाई अगाडि बढाइने छ भनेको छ यसलाई अगाडि बढाइने पनि छैन् । यो उद्योगलाई कसरी अगाडी बढाउन सकिन्छ । यसको वारेमा हामीले हेर्नु पर्छ । मैले देखेको कुरा के छ भने क्रसर उद्योगको कुरा छ । क्रसर उद्योगको अहिले दिइराखेको छैन तर त्यसलाई यति जटिल बनाएको छ कि अर्को क्रसर उद्योग कसैले खोल्न पनि सक्दैन त्यस्तो क्राइटेरिया बनाएको छ । हामीसँग ढुङ्गा छ । एकातिर पहाडा फोड्नुहुन्न भन्ने खालको छ भने अहिले हामीसँग बेच्ने चिज भनेको ढुङ्गा छ । त्यो ढुङ्गा उद्योग खोल्न सक्यो भने अहिले गर्न सकिन्छ । पर्यटनको क्षेत्रमा के छ भने यो वर्ष कैलालीलाई पर्यटन वर्ष बनाउने भनेको छ । लम्कीमा दुईचार जना माननीय बसेर प्रधानमन्त्रीलाई बोलाएर उद्घान गर्ने र यो कैलाली जिल्लाले जिल्लालाई भनेको छ पछि प्रदेश मै गर्न सकिन्छ । पर्यटन भिजिट वर्षको रुपमा हामीले बनाउने सोचेका छौं । यो राखेको भए प्रदेशले राख्न पनि सकिन्थ्यो । यो गर्दा पनि राम्रै होला

पर्यटनको करामा पनि कसरी हामीले ल्याउने कुनै पर्यटकहरुलाई एक्स्ट्रा अडिनरी देखिनु पर्छ जस्तै नौ मुठे गाइ मैले पनि देखेको छु । अमेरिकामा वस्ने मानिसलाई ठूलो विल्डीङ्ग देखाएर तिनीहरु यहाँ आउदैनन् तिनीहरुलाई झुप्रो देखाउनु पर्छ । हामीले के देखाउदा तिनीहरु आउने हुन त्यसको लागि हामीले गर्नु पर्ने के छ । यो नै डिजाइन गर्नु पर्ने छ । के के छन सम्भावना अध्ययन गर्नु पर्ने छ । अध्ययन गर्नलाई विज्ञहुनु पर्‍यो अब मन्त्रीज्यू ने विज्ञ हुनु पर्छ हामीनै विज्ञ हुन पर्छ भन्ने कुरा छ विज्ञहरु हामीसँग चारै तिर छ । आजकल त नेट इन्टरनेट संसारको जमाना छ । हामीले लम्कीमा २० लाख लगाएर गार्डन बनाउने भन्यौ मैले संसारका गार्डन हेरे कस्तो गार्डन हुनु छ भनेर मेरो दिमागमा छ । हामीले भिजुलाइज गर्नु पर्छ संसारलाई हामीले घरमै बसेर हेर्नु पर्छ । त्यसकाण यो पर्यटनमा के के सम्भावना छन् हर्नु पर्छ जस्तो लाग्छ । एउटा छुटेको कुरा के छ भने खक्रौला देखि लम्की र चिसापानी देखि गड्डा चौकी सम्म डिपिआर गर्न सक्छौ लाग्छ यो रोडको फोरलेन अथवा सीक्सलेन डिपिआर बनाउन सकिन्छ होला यो ठूलो कुरा पनि होइन डिपिआर नभएर हुदैन । गरिबीको रेखामुनी रहेको मान्छेलाई केही दिने भनेको छ । यो कार्ड दिदा केही आपत हुदैन कुनै पनि खालको सबसिडी दिनु पर्दाखेरी कसैलाई एक कुण्टल चामल दिनु पर्ला कसैलाई चाँहीं नदिनु पर्ने पनि हुन सक्छ । त्यसमा हामीले गरिबीको रेखामुनीको मानिसको कार्ड बनाइदियौ भने त्यसको गर्‍यो भने उनिहरुलाई विभिन्न ठाउँमा माग गर्न सजिलो हुन्छ । खाता खोल्ने जिरोमा एकरुपैयामा खोलौन एकरुपैयामा खोल्यो भने केहीन केही काम लाग्छ । शिक्षाको क्षेत्रमा ५ वर्षमा साक्षर भन्ने छ । हुनत ५ वर्षमा पुरा हुनु राम्रो हो । तर सरकाले माथि २ वर्षमा भनेको छ । धेरै कुरा राम्रो छ । यसलाई कार्यान्वयन गर्दा अफ्टेरो हो । कार्यान्वयन गर्न फ्रेन्डसिप मा होइन फ्रेन्डलीलेसमा गर्नु पर्छ भन्ने मलाई लाग्छ । मित्र केही दिन भयो भने पछि त्यो सत्रु पनि हुन सक्छ । प्रियभावमा बजेट विनियोजन गर्नु होला भन्दै मेरो भनाई अन्त गर्न चाहाँन्छु । धन्यवाद

**माननीय श्री रण बहादुर रावलः-** माननीय सभामुख महोदय, आ.ब. २०७४/०७५ बजेट बक्तव्य सुन्न पाइयो ।। पढ्न पनि पाइयो यसको लागि आर्थिक मामिला तथा योजना मन्त्रीलाई र सरकारलाई धन्यवाद दिन चाहाँन्छु । माननीय सभामुख महोदय यो बजेट पुस्तीकामा बजेटको उद्देश्यमा ध्यनाकर्षण गराउन चाहाँन्छु । यसमा प्रष्टरुपले बजेटका उद्देश्य निम्न बमोजिम रहेका छन भनेर लेखिएको छ । बहुतै सान्दर्भीक कुराहरु संघीयता कार्यान्वयन गर्ने सहयोग पुर्‍याउने कुरा देखि लिएर प्रदेश स्तरिय निकायको संरचनाको व्यवस्था गर्ने देखि लिएर दिगो समानुपातिक विकासका कुरा देखि लिएर विकास प्रक्रियाका कुराहरु राख्नु भएको छ । यसै सन्दर्भमा अहिलेको वर्तमान अवस्थामा अर्को यसैलाई काट्ने गरी उहाँले बुदा नं. १३७ मा पनि चालु आर्थिक वर्षको लागि रु १ अरब २ करोड ५ लाख बजेट विनियोजन गरेको छ । कुल विनियोजन गरेको मध्ये करिब करिब ३० प्रतिशत चालू खर्चमा राख्नु भएको छ । त्यसको लगत्तै तल फेरी अर्थ विविध तर्फ ५५.३० प्रतिशत समग्रमा चालुतर्फ ८५ प्रतिशत बजे विनियोजन गर्नु भएको छ । अर्को पूँजीगत तर्फ विशेष गरी १५ करोड १५ प्रतिशत पूँजी तर्फ यो प्रदेशमा नेपालकै पछाडि परेको प्रदेश यो र कर्णाली प्रदेश हो । यसै सन्दर्भमा ७ नम्बर प्रदेशका धेरै जनताहरु पछाडि परेका जनताको आशा अपेक्षा वर्तमान अवस्थामा निर्वाचन पश्चात प्रदेश सभा गठन भएको छ । सरकारमा आएको छ यस प्रदेशका आदरणीय किसान देखि सम्पूर्ण महिला हरेक तह र तप्काका जनसमुदायले धेरै आशा र अपेक्षा गरेका छन् । अर्थमन्त्री अर्थ सम्बन्धमा धेरै अगाडि काम गर्नु भएको छ केन्द्र र प्रादेशमा पनि उहाँलाई धेरै कुरा जान्दैनन भन्ने पक्षमा म छैन् । तर जुन हिसावले यत्रो गरिमामय सभामा यत्रो मेहनतका साथ ल्याउनु भयो तर जहाँ जनताले अपेक्षा गरेको छ । आउदा दिनमा यो प्रदेश समृद्ध होला उभोलाग्ला भन्ने सोचाइसाथ बढ्दा अब ८५ प्रतिशत चालु खर्चमा जनाउनु हुन्छ । कति अनउत्पादक क्षेत्रमा लगानी गर्दै छौं कनै पनि योजना तर्जुमा गर्दा योजनाका सिद्धान्तहरु प्रष्टरुपले उहाले त धेरै बुझ्नु भएको छ तर पनि जुन यो हिसावले यो बजेट बिनियोजन भएर जनु हिसाले १३७ मा उल्लेख गरेको यो एउटा प्रदेश सभाको हैसीयतले मलाई दुःख लागेको छ । यो प्रवृत्तिको हामीले राम्रोसँग अध्ययनै नगरीकन यही तरिकाले केन्द्रले बजेट दियो र हाम्रो काम खजान्चीको मात्र हो भन्ने प्रवृत्तिबाट अगाडि बढ्छौ भन्ने मलाई लाग्छ । यो ७ नम्बर प्रदेशलाई कसरी अगाडि बढाउने बहुत ठूलो प्रश्न छ । सम्माननीय सभामुख महोदय हरेक बुदा हेरेको छु । एउटै कुरा भन्नु के छ भने आज हामी छातीमा हात राखेर साच्चीकै भालिको यो प्रदेश नं. ७ समृद्ध प्रदेश समग्रह नेपालमा नमुनाको प्रदेश होस् भन्नका लागि त्यो जग बनाउने हिसावले एक चौथाई वर्षको कार्यक्रम आउँदैछ । समय सानो ठूलो कुरा होइन । अहिलेको प्रविधि युक्त समाजमा यो विश्वमा चाइना जस्तो ठाउमा छ महिना पछि गर्‍यो भने तपाई हामीले सपना पनि सोचेको हुदैन टोटल सहरमा र टोटल डेभ्लपमेन्टमा परिणत भएको हुन्छ । एक एक पल मा

ठूलो काम गर्न सकिन्छ । केवल इच्छा शक्ति हुनु पर्छ होइन यदि हामीले अहिलेको सरकारले हाम्रो बहुमत छ हामीले पास गर्न सकिहाल्छौ । यो होइन बहुमत र अल्पमतको कुरा ठूलो होइन ठूलोकुरा के हो भने हामी कति कुरा सफल तरिकाले एक एक नेपाली गरिब जनताले रगत पसिना बगाएर उठेको करबाट केन्द्रमाबाट आएको बजेटहो यो । त्यसबाट एउटा राम्रो काम गर भनेर आएको बजेट हो यो । त्यसलाई केवल हामीले अनुदानको रुपमा यसलाई बजेट विनियोजन भन्दा पनि चुनाव लडेर आएका साथीलाई थोरै थोरै होकि भन्ने मलाई लागेको छ । जब यो किताब हातमा पऱ्यो तब मलाई भन्न बाध्य बनायो । आज निर्वाचन सम्पन्न भएकोछ भरखर सरकार भएको छ । धेरैले आशा अपेक्षा गरेको बेला आज यस्तो खालको आएको छ । भन्दा खेरी उद्देश्यमा दिगो खालको संयुक्त राष्ट्रसंघको सष्टिनेबल गोलको आधारमा राखेर हामीले छोटो अवधिमा पनि त्यसलाई सहयोग पुऱ्याउने उद्देश्यले ल्याएका छौ भनेको छ । अर्को भनेको छ  सन् २०२२ पछाडि परेको देश विकसित रुपमा जाने भनेर एउटा ठूलो उद्देश्यका साथ आत्मसाथ गर्ने भनेर ल्याएको छ । के मलाई यसरी अनुदान दिएर २५,३० लाख जनता खुसी हुन्छन् । पूर्वबक्ता माननीयलाई सम्मान गर्न चाहाँन्छु उहाँले भन्नु भएको छ । बाडेर कनिका छरेर एउटा राज्यको ढुकुटी दिएर खुसी पार्न सक्छौ तर त्यसलाई एक दिन पनि नदिनुहोस त्यसपछि दुस्मन हुन थाल्छ । यसै सभा मार्फत माननीय सभामुखज्यू मार्फत के भन्न चाहाँन्छु भने यथा सिघ्र अलिकती भए पनि कुनै पनि शीर्षकमा प्रष्ट छ कुनै पनि लुकाउनु पर्ने छैन् । जुन कुनै पार्टीको भएतापनि यो प्रदेशको जिम्मेवारी छ । अबका आउदाँ ५ वर्षमा साच्चीकै यो स्थायीत्व हरेक किसानको गोजिमा पैसा पर्ने खालको हरेक व्यवसायिलाई गौरवका साथ राजस्व तिर्न र गौरिफन्टा जस्तो विग्रेका द्वन्द्वमा भएको लाई पनि कम्सेकम व्यवस्थीत वनाउने वातावरणको लागि आशा त जगाउनु पऱ्यो खक्रौला एउटा सानो नाका छ त्यो पनि उल्लेख भएको छैन । जब सम्म हाम्रा आर्थिक उन्नती हुने खालका माथि बढ्ने खालका काममा हाम्रो सहयोग भएन भने भइरहेको आफ्नो पुँजी राजस्व बढ्न सक्ने ठाउँमा भलाई लाग्छ हाम्रो युवा अर्थमन्त्रीज्यूलाई थाहाँ छ ति कुरामा अलि फोकस गरिदिएको भए मलाई लाग्छ धेरै आशा पलाउन सक्यो भने । त्यो पनि एउटा विकासको फट्को हो । धेरैले आशा गरेको छ कुन बाटो राज्दा हाम्रो भविष्य सुनिश्चित हुन्छ भनेर आशा गरेका छन् । हाम्रो लगानी केवल यहाँ भित्रको आन्तरिक राजनीतिमा मात्र होइन हाम्रो लडाइ गरिबी र आर्थिक उन्नती कसरी गर्ने भन्ने छ । किसानलाई समयमा विऊ विजन मल पाउने व्यवस्था कसरी गर्न सकिन्छ । यत्ति मात्र ध्यान दिऊँ त ? यत्रा ४, ५ करोडको फिजिविलिटि गर्दा कमसेकम ठूलीगाडबाट रिजरभ्वायर राखेर आठ देखि १० किलोमिटरको एउटा टनेल बनाएको भए खुटीया देखि यहाँको ४० हजार देखि ४५ हजार हेक्टर भूमि सिचाइँ हुन थाल्यो भने आर्थिक उन्नती हुन्छ कि हुदैन किसनको खल्तीमा पैसा हाल्नु पर्दैन उनिहरुलाई पूर्वाधारहरु बनाई दिऊ त्यसमा आशा छ । समग्रहमा सरकार लाई भन्न चाहाँन्छु । अनुत्पादक क्षेत्रमा यसरी राखियो भने यसले सुशासन होइन कुशासन तिर दौडाउछ । मन्त्रीज्यू नजिक हुनुहुन्छ । मेरो यो गरिदेउ भन्दा उहाँले दिनु हुन्छ । दिने कतिलाई दिएर खुसी हुनेवाला छैनौ । समग्र यो प्रदेशको मेजुरिटी किसान तह र तप्काका मानिस खसी हुनु पर्छ । अहिलेको बजेट सिद्धान्त विपरित छ । एकदम नमिल्ने गरी आएको छ । वर्तमान अर्थमन्त्रीलाई भेट्दा खुसीले गदगद थिए । आज यो कुरा भन्नु पर्ला जस्तो लागेको थिएन मलाई मैले सोचेको थिए अरबी घोडा नभएपनि जुम्ला हुम्ला अर्थात बाजुरा बझाङ्ग तिरको घोडा त अवश्य बन्ला भनेको सोचेको थिए । हेर्दै गएको ट महाको उटपो रहेछ । अफ्टेरो नमान्नु होला साच्चिकै यदि क्रप्सन नगरी आडि बढियो भने हामी विपक्षमा छौ हामी सकैलाई विरोधका लागि विरोध गर्ने छैनो । जब सम्म यो प्रदेशको उन्नती र प्रगतिमा सरकार सहि बाटोमा हिड्दैन तपसम्म कुनै किसिमको सहयोग गर्न तयार छैनौ । व्यक्तिगतरुपमा ठूलो कुरा होइन त्यसैले अन्त्यमा स्मार्टनेस हुनै पऱ्यो अर्को मापन गर्ने आधार पनि देखिदैन आफै धामी आफै झाक्रि सरकारले ल्याउछ क्यावनिेटले निर्णय गर्छ । सबै मन्त्रीलाई कठघरामा उभ्याउने बजेट हामीले ल्यौभने गऱ्यो भने मलाई लाग्छ हामी चाहाँदैनौ त्यस्तो । भोलि सहजरुपले राम्रो काम गरेको देख्न चाहाँन्छौ । यो बजेटमा उल्लेख भएको कुराले गर्दा आर्थिक अनीयमितता कुशासन बाहेक एक दुई काम बाहेक धेरै काम हुनेवाला छैन । त्यसैले यसलाई तपाइहरुले परिमार्जन गर्नै पर्छ । आर्थिक विकासमा केही व्यक्ति मोटाउने छन् । एकचोटी गणगान गर्लाना फेरी सिद्धिएपछि बजारको हेर्नुहोस मूल्य वृद्धि भएर समग्ररुपमा अफ्टेरो पर्न सक्छ । यो प्रदेश र संघीयता प्रति प्रश्न हुन आउँछ । अब यसलाई सिलो टेन्डेन्सी भन्छन संघीयतामा प्रस्ट छ हामीले सहअस्तीत्वमा समन्वयकारी तरीकाले अगाडि बढ्यौ भने तव मात्र लोकतन्त्र अगाडि बढ्छ । पारदर्शिताको कुरामा प्रकृतिले कसरी पार्दशी हुन्छ । कुनै पनि बजेट जबसम्म समग्रहतामा पेज नं. १३ मा नियन्त्रण पनि छैन अनुगम गर्ने संयन्त्र पनि छैन । यसरी विधिको शासन मान्छौ भने विधिको शासन अगाडि बढाएनौ भने क्याविनेटको अधिकार छ भन्दैमा हरेक कार्यविधि बनाएर हरेक योजनाहरु क्याविनेटले निर्णय गर्ने हो भने मलाई लाग्छ

क्याविनेट लेखापाल हुन सक्छ । खाजान्ची लाई सबै जिम्मा देउ केही पऱ्यो भने लेखापालले निणर्य गर्नु पर्ने हुन्छ । वर्तमान सत्ता पक्षका माननीयलाई भन्न चाहाँन्छु कम्सेकम तपाईहरुले नै राखेका प्रत्येक कुरालाई हामी समर्थन गर्न चाहाँन्छु । धेरै कुरा प्रस्ट छन जुन हिसावले विनियोजन गर्नु भएको छ । त्यो विनियोजन ब्रेकडाउन गर्ने कुराहरु न तपाईको भिजन क्लियर छ न तपाईको मिसन क्लियर छ न तपाईको एक्सन प्लान तयार छ । यसै गरी गर्नु भयो भने यो गरीमा घटाउने काम गर्नु भएन् । सरकारलाई अनुरोध गर्न चाहाँन्छु । यथासिघ्र यसमा करेक्सन गरेर अनुरोध गर्दै विदा हुन्छ । धन्यवाद

**माननीय श्री माया तामाङ्ग बोहराः-** माननीय सभामुख महोदय, आज हामी आ.ब. २०७४/०७५ को पहिलो बजेट प्रस्तुत विषयमा छलफल गरिरहेका छौ यसरी इतिहासमा पहिलो पटक यसरी आफ्नो ठाउँ आफै बनाउँ भन्ने हामीसँग भविष्यको मार्ग बनाउने ठाउँमा उभिरहेका छौं । हाम्रो साना साना असल निर्णयले हाम्रो प्रदेशले स्वरुप फेर्न सक्छ ठूला योजना मन भएर प्रदेश बन्छन भने । यस भन्दा केन्द्र सरकारले प्रस्तुत गर्ने बजेट सुन्दा असल र आशा लाग्ने भएतापनि सहि कार्यान्वयन हुन सकेन जनता जहिले पनि निराश भइरहेर जसको कारण जनयुक्त समेत देशले व्यहोर्नु पऱ्यो । हामीले योजना बनायर कार्यान्वयन नगर्ने हो भने फेरी त्यही स्थीति नदोहोरीएला भन्न सकिदैन । त्यसैले जति बजेट बनाउन लाग्नु भएको छ त्यती कार्यान्वयनमा लगाउनु पर्ने देखिन्छ । माननीय सभामुख महोदय विशेष गरी युवा लक्षित रोजगार मूल कार्यक्रम बजेटम नपरेको देखिन्छन् । बेरोजगारीको स्थीति छ कम्तीमा रोजगार मूलक कार्यक्रम ल्याएर सीप सिकाउन सक्यौ भने आत्म निर्भर हुन सक्छन् । व्यरोजगारी घट्न सक्छ बजेटको सबै ठाउँमा सम्भाव्यता अध्ययन धेरै लेखेको देखिन्छ । त्यसैको सट्टामा थ्योरी निर्माण सम्बन्धी योजनाको यो आ.ब.मा सर्भे र डिजाइनको स्टमेट गर्न सक्यौ भने आउदो आ.ब.मा कार्यान्वयन गर्न सजिलो होला माननीय सभामुख महोदय, महिले पनि जनतामा धेरै आशा र आकांक्षाहरु छन् । अहिले समय र बजेटको अभाव पनि छ । धेरै कुराहरु छुटेको पनि छ । तर पनि जहिले कुराहरु उल्लेख गरेको छ । अक्षरस कार्यान्वयन होस भन्दै प्रदेश नं. ७ को बजेट पूर्ण सफलताको कामना गर्दै विदा हुन्छु । धन्यवाद

**माननीय श्री मानबहादुर सुनारः-** माननीय सभामुख महोदय, आज हाम्रो यो २०७४/०७५ को जुन बजेट आएको छ । हाम्रो अर्थमन्त्रीज्यूले अत्यन्त मेहनतका साथ अत्यन्त राम्रो तरिकाले सम्पूर्ण जातजाती सम्पूर्ण क्षेत्र, वर्गलाई समेटेर ल्याउनु भएको छ । एकदमै स्वागत र समर्थन गर्दछु । अर्थमन्त्री र सरकारलाई धन्यवाद दिन चाहाँन्छु । यसका साथसाथै सम्पूर्ण कुरा पूर्व वक्ता माननीयले भनी सक्नु भएको छ । मेरो क्षेत्र दोधरा चादनी नगरपालीकामा त्यहाँ चाँही सख्खा बन्दरगाह बन्ने कुरा हो । म सुझाब के भन्न चाहाँन्छु भने त्यो ठाउँलाई तोकेको भए अझ राम्रो हुन्थ्यो । थोरै भएपनि त्यसमा बजेट राखिदिएको भए राम्रो हुन्थ्यो । सुख्खा बन्दर्गाह त्यहाँ मात्र नभएर समग्रह सुदूरपश्चिमको मेरुदण्डको रुपमा रहेको छ । यो क्षेत्र अगाडि बढ्ने छ र यो क्षेत्रले विकासको काचुली फेर्ने छ । भारत र नेपालको काठमाण्डौमा मिटिङ्ग बसीराखेको छ । त्यो सुख्खा बन्दरर्गाह छिटो भन्दा छिटो बनोस् । सुकुम्बासी समस्या छ एउटा विल्कुलै जग्गा जमिन नभएका सुकुम्वासी छन् तिनको पनि सुकुम्वासी अयोग गठन गरेर समस्या समाधान गर्नु पर्छ । अर्को जग्गा भएका मानिसहरु छन् २०२० साल देखि बसेका मानिसहरु छन् । जग्गाको पूर्जा नपाएर सरकारलाई घाटा भएको छ । छिटो भन्दा छिटो के गरेर हुन्छ । बेतकोट नगरपालिकामा औद्योगिक क्षेत्रका लागि आज पनि मुख्यमन्त्रीलाई भट्ने टोली आएको छ । बेतकोट नगरपालिकामा औद्योगिक क्षेत्र बनाउनका लागि ३ सय विघाको पूर्जा पनि बनि सकेको छ । त्यहाँ औद्योगिक क्षेत्र बन्यो भने राम्रो हुने छ । महेन्द्रनगरको यएरपोर्ट अहिले गौचरन भएको छ । यएरपोर्टलाई सञ्चालन गर्नको लागि यो सम्मानित सदनमा भन्न चाहाँन्छु । क्रसर लगाउने लगाउने मानिसले आफ्नो मनोमानी तरिकाले गरेको छन् । जग्गाको बोटो खोल्ने र प्लानिङ्ग गर्ने रोक लगाएको छ यसलाई पनि खुला गरियोस् । सेती लोकमार्ग बन्यो भने यहाँको विकास हुने थियो । अर्थमन्त्रीज्यूले ल्याउनु भएको बजेटको स्वागत गर्दै विदा हुन्छ । धन्यवाद

**माननीय श्री महेश दत्त जोशीः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७४/०७५ को बजेट प्रदेश सरकाले पास गरेर अर्थ तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा जि ले ल्याउनु भएको आंशिक बजेट समयकोहीसावले आज हामी बैशाख १० गते यो पास हुदाँ हुदै यो महिना फिल्डमा जान प्रक्रियामै जान्छ । एक महिनाको लागि बजेट भन्दा पनि एउटा कार्यक्रमको रुपमा महशुस गरेका छौ । हालाका कि यो ऐतिहासिकरुपमा बजेट हो । इतिहासको कालखण्डमा यो पहिलोचोटी हाम्रो बीचमा बजेटको रुपमा आएको छ । नयाँ संविधान आइसकेपछि संघीय व्यवस्थामा प्रदेश नं. ७ को यो ऐतिहासिक बजेट मिश्रित अर्थ नीतिको आधारमा सैद्धान्तिक

हिसाबले टेकेर तीनखुट्टे अर्थनीतिलाई पछ्याउदै सबल ढङ्गले आएको छ । यो प्रदेशको समृद्धिको ढोका खोल्ने एउटा झझल्को दिने थ्रिलर जस्तो मात्र हो यो बजेट जसरी हामी समर्थन र विरोध गरिराखेका छौं । बजेट आउछ अब पुरै तयारीका साथ आउछ । २०७५/०७६ आ.ब. का लागि ७ नम्बर प्रदेशलाई समृद्ध बनाउने मोडका आधारले बजेट आउँछ । जनतालाई सम्बोधन गर्ने गरी आउछ । सिधै वर्गीय हिसाबले कुरा गर्छौ । वर्षौ देखि बजेट आए ढाई सौ वर्षको इतिहास छ भने बजे त आए नी कहिले ठूलाबडाका लागि बजेट आए कहिले पूँजीपतिका लागि बजेट आए । जस्ले लुटेर स्वटजरल्याण्ड र अमेरीकाको बैंकका खातामा पैसा जम्मा गरे । नीजिकरणको नाममा देशलाई नै स्वाहा गर्ने खालका बजेट आए हाम्रो अर्थनीति नीजिकरणको नाममा देशको ढुकुटी सिध्याउने गरेर बजेट आए ति बजेट बजेटकै पेरिफेरीमा टेक्ने यो बजेट एउटा खरानीमा टुसा उम्रे जस्तो बजेट हो । खरानीको छाडमाथी टुसा उम्रेको छ । यो टुसा समाजबाद उन्मुख छ । यो टुसा राष्ट्रिय अर्थनीति पछ्याउने किसिमको छ । यसले निश्चीतरुपमा हामीलाई समाजबाट तर्फ उन्मुख राष्ट्रलाई सबल बनाउने राष्ट्रिय एकतालाई बलियो बनाउने र श्रमजीवी जनतालाई सम्मान जनाउने देशलाई उत्पादन गरेर देशलाई आर्थिक स्तरले बलियो बनाउने खालको एउटा टुसा उम्रेको छ । बजेट बनाउदा कर पहिला उठाउने कुरा हुन्छ । अनुदानमा टेकेर बाडफाड गर्न खोजेको छ । हामी बचेका छौं ठूलो दुर्घटनाबाट हाम्रो विज्ञ अर्थमन्त्रीज्यूले हामीलाई बचाएको छ । १५ सय मन्दा बढी योजनाहरु मन्त्रालयमा पुगेको छ । आजका दिन सम्म पनि आउदैछन् । फाइलका फाइल आउदैछन् । दुई हजार योजनामा एक अरब रुपैया यो बैठकको र कर्मचारीको खर्च गर्दा यसले केही प्रभाव नपर्ने देखिन्छ । धेरै मेहनतका साथ धेरै कुरा सोचेर हामी सबै सभासद ५३ जनाको टोलिमा सायद झपट बोहोरा नै यस्तो व्यक्ति हुनु हुन्छ । जुन अर्थको विषयमा ज्ञाता नै हुनु हुन्छ । उहाँले ल्याएको बजेटमा त्यती धेरै त्रुटी छ भन्ने मलाई लागेको छैन् । विरोध गर्दा कुनै कार्बाही त हुदैन् । तर धेरै कुरा यसमा सोभावै छुट्छन नै । हामीले चालीस र पचास हजारका योजना बनाएको भए त्यसमा फस्थ्यौं । एक महिनामा कुनै काम हुने सम्भावना छैन् । कुनै रिपोर्ट र त्यसको भ्यालुएसन आइसक्ने र त्यसको भुक्तानी दिने कर्मचारीतन्त्र पनि छैन । हामी अपाङ्ग जस्ता छौ । नगरपालीकाको आफ्नै कर्मचारी तन्त्रको रुवाबासी छ । उहाँहरुले हाम्रो काम कसरी गरिदिने त्यो सम्भव नै छैन । वडामा अहिले कर्मचारी नै छैनन् । कुन संयन्त्रमार्फत त्यो बाटो निर्माण कुलो निर्माण कसरी लैजाने त्यो हिसावले यो बजेट सम्भब नै थिएन । एक महिनामा कुनै निर्माणको काम सम्भव हुनेवाला थिएन् । तर जसरी यो आयो त्यो समस्याका बीचबाट समाधानको उपाए लिएर आएको छ । मैले देखे वर्षौ देखि हाम्रा बालबालिकाको जीवन बचाइ रहेका महिला स्वयमसेविकाहरु अहिले विसौ वर्ष भयो । ५५ साल तिर नियुक्ति भएका थिए । ति व्यक्तिहरुलाई जसले हाम्रो बालबालिकाको जीवन बचाइराखेको छ । घामको धुपमा महिलाहरुले भोलेन्टीयर गरेको छ । बच्चाहरुलाई खोप लगाउ छन् । उनिहरुलाई औषधी उपचार गर्छन । ति व्यक्तिहरुको लागि बजेट आयो । सामान्य गरिब किसानको लागि बजेट आयो । त्यो हिसाबले समाजमा समाजमा पछाडि परेको छ पारिएको छ । त्यो वर्गका लागि यो बजेटले सम्बोधन गर्ने प्रयास गरेको छ । कोसिस गर्नु नै राम्रो कुरा हो । बजेट आउनु पर्छ हामीले ठूलो लडाइ र संघर्ष गरेर लामो बलिदान र सहिदको जीवन उत्सर्ग पछि हामीले प्राप्त गरेको संविधानलाई र सम्बोधन र संविधानलाई कार्यान्वयन गर्नका लागि बजेट आउनु पर्छ । यदि त्यस्तो बजेट आएन भने । हामी हाम्रो सरकार भनेर समर्थन गर्ने वाला छैनौ । हाम्रो पार्टी भनेर पनि हामी समर्थन गर्ने वाला छैनौ । त्यो मान्यताको आधारमा हामी समर्थन गर्छौ कि नेपाल अब समृद्ध बन्नु पर्छ । नेपालको त्यो श्रमजीवि वर्गले सम्मान पाउनु पर्छ । नेपालको त्यो शोसित जनताले आफ्नो उन्नती गर्ने अधिकार पाउनु पर्छ भन्ने हिसावले मात्र हामी समर्थन गर्छौ । पार्टीगत हिसाबले मात्र हामी बोलदैनौ किन भने अब त्यो बोल्ने अवस्था पनि रहेन । हामीले धरै पार्टी पनि देखिसक्यौ धरै अर्थमन्त्रीका भाषण पनि सुनिसक्यौ । धेरै आर्थिक नीतिमा खिचलो पनि गरिसक्यौ सिधै निजीकरणको कुरा पनि होइन तर अब निजी लगानीलाई पनि हामी नकार्न सक्दैनौ । त्यसैले यसलाई मिश्रित अर्थ नीति र एउटा समुदाय सहकारीलाई पनि हामीले समावेश गर्नु पर्छ एउटा सरकारले यसरी तीनवटा ठाउँबाट हामीले भोली करको दायराको कुरा आउला आर्थिक करको कुरा आउला त्यती बेला अब अर्थमन्त्रीज्यूले विरोधको थेग्न सक्ने बनाउनु पर्ला विरोध आउन सक्छ । दुईवटा सरकारको बीचमा संघर्ष गरेर उभिनु पर्ने सरकारले पुलको रुपमा काम गर्नु पर्ने यो सरकारले केन्द्रलाई पनि समाल्नु पर्ने र स्थानीय सरकारलाई पनि समन्वयमा ल्याउनु पर्ने यो बीचबाट हामीले आर्थिक उपार्जन आफै गर्नु पर्छ । यो बजेटमा अनुदान आएको छ यसले पुग्ने अवस्था पनि होइन । हामी आफ्नै खुट्टामा उभिने हो । सरकारले आफ्नो आयको व्यवस्था आफै गर्नु पर्छ त्यसपछि व्ययको व्यवस्था हुनु पर्छ । अहिले खाली व्ययको कुरा मात्र आएको छ । आम्दानी कहाँबाट हुने त्यो स्रोतको पहिचानको कुरा यसमा झझल्कोको रुपमा आएको छ । त्यसको लागि समितिहरु निर्माण गर्नु पर्छ भन्ने म सुझाव राख्न चाहाँन्छु । कुन

कुन क्षेत्रबाट आम्दानीका स्रोतहरु कर लिनु पर्छ । कञ्चनपुरको वेलौरी पुरानो सदरमुकाम र भन्षार पनि हो । अहिले त्यो बन्द छ । त्यहाँ व्यवस्था हनु पऱ्यो बेलौरी भन्सारलाई व्यवस्थित हनु पऱ्यो त्यहाँबाट कर उठ्न सक्छ । महिले हामी गौरिफन्टाको विकल्पको कुरा गर्दैछौं । सुख्खा बन्दरगाहको कुरा गर्दै छौं त्यसका लागि समय लाग्न सक्छ । हामीले दार्चुलाको डिकर नाकाको कुरा गर्नु पऱ्यो र आन्तरिक स्रोतहरु के के हुन र यसको वारेमा अध्ययन गर्नु पऱ्यो । सदनले त्यस्ता सुझाव दिनु पऱ्यो । अर्थमन्त्रीज्यूले कुनै दल र पार्टीले निर्देशन गरेर ल्याएको जस्तो मलाई लागेन । म आफै सत्ता पक्षको सांसद भएर पनि म मैले यो विषय यहाँ आएर देखेको हो । सद्न भित्र आएपछि देखेको हो । उहाँले व्यक्तिगत र कर्मचारीको टिम तयार गरेर जो ल्याउनु भएको छ । उहाँको क्षमतार बौद्धिकताको कुरा हो । हाम्रो पार्टीले कुनै टिम बनाएर पार्टीगत दस्तावेज पनि होइन । आगामी दिनमा हाम्रो टिमलाई समेटेर तीन चार वटा पार्टी र विज्ञताले हामी भन्दा बढी जान्नेअरु पनि हुन सक्छन् । विज्ञको टोलिलाई पनि राखेर उहाँले आगामी बजेटको तयारीको लागि यो तयारी स्वरुपको बजेट ठिक भन्ने मलाई लागेको छ । यसको स्वागत गर्न चाहाँन्छु । यो बजे भन्दा पनि एक किसिमको कार्यक्रम आएको छ । यसमा जुन समूहगत रुपमा मान्छेले खर्च गर्न सक्ने व्यवस्थीत प्रणाली बनाएर कस्ले लग्यो कुन विषयमा लग्यो भनेर देखिने पारदर्शी ढङ्गले खर्च गर्ने सकिने कुरा यसमा छ । त्यसैले अब निर्माण कार्यमा गयो भने हतार पनि हुन्थ्यो । असफल पनि हुन सक्थ्यो । त्यसैले यो बजेट आफ्नो सुरक्षाका हिसावले पनि सुरक्षित हिसावले आएको छ । यो निश्चीत रुपमा सफल हुन्छ । सफल हुनु नै आगामी बजेट सबल ढङ्गले आउछ । तयारीका साथमा आउछ र त्यो बजेटले निश्चीतरुपमा हाम्रो जनतालाई सम्बोधन गर्छ भन्ने मलाई लागेको छ । यो बजेट तयारीको रुपमा ठिक छ । हामीलाई अहिले कर्मचारी संयन्त्र बनाउनु छ । हामीसँग कर्मचारी संयन्त्र प्रदेशमै कम छन मन्त्रालयमै कम छन् । विभाग छैन डिभिजन वा निकाय छैन त्यो हिसाले आगामी दिनमा सोचेर प्लानीङ्ग गर्नु हुनेछ भन्ने आशा भरोरा गरेका छौं । निश्चीतरुपले हाम्रो प्रदेशले सबल ढङ्गको आर्थिक नीति र हाम्रो जनतालाई श्रमजीवी मेहनती र इमान्दार जनतालाई सम्बोधन हुने गरी ७ नम्बर प्रदेशको जनताले भारतका ठूला ठूला योजना सफल गरेको छ । भारतका बाटाघाटा बनाएको छ । हामी गर्छौं यो बजेटले हामीलाई आगामी दिनमा शुभसन्देश दिएको भन्दै आफ्ना भनाई यहि टुङग्याउछु । धन्यवाद

**माननीय श्री भरत बहादुर खड्का:-** सभामुख महोदय, सर्वप्रथम त मलाई समय दिनु भएकोमा धन्यवाद दिन चाहाँन्छु । आज हामी २०७४/०७५ को बजेटको वारेमा छलफल गरिराखेका छौं । निश्चितरुपमा ऐतिहासिक रुपमा हामी संघीय अभ्यासको पहिलो बजेट हो । यसलाई ऐतिहासिक बजेटको रुपमा हामीले लिनु पर्छ । तर बजेट निर्माण गर्दा यसका केही आर्थिक मूल्य र मान्यता हुन्छन् । ति आर्थिक मूल्य र मान्यतालाई हामीले कति अंगिकार गऱ्यौ यो बजेट निर्माणमा भन्ने वारेमा हामीले स्वच्नु पर्छ । मलाई लाग्छ । केही हाम्रा पनि दायित्व छन् अनुदानको रुपमा पहिलो चोटि आए पनि हाम्रो प्रदेशको प्रति हाम्रो दायित्व छ । प्रदेश सरकारलाई पनि कानून बनाएर प्रदेश भित्रको सम्भावनाहरुलाई उजागर गरेर केही आर्थिक दायित्व पनि हामीले विश्लेषण गरेर त्यो आर्थिक दायित्वमा सघाउ पुऱ्याउन पर्ने र विश्लेषण गर्नु पर्ने कुराहरु पनि थियो । अर्को कुरा अहिले पनि हामी संक्रमणकालिन परिस्थीतिमा छौं । यो बजेटले धेरै कुरालाई फरक पार्छ । बजेट भनेको त्यती सहज कुरा होइन । त्यस्ले जनताको जीवनमा सुधार ल्याउछ । सम्पन्नता ल्याउछ । राम्रो बजेट उत्पादकत्वको रुपमा ल्याउन सक्यौ भने सुधार ल्याउन सक्छ । जनतालाई समृद्धितिर ल्याउन सक्छ । यदि त्यो भएन भने देश र जनतालाई ठूलो नोक्सान गर्न सक्छ । रोस्टमबाट हामी धेरै आदर्शका कुरा गरौला मलाई के लाग्छ भने अहिले एउटा इकोनोमिक्सको सिद्धान्त आधारमा प्रोडक्सन गर्ने खालको हामीले नीति तथा कार्यक्रम ल्यायौ भने प्रोडक्सनले नै माथि उठाउछ । निर्यातलाई यसले बलियो बजनाउछ । प्रोडक्सन बढी भयो भने सप्लाई आपूर्ती सहज हुन्छ र डिमाण्ड कम हुन्छ । जनताले सस्तो भाउमा सहि ढङ्गले वस्तुलाई किन्न सक्ने उसँग हैसियत हुन्छ । निर्यात पनि बढ्छ यतातिर पनि हामीले ध्यान दिएनौ जस्तो लाग्छ अहिले नेपालको सन्दर्भलाई हेर्दा खेरी यो मनइन्फलोयसनका आधारहरु तीन वटा छन् क्रिपिङ्ग रनिङ्ग एण्ड जम्पीङ्ग अहिले नेपालको मुद्रा स्फर्तीलाई हेर्ने हो भने हामी रनिङ्ग तिर गइराखेका छौं । कुनै पनि प्रदेशले योजनाहरु बनाउदा या वार्षिक बजेट ल्याउदा मूलभुत सिद्धान्तलाई आर्थिक रुपमा आधार मानेर अघाडि बढ्नु पर्छ । यो अवस्थामा मुद्रा स्फीर्ती छ । पहिलो बजेट हो विरोधका लागि हामी विरोध गर्दैनौ यो साधारण कुरा पनि होइन । यसलाई साधरण रुपमा हामीले लियौ भने इतिहासमा हामीलाई कसैले छोड्दैन । त्यसैले यहाँ पक्ष र प्रतिपक्षको हिसाबमा नजाउँ निश्चितरुपमा हामी एउटै नाउँमा छौ डुब्छौं । त्यो थाहाँ छ । जब मैले हेरे मलाई र नेपाली कांग्रसलाई पनि यसले स्तब्ध तुल्याएको छ । यो

त गाउँ परिषद र नगर परिषदमा मैले पनि बजेट भाषण गरेको छु । एकजुन बजेट तर्जुमा गरेको छ । यो बजेट नै होइन । १४९ वटा बुदा छ नेपालको बाह्र खरबले पनि केही हुनेवाला छैन् । पुरा संघीय बजेटले पनि यो केही हुदैन । तर अरु दुःख लाग्दो कुरा भनेको योजना भनेको ट्रान्स पेरेन्ट हुनु पर्छ । यो जनसहभागितामा आधारमा आधारित हुन पर्छ सस्टीनेवल डेभ्लप्मेन्टको कुरा गरेको छ । भाषणे सस्टनेवल डेभ्लप्मेन्टलाई पुरा गर्दैन । यसका आधारहरु केहुन जनताको जवाफदेहीता र सहभागिता विना सस्टनेवल डेभ्लप्मेन्टको कुरा आउछ कहाँछ यो यसमा जनताको जिम्मेवारी र सहभागिता । कृषि क्षेत्रमा अन्तर निर्भर हो की आत्म निर्भर हो । ५ नम्बर बुदामा आर्थिक उन्नतीको जग बसाल्ने भनेको छ । खुसीको कुरा हो यो बजेटले जग बसाल्छ की । २६ मा आत्मनिर्भर भनेको छ । कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने हो कि होइन् । ६१ मा युवाहरुको आय आर्जनमा वृद्धि भनेको छ । लेख्नत धेरै कुरा लेखेको छ । धेरै बुदाहरु सहायता अनुदानमा छन् । पहिलो यो बजेट सफल होस र राम्रो होस् भन्ने चाहाँना हो । हामी अझ पनि चाहाँन्छौ यो सफल होस् । तर मैले देखेको छैन किन भने बजेट त छुट्यायो तर १८,१९ बुदामा अनुदान सहायता भनेको छ । ३७ मा कुरा उठाएको छ चालु तर्फ ३७ करोड ७ लाख ७७ हजार पूँजीगत फर्त १५ करोड ५७ लाख र अर्थ विविध तर्फ ५६ करोड ४० लाख २३ हजार छ । अब यो सहायताको गन्ने हो भने धेरै ठाउँमा सहायता अनुदान छ । त्यसको प्रक्रिया कहाँबाट आउने हो । एउटा विधि र प्रक्रियाको कुरा छ । हामी भोलि त्यो विधि र प्रक्रिया भन्दा बाहिर जाँदैन यसलाई स्वीकार गर्नु पऱ्यो । विधि र प्रक्रियाले हो चल्लने त्यसैले यो डेमोक्रेटीक तरिकाले पनि आएन । सिंगो सदनको अपमान हुने तरिकाले बजेट आएको छ । योजना देउ भनेर हामीले योजना दिएको हो । कति योजना आयो त्यो ठूलो कुरा होइन । योजना माग्यो भने १५ सय होइन १५ हजार आउन सक्छन् । के यो ७ नम्बर प्रदेशका जनतालाई यो १५ करोड पुजिगत विकासले आशा जगाउला ? हामी सत्ता पक्षर प्रतिपक्षको हिसाबले नजाउँ अन्तर आत्मा सोचौ । ७ नम्बर प्रदेशका अछाम, बाजुरा बझाङ्ग, डोटी, कञ्चनपुर दार्जुला, डडेल्धुरा, बैतडी र कैलाली कुनै पनि किसान दलित महिला जनजाती तर्फ केही छैन खाली एकमुष्टरुपले राखिदिएका मात्र छौ शीर्षकमा कसरी तिनको उत्थान गर्ने कसरी तिनलाई माथि उठाउने यो यो कार्यक्रम केही पनि छैन् । सरकार आफ्नै कारणले अफ्टेरोमा परेको छ । अब बजेट त यो स्वभाविकरुपमा पास हुन्छ । भोलि यसलाई वितरण गर्ने प्रक्रियामा सरकारले संयन्त्र छैन् । मन्त्रालयले गर्ने त होइन । अनुगमनका कुरा योजना छनोट प्रक्रियाका कुरा कुन माध्यमबाट त्यसको जवाफ देहिताका कुरा यसका कार्यान्वयन पक्षका कुरा । हामीले के भनेका थियौ भने बजेट ल्याउनु स्वभाविक प्रक्रिया हो । योजनाका प्रकृति योजना छनोट प्रक्रिया, यसको इम्पीलिमेनटेसन गर्ने संयन्त्र र सम्मान जनक संसदज्यूहरुको यो जुन छनोटमा सहभागीता यो कही पनि देखिएको छैन् । हामी विरोधको लागि विरोध गरेको छैनौ । तर यो बजेट जुन तरिकाले स्वेत पत्र आयो त्यसपछि नीति तथा कार्यक्र आयो बजेट आयो कसैसँग मेल खाएन । योजना छनोट प्रक्रिया भनेको म सांसद भएर दिएर हुदैंन कम्यूनिटि लेभलबाट जिल्ला परिषदमा आउदाँ खेरी चौध वटा स्टेपहरु पार गर्नु पर्छ । यसमा सरोकारवालाको र कम्युनिटी लेभलमा जाने हो नी जस्ले योजना छान्छ । जस्ले योजना बनाउछ त्यसले त्यसलाई सम्वद्धन संरक्षण गराउछ । त्यसलाई सस्टीनेभल डेभलपमेट अगाडि बढाउछ । यो कसरी हुन्छ यसको कुनै जवाफ देहीता छैन । ७ नम्बर प्रदेशका किसान, उद्योगपति, व्यापारी, साधारण व्यक्ति, युवा, दलित महिलालाई राम्रो गर्छ भने कहानीर साथ नदिने प्रतिपक्षले साथ दिन्छौ हामीले । औषधी खानु भन्नु हुन्छ किन खानु हुन्छ औषधी खानै पर्दैन हामी तपाईहरुकै साथमा छौं साथ लिनुहोस् प्रतिपक्षको यसलाई सफल बनाउ । यो प्रदेशको सम्बेदनशीलतालाई सबैले बुझेका छौं । हामीले हौसिने होइन पदमा बसेर पैसा प्राप्त गरेर हौसिने होइन । साधन हो साध्य होइन आउछ जान्छ । हामीले गरेर क्रियाकलाप कती जनमुखी छन ठूलठूला कुरा गरेर क्रान्ति हुदैन क्रान्ती भनेको प्रोडक्टीभिटी हो । हामीले गर्ने क्रान्तिबाट समाजलाई उत्पादकत्व भयो कि भएन ? त्यसैले हामी उत्पादकत्व तिर जाऊ किन कांग्रेसको डर मान्नु हुन्छ । बहुदलीय व्यवस्था स्वीकारिय गरिसकेपछि एउटा त प्रतिपक्षमा हुन्छ हुन्छ । त्यसैले बहुदलीय व्यवस्थाका सबै दलहरु गहना हुन सम्मान गरौ उनिहरुलाई तिनको अस्तीत्वलाई स्वीकार गरौ हामी त्यो गर्न नसक्ने दल डेमोक्रेट हुन सक्दैन । त्यसैले योजना पनि त्यही हो । योजनामा सबैको सहभागिता खोजौ सबैको जवाफदेहीता खोजौ यि बुदा पढ्ने हो भने समाजबाट उन्मुख तपाईहरुको बुझाइ र हाम्रो बुझाइमा डिबेट गरौ तर यहाँ समाजवाद छैन । संविधानमा त लेखेका छौं । प्रतिपक्षको बहुदलीय व्यवस्थामा डर होइन प्रतिपक्षमा पनि स्याडो गभरमेन्ट हो । उस्को पनि जवाफदेहीता छ । खाली विग्रेको कुरा बोल्ने जे पायो त्यही बोल्ने प्रतिपक्ष हुन सक्दैन । हामी अराजक हुन चाहाँदैनौ । हामी छाया सरकारको रुपमा बसेका छौ । हामी जवाफदेहीताका साथ राम्रा कुरामा सहयोग गर्छौ र गलत कुरा गऱ्यो भने खवरदारि गर्छौं । अहिले पनि तपाईलाई भन्न चाहाँन्छौ यो बजेट आउछ । हामीले ..........

**माननीय श्री बलदेव रेग्मी:-** सभामुख महोदय, यस सदनबाट बजेट प्रस्तुत गरेको छ । पर्यटन बोर्ड गठन गर्ने धनगढी बिमानस्थललाई अन्तर्राष्ट्रिय विमान स्थलको रुपमा स्तरोन्नती गर्ने प्रदेश अन्तर्गतका नदी नाला विद्युत उत्पादनका लागि इजाजतपत्र लिएर तोकिएको समय भित्र कार्यसम्पादन नगरेका इजाजत पत्र रद्द गरी नयाँ कम्पनीलाई इजाजत पत्र दिने । समृद्ध प्रदेश निर्माणका उच्च प्राथमिकतामा परेका प्रदेश अन्तर्गतका आयोजनालाई आगामी आ.ब. बाट प्रदेश स्तरका योजनाहरु तयार गर्नका लागि कार्यदल गठन प्रदेश विकास योजना समन्वयमा देखिने समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा प्रदेश अधिकार समस्या समाधान समिति गठन लगायतका महत्वपूर्ण कार्यक्रमहरु यो बजेटमा समेटीएका छन् । विशेष गरी यो बजेट आज बजेट सम्बन्धितमा छलफल भएकाले आज हामीले नयाँ माग नयाँ आ-आफ्ना ठाउँको क्षेत्रको योजना भन्दा पनि बजेटमा छलफल गर्नु पर्ने भएकाले पनि मैले विशेष गरेर अहिलेको बजेटमा आएका महत्वपूर्ण एजेण्डालाई समर्थन गर्दै । यो बजेट आफैमा लोकप्रीय छ आफैमा एउटा उर्जाशील छ र आफैमा ऐतिहासिक छ । भन्ने शुभकामना दिदै आफ्ना भनाई यहि राख्छु । धन्यवाद

**माननीय श्री प्रम प्रकाश भट्ट:-** माननीय सभामुख महोदय, आज यो हामी एउटा गौरवमय क्षणमा छौं जो क्षण नेपाली जनताले वर्षौ देखिको आन्दोलन र जनयुक्त र त्यसपछिका क्रान्तिका चरणमा जुन एउटा संघीयताबाट यो प्रदेशको एउटा सुन्दर चित्र कसरी कोर्ने भन्नेमा क्रान्ति भएको थियो । त्यो क्रान्तिलाई एउटा सजिव रुप दिनका निमित्त जुन यो बजेट यो प्रदेशले ल्याएको छ । यसको म हार्दिक स्वागत गर्न चाहाँन्छु । यो प्रदेशको भविष्य कस्तो हुने भन्ने वारमा सबै सत्तापक्ष र प्रतिपक्षका सबैमाननीयहरु चिन्तीत छन् । उहाँहरुले यो बजेटको वारेमा छलफल गरिरहदाँ खेरी यो भित्रको मुख्यतया के विषय छ भन्ने वारेमा कतिपय हामीले हाम्रो छालाको आखाले हेर्दाखेरी विभको कुरा बुझ्न सकिराखेका छैनौ । यसका सैद्धान्तिक कुराहरु र यसका बैचारिक कुराहरु यसले पछाडि गर्न खोजेको कुराहरुलाई हेर्दा हामीले एउटा सिद्धान्त समाजबाद उन्मुख बजेट र आर्थिक प्रणालीलाई कसरी अगाडि बढाउने भन्नेमा यो बजेट एउटा सफल भएको छ भन्ने मलाई लागेको छ । यो भनीरहदा खरी सत्ता पक्षको भएकै कारणले यसको सबै गुणगान गाउँनु पर्छ र यसकै पक्षमा लागिरहनु पर्छ भन्ने होइन् । तथापी जुन हामीले नयाँ बजेट ल्याएका छौं । यो एउटा जन्मीसकेको छैन अझै धेरै उट भयो र कसैले खच्चर भयो भन्ने अवस्थामा छैनौ यसको प्रारुप दिनका निम्त्ति हामी अगाडि कसरी बढ्ने भन्ने वारेमा डिपिआर गर्ने वा अगाडि बढ्नका निम्त्ति ठूलो छलफलको माग यो बजेटले गरिराखेको छ । यो आफैमा सफलरुपमा हुदाँ हुदै पनि आगामी वर्षको लागि यो बजेटले फेरी आगामी बजेटमा कसरी जाने भन्ने वारेमा यो प्रदेशलाई एउटा समृद्ध प्रदेश भनेरलाई कसरी बनाउने भन्नेमा एउटा नयाँ खालको खाका कोर्नको निम्त्ति सफल हुनेछ । शुभकामना पनि दिन चाहाँन्छु । यसका साथसाथै एउटा स्वास्थ्यकर्मीले आफ्नो सुरक्षा देखिराखेका छन् । न्यून पारिश्रमिक पाइराखेका ति स्वयम सेविकाले अपनत्व देखिराखेका छन् । जो एउटा विद्यालयमा कडा भन्दा कडा काम गर्ने कार्यालय सहयोगीले प्रोत्साहान भत्ता पाएका छन् । यो बजेट भित्र त्यो बालबालिका हेर्ने शिशुकक्ष सञ्चालन गर्नेले अपनत्व पाएको छ । यसका साथसाथै किसानका लागि जुन किसिमबाट यसले कृषिमा एउटा पाँच करोडको बजेट विनियोजित गरेको छ । कृषि क्षेत्रमा भएका मल विऊ विजन र कृषिलाई कसरी औद्योगिकरण गर्ने त्यसलाई कसरी व्यवसायिकरण गर्ने भन्ने वारेमा फेरी एउटा डिपिआर बनाउने छ । केन्द्रले पनि उद्योग क्षेत्रलाई प्रत्येक ग्राममा उद्योग बनाउने खालको नीति ल्याएको छ । त्यो उद्योग र उद्योगीलाई प्रोत्साहीत गरेर यसले बोलेको छ । यो बजेटलाई हामीले हेऱ्यो भने हामीलाई लागेको छ अबको पाँच वर्षको चित्र बनाउनका निम्त्ति अव सत्ता पक्ष र विपक्ष नभएर हामी सत्ता पक्षमा विपक्षमा उठेका सांसदलाई एउटै भनेर भोट दिएका छन् । प्रदेशमा गएर जनताको पक्षमा लड्ने छन् विकास गर्नेछन् । सबैले एउटा ५ वर्षको एउटा नयाँ चित्र देखाउनका निम्त्ति यो बजेट सफल हुने छ । कार्यान्वयनको पाटोमा हामीले कसरी जाने भन्ने वारेमा एउटा नियमावली ल्याएर कसरी यसलाई कार्यान्वयन गर्ने भन्ने तर्फ अगाडि बढ्नु पर्छ भन्ने लाग्छ । कतिपय कुराहरु छुटेका हुनसक्छन् । यो बजेट बनाउने कुरामा भएका सांसदलाई ढाट्यो कि भन्ने जस्तो पनि लाग्यो प्रदेशका प्रत्येक क्षेत्रमा २ करोड सम्मका लगभग ३२ वटा निर्वाचन क्षेत्र र त्यसपछि समानुपातिक सांसद् सबैलाई त्यसलाई प्राथमिकता दिएर लगौ भन्ने कुरामा योजनाको चाङ्ग लाग्यो १५ सय योजना बनाउन नसक्ने अवस्था छ । त्यसैले छलफल फेरी भयो । त्यो हुदाँ हुदै पनि यसलाई कार्यान्वयन गर्ने पाटोमा छोटो समय एउटा विज्ञको टोलि बनाएर कहाँ कहाँ सम्भाव्यता अध्ययन गर्नु पर्ने छ । त्यसका लागि एउटा बजेटको व्यवस्था गरेर प्राविधिक टिमलाई हामीले खटायौ भने अबको प्लानीङ्गमा यो सत्ता पक्ष र प्रतिपक्ष नभनी सबैपक्षलाई त्यसमा राखी बजेट बनायौ भने हामी सफल हुन्छौ भन्ने

लागेको छ । अब हामीले व्यरोजगारीका कुरा पनि यहाँ उठेका छन् । अहिलेकै बजेटले पनि थुप्रै बेरोजगारी समाधान हुन्छ भन्ने मलाई लागेको छ । शैक्षिक भएका कतिपय इन्जिनियरले काम पाउछन् । हामीले नयाँ वर्ष भित्र कति किलोमिटर रोड स्तरोन्ती गर्न सक्छ भन्ने कुरा बाट यहाँबाट पनि कृषिमा, उद्योगमा पर्यटनमा बजेट कसरी राख्न सकिन्छ भन्ने कुरामा अझै पनि नियमावली बनाएर कसरी कार्यान्वयन गर्ने भनेर त्यसलाई छलफलमा लैजानु पर्छ भन्ने छदैछ । यो बजेट भित्रको मणी लाई देख्न सकिराखेका छौ वा छैनौ भन्ने भन्दा केही सरकारले ल्याएको छ । यो नयाँमा समृद्ध कसरी बनाउने भन्ने कुरामा अझै हामीले बहसको माग गरेका छौं । जुन किसिमबाट हामी यो प्रदेश सभामा उपस्थित भएका छौं । जनताहरु तल हाम्रो सरकारले कस्तो बजेट ल्याउछ भन्ने खालल हेरीराखेको छ । धेरै योजनाहरु ५० हजार र १ लाखका बनाएर यदि हामी गएका हुन्थ्यौ भने साच्चीकै थुप्रै वडाहरु व्यरोजगार हुनु पर्ने भएकोले माथिबाट तोकेका कम्सेकम ५० लाख भन्दा माथिका योजनाहरु त्यस किसिमबाट बनाउने खालको एउटा नियमावली पास गर्नु भयो । अब हामीले प्रदेश स्तरका योजनाहरु छनौट गर्ने यसमा सम्पूर्ण माननीयज्यूको ध्यानाकर्षित होस् र प्रदेश सरकारलाई पनि सबैलाई व्यरोजगार बनाउनु भन्दा प्रत्यक माननीयलाई समेटेर प्रत्यक समितिमा राखेर त्यो खालका योजनाको पहिचान गराउने तल जनता स्तरबाट आएका योजनालाई पनि अगाडि बढाउनेमा ध्यान जाओस भन्ने कुरा राख्न चाहाँन्छु । प्रदेश सरकारमा कर्मचारीको दरबन्दीको अभाव छ । दरवन्दी हुदाँ हुँदै पनि कर्मचारी उपस्थित भएका छैनन् । कर्मचारी गाउँपालिकामा नगरपालिकामा र प्रत्येक वडामा अहिले तीन तीन वडा एउटा सचिवले हेर्नु पर्ने बाध्यता भएको छ । यो प्रदेश सरकार मार्फत केन्द्र सरकारलाई जानकारी होस् । बैतडी जिल्लामा असिना पानी परेर बालिनाली नष्ट भएको छ । त्यसकालागि यो राहात कोष सरकारले त्यहाँ पिडित भएका किसानलाई राहात होस त्यो सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । तल्लो सोराडमा बाघको आतङ्क गरेको छ । यो सभा मार्फत ध्यानाकर्षण गराउन चाहाँन्छु । धन्यवाद

**माननीय श्री प्रकाश रावलः-** माननीय सभामुख महोदय, ७४/०७५ को बाँकी बजेट प्रस्तुत भएको छ । यो बजेटले संघीय लोकतान्त्रीक गणतन्त्रबाट स्थापित प्रदेश सरकारको पहिलो बजेट प्रकाशित भएको छ । यसले हामीले हिजो लामो समयदेखि जनताले अनुभूती र चाहँना गरेको विकास हिजो ७ नम्बर प्रदेशमा सुदूरपश्चिम हुँदा १५ १६ अरब रुपैयाको बजेट हामीकहाँ विनियोजन हुन्थ्यो । त्यसमा ३० प्रतिशतमात्र खर्च भएको सुनिन्थ्यो । सबै रकम फ्रिरिज हुने अवस्था थियो । अहिले पनि प्रथम बजेट आएको छ । यसले एउटा छोटो समयमा ल्याएको छ । यसका पनि चुनौती छन् । यसलाई व्यवस्थीत ढङ्गले विनियोजित गर्‍यौ भने अवश्य पनि यो प्रदेशको उपलब्धीमुलक खाका कोर्ने निश्चित छ । यसमा यो बजेटमा आएका कुराहरुलाई हृदयदेखिनै समर्थन गर्न चाहाँन्छु । यसले केही कुराहरु छुट्न गएका छन् । हामीले वर्तमान परिस्थीतिमा यो प्रदेशको आर्थिक समृद्धिको कुरालाई प्रमुखरुपमा हेरिरहदा पनि बेतकोटमा रहेको १ हजार विघालाई औद्योगिक क्षेत्र भनेका छौं । त्यो अहिले पनि अधुरो अवस्थामा रहेको छ । २९३ विघा जमिन औद्योगिक पर्यटन बोर्डको नाममा दर्ता भइसकेको छ । ६०७ विघा जमिन त्यसको नाममा ल्याउनु पर्ने छ । यो बजेटले त्यो औद्योगिक क्षेत्रको लागि केही बजेट विनियोजित हुनु पर्थ्यो । कञ्चनपुर जिल्लाको एयरपोर्टलाई सञ्चालनका लागि केही बजेट विनियोजित भएको भए अहिले पनि गौचरको अवस्थामा रहेको छ । त्यसलाई सञ्चालनको लागि एउटा तारवार गर्नु पर्ने अति आवश्यक देखिएको छ । यि कुराहरु छुटेका छन् । जैविक विविधतालाई प्रोत्साहन गरी खाद्यान र फलफुल प्रयोग हुने विषादी नियन्त्रण गर्ने नीति लिने भन्ने लेखिएको छ । विषादी नियन्त्रण गर्ने नीति मात्र होइन यसलाई अर्गानिक जोनको रुपमा हामीले जोड दिएमा अझै राम्रो हुने । २९ मा छ यस प्रदेशलाई कृषि उपज माछा मासु अण्डा दुध खाद्यान बाट आत्म निर्भर बनाउने आवश्यक रणनीति थालनी गर्ने भन्ने छ । यसमा फलफूल छुटेको छ । फलफुल पनि कैलाली कञ्चनपुरमा केरा खेतीमा आत्म निर्भर हुनेमा छौं । अर्को आँप लिची निम्बु सुन्तला र मौसमी जस्ता फलफूलहरु प्रयाप्त छन् । यसलाई पनि हामीले आत्म निर्भर बनाउने लक्ष्यका साथ अगाडि बढ्नु पर्ने कुरा यहाँ राखे । अर्को ३६ मा भूमिहिन मुक्त कमैया हलिया पिडित वादी राजी समुदायलाई सीप सिकाउने नौ वटै जिल्लमा विभिन्न तालिम सिकाउनको लागि ३९ लाख भनेको छ । यस्ता खालका हामी कहाँ हिजोको परम्परागत सीप बिकास तालिम दिइराखेका र कतिपय ठाउँमा तालिमका लागि मात्र तालिम लिने र तालिममा पाउने भत्ताका लागि मात्र तालिम लिने परम्परा बनेको छ । आउने दिनमा त्यो नरहोस् । यसलाई व्यवस्थीत गरी उपलब्धीमुलक गरौ भन्ने कुराहरु यहाँ राख्न आवश्यक छ । भारतीय रोजगारीको लागि जाने कामदारको आवत जावत व्यवस्थित राख्ने जस्का लागि बीमा कार्यक्रम सञ्चालन गर्ने भन्ने राखेको छ । यसमा एउटा के भन्न चाहाँन्छु भने हाम्रो भारतमा

गएका बेपत्ता पारिएका मानिसका वारेमा यो बजेटले सम्बोधन गरोस् भन्ने कुरा राखे । यो बजेटले पूर्णता पाउने निश्चीत भएको छ तथापी भोलिका दिनमा यसले यसलाई पनि टेवा पुऱ्याउने तरिकाले यो बजेट कार्यान्वयन भएको खण्डमा यो प्रदेशको आर्थिक समृद्धिलाई र सर्वाहारा वर्गको क्षेत्रलाई अझै व्यवस्थित गर्नमा सहयोग गर्ने ठम्याउदै विदा हुन्छ । धन्यवाद

**माननीय श्री पूर्ण जोशीः-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७४/०७५ सालको बाँकी अवधीको आयव्यय विवरण माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले सद्न समक्ष प्रस्तुत गर्नु भएको छ । म माननीय मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहाँन्छु । कुल जनसंख्या यो प्रदेशको हेर्ने हो भने २५ लाख ५२ हजार ५ सय १७ छ । हामीले अब काम गर्दा हरेक कुरा गन्न सकिने देख्न सकिने भन्न सकिने र त्यही अङ्कबाट घटाउने र बढाउने काम गर्नु पर्ने हुन्छ । यो मध्ये कति जनसंख्या बालवालिका छन कति रोजगारीमा छन् । कति वैदेशिक रोजगारमा छन् । कति रोजगारीमा छैनन् । कति गरिबीको रेखामुनी छन् इत्यादी कुराहरु अङ्कमा आइदियो भने अत्यन्त राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । त्यसैले हरेक तथ्याङ्क मूर्त आउनु पर्छ भन्ने चाहाँन्छु । कृषिको व्यवसायिकरण गर्ने दिशामा यो बजेट लक्षित छ त्यसको सम्भाव्यता अध्ययन गर्ने भनेको छ । वास्तवमा सम्भाव्यता अध्ययन नगरिकन हिजो जसरी कसैले अनुरोध गरेकै भरमा विभिन्न ठाउमा विकास दिदाखेरी ति विकासहरु दिगोहुन सकेका छैनन् । सम्भाव्यता अन्ययन निश्चितरुपमा गर्नु पर्छ । यो सम्भाव्ता अध्ययन गरिरहदा कृषिको यो क्षेत्रको निर्यातजन्य उत्पादन के हो भन्ने कुराहरु जस्तो डोटिको जोरायल बास्मतीको हव बन्न सक्छ बझाङ्ग भाङ्गोको लागि हव बन्न सक्छ । बाजुरा अल्लोबाट उत्पादित चिजको हव बन्न सक्छ । यस्ता खालका हवहरु कहाँ हुनसक्छन भन्ने कुराहरु हामीले मध्यनजर गर्नु पर्छ । खानी चुन ढुङ्गा खानी छन् अभ्रक खानी छन् । विभिन्न प्रकारका खानी छन् । बजेटको धेरै ठूलो हिसा अनुसन्धानमा अध्ययनमा जाने निश्चितै छ । तसर्थ यसको आधीकारीक वा बैधानीक संरचना अथवा संयन्त्र निर्माण गर्न सकेनौ भने यो बजेट हाम्रो लागि यो ऐतिहासिक प्रदेश सभाले पहिलो पटक बजेट ल्याएको छ । यो कुराहरु अत्यन्त धेरै आलोच्य हुनेछौ । आवश्यक जनशक्तिको व्यवस्थापन यो सरकारले गर्नु पर्छ भन्ने कुराहरु मलाई लाग्छ । त्यस्तै गरी पर्यटनको विकासलाई यो बजेटलाई महत्वपूर्ण स्थान दिएको छ । सात नं प्रदेशको समृद्धि कृषि र पर्यटनबाट गर्छौ भन्ने कुराहरु यो सरकारको घमण्ड हो । हामीसँग भएका प्राकृतिक स्रोतको दोहनबाट हामी यो प्रदेशको समृद्धि गर्छौ भन्ने कुराहरु हामीलाई लागेको छ । यो बजेटमा त्यो कराहरु आएको छ । त्यो सर्हानीय कुरा हो । त्यसको लागि कुन कुन सम्भावनाका क्षेत्रलाई बढि प्रायोरिटिका साथ अगाडि बढाउन सक्छौ । अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहाँन्छु । खप्तडको पर्यटनको लागि बढि जोड दिनु भएको छ । खप्तड पर्यटनको विकास गर्न सकियो भने यो प्रदेशलाई ठूलो अर्थतन्त्र निर्माणमा टेवा पुग्छ भन्ने मलाई लाग्छ । वितरणको हकमा भन्नुहुनछ भने बालबिकासमा काम गर्ने सहयोगि कार्यकर्ताहरु विद्यालयका परिचर र निशुलकरुपमा सेवा प्रदान गर्दै आउनु भएका स्वास्थ्य स्वयम सेविका लाई राहतकोरुपमा केही रकम यहाँहरुले व्यवस्था गर्नु भएको छ । यो अत्यन्त सर्हानीय कुरा हो । संक्रमणकालको व्यवस्थापन गर्न हाम्रो गहन जिम्मेवारी छ । यो संक्रमणको अन्त गरिरहदा यो सभाले यो क्षेत्रका कुरिती र विसंगतीहरुलाई निर्ममतापूर्वक अन्त्य गर्ने ठाउँमा अहिले हामी छौं । हामीले त्यस्ता खालका विकृति र विसँगतीलाई न्यूनीकरण गर्ने होइन अब सिध्याउने हो । त्यसैले त्यो दिशामा बजेट कार्यान्वयन हुनु पर्छ । हिंसा गर्ने बेचविखन गर्ने र बहुविबाह गर्ने लगायतका यस्ता किसिमका अपराध गर्ने मानिसलाई सार्वजनिक पदधारण गर्ने कुराबाट बन्चित गर्नु पर्छ । सजाय मात्र होइन उनिहरुलाई सामजिक अवसरबाट पनि बन्चीत गर्नु पर्छ । राज्यले हदैसम्मको दण्ड गर्नु पर्छ भन्ने मलाई लाग्छ । त्यस्तै गरी प्रतिनिधित्वका हिसावले समावेशी प्रतिनिधित्व महिलाहरुले पाएका छन् । दलितले, पिछडिएकाले पाएका छन् यो सबै किसिमको समावेशीकरणको सिद्धान्तको आधारमा हामी आरक्षण मार्फत यो ठाउँमा आएका छौ । यो अत्यन्त सरहानीय र महिला आन्दोलनको उपज पनि हो । तर हामीले ३३ प्रतिशत आरक्षण पाएका छौ तर लगानीका हिसावले त्यो प्रतिशत कही पनि देखिदैन । हामी कमजरो पिछडिएको र अवसर नपाएको भनेर हामी प्रतिनिधित्वको हिसाबले यहाँ आयौ थप अवसर निर्माण गर्नका लागि पछाडिका आउनेहरु पनि थप आरक्षणमै आउनु पर्ने र आरक्षण घिनलाग्दो शब्द हुने आलोचित हुनु पर्ने व्यवस्थाको खारेजी गर्नु पर्छ । यसको सशक्तिकरणमा बजेट विनियोजित हुनु पर्छ । प्राविधिक क्षेत्रमा महिलालाई कति प्रतिशत छुट्याउने महिलालाई तालिममा र सिपयुक्त बनाउनेको लागि कति प्रतिशत लगानी गर्नेहो त्यो आउनु पर्छ भन्ने मलाई लाग्छ । ३३ प्रतिशत आरक्षण हो भने ३३ प्रतिशत महिलालाई सशक्तिकरणमा बजेट पनि विनियोजन गर्नु पर्छ । यसमा थप राहात सहित राज्यबाट पछाडि पारिएका क्षेत्रको लागि थप २ डिजिटको सहयोग लिनु पर्छ त्यसको

लागि अनुरोध गरौ महिलाको लागि क्षतिपूती सहितको दुई डिजित वा ३ डिजिट कति थप्न सक्नु हुन्छ यो अवधिका लागि यहाँले गरिदिनु भयो भने बढि प्रभावकारी हुन्छ भन्ने लाग्छ । पढाइमा उत्कृत हुने छात्र छात्रालाई थप इन्सेन्टीभको व्यवस्था गर्नु भएको छ यो राम्रो कुरा हो । सक्नेहरुले वातावरण र अवसर राम्रो पायो भने उनिहरुले राम्रो गर्ने हो तर नसक्नेहरु जो विपन्नतामा अभावमा र शोषणमा जो यस्तो खालका अवसर लिन सक्दैनन् तिनका लागि सोच्ने हो । तिनका लागि सोच्नका लागि विशेष व्यवस्था गरोस राज्यले भन्न चाहाँन्छु । गिट्टी कुटेर पानी बोकेर बालबच्चा घरमा भाइबहिनीलाई घरमा स्याहारेर स्कुलमा ढिलो उपस्थिति हुनेर छिटै भागेर घरको काम गर्नु पर्ने स्थितिमा छन । त्यो परिस्थितिका बालबालिकाका लागि इन्सेन्टीभको व्यवस्था गर्नु पर्छ भन्नेकुरा बजेटले सोच्नु पर्छ भन्ने मलाई लाग्छ । यो प्रदेशबाट भविष्य निर्माण गर्ने खालका जनशत्तिहरुलाई फिर्ता ल्याउनु पर्छ । राज्यको लगानीमा सुविधा लिएर पढ्ने बालबालिकाहरु अथवा विभिन्न किसिमको क्षेत्रमा पढ्ने स्कलरसीपको सुविधा पाएका बालबालिकाहरु को को हुन तिनीहरु अहिले कहाँ छन् कुन अवस्थामा छन् । त्यसको डकुमेन्टेसन हुनु जरुरी छ । त्यो अभिलेख राखेर त्यो जनशक्तिलाई आफ्नो प्रदेश निर्माण गर्नको लागि प्रत्यआहावन गर्नु पर्छ भन्ने मलाई लाग्छ । त्यसको बजेट पनि धेरै चाहिदैन । वितरण मुखी भयो अनुसन्धान र अध्ययन भन्ने कुरामा मात्र गयो र यसको दुरुपयोग हुनसक्छ भन्ने तर्फ प्रदेश सरकारलाई सचेत गराउनु भएको छ । म पनि के भन्न चाहाँन्छु भने आवश्यक जनशक्तिको विकास नभइकन त्यसका प्रभावकारी संयन्त्र निर्माण नगरीकन प्रदेश सभाको सबै पक्ष संलग्न नभइकन यो कुराको अध्ययन अनुसन्धान गर्न उपयुक्त देखिदैन त्यो वातावरण प्रदेश सरकारबाट हुनेनै छ भन्ने म विश्वास गर्दछु । प्रदेश सरकारको सानो आकारको बजेट छ निश्चित अध्ययन अनुसन्धान लगायतका कुरामा यो बजेट आएको छ । यसले पूर्वाधार तयार गरिसकेपछि २०७५/९७६ को बजेट विकासमा नितान्त विसमा लागु हुने छ भन्ने कुरामा विश्वास गर्दछु र माननीय मन्त्रीज्यूलाई यही अनुरोध गर्दछु । यो हाउसले दिएका सुझावलाई समेटेर अर्को आकारको दियो भने प्रभावकारी हुन्छ भन्ने कुरा राख्दै विदा हुन्छु । धन्यवाद

**माननीय श्री नेपालु चौधरीः-** सभामुख महोदय, नेपालको संविधान जारी भइसकेपछि नेपालमा संघीयता स्थापना भएपस्चात हिजो मात्र आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले हाम्रो प्रदेशको बजेट बक्तव्य जारी गर्नु भयो । हामीले उहाँले बजेट सभामा ल्याउनु भएको छ । वास्तवमा मित्रले सरहानीय र राम्रो बजेट भनेर बखान गरिसक्नु भएको छ । मैले पनि समर्थन गर्दछु र स्वागत गर्दछु । वास्तवमा धेरै कुराहरु राम्रा नै आएका छन् । सुरुमा कृषिको क्षेत्रमा किसानलाई अनुदान दिनको लागि जुन बजेट विनियोजित तगरिएको छ । त्यो अनुदान दिनेकुरा सरहानीय छ । तर पनि अनुदान दिदा वास्तविक किसान कोहो र हो कि होइन भनी अनुदान दिदा वेस हुन्छ भन्ने मलाई लाग्छ । हिजोका दिनमा हामीले हेऱ्यौ गैर किसानले पनि अनुदान लिएको अवस्था थियो । अहिलेको अवस्थामा पनि त्यस्तो परिस्थिति नहोस भन्नको लागि सचेत हुन जरुरी छ । वास्तवमा यो सरकारले एउटा कैलाली र कञ्चनपुरका थारु जातीमा देखिने एउटा सिकलसेल एनिमिया रोगमा सरकारले १० लाख विनियोजित गरेको छ । त्यो पनि सरहानीय छ तर मलाई लाग्छ थोरै भयो । कैलाली र कञ्चनपुरका थारुलाई सिकलसेल र एनिमिया लाग्दा मलाई के रोग लाग्यो भनेर पत्ता लगाउने यो कैलाली र कञ्चनपुरमा नभएको कारणले अन्यत्र जिल्ला जानु पर्ने अवस्था भएकाले कैलाली र कञ्चनपुरमा यस्तो व्यवस्था गर्नको निम्ति उपयुक्त बजेटको व्यवस्था गर्न पाएको भए राम्रो हुन्थ्यो । महिला स्वास्थ्य स्वयमसेविकाका सन्दर्भमा अघि नै मित्र उठान गरिसक्नु भएको छ । मेरो पनि त्यसमा समर्थन छ । हिजो हामीले हयौ गर्भवती महिला र बालबालिकाको विचमा गएर निशुल्क सेवा गर्ने रातदिन नभनेर सुत्केरीको सेवा गर्ने महिलालाले काम गर्नु परेको थियो । उहाँलाई यो प्रोत्साहन स्वारुप ३ हजार दिने सरकारले निर्णय गऱ्यो त्यो थोरै भएपनि सरहानीय छ । अर्को कुरा यो बालविकास कक्षा हेर्ने र आधारभूत विद्यालयका सहयोगीको सन्दर्भमा पनि जुन तल्लो स्तरका कर्मचारीलाई हेर्ने दृष्टिकोणमा सरकारले आफ्नो फराकिलो दृष्टिकोण राखेको छ । त्यसमा पनि सरकारलाई धन्यवाद दिन चाहाँन्छु । शिक्षित युवा रोजगारी सम्बन्धमा सरकारले यो योग्यताको आधारमा आइए गरेका र विए गरेका लागि कति लोन दिने डिग्री गरेका लाई कति लोन दिने कुराहरु यहीबाट स्पष्ट भएको भए राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ । १,२ लाखले केही हुनेवाला छैन १० लाख २० लाख सम्म पाएको भए अलि राम्रो हुन्थ्यो कि भन्ने मलाई लाग्छ । खानेपानी तथा सरसफाइका सम्बन्धमा कैलाली र कञ्चनपुरमा खानेपानी ट्याङ्की ठड्याइएको छ । तर त्यहाँका जनताले स्वस्थ खानेपानी पिउन पाएका छैनन् हामी अहिले पनि हेर्दै छौ कोही ५ वर्ष ७ वर्ष भइसक्यो त्यहाँ पानी वितरण प्रक्रिया अवरुद्ध छन् । त्यस्ता ठाउँमा सरकारले पहिलो प्राथमिकता देओस् भनी मैले अनुरोध गर्न चाँहे । धेरै कुराहरु सरकारले

अध्ययनकोरुपमा राखेको छ । मलाई लाग्छ मेरो क्षेत्रमा धेरै नदी नालाहरु छन् धेरै ठाउँमा पुलहरु बनाउनु पर्ने छ । तट्वन्धका समस्या त्यतिकै छन् । धेरैका जमिन खोलाले बगाएको छ । सरकारले यथोचितरुपमा आफूले कुन ठाउँमा कस्तो योजना हाल्दा कति रकम हाल्दा ठिक हुन्छ भन्ने ढङ्गले सरकारले यस्मा प्रस्तुत गरेको छ त्यो राम्रो छ । हिजो ५० लाख १ करोड कुनै ठूलो योजनामा हालेर त्यस्तै बाटो अवरुद्ध हुने रहेको छ । सबै ज्ञान हासील गरेर काम गर्दा समयमै काम सम्पनन हुन्छ भन्ने सोचका साथ ल्याएको कुरा मलाई राम्रो लागेको छ । डिप ट्यूवेल मार्फत किसानले बाह्रै महिना खेती गर्नसकने ठाउँमा सिचाईको सुविधा गरेमा किसानलाई राहात हुन्छ भन्ने मलाई लागेको छ । पूर्वाधारको सम्बन्धमा अलिकती सुकुम्बासीका लागि धेरै किसिमका तालिमको व्यवस्था गरेको छ साथै रोजगारीको व्यवस्थाको लागि पनि यसमा ल्याउदा राम्रो हुन्थ्यो भन्ने मैले महशुस गरेको छु । तालिम गरिसकेपछि कहाँ जाने के गर्ने भन्ने हुन्छ । त्यस्तो भ्रमको अवस्था सृजना नहोस त्यसको लागि उहाँहरुको रोजगारको व्यवस्था ग्यारेन्टी गर्न पाएको भए राम्रो हुन्छ भन्ने मलाई लागेको छ । यसमा सम्भाव्यता अध्ययनका कुरा आएका छन् । सम्भाव्यता अध्ययनका कुरा यसमा हामीले तत्काले जनताका आवश्यकता परिपूर्ती गर्न सक्ने अवस्था त छैन तैपनी यो सम्भाव्यता अध्ययनले भोलिका दिनमा बिकासका कामलाई समृद्धिका ढोका खोल्नका लागि द्रुत गतिमा बढ्नेछ भन्ने मैले आशा लिएको छु । यति भन्दै आफ्नो भनाई अन्त गर्छु । धन्यवाद

मा० सदस्यहरू,

आजको छलफलको समय यही समाप्त हुन्छ । बाँकी छलफलको कार्य भोलि मिति २०७५ साल बैशाख ११ गते मंगलवार दिनको ११:०० बजे हुने भएकोले उक्त अवधिसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न ३:४५ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७५/ ०१ /११**
**पहिलो अधिवेसन**
**(अठारौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको ११:१२ बजे**

मा० सदस्यहरु,

यस सभाको अठारौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा० सदस्यहरू,

चालु आ.ब. २०७४/०७५ को बाँकी अबधिको प्रदेश नं. ७ प्रदेश सरकारको राजश्व तथा व्ययको अनुमान र विनियोजन विधेयक, २०७५ माथि हिजो मिति २०७५ साल बैशाख १० गते सोमबार भएको छलफलको बाँकी कार्बाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम मा० श्री मालामती कुमारी रानालाई छलफलमा भाग लिन अनुमती दिन्छु । समय ५ मिनेट

**माननीय श्री मालामती कुमारी राना:-** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७४।०७५ छलफलको आज दोस्रो दिन चालु वर्ष १ अर्व २ करोड ५ लाख विनियोजन भएको छ । हामीले सोचेका थियौ । सात नम्बर प्रदेशलाई समृद्ध बनाउने बजेट आउछ भन्ने लागेको थियो । तर, यो बजेट कनिका छरेजस्तै आएको छ । चालु तर्फ ३० करोड ७ लाख ७७ हजार अर्ध विविध चालू खर्च ५६ करोड ४० लाख २३ हजार अनुमानीत लगभग ८५ प्रतिशत बजेट ८६ करोड ४७ लाख चालु खर्च चर्फ ल्याइयो र तर बढी भन्दा बढी अर्ध विविध पनि ५६ करोड ४० लाख २३ हजार आयो त्यसकारण यो बजेट हामीले सोचेका थियौ उद्योग कृषि पर्यटन जस्ता बढी बजेट आउछन् । तर आसा थियो ८५ प्रतिशत ८६ करोड ४७ लाख जब बजेट आयो त्यसपछि दु:ख पनि लाग्यो । बजेट विनियोजनको सिद्धान्त विपरित भएको छ सभामुख महोदय, उत्पादन मूलकमा आउनु पर्ने बजेट अनुत्पादक क्षेत्रमा यो बजेट विनियोजन गरिएको छ । सभामुख महोदय, अनुत्पादक क्षेत्रमा विनियोजन गरिएको छ । भने हाम्रो जनताको कसरी बिकास गर्न सक्छौ र यो क्षेत्रलाई हामीले कसरी समृद्धि बनाउन सक्छौं । यो बजेट कुशासनको लागि बढावा भएको देखिएको छ । सभामुख महोदय, अब यस ७ नम्बर प्रदेशमा मूल्य वृद्धि हुन कुनै वेर छैन । कुशासन तिर बढावा भएकोले अब यो ७ नम्बर प्रदेशमा मूल्य वृद्धितिर जान्छ । यो बजेट चुनाबबाट विजय हासिल गरेर आएका छन् । उहाँहरुलाई केही राहात हुने जस्तो मलाई लाग्छ । यो बजेट कार्यकर्तामुखी रहेको छ । आर्थिक बिकासमा एकदम न्यून देखिएको छ । जस्तै ७ नम्बर प्रदेश राजधानीसँग जोडिएको पर्यटकीय स्थल जखोरता, घोडाघोडी ताल जस्ता थुप्रै राष्ट्रिय योजनाहरु छुटेका छने । यि हुन आर्थिक विकास समृद्धिका स्रोतहरु । पूजी तर्फ १५ करोड ५७ लाख १५ प्रतिशत मात्रै बजेट छुट्याइएको छ । यो बजेटले जनताको आखाँमात्रै खोलिएको हामीले बुझेका छौं । जनताहरुलाई माथी उकास्नको लागि कुन आधारले यो बजेटले उहाँहरुको आँखा खोलिने छ । त्यसकाण थारु समुदायमा देखिएको सिकेलसेल ऐनिमिया पहिचान उपचार र नियन्त्रणको लागि १० लाख विनियोजन गरिएको छ । दशलाख विनियोजनले पुग्दैन किनभने हाम्रो ७ नम्बर प्रदेशमा सिकल्सेल एनिमियाको जाच गर्ने मेसिन छैन । जाँच गर्नको लागि हामीले अन्यत्र जानु पर्छ । त्यसकारण खर्च पनि त्यसमा बढी आउछ हजारौ हजारमा सिकल सेल एनिमिया थारु समुदाय ग्रसित छन् । यसमा बढी भन्दा बढी बजेट छुट्याउनु पर्ने थियो । कार्यकता मुखी करोडौ बजेट छुट्याइएको छ भने । सिकल सिल एनिमिया थारुलाई मात्र हुने भएकाले यसमा दश लाख मात्र बजेट छुट्यान गएकोमा दु:ख लागेको छ । हाम्रा माननीय मन्त्रीज्यूहरुलाई थारु समुदायको प्राण गइरहेको छ । उनिहरु आफ्नो ज्यानसँग लडिरहेका छन् तर थारु समुदायलाई दश लाख मात्र छुट्याइयो । आउदो बजेटमा यसमा बढि बजेट छुट्याइयोस र यो रोग जाच गर्नको लागि धनगढीमै मेसिन पनि व्यवस्था गरियोस् । कैलाली कञ्चनपुरमा ९० प्रतिशत थारुको बसोवास छ थारुको कुनै स्वायत्त क्षेत्रको लागि बजेट विनियोजन गरिएको छैन । अमेरीकामा रेड इन्डीयनका लागि त्यहाँको सरकारको लागि विशेष संरक्षित क्षेत्र नै उल्लेख छ । हाम्रो यस प्रदेशमा विपरित बजेट छुट्याइएको छ । थारु ९० प्रतिशत

भए पनि यो समुदायलाई कसरी माथि उकास्नु पर्छ कसरी राजनीतिक धारमा ल्याउनु पर्छ । थारु समुदायलाई माथि उठाउनको लागि बढी भन्दा बढी बजेटको व्यवस्था होस् थारु रानाथारु जनताजीको अबमूल्यन भएको छ जाती पहिचानका लागि ठोस कार्यक्रम ल्याएको छैन । पिछडिएको ठाउँको लागि कुनै बजेट व्यवस्थापन गरिएको छैन् जस्तै राउटे यो बजेट संघीय अनुदानमा निर्भर देखिएको छ । आधा धती अधा अकास ओगट्ने महिलालाई राज्यको मूलधारमा ल्याउन लक्षित कार्यक्रमको लागि बजेट एकिन भएन ३३ प्रतिशत महिला नीति निर्माणमा आएका छन् । ति महिलाका लागि बजेट विनियोजन गर्न जरुरी छ । समाजमा जातीय द्वन्द्व समाधानको लागि कुनै बजेट विनियोजन गरिएको छैन । विभिन्न क्षेत्रको सम्भावीत अध्ययनको लागि ४ करोड बजेट विनियोजन गरिएको देखिएको छ । विनियोजन भएको रकम दुरुपयोग हुने चिन्ता छ । अहिले चाँही सम्भावीत अध्ययनको लागि छुट्याइएको बजेट छ । डेढ महिना मात्र बाकी छ कर्मचारी पनि छैन त्यसकारण यो बजेट जनतामाझमा पुग्न सक्दैन दुरुपयोग हुने सम्भावना छ । धन्यवाद

**माननीय श्री दुर्गा कुमारी कामीः-** माननीय सभामुख महोदय, अछाम जिल्लाको ढकारी गाउँपालिका वार्ड नं. ४ मा दुखद घटना घटेको छ । ढकारी गाउँपालिकाको वडा नं. ४ को विरबहादुर थापा माथि त्यहाँकै वडा अध्यको संलग्नतामा उहाँलाई आघात कुटपिट र अमानवीय दुरव्यवहार भएको छ । अहिले उहाँ उपचारको क्रममा हुनु हुन्छ । यो दुःखत घटना प्रति दुःख प्रकट गर्न चाहाँन्छु । यो घटनाको सत्य तथ्य छानविन गरेर दोषीलाई कडाभन्दा कडा कार्वाही र पिडितलाई राहातको कार्यक्रम तत्काल सरकारले उपलब्ध गरावस भन्न चाहाँन्छु । माननीय सभामुख महोदय, आज गणतन्त्र दिवस लाखौ लाख नेपाली जनताको त्याग तपश्या र बलिदान तागतबाट प्राप्त गरेको यो दिवस यस घडीमा म सम्पूर्ण गणतन्त्र प्राप्त गर्नको निम्ति आफ्नो अमूल्य ज्यान आहुती गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जिल अर्पण गर्न चाहाँन्छु । यो गणतन्त्र स्थापनाको लागि आफ्नो ठाउँबाट महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने आदणीय अग्रज प्रति सम्मान प्रकट गर्न चाहाँन्छु । आ.ब. २०७४।०७५ को बजेट आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नु भएको छ । यो विषयमा थुप्रै माननीय सदस्यज्यूले यहाँ छलफलमा सुझाव सहितको छलफल अगाडि बढाइसक्नु भएको छ । अत्यन्तै मेहनतका साथ फराकिलो सोच कडा परिश्रम दिन रात अहोरात्र खटेर जुनखालको यो बजेट ल्याएको छ । यो प्रदेशका जनताको भाग्य र भविष्य कोर्नको निम्ति यो बजेटले अत्यन्तै महत्वपूर्ण सहयोग पऱ्याउने छ भन्ने हामिले आशा गरेका छौं । यो बजेटलाई साचीकै भन्ने हो भने यथा सिघ्र कार्यान्वयनको पक्षमा यो गरिमामय सद्न लाग्ने हो भने साच्चीकै जनतको जीवनस्तर माथि उठाउनको लागि सहयोग पुऱ्याउने छ भन्ने आशा र विश्वास गरेको छु । त्यसैले यो बजेट माननीय अर्थमन्त्रीलाई हृदयदेखिनै धन्यवाद दिदै यो बजेटको स्वागत गर्न चाहाँन्छु । माननीय सभामुख महोदय, यो बजेटलाई कार्यान्वयन गर्नको लागि सबै माननीय सदस्यज्यूहरुको चिन्ता छ चासो छ र भूमिका छ । त्यसमा हाम्रो भूमिका अमूल्य रहने छ भन्ने हिसावबाट सुझाव दिनु भएको छ । धेरै राम्रा कुरा छन् ति राम्रा कुरालाई आत्मसाथ गरेर यसलाई कार्यान्वयन गर्नको निम्ति हामी प्रतिवद्ध छौ भन्ने खालको भाव व्यक्त भएको छ । त्यसैले अत्यन्तै खुसी लागेको छ । यति हुदाँ हुदै पनि केही कुरा सुझावको रुपमा आएको छ । यि सुझावको रुपमा आएको कुरालाई सुझावको रुपमा लिएर कार्यक्रम समेट्नु हुन्छ । जनतालाई सम्बोधन गर्ने खालका कार्यक्रम ल्याउने भनेर उहाँहरले बजेट ल्याइसक्नु भएको छ तर त्यो अनुसारको कार्यक्रम बनाउनेमा उहाँहरुले फराकिलो ढङ्गबाट सोचिराख्नु भएको छ । हामीले त्यो लक्षण देखिसकेका छौ । उहाँले ल्याएका कार्यक्रममा हाम्रो सहयोग र साथको अत्यन्तै महत्वपूर्ण हाम्रो काधमा जिम्मेवारी आएको छ । हामीले हेरेका छौ भनि पनि सक्नु भएको छ । अहिले सम्म साच्चिकै काम गर्ने श्रमजिवी वर्गले ज्याला पाएको छैन । यो बजेटमा सबैभन्दा राम्रो पक्ष महिला स्वास्थ्य स्वयम सेविका जो सबे भन्दा बढी कामगर्ने र दुःख कस्ट व्यहोरेर पनि अहोरात्र खटेर काम गर्ने उहाँहरुलाई प्रोत्साहान गर्न अहिले सम्म पनि सरकारले त्यो तय गर्न सकेको अवस्था थिएन तर यो बजेटले सम्बोधन गरेको छ । अर्को कुरा कृषि क्षेत्रको अत्यन्तै महत्वपूर्ण कुरा छ । अत्यन्तै सुनौलो नारा छ साच्चीकै यो नारा अनुसार काम गर्ने छ भन्ने कुरा यो बजेटले समेटेको छ । अहिले सम्म प्रारम्भीक बालविकासमा काम गर्ने सहजकर्ताहरु विद्यालयमा काम गर्ने परिचरहरु उहाँहरुले अहिले सम्म कुने ठाउँमा सम्बोधन गर्न नसकेको र उहाँहरुले काम गरेको श्रम अनुसारको ज्याला पाउन नसकेको अवस्थामा यो बजेटले यो कुरालाई सम्बोधन गरेको छ । हामीले राम्रा कामलाई कार्यान्वयन गर्ने पक्षमा जानु पर्छ । केही सुधार्नु पर्ने कामलाई सुधारेरै अगाडि लैजानु पर्ने हुन्छ । विकास गर्ने कुरामा विरोधी होइन विकास प्रेमी बन्नु पर्छ । सहयोग समन्वय र सहकार्यमा यो ठाउँको विकास सम्भव छ । त्यसैले लाग्छ यो गरिमामय सद्न विकासको दृष्टिकोणमा विकास गर्ने क्रममा सहयोग

समर्थनमा अगाडि बढ्ने छ भन्ने कुरामा विश्वास गर्न चाहाँन्छु । नीति तथा कार्यक्रममा वथिङ्ग सेन्टर ल्याएको छ । विशेषज्ञको सहभागितमा घुम्ती सिविर ल्याएको । महिलाहरुको पाठेघर खस्ने समस्या भनेको नितान्त महिलालाई मात्र हुने समस्या हो । यो आफै हुदैन महिलाहरुले भोग्नु परेको पिडा र सदीयौ देखि भोग्नु परेको पिडा भारी काम गर्नु पर्ने कामको उपज भनेको महिलाको पाठेघर खस्ने समस्या हो । लाखौ महिला यसबाट पिडित छन साथै यसको प्रभाव परिवार र राष्ट्रलाई पनि पर्ने हुन्छ । दलित समुदायको परम्परागत रुपमा गरिदै आएको सीप कलालाई आधुनिकिकरण गरेर बजेटमा जोडदिनु भयो भने अझै राम्रो हुन्थ्यो । महिला उद्यमीको कुरा महिला माननीयज्यूले भन्नु भएको छ । आधा आकासलाई ओगट्ने महिलालाई राज्यको मूलधारमा ल्याउनुका लागि उद्यमशलिताको कुरा महिला उद्यामी बनाउने र तालिमको व्यवस्था गर्ने कुरा समेट्नु भयो भने अझ यसले राम्रो हुनेछ । दलित समुदायका बालबालिकालाई उच्च शिक्षा हासिल गर्नको निम्ति प्राविधिक शिक्षा र छात्रवृत्तिको कुरा अझै समेनु भयो भने त्यसले अझै राम्रो गर्नेछ । विभिन्न करिती कुसंस्कारका कुराहरु दिन प्रतिदिन हाम्रो समाजमा थुप्रै खालका घटनाहरु घटिराखेका छन् । यो घटना घटिरहने कानून छ भन्ने सरकार छ भन्ने हामीले टुलुटुल हेरर बस्ने अवस्था नआउनको निम्त्त छाउपडी प्रथा जातिय छुवाछुत, बोक्सीको आरोपको कुराहरु बालबिबाह बहुविवाह जस्ता कुराहरु जो जघन्य अपराधका कुरा न्यूनीकरणका कुरा होयन यसलाई अनत्य गर्नुको निम्ति यो कार्यक्रममा समेटेर यसलाई तत्काल लागू गर्नको लागि समेट्दा अझै राम्रो हुन्थ्यो जस्तो मलाई लागेको छ । यो बजेट ल्याउनको निम्ति मेहनत गर्नु भयो जोसँग समन्वय सहकार्य र सरसल्लाह गरेर फराकिलो सोचका साथ माननीय अर्थमन्त्रीज्यूले ल्याउनु भयो हृदयदेखि धन्यवाद दिदै विदा हुन्छ । धन्यवाद

**माननीय श्री लाल बहादुर खड्का:-** सभामुख महोदय, हामीले आर्थिक वर्ष २०७४/०७५ को पनि अन्तिम दुई ढाइ महिनाको बजेट प्रस्तुत भएको छ । अत्यन्त कम समय साहेद बजेटको आकार कम भएको कारणले हामीले यो बजेट प्रति अहिले नै काम गरिहाल्ने कार्यान्वयन प्रतिको धेरै अपेक्षा भन्दा पनि यो बजेटले आगामि आ.व. २०७५/०७६ का लागि एउटा प्रिबजेटका रुपमा फ्रेमवर्कका रुपमा आएको छ । यसले समग्रतामा ७ नम्बर प्रदेशका समस्याहरुलाई पहिचान गरी उठान गर्ने तिनीहरुलाई सम्बोधन गर्ने कुरा अगाडि सारेको छ । त्यसकारण यो प्रिबजेट अत्यन्त छोटो समयको बजेट भएको कारण यसमा धेरै आस गर्नु पर्ने र धेरै गुनासो गर्नु पर्ने ठाउँ छैन । तरपनि सरकारले छोटो समयमा जुन खालको अन्यन्त मेहनत गरेर सबैक्षेत्रलाई समेट्ने प्रर्यत्न गरेको छ । म त्यसका लागि धन्यवाद दिन चाहाँन्छु । हामी अहिले गणतन्त्र स्थापना पछि मूलुकलाई समाजबादी ढङ्गले अगाडि बढाउन चाहिँरहेका छौं हिजो पुष्पलालले देखेको सपना वा विपिले देखेको सपना र पछाडिका थुप्रै आन्दोलनले बढाएको विषय पनि समाजबाद नै हो भन्ने मलाई लाग्छ । यो बजेटले अलिकती गहिरिएर जानसकेको भए अझ राम्रो हुन्थ्यो । म सभामुख मार्फत सरकार र माननीय सांसदहरुको ध्यानाकृष्ट गर्न चाहाँन्छु । सायद उहाँले लेख्दा लेख्दै छुटेको हो कि अत्यन्त महत्वपूर्ण विषय कञ्चनपुरमा विगत तीसौं वर्ष देखि आरक्ष पीडितहरुको एउटा ठूलो समस्या छ त्यसलाई अहिले पनि देखिन कही यो आरक्ष पीडित भनेको के हो भन्ने चाँहि प्रश्न होला मैले सरकार र माननीयमा के निवेदन गर्न चाहे भने आजको शुक्लाफाटा राष्ट्रिय निकुञ्ज हिजोको शाही शुक्लाफाटा राष्ट्रिय निकुञ्जलाई विस्तार गर्दा १५० वर्ग वर्ग किलोमिटर बाट ३०५ वर्ग किलोमिटरमा विस्तार गर्दा तत्काल रौतेली विचवा गाउँ विकास समितिको ६ वडा र बाँकी झलारी पिप्लाडी लगायतका थुप्रै वस्तीलाई पुनः स्थापित गर्ने काम गरियो त्यो वस्तीलाई पुनःस्थापित गर्दा नम्बरी जमिन भएका मानिसलाई जति नम्बर जमिन हो त्यति सट्ट भर्ना गरियो र ऐलानी पर्तिमा बसेका नाप नक्सा भएर ऐलानीमा बसेका नाप नक्सा नभई ऐलानीमा बसेका मान्छेलाई व्यवस्था गर्नका लागि २९ वटा आयोग बनेको छन् उनिहरुको नाममा थुप्रै जमिन पनि कटान भयो तर बास्तवीक पीडित भन्दा पनि अरु मानिसले जमिन पाए ति मान्छेको हरेक वर्ष मंसिर पुस लाग्यो भने आन्दोलनको तयारी गर्ने माघ चैत्र आन्दोलन गर्ने फेरी बैशाख तिर अदिया कहाँ पाइन्छ । जमिन खोज्दै खेतीपाती गर्दै हिड्ने र त्यसैले आफ्ना बालबच्चा पाल्ने खालको समस्या अहिले पनि झेलेका छन् । सबैभन्दा ठूलो सिविरकोरुपमा कञ्चनपुरको ढक्कामा जो राष्ट्रिय निकुञ्ज भित्रै बसोबास गर्दै आएका छन् । १४ वटा सिविरमा मानिसहरु बस्दै आएका छन् विगतका आयोगले २३७३ भनि एकिन गरेर उनिहरुलाई परिचयपत्र दिएको छ । पछिल्लो आयोग ठाकुर प्रशाद शर्माको आयोगले २३७३ लाई पनि क ख ग घ भनी वर्गिकृत गरेको छ । १४८३ लाई क वर्गमा राखेको छ । हाम्रो बजेटले वास्तवमा मुक्त कमैया सुकुम्वासी लगायत सबैलाई स्वरोजगार बनाउने कुरा सारेको छ । त्यो भन्दा पनि मानिसलाई वासस्थानको कुरा अझ महत्वपूर्ण छ । मान्छेहरु लामो समयसम्म एउटा पुस्ता नै आन्दोलनमा सकिएको छ । त्यसैले ति कुरालाई पनि कार्यक्रममा समावेश गर्ने पाएको भए अझ राम्रो हुन्थ्यो मैले

सरकारको ध्यानाकृष्ठ गराउनु चाँहे । मुक्त कमैयाको समस्या ७५ सालमा कमैयालाई मुक्त गरिसकेपछि केही जिल्लामा त्यहाँको स्थानीय निकाय त्यतिबेलाको जिविस गाविसले व्यवस्थापन गर्ने काम गऱ्यो । उहाँहरुलाई रोजगारीले मात्र पुग्दैन जसको बाँसै छैन त्यसलाई सीपमूलक रोजगारीले पुग्दैन त्यसो हुनाले यो समस्यालाई पनि विशेष ढङ्गले समबोधन गर्न जरुरी छ । अहिले पनि उहाँहरुले ५ कट्टा जमिन पाएका छन् । अहिले नाप्दा पनि पुरै छैन र त्यो लालपूर्जा पनि बैंकमा धितो धरौटी राख्न नपाइने बेचविखन गर्न पनि नपाइने भन्ने शर्त छ । बेचविखन सम्म रोकौ तर बैंकमा धितो राखेर उनिहरुले काम गर्ने वातावरण दिउँ भन्दा अलमलमा रहयो । यसलाई प्रदेश सरकारले सुल्भ्फाउने छ भन्ने मलाई लागेको छ । औद्योगिक क्षेत्रका कुरा आएका छन् । विगतमा २०७२ सालमा सरकारले ७ वटा प्रदेशमा औद्योगिक क्षेत्र निर्माण गर्ने भनेर जग्गाको किटानी साथ घोषणा गरेको हो । ७ नम्बर प्रदेशको पनि कञ्चनपुरको बेतकोट नगरपालिकाको छेड्दह क्षेत्रमा नौ सय विघा जमिन उपलब्ध गराउने भनेर तत्काल भूमिसुधार मन्त्रालय र वन मन्त्रालयलाई मन्त्रिपरिषदले निर्णय गरेर आदेश दिएको अवस्था हो । त्यसको डिपिआर पनि भइसक्यो । त्यसको प्रारम्भीक नक्साङ्कन पनि भइसक्यो र अहिले बातावणीय अध्यननको काम जारी छ । त्या राष्ट्रिय गौरवको विषयलाई कम्तीमा नामसहित उल्लेख गर्न पाए अझ राम्रो हुन्थ्यो । हिजो सरकारले राष्ट्रिय गौरवको रुपमा अगाडि बढाएको विषयलाई अलिकती स्पेसिक बनाएर प्रदेश सरकारले अपनत्व देखाएको भए अझ व्यवस्थिति हुन्थ्यो भन्ने मलाई लागेको छ । कृषिलाई व्यवसायिकरण गर्ने कुरामा अहिले पनि रासायनीक मलको समस्या छ । अहिले पनि दुधको उत्पादन छ बजारीकरण गर्न सकेको छैनौ अहिले सम्भाव्यता अध्ययनको कुरा गरिराखेका छौं त्यसमा मूर्तरुपले रासायनिक मल बनाउने कारखाना दुधको पाउडर समेत बनाएर काठमाण्डौ सम्म पुऱ्याउने व्यवस्था गर्न सकेनौ भने हयाँ जुन खालको उत्पादन देखेका छौ त्यो उत्पादनले बजार नपाएर निरुत्साहित भएका छन् । त्यसैको कारण पनि हो मानिसले गाईलाई उत्पादनसँग जोड्न नसकेर सडकमा छोड्ने कारण पनि हो । अरु सबै विषयमा हामी बढी चासो लिन्छौ तर समाजमा रहेका जसले आजसम्म देश निर्माण गरेर जीवनका ५० औं वर्ष यहाँ खियायो ति जेष्ठ नागरिकको यहाँ कही चिन्ता हुदैन । अहिले जेष्ठ नागरिक अपहेलित र समस्यामा बाचेको हामीले देखेका छौं । त्यसलाई अलिकती सम्बोधन गरेको भए अझ राम्रो हुन्थ्यो भन्नेमलाई लागेको छ । सानो बजेटले ७ नम्बरका जनाताको भावनालाई समेट्न आफैमा अफ्टेरो विषय पनि हो । तर त्यसले समाजतर्फ उन्मुख हुने ढङ्गले अगाडि बढ्न खोजेको छ । म त्यसका लागि धन्यवाद दिन चाहाँन्छु । आज गणतन्त्र स्थापनाको दिन हो । सम्पूर्ण नेपाली जनताप्रति कृतज्ञता व्यक्त गर्दै विदाहुन्छु । धन्यवाद

**माननीय श्री चुनकुमारी देवी चौधरीः-** माननीय सभामुखज्यू, मलाई लाग्छ यो तेस्रो दिनको छलफल एकदमै गहकिलो ७ नम्बर प्रदेशको पहिलो ऐतिहासिक बजेट विनियोजन गरेको छ । सम्पूर्ण आम प्रदेशका नेपाली जनताले अत्यन्तै मेहनतका साथ बहुमतका साथ जनताले मत दिएर यहाँसम्म पुऱ्याउने जनताहरु अब आक्रोसित भएका छन् । अर्थमन्त्रीज्युले अत्यन्तै मेहनत गरेर बजेट ल्याउनु भएको छ । उहाँलाई स्वागत र बधाई दिन चाहाँन्छु । यो बजेटमा धेरै कुराहरु छुटेको जस्तो लाग्छ सभामुख महोदय हाम्रो नेपालमा अत्यन्तै सघन वस्ती भएको कैलाली जिल्लामा अन्य प्रदेश मध्यमा थारु दलित, मुस्लीम, बादी, राजी लगायतका सम्पूर्ण जातजाती भएको हाम्रो प्रदेश हो । यो प्रदेशलाई सुन्दर र एक नम्बर बनाउनका लागि समृद्धिका लागि तीन महिना वित्यो भाषणमा सिमित छौ एक नम्बर प्रदेश बनाउन लागेका छौ । केही दिनमा कृषकहरु धानको विऊ विजनका लागि तयारी भइसके कृषकहरुको आकाक्षा के छ भने मल जलको लागि भएको र नौ वटै जिल्लाका मानिसको निर्भर रहेको कैलालीमा कृषिको लागि ध्यान भएन । हाम्रो प्रदेशमा रहेको घोडाघोडीमा माघिमा एकै दिनमा ५ लाख जनता उत्रिन्छन् त्यसका लागि ध्यान भएन् । यसका लागि पनि ध्यानाकर्षण गर्न चाहाँन्छौ । कैलाली जिल्लामा रहेका तालतलैया धेरै छन त्यसलाई संरक्षण गर्न अत्यन्तै जरुरी छ । संरक्षण गरेर पर्यटकीय स्थल र धार्मिक स्थल बनाउनको लागि सम्बोधन गर्नु पर्छ । विभिन्न जात जातीको संकृति झल्कन बजेट त आयो तर स्वागत योग्य छ । यो संग्राहालय र मठमन्दिर लामो समय देखि बनाइरहेको अवस्थामा अहिले सम्म थारुको नामा कहि पनि बजेट छुट्याइएको देखेन सबै भन्दा थारुहरुको झल्कने संग्रालय बनाउन जरुरी छ । बालबालिकाहरु स्कुल आउनु हुन्छ महिलाहरुले मिन्स भएपछि स्कुलबाट छोडेर घर जान बाध्य हुनु हुन्छ । यस्को व्यवस्था गर्न यो प्रदेश सरकारले अत्यन्त जरुरी छ । छात्राको लागि स्कुलमा प्याड राखीदिनको लागि अत्यन्तै जरुरी छ । अबको युग कुरालाई ध्यान दिएनौ भने खाने पानिको वारेमा हामी कुरा गर्छौं त्यसका वारेमा धेरै सोच्ने स्थिति देखिएको छ । महिलाका लागि बजेट छुट्याएर अगाडि बढ्नु पर्छ । ७ नम्बर प्रदेश एक नम्बर बनाउनका लागि हाम्रो जोडदार हात हुनु पऱ्यो । यो कुप्रथा पुरुष हुदाँ बोक्सी नहुनु पर्ने महिला हुदाँ बोक्सी हुनु पर्ने महिलाले छाउपडि हुनु पर्ने दिनहु महिला पिडा

भोगिरहेको अवस्थामा यस्ता विकृतिलाई यो प्रदेशबाट अन्त गर्नका लागि यसलाई यो सदनबाट अन्त गर्नु पर्छ । नेपाली युवाहरु पिडा भोगेका छन तर युवाका लागि हामी उनीहरुको स्वरोजगारीको लागि ठूलो आकारको बजेट ल्याएर उनीहरुलाई छुट्टै किसिमको उनीहरुको क्षमता हेरेर स्वरोजगारका कार्यक्रम ल्याउनु पर्छ । स्कुल पढ्न नपाएका युवालाई पनि सीपमूलक सञ्चालन गर्दा राम्रो हुन्थ्यो । धन्यवाद

**माननीय श्री गोविन्दराज बोहराः-** माननीय सभामुख महोदय, बजेट आफैमा महत्वपूर्ण कुरा हो बजेटले एउटा सिस्टम बसाउछ । १ हजारको बजेटले परिवारलाई सिस्टममा ल्याउछ । १ खर्बको बजेटले राज्यलाई सिस्टममा ल्याउछ । त्यसैले बजेटमा त्रुटि हुनगयो भने हाम्रो सिस्टम खलबलिन सक्छ । सिस्टम खलबलियो भने खराब हुन सक्छ । हामीले आशा राखेका थियौ बजेटमा धेरै नयाँ कुरा आउलान सम्बोधन होला जनतालाई यो प्रदेशलाई नयाँ मोडलमा लगौला भन्ने आशा राखेका थियौ ति कुरा आउन सकेन ति कुराहरु पाएनौ बजेटमा अर्थमन्त्रीज्यूले ब्राजिल भूटानको कुरा उठाउनु भयो । हो जलस्रोतमा ब्राजिल विश्वकै माथिल्लो स्थानमा छ हामी सेकेन्ड क्याटागोरीमा छौ । उनिहरुले त्यसमा डेभलप गरिसके हामी ७ नम्बर प्रदेश व्यरोजगारीको भूमरिमा फसेका छौं । ७ नम्बर प्रदेशमा पहिलो बजेट ७ नम्बरका राष्ट्रिय गौरबका परियोजना पश्चिम उल्लख गरिएको छैन् । पहाडमा पश्चिम सेतीलाई अगाडि बढाउन सकेनौ भने न हाम्रो बेरोजगारी हट्न सक्छ न हाम्रो आर्थिक उन्नती हुन सक्छ पहाडतिर कुनै रोजगारी हुन सकेन भने पहाडको जनजीवन खस्कने अवस्थामा पुगेको छ । राष्ट्रिय गौरवका योजनाहरु सम्बन्धमा यदि सोचिएन भने यो बजेट कागजको खोस्टो भएर जान सक्ने अवस्था आउन सक्छ । भुटानमा त्यही डेभ्लप भएर भुटानमा साढे सातलाख जनसंख्या छन् हामी साढे पच्चिसको हाराहारीमा छौं । भुटानले आफ्नो मूलुकलाई एउटा सिस्टममा लग्यो अर्गानिक खेतीमा हावर्ड को स्टुडेण्टले भुटानमा आएर अध्ययन गऱ्यो तीन दिन । हामी साढे पच्चिस लाख जनसंख्या छौ हाम्रो भेष भुसा कल्चर समान छ हामी युनाइटेड भएर लाग्यौ भने आज यो बजेटमा यो स्टेटलाई कृषिमा अर्गानिकमा लगेर उल्लेख भएको भए बजेटले एउटा सुगन्ध पाउथ्यो । त्यो कुरा पनि भएन यो ७ नम्बरलाई एक नम्बर बनाउछौ भनेर हामी नारा दिने तर जुन कुरामा जानु पर्ने हो त्यसमा नगईकन यो रोस्टममा बोलेर अगाडि बढ्न सक्दैन । भूटानले त्यही कुरा देखायो । विश्वका ठूलठूला विद्वानहरु यग्रीकल्चरमा ख्याती प्राप्त व्यक्तिहरु भुटानमा आएर अध्ययन गरिराखेका छन् । भुटान अर्गानिक खेतीका लागि योग्य भइसकेको छ । उनिहरुले आज विश्वले हेरिराखेको छ । हामी किन गर्न नसक्ने यो बजेट हामी दिदैछौं यसबाट एउटा अरु प्रदेश लाई पनि महशुस गराउनु पर्ने यि एजेण्डाहरु जनताले जनु कुरा चाहेका छन् ति एजेण्डाहरु समावेश भएको भए हामी अरु प्रदेश भन्दा एउटा नौलोरुपमा प्रस्तुत हुने थियौं बजेट बनाउँदा यसको दुरगामी असर पर्छ । त्यो दुरगामी असरमा जादाँ खेरी ठूला योजनाहरु ठूला संकल्प गर्न सकेनौ भने यो राज्य अगाडि बढ्न सक्दैन त्यो संकल्प लिनै पर्छ । राष्ट्रिय गौरवका विषयलाई इग्नोर गरेर हामीले यो अनुदानर सम्भाव्यता अध्ययनमा बजेटलाई लतपत्यायौ भने यो खर्चको विवरण पेश गरेको जस्तो देखिन थालेको छ । त्यसैले अनुदान जनु तरिकाले राखिएको छ । यसको करेक्सन कस्ले गरिदिने कहि ठाउँ राखिएको छैन् । त्यसैले यो समस्या भोलिका दिनमा अर्को बजेटले यो प्रदेशलाई कुन दिशा तिर लग्छ । त्यो कुराहर उल्लेख हुनु पर्ने कुरा हो । प्राइभेट सेक्टरलाई भित्रियाउनु पर्ने छ यो क्षेत्रको विषयमा खासै उल्लेख गरिएको छैन् । टुरिज्मको नारा दिएका छौं । कम्सेकम पर्यटकलाई कुन ठाउमा कसरी लग्ने भन्ने स्कुलको कन्सेप्ट ल्याएर एउटा स्कुल स्थापना गर्ने त्यसको लागि सानो बजेट छुट्याएको भए । अर्को बजेटमा ठूलो बजेट हालेर अगाडि बढाएको भए अजा टुरिज्मको लागि आवश्यक जनशक्ति तयार हुन्थ्यो । शुक्लाफाँटामा टुरिष्टहरु घुम्न जान्छन तर त्यहाँ गाइडहरु मिल्दैनन् । त्यो भित्रको रहसय के हो त्यो व्यक्ति मिल्दैन त्यसले पनि रोजगार बढाउथ्यो । बजेटम उल्लेखित कुराहरु जति मेहनत गरिएको छ । जति कुरा समावेश गरिएको छ त्यसलाई हामीले नकारात्मक कुराले हेर्ने होइन तर यसले राज्यलाई कुन तरिकाको इम्पेक्ट पार्दै छ । बौद्धिक व्यक्तित्वले बनाएको बजेट जनतामा के असर पर्छ भन्ने कुरा हेर्नु पर्छ त्यसको जिम्मेवारी सबैले लिनु पर्छ एउटा विद्वानले राम्रो कुरा भन्यो भने समाज फेरिन सक्छ । अर्थमन्त्रीज्यूले एउटा सानो चित्त नराखेर ठूलो हृदय राखेर यो सरकारले यो बजेटलाई अगाडि ल्याएको भए आज सम्म परिवर्तन गर्न एउटा आशा त्यसमा जान्थ्यो । सानो सक्रीफाइज गर्दा पनि ठूलो भिक्ट्री हुन सक्छ समाजमा हामीले अहिले त्यो चाँहेका हौं । यो समाज परिवर्तन गर्न यो बजेटको भूमिका होस भन्ने हाम्रो भनाई थियो । हाम्रो अनुरोध के हो भने प्राइभेट सेक्टरलाई पनि यो भित्र ल्याउने हामीसँग आर्थिक रिसोर्सेसको कमी छ । त्यसलाई कसरी ल्याउने यि कुरालाई सोच्नु जरुरी छ । यदि साना योजना २ महिना भित्र सम्पन्न हुन्छन भने हामी जनतालाई खानेपानी अति महत्वपूर्ण हा । यस्तो अवस्थामा खानेपानि दिन सकेनौ भने

हामीलाई हेर्ने दृष्टिकोण के हुन्छ । सरकारसँग मेरो अनुरोध के हो भने खानेपानी सिचाइ  कृषिमा ध्यानदिएर यो बजेटलाई अलिकति परिमार्जन गरेर त्यतातिर बजेटलाई फ्लो गर्न सभामुख महोदय मार्फत सदनलाई अनुरोध गर्दछु । धन्यवाद

**माननीय श्री कृष्णराज सुवेदीः-** माननीय सभामुख महोदय, २०६२/०६३ को जनआन्दोलनद्वारा आजकै दिन २४० वर्ष पुरानो यस देशको शामन्ती शत्ता ढलेको दिन त्यस्तो महत्वपूर्ण दिनमा आइरहदा आज यो ७ नम्बर प्रदेशको पहिलो बजेटको विषयमा बोल्ने अवसर पाउदा म धेरै गौरवान्बीत भएको छु । यो अवसर प्रदान गर्ने  मेरा क्षेत्रका आदणीय ति महान जनतालाई हार्दिक नमन गर्दछु । आदणीय सभामुख महोदय, यो बजेट छोटो समयमा आएको धेरै ठूलो रकम पनि नभएको यसले सम्पूर्ण जनताका आशा र अपेक्षा पुरा गन् नसक्ने भएकोले जुन जुन क्षेत्रमा छ त्यो क्षेत्रलाई भोलिका दिनमा राम्रो गर्नका लागि यो बजेट आएको मैले महशुस गरेको छु । आफैमा स्वागत योग्य बजेट छ । यसले लिएको नीति मज्दु, सुकुम्बासी, किसान, सर्वहारा श्रमजीवि वर्गका जनतको जीवनस्तर उकास्नका लागि यो बजेटले धेरै राम्रा नीति र कार्यक्रम ल्याएको छ । अब यसलाई कार्यान्वयन गर्ने पक्षमा सिंगो सदन सरकार र यस क्षेत्रका सम्पूर्ण जनताको सक्रिया सहभागीता भयो भने यो बजेटले ल्याएको नीति हुबहुरुपमा अगाडि बढ्न सक्छ भन्ने मैले बुझेकु छु । सभामुख महोदय हिजो २७ वर्ष देखि निःशुल्क रुपमा जनताका घर घरमा वडा वडा कार्यालयमा स्वास्थ्य स्वयमसेविकाको रुपमा काम गरेरका आदणीय महिला दिदि बहिनीहरु आज सम्मानित हुन भएको छ । उहाँको थोरै भए पनि सम्बोधन भएको छ । त्यसका लागि म यो सरकारलाई र यसका अर्थमन्त्रीज्यूलाई धेरै धन्यवाद दिन चाहाँन्छु । आदणीय सभामुख महोदय हामी यो बजेटका विषयमा बहस छलफल गरिरहदा यसलाई हेर्ने दृष्टिकोण कसैलाई राम्रो कसैलाई नराम्रो भन्न सक्छन् । हेर्ने दृष्टिकोणमा फरक हुन्छ मैले राम्रो देखेको कुरा अर्कोले नराम्रो पनि देख्न सक्छ । त्यसैले यो बजेट ९९.९९ सहि आएको छ । ०.१प्रतिशत केही कतै कम्जोरी भएको होला त्यसलाई आगामी २०७५/०७६ को बजेटमा हाम्रा विद्वान अर्थमन्त्रीज्यूले सबैसँग सरसल्लाह गरेर अगाडि बढाउनु हुनेछ भन्ने अनुरोध पनि गर्न चाहाँन्छु । आज यो बजेटमा मुख्यमन्त्री कृषि कार्यक्रम विभिन्न खालका औद्योगिक क्षेत्र स्थापना गर्ने तर्फ पर्यटन तर्फ र योजना छान्ने निर्माण गर्ने सम्वर्द्धन संरक्षण गर्ने तर्फ यो बजेटले अझै ध्यान पुऱ्यावस भन्ने अनुरोध गर्न चाहाँन्छु । यो बजेटमा सुकुम्वासी, मुक्त कमैया, हलिया, हरुवा चरुवा को सम्बोधन गरिरहदा माननीय सभामुख महोदय यो क्षेत्रमा सुकुम्वासीको नाममा बसेका भएतापनि अव्यवस्थित वसोवासको रुपमा धेरै मानिस बसेका छन् । उहाँको पहाड तिर या कतै न कतै तिर तीन पुस्ते खोज्ने हो भने प्रत्येकको नाममा जग्गा छ । तर अव्यवस्थित बसोवासका रुपमा बसेका छन् यो बजेटमा अव्यवस्थीत बसोवासी भन्ने शब्द छुट्न गएको छ । यसलाई ति सुकुम्वासी लाई अव्यवस्थित बसोवासीहुन भन्ने कुरा पनि म यो बजेटमा राख्न र त्यसरी नै सम्बोधन गर्न अनुरोध गर्न चाहाँन्छु । यो बजेटमा धेरैजसो सम्भाव्यता अध्ययनको लागि रकम विनियोजन गरिएको छ । पक्कै पनि यो दुई महिनामा सानातिना योजना दिएर जनता लाभान्वीत हुनेवाला छैनन् । यो दुई महिनाको बजेटले यो प्रदेशमा ७५ ७६ मा के के गर्न सकिन्छ । यस क्षेत्रको आवश्यकता के हो कुन कुन ठाउँबाट हामीले योजनाहरु ल्याउदा यहाँका जनता लाभान्वीत हुन्छन भनेर यो सम्भाव्यता अध्ययन गर्नका लागि जुन बजेट छुट्यायएको छ । त्यसको लागि अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहाँन्छु । पक्कै पनि यो दुई तिहाई प्राप्त सरकार प्रति यस क्षेत्रका जनताले आशा अपेक्षा र भरोसा राखेका छन् । म माननीय सभामुख मार्फत सरकारसँग के अनुरोध गर्न चाहाँन्छु भने हामी जनतका विचामा बोलेका कुरा जनताकाबीचमा गरेका प्रतिवद्धता आज हामीलाई जिम्मेवारी दिएको कुरा यो सरकारले पुरा गर्नु पर्ने छ । यसकालागि कसैलाई पनि काखा पाखा नगरेर सबैलाई न्यायोचित व्यवहार गरेर यो क्षेत्र हाम्रो हो भन्ने कुरा यो क्षेत्रको समग्र विकासको लागि यो सरकार अगाडि बढोस भन्ने अनुरोध गर्दै यो बजेट ल्याएर विकास निर्माणका लागि राम्रो काम गरेको छ । यसको पूर्ण समर्थन गर्दै अगामी दिनमा बजेट कार्यान्वयनको पक्षमा  दृढताका साथ अगाडि बढोस । धन्यवाद

**माननीय श्री कृष्ण बहादुर चौधरीः-** माननीय सभामुख महोदय, २०७४/०७५ के पार्टी रहल अब्धीक्लक समयकल्क ध्यानली छोटमोट बजेट के विषयमना प्रदेश नं. ७ के सान्सदढुग्रे गरिमामय सद्नमे यसिके छलफल गररा बहुत महत्वपूर्ण बातभारी हो । भक्खरे परोक दिन माननीय अर्थमन्त्रीज्यू यहा १ सय २ करोड ५ लाखके बजेट प्रस्तुत केहीनही यि लनिहिक परनेंरे वहेहमारे लडनै मनो खासे बजेट कहिकेहीके मन नहीलागल यिम हामर थारु भाषामे बुझीभारा खेल्नाकठैकेल एकठो टोलमे सात आठथो लड्का जुट्थै छोटछोट भाडा बनाइठै भाट तिना निम्थै भोजभतेर करथै वहे जैसन मैन लागल । काकरे भक्करै यिनसे थोर दिन पाछे सरकारके नीति व कार्यक्रम

व यि बजेटमे कोनो तालमे नाइदेख्लु । यि मारे मैहे बुग्रीभाडा बजेट कहीकेल कहनु । माननीय सभामुख महोदय, एक थो दाई बनेकलग्लो दुलहा भोज गर्त है तो पहिल बच्चा सोस्त जम्मे कहिके बडा भारी परिकल्पना गरलगेटहै । जब नौ महिना पाछे बच्चा जन्मथ अपाङ्ग बच्चा जम्मथ तो दाइबावनके सप्ना जम्मै चकनाचुर हुइजाइट । यि ७ नम्बर प्रदेशके बजेट पहिले बजेट हो । पहिल बजेट छोट समयमे बहुत बढिया बजेट आइगहीके आशा रहे मनो यि बजेटमे कुछुवे बढीयाबात यहाँ नाइहो । मै काकरे कहनु एकठो कहावत वा देखाइनो दाँत एकथोरा चबैना दाँट उसल रहत कुछकुछी यि बजेटमे देखैना दातकेरुपमे आइलबा जस्तेकी बहुत वर्षसे हमार देशमे गाउँ गाउँमे दुरदराजमे जाँके महिला दिदी बहिनी जो स्वस्थ स्ययमसेविका कहिके उहाकोक्रन सरकार कुछुन बोलबे यि ठोरचे बोललबा यि बजेटमा थोरसे समावेश करलबा यि हो देखैना दाँट दोसर सरकारी विद्यालयमे सेवा सरो तल्लो स्तरके कर्मचारी उहन थोरसे धेस्लीबा उहर देखैना दाँट मनो चबैना दाँट भित्तरवा उचबैना दाँट चाहीरहत बहुत नई मजासे चवाइट यिहैन मै यसैल केहेल बाटु हम्रे सकेन पटाबा घरके सुन्दरता व घरके टिकाउ जगमे भरपरल जग बजगर रहट तो घर सुघर फेराहट उ टिकाउफिरहट भुइचाल आइट आधिवेहल आइट उ घर नहीढल्कैट पहिल बजेट सुघरेरही छोटमोट बजेट हमरन पटाबा छोट पैसा यिभिन पटाबा सयम भि छोट यिभी पटाबा मनो जगेहमार मुसुवालक दुदवार पारलजैसिन जगवा वयी यि बढियाबा कव बनाइसिकी अमने सुघुरका घर कब बनाइम्लीसि यिही मेरके बजेटबा ओइ । सभामुख महोदय, अक्ने इनसे पहिले बोलाल हमार माननीयज्यूले कि यहाँ बहुत बुदामे सम्भाव्यता अध्ययन कहलबा करिब करिब साढे चार करोड रुपैया अध्यनकेलवा विनियोजन करलबा ओइ । यिहीनसे पहिले पहिलेक सरकार ७ नम्बर प्रदेश अन्तर्गत..............

**माननीय श्री कुमारी नन्दा बमः-** माननीय सभामुख महोदय, २०७४/०७५ को ऐतिहासिक बजेट यहाँ प्रस्तुत भएको छ । यो ऐतिहासिक घडीमा यो प्रदेशका जनता समुदायको नजर प्रदेश सरकार तर्फ उनमुख भएको छ । सोभाविकरुपमा यो नौलो प्रक्रिया नौलो अभ्यास र नौलो बजेट भएको हुदाँ यसमा प्रदेश नं. ७ का जनपब्लीकले नौलो विकास नौलो बजेट चाहेको हो । आशा गरेका छन् । हेर्दा खेरी यो बजेट उद्देश्यहरु असाध्यै राम्रा समावेश गरेका छन् । तर एकातिर उद्देश्य राम्रा छन भने कार्यक्रम हेर्दा अलिकती के नमिलेको जस्तो देखिरहेको छ । उद्देश्य र कार्यक्रमको तालमेल एकअर्कामा मिल्ने खालको देखिएको छैन । कतै यो विना लगामको घोडाजस्तो हुने त होइन भन्ने हामीलाई चिन्ता भएको छ । यसमा बजेटको ठूलो हिस्सा अनुदानमा छुट्याइएको छ । विभिन्न शिक्षामा होस चाहे स्वास्थ्यमा होस् कृषिमा होस यो ठूलो अनुदान छुट्टाइएको रकमबाट उपलब्धी कम होला जस्तो लाग्छ । अर्को कुरा अनुदान रकम चाही मुस्ट बजेटमा आएको हुदाँ यसमा केही कठिनाइहरु दुर्घटना पर्ने सम्भावना धेरै देखिएको छ । कुनै पनि शीर्षक वाइज बजेट आउनु पर्थ्यो यो शीर्षक नआएर डल्लो बजेट आएको छ । यो डल्लो बजेट कतिको उपयुक्त हुन्छ भन्ने कुरा कतिको अर्थ सम्बन्धी धेरै ज्ञान भएका अर्थमन्त्रीज्यू हुनु हुन्छ । उहाँले पक्कै पनि सोच बीचार गरेर ल्याउनु हुन्छ भन्ने हामीलाई लागेको थियो । तर आज यो बजेट पुस्तीका हेर्दा खेरी हामीलाई उपयुक्त जस्तो लागेको छैन । ठूलो बजेटको एउटा हिस्सा डल्लो बजेटमा कहिले पनि आउन सक्दैन् । स्वास्थ्यका नौ वटै जिल्ला त छुट्याउन सकिन्थ्यो । नौवटै जिल्लाका स्थानीय निकायको नाम खोल्नु पर्थ्यो । १५ १६ वटा शीर्षकमा बजेट आएको थियो यो कठिनाइले गर्दा डल्लो बजेट ल्याउदै छौं भनेर तर १५ १६ सय शीर्षक छुट्याउनु पर्छ भन्ने मलाई लाग्दैन थियो । मेन शीर्षक छुटेर आउनु पर्थ्यो । शिक्षाको क्षेत्रमा पनि डल्लो बजेट आएको छ । स्वास्थ्यको क्षेत्रमा पनि डल्लो बजेट आएको छ । कृषिको क्षेत्रमा डल्लो बजेट आएको छ । यो डल्लो बजेटलाई शीर्षक वाइज आउनु पर्थ्यो भन्ने मेरो भनाई हो । म यस प्रति संशोधनको माग गर्न चाहाँन्छु । अर्को महिलाको विकृति समस्या देखिएको आजको ७ नम्बर प्रदेशको टडकारो समस्या हो । यसमा महिलाहरुको विषयमा शीर्षकवाइज बजेट आउनु पर्थ्यो । पहाडमा छाउपडी प्रथा मधेसमा बोक्सी प्रथा होस चाहे हिंसा होस यसमा विभिन्न शीर्षक वाइज आउनु पर्थ्यो । यो बजेटले नएउटा मेसीन खरिद गर्न सकिन्छ । न कैलाली कञ्चनपुरका थारु समुदायको उपचारनै गर्न सकिन्छ । आखिर यो दश लाख बजेट के गर्ने हो त । यसले एउटा उद्देश्य पनि पुरा गर्न सक्दैन । यो गरिमामय सभाको उपेक्षा नगरिकन यो सद्नलाई उपयुक्त हुने बजेट आउनु पर्थ्यो । यहाँका जनसमुदायको हितमा यो बजेट आउनु पर्थ्यो । यथासिघ्र यसमा सोच्नु पर्छ भन्ने मलाई लाग्छ । अर्को यहाँका जनसमुदाय गरिबको रेखामुनी छन् । कृषिमा अनुदानमा ५ करोडको बजेट आएको छ । यो ५ करोडको बजेट तल्लो स्तरका कृषकहरुले कुन माध्यमबाट पाउने सबै कृषकले पाउने हुन या दुई चार जनाले पाउने हुन । यसले गर्दा सबै कृषकलाई समेट्ने गरी कुनै कृषक भूमिहिन छन उनिहरुले कसरी प्राप्त गर्न सक्छन् । कसैसँग जग्गा छ कसैसँग इच्छा शक्ति छ भने कसैसँग जग्गा छैन । कृषिलाई प्राथमिकता दिनु भन्दा पहिला

सिचाईको प्राथमिकता दिनु पर्थ्यो । सिचाईको व्यवस्था गरिसकेपछि कृषिमा जानु पर्थ्यो । यसले गर्दा एक मुष्ट डल्लो बजेटलाई संशोधनमा ल्याइनु पर्छ भन्ने मेरो मान्यता छ । पहाडी जिल्लामा धेरै समस्या छ स्वास्थ्यको आइसीयूको व्यवस्था हुने छ भन्ने शीर्षक छुट्याएको भए पनि यो अझ उत्तम हुन्थ्यो जस्तो मलाई लाग्छ । अपाङ्ग समुदायको लागि अपाङ्ग पुनर्स्थापना केन्द्र हुनु पर्छ भनेर अपाङ्ग पुनर्स्थापना केन्द्रको लागि बेस बन्नको लागि बजेट छुट्याइएको हुनु पर्थ्यो । अनाथको लागि अनाथ स्थापना केन्द्रको लागि बजेट हुनु पर्थ्यो । चालु खर्च तिर ठूलो बजेट छुट्याइएको देखिन्छ । यो चालू खर्चमा छुट्याइएको बजेटबाट यो प्रदेशले  केप्राप्त गर्न सक्छ । न उद्योग खोल्न सकिन्छ । न रोजगारी खोल्न सकिन्छ । कुनै उत्पादकत्व तिर लग्न सक्दैं । मालिकार्जुन मन्दिरको वारेमा कही कतै पनि नदेखिदा यो समेटियोस् । विगतमा केन्द्री सरकारले गरेका राम्रा कामहरु कुनै पनि उल्लेख गरिएको छैन । यसलाई पनि केन्द्र सरकारले गरेको राम्रो काम उल्लेख हुनु पर्थ्यो । यिती भन्दै बजेट पुर्नबीचार गरियोस भन्दै यति भन्न चाहाँन्छु  । धन्यवाद

**माननीय श्री अमर बहादुर साउँदः-** माननीय सभामुख महोदय, एक समय संघीयता र गणतन्त्र एक परिकल्पना मात्र थियो तर आज यो देशका ज्ञात अज्ञात सहिदहरुका बलिदानीका कारण आज यो सपना कल्पना यर्थातमा परिर्णत भएको छ । आजको आवश्यकता संघीयताको कार्यान्वयन समृद्धि र विकास नै महत्वपूर्ण भएको छ । जसलाई पुरा गर्नको लागि चालु आ.ब.को आंशिक बजेट ऐतिहासिक र मार्गदर्शक बन्ने अपेक्षा हामी सबैले गरेका छौं । सिमित स्रोत साधन र असिमित आवश्यकता जनताका अपेक्षा पुरा गर्न निकै चुनौतीपूर्ण छ तर यो सरकार विशेष गरी माननीय अर्थमन्त्रीज्यूले मेहनत गरी ल्याएको बजेट असाध्य राम्रो छ र त्यसको छुलेरै प्रसंसा गर्न म ठान्दछु । जस्तै यो बजेटमा भएका महत्वपूर्ण राम्रा पक्षहरु मुख्यमन्त्री कृषि कार्यक्रम कृषि अनुदान कोष सामाजिक न्याय र समानताको सिद्धान्तलाई ध्यान दिदै बालबिकास केन्द्रका सहजकर्ता विद्यालयमा कार्यरत सहयोगी र महिला स्वास्थ्य स्वयमसेविकालाई प्रोत्साहन स्वारुप केही व्यवस्था गरेको छ । युवा सक्षित रोजगारीका सीपमूलक तालिम भारतमा जाने कामदारको अभिलेखिकरण र बीमा प्रदेश खाद्य संस्थान खाद्यान राहात कोष जलविद्युत विकास कम्पनी जस्ता असाध्ये राम्रा कार्यक्रमहरु यो बजेटमा समेटिएको आमी सबैलाई अवगत भएको छ । यसको प्रशंसा गर्नै पर्छ यसरी प्रदेश नं. ७ को बजेट बक्तव्य र सरकारको नीति तथा कार्यक्रम प्रसंसनीय भएतापनि केही जनताले अपेक्षा गरेका केही महत्वपूर्ण विषय वस्तु समेट्दा राम्रो हुन्थ्यो जस्तो लाग्छ । अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहाँन्छु । जस अनुसार १ नम्बरमा ७ नम्बर प्रदेशको पर्यटकीय समभावना महत्वपूर्ण ५ वटा स्थान मध्ये घोडाघोडी, शुक्लाफाटा, अछामको रामारोसन र खप्तड, बाजुराको बडिमालिका महत्वपूर्ण पर्यटकीय सम्भावना भएका पर्यटकीय क्षेत्र हुन तर विश्व रामसार क्षेत्रमा सुचिकृत र साइवेरीया पछिको दोस्रो चराको बासस्थान र नेपालको सबैभन्दा ठूलो सिसार क्षेत्र र धार्मिक सम्भावनाको घोडाघोडी ताल लाई यो कार्यक्रममा समेट्न नसकीयको यसलाई थप्नको लागि अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहाँन्छु । त्यसैगरी दोस्रो यो बजेटले समेट्न नसकेको विषय हाम्रो प्रदेशको युवा शक्ति विभिन्न खालका कुलतमा फसीरहेको छ । जस्तै धुम्रपान, मध्येपान, ड्रग्समा फसेको छ । यो बजेटले युवा शक्तिलाई आफ्नो धन र ज्यूको बरवादी गरीरहेका ति युवा लक्षित र त्यो कुलतबाट बचाउनका लागि केही महत्वपूर्ण कार्यक्रम ल्याएको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ । जसअनुसार अहिलेका औषधी पसलमा लागु औषधमा प्रयोग हुने खालका औषधीहरु खुलारुपमा विक्रिवितरण गरिरहेका छन् । यसलाई रोकथाम गर्नका लागि पनि केही महत्वपूर्ण कार्यक्रम समेट्दा अझै राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ । अर्को हाम्रो देशमा राजस्थानको मार्बल थुप्रै घर लगाउदा प्रयोग भएको छ । त्यसको विकल्पमा बाजुरा अछाम बझाङ्गमा छाउले ढुङ्गा प्रयोग भइरहेको छ । त्यसको खोज अनुसन्धान गरी मार्वललाई विस्तापित गर्नका लागि त्यस्तो ढुङ्गाको प्रयोग गरेको भए राम्रो हुन्थो । बझाङ्गमा तामा फलाम खानी र अन्य थुप्रै ठाउँमा प्रेट्रोलियम पदार्थ देखि अन्य खनीज पदार्थ रहेका छन् । यो बजेटले ति खनिज पदार्थको अध्ययन अनुसन्धान र उत्खननका लागि कही पनि कार्यक्रम नसमेटेको जस्तो भान भएको छ । यो सरकारलाई त्यस्तो खालको कार्यक्रम समेट्न सुझाव दिन चाहाँन्छु । भारतमा जोन कामदारको अभिलेखिकरण राख्ने भन्ने कुरा राखिएको छ । अठासी वटा स्थानीय निकायबाट भारतमा जाने कामदारको सीफारिस बनाएर मात्र जानपाउने नीति ल्याएको भए अझ यो अभिलेख राम्रो हुन्थ्यो । अहिले यो प्रदेशमा दुईवटा राष्ट्रिय निकुञ्ज छन् कैलालीको वर्ता वन भन्ने गरेको छ यो मासिने अवस्थामा छ । यसलाई राष्ट्रिय निकुञ्जको रुपमा यसलाई अगाडि सार्न सकेको भए चुरेक्षत्र र बसन्ता वन बच्थ्यो कि भन्ने मेरो धारणा छ । यति भन्दै विदा हुन्छु । धन्यवाद

**माननीय श्री अर्चन गहतराजः-** माननीय समामुखज्यू, २०७४/०७५ मा आएको बजेटलाई म स्वागत गर्दै मेरा साना सुझावहरु छन् । सरकारले उत्कृष्ट नम्बर ल्याएको विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरे पनि गरिब विभिन्न जनताती बच्चालाई छात्रवृत्तिको व्यवस्था थप गरियोस् भन्ने मेरो भनाई छ । हुने खानेका छोराछोरी उत्कृष्ट नम्बर ल्याएर पास हुन्छन त्यसैले गरिबलाई पनि डक्टर इन्जिनियर पढ्न खोज्छ । त्यसलाई पनि छात्रवृत्ति थप गरेभने उनिहरुको हौसलाको साथसाथै पढ्ने क्षमतामा पनि वृद्धि हुन्छ । जस्तो मलाई लाग्छ । खप्तड पर्यटनको सम्बन्धमा भन्नु पर्दा हामीले पर्यटन भित्रयाउने भन्छौ तर त्यहाँ सम्म सडक बाटो र झिग्राना जोनबाटोमा पिच भएको छैन् । त्यो पनि सरकारलाई ध्यानाकर्षण गराउन चाहाँन्छु । केबुलकारको साथसाथै त्यो बाटो पनि पिच होस सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । हामीले दिपायल खुटिया खडक राष्ट्रिय गौरवको आयोजना छ । त्यसमा दिपायल खुटिया सडकलाई बजेटको पहिला प्राथमिकतामा राख्दा त्यहाँका जनतालाई छिटो अवधिमा आउन जान सहज हुन्थ्यो । अब आउने बजेटमा सरकारको ध्यानाकर्षण गराउन चाहाँन्छु । धन्यवाद

**माननीय श्री कर्णबहादुर मल्लः-** माननीय सभामुख महोदय, हाम्रो यो प्रदेशका सरकारले बजेट ल्याएको छ । पहिले सरकारले स्वेत पत्र ल्यायो ७७ बुदे त्यसपछि १८ बुदे नीति तथा कार्यक्रम ल्यायो र नौ गते १४९ बुदे बजेट ल्याएको छ । बजेट गरिमामय सभामा प्रस्तुत गरेका सरकारका प्रस्तुती जुन सुकै नामले आएका हुन म प्रश्न गर्न चाहाँन्छु यो सरकारलाई यो सरकारले ल्याएको स्वेत पत्रसँग यो सरकारले ल्याएको ७७ बुदे स्वेत पत्रसँग १७ बुदे नीति तथा कार्यक्रम मिल्दो छ । यो सरकारले ल्याएको १८ बुदे नीति तथा कार्यक्रमसँग १४९ बुदे बजेट आएको छ । त्यसलाई आधार मानेर ल्याएको छ । नयाँ वर्षको माननीय सभामुख मार्फत सम्पूर्ण माननीयज्यू लाई शुभकामना भन्न चाहाँन्छु । यो प्रदेशमा नयाँ बजेट आएको छ । कती बुदा माननीय याद गरौला कति नगरौला यो बजेट सरकारका माननीय अर्थमन्त्री यहाँ हुनु हुन्छ । तपाई सफलरुपमा बैंकमा चिरपरिचित मान्छे हो । जनताको जनप्रतिनिधि भएर यो सरकारको अर्थमन्त्री पनि हो । म प्रश्न गर्न चाहाँन्छु । कुनै निक्षेप कर्ताको निक्षेपको सुरक्षाको ग्यारेन्टी विना कुनै पनि बैंकले लगानी गर्दैन । १०२ करोड पाच लाखको जुन बजेट विनियोजनको लागि अर्थमन्त्रीको हैसियतले यो गरिमामय सद्नमा ल्याउनु भएको छ । यो कति उत्पादनसिल छ । कति सेवामुखी कति जनताका सुख दुःखमा मलम लगाउने खालको छ । म नीति गत रुपमा प्रश्न गर्न चाहाँन्छु । यो देश राणाबाट शासित थियो । राणाका शासकबाट गरिब जनता जुनसुकै जात र भेगका हुन आफूनो गाउँको र व्यक्तिगत समस्या लगेर जाँदै गर्दा तत्कालीन शासकबाट हुकुम प्रमाणित गरेर तत्कालिन शासित जनताले धेरै राहात पाएका उदाहरण छन । त्यही चन्द्र समशेरकहा विन्ती पत्र हालेर देव समशेरका विन्ती पत्र हालेर तपाई हाम्रै गाउँका स्थापना भएका प्रसस्तै उदाहण छन् । पञ्चायत सुरु भयो पञ्चायतका प्रधानपञ्चहरु आफ्नो सदस्य आफ्ना मन्त्री र तत्काल महाराजधिराजका विन्ती पत्र हाल्दै गर्दा आफ्नो समस्या, गाउँको समस्या समाधान भएको प्रसस्तै उदाहणहरु रहेको स्मरण गराउन चाहाँन्छु । ४६ सालको परिवर्तन पछि जनप्रतिनिधि कहाँ कुनै समस्याले गयो अथवा जनप्रतिनिधि आफ्नो समकक्षी सरकारकहाँ गयो भने जनताका समस्या सम्बोधन गरेका हजार उदाहरण छन् तर यो ऐतिहासिक प्रदेश सभामा म पुनः स्मरण गर्न चाहाँन्छु । स्वेत पत्र आयो सद्नले गृहण गऱ्यो हामीले त्यसलाई मौत सहमत स्वीकृति दियौ यो सद्नमा नीति तथा कार्यक्रम आयो हामी प्रतिपक्षिका हैसियतले त्यसलाई मौन सहमती गऱ्यौ हामीले औपचारीकरुपमा बहस उठायौ अनौपचारीक रुपमा पनि सरकारका मुख्यमन्त्री र मन्त्रीलाई आग्रह गऱ्यौ हामी निर्वाचित भएका समस्याहरु जिल्लाका समस्याहरु कसरी समाधन गर्नु हुन्छ भनेर । बजेट कस्तो ल्याउनु भयो बजेट हामीले यहाँहरुले सोध्दै गर्दा हामीले ५० वटा योजना दियौ हाम्रो पार्टीको तर्फबाट प्रष्ट रुपमा यहाँहरुलाई औपचारीक अनौपचारीकरुपमा बजेट आउनु भन्दा अगाडि यहाँहरुलाई सल्लाह र सुझाव दिएका छौं । ५० वटा योजना दिएका छौं ५ भन्नुहोस बनाउन तयार छौं । दुई भन्नुहोस बनाउन तयार छौं । १ भन्नुस १२ जना नेपाली कांग्रसका छन हामी बनाउन तयार छौं । हामीले सरकारलाई औपचारीक अनौपचारिक रुपमा तयार छौं तर आयो कसरी ७ नम्बर प्रदेशको १०२ करोड ५ लाखको बजेट ल्याउदै गर्दा यो सदन भित्र उठेका कुराहरु आज माननीय सभामुख महोदय यहाँको प्रसले मात्र खिल्ली उडाएको छैन् । यो जुन बजार छ । यहाँका स्टेसनरीमा हामीले योजनाहरु टाइप गरेर पेस गरेका छौ । यो राणाकालमा बिन्ती पत्र हाल्दै गर्दा नेपाली नागरिकले राहत पाउथ्यो । समाजमा उठेको समस्या थियो । त्यो समाधान गर्ने उपाय पाउथ्यो । हुकुम पाउथ्यो र गर्व गरेर भन्थ्यो मइले आज बडाहाकीमलाई भेटे यो हुकुमबाट यो ठाउमा स्कुल खल्छ । मेरो बैतडीको मेलौलिमा स्कुल खुल्छ भनेको इतिहास छन् । त्यो भन्दा पनि क्रुर ढङ्गले यो बजेट आयो सर्वेक्षण गर्ने केको सर्वेक्षण गर्ने । सर्वेक्षण नै १४९ बुदे गरिने हो भने ७७ बुदे स्वेत पत्र केका आधारमा आएको थियो । त्यो

सर्वेक्षण होइन त्यहाँ गोरुको पनि सर्वेक्षण छ । बालिनालीको पनि सर्वेक्षण छ । जमिनको, जंगलको, जनसंख्याको, बेरोजगारको सर्वेक्षण, रोजगारको सर्वेक्षण छ । अब के सर्वेक्षण ७ नम्बर प्रदेशका कुन ठाउँमा फलाम पाइन्छ । कुन ठाउँमा तामा पाइन्छ । कुन ठाउँमा सुन पाइन्छ । त्यसको सर्वेक्षण खानी विभागमा सुरक्षित छ । यो सरकारले यहाँका स्थानीय लाई उद्योग खोल्न लगाउछ भने । त्यहाँको रिपोर्ट ल्याएर अहिले नैल्याउन सक्नु हुन्छ । तपाई हामी बसेको समाजमा महिलालाई कति पिडा छ दलितलाई कति पिडा छ । जनजातीलाई कति पिडा छ गरिब कति छन रोजगारी कति छन शिक्षा प्रणाली कस्तो छ । स्वास्थ्य प्रणाली कस्तो छ । दैविक प्रकोप कति भोगि राखेका छन् यहाँका मान्छेले भन्ने कुरामा हामी अनविज्ञ छौ भने हामी सरकार चलाउन सक्दैनौ भनेर घोषित गर्नु पर्छ । होइन भने माननीय सभामुख महोदय सत्ता सञ्चालक साथीहरु जुन पार्टी र चुनाव चिन्हबाट निर्वाचित भएर आउनु भएको छ । तपाईलाई निर्वाचित गर्ने जनताले गर तिरेर आएको पैसा होइन यो जुन मतदाताको हामी प्रतिनिधित्व गर्छौ । हामीलाई मत दिन मतदाताले पनि कर तिरेको छ । मालपोतमा तिरेको पैसा हो नागरिकता बनाउदा तिरेको पैसा हो । जग्गा रजिष्ट्रसन गर्दा तिरेको पैसा हो । व्यापार उद्योग सानातिना उद्योग गर्दै गर्दा तिरेको पैसा हो । यती सम्म लापर्वाही गर्न पाइदैन ७ नम्बर प्रदेश सरकारलाई एक नम्बर प्रदेशमा बजेट आएको छ । १ नम्बर प्रदेश हो भने बाम गठबन्धनको सरकार यहाँ यहाँ अर्थमन्त्री भिन्न चुनाव चिनहबाट लडेको हुनुहुन्छ । त्यहाँको सरकारलाई सोधे पनि हुन्थ्यो । हामी सालिनता पुर्वक भद्रतापूर्वक अहिले सम्म उचिएका छौ । कार्यविधि बनाउनु होस् । कार्यविधि बनाउनुहोस बजेट कसरी ल्याउने योजना कसरी छनोट गर्ने कार्यान्वयन कसरी गर्ने भनेर पटक पटक प्रतिपक्षको हैसियतले हरेक बैठकमा आग्रह गऱ्यौ । आग्रहलाई लत्याउनु भयो एक नम्बर प्रदेशको सरकारले पहिले कार्यविधि तय गरेको छ । अनि बजेट विनियोजन गरेको छ । बजेट जनताको घरदैलोमा पुग्ने अवस्थामा पुगेको छ । हामी यसमा रुपमलिएका छौ । हामी प्रतिपक्ष दलका हैसियतले औपचारीक अनौपचारिक बैठकमा सरकारलाई जुन किसमको आग्रह गरेका छौं । त्यो आग्रहको पूर्ण व्यवास्था गरेर आएको छ । यो बजेट दुई सय ४४ पटक सरकारका अर्थमन्त्रीले यो सरकारका मुख्यमन्त्रीले यो बजेट दुरुपयोग गर्ने ढङ्गले आएको छ । अथवा शाणासाशकभन्दा पनि मनोगत ढङ्गले वितरण गर्ने शैलिमा आएको छ । म आग्रह गर्न चाहाँन्छु । ७७ बुदे १८ बुदे १४९ बुदे जोड्दा खेरी २४४ बुदा हुन्छ । यो बजेटको कार्यान्वयन यति फितलो हुनेछ । यो सरकारका हरेक मन्त्रीले २४४ पटक जवाफ दिए पनि यहाँका जनताले २६ लाख जनताको प्रदेश जवाफदेहित विहिन नहोस भन्ने आग्रह गर्दै आफ्ना भनाई यहाँ टुङ्गयाउछु । धन्यवाद

मा० सदस्यहरू,

चालु आ.ब. २०७४/०७५ को बाँकी अबधिको प्रदेश नं. ७ प्रदेश सरकारको राजश्व तथा व्ययको अनुमान र विनियोजन विधेयक, २०७५ माथिको छलफल समाप्त हुन्छ ।

मा० सदस्यहरू,

अर्को बैठक मिति २०७५ साल बैशाख १४ गते शुक्रबार दिनको ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न १:०४ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७५/ ०१ /१५**
**पहिलो अधिवेसन**
**(उन्नाईसौ बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको ११:३५ बजे**

मा. सदस्यहरु,

यस सभाको उन्नाईसौ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

मा. सदस्यहरू,

प्रदेश सभा नियमावली २०७४ को नियम १३४ को उपनियम १ को देहाय खण्ड (क) बमोजिम प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले प्रस्तुत गरेको चालु आ.व. ०७४/०७५ को बाँकी अवधीको राजश्व र व्ययको अनुमान (बजेट) को शिर्षक नं.३११७२ र खर्च शिर्षक नाम पुँजीगत अनुसन्धान तथा परामर्श भएको विनियोजन विधेयक २०७५ मा समावेश भएको रु ७२००००००।- घटाई एक रुपैया कायम गरियोस भनी प्रस्तावक मा. कर्ण बहादुर मल्ल र समर्थक मा. मालामती कुमारी राना भएको खर्च कटौतिको प्रस्ताव पेश हुन आएको जानकारी गराउँछु ।

त्यस्तै प्रस्तावक मा. कृष्ण बहादुर चौधरी समर्थक मा. रण बहादुर रावल भई २२६१० खर्च शिर्षक नं र अनुगमन मुल्यांकन र भ्रमण खर्च शिर्षकको नाम भएको विनियोजन विधेयक २०७५ मा समावेश भएको रकमलाई नियम १३४ को उपनियम १ को देहाय खण्ड (ग) बमोजिम निर्धारित शिर्षकको खर्च कटौतिको अर्को प्रस्ताव पेश हुन आएको समेत जानकारी गराउँछु ।

(जानकारी गराएपछि)

माननीय सदस्यहरु,

अब म खर्च कटौतिको प्रस्तावका प्रस्तावक मा.कर्ण बहादुर मल्ललाई सभा समक्ष प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीयी श्री कण बहादुर मल्लः-** माननीय सभामुखज्यू, हाम्रो देशको राजनीतिक लडाई संवैधानिक लडाई संसदिय लडाई नागरिकका स्वतन्त्रताका लडाईको लामो प्रक्रिया पारगरिकन नेपाली जनताको चाहाँना अनुरुप हामी यो व्यवस्थामा आइपुगेका छौं । यो व्यवस्थामा पुग्दै गर्दा यो संघीय गणतान्त्रीक नेपालको यो हाम्रो प्रदेशको पहिलो बजेट यो गरिमामय संसद्मा आएको छ । यो गरिमामय संसद्मा प्रदेश सरकारबाट आएको बजेट यिो यो बजेट दुई दिन संसदमा छलफल चलाईयो यो बजेट जुनरुपबाट आउनु पर्थ्यो । जनताका जनजीविकाका सवाललाई उठान गरिकन परिवर्तित राजनीतिक पद्धतिछ जुन पद्धतिका लागि जनतालाई नेपालको सिंगो राजनीतिले विश्वासमा लिएको थियो । त्यही विश्वासको आधारमा नेपाली जनताले नेपालको राजनीतिमा र लडाइको प्रक्रियामा पनि आफ्नो मतदान द्वारा सहभागिता जनाएका थिए । ठूलो इच्छा अपेक्षा गरेको थियो यो प्रदेशका जनताले पनि हामी सत्तामा रहदै गर्दा होस् या सत्तामा नरहदै गर्दा होस् राजनीतिक रुपमा हामी कम्युनिष्ट विचारधारा बोकेका यो प्रदेश भित्रका राजनीतिक कर्मी हौं । अथवा हामी लोकतन्त्रमा विश्वास राख्ने र लामो संसदिय व्यवस्यस्थाका हिमाइतीका रुपमा नेपालको राजनीतिमा स्थापित पार्टीका कार्यकर्ता हौं । हाम्रो सुदूरपश्चिमाञ्चल अहिलेको ७ नम्बर प्रदेश सिंहदरवारले सधै हेप्यो सिंहदरवारले सधै पक्षपात गऱ्यो र सिंहदरवारबाट न्यायोचित ढङ्गले विगतका वर्षमा बजेट आउदै गर्दा हाम्रो यहाँको भूगोललाई यहाँको जनजातीलाई यहाँको गरिबीलाई शोसित वर्गलाई यहाँको बेरोजगारीलाई, पछौटेपनलाई छोए भनेर सधै उठान गर्छौ तर दुर्भाग्यवस नेपाली जनताले चाहेको चाहाँना अनुरुप हामी यो व्यवस्थामा आउदै गर्दा र यो प्रदेशको सरकार यो यसै प्रदेशका जनताको लागि जनाताबाट चुनियर जनताकै लागि काम गर्ने कसम खाएर यो सरकार चलाउने अभ्यासको पहिलो चरणमै जुन ढङ्गले बजेट आउनु पर्थ्यो त्यो ढङ्गले यो बजेट आएन जनतालाई पारदर्शी हुने ढङ्गले

हामीले मत दियौ हाम्रो प्रदेश सभामा त्रिपन्न जना माननीय सांसद हुनुहुन्छ । विभिन्न राजनीतिक आस्थाबाट प्रतिनिधित्व गरे पनि हाम्रा प्रतिनिधि हुन यो सरकार ७ नम्बर प्रदेशका हरेक जनताको अभिभावक हो । यो सरकार हिजोको सिहदरवारबाट सासित हुदै गर्दा खेरी जुन कुराबाट हामी अपहेलित हुदँ आएका थियौ । जुन कुराबाट पक्षपात ढङ्गबाट हामीलाई विभेद गरिएको थियो । त्योबाट अब पुर्णरुपमा मुक्त हुनेछौ भनेर आशा लिएका थिए । यहाँको सञ्चार जगत र यहाँको नागरिक समाज र यहाँका उद्योग व्यवसायिले पनि नयाँ ढङ्गको बजेट आउनला भनेर अपेक्षा गरेको थियो । त्यसै अनुरुप यो संसदभित्र प्रतिपक्षमा रहेका दलका हामी माननीयहरुले पनि त्यसै ढङ्गको प्रतिबिम्ब वा दृष्टिकोण वा अपेक्षा सहितको यो बजेट आउछ भन्ने कुरामा विश्वस्त थियौ । किनभने यो सरकारले बजेट ल्याउनु भन्दा अगाडि त्यो ढङ्गको प्रारम्भीक अभ्यासहरु थाल्ने गरेको थियो । अठासी वटै स्थानीय निकायका जनप्रतिनिधिहरुलाई पनि परामर्श गऱ्यो । यहाँका उद्योग व्यापारिसँग पनि परामर्श गऱ्यो । यहाँका नागरिक समाजसँग पनि परामर्श गऱ्यो । हामी प्रतिपक्षका माननीयज्यूसँग पनि परामर्श गऱ्यो । जनु ढङ्गले यो गृहकार्यमा जुटेको थियो त्यो ढङ्गले हामीले अपेक्षा गरेका थियौ । तर बजेट आउदै गर्दा यो पूर्णरुपमा जनताप्रति जवाफदेही हुनु पर्थ्यो त्यो अनुसारको आएको छैन । जनताका आकांक्षाहरुलाई परिपूर्ति गर्ने छोटो छ बजेट थोरै छ रकम तर सुरुवात थोरै बाट हुन्छ । हामी सबैलाई स्मर्ण छ यो गरिमामय सदनमा रहेका माननीयज्यूलाई स्मण छ संसदलाई स्मर्ण छ । २०४८ सालमा हाम्रो मुलुकको बजेटको आकार के थियो र आज २०७५/०७६ को पूर्व सन्ध्यामा संघीय सरकार सुरुवात गर्दै छ । यो बजेटको प्रारुप कत्रो छ भन्ने कुरामा हामी सबै ज्ञात छौ । यो पहिलो बजेट थियो यो सरकारको यो पहिलो बजेट आउदाखेरी यहाँका कति किसानलाई राहात दिने ढङ्गले आउछ पहाडका कति किसानलाई तराईका कति किसानलाई गरिखाने कति किसानलाई म अब प्रदेश सरकारले वातावरण दियो भने सुदूरपश्चिचञ्चल विश्वविद्यालयमा पढेको युवालाई मसँग जमिन छैन तर म लिजको प्रक्रियामा लिएर पनि म असल किसान बन्छु भन्ने युवकलाई स्वारोजगारसँग जोड्नको लागि आक्रसित गर्ने ढंङ्गले शीर्षक खोलेर त्यो वर्गलाई आउछ भन्ने ठूलो अपेक्षा गरेका थियौ त्यो पनि आएन यो संसदको प्रारम्भीक दिनमा नै नेपाली कांग्रेसको तर्फबाट माननीय सभामुख महोदय पश्चिम सेती ७ नम्बर प्रदेशको लाइफलाईन बन्यो भनेर हामीले प्रस्ताव गरेका थियौं । गरिमामय संसदमा यो प्रस्ताव सत्तापक्षबाट आवस पश्चिम सेती भन्दै गर्दा सबैले भन्यो पश्चिम सेती यो मुलुकका सबै राजनेताले त्यो भन्यो त्यो अन्तीम प्रारुपमा गएको छ तत्काल सरकारले जुन चिनको थ्री गर्जेज कम्पनीलाई ५ वर्ष अगाडिको सरकारले जो त्यसलाई कार्यान्वयनको जिम्मा दिएको थियो । त्यसलाई तीन महिना भित्र थ्रीगर्जेजले गर्ने अथवा नगर्ने भन्ने अवस्थामा त्यो पहिलो संसद चलिराखेको थियो । त्यसैलाई आधार मानेर नेपाली कांग्रसको तर्फबाट यसलाई संकल्प प्रस्तावकोरुपमा पारित गरौ र केन्द्री सरकारलाई आग्रह गरौ केन्द्रमा रहेका हामी सबै पार्टीका राजनेतालाई आग्रह गरौ हामी यो प्रदेशको संसद पश्चिम सेती थ्रीगर्जेजले बनाउने वा त्यसको विकल्पको रुपमा अर्को लगानी कर्ता खोज्ने अथवा यो प्रदेशका जनता नेपाल ससरकारको संयुक्त लगानीमा नेपाली जनाताको आफ्नै लगानीमा बनाउने यो तीनवटा विकल्पमा चाडो भन्दा चाडो बनाउनको लागि संकल्प प्रस्तावको रुपमा अगाडि बढाउ भन्ने हामीले आग्रह गरेका थिए । त्यस्तो महत्वपूर्ण पञ्चेश्वर उठान गर्दै गर्दा दुई देशको नदी महाकाली कर्णाली माथिल्लो कर्णाली तल्लो कर्णाली जुन जलविद्युत परियोजना छन् त्यो तीनवटा प्रदेशको बीचको नदी छ । त्यो कारणले पनि पश्चिम सेतीलाई उच्च प्राथमिकतामा राखेर यसलाई एउटा एक वर्ष भित्र कार्यान्वयनको दिशामा लैजाने उच्च महत्वकांक्षाका साथ जागरुकताका साथ यो पूर्ण संसद एक भएर लागौ भन्दै गर्दा पनि त्यो राष्ट्रिय गौरवको योजना वा यहाँका व्यरोजगारी यहाँको गरिबी पछौटेपन हामी भित्रको अभाव मुक्त गर्न सक्ने एउटा ७ नम्बर बासीको सपनामा रहेको पश्चिम सेती प्रति पनि यो सरकारको बजेट उदासिन देखियो । यसैगरीकन यो जति पनि बजेट आएको छ । दुनियाका सरकारहरु चल्दै गर्दा त्यो देश भित्रका प्रदेश सरकार चल्दै गर्दा हाम्रै देशका सरकार चल्दै गर्दा विगतका इतिहास हेर्दा स्थानीय सरकार चल्दै गर्दा हिजोका पद्धतीबाट हुन वा आजको पद्धतिबाट हुन योजनाको प्रसस्त इच्छा अनुसारका धेरै योजना हुन्छन् । योजनाको आधारमा बजेटको अभाव हुन्छ । तर आज यो प्रदेशका यो संसदमा उपस्थित माननीयज्यू मार्फत यो सरकार समक्ष राखिएका योजनाको संख्यात्मक रुपमै हामीलाई जानकारी भए अनुसार २ हजार योजनाको निवेदनहरु दर्ता गरिएका छन् । योजनाको अभाव छैन बजेट थोरै छ तर त्यो योजनाको अभाव नरहेको हाम्रो सरकार समक्ष बजेट थोरै हुदाँ खेरी पनि हामीले त्यो बजेटको झण्डझण्डै ५० प्रतिशत संचित कोषमा राख्ने गरेर आएको छ । त्यो कारण बजेट कार्यान्वयनको दिशामा गम्भीर नभएको देखिएको छ । पटकपटक प्रतिपक्ष तफबाट सरकारलाई हामीले आग्रह गरेका थियौ । यो सरकारले पहिलो कार्यविधि तय गरोस् योजना कस्ता प्रकृतिका योजना बनाउने २ महिना भित्र जनताको मन छुने गरी

जनप्रतिनिधिले आफ्नो उत्तरदायित्व निर्वाह गर्ने क्रम सुरुवात गरेको देखिने गरेर पारदर्शि हुने गरी त्यसको पूर्णरुपमा त्यसमा कुनै पनि आर्थिक अनीयमितता नहुने ढङ्गका योजनाका प्रकृति कस्ता हुने त्यसलाई छनोट गर्ने र त्यो कुन प्रक्रियाबाट कार्यन्वयन गर्ने कुन निकायबाट कार्यान्वयन गर्ने यो सिंगो संसद्को सम्मानजनक ढङ्गको सहभागिता कसरी सुनिस्चीतता कसरी कायम गर्ने भन्ने खालको कार्यविधि यो हाम्रो सरकारले मन्त्रिपरिषदबाट तय गरियोस् भनेर पटक पटक आग्रह गर्‍यौ । यो प्रमुख कुरा हो । यो बजेट प्रतिको प्रमुख प्रतिपक्ष दलको असहमतीको कुरा यसैमा हो । कार्यविधि नबनाईकन यो सरकारले आफै योजना छान्ने आफै बजेट निकासा गर्ने आफै कार्यान्वयन गर्ने आफै फर्च्यौट गर्ने । यो भित्र सरकारबाट प्रस्टिकरण आउदै गर्दा संसद्लाई आवश्वस्त पार्दै गर्दा यो ढङ्गका व्यवस्था गरेका छौ भन्ने आउला तर कार्यविधि तय नगरिकन सरकारले यो बजेट आएको छ । यसकाणले हाम्रो पूर्ण असहमती हो । सभामुख महोदय, प्रदेश सभा नियमावलीको ४२ नम्बर पानामा १३४ को ( क) मा व्यवस्था भए अनुरुप त्यो शीर्षक बमोजिम बजेट प्रतिको असहमती प्रति हामीले राखेका हौं । हामीलाई प्रदेश सभा नियमावलीले जुन अधिकार जुन सुविधा यो बजेट प्रतिको असहमती राख्ने दिएको छ । त्यो सुविधा हामीले १३४ को (क) लाई राखेर अनुसन्धान तथा परामर्शमा ७ करोड २० लाख रुपैया बजेट राखिएको छ । त्यो बजेट एक एक रुपैयामा झारियोस भनेर हामीले यो संसद् सचिवालयमा दर्ता गरेको कुरा माननीय सभामुख महोदय मार्फत यो गरिमामय सद्नमा आग्रह गर्न चाहाँन्छु । यहाँ कृषिसँग आवद्ध सितकेन्द्र राख्ने कुन जिल्लामा कुन गाउँमा कुन गर्खामा कुन भूगोलमा कस्ता किसमका खेती हुन्छन् । कहाँ फलफूल खेती हुन्छ कहाँ सागतरकारी हुन्छ । कहाँ परााम्परागत खेती लाई आधुनिकिकरण गरेर लागेका छन् भन्ने कुराहरु विगतको २० २५ वर्षको स्थानीय र केन्द्रय सरकारले यसको पूर्णरुपमा अनुसन्धान गरिएको छ । यो प्रदेशमा ३० अगाडि खानी तथा भू-गर्भ विभागले यो प्रदेश भित्रका कुन ठाउँमा के-के पाइन्छ । अनुसन्धान गरेर त्यसका प्रतिवेदनहरु खानी तथा भूगर्भ विभागमा सुरक्षित रहेको अवस्थामा हामी यही ठाउँबाट जनप्रतिनिधित्व गर्दै जन निर्वाचित गर्दा हामी पनि त्योबाट अचुत छैनौ । भने सरकार के चिजको अनुसन्धान गर्ने । यो दुई महिनाको अवधिमा ७ करोड २० लाख रुपैया कुन चिजको अनुसन्धान कुन प्रविधिको प्रयोग गरि कुन पद्धति प्रयोग गरी कस्ता विज्ञहरुलाई हायर गरेर गर्ने हो । कस्तो किसमको परामर्श लिने हो । यो कार्यकर्ता पोस्ने ढङ्गले शासक लुइस १४ को मनस्तितिबाट ७ नम्बर प्रदेशको जनतालाई १०२ करोड ५ लाखको बजेटलाई आफैले जे स्वच्यो त्यही बनायो । जे बनायो त्यही आयो र जे आयो त्यही उत्कृष्ठ हो भन्ने ढङ्गले भएर आएको हो की भन्ने ढङ्गले आएको भन्ने आसंका भएकोले माननीय सभामुख महोदय बजेट प्रतिको संशोधन प्रस्ताव राखेका हौं । यो सरकार ७ नम्बर प्रदेशका जनता प्रति यो सिंगो संसदको सहभागिता र जवाफदेहिता प्रति पूर्णरुपमा जवाफदेही हुनको लागि परिस्कृत भएर आइनु पर्छ । यो विश्वासनियता सरकार दिनु पर्छ र यो प्रस्ताव पास गरियोस भनेर प्रस्ताव राख्दै आयो विश्वासनियता सरकार दिनु पर्छ र यो प्रस्ताव पास गरियोस भनेर प्रस्ताव राख्दै आफ्ना भनाई यहि राख्छु । धन्यवाद

(प्रस्ताव पेश भएपछि)

उक्त प्रस्तावका समर्थक मा. मालामाती कुमारी रानालाई प्रस्तावको समर्थन गर्न समय दिन्छु ।

**माननीय मालामती कुमारी रानाः -** माननीय सभामुख महोदय, आज जुन माननीय कर्ण मल्लज्यूले यहाँ प्रस्ताव राख्नु भएको छ । त्यो प्रस्ताव जुन बजेट हामीले सोचेका थियौ त्यो अनुरुप बजेट आएन यो प्रस्ताव राख्नु कुनै हाम्रो रहर होइन बाध्यता हो । किनभने यो संघीय संसदीय लगाईमा गणातन्त्र लोकतान्त्रीक पद्धती अपनाउनु पर्छ भन्ने हामीले प्रस्ताव पेस गरेका हौं । हामीले संसदका सम्पूर्ण माननीयज्यूको स्वामित्व हुने गरी यो बजेट आउनु पर्छ भन्ने हामीलाई लागेको थियो । यो बजेट चाहिँ ७ नम्बर प्रदेशमा ३२ वटा निर्वाचन क्षेत्र ८८ वटा स्थानीय क्षेत्र सबैले अपनत्व हुने गरी आफ्नो लागेका विकास हुने गरी यो बजेट भाषण हुने छ भन्ने विश्वास लागेको थियो । यसमा कुनै पनि शीर्षक नछुट्याइकन बजेट आयो हामी प्रतिपक्षले बजेटको प्रस्ताव पेस गर्‍यौ । माननीय कर्णबहादुर मल्लले पेस गर्नु भएको प्रस्ताव लाई समर्थन गर्दे । धन्यवाद

(समर्थन गरेपछि)

त्यस्तै प्रस्तावक मा.कृष्ण बहादुर चौधरीलाई सभा समक्ष प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय कृष्ण बहादुर चौधरीः-** माननीय सभामुख महोदय, हामी यो देशलाई बनाउनको लागि धेरै लामो समयसम्म यो देशमा धेरै आन्दोलन गऱ्यौ । २०५२ साल देखि माओवादी जनयुद्ध सुरु भयो र देशमा धेरै अवस्था थिए जस्लाई चिर्नको लागि जुन कुरा देखि पार हुनको लागि जस्को लागि मुक्त हुनको लागि लामो समय यो देश नेपालमा संघर्षहरु भए तत्पश्चात अहिले ६२/०६३ को जनआन्दोलन पछि एउटा सजहज वातावरण बन्यो यहाँका सबै दलहरुले मिलेर यो देशलाई निकासमा ल्याउनु पर्छ यो देशको विकास गर्नु पर्छ भन्ने एउटा सोचका साथ सबै राजनीतिक दल मिलेर एउटा राजनीतिक कोर्षमा आएको देखिन्छ । २०७४ सालमा सबै तहका चुनाव भए भरखरै मंसिरमा सम्पन्न प्रतिनिधि सभाको र प्रदेश सभाको चुनाव भयो । अहिले हामी नेपालमा ७ वटा प्रदेश पाएका छौं । जस्मध्ये ७ नम्बर प्रदेश विगत देखि भन्ने गरेका छौं । काठमाण्डौको आखाँ परेन एटा हेला जस्तै गरेरको सुदूरपश्चिमलाई हामी सबै राजनीतिक दलहरुले एउटा प्रण गरेका थियौ अब यस देशलाई हामीले यो प्रदेश नं. ७ बाट आर्थिक प्रगति र समृद्धिको बाटोमा हामी लैजनो छौं भनेर हामीले भनेका थियौ । तर कता कता आज हामी चुक्दै गरेका छौं । ७ नम्बर प्रदेशका माननीय अर्थमन्त्रीज्यूले अजुन प्रकारको बजेट ल्याउनु भयो यो बजेट भन्दा पनि चौधरी भाषामा बुक्रि भारा खेल हुन्छ । बुक्रीभारा खेलमा साना केटाकेटी जुट्छन धेरै कुरा गर्छन त्या वास्तवीकता हुदैन त्यस्ततत्यस्तै मलाई लाग्यो हामी यो प्रकारले गयौ भने हामी यो प्रदेशलाई अगाडि बढाउन सक्दैनौ जस्तो लाग्छ । ७ मा होइन यसलाई १ मा झार्छौ भनेर भनेकै हो । अझै पनि यो सरकारसँगै छौं । यदि यो प्रदेश सरकारले प्रतिपक्षमा भएका सम्पूर्ण माननीयज्यूलाई साथमा लिएर जाने हो भने । प्रतिपक्षमा हामी छौ तर प्रतिपक्षको व्यवहार हामी गर्दैनौ भनेर हामी भन्दै पनि आएका छौं । भरखरै अस्ती माननीय अर्थमन्त्रीज्यूले जुन प्रकारको बजेट प्रस्ताव ल्याउनु भयो त्यो बजेटमा धेरै रकमहरु छुट्याएको हामीले महसुश गरिसकेका छौ । अब यहाँ धेरै अनुदान भनेर अनुसन्धान भनेर भनेको छ । अनुगमन भनेर भनेको छ । कुनै पनि काम नगरीकन हामीले के को अनुगमन गर्ने कुनै काम नभईकन हामीले त्यसको मूल्यकाङ्कन कसरी गर्ने यो सबैले सोचकै विषय हो । जब काम हुन्छ तब त्यसलाई अनुगमन गर्नु पर्ने हुन्छ । तर यहाँ सानो समय भनेर हामी भनिराखेका छौं । बजेट पनि थोरै भनेर भनिराखेका छौं । यो छोटो समयमा केही भएको छैन् तर अनुगमन गर्ने कुराहरु अनि सम्भाव्यता गर्ने कुराहरु र त्यसको मूल्याङ्कन गर्ने कुराहरु यहाँ केही भ्रमणका कुरामा धेरै रकम छुट्याएको छ । यो कुरालाई हामीले बुझ्यौ यो प्रदेशबाट जनताले धेरै अपेक्षा गरेको छ । तर यो बजेट प्रस्तुत गर्दै गर्दा जनताले अनुभूती गर्ने जनताले महशुस गर्ने जनताले खोजेको कुरा यो बजेटमा देखिएन सभामुख महोदय त्यसकारणले अब म यो सदनमा हाम्रो पार्टीले धेरै अध्ययन पछि जनतालाई अनुभूती हुने खालको बजेट छैन त्यसकारण हामीले संशोधन प्रस्ताव सचिवालयमा दर्ता गरेका थियौ । खर्च कटौती प्रस्ताव बजेट कोड नं. २२ अनुगमन मूल्याङ्कन र भ्रमण खर्च त्यहाँ चाही २ करोड ९० लाख ५० हजार रुपैया छुट्याएको छ त्यहाँ यो जनताको हितमा छैन । यो मितव्यीता र जवाफदेहीता भनएको कारणले यो प्रस्ताव ठीक छैन भनेर हामीले दर्ता गऱ्यौ यो प्रस्तावलाई सद्न समक्ष खर्च रकम १ सय रुपैया घटाइयोस जुन १३४ को (ग) मा लेखिएको छ यो प्रस्ताव सदन समक्ष पेस गर्दै यसलाई पारित गरिदिनका लागि अनुरोध गर्दै आफ्नो प्रस्ताव पेस गर्छु । धन्यवाद

(प्रस्ताव पेश भएपछि)

उक्त प्रस्तावका समर्थक मा. रण बहादुर रावललाई प्रस्तावको समर्थन गर्न समय दिन्छु ।

**माननीय रण बहदुर रावलः-** माननीय सभामुख महोदय, माननीय कृष्ण बहादुर चौधरीले प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ को नियम १३४ को उपनियम (१) देहाय खण्ड (ग) बमोजिम दर्ता हुन आएको खर्च कतौती शीर्षक नं २२ ६१० अन्तर्गत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च सम्बन्धी प्रस्ताव लाई समर्थन गर्न चाहाँन्छु । पूर्व वक्ता माननीयज्यूले प्रस्तावराख्ने क्रममा धेरैकुराहरु राखिसक्नु भएको छ । अहिलेको आ.ब. २०७४/०७५ बजेट आएको छ त्यससम्बन्धी हामीले कुरा पनि राखिसकेका छौं । यो बजेट वास्तवमा जनताले अपेक्षा गरे अनुसार आएको छैन । यसलाई साचिकै मितव्यीताको सनदर्भमा यसलाई साच्चिकै जवाफदेही बनाउने सन्दर्भमा सबै कुराहरु माननीय सभामुख मार्फत सबै आदणिय प्रदेश सरकारलाई प्रस्तुत गरिसकेका छौं । यि कुरालाई मध्येनजर गरेर आउदा दिनमा जसरी हुन्छ । यो गरिमामय सभा र हरेर सभासदज्यूलाई साच्चि जिम्मेवारी बोध र अपनत्व हुने हिसावले यो प्रदेशलाई साच्चिकै केही हुदैछ । विगतमा जति प्रताडित गरेतापनि अब यहाँका हरेक तह र तप्काका किसान मज्दुर युवा सबैले अनुभूती गर्ने छन् भन्ने मैले विश्वास लिएको छू । त्यसैले जुन माननीय कृष्ण बहादुर चौधरीले प्रस्ताव राख्नु भएको छ । समग्र बजेटमा एक किसमको हाम्रो असहमती छ । यसलाई सुधार्नुहोस्

जनताको पक्षमा छातीमा हात राखेर काम गर्नुहोस् र आउदाँ दिनमा अगाडि बढ्ने हिसाबले यसको समर्थकको हिसाले समर्थन गर्दै विदाहुन्छु । धन्यवाद

(समर्थन गरेपछि)

माननीय सदस्यहरु,

आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई चालु आ.व.०७४/०७५ को बाँकी अवधीको राजश्व र व्ययको अनुमान (बजेट) र विनियोजन विधेयक २०७५ को छलफलका क्रममा उठान भएका प्रश्नहरु र खर्च कटौतिको प्रस्तावसँग सम्बन्धित विषयबस्तुमा आधारित भई जवाफ दिन अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा:-** माननीय सभामुख महोदय, आज मलाई के लाग्छ भने धेरै दिन सम्म हाम्रो हाउसमा चालु आ.ब. २०७४/०७५ को लागि विनियोजन गरेको बजेट प्रस्तुत गर्दा छलफल भयो सम्मानित गरिमामय सभाका सभासदज्यूहरुले उठान गर्नु भएको प्रश्नहरु राखेका जिज्ञाशाहरु दिनु भएको सुझाव यसको लागि प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले म हार्दिक कृतज्ञता व्यक्त गर्न चाहाँन्छु । माननीय सभामुख महोदय, एउटा बजेट कहिले पनि आफूमा परिपूर्ण हुन सक्दैन त्यसैले हरेक वर्ष बजेट बनाइने गर्छन र प्रस्तुत गर्ने गर्छन् । यो अल्प अवधिको लागि प्रस्तुत गरिएको बजेट संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा ऐतिहासिक र विशिष्टकृत रहेको व्यहोरा हामी सबैलाई र सम्मानित हाउसलाई विदित नै छ । तथापी जीवनमा काम गर्ने सन्दर्भमा जविनको गन्तव्यमा हिड्ने सन्दर्भमा र सुधारात्मक कुरालाई अबलम्बन गर्ने सम्दर्भमा कहिले पनि त्यो यात्राको गन्तव्यको अन्त हुँदैन सभामुख महोदय, मैले प्रष्ट रुपमा अनुभव गरेको छु । उहाँले जुन जिज्ञासा चासो जवाफदेहिता प्रस्ट्याउनु भएको छ । एउटा प्रदेश सभाको मन्त्रीको हैसियतले म सम्मान गर्दछु । म गौरवान्वीत पनि भएको छु । प्रत्येक माननीयज्यूले हामीलाई भूमिकामा ल्याउनु पर्दछ । सिंगो प्रदेश सभालाई भूमिका र नेतृत्वमा समावेश गर्नु पर्दछ । हाम्रो पनि प्रदेश सांसदको हैसियतले जनता प्रति जवाफदेहीता छ । जो महशुस अनुभुती र अभिव्यक्ति यहाँले प्रस्तुत गर्नु भयो । यो इतिहासको पन्नामा सुनौलो अक्षरमा लेखिने छ र मैले यसलाई आत्मसाथ गरेको छु । म विषयवस्तुमा प्रवेश गर्नु भन्दा अगाडि विश्वाव्यापीरुपमा आएका उथलपुथल कुरा पनि माननीय सभामुख मार्फत यस गरिमामय सभामा संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहाँन्छु । युनाइटेड स्टेटमा १९२९ मा द ग्रेट डिप्रेसन महामन्दीको दौर सुरु भयो । यो महामन्दीको दौर सुरु हुनु भन्दा केही दिन अगाडि स्टोक मार्केट डाउन ट्रेडमा गई राखेका थिए । महामन्दी कहाँबाट सुरु हुन्छ भने पहिलो रियल स्टेट दोस्रो स्टोक मार्केट तेस्रो फोरिन एक्सचेन्ज मार्केट चौथो गौल्ड मार्केट पाँचौ डरिभेटिभ मार्केट त्यसपछि अरु अन्तरहरु विस्तारित भएर अन्य क्षेत्रमा प्रभाव जमाउदछ । १९२९ मा अमेरिकाबाट प्रारमभ भएको महामन्दी विश्वमा लामो समयसम्म रहेको ठूलो महामन्दी हो यो लगभग १० वर्ष रह्यो । यो १० वर्षमा धेरै कुरा उथलपुथल भए । अमेरिकामा त्यो बेलामा १५ लाख अमेरिकनहरु बेरोगार भए अमेरिकामा जति सञ्चालित बैंकहरु थिए त्यसका आधाभन्दा बढी बैंकहरु डिफाल्ड भए अनि जुन दिनमा ठूलो क्राइसिकको झडका लाग्यो त्यो दिन ब्ल्याक थस्डे भनेर इतिहासको पन्नामा त्यो दर्ज भएको छ । अब मैले भन्न खोजेको के हो भने त्यो महामन्दीमा विश्वव्यापी महामन्दीको रुपलिएर २३ वटा मूलुकलाई महामन्दीको चपेटामा ग्रसित गर्‍यो । यो महामन्दीले विश्वमा विभिन्न किसमका विचारहरु अझै भन्नेहो भने आर्थिक अभिव्यक्तिहरु दिए त्यो बेला अमेरिकाको व्यरोजगारी दर लगभग ६ सय ७ प्रतिशतले वृद्धि भयो । त्यसै अनुपातमा हेर्ने हो भने ग्रटब्रिटेनको बेरोजगारीदर १२९ प्रतिशतले वृद्धि भयो फ्रान्समा २१४ जर्मनीमा २३२ प्रतिशतले वृद्धि भयो । सबैभन्दा पहिलो अटेक यदि व्यक्तिमा विमारी हुन्छ भने फेपडा कलेजो हार्ट किड्नी आँखा ब्रेन सबै भन्दा अटेक यो महामन्दीले जिडिपीमा जिएनपीमा ल्यायो फोरेन एक्सचेन्ज रिजर्भमा ल्यायो, ट्रेड डेभिसिडमा ल्यायो अनइम्पलोइमेटमा ल्यायो इनफ्लेसनमा ल्यायो आदि इत्यादि कुरामा ह्याम्पर गर्नु कुरा हामी सबैलाई थाहाँ छ । त्यसपछि १९२९ पछि एउटा अर्को क्राइसिस सुरुभयो १९९७ मा भएको क्राइसीस साउथ इष्ट एसियन क्राइसिस भनिन्छ । सुदूरपूर्वका मूलुकमा भएको वित्तिय मन्दीको रुपमा लिईन्छ । थाइलेण्ड, मलेसिया, इण्डोनेसीया केही मात्रामा जापान र ताइवान समेत पनि त्यो मन्दीबाट ग्रसीत हुन पुगे त्यो मन्दीको कारण के थियो भने १९९७ मा उदार उर्थतन्त्र अबलम्बन गरिएको थियो । ति मूलुकहरुले विदेशमा गएर अमेरिकन डिपोजिट रिसिट ग्लोवल डिपोजिट रिसिट जस्लाई जीडीआर भनिन्छ । विश्वा बैंक यसियाली विकास बैंक, अन्तराष्ट्रिय मुद्राकोष संग ऋण

लिएरु १०० तला भन्दा माथिका बिल्डीङ्ग खडा गरे तिनीहरुले त्यहाँ ध्यान के पुऱ्याएन भने ५ वर्ष १० वर्षको लागि कर्जा लिए विदेशी मुद्राको उपकरणमा तर रिपेमेन्ट कहिले आउने हो भन्ने कुराहरुको एथेस्ट व्यवस्था नगर्दा खेरीमा सम्पत्तिर दायित्वको तादम्यता नमिले र स्टेसन क्राइसिस बन्न पुग्यो । यो अर्को २००८ मा अर्को क्राइसिस आयोग अस्ट्रेलियामा पनि आयो र केही पार्ट इग्लेण्डमा पुग्यो । एउटा सब ट्राइम मोर्गेज थियो । हाम्रो नेपालमा त्यो ऐन भरखर आइसकेको छ तर कार्यान्वयनमा गएको छैन । तर अमेरिका सव प्राइज मोर्गेन लेण्डिङ्ग भन्ने एकजन मान्छेले कर्जा लिनु पऱ्यो भने कुनै बैंक वित्तिय संस्थाकहाँ जान्छ । उस्ले पत्यायो ५० लाख रुपैया दियो फेरी त्यही मान्छे अर्को संस्थामा गएर २० लाख रुपैया दिन्छ । त्यसलाई सव प्राइम लेण्डीङ्ग क्राइसिस भनिन्छ । एउटा व्यक्तिले धेरै वित्तिय संस्थामा एउटै प्रकिृतिको धितोलाई कलाटरमा राखेर त्यसपछि वित्तिय कर्जा प्रदान हुन्छ । मैले त्यो बेला १० १२ वटा वित्तिय संस्था रुग्ण भए त्यसको समस्या अहिले सम्म पनि छ । त्यो समस्या समाधनको लागि नेपाल राष्ट्र बैंकले रिजोभेसन सेल भनेर गठन गऱ्यो त्यसको पहिलो रुग्ण कम्पनीको रुपमा नेपालको पहिलो विकास बैंक जस्लाई नेपाल विकास बैंक भनेर भनिन्छ । त्यो बैंकलाई पढ्न गयो । मैले यो उदाहरण किन प्रस्तुत गर्न चाहे भने आखिरी ठूलो ठूलो देशमा पनि क्राइसिस आउदो रहेछ । त्यसको लागि सर्टेन प्रिकोसनहरु पहेज गर्नुनै पर्छ । यदि हामी बजेट प्रस्तुत गर्दा खेरी पनि वित्तिय अनुशासनमा बसेनौ भने यदि कार्यक्रम छनोट गर्दा हामीले विधि र नीतिको पूर्णरुपमा पालना गरेनौ भने कार्यक्रम समेट्दा कार्यान्वयन संयन्त्रको जगेर्ना गरेनौ भने यदि जन अपेक्षा अनुसारको कार्यक्रमको समावेश गरेनौ भने आर्थिक असमानता हट्दैनन् । हामीले कार्यलाई अगाडि बढाउने सन्दर्भमा जो कसैले पनि आत्मसाथ र गृहण गर्दा लिनु पर्दो रहेछ । यो बजेट गतिविधि लाई अगाडि बढाउनु भन्दा अगाडि म विश्वस्त भएर यो गरिमामय सभा समक्ष म निवेदन गर्न चाहाँन्छु । संघीय सरकारका आर्थिक मामिला मन्त्री या कुनै प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री भन्दा ज्यादा त म भन्ने पक्षमा छैन तर धेरै कम वा त्यसभन्दा कम मैले छलफल चलाएको छैन भन्ने कुरामा म आफैमा विश्वस्त छैन । बजेटसँग सरोकार भएका तह र तप्कासँग छलफल गरेको छु । बजेटलाई वनससिप लिनको लागि माननीय सदस्यज्यूसँग छलफल उद्योगबाणिज्य सँघसँग छलफल गाउपालिका र नगरपालिकाका अध्यक्ष र उपाध्यक्षसँग छलफल या स्टेक होल्डरलाई छलफलमा समावेश गरेर यो बजेट प्रक्रिया अगाडि बढाएको हुँ । मैले पनि तपाईहरुको साथ छ भनेर धेरै कार्यक्रम नभए पनि जनताले अपेक्षा गरेका संघीयतालाई कार्यान्वयन नर्गे सन्दर्भमा नगरि नहुने कामहरु गर्ने पर्दछ भन्ने मान्यता राखेर सौहार्द पूर्ण वातावरणमा खुल्ला दिमागले ठूलो हृदयले आउनुहोस् यो प्रदेशको समृद्धि बनाउने यो प्रदेशलाई आर्थिक विकासको जगबसाउने सन्दर्भमा हामी सबै एकै नाउका सहयात्री हौ सँगै हिडौ भनेर मैले धेरै छलफल चलाय । तर गर्व पनि के गर्छु भने दुईटा कुरामा एउटा आवश्यकता भन्दा बढी योजना आउनु पनि यो प्रदेश सभाको गरिमा हो । हामीलाई जनताले विश्वास गरेको छ भन्ने कुरा विश्वस्त भए । अर्को यो गरिमामय सभामा बजेट प्रस्तुत गर्दा भएका कमीकम्जोरीलाई आत्मसाथ गर्दै यसलार्य अझ यसको गरिमा उच्च राख्नु पर्छ कार्यान्वयन पक्ष फितलो हुन हुदैन संयन्त्र निर्माण हुनु पर्दछ विधि र नीतिको प्रक्रिया अनुसार जानु पर्दछ । हामी सबै सभासद् बजट र जनताप्रति उत्तरदायि छु भनेर जुन किसमले प्रतिपक्षका माननीय सांसद्ज्यूले सुझाव र केही आफ्ना असहमती राख्नु भयो । म त्यसको सम्मान गर्दछु । लोकतन्त्रको विधि लोकतन्त्रमा छलफल गर्ने यो सबैभन्दा ठूलो गरिमा हो । यसलाई काट्नै मिल्दैन त्यसैले यि सबै कुरालाई अगाडि बढाउनको बापजुत पनि के देखियो भने लगभग लगभग ४ सय वटा मन्दीरको लागि हाम्रो प्रदेशवाट बजेट विनियोजन होस् भन्ने कार्यक्रम आए त्यस्तै योजनाहरु अल्पनीयरुपमा आए मलाई पनि के डरलाग्यो भने प्रतिपक्षका माननीयज्यूहरुले भनेको कुरा मलाई बारबार दिमागमा ठोकिएर आयो कार्यान्वयन गर्ने संयन्त्र के हुन सक्छ जिल्ला समन्वय समितिसँग जाँदा उस्को आफ्नो लिमिटेसन छ । स्थानीय तहलाई हेर्ने हो भने आफ्नै बजेटको पूर्णरुपमा खर्च गर्न सकेको छैन । प्रदेश सरकार भर्खरैमात्र आएको र उसको आफ्नो कुनै संयन्त्रै छैन नितान्त यो खाडलको बीचमा यो चुनौतिको बीचमा अल्पसमय न्यून वित्तिय स्रोत संयन्त्रको अन्यन्त न्यून कुनै किसमको गुन्जायस नहुनु र प्रदेश सरकारले पनि विकल्प सहितको व्यवस्था खडा गर्न नसक्नु यो हाम्रो समयका बाध्यता रहेको व्यहोरा माननीय सभामुख महोदय यो गरिमामय सभामा अनुरोध गर्न चाहाँन्छु । हामीले आएका योजनाहरुलाई यि राम्रा होइन यो योजना होइन भन्न खोजेकै हैन । हामीले प्रष्ट बजेट वक्तव्यमा भनेका छौ कि यि योजनाहरु अहिले कार्यान्वय गर्ने संयन्त्र समय र स्रोतको अभावले गर्दा गाह्रो हुन सक्छन् यि कार्यक्रम राख्दैमा यो सरकार लोकप्रिय हुन सक्छ । जनता खुसी हुनसक्छन् । एकचोटी घोषण गर्दा हुनसक्छन् । तर कार्यान्वयन पक्ष फितलो भयो भने जुन उद्देश्यकालागि हामी सांसद र मन्त्री भएका छौं जनु इच्छा र आकांक्षा जनताले पालेका छन् त्यसमा हामी सहीमानेमा खराब हुनसकेनौ भने यो यो संसदिय व्यवस्था र

संघीयतामा नै नेपाली जनताको ठूलो संका उत्पन्न हुनसकने व्यहोरा हामीले मध्येनजर गर्दै केही कार्यक्रमको फेरबदल र बजेटको मोडालिटी हामीले चेन्ज गर्नु परेको व्यहोरा माननीय सभामुख मार्फत गरिमामय सभामा अनुरोध गर्न चाहाँन्छु । अब १५ देखि २० हजार योजना राख्दा सम्भब छ त ? जुन कुराको सम्भावना नै छैन गर्नै सकिदैन त्यसलाई हामीले राखेरै मात्र हुन्छ । शीर्षकमा यि सबैकुरालाई हेऱ्यौं अन्तमा हामीले जे कुरामा हुन सक्ने समभावना छ । त्यो कुरामा हामी अगाडि बढ्यौ । तनि वटा अ मा बजेट राखेका छौं अनुसन्धान, अध्ययन, अनुदान अरु आर्थिक गतिविधिमा नछुट्याउनको कारण स्पष्ट छ । कि प्रतिपक्षका माननीय सभासद्ज्यूले दिएको सुझाव अहिलेको वर्तमान परिस्थीति प्रदेश सरकारको वाध्यता र संघीय सरकारले हामीलाई अहिले सम्म कुनै संयन्त्र कुने सहयोग र कुनै हक हस्तान्तरण नगरेको परिस्थितिमा यो भन्दा विकल्प उत्तम उपाय अरु केही नभएर हामीले यो बजेटको प्रकृति अहिलेको मोडल यसरी प्रस्तुत गरेका हौं । त्यसैले यो बजेटमा विकासे योजना परेका छैनन् । तर परेका योजनाहरु जो छन् । ति योजनालाई डाटा बैंकको रुपमा हामीले आगामी आउने बजेटमा समावेश गरी सम्बन्धीत मन्त्राललाई पुनः प्रस्तुत गर्नको लागि हामीले यसै बजेट वक्तव्यमा नीति गत व्यवस्था गरेको व्यहोरा म सम्मानीति यस सभामा निवेदन गर्न चाहाँन्छु । यहाँ ९ गते प्रस्तुत भएको बजेट १० गतेबाट छलफल सुरु भयो विभिन्न माननीय सभासदज्यूले विभिन्न राय सुझाव पनि दिनु भयो सबै रायसुझाव टिपोट पनि गरेको छु । लगभग लगभग २६ जना माननीय सभासदज्यूले यसमा भाग लिएको मैले मेरो डायरीमा टिपोट गरेको छु । उहाँहरुबाट आएका रचनात्मक सुझावलाई यो बजेटमा हुन सक्ने अवस्था भए यो बजेटमा समावेश गरी र यो बजेटमा समावेश गर्ने प्राविधिक कठिनाई रहेछ भने आगामी बजेटमा हामीले समावेश गर्ने गरी उहाँका सुझावलाई समावेश गरिने व्यहोरा म सभामुख मार्फत यस सभालाई अनुरोध गर्न चाहाँन्छु । यो बजेटको दुइवटा विशेषतामा निवेदन गर्न चाहाँन्छु । एउटा नीति तथा कार्यक्रम आएको छ । यो नीति तथा कार्यक्रममा यहाँ १८ वटा बुदा लेखिएका छन् । यो १८ वटा बुदामा २ ४ वटा बुदा व्यवहारिक सम्बोधन गर्ने क्रममा छन् । औपचारीक सम्बोधन गर्ने सम्बन्धमा सिमिति छन् । बाँकी बुदाँहर कार्यक्रमसँग सम्बन्धीत छन् । ति बाँकी बुदाँको एकाद कुरा छोडेर सबै कुराहरु वर्तमान बजेटमा समावेस भएको कुरा माननीय सभामुख मार्फत सभामा अनुरोध गर्न चाहाँन्छु । हामीले विभिन्न किसिमका कार्यक्रम प्रस्तुत गरेका छौ । अहिले एउटा चुनौती के छ भने विकासको बजेट हामीले ल्याउन कठिन भयो तर व्यवस्था गरेको बजेट पूर्णरुपमा कार्यान्वयन हुनसक्ने सम्भावना छ कि छैन भन्ने कुरा हाम्रो सामु चुनौती पनि रहेको छ । यदि सम्पूर्ण माननीय प्रदेश सभा सदस्यज्यूले सहयोग समर्थन र समन्वय गरेको अवस्थामा यथेस्टरुपमा व्यवस्था गरेका कार्यक्रमहरु हामी निचोड तर्फ परिणामुखि हुन्छौ भन्ने कुरामा म विश्वस्त छु । केही बजेटका चुनौती पनि लेखेका छौं । पूर्ण बजेट भएतापनि प्रदेश सरकारको लागि अल्पकालिन समयको लागि अएको नाताले सबैकुराको समावेश गर्नको लागि हामीलाई निकै प्राविधिक कठिनाइ रहेको थियो । हामीले के देख्यौ भने हामीले नयाँ योजना लिनेहो भने यात हामीसँग जिल्ला समन्वय समितिसँग भएको त्यो डाटाँहरु हामीसँग आउनु पऱ्यो अध्ययन अनुसन्धान आउनु पऱ्यो । या स्थानीय निकायले समन्वय गरेर हामीलाई पठाउनु पऱ्यो । या हामीसँग आफ्नै संयन्त्र हुन पऱ्यो । यो तीन वटै कुराको विश्वस्त र पूर्णरुपमा कार्यान्वयन गर्ने कुराहरुमा हामीलाई धेरै नै कठिनाई भयो । त्यसैले अध्ययन र अनुसन्धानमा किन राखिएका हो भने नयाँ आयोजनाको पहिचान, सर्वे, डिपीआर यि सबै भएको छ भने हामी त्यसो गर्दैनौ म सभालाई अनुरोध गर्न चाहाँन्छु । यदि कसैको सम्भाव्यता अध्ययन भईसकेको छ । कसैको सर्वे भइसकेको छ । यदि कसेको डिपीआर भइसकेको छ भने त्यो प्राविधिकरुपमा उपयुक्त छ भने अहिलेको अवस्थासँग यथार्थ परक छ भने हामी पुनः त्यसमा रकम खर्च गर्ने विनियोजित रकम गर्ने कुरामा अगाडि बढ्दैनौ हामी समन्वय गरेरै अगाडि जान्छौ । हामीले भन्न खोजेको के हो भने प्रदेशसँग आफ्नो डाटा व्यांक होस जसले गर्दा आगामि आउने बजेटमा काम गर्नका लागि सजिलो होस् भनेर हामीले पहिचान गर्ने रणनीति लिएका थियौ । धेरै कार्यक्रम समावेश गर्ने एकदमै न्यून कार्यक्रम पनि कार्यान्वयनको पक्षमा नजान सकने त्यस्ता कार्यक्रम लिएर यो सभाका सांसदज्यूलाई अफ्टेरोमा कहिले पनि पार्न चाहाँदैन मेरो मनसाय थिएन त्यसैले हामीले एकदमै छनोट गरेर अगाडि बढेको थियो । यो सम्भाव्यता अध्ययन र डिपीआर भन्ने कुरा के हो भने कुनै व्यक्ति विमारी भएर अस्पतालकहाँ जान्छ । डाइग्नोसिस नगरेर त्यो रोगिको कुनै पनि डाक्टरले पूर्णरुपमा उपचार गर्न सक्दैन त्यसैले अयोजनाको सम्भाव्यता सर्वे पहिचान इत्यादी गर्नको लागि हामीले यो बजेटको लागि रकम प्रस्ताव गरेका हौं । अब, विशेष गरेर हामीले कृषिमा परिवर्तित कृषि प्रणाली मौसम सुहाउदो खेती माटो सुहाउदो उत्पादन उत्पादन अनुसारको बजार भनेर मुख्यमन्त्री कृषि कार्यक्रमका लागि हामीले ५० लाख विनियोजगन गरेको छ । यो पनि नयाँ संघीयता कार्यान्वयनको सन्दर्भमा हामीले पाइलट प्रोजेक्टको रुपमा अगाडि बढाउन हामीले चेस्टा गरिराखका छौं । त्यसतै

५ करोड रुपैयाको कृषि अनुदानकोषको अवधारणा यो बजेटले प्रस्तुत गरेको छ । जैविक विसादीलाई हामीले प्रयोग नगर्ने विधि र मापदण्ड भन्सारमा कडाईका रुपमा त्यसको अनुगमन गर्ने नीतिगत व्यवस्थाको लागि थप प्रभावकारी कार्यान्वयनको व्यवस्था गरेका छौं । अझै भन्नेहो भने यस प्रदेशको कृषि जन्य उत्पादनमा आत्मनिर्भर गर्नको लागि हामीले बाटो मात्रै सांकेतिक रुपमा खोल्ने हामीले प्रस्ताव बजेटमा प्रस्तुत गरेका छौ । त्यस्तै नविन अवधारणा अनुरुप किसानहरुलाई नगदेवाली अरु मौसमी चक्रेवाली तरकारी सबैलाई सामायोजन हुने गरी हामीले मौसमी सुचकाङ्क बीमा भनेर हामीले नयाँ अवधारणा हामीले प्रस्तुत गरेका छौं । यसले गर्दा तीन चार वटा वेदर स्टेसनहरु बीमा समितिको सहकार्यमा छिट्टै यो आर्थिकवर्ष भित्र खडा गरेर तोकिएको वालि खाद्यान या नगदे वालीसँग सरोकार राख्ने गरी भोलि  त्यो अवस्थामा जोखिम बेहोर्नु पर्‍यो भने हाम्रा दाजुभाईले जोखीम व्यहोन नपरोस भन्नको लागि त्यस्तो सुचकाङ्क बीमाको अवधारणा ल्याएका छौं । ५ वार्ष भित्र १ जिल्ला बहुउत्पादन भनेर नौ वटै जिल्लामा हामीले सितभण्डार स्थापना गर्ने जमर्को गरेका छौं । भूमिहिन मुक्त कमैयाका लागि नौवटै जिल्लामा पलम्बीङ्ग, व्यटिपार्लर, मोलाईल रिपेर सिलाइकटाई र यो सीपमूलक तालिमको लागि ३९ लाख रुपैया विनियोजन गरेका छौ । प्रदेश सरकारले मेडिकल ट्याक्नीकल हायर एजुकेसन संस्था स्थापना गर्नका लागि प्रदेश विश्वविद्यालयको सम्भाव्यता अध्यनको लागि हामीले त्यहाँ बजेट विनियोजन गरेका छौं । शिक्षण संस्था वरपर धुम्रपान र मध्यपान रहित बनाउनको लागि हामीले नीतिगत व्यवस्था गरेका छौ । ५ वर्ष भित्र यो प्रदेशलाई पूर्ण साक्षर बनाउनको लागि पनि यथेस्ट व्यवस्था गरेका छौं । प्रदेशमा प्रदेश क्षेत्रभित्रका सामुदायिक शैक्षिक संस्थाहरुको संरचनागत गुणात्मक सुधारको लागि ५० लाखको व्यवस्था गरेका छौं । त्यस्तै प्रदेश भित्र कार्यरत तीनहजार ७ सय ६७ प्रारम्भीक बालबिकास केन्द्रका सहजकर्ता र सामुदायिक विद्यालयमा कार्यरत ३ हजार ५ सय ९६ विद्यालयका सहयोगीहरुलाई एकमुष्ट २ हजारको दरले प्रोत्साहान भत्ताको लागि १ करोड ४७ लाख २६ हजार बजेटको व्यवस्था गरेका छौं । ति जो कार्यरत थिए न्यून पारिश्रमिकमा एकदम अन्याय रुपमा जीवनयापन गरिरहेका थिए । यस्तो अवस्थामा पैदेश सरकार आएको छ । प्रदेश सरकार मेरो सरकार हो भन्ने अनुभूतीका लागि प्रदेश सरकारले यो बजेटको व्यवस्था गरेको व्यहोरा अनुरोध गर्न चाहाँन्छु । त्यस्तै संघीय सरकारले दुर्गम भनि तोकेका जिल्लाहरुमा एउटा नि:शुल्क घुम्ती सिविरको लागि हामीले ३० लाख विनियोजन गरेका छौं । त्यहाँ अस्पताल छैन स्वास्थ्य चौकी छैन । यसको अभावमा डाक्टरहर छैन डाक्टर भएको अवस्थामा औषधी छैन । यस्तो अवस्थामा कठिन परिस्थीतिमा पहाडि जिल्लाहरुमा हाम्रा दाजुभाईहरु दिदिवहिनी जीवन यापन गरिराखेका छन् । तिनको लागि हामीले एकिकृत घुम्ती सेवा बजेटको व्यवस्था गरेका छौं । त्यस्तै यो कैलाली बैतडी र अछाम जिल्लामा सामाजिक स्वास्थ्य बीमा लागू भइसकेको छ । सबै प्रदेशका जिल्लामा लागू हुनको लागि संघीय सरकारसँग समन्वय गर्ने व्यवस्था गरेका छौ । यहाँ छलफको क्रममा केही सांसदज्यूले यो विशेष गरेर सिकलसेल र एनिमियाको पहिचाको सन्दर्भमा १० लाख मात्र विनियोजन गर्‍यो अपुग भयो भन्ने सुझावको रुपमा अनुरोध गर्नु भएको थियो । म गहन रुपमा यो कुरालाई मनन गरेको छु । यो अहिले हामीले यसको पहिचान रोकथाम र जनचेतना गर्नको लागि राखेको रकम हो । मेसिन र औजार किन्नको लागि होइन । हामी एउटा प्राविधिक टोली सहित प्रदेशको कुन ठाउमा यो मसिन राखिने यसको कति लागत पर्छ यसलाई अझै रोकथाम गर्नको लागि निमुल पार्नको लागि के कस्ता कार्यक्रम ल्याउनु पर्छ भनेर आउने बजेटमा एथेस्ट बजेट मिलाउने व्यहोरा म सभामा अनुरोध गर्न चाहाँन्छु । त्यस्तै प्रदेश भित्रका सामुदायिक विद्यालयको संरचनागत विकास गरी सेवा लाई प्रभावकारी वनाउनको लागि ४० लाखको व्यवस्था गरेका छौ । प्रदेश अन्तर्गत रहेका ६ हजार महिला स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन स्वारुप एकमुष्ट ३ हजार प्रोत्साहान स्वारुप हामीले १ करोड एकासी लाख ११ हजार रकम विनियोजित गरेका हौं । यि स्वासथ्यकर्मी महिलाहरु प्रत्येकको घरदैलोमा एउटा सेवाको भावनाले गइरहन्छन् । राज्यले उहाँहरुलाई आर्थिक अन्याय गरेको अनुभूती गर्‍यौ थोरै भएपनि प्रोत्साहानको लागि यो रकमको लागि विनियोजन गरेका छौं । खेलकुदको क्षेत्रको लागि प्रदेशमा दुईवटा अन्तराष्ट्रिय स्तरका रंगशाला र कभर्डहल त्यस्तै प्रत्यक जिल्लामा जिल्ला स्तरीय कवर्ड हलको लागि २८ लाख सम्भावना अध्ययनको लागि बजेट राखेका छौं । धनगढीमा क्रिकेटका प्रोमीहरु र यो खेल प्रति बढी चासोले गर्दा यहाँ एउटा क्रिकेटको मैदान हुनु पर्छ भनेर त्यो मान्यलाई आत्मसाथ गर्दै अध्ययन अनुसन्धान र पहिचानको लागि हामीले आवश्यक वजेटको व्यवस्था गरेका छौं । त्यस्तै राष्ट्रि र अन्तराष्ट्रिरुपमा पदक प्राप्त गर्ने खेलाडीको लागि प्रोत्साहानको लागि हामीले कार्यक्रम राखेका छौं । भारतमा रोजगारीको लागि आवत जावत निर्वादरुपमा हाम्रा वोर्डरहर खुल्ला छन् तर कति मान्छेहरु भारतमा गई राखेका छन् कति गइराखेका छन् के प्रयोजनको लागि हो भन्ने कुराको अहिले सम्म तथ्य लेखा छैन । संघीय सरकारले यसलाई गर्न सकेको छैन् । हामीले प्रदेश सरकारले गर्न सक्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै प्रदेशमा

रोजगारीको लागि भारततर्फ जान्छ भने उस्ले अध्यावधिकरुपमा आफ्नो रेकर्ड राख्न सक्ने र त्यहाँ जनको लागि भोलि कुनै दुर्घटना हुन्छ भने त्यसको लागि पनि बीमाको लागि पनि के व्यवस्था गर्न सकिन्छ भनेर हामीले अध्ययनको लागि रकम विनियोजन गरेका छौं । युवा लक्षित रोजगार प्रदेश समृद्धिको आधार भन्ने नारालाई आत्मसाथ गर्दै हामीले रोजगारी सेवा केन्द्रको स्थापना गर्ने लक्ष्य राखेका छौं । यो लक्ष्यले यहाँका व्यरोजगारी युवाहरु रोजगारमा आवद्ध हुन सक्छन् । रोजगार कहाँबाट प्रारमभ हुन सक्छ भने । जब यो प्रदेशमा लगानी आउन सक्छ यो प्रदेशमा आर्थिक क्रियाकलाप विस्तार हुन सक्छन् । यो प्रदेशमा उद्योगहर स्थापना हुन सक्छन् तव मात्र रोजगारीका अवसर सर्जना हुनसक्छन् । त्यसैले युवा लक्षित रोजगार सेवा केन्द्र स्थापनाको लागि यो बजेटमा आवश्यक रकमको व्यवस्था गरेका छौं । त्यस्तै फोहर मुक्त स्वच्छता प्रदेश ७ को प्रतिबद्धता भन्ने नारा र अभियानकारुपमा अगाडि बढाउने लक्ष्य अगाडि बढाएका छौं । माननीय सदस्यहरुबाट आएका सुझावहरुलाई मनन गरेको छु । यो बजेटमा अनुदानको लागि राखेको रकम छ । यसको लागि मन्त्रिपरिषदले आवश्यक कार्यविधि बनाई मात्र खर्च गर्न सक्ने व्यवस्था गरेको छु । यदि सम्भाव्यता अध्ययन डिपिआर या सर्वेको कुरा गर्नु हुन्छ भने प्रष्टरुपमा प्रदेश सरकारको कानून नबन्दा सम्म हामीलाई संघीय सरकारको कानून आकर्षण हुने हुनाले सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही विनियोजित गरिएको बजेटको रकम खर्च गर्ने छौं । म प्रदेश सभालाई विश्वस्त के गर्न चाहाँन्छु भने माननीय सभामुख महोदय हामी संग नियन्त्रण संयन्त्र चेकजाच गर्नको लागि प्रयाप्त छ । हामीसँग ऐन कानूनहरु छन् त्यसको पूर्ण पालना गर्छौं हामीसँग नभएको अनुदानको रकम छ त्यसको लागि हामीले भनिसर्क्या बजेटमा पनि व्यवस्था छ । यो अनुदानको रकम परिचालन गर्नु भन्दा अगाडि मन्त्रिपरिषदले आवश्यक कार्यविधि बनाई स्वीकृत गरिकन मात्र त्यो मन्त्रालयले खर्च पाउने व्यवस्था यथेस्ट रुपमा ऐनकानूनको परिपुर्णरुपमा पालना हुने गरी यो ऐनमा व्यवस्था भएको व्यहोरा म माननीय सभामुख मार्फत अनुरोध गर्न चाहाँन्छु । प्रतिपक्षकका सुझाव र प्रस्ताव दर्ता हुन आएका छन् । त्यसबारेमा पनि म गम्भीर छु । यो बजेटमा समावेश गरिएका कार्यक्रम कार्यान्वयनको प्रक्रियामा लैजानका लागि सिंगो प्रदेश सभाको स्वामित्व बोध हुने गरी आवश्यक विधिको निर्माण गरी अघि बढ्ने कुरा सम्मानित सदनमा अनुरोध गर्न चाहाँन्छु । त्यस्तै प्रदेश सभाका माननीय सांसदज्यूलाई निर्वाचन क्षेत्र विकास कार्यक्रम र सांसद विकास कोषका लागि नेतृत्वदायि भूमिका निर्वाह गर्न आगामी आ.ब. देखि आवश्यक नीतिगत व्यवस्था गरिने व्यहोरा म निवेदन गर्न चाहाँन्छु । समृद्धिका यात्राका सहयात्री हौं । हामीले बजेटमा भएभरका कुराहरु प्रस्तुत गरेका छौं बजेट आफैमा पनि परिपूर्ण होइन आगामि दिनमा त्रुटि कम्जोरी र सुझावलाई आत्मसाथ गर्दै परिपक्व मेच्युयर बजेट आगामी आ.ब. मा हामी प्रस्तुत गर्ने एथेष्ट प्रयास गर्ने छौ भन्ने निवेदन गर्न चाहाँन्छु । मैले छलफलमा उठेका रचनात्मक सुझावहरु को सन्दर्भमा मैले धारणा राखे पुनः केही कुरा प्रष्ट्याउन परे प्रष्ट्याउने व्यहोरा अनुरोध गर्न चाहाँन्छु । धन्यवाद

(जवाफ दिएपछि)

माननीय सदस्यहरु,

चालु आ.व.०७४/०७५ को बाँकी अवधीको राजश्व र व्ययको अनुमान (बजेट) शिर्षक नं.३११७२ र शिर्षकको नाम पुँजीगत अनुसन्धान तथा परामर्श भएको विनियोजन विधेयक २०७५ मा समावेश भएको रु ७,२०,००,०००।- घटाई एक रुपैया कायम गरियोस भनी प्रस्तावक मा. कर्ण बहादुर मल्ल र खर्च शीर्षक नं. २२६१० खर्च शीर्षक नाम अनुगमन मूल्याङ्कन र भ्रमण खर्च भएको विनियोजन विधेयक २०७५ मा समावेश भएको रु २ करोड ९० लाख ५० हजारको खर्च रकमलाई उक्त खर्च शीर्षकबाट खर्च कटौती गरी रु १०० कायम गरियोस् भन्ने प्रस्तावका प्रस्तावक माननीय कृष्ण बहादुर चौधरीलाई प्रस्ताव फिर्ता लिन चाहाँने भए प्रस्ताव फिर्ता लिनको लागि एक एक मिनेटको समय दिएको छु ।

**माननीय श्री कर्ण बहादुर मल्लः-** माननीय सभामुख महोदय यो बजेट प्रति हामीले आपत्ति जनाएर हाम्रो प्रदेश सभा नियमावलीको १३४ को (क) अनुसार संशोधन प्रस्ताव दर्ता गरेका थियौ र सरकारको अर्थमन्त्रीज्यूले यो बजेटलाई कार्यान्वयन गर्ने क्रममा सिंगो संसद्लाई सहभागिता र उत्तरदायि बनाउने ढङ्गले यो बजेट पनि कार्यान्वयन गर्ने छौं एउटा कार्यविधि बनाएर गर्ने छ सरकारले र नयाँ बजेटमा पनि सिंगो संसदको सहभागिता र उत्तरदायित्व रहने गरीकन बजेट निर्माण गर्ने वचन बद्धता जो गरिमामय संसदमा हामी सहमती सहकार्य र एकताका सिद्धान्तका पक्षपाती हौ । त्यसै सिद्धान्तको आधारमा यो देशमा शान्ति आएको छ । संविधान आएको छ

। निर्वाचन सम्पन्न भएको छ । यि प्रक्रिया जनतालाई जनताका अगाडि छर्लङ्गछन् समृद्धि बनाउने जिम्मा वर्तमान सरकारको छ । हामी प्रतिपक्ष दल यो संसदीय व्यवस्थाका हिमायिती हौ यसमा विश्वास गर्छौं सरकारका अर्थमन्त्रीले जुन बचन बद्धता व्यक्त गर्नु भएको छ । त्यो बचन बद्धतामा आगामी दिनमा यो बजेटलाई कार्यान्वयन गर्ने दिशामा कार्यविधि बनाएर सिंगो सद्न उत्तरदायित्व र सहभागिता हुने गरी अगाडि बढ्ने बचन बद्धता दिनु भएको छ । त्यसमा विश्वास गर्दै मैले राखेको प्रस्ताव फिर्ता लिएको घोषणा गर्दछु ।

**माननीय श्री कृष्णा बहादुर चौधरीः-** माननीय सभामुख महोदय, अर्थमन्त्रीज्यूले अस्ती प्रस्तुत गर्नु भएको बजेट ए देखि जेड सम्म सुनाउनु भयो र प्रतिपक्षहरुलाई उहाँहरुले दर्ता गरेको प्रस्ताव माथि म गम्भीर छु । सचेत छु सजग छु धेरै पटक भन्नु भयो यो बजेटको समय पनि थोरै बजेट पनि थोरै आउने ७५/०७६ को बजेटमा सबै क्षेत्रका माननीयज्यूहरुलाई समेटेर सहकार्य गरेर लैजानेछु जाने छु यसमा प्रतिवद्ध छु कटिबद्ध छु भन्नु भएको कारणले हामी उहाँको भनाई प्रति विश्वास गरेर आशा गरेर आउने दिनको सहकार्य गर्दै जाने प्रतिवद्धता जनाउनु भयो यसकुरामा हामी विश्वासका साथ आशाका साथ हामी मनन गऱ्यौ मैले र हाम्रो पार्टीले दर्ता गरेको प्रस्तावलाई फिर्ता लिदै घोषणा गर्दछु । नमस्कार

माननीय सदस्यहरु,

खर्च कटौतीका प्रस्तावकहरु माननीय कर्णबहादुर मल्ल र माननीय कृष्ण बहादुर चौधरीले आफूहरुले राखेको खर्च कटौतीको प्रस्ताव फिर्ता लिइसकेको ले उक्त प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नु परेन ।

मननीयहरु,

अब म प्रदेश नं. ७ प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री झपट बहादुर बोहरा द्वारा प्रस्तुत भएको चालु आ.ब. २०७४/०७५ को बाँकी अवधीको राजस्वर र व्ययको अनुमान (बजेट)सँग सम्बन्धित विनियोजन विधेयक २०७५ को दफा २ देखि ३ सम्मका दफाहरु र सो सँग सम्बन्धित उपदफाहरु अनुसूचीहरु विधेयकको अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरू “हुन्छ” भन्नुहोस् ।

(“हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू “हुन्न” भन्नुहोस् ।

(“हुन्न” भनेपछि)

(“हुन्न” भन्ने आवाज नसुनिएमा)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ चालु आ.ब. २०७४/०७५ को बाँकी अवधिको प्रदेश नं. ७ प्रदेश सरकारको राजश्व तथा व्ययको अनुमान (बजेट) र विनियोजन विधेयक, २०७५ को दफा २ देखि ३ सम्मका दफाहरु र सो सँग सम्बन्धित उपदफाहरु अनुसूचीहरु विधेयकको अंङ्ग सर्वसहमतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावनाः आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यको लागि प्रदे सञ्चिकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियनेजन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २०५ बमोजिम प्रदेश नं. ७ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षित नाम र प्रारम्भ

(१) यो ऐनको नाम विनियोजन ऐन २०७५ रहने छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

माननीय सदस्यहरु,

विधेयकको प्रस्तावना र नाम वियनेजन विधेयक २०७५ को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरू "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनेपछि)

("हुन्न" भन्ने आवाज नसुनिएमा)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतीले विधेयकको अंङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब आर्थिक मामिला तथा योजना मन्त्रि माननीय झपट बहादुर बोहरालाई विनियोजन विधेयक २०७५ लाई सभाबाट पारित गरियोस भन्ने प्रस्ताव पेस गर्न अनुमती दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्रि माननीय झपट बहादुर बोहरा**ः माननीय सभामुख महोदय धेरै कुराहरु सम्बन्धित विषयमा अनुरोध गरेका छौ । प्रदेश सरकारको तर्फबाट यस सम्बन्धी छलफल पनि भएको छ । प्रतिपक्षका सांसदज्यूले पनि आफ्नो जिम्मेवारी सहितको प्रस्तुत भएका छन र उहाँले कहीले पनि हामी प्रतिपक्ष हौ भन्ने कुरा सरकारलाई अनुभूती भएको छैन । उहाँहर पनि सरकार पक्ष जस्तै लागेको छ । उहाँले त्यो भूमिका गैररचनात्मक गतिविधिहरु कुनैरुपमा अप्ठेरो हुने गरी यो सरकारलाई अवरोध गरेको छैन यो गन्तब्यका हामी सबै सहयात्री हौ भनेर रचनात्मक भूमिका निर्वाह गरिराख्नु भएको छ । म प्रदेश सरकारको आर्थिक मामीला तथा योजना मन्त्रीको हैसियतले उहाँलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहाँन्छु र साथै यो चालु आ.ब. २०७४/०७५ को लागि विनियोजन विधेयक पारित गरियोस भन्ने प्रस्ताव माननीय सभामुखज्यू मार्फत यो सभामा प्रस्तुत गर्दछु । धन्यवाद

माननीय सदस्यहरु,

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरू "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनेपछि)

("हुन्न" भन्ने आवाज नसुनिएमा)

"हुन्न" भन्ने आवाज सुनियन तसर्थ विनियोजन विधेयक २०७५ सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू,

अर्को बैठक मिति २०७५ साल बैशाख १४ गते शुक्रबार दिनको ११:०० बजे बस्ने गरी आजको वैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त अपरान्न १:०६ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७५।०१।१९**
**पहिलो अधिबेशन**
**२०औं बैठक**
**बाचन पत्र**

**बैठक प्रारम्भ दिनको १:१० बजे**

माननीय सदस्यहरु,

यस सभाको पहिलो अधिवेशनको बीसौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

अव, म विशेष समय सुरु हुन्छ ।

माननीय सदस्यहरु

प्रदेश नं. ७ प्रदेश सभा नियमावली २०७४ को नियम ८४ बमोजिम नेपाल सरकारले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावको मर्यादा क्रम निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकार गृहमन्त्रालयले २०७४ साल माघ २६ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सदस्यको मर्यादाक्रम आठौं नम्बरमा र प्रदेश सभा सदस्यको मर्यादा क्रम १४ औं नम्बरमा उल्लेखित गरी सूचना प्रकाशीत गरेकोले मर्यादा क्रमको आठौं नम्बरमा रहेको प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्य भन्दा तल नवौं नम्बरमा प्रदेश सभा सदस्यको मर्यादाक्रम उल्लेख गर्न प्रदेश नं. ७ प्रदेश सरकार नेपालसँग समन्वय गरी उपयुक्त मर्यादाक्रम निर्धारण गर्न प्रदेश नं. ७ सरकारलाई प्रदेश सभा निर्देशन गदर्छ । भन्ने संकल्प प्रस्ताव दर्ता हुन आएको छ । उक्त प्रस्तावका प्रस्तावक माननीय श्री अक्कल बहादुर रावललाई प्रस्तावको व्यहोरा पढि बक्तव्य सहित प्रस्ताव पेस गर्न अनुमती दिन्छ ।

**माननीय दुर्गा विकः-** अछामको पञ्चदेवल नगरपालिका वडा नं. ९ मा एउटा उर्मिला विक १८ वर्षिय बालिका माथि सोही निवासी तिलक बटालाले वलात्कार र बलात्कार पछि निर्ममतापूर्वक हत्या गरेको लास तीन दिन पछि मात्र एउटा झुपडिमा भेटिएको छ । यसो भएको हुदाँ हामी मानवअधिकारको कुरा गर्दै छौ । हामी कानूनको शासन भएको देशका नागरिक हौ । त्यस्तो रहस्यमय घटना छ । जहाँ अहिले अनुसन्धान जारी छ । मृतक उर्मिलाको शव पोष्टमार्टमको लागि जिल्ला अस्पतालमा पुगेको छ । अहिले त्यहाँ सुनिन आएको छ । त्यहाँको स्थानीय वासिन्दालाई सम्पर्क गर्दा त्यो घटनाको वारेमा विभिन्न तहमा बुझ्दाखेरी उर्मिलासँग २ वर्ष सम्म उहाँ प्रेम सम्बन्ध र प्रेमको आडम्बरमा घरमा आफ्नो श्रीमती हुदाँ हुदै उस्लाई श्रीमतीकोरुपमा पनि स्वीकार्न नसकिने र १८ वर्षीय उर्मिलाको माइती घरमा पनि उस्ले बस्न नसक्ने अवस्था नहुने र सिंगो धानाकोटको आफ्नो ठाडो सिर उभिन नसकिने अवस्था कायम नरहको कारण उहाँको अहिले बलात्कार त्यसपछि हत्या गरेर दोशीलाई अझ सम्म कडाइका साथ अनुसन्धान गर्ने प्रकृया अगाडि बढेको छैन । यो घटनाको सत्यतथ्य छानविन गरेर दोषी माथि कार्वाही र पिडित परिवार प्रति राहात र उर्मिलाको मृत आत्माको चिरशान्तिको कामना गर्दछु । धन्यवाद ।

**माननीय श्री अक्कल बहादुर रावलः-** सभामुख महोदय, हामी नेपालको इतिहासमै संघीय गणतन्त्रमा व्यवहारिकरुपमा प्रवेश गरेर आग यस प्रदेश नं. ७ को सदनमा उपस्थित छौ । हामी प्रति जनताका थुप्रै आकांक्षा छन् । यो प्रदेश सरकार र सद्न प्रति पनि जनताले नजिकबाट यसले कसरी काम गर्छ । यसको सफलता के हो । यसले जनताका निम्ति के कुरा ल्याएर आउछ भन्ने कुराको सन्दर्भमा जनताले आम सर्वसाधारणले पनि यसका विषयमा नजिकबाट हेरिराखेका छन् । त्यसको जवाफ दिने ठाउँमा हामी छौ । धेरै विषयमा जनतालाई सार्वभौम बनाउने त्यो अधिकार सहित जनताहरुले हामीलाई निर्वाचित गरेर प्रदेश नं. ७ को शासन व्यवस्थालाई सुव्यवस्थित गर्न र जनतालाई अधिकार सम्पन्न गराउने काममा दायित्व सहित हामीलाई यहाँ पठाएको छ । सभामुख महोदय यस गरिमामय सद्नमा हामीले जानकारी गराउनै पर्दछ । आम जनतालाई पनि सुसूचित हुने गरी आम जनतालाई जगजाहेर हुनेगरी एउटा जानकारी गराउनु पर्ने दायित्व पनि हाम्रा अगाडि भएको हुनाले

आज यो प्रदेश नं. ७ को सदनमा एउटा मर्यादा क्रमको सन्दर्भ उठाउन गइराखेका छौ । तापई हामीले देखेका छौ सुनेका छौ र हाज यस सदन मार्फत पनि हामी एउटा सदनको एकमतका आधारमा के सन्देश दिन खोज्दैछौ भने यत्रो बलिदानबाट प्राप्त भएको संघीय गणतन्त्र र त्यसको कार्यान्वयन गर्ने प्रक्रियामा प्रदेश सरकार स्थानीय तह हुदै तीनवटा बलिया सरकारको अभ्यास गर्दै यहाँसम्म आएका छौ । यसलाई हामीले जति बलियो बनाउन सक्यौ यसलाई जति मजलज गर्न सक्यौ त्यति नै जनताका अधिकारहरु सुनिश्चित हुनेकुरा र जनताले अधिकार प्राप्त गर्ने कुरा रहन्छ । तर दुर्भाग्यवस प्रदेश नं. ७ का मात्र होइन देश भरी अफै हामीलाई खट्केको कुरा के हो भने सांसद्हरुको जुन मर्यादा क्रमको कुरा छ । त्यो मर्यादाक्रमको सन्दर्भ हामीले इतिहासमा अध्ययन गर्न सकेको एउटा व्याङ्गयात्मक ढङ्गले प्रदेश सांसदहरुको जुन मर्यादा क्रम तोकिएको छ । यसका निम्ति संघीय सरकारको ध्यानाकर्षण गराउन र आम जनताको चिन्ता र चासोको विषय पनि यस सदन मार्फत जानकारी गराउनका निम्ति यो सदनमा एउटा संकल्प प्रस्तावको रुपमा ल्याएका छौ । म त्यसको व्यहोरा पढेर सुनाउन चाहाँन्छु ।

संकल्प प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव

परिच्छेद १३ को नियम ३९ सँग सम्बन्धित

सभामुख महोदय,

विषयः- संकल्प प्रस्ताव पारित सम्बन्धमा ।

नेपाल सरकारले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरुको मर्यादाक्रम निर्धारण गर्ने सन्दर्भमा गृहमन्त्रालयले मिति २०७४।१०।२६ गते नेपाल राजपत्रमा प्रकाशित गर्दा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सदस्यको मर्यादाक्रम आठौ नम्बरमा र प्रदेश सभाका सदस्यको मर्यादा क्रम १४ नम्बरमा उल्लेख गरी सूचना प्रकासन प्रकाशित गरेकोले आठौ नम्बरमा रहेका प्रतिनिधि सभा तथा राष्ट्रिय सभा सदस्यहरुको मर्यादा क्रम भन्दा तल नबौ नम्बरमा प्रदेश सभाका सदस्यहरुको मर्यादाक्रम उल्लेख गर्न प्रदेश नं. ७ प्रदेश सरकारले नेपाल सरकारसँग समन्वय गरी उपयुक्त मर्यादाक्रम निर्धारण गर्न प्रर्यत्नशील रहन प्रदेश नं. ७ प्रदेश सरकारलाई प्रदेश सभा निदेश गर्दछ । भन्ने संकल्प प्रस्ताव सभाबाट पारित गरियो भनि यो प्रस्ताव पेस गर्दछु । धन्यवाद

माननीय सदस्यहरु,

अब म संकल्प प्रस्तावका समर्थक मा. सदस्यहरुलाई प्रस्तावको समर्थन गर्न समय दिन्छु ।

**माननीय श्री डिल्लीराज पन्तः-** सभामुख महोदय, माननीय अक्कल बहादुर रावलज्यूले प्रस्तुत गर्नु भएको संकल्प प्रस्तावको म समर्थन गर्दछु । साथै जसप्रकार संघीय सरकार जनप्रतिनिधिबाट निर्वाचित भएर देशको सरकार हो । त्यस्तै यो प्रदेश सरकार पनि जन निर्वाचित प्रतिनिधिबाट निर्वाचित सरकार हो । जस प्रकार संघ एउटा राज्यहो त्यस्तै प्रदेश पनि एउटा राज्य हो । राज्यले राज्यलाई दिनु पर्ने मान्यताक्रम मर्यादा क्रम प्रदेशले पनि पाउनु पर्छ भन्ने मान्यता हामी राख्दछौ । संगसँगै यो सभाले दिएका निर्णय कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबैमा त्यतीकै प्रभाव पार्छ । जति संघीय सभाले देशमा पार्ने गर्दछ । जनसरोकारका कुराहरु पनि जनसहभागिताका कुरा पनि जनहितका कुरा पनि संघीय सरकारको जत्रो दायित्व छ । त्यत्रै दायित्व यो प्रदेश सरकारको पनि भएको हुनाले यसलाई यो प्रदेशको मर्यादाक्रमलाई प्रदेश सांसद्को मर्यादाक्रमलाई उपयुक्तरुपमा ठाउँमा राख्ने र हाम्रो धारणा संघीय सांसदहरुपछि नबौ स्थानमा राखियोस माननीय अक्कल बहादुर रावलजीले राख्नु भएको प्रस्ताव समर्थन गर्छु । धन्यवाद

(समर्थन गरे पछि)

माननीय सदस्यहरु,

अब म आन्तरिक मामीला तथा कानुन मन्त्री मा. प्रकाश बहादुर शाहलाई संकल्प प्रस्तावका सम्बन्धमा प्रदेश नं ७ प्रदेश सरकारको धारणा राख्न अनुमति दिन्छु ।

**आन्तरिक मामीला तथा कानुन मन्त्री मा. प्रकाश बहादुर शाहः-** माननीय सभामुखज्यू, माननीय अक्कल बहादुर रावल प्रस्तावक भएर माननीय डिल्लीराज पन्त माननीय कृष्ण बहादुर चौधरीले समर्थन गर्नुभएको प्रदेश सभाका माननीय सदस्यहरुको मान्यताक्रम जनताको भावना अनुकुल भएन संविधानको मर्मअनुकुल भएन । जनताको जनादेश र सार्वभौम संसदको पक्षमा यो देखिएन भनेर यो संकल्प प्रस्ताव यहाँ दर्ता गर्नु भएको छ । यो सर्वथा जायज छ । उचित छ । भन्ने कुरा प्रदेश सरकारका तर्फबाट म सर्वप्रथम सरकारको प्रतिवद्धता यहाँ राख्न चाहाँन्छु । संसद चाहे त्यो केन्द्रीय संसद होस चाहे त्यो प्रदेशको संसद होस यो आफैमा सोब्रेन हुन्छ । सार्वभौम हुन्छ । आफ्नो तहका कानून बनाउने सरकार बनाउने अविश्वासको प्रस्तावलाई पारित गर्ने बजेट प्रस्तुत गर्ने आफ्नो क्षेत्राधिकार भित्रको विकास निर्माणकार्यलाई अगाडि बढाउने जनतालाई सरोकार गर्ने सम्पूर्ण कानून बनाउने सार्वभौम थलो हो । त्यसैले यसमा भिन्नता हुनु हुदैन । जनताबाट जनप्रतिनिधिलाई हामी माननीय भन्छौ । विदेशमा अनोरेबल भन्छ । यसको पनि आफ्नो सन्दर्भमा अर्थ छ । यि जनताका प्रतिनिधि जस्लाई हामी माननीय भन्छौ । जनप्रतिनिधिहरुको प्रदेशका सभासदहरुको प्रदेश सभाका माननीय सदस्यहरुको मर्यादाक्रम राष्ट्रिय सभा र प्रतिनिधि सभाका माननीय भन्दा धेरै पछाडि दुनीयामा कही पनि नभएको स्वीकार्न नसकिने प्रदेश सभाका माननीयलाई हिनताबोध हुने गरी प्रदेश सभाका माननीयको गरिमालाई गिज्याउने गरी जुन ढङ्गले तत्कालिन गृह मन्त्रालयले र नेपाल सरकारले माघ २०७४ माघ २६ गते जुन ढङ्गले मर्यादाक्रम अगाडि सारिएको छ । यसले सार्वभौम संसदको र जनताका प्रतिनिधिमा आच पुऱ्याएको छ । यो सच्याउनु पर्छ । मर्यादाक्रमलाई पुनः व्यवस्थित गर्नु पर्छ केन्द्रका संघीय संसदका सांसदहरुको मर्यादाक्रम पछि प्रदेश सभाका सांसदहरुको मर्यादाक्रम राखिनु पर्छ भन्ने सन्दर्भमा यो प्रदेशको सरकार दृढसंकल्पीत छ । यस प्रस्तावका पक्षमा प्रदेश सरकार आवश्यक लविङ्ग गर्न यसका निम्ति आवश्यक कदम अगाडि चाल्न प्रदेश सरकार दृढ छ । यो प्रस्ताव अत्यन्त सान्दर्भीक छ । यो प्रस्ताव अनुकुल केन्द्रको सरकारले प्रदेशका माननीय सदस्यहरुको गरिमा र प्रदेश सभाको महत्व र गरिमालाई मध्यनजर गरेर मर्यादाक्रमलाई सच्याउनेछ भन्ने कुरामा हामी आशावादी छौ । त्यसकुराका निम्ति काम गर्न प्रदेश सरकार दृढ संकल्पीत रहेको कुरा निवेदन गर्न चाहाँन्छु । धन्यवाद

(मुख्य मन्त्रीको भनाई पछि)

माननीय सदस्यहरु,

अब, संकल्प प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुको लागी ३ मिनेटको समय निर्धारण गरेको छु । छलफलमा भागलिन चाहने माननीय सदस्यहरुले आफ्नो नाम ड्यासमा रहेका सचिवालयका कर्मचारीहरुलाई उपलब्ध गराउनु होला ।

सर्वप्रर्थम महेश दत्त जोशीलाई समय दिन्छु ।

**माननीय श्री महेश दत्त जोशीः-** माननीय सभामुख महोदय, नेपालको राजपत्रमा २०७४ साल माघ २६ गते गृह मन्त्रालयको सुचना अनुसार यो मर्यादाक्रम तोकिएको छ । यसमा सिंगो सदन एकतावद्ध भएको छ । जसमा माननीय अक्कल रावलज्यूले राख्नु भएको प्रस्तावलाई म समर्थन गर्दछु । खास गरी निर्वाचन मंसिर २१ गते निर्वाचन सम्पन्न भई सकेपछि माघ २६ गते पुरानो सरकारको विदाई हुने अवस्था र नयाँ सरकार आइनसकेको अवस्थामा सरकारको कम्जोरीपनको दुरुपयोग भन्छु । माननीय सभामुख महोदय दुरुपयोग गर्दै केही व्यक्तिले पञ्चायतको मनोभावना बोकेका केही व्यक्तिले निरङ्कुसतावादी सोच भएका केही व्यक्तिले सार्वभौमसत्ता सम्पन्न जनतालाई अपमानित हुने गरी जनता र यो संविधान जुन हामीले लामो लडाइपछि लामो संघर्ष पछि ठूलो बलिदानीबाट प्राप्त गरेको संविधान यो संविधानको भावनालाई चोट आउने गरी र संविधानको वर्खिलापहुने गरी यो मर्यादाक्रम तोकिएको छ । माननीय सभामुख महोदय यो पिडा हामीलाई माघमै हामीले सोचेका थियो । यो कुनै व्यक्तिको कुरा होइन कुने पदको कुरा होइन हामी जनतालाई मालिक भनिरहेका छौ । सारा शक्तिको स्रोत नेपाली जनताहो भनिराखेका छौ । नेपाली जनताबाट हाम्रो राष्ट्रिय शक्ति र सरकार प्राप्त, सेना प्राप्त हुन्छ, कर्मचारी प्राप्त हुन्छ, जनताबाटै हामी जन्मीन्छौ भने त्यो जनताले निर्वाचित गरेका जनप्रतिनिधिहरुलाई होच्याउने अपमानित गर्ने यो भन्दा ठूलो अप्ठेरो स्थिती के हुन सक्छ । माननीय सभामुख महोदय, संविधानको भाग १४ धारा १७५ मा प्रदेश व्यवस्थापिकाको व्यवस्था गरेको छ । १ सदनात्मक प्रदेश व्यवस्थापिका हुनेछ भनेको छ । एकसदनात्मक व्यवस्थापिकाले अनुसूची ६ ७ र ९ मा उल्लेखित व्यवस्थाको लागि ऐन कानून र नियम बनाउनु

पर्ने व्यवस्था गरिएको छ । ऐन कानून, नियम बनाउने एउटा विधायक जुन जनताबाट निर्वाचित भएर आएको छ । त्यस्तो गरिमामय सदनलाई माननीय भन्ने चलन हो । माननीयको ओहदाक्रम हेर्दा खेरी यहाँ कसरी राखिएको छ भन्ने क्रममा सबैले बुझ्केको छ । यसमा धेरै भनिरहनु पर्दैन । यो राजपत्रको कुरा गर्नेहो भने यसले संविधानको वर्खिलाप गरेको छ । त्यसैले यहाँ हामीलाई ११ नम्बरमा व्यक्तिहरुलाई मैले ईङ्गीत गर्नखोजेको होइन सरकारका सचिव विशिष्ट श्रेणीका अधिकृत सर्वोच्च अदालतका रजिष्ट्रार महालेखा परिक्षक प्रदेश सरकारका सचिव विश्वविद्यालयका प्राध्यापक भन्दा मुनी १४ नम्बरमा प्रदेश सभासदलाई राखिएको छ । यसरी यो अपहेलना मात्र हुने होइन यो संविधानकै वर्खिलाप नेपाली जनताको मानमर्दान हुने गरी राखिएको छ । यो खारेज हुनु पर्छ भनेर ७ नम्बर प्रदेश एकमुष्ट छ सभामुख महोदय, त्यसैले हामीले ७ नम्बर मै यो आउनु पर्छ । संघीय संसदहरु भन्दा तल ठिक छ । संघीय संसदमा दूई जना लडेका छन् । ७ नम्बर प्रदेशमा १६ वटा केन्द्रीय संसदका माननीय हुनुहुन्छ । हामी ३२ जना छौ ठिक छ त्यो भन्दा मुनी राख्नु पर्दछ । तर त्यो भन्दा पनि धेरै तल प्राध्यापक र शिक्षकहरु भन्दा पनि तल राखिदिने यो मर्यादाक्रम कस्तो मर्यादाक्रम हो । दुनीयालाई लोकतन्त्रको उपहास गर्ने लोकतन्त्र हामी भनिरहने लोकतन्त्रको खिल्ली उडाउने जनताको नै अपमान हुने यस्तो खालको हामीले स्वीकार गरिरहयो भने भोली पिडिले हामीले के भन्ने छ । सबैबाट बन्द गऱ्यो भने जनताको संघर्षको बाटो खुला हुन्छ । यस्तो संविधानलाई नै उपहास हुने सहिदको बलिदानबाट प्राप्त भएको संविधानलाई उपहास हुने गरी यो राजपत्र कस्ले छाप्यो किन छाप्यो यो छाप्ने व्यक्ति नै आफै मैले राष्ट्रपतिको भोट हालेपछि उहाँको चियापान मैले त्यहाँ देखे प्रधानमन्त्री पछि परेको देख्दा उपप्रधानमन्त्री पनि जनताबाट निर्वाचित व्यक्ति हुन । यो अमिल्दो छ । यहाँ नगरपालिका र उपमहानगरपालिका फस्टक्लास भन्दा तल छन् । त्यसकारणले अधिकृत भन्दा तल मैले अधिकृत भन्दा तल भनेको होइन हामील भनेको फ्रि भोलेन्ट्री हो । हामी राज्यलाई सेवा दिने भनेर आएका जनप्रतिनिधि भनेको जनताले पठाएका कानून बनाउनलाई हाम्रो र कर्मचारीको बीचमा आफ्नै खाले दुरी र सीमा छ । उहाँहरुलाई हामी सम्मान गर्छौ उहाँहरुलाई त्यो ढङ्गले सम्मान गर्नु हुन्छ । जनप्रतिनिधि भनेपछि वडा सदस्य पनि सबैले मान्नु पर्ने कर्मचारी तहले हामीले पनि कर्मचारीको विद्वता प्राविधिकतालाई मान्नु पर्ने यो आफ्नै ठाउँमा कुरा होला तर यसरी हेप्ने गरी यो स्वीकार्य हुन सक्दैन त्यसैले यसलाई सर्वसम्मत्त ढङ्गरुपमा तत्काल केन्दीय सरकारको गृह मन्त्रालयले बनाउनु पर्ने भएको हुनाले तत्काल यो सातैप्रदेश बाट आउला नआउपनि हाम्रो प्रदेशले यो उठायो प्रस्ताव राख्नुहुने समर्थन गर्नु हुने र एकमुष्ट समर्थन गर्नु हुने सबै माननीय सांसदज्यूहरुलाई सभामुख मार्फत हार्दीक धन्यवाद कृतज्ञता गर्दै पुनः यसमा मेरो समर्थन रहनेछ र यो तत्काल सच्याउनु पर्छ भन्ने माग सहित आफ्नो भनाई टुङ्गयाउछु । धन्यवाद

**माननीय श्री उमाकुमारी बादीः-** माननीय सभामुख महोदय, संकल्प प्रस्तावलाई म र हाम्रो सम्पूर्ण माननीयज्यूको तर्फबाट समर्थन गर्छौं । त्यो हाम्रो रहर होइन त्यो हाम्रो बाध्यता हो । पूर्ववक्ता माननीयज्यूले धेरै कुरा भनिसक्नु भयो । त्यही कुरा हामीबाट सुरुवात होस यो ७ नम्बर प्रदेशबाट सुरुहोस मैले भन्दै गर्दा कर्मचारी साथीहरुको या मन्त्रालयका सचिवहरुको सहयोग चाहिन्छ । यस्तो मतलब होइन । जनताको प्रतिनिधि भनेको जनताको प्रतिनिधि हो । निर्वाचित भएर माननीयज्यूले सम्मान जनसम्मान पाइसके पछि यो गर्नु राम्रो कुरा होइन मलाई लाग्छ । मन्त्रालयको सचिवको तल माननीयज्यूको सम्मान हुनु भनेको त्यो अन्त हुनु पर्छ । अर्को कुरा मैले भन्दै गर्दा जनताले दिएका मत कोही १९ होइनन कोही २० होइनन् । जस्तो लाग्छ जनताले एकै किसिमको भोट माया विश्वास हामीलाई दिएको हो । संघीय सदनमा वस्ने माननीयज्यूको २० को सम्मान हुने प्रदेशमा बस्नेमा माननीयज्यूको सम्मान १९ हुनु त्यो राम्रो कुरा होइन त्यसैले संघीय संसद पछि प्रदेशका माननीयज्यूको त्यो सम्मान पाउनु पर्छ भन्नका लागि हामीले प्रस्ताव संकल्प प्रस्ताव दार्ता गरेका थियो र यसलाई जस्ताको तस्तै कहाँ पठाउनु पर्छ । जनताको इज्जतको लागि जस्तको तस्तै पठाउनु हुने छ । यो संकल्प प्रस्तावलाई मध्यनजर गरेर यसको नराम्रो पक्षलाई अन्त होस र राम्रो सम्मानको पक्षलाई अगाडि बढोस भन्दै धन्यवाद दिन्छु ।

**माननीय श्री लिलाधर भट्टः-** माननीय सभामुख महोदय, माननीय अक्कल बहादुर रावलले प्रस्ताव पेस गरेको प्रस्तावमा मेरो सैद्धान्तिक सहमती छ । यसका साथसाथै यो विषय प्रदेश सभाका माननीयहरुको मानमर्दनको हो जस्तो मात्र मलाई लाग्दैन । किनकि यसै प्रस्तावमा प्रदेश सभाका सभामुख प्रदेश सभाका मन्त्रीको पनि या मर्यादाक्रम तोकिएको छ । हामीले प्रस्ताव गर्दा हामी नौ नम्बरको प्रस्ताव हुने र सभामुख दशौं नम्बरमा पर्न गयो भने त्यसमा पनि त्रुटी हुन जाला भन्ने म प्रस्तावमा सच्याउन पनि आग्रह गर्न चाहाँन्छु । किनकी प्रदेश सभा सदस्यको नौ नम्बरमा माग गरेका छौ तर नेपाल सरकारले जो अहिले निर्धारण गरेको छ । प्रदेश सभाका

सभामुख दशौं नम्बरमा छन । प्रदेशका मन्त्रीज्यू पनि दशौं नम्बरमा हुनुहुन्छ । जस्ले गर्दा यो भित्रका सम्पूर्ण सदस्य र मन्त्री र सरकारका वारेमा पनि हामीले बोल्नु पर्ने हुन्छ जस्तो मलाई लाग्छ । यसका साथसाथै यो मानमर्दन गर्नका लागि मात्रै तयार गरेको हो जस्तो लाग्दैन । यसका पछाडि पट्टि ठूला ठूला कारणहरु छन् । यो हामीलाई होच्याउन हो जस्तो मात्र लाग्दैन । यो संघीयतालाई फेल गर्ने डिजाइन भित्र पनि पर्छ जस्तो लाग्छ । यो किन यस्को पुष्ट्याइ के हुन्छ भने प्रदेशमा सहसचिव नै सचिवल भएर जाने केन्द्री सहसचिव प्रदेशमा हुदाँ सचिव भएर जाने र सचिव भएर जादाँ खेरी उस्को ऱ्याङ्कलाई कहाँ राख्ने र अहिले भएका सचिवहरु मन्त्रालयमा भएका सचिवहरु विभिन्न एकै मन्त्रालयमा तीन वटा सचिव बस्ने र प्रदेशको सचिव भएर आउने मान्छे सहसचिव सिनियर बाट होइन जुनीयरबाट आउने । जस्ले गर्दा विज्ञ प्रशासनिक क्षमता भएको व्यक्तिलाई प्रदेशमा कुने हिसावले पनि अटाउन नसक्ने खालको वातवरण सृजना गर्ने । जुनीयर सचिव भित्र सिनीयर सचिव नपुगोस जस्ले गर्दा प्रशासनिक संयन्त्रमाथि खलबल होस भन्ने यसको मनसाय देखिन्छ । जसरी प्रमुख जिल्ला अधिकारी फस्टक्लास सहसचिव नै हुनुहुन्छ । अहिले ७ नम्बर प्रदेशको तीनवटा जिल्लामा सिडियो हुने व्यक्ति कमसेकम चार वर्ष पाँच वर्ष पहिला सहसचिव भएको व्यक्ति आइरहेको छ । तर हाम्रो मन्त्रालयका सहसचिव भरखर सहसचिव भएको ऱ्याङ्कमा आउदाखेरी आन्तरिकमामिला गृह कानूनको सहसचिव भन्दा यहाँको प्रमुख जिल्ला अधिकारी सिनियर हुदाँ त्यसले प्रशासनिक संयन्त्रलाई कसरी सञ्चालन गर्छ । यो समस्या पनि यसभित्र देखिएको छ । यति मात्र होइन यहाँ प्राविधिक अहिले हामी संघीय सरकारका कर्मचारीहरुको वारेमा हामीले छलफल गऱ्यौ । त्यहाँ देख्दा सिनियर कर्मचारी मित्रहरुलाई तपाईहरु प्रदेशमा किन जानु भयन भनेर छलफल गर्दा उहाँहरुले भन्नु हुन्छ । प्रदेशमा सचिव नियक्त गर्दा जुनीयरलाई पठाइयो हामी ५,७, ८ वर्ष सहसचिव भएको भए र हाम्रो कुनै मूल्याङ्कन गरिएन त्यसोहुदाँ हामी काम गर्न नसक्ने भएर बसेका छौ भनेको छ । पूर्ववर्ती सरकारले जसरी हतारमा यो निणर्य गरियो । यो माननीयको मात्रै मानमर्दन होइन जस्तो लाग्छ । त्यसो भएको हुनाले यो गरिमामय सदनमा माननीय अक्कल बहादुर रावलले पेस गरेको प्रस्तावमा मेरो समर्थन रहदै त्यसमा सभामुख उपसभामुख प्रदेशका मन्त्रीको पनि ऱ्याङ्कीङ् मिलेको छैन । आजको प्रस्तावमा थप्न आग्रह गर्दै कर्मचारी तन्त्रलाई पनि व्यवस्थित गर्न सिनीयर कर्मचारीलाई स्वाच्छ वातावरणमा काम गर्न अनुकुल वातावरण मिलाउन म यो गरिमामय सदन मार्फत संघीय सरकारलाई आग्रह गर्दछु । नमस्कार

**माननीय श्री कृष्णराज सुवेदीः-** माननीय सभामुख महोदय, माननीय अक्कल बहादुर रावलले पेस गर्नु भएको प्रस्तावलाई पूर्ण समर्थन गर्दै नियम कानून र विधान कानून बनाउने एउटा निकाय भनेको समिति प्रतिनिधि सभा र प्रदेश सभा प्रदेश सभाको मर्यादा क्रम प्रदेश सभाका मुख्य सचिवको भन्दा मुनी माननीय सभामुख महोदय, अब प्रदेश सरकारका सचिवले प्रदेश सरकारका माननीय सांसदहरुलाई माननीयज्यूले भनेका कुरालाई कति सम्म कार्यान्वयन गर्नु हुन्छ । किन भने मर्यादाक्रममा सचिव भन्दा माननीय पछाडि छन भने । अनि त्यो कर्मचारीले गरेन भन्ने ठाउँ पनि छैन । भन्न पनि नमिल्ने तर जनताका प्रतिनिधि धैरै पछाडि पारिएको यो संघीयलाई नै असफलता पार्ने दुस्प्रयास त होइन भन्ने कुरा हामीलाई संका लागेको छ । माननीय सभामुख महोदय, प्रदेश सभाबाट कानून बन्छन् र कर्मचारीबाट कुनै ठाउबाट पनि कानून र विधेयक बनाउने ठाउँ हुदैन । त्यसैले आज यो प्रदेश सभाका माननीयको मात्र छैन । अघि माननीय लिलाघर भट्टले भने जस्तै यहाँ सभामुखको मर्यादा उपसभामुखको मर्यादा सबै प्रदेशका मन्त्रीज्यूको मर्यादा पनि कर्मचारी भन्दा तल राखिएको छ । यसलाई सुधार्नका लागि अति आवश्यक छ । त्यसैले म यो गरिमामय सदनमा के निवेदन गर्न चाहाँन्छु भन्दा यस्ता २०७४ माघ २६ गेत नेपाल राजपत्रमा प्रकासित भएको मर्यादाक्रमलाई यथा सिघ्र सुधार गरेर प्रतिनिधि सभा र राष्ट्रि सभाका माननीय सदस्यको मुनी ८ नम्बरमा उहाँहरुको छ । नौ नम्बरमा हाम्रो मर्यादाक्रम कायम हुनु पर्छ भन्ने यो सदनमा जोडदार माग गर्दै मेरो क्षेत्रका केही समस्यालाई पनि यो गरिमामय सदनमा राख्न चाहाँन्छु । माननीय सभामुख महोदय, अत्तरिया क्षेत्रको चारैतिर खोका छाप्रामा ठेला व्यापारि बसेका थिए । आज त्यो बाटो निर्माण गर्नेमा धैरै विस्थापित भएका छन् । कसैकसैका त छाक बासको एकदम अफ्टेरो परेको छ । यतातिर सरकारको ध्यान जाओस भन्ने अनुरोध गर्न चाहाँछु । साथै अत्तरिया क्षेत्रमा दुई वटा सामुदायिक वन भित्र अतिक्रमण गर्ने घरवास वनाउने र त्यहाँ दिनानुदिन सामुदायिक वनहरु नोक्सान हुने भएकाले त्यो यथासिघ्र रोकथामका लागि म यसै गरिमामय सदनमार्फत माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहाँन्छु । माननीय अक्कल बहादुर रावलले पेस गर्नु भएको यो प्रस्तावको समर्थन गर्दै यथासिघ्र कार्यान्वयनको पक्षमा सिंगो सदनको ध्यान जाने छ भन्ने कुरा अबगत गर्दै विदाहुन्छ । धन्यवाद

माननीय सदस्यहरु,

संकल्प प्रस्तावको छलफल माथि बोल्ने समय यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु,

अब म आन्तरिक मामीला तथा कानुन मन्त्री मा. प्रकाश बहादुर शाहलाई छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**आन्तरिक मामीला तथा कानुन मन्त्री मा. प्रकाश बहादुर शाहः-** माननीय सभामुखज्यू, माननीय सांसदज्यूहरुले यस सन्दर्भमा आफ्नो बिचार प्रकट गर्नु भएको छ । प्रश्न त खासै आएको छैन । यो जायज छ । प्रदेश सरकारको मर्यादाक्रम प्रदेशको संसद र संसदका सभामुख उपसभामुख र प्रदेशका पदाधिकारीहरु यो संघीयताको मर्म र भावना अनुकुल प्रदेशलाई बलियो बनाउनु पर्छ । संसदलाई सम्मानीत गर्नु पर्छ । अनि मात्र संघीयता सफल हुन्छ । संघीयताको मर्म र भावनालाई जनताले आत्मसाथ गर्न सक्छन् भन्ने कोणबाट उहाँहरुको माननीय सांसदको अभिमत प्रकट भएको छ । म प्रदेश सरकारको तर्फबाट यो सम्मानित सदनमा उठेको प्रस्तावलाई यो सदनले दिएको निर्देशलाई सम्बन्धित निकायमा अगाडि बढाउनको लागि यसलाई कार्यान्वयन गर्न अगाडि पहल गर्न प्रदेश सरकार लाग्ने छ भन्ने कुरा म निवेदन गर्न चाहाँन्छु । यो प्रदेश सभाको यो गरिमामय सदनको निर्देश लाई प्रदेश सरकारले आत्मसाथ गर्ने छ । प्रदेशका सबै निकायका संसदका सरकारका सबै पदाधिकारीको जुन गरिमा जुन मर्यादाक्रम जुन ढङ्गले निर्वाचित संस्थाहरुको जनताका प्रतिनिधिहरुको हुनु पर्ने थियो । त्यो भएको छैन । त्यसलाई पुनः व्यवस्थित गरियोस त्यसलाई सच्याइयोस संघीयताको मर्म नेपालको संविधानको मर्म र जनताको सार्वाभौम सत्ताको सवाललाई सम्मान गरियोस भनेर जुन ढङ्गले प्रस्ताव आएको छ । यसमा प्रदेश सरकारको दृढ समर्थन रहेको कुरा निवेदन गर्दै यहि भनाई राख्न चाहाँन्छु । धन्यवाद

(जवाफ दिए पछि)

माननीय सदस्यहरु,

संकल्प प्रस्ताव माथिको छलफल यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु,

अब म उक्त संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने मा. सदस्यहरुले"हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने मा. सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भने पछि )

प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरु "हुन्न"भन्नुहोस ।

("हुन्न" भने पछि )

"हुन्न" भन्ने आवाज हुनिएन तसर्थ उपरोक्त संकल्प प्रस्ताव सर्व सम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

आजको बिशेष समय यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु,

अब म स्थानीय तहको कानुन निर्माण प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७५ माथिको कार्वाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

स्थानीय तहको कानुन निर्माण प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७५ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव माथि प्रदेश नं ७ प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम कुनै पनि बिरोधको सूचना प्राप्त हुन नआएको व्यहोरा जानकारी गराउछु ।

(जानकारी गराए पछि)

माननीय सदस्यहरु,

आन्तरिक मामीला तथा कानुन मन्त्री माननीय प्रकाश बहादुर शाहलाई स्थानीय तहको कानुन निर्माण प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७५ लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आन्तरिक मामीला तथा कानुन मन्त्री माननीय प्रकाश बहादुर शाहः-** माननीय सभामुखज्यू, संविधानले व्यवस्था गरेबमोजिम हाम्रो देशमा तीन तहका सरकार छन् । तीनै तहमा आफ्नो आफ्नो ठाउँमा सार्वभौम संसदहरु पनि छन् । जसरी केन्द्रको संसदले देशलाई आवश्यक पर्ने कानूनको निर्माण गर्छ । प्रदेशको संसदले प्रदेशलाई आवश्यक पर्ने कानूनको निर्माण गर्छ । त्यसै गरी स्थानीय तहको सरकारलाई आवश्यक पर्ने र स्थानीय तहको संसदलाई त्यो नगर सभालाई गाउँ सभालाई आवश्यक पर्ने कानून निर्माण गर्न सक्ने त्यो हैसीयत स्थानीय निकायको संसदले राख्ने हुदाँ यो स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई विधिवतरुपमा म नेपाको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम र प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोमिज यो विधेयक यो सार्वभोम संसद प्रदेश सभामा टेबल गर्न चाहाँन्छु । माननीय सभामुखज्यू, यस बीचमा हाम्रो प्रदेशमा विभिन्न खाले शान्ति सुरक्षा सम्बन्धी घटना घटेका छन् सीमानामा दुई देश बीचको जुन एउटा सार्वभौम हुनु पर्ने अन्तराष्ट्रिय कानूनले भन्छ । त्यसबीचमा केही समस्या देखा परेका छन् । र बोक्सीको नाममा हाम्रो प्रदेशमा राधा चौधरी माथि निर्घात हमला भएको छ । यो सार्वभौम सम्पन्न संसदले यो संसदमार्फत यो प्रदेशका न्याप्रेमी जनसमुदायहरुले यि प्रदेशमा घटेका घटनाका वारेमा जनताले सुसूचित हुने अधिकार राखेको छ । त्यसका सन्दर्भमा पनि म प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रीको हैसीयतले केही समसामयीक विषयमा समेत यो सम्मानीत सदनलाई ध्यानाकर्षणका लागि यो प्रदेश सरकारको धारणा राख्न अनुमती चाहाँन्छु । माननीय सभामुख महोदय, हाम्रो देशमा खास गरी १८ सय १६ को सुगौली सन्धी मार्च ४ १८१६ मा नेपाल र भारतको इस्ट इन्डीया कम्पनी र नेपाल सरकारको बीचमा सुगौली सन्धी भएपछि गजराज मिश्र र चन्द्र शेखर उपाध्यायका बीचमा तत्कालीन लेफ्टीनेन्ट करनेल ब्राट साह र नेपालका गजराज मिश्रका बीचमा जुन सुगौली सन्धी भयो । त्यसले वर्तमान नेपालको मेची देखि महाकाली सम्मको सिमानालाई निर्धारण गरेको छ । सोही सालको १८१६ को डिसेम्वर ८ मा पुरक सन्धी भएको छ । त्यो पुरक सन्धीले मेची देखि राप्ती सम्मको समथर भूभागलाई दुई देश बीचको सीमानामा नेपालमा पर्छ भनेर नेपालले पुनः प्राप्ती गरेको छ । दोस्रो पटकको सन्धीले तेस्रो पटकको सन्धी नोभेम्बरको १ मा जंगबहादुर राण र अंग्रेज सरकारका लेफ्टीनेन्ट जर्नेल जर्ज ज्याम्सको बीचमा तेस्रो पटक सन्धी भएको छ र बाँकी वर्दिया कैलाली कञ्चनपुर नेपालले प्राप्त गरेको छ । चौथो पटक १८७५ मा जनवरी ७ मा सिद्धिमान राज भण्डारी र लेफ्टीनेन्ट जर्नेल म्याक यन्ड्यूको बीचमा चौथो पटक सन्धी भएको छ । त्यसले दाङको अररा नदी देखिको भूभाग नेपालले प्राप्त गरेको छ । यसै गरी चार पटक नेपाल र भारतको बीचमा सन्धी भएर जुन हालको नेपालको सीमा सीमाना कायम गरिएको छ । मेची देखि काली सम्म हिमाल देखि तराई सम्म यो बीचमा पटक पटक दुईवटा सर्वाभौम मुलुकको बीचमा हाम्रो ओपन बोर्डर छ सबैलाई थाहै छ । विश्वमा दुर्लभ देश होलान नेपाल र भारतको डेली बेसिस ओपन बोर्डरमा जुन काम हुन्छ । त्यस्तो संसारमा कही पनि छैन । दुई देशको सीमानामा बेला बखतमा समस्या आउने विवाद आउने देखिएको छ । हाम्रै प्रदेशको कालाकुण्ठीमा कुसुमघाटमा फुलवारीमा सीमानामा समस्या छ । र भरखरै कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिकाको वडा नं. १ स्थित सिमा स्तम्भ १९४ देखि १५० मिटर पश्चिम तर्फ प्यारा ताल नजिक नेपाली पक्षबाट पुनरवास नगरपालिकाको सहयोगमा करीव ५ लाखको सहयोगमा तीन किलोमिटर तारवार बनाउने योजना थियो । करिब तिन सयम मिटर जति बाँकी रहदा निर्माण कार्य बाँकी रहदा दश जगा क्षेत्रमा परेको भनेर १३ गते भारतले सिमा सुरक्षा बलबाट अवरोध खडा हुन गएको छ । र दूइवटा अस्थायी पिल्लरहरु काडेतार लगाइएको पिल्लर उखेलेर फालिएको छ । वडा अध्यक्ष नारायण प्रसाद जोशीले यो हामीले काडेतार

लगाउन पाउनु पर्छ भनेर उहाँको नेतृत्वमा ५० ६० जना जती नेपाल तर्फको समूहले विरोध गर्दा पछि भारतीय एस एस बीका कमाण्डरले यो बलमिच्याइ भयो कमजोरी भयो भनेर नेपाल पक्षका जनप्रतिनिधिको सामु कमजोरी स्वीकारेको कुरा छ । सभामुख महोदय, यो प्रदेशको शान्ति सुरक्षाको स्थिति विग्रन नदिन र प्रदेशको शान्ति सुरक्षालाई बहाल राखिराख्न प्रदेश सुरक्षा समन्य समितिको बैठक सिघ्र आह्वान गरेर बैठक वसेर प्रदेशको शान्ति सुरक्षालाई मजबुत गर्ने र हाम्रो जनधनको सुरक्षा कायम राख्ने कुरामा प्रदेश सरकार सचेत रहेको कुरा निवेदन गर्न चाहाँन्छु । हामीले जसरी भारतीय सिमा सुरक्षाबल बाट पटक पटक नेपाल भूमीमा जुन बलात ढङ्गले हस्तक्षप हुन्छ । हेपाहा प्रवृति हुन्छ । यो कुरा सच्याउनु पर्छ दुईवटा सार्वभौम मुलुकहरु क्षेत्रफलले सानो ठूलो होला जनंख्याले सानो ठूलो होला तर युएन चार्टरको भावले पञ्चशीलको सिद्धान्तको आधारमा सयुक्त राष्ट्र संघको बडापत्रको आधारमा दुई वटै मूलुक सार्वभौम छन् । समान हैसीयत राख्दछन भन्ने कुरामा प्रदेश सरकार सचेत छ । माननीय सभामुख महोदय, हामीले भनेका छौ । यद्यपी यो केन्द्रीय सरकारको अधिकारको विषय हो । हामीले आग्रह गरेका छौ कि भारत सरकारको आर्थिक वर्ष छिटै सम्पन्न हुने दुईवटै मुलुकले कार्यदेश प्राप्त गरेको जुन जेटीस छ । त्यसले यसै फिल्ड सर्भे टिमको नेतृत्व गरेको सुदर्शन धामी हुनुहुन्छ । त्यसको म्याद २७ गते सिद्धिने हुदा सीमानामा विवाद कायम रहीरहने हाम्रो सीमानामा पर्ने त्यो स्थानमा पर्ने ..... प्रदेश सरकारको क्षेत्राधीकारलाई अस्वीकार गरेको प्रतित हुन्छ । त्यसैले जुन ढंगले आन्तरिक सुरक्षा समन्वय गर्ने निर्देशिका जारी गरेको छ । प्रदेशको कानून नबनुन्जेल सम्मका निम्ति प्रमुख जिल्ला अधिकारीलाई समन्वय प्रदेश सुरक्षा समन्वय निर्देशिका मार्फत प्रदेशको आन्तरिक मामिला मन्त्रालय प्रति जिम्मेवार बनाएको छ । प्रदेशको मुख्यमन्त्री कार्यालय प्रति प्रदेश सचिव प्रति जिम्मेवारी बनाएको छ । यो कुरालाई मनन गरेर सबै प्रमुख जिल्ला अधिकारीहरुले संघीयताको मर्म संविधानको भावना र जनताको आकांक्षा अनुसार काम गर्नु पर्छ भन्ने कुरामा प्रदेश सरकार यसमा दृढ भएको कुरामा म निवेदन गर्न चाहाँन्छु । राधा चौधरी माथि जुन ढङ्गको निर्घात कुटपिट भयो आठ मार्चको दिनमा फागुन २४ गते हुनु पर्छ त्यसपछि प्रदेश सरकारले आन्तरिक मामिला र कानूनको हैसियतले मैले नेपाल प्रहरिको प्रदेश प्रमुखलाई एआइजीलाई तत्काल निर्देश गरेर यो जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई निर्देश गरेर दोषी माथि कार्वाही गर्ने राम बहादुर चौधरी माथि कथित भोलेबाबा माथि कार्वाही गर्ने किस्मती चौधरी जो आफूलाई पार्वतीकोरुपमा ठान्छीन उनीमाथि कार्वाही गर्ने निर्देश गरेको थिए । देशीलाई कानूनको कठघरामा ल्याउने र बोक्सी आरोप ऐन अन्तर्गत कडा भन्दा कडा कार्वाही गर्ने निर्देश गरेको थिए । तदअनुकुल दोषीहरुलाई अदालतमा यो मुद्दा अदालतमा दर्ज भएको छ । अभूतपूर्वरुपले यो बोक्सी आरोपमा अन्त्र ठाउँमा मिलेमतो हुने गऱ्यो । दोषी माथि कडा कार्वाही हुदैनथ्यो । यसपटक दोषीलाई कडा कार्वाही गर्ने । यो कुरा लाई अगाडि बढाएको कुरा म सदनमा निवेदन गर्न चाहाँन्छु । माननीय सभामुख महोदय, अहिले प्रदेशको शान्ति सुरक्षाको स्थिती समान्य छ । यो स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकलाई विधिवत रुपमा दर्ज गर्न चाहाँन्छु । यस उपर समितिमा गहन छलफल होस दफावार छलफल होस् भन्न चाहाँन्छु । धन्यवाद

प्रस्तुत गरे पछि)

माननीय सदस्यहरु,

आजको बैठको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक भोली मिति २०७५ साल बैशाख २० गते बिहिबार दिनको ११ बजे बस्ने भएकोले उक्त मिति सम्मकालागी बैठक स्थगित भएको घोषणा गर्दछु ।

**बैठक समाप्त २:०९ बजे**

**प्रदेश सभा**
**प्रदेश नं. ७**
**२०७५/ ०१ /२१**
**पहिलो अधिवेसन**
**(एक्काइसौं बैठक)**
**बाचन पत्र (रिडिङ्ग पेपर)**

**बैठक प्रारम्भ दिनको ११:०७ बजे**

मा० सदस्यहरु,

यस सभाको एक्काइसौं बैठकको कारवाही प्रारम्भ हुन्छ।

मा० सदस्यहरू,

अब म, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु।

मितिः २०७५।०१।१९

विषयः विधेयक प्रमाणिकरण गरी पठाइएको।

श्री प्रदेश सभा सचिवालय

प्रदेश नं. ७, धनगढी।

नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष पेश भएको "विनियोजन विधेयक, २०७५" माननीय प्रदेश प्रमुखज्यूबाट संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गरिएको छ। प्रमाणिकरण गरिएको विधेयक थान-१ (एक) यस कार्यालयको अभिलेखमा राखी थान-४ (चार) यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ।

युवराज सुवेदी

सचिव

मा० सदस्यहरू,

आन्तरिक मामिला तथा कानून मन्त्री मा० प्रकाश बहादुर शाहलाई "स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथि नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेश गर्न अनुमती दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहः-** माननीय सभामुखज्यू, स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई प्रदेश सभा नियमावलीको नियम १०७ बमोजिम यस गरिमामय संसद्मा छलफल गरियोस भनी म पेस गर्न चाहाँन्छु। धन्यवाद

(प्रस्ताव पेश भएपछि)

मा० सदस्यहरू,

"स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ। छलफलमा विधेयकको सैद्धान्तीक पक्षमा मात्रै छलफल गरिने छ। विधेयकको मनसाय स्पष्ट पार्न आवश्यक देखिएमा वाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन। सामान्य छलफलमा भाग लिन चाहाने मा० सदस्यहरूले आफ्नो नाम ड्यासमा रहेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराउनु होला। छलफलमा भाग लिने प्रत्यक मा० सदस्यहरूको लागि ३ मिनेटको समय निर्धारण गरेको छ।

सर्वप्रथम माननीय श्री महेश दत्त जोशीलाई अनुमती दिन्छु ।

**माननीय महेश दत्त जोशीः-** माननीय सभामुख महोदय, स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा यो गरिमामय सदनमा माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले पेस गर्नु भएको छ । यसरी विधेयकहरु आउने गति अलि तिब्रता भएको छ । यसको लागि मन्त्रीज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहाँन्छु । यो विधेयक अति महत्वपूर्ण विधेयक छ । यसमा अनुगमनको व्यवस्था पनि हुनु पर्ने कुरा राख्न चाहाँन्छु । अनुगमनको पाटो पनि केही कुराहरु थप्नु पर्ने हुन्छ । यो विधेयक दफावार छलफल गर्नु पर्ने र यसको हार्ड कपि हल भित्रका माननीयज्यूहरुलाई मात्र प्राप्त भएको मलाई जानकारी भएकोले सभामुखज्यू मार्फत म अनुरोध गर्न चाहाँन्छु । मन्त्रीज्यूलाई यो सबै कपिहरु प्राप्त होर र यसलाई चौबिस घण्टा अध्ययन गर्ने व्यवस्था हाम्रो यस विधेयकको १९ नम्बर दफामा समितिको प्रतिवेदन प्रस्तुत पएपछि समितिको प्रतिवेदन सदस्यहरुलाई वितरण गरिने छ । भनिएर लेखिएको छ । यो चाँही समय अपुग भएजस्तो लागिरहेको छ । त्यसैले यसलाई दफावार छलफल गर्न सम्बन्धित समितिमा यो विधेयक पठाइयोस् हाम्रो चार वटा समिति मध्ये विधायन समिति नै होला यसको सम्बन्धित समिति कम्तिमा यसमा छलफल गर्ने समय प्राप्त होस भन्ने म अनुरोध गर्न चाहाँन्छु । धेरै कुराहरु म हेर्न बाँकी हामीले यसमा भएकोले यसलाई परिपक्व बनाउन र छलफल पश्चात मात्रै यसको स्वीकृतिका लागि संसद्‌ले अनुमोदन गर्नु पर्ने भएकोले केही कुराहरु छुटेका हुनसक्छन् त्यो अध्ययनको क्रममा समयका लागि म सभामुख महोदयलाई अनुरोध गर्दछु । अरु सबै ठिकै भएको र हेर्नु पर्ने भएकोले समयको आवश्यकता भएको छ । यो विधेयक आएकोमा खुसी व्यक्त गर्दै आफ्ना कुरा राख्न दिएकोमा धन्यवाद ।

**माननीय श्री लिलाधर भट्टः-** माननीय सभामुख महोदय, स्थानीय तहको कानून निर्माण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सम्मानित सदनमा पेस भएको छ । यो विधेयले स्थानीय तह सञ्चालन गर्दा आइरहेका कठिनाइहरु लामो समय सम्म स्थानीय तहहरुले कानून निर्माण गर्नमा समस्या भोगि रहेका छन् । यो विधेयक आइसकेपछि यसले कानूनको रुपमा ग्रहण गरिसकेपछि ७ नम्बर प्रदेश भरिको स्थानीय तहहरुले काम गर्नमा सहजता हुने देखिन्छ । हामीले अलि ढिलो भएजस्तो पनि महसुस गरेका छौ किनकी स्थानीय तहको झण्ड झण्डै अब, दश महिनाको समय गईसकेको छ र अहिले पनि कानून निर्माणमा ठूलो समस्या आइरहेको हामी देख्छौ जस्तै विधेयक कसरी पेस गर्ने भन्ने वारेमा र त्यसैगरी कानून निर्माण गर्ने सम्बन्धमा स्थानीय तहमा र अनुगमनका सम्बन्धमा पनि प्रदेश सरकारले कानून निर्माण गर्ने छ भन्ने विभिन्न बुदाहरुमा लेखिदा अहिले विभिन्न खालका ढिलाई भएको महशुस गरिएको थियो । अहिले सरकारले जो विधेयक प्रस्तुत गरेको छ । यसले सकारात्मक रुपमा र छिटो भन्दा छिटो यसले स्थानीय तहहरुलाई काम गर्नको लागि सजिलो हुने छ । यसका साथसाथै यो विधेयकले अवका दिनमा अरु विधेयकहरु स्थानीय तहलाई चाहीने आवश्यक विधेयकका लागि पनि बाटो खुला भएको हामीले महसुस गरेका छौ । जहाँसम्म यो विधेयक अब यसको दफावार छलफलको लागि समितिमा जाने छ । यो कुरा सभामुख मार्फत यहाँ आईसकेको छ । दफावार छलफल पछि यसका विभिन्न बुदाहरुमा हामीले समितिमा व्यापक व्यापक छलफल गर्ने छौं । यसमा केही सुधार गर्नु पर्ने कुरा पनि हामीले देखेका छौ । सैद्धान्तिक रुपमा केही कुराहरु र केही कुराहरु हामीले हिजो भइरहेको कुराहरु जसरी स्थानीय निकाय चलिरहेको थिए स्थानीय निकायकै मोडेलमा पनि त्यसमा केही बुदाहरु हामीले देखेका छौ । अब स्थानीय निकाय होइन स्थानीय सरकार चलाउनु पर्छ भन्ने तरिकाले यसका सैद्धान्तिक मर्महरुलाई अहिलेको संविधानको भावना अनुसार विधेयकमा केही भाषिक शुद्धता र केही केसले गर्न सक्ने कामको वारेमा हामी समितिमा छलफल गर्ने छौं भन्ने हामीलाई विश्वास छ । यसका साथसाथै विधेयकले दिन खोजेको मूल भावनालाई यो गरिमामय सद्‌नमा छलफल हुने भन्ने विश्वास छ धन्यवाद ।

**माननीय श्री कर्ण बहादुर मल्लः-** माननीय सभामुख महोदय, स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको जुन विधेयक आज आएको छ । यसको हामी स्वागत गर्न चाहाँन्छौ । यो राम्रो पक्ष हो । तर प्रक्रिया ढङ्गले यो गरिमामय सद्‌नमा विधेयक प्रस्तुत भएको यो कपि प्राप्त भएको छैन यसलाई सामान्य छलफलको प्रक्रियामा अगाडि बढाउनु भयो यसमा धेरै कठिनाई हामीले महशुस गरेका छौं । आगामि दिनमा यो विधेयकहरु कुनै पनि प्रकृतिका विधेयकहरु आउदै गर्दा कम्तीमा सबै माननीय सांसदज्यूहरुको हातमा यो अगाबै प्राप्त भयो भने यो गरिमामय संसद्‌मा यसलाई दफावार छलफल गर्न सहज हुने थियो भन्ने म आग्रह गर्न चाहाँन्छु । माननीय सभामुख महोदय, तथापी यो जुन विधेयक आएको छ । यसलाई विधायन समितिमा लगेर पूर्व वक्ता माननीयज्यूहरुले भनेका कुराहरुमा म समर्थन जनाउदै यसलाई दफावार छलफल गरेर यसलाई अन्तिमरुप दिने कुरामा हामी प्रतिवद्ध नै छौ । सभामुख महोदय यो समयका लागि पनि धन्यवाद दिन चाहाँन्छु । हिजो यो गरिमामय सद्‌नमा माननीय गृहमन्त्रीज्यूले विप्लब लगायत समूहका जुन वन्द हड्तालका कार्यक्रम प्रस्तुत गर्नु भयो

त्यसमा हाम्रो गम्भीर आपत्ति छ । हाम्रो सरकारको गृह मन्त्रीले एउटा राज्यबाट असन्तुष्ट पक्षको चाँही बन्द हड्तालका कार्यक्रमहरु यो गरिमामय सद्न समक्ष उहाँहरुले जुन प्रस्तुत गर्नु भयो त्यो प्रति हाम्रो गम्भीर आपत्ति छ । र आग्रह गर्न चाहाँन्छु माननीय सभामुख महोदय यो सरकारलाई बरु यो सरकारले यद्पी यो राष्ट्रिय समस्या हो तथापी हाम्रो प्रदेशमा धेरै स्थानीय तहमा विप्लब समूहको नाउमा स्थानीय तहमा जन निर्वाचित जनप्रतिनिधिहरुलाई राजिनामा दिने लिखित धम्कीहरु आएका छन् । त्यो निर्क्यौल गर्नका लागि उहाँहरुलाई राज्यसरकारले उहाँहरुलाई वार्तामा आउनका लागि उनिहरुको समस्या के हो त हड्ताल गर्ने बन्द गर्ने अहिले लिखतरुपमा जनप्रतिनिधिका बीचमा आतङ्कीत मच्चाउने अभियान छ । उनको के असहमती हो त ? कम्तीमा हाम्रो प्रदेश सरकार आफ्नो क्षेत्राधिकार भित्र बसेर तपाईहरुसँग सम्बाद गर्न तयार छ । तपाईहरुसँग वार्ता गर्न तयार छ । भनेर वार्ताका लागि आह्वान गरोस भनेर आग्रह गर्न चाहान्छु । त्यसैगरी माननीय सभामुख महोदय पेट्रोलियम पदार्थको भाउ निरन्तर बढिराखेको अवस्था छ । यो प्रति पनि प्रदेश सरकारको ध्यान जाओस भन्ने आग्रह गर्दै विदा हुन्छु । धन्यवाद

**माननीय श्री भरत बहादुर खड्का:-** सभामुख महोदय, अब हामी यो हिउदे अदिवेशन साथ हामी अन्तिम अवस्थामा पुगेका छौं । मलाई लाग्छ । अभ्यासका क्रममा नै हामी छौं । यो पहिलो अधिवेशन पहिलो अभ्यास एउटा सिस्टममा परिणत भएको छ । यो आफैमा उपलब्धीमूलक छ । यो स्वागत योग्य छ । जहाँसम्म स्थानिय तहको कानून बनाउने विधेयक आएको छ । यो धेरै महत्वपूर्ण विधेयक हो । यो धेरै अगाडि आउनु पर्थ्यो र यसमा गहनतम छलफल हुनु पर्छ किनभने कानून भनेको त्यती सजिलो विषय होइन कानून निर्माण गर्दा फुलिष्टप, कमा, र, वा, तर, पनि त्यस्ता शब्दले पनि धेरै फरक पार्दछ । त्यसैले यो कुनै लेख रचना लेख्या जस्तो हुदैंन र यो गम्भीर प्रकृतिको हुन्छ । यो अर कानूनसँग पनि बाझिनु हुदैंन । त्यसैले सभामुख महोदय मार्फत म के भन्न चाहाँन्छु भने । संसदज्यूहरुले उठाएको जो प्रश्न छ । अत्यन्त संवेदनशील छ । किनभने एक मिनेटमा, एकछिनमा कुनै कानून निर्माण हुन सक्दैन । यसको गम्भीर छलफल हुनु पर्छ अध्ययन हुनु पर्छ र यसका केही प्रक्रियाहरु छन् । सैद्धान्तिक छलफल भनेको पनि एउटा मूलभूत कुरा हो । यसले मार्ग निर्देशन गर्छ । हामी कुन बाटामा जान्छौ त भन्ने कुराको मार्गलाई यसले संकेत गर्छ । सैद्धान्तिक छलफल भनेको सामान्य हुदैंन । यसले मार्गलाई निर्देश गर्छ । हामी कुन गन्तव्यमा पुगने हो भन्ने कुरालाई यसले सुरुवात गर्छ । जे भएपनि सरकारले ल्यायो स्थानीय तहमा कानून नबनेका कारणले रणभुल्लमा छन् । जनप्रतिनिधिहरु अप्ठेरो महसुस गरेका छन् । त्यतीमात्र होइन सेवा सुविधाका कुराहरुमा पनि समस्या छ । अब, प्रदेश कानूनन बमोजिम हुने छ भनेर संवैधानीक व्यवस्था छ । त्यसैले यो कानून नबनेका कारणले पनि कतिपय कुराहरु गरिराखेका छन् तर ति कानून सम्बत छैनन् । कुनै न कुनै दिन चाहे त्यो प्रधानमन्त्री होस चाँहि जो होस् कानून समान छ । कानून भन्दा ठूलो कोही हुदैंन । यो धेरै चाँडो हाउनु पर्थ्यो आयो म यसलाई स्वागत गर्दछु । अब यसलाई सम्बन्धीत समितिमा समितिको वारेमा पनि हामी छलफल गरौ हामी सबै कुरा विधायन समितिमा पठाउँदै छौ । यसको सरोकारवाला मन्त्रालय हुन्छ । त्यसैले कुन प्रकृतिको विधायनमा पठाउने, कुन प्रकृतिको विधेयक सरोकारवाला मन्त्रालयमा पठाउने भन्ने कुरामा पनि मलाई लाग्छ । अलि होमवर्क पुगेको जस्तो लाग्दै । सल्लाहा गरौ । नियमावली पनि पल्टाउ सबैकुराको केन्द्रको पनि अनुभवलाई हेरौ खालियो विधायन समितिलाई मात्र हुदैन । सरोकारवाला मन्त्रालय नै एक्सरसाइज गर्नु पर्छ । सरोकारवाला राखेर एक्सरसाइज गर्नु पर्छ । यसका आफ्ना केही प्रक्रियाहरु छन् । आदर्णिय सभामुखज्यूसँग आग्रह गर्न चाहाँन्छु । यस्ता महत्वपूर्ण विधेयकहरुको वारेमा कार्य व्यवस्था परामर्श समितिमा पनि हामी छलफल गरौ र सबैको चाहाँना के छ भन्दा खेरी मलाई खुसी लागेको छ । एउटा संस्कारको राजनीति अगाडि बढेको छ । एउटा कल्चर्ड डेमोक्रेसी अगाडि बढेको छ । ७ नम्बर प्रदेशमा यो सुरुवात जुन ढङ्गले गएको छ । हामी यसलाई अझ यसलाई विकास गरेर अगाडि बढौ सायद यत्तिको सौहार्दता अरु पार्लियमेन्टमा नहुन सक्छ । हामीले आज हिउँदे अधिवेशनको दौरानमा हामी वामे सर्नलागेको संघीयता बामे सर्नलागेको प्रान्तलाई जुन ढङ्गले आत्मसाथ गर्दै गएका छौं । सभामुख देखि लिएर उपसभामुख र सदस्यज्यूहरुको जुन भूमिका रहेको छ । असाध्यै उच्चतम रहेको छ । संस्कारयुक्त रहेको छ । एउटा सुसंस्कारको हिसाबले यो पार्लियमेन्ट अगाडि बढेको छ । सबैले एउटा जवाफदेहीता महशुस गरेका छन् । किन भन्दा चाहे हामी जुनसुकै पार्टीका मान्छे हौला सबैलाई एउटै चाहाँना छ हामी राज्यबाट पछाडि पारेको प्रदेश हो । यसको आर्थिक समुन्नती कसरी गर्न सकिन्छ । जनतालाई राज्यको पहुचमा कसरी ल्याउन सकिन्छ । यो प्रदेशमा कस्ता किसिमका कानून बनाउदा हामी जनतालाई सेवा पुऱ्याउन सक्छौ । जनतालाई राज्यको पहुँचमा ल्याउन सक्छौ । सम्मानित र स्वाभिमान जनताको रुपमा उनलाई स्थापित गर्न सक्छौ । एउटा समृद्धरुपमा यो प्रदेशलाई अगाडि बढाएर यहाँको गरिबी, यहाँको पछौटेपन, अशिक्षालाई हामी सकरी मुक्त पाउछौ भन्ने हिसावको यो सद्न एकाकार छ । यो सबैभन्दा ठूलो उच्चतम संस्कृतिको रुपमा हामीले लिएका छौ । कांग्रेस एउटा जिम्मेवार पार्टी भएका कारणले पनि हामी सबै कुरामा सरकारले गरेका राम्रा कुरामा राम्रो सिस्टमका लागि कसरी सहयोग गर्नु पर्छ प्रजातान्त्रीक मूल्य मान्यता विधि र पद्धतिलाई कसरी संस्थागत गर्ने त्यो भन्दा बाहिर मूलुक अगाडि बढ्न

सक्दैन सभामुख महोदय, आज हामी यो विधिका लागि लडेका हौं हामी र विधि प्रधान बनाउने सवालमा विधि प्रधान भएन भने वास्तविक लोकतन्त्र अगाडि बढ्न सक्दैन । त्यसैले हरेक तहमा बनाउने कानूनहरु बनाउने ऐनहरुलाई पनि अब, प्रदेश हरेक समिति प्रदेशका सरोकारवाला सबै बसेर कुनै ऐनसँग नबाझीयोस म एउटा सानो केन्द्रको अनुभव सुनाउन चाहाँन्छु । एउटै पार्लियमेन्टले धेरै ऐन पास गरेको हुन्छ । एउटै सदनले तर त्यहाँ पनि ऐन बाझिएका छन् । तब समस्या आएको छ । यो पार्लियमेन्टमा नदोहोरियोस् । त्यसतर्फ पनि हामी सचेत हौं किन भने हिजो कतिपय कानून बनाउने क्रममा कतिपय ऐन बनाउने कुरामा मैले आफै संयोजन गरेको छु । मेरै संयोजनमा पनि मैले २, ३ वटा ऐन ल्याएको छु । त्यसैले ति ऐनहरु बाझिएका छन् । त्यहाँ ध्यान पुऱ्याउन सकियन । एउटै संसदले पास गरेका त्यसैल यो कुराहरुलाई यो संवेदनशीलतालाई आत्मसाथ गरेर हामी सांसद भएका मन्त्री भएका मान्छेहरुले अरुसँग सिक्दा सानो हुदैनौ हामी किनभन्दा हामी घटनाबाट बाच्न सक्छौ । त्यसैले मूलुक र समाजलाई फाइदा हुन्छ । हामी पदमा पुग्यौ ठूला भइहाल्यौ हामी जति जान्ने कोही छैन भनेर लाग्यौ भने हामी दुर्घटनामा जान सक्छौ । पद भनेको प्राविधिक कुरा हो । सिकाइ भनेको फरक विषय हो । त्यसैले यो ऐन मस्यौदाका कुराहरु बढी सम्वेदनशील छन् । कानून बनाउने कुरा बढी सम्बेदनशील छ । त्यती मात्र होइन अब जटिलता आउदै छ । यो कसरी महसुस गरेका छौ हामीले मैले जटिलता अब देखे मैले आज दुई तीन कुरा भन्नै पर्छ सेन्टर गभरमेन्ट र यो प्रान्त सरकार र स्थानीय सरकारहरु प्रान्तीय सरकारको स्पेस के हो त ? यो खोजि गर्नु पर्ने दिन आएको छ । यो तरिकाले प्रभाबकारी हुन्छ कि हुँदैन । हाम्रो संघीयता प्रभावकारी हुन्छ कि हुँदैन । हाम्रो संघीयताको अनुभूती जनताले पाऊछ कि पाऊदैन ? त्यसैले प्रान्तको सरकारको स्पेस कहाँ हो ? त्योले के गर्ने हो । यसको संरचनाले प्रदेश सरकार हामीसँग छ । यसले रचनात्मक र प्रभावकारी कुरा गर्नसक्छ कि सक्दैन भन्ने कुरा यो तरिकाले मैले सम्भव देखिन । त्यसैले यो गहन छलफलको विषय बनाऊ तपाई हामीबाटै सुरु गराउ, छलफल गरौ, गम्भीर बनौ समिति बनाउ । प्रभावकारी काम गर्नका लागि र सेवा दिनको लागि स्पेस बनाऊ र प्रदेश सरकारको यो प्रभावकारी भूमिका लागि उसको उपस्थितिका लागि उसको उपलब्धीका लागि त्यसैले यि कुरामाथि पनि म सभामुख मार्फत आग्रह गर्न चाहाँन्छु । यो ऐन महत्वपूर्ण छ । यो ऐन बनाउदा हामी अलिकती नयाँ हुनाले हतारमा आएका छौ । यसमा व्यापक सरोकार वालालाई राखेर दफावार छलफल गरौ र भोलि हामीले बनाउने ऐन नबाझीयोस त्यसले झन जटिलता नल्याओस् समय दिनु भएको म सभामुखज्यूलाई धन्यवाद दिन चाहाँन्छु । धन्यवाद

**माननीय श्री मालामती देवी राना:-** स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धमा वनेको विधेयकको म स्वागत गर्न चाहाँन्छु । विधेयक आफैमा सान्दर्भिक राम्रो हो । तर चाही विधेक एक दिन अगावै हातमा पर्नु पर्ने थियो । तर हातमा परेन हामीले अध्ययन गर्न पाएनौ कानून विधेयकसँग जनताको र सरकारको भविष्य जोडेको हुन्छ । त्यसकारण यो हतर पतर कानूनमा र हतरपतरको लतरपतर काम भने जस्तै यसमा गहन छलफल भएन भने यो कानून बनाउने हो । कानून बनाउदाखेरी यो प्रदेश भरिको सरकार र जनताको सबैलाई समेटेर अगाडि बढ्ने हो । त्यसकारण यो विधेयकलाई सम्बन्धित समतिमा गहनरुपले छलफल गरियोस मेरो यो माग छ । अनुरोध पनि छ । हाम्रो यो अन्तिम अधिवेशन हो हिउदे अन्तिम अधिवेशन वर्खे अधिवेशनको हामी तयारीमा छौ । म चाही कैलालीको अञ्चल अस्पताल को कुरा गर्न चाहाँन्छु । हाम्रो कैलाली जिल्ला प्रदेश नं. ७ मै पूरा मुटुरोगी ५० प्रतिशत भन्दा पनि बढि छ । तर हाम्रो दुर्भाग्य हाम्रो अञ्चल अस्पतालमा मुटुरोग परिक्षण गर्नको लागि एउटा डक्टर पनि छैन् । डक्टरको दरवन्दी हुदाँ हुदैँ पनि सरकारले छिटो भन्दा छिटो डाक्टरको दरवन्दी र डक्टर ल्याइयोस् । मेरो माग छ । ७ नम्बर प्रदेश मै किसानहरु छन् । किसानहरुको रगत हुदैंन ।

(बोली सकेपछि)

माननीय सदस्यहरु,

“स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

माननीय सदस्यहरु,

आन्तरिक मामिला तथा कानून मन्त्री मा० प्रकाश बहादुर शाहलाई “स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” को सामान्य छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री प्रकाश बहादुर शाहः-** ....... यसरी त्यसलाई निस्तेज पार्न सकिन्छ । जनतामा उत्पन्न भ्रम र आशाको भूमिकालाई कसरी चिर्न सकिन्छ । संसद्मा यसकुराको जानकारी होस् । सरकारले त्यसलाई समयमै निष्तेज पार्न सकियोस भन्ने कोणबाट यो कुरा उठान भएको हो । यद्येपी माननीय सभामुखज्यूले यसलाई संसद्को रेकर्डकोरुपमा राखिराख्न त्यती सान्दर्भिक छैन भनेर आफ्नो अभिव्यक्ति दिइ सक्नु भएको छ । यसमा हाम्रो भन्नु केही छैन् । एउटा सोभ्रेन बडी भएको हुनोले सर्वभौम निकाय सर्वभौम थलो जनताका समस्याहरुको वारेमा छलफल गर्ने जानकारी लिने थलो भएको हुनाले यस सन्दर्भमा हामीले यो कुरालाई राखिएको हो । म निवेदन गर्न चाहाँन्छु । अब यो प्रेट्रोलियम प्रोडक्टको विषयमा प्रदेश सरकारसित सान्दर्भिक र यसले सरोकार राख्दैन केन्द्र सरकारको विषय हो । प्रेट्रोलियम प्रोडक्टको प्राइस बढाउने यसको जोहो गर्ने, नियमित आपूर्ति गर्ने विषय केन्द्रीय सरकारको विषय हो । संघिय सरकारको कुरा हो र हामी हाम्रो तर्फबाट यसमा समस्या नआओस जनजीवनमा त्यसको दुस्प्रभाव नपरोस भन्नका निम्ति सचेत छौ र आवश्यक पहल गर्ने छौं । सेती अञ्चल अस्पताल र महाकाली अञ्चल अस्पताललाई व्यवस्थित तुल्याउने यो प्रदेशका जनताको स्वास्थ्यमा प्रर्ने समस्यामा चाहीँ आधुनिक उपकरणले सम्पन्न अस्पतालकोरुपमा विकास गर्ने सन्दर्भमा पनि हामी पहल गरीरहेका छौं । मुटु रोगिहरुको सन्दर्भमा त्यसलाई हेर्ने मेसिन उपलब्ध गराउनका निम्ति पनि हामीले केन्द्र सरकारलाई अनुरोध गरेका छौं । छिट्टै त्यसको व्यवस्था गर्ने कुरामा लागि रहेका छौं । माननीय भरत खड्काज्यूले एकदम राम्रो कुरा राख्नु भयो प्रदेश सरकार कार्यकारी बनोस प्रदेश संसद्को सर्वभौम अधिकार सुरक्षित होस् । यो केन्द्रको हस्तक्षपमा नपरोस । कार्यकारी हैसियतमा प्रदेश सरकार रहोस् । परिभाषित जिम्मेवारीलाई प्रदेश सरकारले जिम्मेवारी पुरा गरोस् । संविधानको मर्म र भावना अनुकुल प्रदेश सरकारले प्रदेशका आफ्ना गतिविधिहरु अगाडि बढाउन सकोस् भन्ने सदासयता युक्त अभिव्यक्ति दिनु भएको छ । यो नितान्त जायज छ । हामी हाम्रो प्रदेश सरकारका अधिकारलाई सुनिश्चित गर्ने हाम्रो कार्यकारी भूमिकालाई स्थापित गर्ने, संसद्को सार्वभौम अधिकारलाई स्थापित गर्ने कुरामा कसैको मातहतमा बस्ने भन्दा पनि संविधानले दिएका प्रदस्त अधिकारहरुलाई स्वतन्त्रतापूर्वक एउटा स्वायत्तता पूर्वक पुरा गर्ने छौं । अगाडि बढाउने छौं भन्ने कुरामा हामी दृढ नै छौं । त्यसैले माननीय सदस्यहरुबाट उठेका महत्वपूर्ण सुभ्फावहरुलाई महत्वपूर्ण दृटिकोणहरुलाई सैद्धान्तिक छलफलमा उठेका राय सुभ्फाबहरुलाई हामीले इनकर्पोरेट गर्ने त्यसलाई अगाडि बढ्ने बढ्ने छु भन्ने कुरा राख्न चाँहान्छु धन्यवाद ।

(जवाफ दिएपछि)

माननीय सदस्यहरु,

अब म "स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरू "हुन्छ" भन्नुहोस् ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू "हुन्न" भन्नुहोस् ।

("हुन्न" भनेपछि)

("हुन्न" भन्ने आवाज नसुनिएमा)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

मा० सदस्यहरू,

“स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथिको सामान्य छलफल यँही समाप्त हुन्छ ।

मा० सदस्यहरू,

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाहलाई “स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री प्रकाश बहादुर शाहः- माननीय सभामुखज्यू, स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्थ ागर्न बनेको विधेयक, २०७५ माथि दफावार छलफल सुरुहोस यसका निम्ति सम्बन्धित समितिमा पठाइयोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद

(प्रस्ताव प्रस्तुत भई सके पछि)

मा० सदस्यहरू,

स्थानीय तहको कानून निर्माण प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ लाई छलफलका लागि सम्बन्धीत समितिमा पठाइयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरूले “हुन्छ” भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरूले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरू “हुन्छ” भन्नुहोस् ।

(“हुन्छ” भनेपछि)

प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरू “हुन्न” भन्नुहोस् ।

(“हुन्न” भनेपछि)

(“हुन्न” भन्ने आवाज नसुनिएमा)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ “स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

मा० सदस्यहरू

“स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथिको आजको कारवाही यँही समाप्त हुन्छ ।

मा० सदस्यहरू,

अब म, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त अर्को पत्र पढेर सुनाउछु ।

मिति २०७५।०१।१९

विषयः- अधिवेशन अन्त्य गरिएको बारे ।

श्री प्रदेश सभा सचिवालय

प्रदेश नं.७, धनगढी, नेपाल ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश नम्बर ७, प्रदेश सभाको अधिवेशन प्रदेश मन्त्रिपरिषद्को सिफारिशमा मिति २०७५।०१।२० गतेदेखि अन्त गरेको छु।

(मोहनराज मल्ल)
प्रदेश प्रमुख

मा० सदस्यहरू,

प्रदेश नं. ७ प्रदेश सभाको सुभारम्भ मिति २०७४।१०।२१ गते आईतबारका दिनबाट भएको थियो। प्रदेश सभा सुभारम्भ भई हालसम्म कार्य गर्दा देहाय बमोजिमका कार्यहरू सम्पन्न भएका छन् ।

(१) प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ पारित भयो ।

(२) प्रदेश नं. ७ प्रदेश सभा नियमावली, २०७४ बमोजिमका विषयगत समितिहरु गठन भए ।

(३) प्रदेश नं.७ प्रदेश सभाको लोगो निर्धारण गरियो ।

(४) पहिलो अधिवेशनको पहिलो सम्बोधनमा प्रदेश प्रमुख माननीय मोहनराज मल्ललाई धन्यबाद दिन धन्यवादको प्रस्ताव पारित भयो ।

(५) प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थीत गर्न बनेको विधेयक, २०७४ पारित भयो ।

(६) प्रदेश नं. ७ प्रदेश सरकारको चालु आ.ब. २०७४/०७५को बाँकी अवधीको राजस्व र व्ययको अनुमान (बजेट) र विनियोजन विधेयक, २०७५ पारित भयो ।

(७) प्रदेश नं. ७ प्रदेश सभा नियमावली २०७४ को नियम ८४ बमोजिम "नेपाल सरकारको राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरूको मर्यादाक्रम निर्धारण गर्ने सन्दर्भमा नेपाल सरकार गृह मन्त्रालयले मिति २०७४ साल माघ २६ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सदस्यको मर्यादाक्रम आठौं नम्बरमा र प्रदेश सभा सदस्यहरूको मर्यादाक्रम १४ औं नम्बरमा उल्लेखगरि सूचना प्रकाशित गरेकोले मर्यादाक्रमको ८ औं नम्बरमा रहेका प्रतिनिधि सभा तथा राष्ट्रिय सभा सदस्य भन्दा तल ९ औं नम्बरमा प्रदेश सभा सदस्यको मर्यादाक्रम उल्लेख गर्न प्रदेश नं. ७ प्रदेश सरकार नेपाल सरकारसँग समन्वय गरि उपयुक्त मर्यादाक्रम निर्धारण गर्न प्रयत्नशील रहन प्रदेश नं. ७ प्रदेश सरकारलाई प्रदेश नं. ७ प्रदेश सभा निर्देश गर्दछ ।" भन्ने संकल्प प्रस्ताव पारित भयो ।

(८) पहिलो अधिवेशनमा २१ वटा बैठक सम्पन्न भए। बैठक सञ्चालन भएका जम्मा दिन २० र जम्मा समय २२ घण्टा ५२ मिनेट रहेको छ ।

१८. अन्तमा, यस सभाको पहिलो अधिवेशनमा सभाको मर्यादा कायम राखी अनुशासित भई बैठक सञ्चालनमा सहयोग पुऱ्याउने सम्पुर्ण माननीय सदस्यहरुलाई धन्यवाद दिदै पहिलो अधिवेशन यँही अन्त भएको घोषणा गर्दछु।

**बैठक समाप्त दिनको ११:५५ बजे सम्म**